# माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजका महिलामा परेको प्रभाव (वि.सं. २०५२–२०६२)

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
राजनीतिशास्त्र विषयमा विद्यावारिधि
उपाधिका लागि प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी
**मंजु श्रेष्ठ**
विद्यावारिधि दर्ता नं. २०६५-०२
त्रि.वि. दर्ता नं. ३१-७९५८७७-१
२०६९

## शोधप्रबन्ध समितिको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि हासिल गर्ने प्रयोजनका लागि श्री मंजु श्रेष्ठले “माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजका महिलामा परेको प्रभाव (वि.सं. २०५२-२०६२)” शीर्षकको प्रस्तुत शोधप्रबन्ध निकै परिश्रमपूर्वक तयार पार्नु भएको हो । यो शोधार्थी श्रेष्ठको मौलिक कार्य हो । हामी उहाँको शोधकार्यप्रति सन्तुष्ट छौँ र विद्यावारिधि उपाधिका निमित्त यसको आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडि बढाई दिन सिफारिस गर्दछौँ ।

प्रा.डा. मीना वैद्य मल्ल
शोधनिर्देशक

डा. रविन्द्र खनाल
शोधविशेषज्ञ

मिति : २०६९/११/१७

त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय

चलानी नं. ..................

## अनुमोदन पत्र

*माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजका महिलामा परेको प्रभाव (वि.सं. २०५२ - २०६२)* शीर्षकको विद्यावारिधि (पिएच.डी.) शोधकार्य गर्ने शोधार्थी श्री *मंजु श्रेष्ठ* ले *राजनीतिशास्त्र* विषयमा विद्यावारिधि उपाधिका लागि आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकोमा अनुसन्धान समितिले उपर्युक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ ।

मितिः २०६९/११/२

डा. चिन्तामणि पोखरेल
डीन एवं अध्यक्ष
अनुसन्धान समिति

मानविकी तथा सामाजिक शास्त्र संकाय
डीनको कार्यालय
कीर्तिपुर

त्रि.वि. केन्द्रीय प्रशासनिक भवन, कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोनः + (९७७-१) ४-३३०३५८, ४-३३३९८०
फ्याक्सः + (९७७-१) ४-३३५१०४; E-mail:

# प्रतिवद्धतापत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत “माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजका महिलामा परेको प्रभाव (वि.सं. २०५२-२०६२)” शीर्षक यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशकका शोधनिर्देशनमा रही सम्पन्न गरेको मुलतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न श्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र तीप्रति कृतज्ञ पनि छु। यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यस अघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेकी छैन। यस शोधप्रबन्धको पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे गराएको छैन । यहाँ मैले प्रस्तुत गरेका यी प्रतिवद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु।

मिति :- २०६९/११/१७

मंजु श्रेष्ठ
विद्यावारिधि क्रमाङ्क २०६५-०२
त्रि.वि. दर्ता नं. ३१-७९५८७७-१

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधप्रबन्ध शोधनिर्देशक प्रा.डा. मीना वैद्य मल्ल र शोधविशेषज्ञ डा. रविन्द्र खनालको शोधनिर्देशनमा तयार गरिएको हो । यस घडीमा सर्वप्रथम उपर्युक्त श्रद्धेय गुरुहरूको निरन्तरको सुपरीवेक्षण र सहयोगप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सशस्त्र द्वन्द्वजस्तो संवेदनशील, विश्वचर्चित गहन विषयमा अध्ययन-अनुसन्धान गर्न उहाँहरूले दिनु भएको प्रेरणा मेरा लागि अविस्मरणीय रहने छ । आफूसँग भएका सन्दर्भ सामग्रीहरू उपलब्ध गराउनेदेखि प्रस्तुत शोधप्रबन्ध यस अवस्थामा ल्याउन प्रा.डा. मल्लले प्राज्ञिक रूपमा गर्नु भएको अमूल्य मार्गनिर्देशन मेरो प्राज्ञिक यात्रामा महत्त्वपूर्ण आधार भएको मैले ठानेकी छु । त्यसैगरी विशेषज्ञको रूपमा आदरणीय गुरु वर्गहरू प्रा.डा. रामकुमार दाहाल, प्रा.डा. दयाराम श्रेष्ठ, डा. चूडाबहादुर श्रेष्ठ, डा. पञ्चनारायण महर्जन, डा. ताराकान्त पाण्डेय, डा. नीलम कुमार शर्मा, डा. दुर्गाबहादुर घर्ती र उत्तम भट्टराईले दिनु भएको बौद्धिक, प्राज्ञिक सुझाव, सल्लाह र भाषा शुद्धीकरणमा सहयोग गरी दिनु भएकोमा धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधप्रबन्ध कार्य पूर्णताका लागि विभागीय व्यवस्थापन कार्य र प्राज्ञिक यात्रामा अमूल्य सहयोग गर्नु भएकोमा राजनीतिशास्त्र विभागीय प्रमुख प्रा.डा. सुशील राज पाण्डेप्रति हृदयदेखि आभार प्रकट गर्न चाहन्छु । शोधकार्यको लागि सामग्री सङ्कलन र अनुसन्धान कार्यमा प्रारम्भदेखि महत्त्वपूर्ण सुझाव-सल्लाह तथा सहयोग गर्नु हुने प्रगतिशील प्राध्यापक संगठन, केन्द्रीय समितिका सभापति प्रा. विजय सिलवाल, ठाकुरराम बहुमुखी क्याम्पसका श्रद्धेय गुरु डा. पार्थकुमार चक्रवर्ती र डा. वेदव्याश 'निर्मोही' लाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी शैक्षिक सामग्री उपलब्ध गराइ दिनु हुने युनिसेफ नेपालका चाइल्ड प्रोटेक्टर कन्सल्टेन्ट, बाराका वृजकिशोर पटेल, इन्सेक बाराका प्रतिनिधि रोशनराज अर्याल, हिमराइट्स बाराका प्रमुख लालबाबु कुशवाहा, जि.वि.स. पर्साका युनिसेफ कार्यक्रम संयोजक शम्भु प्रसाद कुशवाहा, इन्सेक पर्साका प्रतिनिधि प्रेम कार्की र सेडाकी उप-प्रशासक रीना सिलवाल र सहायक प्रा. विनायक क्षेत्रीलाई धन्यवाद दिन चाहन्छु ।

अनुसन्धानका लागि सामग्री सङ्कलन तथा स्थलगत अध्ययन गर्न सहयोग पुऱ्याउने विद्यार्थी सङ्घकी केन्द्रीय पार्श्व बारा जिल्लाकी राधा ढकाल, उमा सिंखडा, जि.वि.स., बाराकी लेखा अधिकृत रीना सुवेदी, ने.क.पा. एमाले जिल्ला अध्यक्ष अच्युत मैनाली, ने.का. सभासद् शोभाकर पराजुली, कम्प्युटर सामग्री सङ्कलन तथा अन्य सहयोग गर्ने अंशु वैद्य, प्रियङ्का वैद्य र यति केम डिष्ट्रिब्युटर प्रा.लि. का कार्यकारी

अध्यक्ष प्रभुराज वैद्य, शुद्धाशुद्धिमा सहयोग गर्ने सहप्राध्यापक बलराम दाहाल, सह.प्रा. बेबी क्षेत्री र हे.अ. माला मानन्धरलाई धन्यवाद ज्ञापन गर्दछु ।

संस्थागत सहयोग पुऱ्याउनु हुने क्षेत्रीय पुस्तकालय, ठाकुरराम बहुमुखी क्याम्पस; त्रि.वि. केन्द्रीय पुस्तकालय, ने.क.पा. एमाले पार्टी कार्यालय पुस्तकालय, वाहाः सोसल साइन्स बत्तीसपुतली, इन्सेक स्युचाटार, साप नेपाल (फाल्चा) बबरमहल, अस्मिता प्रकाशन सनामङ्गल, युनिफेम रामशाहपथ, निर्वाचन आयोग, बारा; शान्ति तथा पुनर्निमाण मन्त्रालय बाारा, जि.वि.स. बारा, कलैया नगरपालिका, जि.प्र.का. बारा; प्र.जि.अ. कार्यालय, बारा; अमलेखगंज गा.वि.स., एन.जी.ओ.सी.सी. बारा, जनजागरण युवा क्लब, बारा र दलित जनजाति उत्थान केन्द्र बारालाई समेत धन्यवाद दिन चाहन्छु ।

शोधप्रबन्धका लागि प्रस्ताव लेखन कार्यको प्रारम्भमा द्वन्द्वसम्बन्धी शैक्षिक सामग्री मोफसलमा खडेरी परेका बेला दूरसञ्चार कार्यालयका इन्जिनियर सुशील मानन्धरले हिमराइट्स, काठमाडौँका कार्यक्रम संयोजक अंजना शाक्यबाट द्वन्द्वसम्बन्धी शैक्षिक सामग्री उपलब्ध गराइदिनु भएकोमा उहाँलाई विशेष धन्यवाद दिन चाहन्छु । त्यसैगरी शुद्धसँग शोधप्रबन्ध टङ्कन गरिदिने निरज वैद्य र रञ्जित महतो अनि शोधप्रबन्धको अन्तिम टङ्कन गरी व्यवस्थित गराइदिनु हुने निर्मल कम्प्युटरका मित्र निर्मल महर्जन र पर्फेक्ट कम्प्युटरका कुशु घलेलाई धन्यवाद दिन चाहन्छु ।

यस अध्ययनको क्रममा पारिवारिक जिम्मेवारीबाट मुक्ति दिनु हने ममतामयी माता मिनुदेवी श्रेष्ठ, स्व. पुजनीय पिता गजानन् लाल श्रेष्ठ र भाइ-बहिनीको सहयोगप्रति आभार व्यक्त गर्दछु । विद्यावारिधि अध्ययन कार्यका लागि प्रारम्भदेखि नै हरेक कार्यमा उत्प्रेरणा दिई अथक सहयोग प्रदान गर्ने मित्र उप-प्रशासक हरिभूषण प्रधान, काठमाडौँमा बसोबास आदि उपलब्ध गराई मद्दत गर्ने डा. अचला वैद्य र सहप्राध्यापक मीरा मानन्धरप्रति आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा शोधकार्यजस्तो गहन र महत्त्वपूर्ण विषय एक्लो प्रयासबाट मात्र सम्पन्न गर्नु सम्भव विषय होइन । यसका लागि उपर्युक्त उल्लिखित व्यक्ति, संघ-संस्था, निकायहरू बाहेक शोधप्रबन्धको पूर्णतामा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग र शुभेच्छा दिने सम्पूर्ण महानुभाव र संघसंस्थालाई पनि स्मरण गर्न चाहन्छु ।

नेपालमा माओवादी द्वन्द्व एउटा जल्दोबल्दो संवेदनशील विषयमा महिलाको हैसियतले महिलामाथि परेका नकारात्मक र सकारात्मक असर तथा कारणलाई जनसमक्ष उजागर गर्नु र द्वन्द्वपीडित महिलालाई आफ्नो हक-अधिकारप्रति सचेत गराउनु समाजप्रतिको मेरो दायित्व हो र यस शोधप्रबन्धको अभिप्राय पनि यही हो ।

**– मंजु श्रेष्ठ**

मिति : २०६९/११/१७

# शोधसार

मानवजाति प्राकृतिक अवस्थादेखि लड्दै आइरहेका छन् । क्रान्ति, आन्दोलन, विद्रोह तथा आतङ्क आधुनिक  अभिवृति होइन । १९९०-१९९९ को अन्तसम्ममा ११८ सशस्त्र युद्ध भएका छन्, जसमा लाखौं मानिसको मृत्यु भएको छ । मानव इतिहासमा जति ठूला युद्ध भए ती सबैको केन्द्रविन्दु पुरुष नेता नै थिए । युद्धबाट बढी प्रभावित हुने वर्ग महिलाहरू हुन् । विद्रोह मानवजातिको मौलिक अधिकार हो । पिडीत र उपेक्षितहरूको आवाज अघि सार्ने र पिडाको अन्त गर्ने माध्यम हो । अरस्तुका अनुसार राज्यमा विद्रोह ल्याउने कुरा असामनता हो । क्रान्ति सानो चिज होइन, तर सानो चिजबाट जन्मन्छ । नेपालमा पृथ्वीनारायण शाहको भौगालिक एकीकरण, गोरखा साम्राज्यवाद, उपनिवेशवाद आदि प्रयोग भयो । जङ्गबहादुरको शासनकालमा लमजुङ र गोरखामा गुरुङहरूको हकमा भएको विद्रोह, जातीय शोषणको विरुद्ध लडेका लखन थापा मगरको विद्रोह, १९८८ मा स्थापित प्रचण्ड गोरखाले गरेको रक्तक्रान्तिको घोषणा, प्रजापरिषद्को विद्रोह, वि.स. २००४ को जयतु संस्कृतम्, वि.स. २००६ को ब्राह्मणको हलो क्रान्ति, वि.स. २००७ को क्रान्ति, वि.स. २०१८ को नेपाली कांग्रेसको सशस्त्र सङ्घर्ष, वि.स. २०२८ को झापा विद्रोह, वि.स. २०४६ को प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको आन्दोलनजस्ता आन्तरिक तथा बाह्य हिंसात्मक तथा अहिंसात्मक युद्ध भएको छ । तर आदिवासी, जनजाति, दलित, मधेसी र महिला कसैले  सकारात्मक, शान्ति र सुशासनको अनुभव गर्ने अवसर पाएका थिएनन् ।

नेपालमा जातिय, धार्मिक, भाषिक, सांस्कृतिक, क्षेत्रगत्, लैङ्गिक आदि अन्तर्द्वन्द्वहरू मौलाइरहेका छन् । वि.स. २०४७ को संविधान निमार्ण प्रक्रियापश्चात् साम्यवादीको सुदृढीकरण, बिचलन, विभाजन, सैद्धान्तिक मान्यताहरूका बीच आपसी असमझदारी र मनमुटाव हुँदै वामपन्थीहरूको एउटा समूह त्यसबेलादेखि असन्तुष्ट भएर जनआन्दोलनतर्फ जाने निर्णय गरे । राष्ट्रमा आर्थिक, बहुभाषिक, बहुजातीय, समावेशी, लैङ्गिय विभेद आदि कारणले गर्दा माओत्सेतुङ्को विचारबाट प्रभावित भइ राज्यव्यवस्था विरुद्ध नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ले २०५२ फागुन १ देखि "प्रतिक्रियावादी राज्यसत्तालाइ ध्वस्त बनाउने नयाँ जनवादी सत्ताको स्थापना गर्न सशस्त्र सङ्घर्षको बाटोमा अघि बढौ" भन्ने नाराका साथ सशस्त्र द्वन्द्व सुरु गरे । सामाजिक न्याय, हिंसा, छुवाछुत, दलित जनजाति, सामाजिक-सांस्कितिक, क्षेत्रीय, लैङ्गीय विभेद, वेरोजगार, राजनीतिमा अनुपेक्षित सहभागिता, अनुचित वितरण तथा अवसर, राजनीतिक नियुक्ति, क्षमताको अनादर, अपारदर्शिता, भ्रष्टाचार, सत्ता र शक्तिको दुरुपयोग आदि कारणले गर्दा द्वन्द्व मौलायो । यस आन्दोलनमा मानव अधिकार हनन् भयो र हजारौँले शहादत प्राप्त गरे ।

प्रस्तुत अध्ययनको विषयवस्तु गुणात्मक र परिमाणात्मक अध्ययनमा आधारित छ । यो अध्ययन प्राथमिक र द्वितीयक दुवै प्रकारको तथ्याङ्कहरूमा आधारित हुनुका साथै विश्लेषणात्मक, वर्णनात्मक र अनुभवजन्य छ । सम्बन्धित अध्ययन क्षेत्रको व्यक्तिहरूको सामाजिक, घरपरिवार, द्वन्द्व पीडित, समावेशी अवस्था दर्शाउने विभिन्न सूचकहरू प्रयोग गरिएको छ । अन्तर्वाता, टेलिफोन अन्तर्वाता, अन्तरक्रिया, प्रत्यक्ष अवलोकन र प्रश्नावलीको मद्दतबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । त्यस्तै गरी अध्ययनको उद्देश्यअनुसार द्वितीयक तथ्याङ्कका स्रोतहरू प्रयोग गरिएको छ । नमुना पद्धतिद्वारा नमुना छनौट गरिएको छ । यस क्रममा परिमार्जित बहुसूचक क्लस्टर सर्वेक्षण प्रयोग गरिएको छ । यस पद्धतिअनुसार पहिलो चरणमा सम्बन्धित अध्ययन क्षेत्रको प्रत्येक वडाबाट घरपरिवारको छनौट गरिएको छ भने दोस्रो चरणमा अध्ययनको उद्देश्य र विषयवस्तुको आधारमा जम्मा ४०० उत्तरदाताहरूको छनौट गरी उपयुक्त विधिद्वारा तिनीहरूको सङ्ख्या किटान गरिएको छ । यसमा दुई प्रकारको प्रश्नावली निर्माण गरिएको छ ।

**निष्कर्ष : मुख्य प्राप्ति**

समाजमा महिलाप्रतिको दृष्टिकोण-दोस्रो दर्जा, अपमान, अभाव, आत्मसम्मानहीन, महिला ईश्वरको दोस्रो भूल हो जस्ता अवधारणा पाइएको छ । विश्वको विभिन्न देशमा भएका आन्दोलनमा महिलाको भूमिका रहेको, नेपालमा शाही सैनिकका विभिन्न पदहरूमा महिला

सेनाको भर्ना भएको, सैन्य संरचनामा महिलाको अवस्था कमजोर रहेको र उच्च पदमा पितृसतात्मक सोच रहेको पाइएको छ ।

वर्षौंदेखि दबिएर रहेका पिछडा वर्ग स्वतन्त्र हुने चाहना थियो, वैचारिक मतभेद, केन्द्रियवादको अवस्था, सञ्चार माध्यममा सरकारी हस्तक्षेप, कमजोर आर्थिक अवस्था (भ्रष्टाचार, गरिबी, बेरोजगारी) थियो, भू-राजनीति, सामाजिक तथा सांस्कृतिक विकृति, लैङ्गिक भेदभाव, निरङ्कुश र अधिनायकवादी शासनको कारणहरूले गर्दा नेपालमा माओवादी सशस्त्र द्वन्द्वले मौलाउने मौका पाएको हो । नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सशस्त्र द्वन्द्व कालमा हजारौं व्यक्तिहरू अपाङ्ग, ८८८ जना बेपत्ता, १,५०,००० जना आन्तरिक विस्थापन, १५,००० को हत्या र ३०-५५ अर्ब बराबरको भौतिक क्षति भएको छ । माओवादी सशस्त्र द्वन्द्वबाट सन्त्रास, असुरक्षा, यौनजन्य अपराध, सरकारबिनाको राज्यको स्वरूप, छाडावाद, भौतिक संरचना तथा प्राकृतिक वातावरणको विनास, शिक्षा-स्वास्थ्यमा दुष्प्रभाव, आर्थिक क्षेत्रमा भ्रष्टाचार, गरिबी, बेरोजगारी, मानव अधिकार हननजस्ता नकारात्मक प्रभाव परेको पाइएको छ । त्यसैगरी महिलाप्रतिको नकारात्मक सोचाइमा परिवर्तन, महिलामाथि थप जिम्मेवारी, सामाजिक व्यवहारमा परिवर्तन, राजनीतिक विचारमा परिवर्तन तथा राज्य सयंत्रमा महिला सहभागितामा वृद्धिजस्ता सकारात्मक प्रभाव परेको पाइएको छ ।

अध्ययन क्षेत्रका जनधारणानुसार माओवादी द्वन्द्वमा महिला सहभागिता हुनुका मूलभूत कारणहरू- महिलासम्बन्धी सामाजिक राजनीतिक र कानुनी प्रावधानमा विभेद, स्वास्थ्य-शिक्षा, अंश र वंशमा पहुँच नभएको, महिला विरुद्धका हिंसात्मक घटना, सामाजिक, सांस्कृतिक तथा रुढिवादी परम्पराबाट उन्मुक्ति पाउन, विभेदकारी संरचना, महिलामाथि सुरक्षाकर्मीको दुव्यर्वहार, शारीरिक तथा मानसिक त्रास, यातना आदिबाट मुक्ति पाउन, सशक्त र सुरक्षित हुन, महिलाद्वारा सम्मानित जीवन बाँच्न, माओवादीको महिला मुक्ति रणनीतिप्रतिको आकर्षण, बेरोजगारी र गरिबीबाट मुक्ति पाउन र पुरुषमा भएका विकृति निर्मूलन आदि कारणले माओवादी द्वन्द्वमा होमिएका हुन् ।

अध्ययन क्षेत्रका महिलाहरू माथि नकारात्मक प्रभाव परेका छन् । पति, पिता तथा छोराको अपहरण, बेपत्ता, मृत्यु भएको अवस्थामा महिलाले एकल, अर्धविधवा, विधवा जीवनयापन गर्नु पर्ने, मानव अधिकार उलङ्घन, डर, त्रास, चन्दा आतङ्क, आन्तरिक विस्थापन, चेलीबेटी बेचविखन तथा देहव्यापारको अवस्था रहेको छ । द्वन्द्वको कारण पुरुषको अनुपस्थितिमा महिलाको काँधमा जिम्मेवारी थपिएको छ जसले गर्दा उनीहरू मानसिक तनावग्रस्त भएका छन् । महिलाको शारीरिक-मानसिक स्वास्थ्यमा प्रतिकुल असर परेको पाइन्छ र द्वन्द्वको समयमा भौतिक मानसिक पीडाको कारण प्रतिशोध, विद्रोहको भावना विकास भएकोजस्ता नकारात्मक असरहरू देखा परेको पाइन्छ । विद्रोही तथा राज्य पक्ष शैक्षिक संस्थानहरू प्रति संवेदनशील नभएको, शैक्षिक उपलब्धिमा अवरुद्ध तथा शैक्षिक गुणस्तरमा ह्रास आएको अवस्था पाइएको छ ।

महिलाहरू माथि परेका सकारात्मक असरहरू- पुरुषमा भएको सामाजिक विकृति, घरेलु हिंसामा ह्रास आएको छ । महिलाहरूमा चेतना, नेतृत्व र सहभागितामा अभिवृद्धि, समाजमा विद्यमान सामाजिक र सास्कृतिक रुढीग्रस्त परम्परामा रुपान्तरण भएको छ । संयुक्त राष्ट्र संघद्वारा पारित भएको विभिन्न सन्धि सम्झौता र महासन्धिलाई राज्य र द्वन्द्वपक्ष दुबैले पालना गरेको पाइएको छैन । पीडित वर्गले पाउनुपर्ने उपचार, राहत प्राप्त गर्न सकेको छैन, बेपत्ताको ठेगान लाग्न सकेको अवस्था छैन र चन्दा, अपहरण र आतङ्क यथावत् कायम रहेको अवस्था पाइएको छ ।

द्वन्द्व, राजनीतिक सङ्क्रमणको ठूलो सानो अवस्था पार गरेको छ । नेपालको शासन प्रणाली, केन्द्रित शासन व्यवस्था, शोषित, पीडित महिला, जनजाति पिछडिएको क्षेत्रले राहत सुशासनको महसुस गर्न सकेको छैन । यिनै सम्पूर्ण कारणले गर्दा माओवादी आन्दोलनले मौलाउने अवसर प्राप्त गर्न सकेको हो । सामाजिक, आर्थिक, राजनीतिक तथा सास्कृतिक कारणबाट पीडित भइ माओवादी आन्दोलनमा होमिएका हुन् । नेपालमा माओवादी सशस्त्र द्वन्द्वले ठूलो सङ्कट ल्याउनुका साथै यसले देशको समग्र सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र मनोवैज्ञानिक रुपान्तरणको लागि अवसर पनि सृजना गरेको छ ।

# विषय सूची


शोधप्रबन्ध समितिको सिफारिसपत्र क
अनुमोदनपत्र ख
प्रतिवद्धतापत्र ग
कृतज्ञता ज्ञापन घ-ङ
शोधशार च-छ
तालिका सूची ट-ठ
स्तभ चित्र सूची ड
चित्र सूची ढ
शब्द सङ्क्षेप ण

**अध्याय एक : शोध परिचय १-३३**

१.१ पृष्ठभूमि १
१.२ समस्या कथन ६
१.३ अध्ययनको उद्देश्य ८
१.४ पूर्वकार्यको समीक्षा ९
१.५ शोधकार्यको औचित्य र महत्त्व २२
१.६ अध्ययनको सीमा २३
१.७ अनुसन्धान विधि २३
१.७.१ अध्ययनको प्रकृति २३
१.७.२ अध्ययनका सूचकहरू २३
१.७.३ तथ्याङ्कका स्रोतहरू २४
१.७.४ तथ्याङ्क सङ्कलन गर्ने विधिहरू २६
१.७.५ नमुनाको ढाँचा २६
१.७.६ नमुना आकारको सङ्ख्या निर्धारण २८
१.७.७ तथ्याङ्क सङ्कलन गर्ने उपकरण २८
१.७.८ तथ्याङ्क विश्लेषण २८
१.८ अध्ययन क्षेत्रको संक्षिप्त परिचय २८
१.९ अध्याय व्यवस्थापन ३१

**अध्याय दुई : द्वन्द्व र महिला : सैद्धान्तिक अवधारणा र परिभाषा ३४-७०**

२.१ पृष्ठभूमि ३४
२.२ द्वन्द्वः अवधारणा र परिभाषा ३५
२.३ द्वन्द्वको ऐतिहासिक पृष्ठभूमि ३८
२.४ सशस्त्र द्वन्द्वको अर्थ ४०
२.४.१ सशस्त्र द्वन्द्वपूर्वको स्थिति ४१
२.४.२ सशस्त्र द्वन्द्वपश्चात्को अवस्था ४१
२.४.३ सशस्त्र द्वन्द्वको जीवनचक्र ४२
२.४.४ सशस्त्र द्वन्द्वको स्वरूप ४४
२.४.५ सशस्त्र द्वन्द्वको अवस्था ४६

२.५ सशस्त्र द्वन्द्वका प्रमुख कारण ४८
२.५.१ सामाजिक कारण ४८
२.५.२ आर्थिक कारण ४८
२.५.३ राजनीतिक कारण ४९
२.५.४ व्यक्तिगत कारण ४९
२.५.५ व्यवस्थित संरचनाको अभाव/संरचनागत कारण ४९
२.५.६ बाह्य हस्तक्षेपको कारण ५०
२.५.७ विकाससँग सम्बन्धित कारण ५१
२.५.८ वैचारिक र सैद्धान्तिक कारण ५१
२.५.९ जातीय महत्त्वाकाङ्क्षी कारण ५१
२.५.१० अन्य कारण ५२
२.६ महिलाको सम्बन्धमा सामाजिक-सांस्कृतिक दृष्टिकोण ५४
२.७ सशस्त्र द्वन्द्व र सेनामा महिलाको भूमिका ५७
२.७.१ विश्वका विभिन्न देशमा भएका जनआन्दोलनमा महिलाको भूमिका ५७
२.७.२ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा महिला सेना ५९
२.७.३ माओवादी आन्दोलनमा महिला जनसेना र सैन्य संरचनामा महिलाको स्थिति ६१
२.८ निष्कर्ष ६९

**अध्याय तीन : नेपालमा माओवादी सशस्त्र द्वन्द्वका प्रमुख कारण र असर ७१–११८**

३.१ पृष्ठभूमि ७१
३.२ सशस्त्र द्वन्द्वका प्रमुख कारणहरू ७५
३.२.१ स्वतन्त्रता/आत्मनिर्भरता ७५
३.२.२ वैचारिक कारण ७७
३.२.३ केन्द्रीयवाद/एकात्मकवाद ७९
३.२.४ सञ्चार माध्यम ७९
३.२.५ आर्थिक कारण ८०
३.२.६ भू-राजनीति ८६
३.२.७ सामाजिक तथा सांस्कृतिक कारण ८७
३.२.८ दरबारिया राजनीति र असन्तुष्टि ९०
३.२.९ निरङ्कुश र अधिनायकवादी शासन ९०
३.३ माओवादी सशस्त्र सङ्घर्षको प्रभाव ९१
३.३.१ माओवादी सशस्त्र सङ्घर्षबाट परेका नकारात्मक प्रभाव ९३
३.३.२ माओवादी द्वन्द्वबाट परेका सकारात्मक प्रभाव ११४
३.४ निष्कर्ष ११८

**अध्याय चार : कलैया नगरपालिका र अमलेखगंज गा.वि.स.को सन्दर्भमा माओवादी द्वन्द्वमा महिला सहभागिताका कारणहरू ११९–१६६**

४.१ पृष्ठभूमि ११९
४.२ बारा जिल्लाको परिचय ११९

| | | | |
|---|---|---|---|
| | ४.२.१ | ऐतिहासिक पृष्ठभूमि | ११९ |
| | ४.२.२ | बारा जिल्लाको कलैया न.पा. र अमलेखगंज गा.वि.स. का महिलाहरूको स्थिति | १२१ |
| | ४.२.३ | वैवाहिक स्थिति | १२२ |
| ४.३ | कलैया नगरपालिकाको परिचय | | १२२ |
| | ४.३.१ | जनसङ्ख्या विवरण | १२३ |
| | ४.३.२ | उमेर तथा लिङ्गको आधारमा कलैया नगरपालिकाको जनसङ्ख्या विवरण | १२६ |
| | ४.३.३ | जातिगत जनसङ्ख्या विवरण | १२६ |
| | ४.३.४ | मातृभाषागत जनसङ्ख्या विवरण | १२७ |
| | ४.३.५ | आर्थिक आधारमा जनसङ्ख्या विवरण | १२७ |
| | ४.३.६ | शिक्षाका आधारमा जनसङ्ख्या विवरण | १२८ |
| | ४.३.७ | स्थानीय राजनीति र संघ-संस्थामा महिला सहभागिता | १२८ |
| ४.४ | अमलेखगंज गाउँ विकास समितिको परिचय | | १२८ |
| | ४.४.१ | लिङ्ग र उमेरको आधारमा जनसङ्ख्या विवरण | १२९ |
| | ४.४.२ | जातिगत जनसङ्ख्या विवरण | १२९ |
| | ४.४.३ | मातृभाषागत जनसङ्ख्या विवरण | १३० |
| | ४.४.४ | आर्थिक रूपमा जनसङ्ख्या विवरण | १३० |
| | ४.४.५ | शिक्षाका आधारमा जनसङ्ख्या विवरण | १३१ |
| ४.५ | महिलाहरू माओवादी सशस्त्र द्वन्द्वमा सहभागी हुनुका कारणहरू | | १३१ |
| | ४.५.१ | महिलासम्बन्धी सामाजिक विभेदहरू | १३२ |
| | ४.५.२ | कानुनी तथा संवैधानिक प्रावधानमा विभेद | १३८ |
| | ४.५.३ | सुरक्षाकर्मीको दुर्व्यवहार | १४० |
| | ४.५.४ | राज्य संयन्त्रमा महिला सहभागिताको अभाव | १४३ |
| | ४.५.५ | महिलाहरूद्वारा सम्मानित जीवन तथा स्वपहिचानको खोजी | १४६ |
| | ४.५.६ | माओवादीको महिला मुक्ति रणनीतिप्रति आकर्षण | १५० |
| | ४.५.७ | रूढिवादी परम्पराबाट उन्मुक्ति पाउने अभिलाषा | १५२ |
| | ४.५.८ | सुरक्षाकर्मीको ज्यादतीबाट मर्माहित महिला | १५४ |
| | ४.५.९ | बेरोजगारी र गरिबीबाट निराशा | १५७ |
| | ४.५.१० | पुरुषहरूमा भएका विकृतिका पीडा | १६० |
| | ४.५.११ | माओवादीहरूको छत्रछायाँमा सुरक्षित हुने विश्वास | १६१ |
| ४.६ | निष्कर्ष | | १६४ |


**अध्याय पाँच : कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. को सन्दर्भमा सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको असर १६७–२१२**


| | | | |
|---|---|---|---|
| ५.१ | पृष्ठभूमि | | १६७ |
| ५.२ | सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको नकारात्मक असर | | १६७ |
| | ५.२.१ | एकल, अर्धविधवा तथा विधवा जीवनको अवस्था | १६८ |
| | ५.२.२ | मानव अधिकार उल्लङ्घनको अवस्था | १७० |
| | ५.२.३ | चेलीबेटी बेचबिखन तथा देहव्यापारको अवस्था | १८३ |
| | ५.२.४ | डर र तनावपूर्णको अवस्था | १८५ |
| | ५.२.५ | शैक्षिक उपलब्धिमा अवरुद्ध र शैक्षिक गुणस्तरमा ह्रास | १८७ |

५.२.६ महिलाको काँधमा थप जिम्मेवारी १८९
५.२.७ महिलाको स्वास्थ्यमा प्रतिकूल असर १९०
५.२.८ प्रतिशोधको भावनाको विकास १९४
५.३ माओवादी सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको सकारात्मक असर १९५
५.३.१ सामाजिक विकृतिमा ह्रास १९५
५.३.२ महिलामा चेतना तथा आत्मविश्वासको अभिवृद्धि १९७
५.३.३ सामाजिक र सांस्कृतिक रूपान्तरण २००
५.३.४ पैतृक सम्पत्तिमा महिलाको हक सुरक्षित २०१
५.३.५ राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि २०४
५.३.६ सेनामा महिला सहभागितामा वृद्धि २०७
५.३.७ लैङ्गिक विभेद तथा घरेलु हिंसामा ह्रास २०९
५.४ निष्कर्ष २१०

**अध्याय छ : महिलासँग सम्बन्धित कानुन तथा नीतिहरूको कार्यान्वयन पक्ष २१३–२४४**

६.१ पृष्ठभूमि २१३
६.२ महिला अधिकार २१६
६.२.१ नेपालको परिप्रेक्ष्यमा महिला अधिकार २१७
६.२.२ कानुनको कार्यान्वयन पक्ष २१८
६.३ सशस्त्र सङ्घर्षमा महिलाको स्थान २२०
६.४ माओवादी द्वन्द्वकाल र द्वन्द्वपश्चात्का सन्धिसम्झौताको कार्यान्वयन पक्ष २२२
६.५ द्वन्द्व व्यवस्थापनमा महिलाको भूमिका २२४
६.६ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) को कार्यान्वयन पक्ष २२९
६.७ संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित प्रस्ताव १३२५, १८२०, १९८९ र मिलेनियम डेभलपमेन्ट गोल २००० को कार्यान्वयन पक्ष २३०
६.८ यातना तथा अन्य क्रूर अमानवीय तथा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि २३५
६.८.१ शान्ति प्रक्रियाका लागि राष्ट्रियस्तरमा भएका प्रयासहरू २३६
६.८.२ विस्तृत शान्ति सम्झौता २०६३ को कार्यान्वयन पक्ष २३८
६.९ निष्कर्ष २४४

**अध्याय सात : उपसंहार २४५–२५५**
७.१ निष्कर्ष २४५
७.२ भविष्यका सम्भावित अध्ययन क्षेत्र २५२

**परिशिष्ट** २५३-२९८

**सन्दर्भ सामग्री सूची** २९९-३०९

# तालिका सूची


| | | |
|---|---|---|
| १.१ | कलैया नगरपालिकाबाट छनौट गरिएका घरपरिवार र उत्तरदाताको सङ्ख्या | २७ |
| १.२ | अमलेखगंजबाट घरपरिवार र उत्तरदाताको सङ्ख्या किटान र वर्गीकरण | २७ |
| १.३ | बारा जिल्लाबारे तथ्य | २९ |
| १.४ | बारा जिल्लाको जनसङ्ख्या | ३० |
| १.५ | बारा जिल्लामा महिलाको स्थिति | ३१ |
| २.१ | विश्वमा महिला सेना | ६० |
| २.२ | उत्प्रेरणाको कारक तत्त्व | ६४ |
| २.३ | क्यान्टोनमेन्टमा महिला पुरुषको सङ्ख्या | ६७ |
| ३.१ | माओवादी युद्धमा मारिएका जनता | ७१ |
| ३.२ | आन्दोलनमा मारिएका प्रहरीहरू | ७२ |
| ३.३ | जिल्लागत आधारमा अपाङ्ग, बेपत्ता पारिएका र मारिएका व्यक्तिहरू | ७३ |
| ३.४ | दक्षिण एसियामा माओवादी हातेमालो संस्था | ७८ |
| ३.५ | क्षेत्रका आधारमा बसोबास गर्ने विभिन्न जातजाति | ८७ |
| ३.६ | तराईका विभिन्न १० जिल्लामा बसोबास गर्ने दलित जातिको जनसङ्ख्या | ८९ |
| ३.७ | दक्षिण एसियामा विस्थापित हुने महिलाको सङ्ख्या | ९७ |
| ३.८ | २०५२ देखि २०६२ सम्म भएका भौतिक क्षति (सङ्ख्यामा) | ९९ |
| ३.९ | २०५२ देखि २०६२ सम्म भएका भौतिक तथा आर्थिक क्षति | १०० |
| ३.१० | राष्ट्रिय वाणिज्य बैंकमा भएको लुट | १०२ |
| ३.११ | नेपाल बैंक लिमिटेडमा भएको लुट | १०३ |
| ३.१२ | इ. १९९६-२००४ सम्ममा भएको तुलनात्मक खर्च (लाखमा) | १०४ |
| ३.१३ | मानव अधिकार हननको स्थिति | ११४ |
| ४.१ | कलैया न.पा. को वडागत आर्थिक तथा सामाजिक स्थिति | १२४ |
| ४.२ | कलैया न.पा. को उमेरगत तथा लिङ्गअनुसार जनसङ्ख्या | १२६ |
| ४.३ | कलैया न.पा. को जातिगत जनसङ्ख्या विवरण | १२६ |

| | | |
|---|---|---|
| ४.४ | कलैया न.पा. को मातृभाषागत जनसङ्ख्या विवरण | १२७ |
| ४.५ | आर्थिक आधारमा जनसङ्ख्या विवरण | १२८ |
| ४.६ | शिक्षित जनसङ्ख्या विवरण | १२८ |
| ४.७ | अमलेखगंज गा.वि.स. को लिङ्ग र उमेरको आधारमा जनसङ्ख्या विवरण | १२९ |
| ४.८ | अमलेखगंज गा.वि.स. को जातिगत जनसङ्ख्या विवरण | १३० |
| ४.९ | मातृभाषागत जनसङ्ख्या विवरण | १३० |
| ४.१० | आर्थिक आधारमा जनसङ्ख्या विवरण | १३० |
| ४.११ | शिक्षाको अवस्था | १३१ |
| ५.१ | बेपत्ता नागरिक सङ्ख्या | १७९ |

# स्तभचित्र सूची


| | | |
|---|---|---|
| ४.१ | सामाजिक विभेदप्रतिको धारणा | १३३ |
| ४.२ | महिलाविरुद्ध विभेदकारी कानुन तथा संवैधानिक प्रावधान | १३९ |
| ४.३ | सुरक्षाकर्मीको दृष्टिकोण | १४१ |
| ४.४ | राज्य संयन्त्रमा महिला सहभागिता | १४५ |
| ४.५ | सम्मानित जीवनको खोजीमा महिला अग्रसरता | १४९ |
| ४.६ | माओवादीको महिला मुक्ति रणनीतिप्रति महिलाको आकर्षण | १५१ |
| ४.७ | रूढिवादी परम्पराबाट मुक्ति पाउने महिलाको अभिलाषा | १५४ |
| ४.८ | सुरक्षाकर्मीको ज्यादतीबाट मर्माहित महिला | १५६ |
| ४.९ | महिलाहरूमा गरिबी | १५९ |
| ४.१० | पुरुषहरूको विकृतिबाट पीडित महिला | १६१ |
| ४.११ | माओवादीको छत्रछायाँमा महिला सुरक्षित हुने विश्वास | १६४ |
| ५.१ | एकल, अर्धविधवा तथा विधवा महिलाको जीवन | १७० |
| ५.२ | मानव अधिकारको स्थिति | १७१ |
| ५.३ | विस्थापित सङ्ख्या | १७२ |
| ५.४ | देहव्यापारमा संलग्नतासम्बन्धी अभिमत | १८५ |
| ५.५ | भयपूर्ण जीवनसम्बन्धी जनमत | १८६ |
| ५.६ | शैक्षिक गुणस्तर | १८९ |
| ५.७ | महिला जिम्मेवारीमा वृद्धि | १९० |
| ५.८ | स्वास्थ्यमा पर्ने असरबारे अभिमत | १९३ |
| ५.९ | प्रतिशोध भावनाको अवस्था | १९४ |
| ५.१० | सामाजिक विकृतिमा ह्रास | १९६ |
| ५.११ | चेतना र आत्मविश्वास अभिवृद्धि सम्बन्धमा जनधारणा | १९९ |
| ५.१२ | सामाजिक कुरीतिहरूमा न्यूनीकरण | २०१ |
| ५.१३ | पैतृक सम्पत्तिमा महिला हकप्रतिको धारणा | २०३ |
| ५.१४ | राज्य संयन्त्रमा महिला सहभागिता वृद्धिबारे जनधारणा | २०६ |
| ५.१५ | सेनामा महिलाको उत्साहजनक सहभागिता | २०८ |
| ५.१६ | घरेलु हिंसामा महिलाको स्थिति | २०९ |

# चित्र सूची


| | | |
|---|---|---|
| १.१ | अध्ययनका सूचकहरू | २४ |
| १.२ | प्राथमिक तथ्याङ्कका स्रोतहरू | २५ |
| १.३ | द्वितीयक तथ्याङ्कका स्रोतहरू | २५ |
| ३.१ | द्वन्द्वका प्रभाव | ९२ |

# शब्द सङ्क्षेप

| | | |
|---|---|---|
| अ. | - | असहमत |
| आ.व. | - | आर्थिक वर्ष |
| आ.स. | - | आंशिक सहमत |
| इ.सं. | - | इस्वी संवत् |
| इन्सेक | - | अनौपचारिक क्षेत्र सेवा केन्द्र |
| इ. | - | इन्जिनियर |
| उप.प्रा. | - | उपप्राध्यापक |
| एन.जी.ओ.सी.सी. | - | नन गर्भमेन्ट अर्गनाइजेसन कोर्डिनेशन कमिटी |
| क. | - | कमरेड |
| क.न.पा. | - | कलैया नगरपालिका |
| कि.मी. | - | किलो मीटर |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.प्र.का. | - | जिल्ला प्रहरी कार्यालय |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| ठा.रा.ब.क्या. | - | ठाकुर राम बहुमुखी क्याम्पस |
| ने.का. | - | नेपाली कांग्रेस |
| ने.का.पा. एमाले | - | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी) |
| ने.का.पा. माओवादी | - | नेपाली कम्युनिष्ट पार्टी माओवादी |
| नं. | - | नम्बर |
| पु. | - | पुरुष |
| प्र.जि.अ. | - | प्रमुख जिल्ला अधिकारी |
| प्रा. | - | प्राध्यापक |
| पृ. | - | पृष्ठ |
| म. | - | महिला |
| यूनिसेफ | - | युनाइटेड नेशन्स चिल्ड्रेन्स इमरजेन्सी फण्ड |
| वि.उ. | - | विशिष्ट उत्तरदाता |
| वि.सं. | - | विक्रम संवत् |
| स्व. | - | स्वर्गीय |
| स. | - | सहमत |
| स.अ. | - | सहायक अधिकृत |
| स.उ. | - | सर्वसाधारण उत्तरदाता |
| सिडाव | - | कन्भेन्सन अन दि इलेमिनेशन अफ अल डिष्क्रिमिनेशन एगेन्स्ट वुइमिन |
| सेडा | - | रिसर्च सेन्टर फर इकोनोमिक डेभेलपमेन्ट एन्ड एडमिनिस्ट्रेशन (आर्थिक विकास तथा प्रशासन केन्द्र) |
| सं.रा.सं. | - | संयुक्त राष्ट्र संघ |
| स.प्रा. | - | सहायक प्राध्यापक |
| % | - | प्रतिशत |

## अध्याय एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

मानव इतिहास सहयोग, विकासका साथै हिंसात्मक द्वन्द्वको इतिहास पनि हो । मानव जातिको प्रादुर्भावदेखि मानिस लड्दै आइरहेका छन् । क्रान्ति, आतङ्क, विद्रोह, जनआन्दोलन वा सशस्त्र द्वन्द्व आधुनिक अभिवृत्ति होइन । प्रथम विश्वयुद्धभन्दा अघिदेखि विश्वमा द्वन्द्वको सुरुआत भएको हो र दोस्रो विश्वयुद्धदेखि विश्वभर नै फैलिएको हो । वर्तमान समयमा १०० भन्दा बढी राष्ट्रहरूले विद्रोह र द्वन्द्वको सामना गरिरहेका छन् । ५,६०० वर्षको इतिहासमा १४,५०० युद्ध भएका छन् । ३,४०० वर्षको इतिहासमा २८६ वर्षमा मात्रै शान्ति स्थापित भएको छ ।[१] सन् १९९० को सुरुदेखि १९९९ अन्त्यसम्म संसारले ११८ वटा सशस्त्र युद्ध भोगेको छ । ती युद्धमा करिब ६० लाख मानिसको मृत्यु भएको छ भने त्योभन्दा कयौं बढी व्यक्तिहरू अपाङ्ग भएका छन् ।[२] विश्वमा भइरहेका अधिकांश युद्ध सत्ताका लागि नै भएका हुन् । मानव सभ्यताको इतिहासमा जति ठूला-ठूला युद्ध (क्रान्ति) हरू भए तिनका केन्द्रविन्दु पुरुष नेताहरू नै थिए । आधुनिक सत्तामा उच्च पदमा अति कम महिला अवस्थित छन् । त्यसैले महिलाहरू युद्धका लागि कम जिम्मेवार छन् ।

मानिस, समाजको सम्बन्ध र अपरिहार्यलाई नियाल्दा माछा र पानीको आपसी सम्बन्धजस्तो अनुभूति हुन्छ । मानव सामाजिक एवं राजनीतिक प्राणी भएकोले समाजको निर्माण गर्दछन् । समाजमा सँगै रहँदा उनीहरू बीच द्वन्द्व पनि हुन्छ । द्वन्द्वको इतिहास मानव सभ्यताको इतिहास जतिकै पुरानो छ । द्वन्द्व गतिशील अन्तर्क्रियात्मक सामाजिक प्रक्रियाहरूको रूपमा दृष्टिगत गरिन्छ । द्वन्द्वको जीवनचक्र उत्पत्तिदेखि विभिन्न चरणहरू पार गर्दै समाधानको चरणमा पुग्छ । अन्तमा द्वन्द्व समाधान हुन्छ र शान्ति बहाली हुन्छ । यसको प्रक्रिया भनेको यही हो तर युद्धविराम युद्धको अन्त होइन । द्वन्द्व निरन्तर चलिरहन्छ । समाजशास्त्रीय जोन ग्याल्टुङ्गका अनुसार शान्ति भन्नाले सकारात्मक र नकारात्मक गरी दुई किसिमको हुन्छ । बुट र बन्दुकले सामाजिक र सांस्कृतिक जनयुद्धलाई कुल्चेर दमन गरी

---

१ तिर्थप्रसाद ज्ञवाली, "द्वन्द्व, हिंसा र शान्ति", **शान्तिको खोज,** (काठमाडौं : साप नेपाल, २०५८), पृ. ७० ।

२ अन्जु क्षेत्री, "पुरुषले रचेको युद्ध मैदानमा महिला", **महिला, शान्ति र पुनर्संचना**, (काठमाडौं : अस्मिता, २०६३), पृ. ४५ ।

शान्ति स्थापना गर्न सकिएला तर त्यस्तो शान्ति चिरस्थायी नहुन सक्छ अर्थात् त्यस्तो शान्ति नकारात्मक हुन सक्छ । त्यो कुनै पनि अवस्थामा पुनः अर्को विद्रोह वा क्रान्तिको प्रादुर्भाव हुन सक्छ । ग्याल्टुङ्गका अनुसार हिंसा भन्नाले प्रकृति हिंसा, प्रत्यक्ष हिंसा, अप्रत्यक्ष हिंसा वा संरचनागत हिंसा, सांस्कृतिक हिंसा र समय हिंसालाई बुझाउँछ ।[३]

इतिहासका विभिन्न घटनाक्रमको आधारमा समाज परिवर्तनको आधार विद्रोह वा युद्ध हो । सुशील प्याकुरेलको "शान्ति र सुशासन" शीर्षकको कार्यपत्रमा संयुक्त राष्ट्रसङ्घका विशेषज्ञ अर्जुनसेन गुप्ताको "इतिहासमा भएका सबै आन्दोलनहरू आक्रोशको परिणाम हो । थुप्रै असंख्य महत्त्वपूर्ण परिवर्तनहरू तिनै आन्दोलनका परिणाम हुन्" भन्ने भनाइ उद्धृत गरेका छन् । सोहीअनुसार जीन ड्रेजे र अमर्त्य सेनले "भारत आर्थिक विकास सामाजिक अवसर नामक" पुस्तकमा जोन ड्राइगनको चेतावनी "शान्ति मान्छेको आक्रोशसँग सावधान" अर्थात् शान्त मान्छेलाई पीडित, अपेक्षित र अपहेलित मान्छेको रूपमा बुझौँ, जो आक्रोशित भयो भने यसको परिणाम डरलाग्दो हुन्छ भन्ने भनाइलाई आफ्नो कार्यपत्रमा उद्धृत गरेका छन् ।[४]

धेरै युद्धका परिणाम सकारात्मक पनि हुन सक्छन् । प्रजातन्त्र र मानव अधिकारका लागि युद्धका परिणाम सकारात्मक भएका छन् । उदाहरणका लागि क्यूबा र दक्षिण अफ्रिकालाई लिन सकिन्छ । नियत सफा भएमा परिणाम सकारात्मक हुन सक्छ भन्ने कुरा प्रा. माणिकलाल श्रेष्ठद्वारा "मैले देखेको समाजवादी क्यूवा" मा जुन किसिमबाट क्यूवाको चित्रण गरिएको छ, सो सशस्त्र सङ्घर्षको सकारात्मक परिणाम भन्न सकिन्छ ।[५] देवराज दाहालका अनुसार सङ्घर्ष हिंसात्मक र अहिंसात्मक दुवै किसिमको हुन सक्छ ।[६]

त्यसैगरी पूजा कटरिया र देवराज दाहालले १९६० मा विकास भएको 'गेम थ्योरी' सशस्त्र सङ्घर्षमा लिएको हुन्छ भन्ने धारणा व्यक्त गरेका छन्, जसमा एकले अर्कोको निरीक्षण गरिरहेको हुन्छ । यस्तो सिद्धान्त साम्यता (détente) को स्थितिमा सोभियत-रूसमा

---

३ कृष्णबहादुर भट्टचन, "नेपालमा शान्ति सुशासनः सामाजिक-सांस्कृतिक परिप्रेक्ष्य", **शान्तिको खोजी** (काठमाडौँ : साप नेपाल, २०५८), पृ. ३१ ।

४ सुशील प्याकुरेल, "माओवादी जनयुद्ध समस्या र समाधान", **शान्ति र सुशासन** (काठमाडौँ : साप नेपाल, २०५७), पृ. ८४ ।

५ माणिकलाल श्रेष्ठ, "मैले देखेको समाजवादी क्यूवा", **मूल्याङ्कन**, (माघ-फाल्गुण, २०६५), पृ. ३८ ।

६ देवराज दाहाल, **कनफ्लिक्ट रिजोलुसन एन्ड गभर्नेन्स इन नेपाल, नोट अन सम कन्टेन्टिङ्ग एप्रोचेज,** दो.सं. (काठमाडौँ : नेफास, इ. २००६), पृ. ५ ।

प्रयोग गरिएको थियो ।[७] अरस्तुका अनुसार राज्यमा विद्रोह ल्याउने कुरा असमानता हो । क्रान्ति सानो चीज होइन तर क्रान्ति सानो चीजबाट जन्मन्छ ।[८] हातहतियारसहितको सत्ता वा अन्य कुनै उद्देश्य पूर्तिका लागि मानव-मानवबीच हुने युद्ध सशस्त्र सङ्घर्ष हो । यस्तो युद्ध आन्तरिक तथा बाह्य दुवै मामिलामा हुन सक्छ । पूजा कटरियाले १९६० मा जोन ग्याल्टुङ्गले विकास गरेका त्रिकोणात्मक सङ्घर्षको अवधारणा उद्धृत गरेकी छन् । जसअनुसार यस किसिमको त्रिकोणात्मक सङ्घर्ष सिद्धान्त विश्वका प्रमुख तीन धार्मिक सम्प्रदायहरूका सङ्घर्षमा देखापर्छ ।[९] नेपालमा भएको आन्दोलन अर्थात् माओवादी आन्दोलन त्रिकोणात्मक सङ्घर्ष सिद्धान्तमा आधारित द्वन्द्व हो । सरकार, राजनीतिक दल र माओवादीबीचको सङ्घर्ष त्रिकोणात्मक सिद्धान्त देखिन्छ ।

नेपालमा जातीय, धार्मिक, भाषिक, सांस्कृतिक, क्षेत्रगत, लैङ्गिक आदि अन्तर्द्वन्द्वहरू मौलाइरहेका छन् । नेपालको सन्दर्भमा कृष्णबहादुर भट्टचनअनुसार "पृथ्वीनारायण शाहको नेपालको भौगोलिक एकीकरण गोरखा साम्राज्यवाद र आन्तरिक उपनिवेशवादले नेपालमा नकारात्मक शान्ति बाहेक सकारात्मक शान्ति र सुशासनको अनुभव गर्ने अवसर आदिवासी, जनजाति, दलित, मधेसी र महिला कसैले पाएका छैनन् ।" [१०]

महिलाले सजिलै मेलमिलाप गराउन सहजकर्ताको कार्य राम्ररी निर्वाह सक्ने भएकोले मृत्युका संवाहक हुँदैनन् भन्ने विचार अन्तर्राष्ट्रिय संस्था मर्सीकरका म्यानेजर एलिन्डा साविकले व्यक्त गरेका छन् ।[११] तर संसारका केही देशमा राष्ट्रिय सेना तथा छापामार समूहमा भर्ना भई बन्दुक बोक्नुका साथै मृत्युको संवाहक पनि बनेका छन् । सो स्थिति नेपालमा भइरहेको विद्रोह र युद्धमा महिलाहरूको संलग्नताले प्रमाणित गर्दछ ।

नेपालको सन्दर्भमा पृथ्वीनारायण शाहको नेपाल एकीकरण गर्नुपूर्व र उपरान्त आन्तरिक तथा बाह्य थुप्रै युद्धहरूको सामना गर्नु परेको थियो । नेपालकै सन्दर्भमा जङ्गबहादुर राणाको शासनकालमा लमजुङ र गोरखाका गुरुङहरूले आफ्नो हकका लागि

---

[७] पूजा कटरीया, **कन्फ्लिक्ट रिजोल्यूसन,** (न्यू दिल्ली : दिप एन्ड दिप पब्लिकेशन प्रा.लि., इ. २००७), पृ. १३ ।

[८] डी.पी. ढकाल 'संकल्प', **नेपाली क्रान्ति,** (काठमाडौँ : सौगात प्रकाशन, २०६४), पृ. ८१ ।

[९] कटरीया, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ७, पृ. ८१ ।

[१०] भट्टचन, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ३, पृ. ३१ ।

[११] क्षेत्री, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २, पृ. ४५ ।

गरेको विद्रोह, जातीय शोषणका विरुद्ध लडेका लखन थापा मगरको विद्रोहजस्ता घटनाहरूलाई बिर्सन सकिँदैन । सशस्त्र र निरस्त्र गरिएका त्यस्ता विद्रोह तथा युद्धलाई सरकारद्वारा निर्ममतापूर्वक दमन गरियो । राणाशासन विरुद्ध अहिंसात्मक विद्रोह मकैको खेतीका सुब्बा कृष्णलाल, भोजपुरकी योगमायाको विद्रोह, वि.सं. १९८८ मा स्थापित प्रचण्ड गोरखाले गरेको रक्तक्रान्तिको घोषणा, प्रजापरिषद् (धर्मभक्त, दशरथ चन्द, गंगालाल र शुक्रराज) को विद्रोह, २००४ को जयतु संस्कृतम् र २००६ को ब्राह्मणहरूको हलो क्रान्ति इतिहासका पानामा सँगालिएका छन् । २००७ सालको क्रान्ति, २०१७ सालको प्रतिक्रान्ति २०१८ को नेपाली कांग्रेसको सशस्त्र सङ्घर्ष, २०२८ को सामन्तवाद निर्मूलको लागि सुरु भएको झापा सशस्त्र सङ्घर्ष (भारतीय नक्सलवादी आन्दोलनबाट प्रभावित) २०३०-३१ मा झापामा किसान आन्दोलन, २०३६ मा पञ्चायती व्यवस्थाविरुद्धको विद्रोह, रामराजा प्रसादबाट २०४२ सालमा राजाको विरोध, २०४३ सालको सम्झौता, प्रजातन्त्रको पुनर्स्थापनाका लागि भएको २०४६ को आन्दोलन नेपालको राजनीतिक इतिहासमा उल्लेखनीय घटना हुन् । असन्तुष्ट एक समूहले २०४७ देखि मतभिन्नताका कारण २०५२ देखि जनयुद्धको घोषणा गरेका हुन् ।

वि.सं. २०४७ को संविधान निर्माण प्रक्रियापश्चात् साम्यवादी दलको सुदृढीकरण, विचलन, विभाजन, सैद्धान्तिक मान्यताहरूबीच आपसी असमझदारी र मनमुटाव हुँदै एमालेलगायत केही वामपन्थी दल बाहेक अन्य वामपन्थीहरू त्यसैबेलादेखि असन्तुष्ट भए र जनआन्दोलनतर्फ जाने निर्णय गरे । पाँच वर्षको अभ्यासपश्चात् २०५२ फागुन १ गतेबाट नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को सशस्त्र द्वन्द्व सुरु भएको हो । नेपालमा सशस्त्र सङ्घर्षको सम्भावनामाथि कहिल्यै गम्भीर भएर मनन गरिएको पाइएन । २०४६ को जनआन्दोलनबाट स्थापित बहुदलीय नेतृत्वलाई अपेक्षाकृत स्थिर, नियन्त्रित र कम भ्रष्ट भएको मुलुक विरासतमा मिलेको थियो । पूर्वाधारको भोगचलन गर्नमा त्यो असक्षम भयो । अरबौंको वैदेशिक ऋण तथा घाटा थियो । आर्थिक गति लिन नसक्दा बहुभाषिक-बहुजातीय मुलुकमा जातीय असन्तुष्टि बढ्न थाल्यो । यिनै विभिन्न कारणले माओवादी आन्दोलन प्रारम्भ भएको हो । माओवादीले माओत्सेतुङ्गको विचारधाराबाट प्रभावित भई राज्य व्यवस्थाविरुद्ध आन्दोलन सुरु गरेको हो । आर्थिक कारणका साथै अन्य विविध भेदभाव र दलगत स्वार्थको कारण आन्दोलनले फस्टाउने मौका पाएको हो । हिंसाको चपेटामा परेका महिलाहरूलाई सामाजिक र राजनीतिक रूपमा सशक्त बनाउँदै यस आन्दोलनले क्रान्तिकारी परिवर्तन ल्याउने अभियान चालेको हो ।

महिला सशक्तीकरणका लागि सशस्त्र द्वन्द्वले अहम् भूमिका खेलेकै हो ? सुरक्षित महिला अधिकार महिलाले प्राप्त गर्न सके ? महिलाको सवाललाई सार्वजनिक सम्बोधन गर्न सकेको छ ? तर वास्तविकता हेर्ने हो भने युद्धको नकारात्मक प्रभावबाट सम्पूर्ण वर्ग समुदायले प्रताडित हुनु पर्दछ, खासगरी महिलाले सामाजिक सदस्य र महिला भएकै नाताले दोहोरो पीडाका भागीदार बन्नु पर्छ । माओवादी आन्दोलनबाट केही हदसम्म महिलामा राजनीतिक चेतनाको जागरण सशक्त नभएको भन्न सकिँदैन तर कम नाफा र बढी घाटा भएको चित्रण समाजमा पाइन्छ । जनयुद्धका कारण महिलाले अझ बढी यातना सहनु परेको देखिन्छ । उनीहरूले राज्यपक्ष र विरोधीपक्ष दुवैको मार खेप्नु पर्छ । बन्दुक नबोकी अन्य सपना साकार हुँदैन । अझ स-साना सपना त 'आकाशको फल आँखा तरी मर' भने झैं हुन्छ । पुरुषको मृत्यु, अपहरण, झूटो मुद्दाबाट जोगिन हुने पलायनका कारण खेतीबारी, घरपरिवार, बालबच्चा आदिको रेखदेख र व्यवहार चलाउनुपर्ने जिम्मेवारी महिलाको काँधमा नै पर्छ । नानीदेखि हलोसम्म, शिक्षा, स्वास्थ्य, आर्थिक लगायतका यावत् अतिरिक्त बोझ, मानसिक र शारीरिक यातना एकल महिलाले भोग्नु पर्छ ।

सार्क राष्ट्रहरूमध्ये मात्र नेपाल आन्तरिक सङ्घर्ष नभएको शान्ति क्षेत्रका रूपमा आफ्नो सही पहिचान बनाउन सक्षम भएको थियो, तर यो दस-बाह्र वर्षको दौरानमा नेपाल पनि यस्तो देश बन्यो जहाँ शान्ति र सुरक्षा कथाजस्तो भइदिएको छ । २०५२ देखि सुरु भएको 'जनयुद्ध' विश्वमा नै चर्चाको विषय बनेको छ । चर्चाको क्रममा बितेका दस वर्षको दौरानमा विभिन्न घटनाहरू भएका छन् । एक पक्षबाट राजनीतिक साध्यको रूपमा 'जनयुद्ध' लाई साकार बनाउने प्रयास भइरहेको छ भने अर्को पक्षबाट यसको अस्तित्वलाई तिरस्कार गरिँदै छ ।

समग्रमा जनयुद्धबाट नकारात्मक परिणाम बढी आउँछ, दुःखद अनुभव नै हुन्छ । विद्रोह जनताको अधिकार हो । उपेक्षित र पीडितहरूले आफ्नो पीडा बिसाउने काम आन्दोलनबाट नै गर्छन् । युद्धले थुप्रै सकारात्मक परिणाम दिएकोलाई नकार्न सकिँदैन । जबसम्म पीडितले आक्रोश व्यक्त गर्दैन तबसम्म परिवर्तन आउँदैन, तर युद्धको आचारसहिंतालाई मानवअधिकार, सिडाव (Convention on the Elemination of all Descrimination Against Women) संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट पारित १३२५ र १८२० को प्रतिबद्धताहरूलाई ओझेलमा पार्नु हुँदैन । मानव अधिकार संस्कृतिको स्थापना र सैन्यकरणको आतङ्कवाद मात्र शान्ति सुरक्षा र सुशासन प्रदान गर्न सक्छ । समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकार एवम् महिला अधिकारको संरक्षण संबर्द्धन गर्न सके मात्र लोकतन्त्रको अनुभूति गर्न सकिन्छ ।

## १.२ समस्या कथन

युद्ध एकाएक प्रादुर्भाव हुने होइन, तनाव, आपसी द्वेष, मतभेद र दुस्मनीबाट मौलाउँदै युद्धको रूप लिन्छ । द्वन्द्वका मूल कारणलाई बेवास्ता गरिएमा वा बल प्रयोग गरिएमा क्षणिक सफल भए तापनि कालान्तरमा मौलाउने प्रक्रियामा जान्छ । नेपालमा भएका विभिन्न द्वन्द्वहरूबीचकै एक द्वन्द्व माओवादको विद्रोह हो, जसको बेलैमा समाधान हुन नसक्दा वर्तमान स्थिति सृजना भएको हो ।

वि.सं. २०५१ पौषमा संयुक्त जनमोर्चा नेपालले राष्ट्रिय जनतन्त्र र जनजीविका आदि समेतको ३८ सूत्रीय माग प्रस्तुत गरेको थियो । वि.सं. २०५२ माघ २१ गते संयुक्त जनमोर्चा नेपाल (भट्टराई समूह) ले २ माग थप गरी ४० सूत्रीय माग प्रधानमन्त्रीसमक्ष पेश गर्नुका साथै फागुन ५ गतेसम्म समाधान नभएमा सशस्त्र सङ्घर्षमा जाने जानकारी समेतको विकल्प दिएका थिए, तर आफ्नै विकल्प तोड्दै २०५२ फागुन १ गतेबाट नै "प्रतिक्रियावादी राज्यसत्तालाई ध्वस्त बनाउने नयाँ जनवादी सत्ताको स्थापना गर्न सशस्त्र सङ्घर्षको बाटोमा अघि बढौं"[१२] भन्ने नाराका साथ आन्दोलनको बीजारोपण गरे । बारा जिल्लामा परापूर्व कालदेखि सशस्त्र सङ्घर्षबाट नजिक रहेको जानकारीमा आएको छ । २००७ सालको जनक्रान्तिमा जितपुर र परवानीपुरमा बाराका क्रान्तिकारीहरूले सशस्त्र सङ्घर्ष गरेका थिए । महिला क्रान्तिकारी कुलकुमारी लोहनी जेल पर्दा नब्बे दिनसम्म अनशन बसेकी दिइन् ।[१३]

बारा जिल्लामा सामाजिक न्याय, हिंसा, जातीय छुवाछूत, दलित जाति, विभिन्न सामाजिक, सांस्कृतिक, जातीय, वर्गीय, क्षेत्रीय भेदभाव, लैङ्गिक विभेद, बेरोजगार, राजनीतिमा सहभागिता, पक्षपात, नातावाद, कृपावाद, चाकडीवाद, अनुचित वितरण, अवसरको अभाव, राजनीतिक नियुक्ति, योग्यता र क्षमताको अनादर, पक्षपातपूर्ण नियुक्ति, अपारदर्शिता, माथिदेखि तलसम्म कमिसनतन्त्र, भ्रष्टाचार, वरिष्ठ-कनिष्ठको मूल्याङ्कनको गलत प्रक्रिया, राजनीतिप्रतिको वितृष्णा, वरिष्ठ राजनीतिक नेता, कार्यकर्ता, सत्ता र शक्तिको दुरुपयोग आदिले द्वन्द्व मौलाउनमा अहम् भूमिका निर्वाह गरेको पाइन्छ । चूडाबहादुर श्रेष्ठका अनुसार राजनीतिक दल ३२.८ प्रतिशत र प्रमुख राजनीतिक नेता ३१.७ प्रतिशत माओवादी विद्रोह र देशको अव्यवस्थित स्थिति उत्पन्न गराउनमा जिम्मेवार छन् । त्यसैगरी १,४४०

---

[१२] दीपक सापकोटा, **उथलपुथलका दश वर्ष,** (काठमाडौं : क्रान्तिकारी पत्रकार सङ्घ, केन्द्रीय समिति, २०६६), पृ. २५ ।

[१३] **बारा जिल्लाको पार्श्व चित्र,** (बारा : जिल्ला विकास समितिको कार्यालय, २०६०), पृ. ६ ।

व्यक्तिहरूको अन्तर्वार्ताको परिणामअनुसार माओवादलाई मौलाउनमा राजनीतिक दल र उसका नेताहरू नै पूर्णरूपेण जिम्मेवार छन् भन्ने निष्कर्ष निकालिएको छ ।[१४]

यस आन्दोलनबाट हजारौं अभिभावकविहीन भए, सन्तानविहीन भए, ज्यान गुमाए र सहादत प्राप्त गरे । बाराको कलैया तथा अमलेखगंजमा द्वन्द्वका यी उपर्युक्त कारणहरूबाट अछुतो छैन । यू.एन.ओ. मानव अधिकारवादी मेरी रबिन्सका अनुसार युद्धकालमा हुने बलात्कार योजनाबद्ध आक्रमण हो भन्ने भनाइको समर्थन गर्दै ओलिभरले युद्धकालमा महिलालाई हतियारको रूपमा प्रयोग गरेको देखिन्छ भनेकी छन् ।[१५] विस्थापित हुने सन्दर्भमा एक पीडित अफगानी महिलाको भनाइ यस्तो छ- खुशी के हो हामीले बिर्सिसक्यौं । ईश्वरसँग मातृभूमि माग्यौं तर शान्ति र सुरक्षा माग्न बिर्स्यौं ।[१६] लि. अनेस्तोका अनुसार नेपालमा २,००० बालबालिका अनाथ, ४,००० विस्थापित र १६८ को मृत्यु भइसकेको तथ्याङ्क मानव अधिकारवादीको प्रतिवेदनमा उल्लेख भएको छ ।[१७] सिविनका अनुसार आन्दोलनको कारण नेपालमा १०,००० भन्दा बढी बालबालिका शिक्षाबाट वञ्चित भएका छन् र बालबालिकालाई माओवादी सेनामा भर्ती गरिएको छ ।[१८] संखुवासभाको खाँदबारीमा कान्तिपुरसँगको कुराकानीमा जर्मन दूतावासका मेरिना ग्राफन मनरेडनअनुसार अयोग्य घोषित ४,००० छापामारहरूमध्ये ३,००० बालबालिका रहेको जानकारी गराइएको छ ।[१९]

यी क्षतिको पूर्ति हुन सक्छ ? युद्धकालमा महिलाविरुद्ध भएको हिंसा बलात्कारजस्तो जघन्य र अमानवीय अपराधको छानबिन र दोषीलाई सजाय दिन सकिन्छ ? पीडितलाई न्यायको अनुभूति गराउन सकिन्छ ? अन्य समुदायभन्दा पनि बढी चपेटामा पर्ने महिलालाई के कसरी आश्वासन दिन सकिन्छ ? आतङ्कित समाजमा राज्यले शान्तिसुरक्षा प्रदान गर्न सकेको

---

१४ चूडाबहादुर श्रेष्ठ, **नेपाल कोपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी,** (काठमाडौं : चेतना लोकसम, इ. २००४), पृ. २२ ।

१५ केली ओलिभर, **वुइमिन एज विपन्स अफ वारः इराक, सेक्स एन्ड दि मिडिया,** (कलकत्ता : सिगल पब्लिकेशन्स, इ. २००८), पृ. ४४ ।

१६ नमनिता चड्ढा वेहरा (सम्पा.) र सावा गुल खटक, “भ्वाएलेन्स एन्ड होम : अफगान ओमेन्स एक्सपेरियन्स एन्ड डिस्प्लेस्मेन्ट,” **वुइमिन : वार एन्ड पिस इन साउथ एसिया, वियोन्ड भिक्टिम हुड टू ऐजेन्सी,** (दिल्ली : सेज पब्लिकेशन प्रा.लि., इ. २००८), प. १४२ ।

१७ लि. अनेस्तो, **डिसपेचेज फ्रम दि पिपुल्स वार इन नेपाल,** (लन्डन : प्लूटो प्रेस, सिकागो : इनसाइट प्रेस, इ. २००६), पृ. ६२ ।

१८ गौरी प्रधान, **बालबालिका र शान्ति,** (काठमाडौं : सिविन, २०६६), पृ. २६ ।

१९ “अयोग्य लडाकु तत्काल हटाउनु पर्दछ”, **कान्तिपुर,** (२०६५ चैत्र २१), पृ. १ ।

छ ? यस्ता यावत् प्रश्नहरू उठ्नु स्वाभाविकै हो । आन्दोलनक्रममा पुरुष मारिने, बेपत्ता पारिने, झूटो मुद्दाबाट बच्न गाउँ छाडेर जाने, यस्तो अवस्थामा खेतीबारी, घरपरिवार र बालबच्चाको स्याहारसुसारको व्यवस्था एकल रूपमा महिलाले गर्नु पर्ने हुन्छ ।

महिलाहरू किन माओवादीप्रति आकर्षित भएका हुन् भन्ने कुरा विचारणीय छ । सुमन मास्केका अनुसार माओवादी सेना व्यवस्थापनमा करिब ३०-३५ प्रतिशत महिला सहभागी भएको पाइन्छ । रोल्पाको तिलागौरी गाउँको ज्वार स्मृति ब्रिगेडमा शान्ति सम्झौता पालन गर्दै बसेका ६५० जनमुक्ति सेनाका जवानहरू सेना समायोजन हुने पर्खाइमा छन् भने १५० जति महिला छापामारका काखमा नवजात शिशुहरू छन् ।[२०] माओवादी दाबीअनुसार ४० प्रतिशत महिला जनसेनामा थिए भन्ने दाबीलाई आधार मान्ने हो भने जनसेनामा १०-१२ हजार महिला रहेको देखिन्छ ।[२१]

प्रस्तुत शोधकार्यका निम्नलिखित समस्याहरू रहेका छन् :

(क) नेपालमा द्वन्द्वका प्रमुख कारण के-के हुन् र तिनका के-कस्ता असरहरू देखापर्दछन् ?

(ख) कलैया नगरपालिका र अमलेखगंज गा.वि.स.को सन्दर्भमा द्वन्द्वमा महिला सहभागिताका कारणहरू के-के हुन् ?

(ग) कलैया नगरपालिका र अमलेखगंज गा.वि.स.को सन्दर्भमा सशस्त्र द्वन्द्वबाट महिलामाथि के-कस्तो असर परेको छ ?

(घ) महिलासँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धि, कानुन तथा नीतिको उचित एवम् व्यवहारिक रूपमा कार्यान्वयन भइरहेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य माओवादी सशस्त्र सङ्घर्षको कारण र यसबाट पर्ने प्रभावहरूको अध्ययन गर्ने भए तापनि यसका खास उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) माओवादी सशस्त्र द्वन्द्वमा कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. का महिलाहरूको सहभागिताको कारण पहिल्याउनु ।

---

[२०] सुमन मास्के, "विस्थापित पत्रकारको डायरीबाट", **कान्तिपुर,** (२०६५ चैत्र २१), पृ. ७ ।

[२१] अस्मिता, **महिला शान्ति र पुनर्संरचना**, (काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, २०६३), पृ. २८ ।

(ख) अध्ययन क्षेत्रमा माओवादी सशस्त्र द्वन्द्वबाट महिलामा परेका असरहरूको अध्ययन गर्नु ।

(ग) महिलासँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्धि, कानुन तथा नीतिको कार्यान्वयन पक्षको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

**कौटिल्यको अर्थशास्त्र**, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान काठमाडौं (२००९) का अनुवादक केशवराज अर्यालले कौटिल्यको अर्थशास्त्रमा राजनीति, शासक, युद्ध, सन्धि आदि सम्बन्धमा व्यक्त गरेका कूटनीतिहरूलाई समावेश गरी संस्कृत र नेपाली भाषामा उल्लेख गरेका छन् । यस पुस्तकबाट कौटिल्यको रणनीति, युद्ध नीति, सन्धि आदिबारे सैद्धान्तिक कुराहरूको जानकारी प्राप्त हुन सक्छ । कौटिल्यले पनि लक्ष्य हासिल गर्न महिला प्रयोग गरेको छ । यद्यपि पुरुषलाई महिलाको भेष धारण गर्न भनेका छन् तर महिलाको स्वरूप, कार्य र नामकै प्रयोग गरेका छन्, यो जानकारी योग्य छ ।

**बालबालिका र शान्ति**, सिविन, काठमाडौं (२०५०) का लेखक गौरी प्रधानको हाते पुस्तिकामा द्वन्द्व विश्लेषण, समाधान, सङ्घर्षबाट बालबालिकामा पर्ने प्रभाव, प्रभावित बालबालिका, व्यवस्थापन, आचारसंहिता, कानुन, कार्यान्वयन पक्ष, संरक्षणका सवाल, विधि, शान्ति आदिलाई समेट्दै तालिम निर्देशिकाको रूपमा प्रस्तुत गरिएको छ ।

**महिला बियोण्ड बेइजिङ्ग घोषणापत्र तथा कार्यनीति**, इ. १९९५, वियोण्ड बेइजिङ्ग कमिटी नेपालबाट प्रकाशित पुस्तक अनुवादक गोपालकृष्ण शिवाकोटी र मिनल घरेलले चीनको बेइजिङ्गमा चौथो विश्व महिला सम्मेलन, ४-१५ सेप्टेम्बर १९९९ मा सम्पन्न भएको सम्मेलनका रणनीतिहरूलाई पुस्तकमा समेटेर लेखेका छन् । जसको अध्यक्ष श्री चेन मू भएकी थिइन् । पुस्तकमा महिलासँग सम्बन्धित विभिन्न क्षेत्र, निर्धनता, शिक्षा, तालिम, स्वास्थ्य, महिलाविरुद्धको हिंसा, सशस्त्र सङ्घर्ष, अर्थतन्त्र, शक्ति संरचना, निर्णायक तहमा महिला आदि १० क्षेत्रलाई समेटिएको छ ।

विशेषगरी यस पुस्तकको अध्याय ८ मा “क्रान्ति, राजनीतिक परिवर्तन र सामूहिक हिंसा” (Revolution, Political Change and Collective Violence) अध्ययनका लागि सैद्धान्तिक आधार प्राप्त हुने हेतुबाट यसको अध्ययन तथा समीक्षा गरिएको छ । यसमा क्रान्तिको अर्थ, परिभाषा, प्रकृति, विशेषता, लक्षणस्तर, परिणाम, लाभ क्रान्तिका नेता, प्रकार,

सिद्धान्त, कार्लमार्क्सवादी माओवादी, लेनिनवादी, माओत्सेतुङ्गको सिद्धान्त, नियन्त्रणका उपाय, राजनीतिक परिवर्तन, सामूहिक हिंसा आदि प्रस्तुत गरिएको छ । सैद्धान्तिक सामग्रीको जानकारीका लागि पुस्तक उपयोगी छ ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक**, इ. १९९६-२००८ सम्म, इन्सेक, काठमाडौंको प्रस्तुत पुस्तकहरूले मानव अधिकार हनन, संरक्षण, सशस्त्र सङ्घर्ष, सङ्घर्षकालमा राज्य र अन्य पक्षबाट गरिएका विभिन्न क्रियाकलाप, हडताल, जुलुस आदिको सम्बन्धमा, दरबार हत्याकाण्ड, द्वन्द्वकालमा अधिकार हनन, अपहरण, हत्या, विस्थापितको सङ्ख्याहरू आदि सम्बन्धमा विस्तृत तथ्याङ्कसहितको जानकारी प्राप्त गर्न पुस्तकहरूबाट पूर्ण सहयोग मिल्ने अपेक्षा राख्न सकिन्छ ।

**ह्वाट वुइमिन क्यान डु इन वार टाइम, जेन्डर एन्ड कन्फ्लिक्ट इन एसिया,** मेरेद्‌थ टूर्शिन र क्लोटिल्ड त्वान्जी रामेरियाद्वारा सम्पादित पुस्तक, जेड बुक्स लि., लन्डन एन्ड न्यूयोर्क (इ. १९९८) मा विभिन्न लेखहरूलाई सङ्कलन गरी पुस्तकको रूप दिइएकोमा सम्पूर्ण लेखहरूअन्तर्गत अफ्रिकी जनआन्दोलनको अनुभवलाई वर्णन र विश्लेषण गरिएको छ । चाड, लाइबेरिया, मोजाम्बिक, नामिबिया, रुवाण्डा, दक्षिण अफ्रिका र सुडानी आन्दोलनको विवरण, वृत्तान्त, अनुभव, विद्वत्ता, पाठहरू, युद्धप्रति महिलाको भूमिका, महिलाको पीडा, लडाकु र युद्धप्रतिको उत्तरदायित्व र जिम्मेवारी, युद्धपश्चात् महिला संगठनहरूको भूमिकाको वर्णन गरिएको छ । साथै बलात्कार, सीमा मुद्दा, यौन हिंसा, यौन दासी, योद्धा, महिला जीवन र भ्रष्ट राजनीतिक प्रतिनिधि बारेमा पनि वर्णन गरिएको छ ।

**नेपालमा मानवीय विकास** पुस्तक (नेपाल दक्षिण एसिया, काठमाडौं, इ. १९९८) मा मानवीय, आर्थिक, राजनीतिक, सांस्कृतिक संरचना र विकास क्रमको परिप्रेक्ष्यमा मानवीय विकासको अवधारणा र नीतिलाई विस्तारित रूपमा हेर्न खोजिएको छ । मानवीय विकासको समष्टिगत स्थिति र प्रवृत्तिको लेखाजोखा अन्तर्राष्ट्रिय ध्यानाकर्षण हेतु अन्तर्राष्ट्रिय सूचकाङ्कका आधारमा विभिन्न पक्ष क्षेत्र, जातजाति, लिङ्ग, शिक्षा, स्वास्थ्य, श्रम, रोजगार, नागरिकको पहुँच, राजनीतिक, सांस्कृतिक संलग्नता अभियान, तुलनात्मक दृष्टिकोणबाट त्याग्नु पर्ने र अवलम्बन गर्नु पर्ने नीतिबारे चर्चा गरिएको छ । शोधकार्यको लागि प्रस्तुत पुस्तक उपयोगी देखिन्छ ।

**शान्तिको खोजी**, साप नेपाल, काठमाडौं (२०५७) साप नेपालद्वारा प्रकाशन पुस्तक शान्तिको खोजीमा २९ जना लेखकहरूले देशमा विद्यमान हिंसा, प्रतिहिंसा, द्वन्द्व, हत्या, अपहरण, व्यक्तिगत, सार्वजनिक सम्पत्तिको लुटपाट, क्षति, सामाजिक, आर्थिक विकासमा

परिरहेका नकारात्मक प्रभावबाट आमनागरिक जुधिरहेकोमा शान्ति स्थापनाका लागि मानव अधिकार, नागरिक समाज, सञ्चार माध्यम, लैङ्गिक, सांस्कृतिक, राजनीतिक र आर्थिक परिप्रेक्ष्यबाट माओवादी समस्या, कारण, समाधानका उपायबारे, विज्ञ, प्राज्ञहरूद्वारा लिखित लेखको सङ्कलन हो । जसबाट विद्यमान समस्याको विश्लेषण गर्न, निराकरणको उपाय खोज गर्न सघाउने खालको छ भने महिलाका सम्बन्धमा कम चर्चा गरिएको छ ।

**शान्ति र सुशासन सरोकार, मुद्दा र कार्यनीति**, साप नेपाल, काठमाडौँ (२०५७) राष्ट्रिय स्तरका गैरसरकारी संस्था साप-नेपालले विभिन्न सङ्घ-संस्था, विज्ञहरूको शान्ति प्रक्रियाको सर्वोच्च मञ्चको रूपमा "शान्ति र सुशासनः शान्तिका लागि जनक्रन्दन" राष्ट्रिय गोष्ठीको आयोजनाबाट सङ्कलन माओवादी गतिविधिबाट उत्पन्न समस्या, कारण, परिणाम र समाधानका उपायहरूको प्रतिवेदनबाट सङ्कलन गरी पुस्तकलाई मूर्त रूप दिएको छ । शान्ति प्रक्रिया अघि बढाउन, कार्य तर्जुमा गर्न सघाउन सक्नेछ । कार्यक्रममा टिप्पणीकर्ताको घुइँचो लागेकोले टिपोट बढी भएको महसुस हुन्छ ।

**दि इम्प्याक्ट अफ कन्फ्लिक्ट अन वुइमिन एन्ड गर्ल्स**, यू.एन.एफ.पी.ए., बाहिसालवा स्लोभाकिया (इ. २००१) मा महिला र बालबालिकामा द्वन्द्वबाट परेको प्रभाव, स्वास्थ्य प्रजनन, लैङ्गिक हिंसा, यौन शोषण, चेलिबेटी, बेचबिखन, शान्ति प्रक्रिया, पुनर्स्थापना, गैरसरकारी संस्थाको भूमिका, घरेलु हिंसा, यौन हिंसा, द्वन्द्वपश्चात् विस्थापनको स्थिति, विभिन्न महिला हिंसाका घटना, बोस्निया, हर्जगोभिना, कोसोभो, शरणार्थी व्यवस्थापनका लागि कार्यक्रम, सङ्कटकाल, सम्बन्धित विषयमा छलफल, प्रतिवेदन, महिला मध्यस्थता महिला स्वास्थ्यकर्मी, गैरसरकारी संस्थाको भूमिकालाई समेटिएको छ । विभिन्न आन्दोलनरत राष्ट्रहरूमा युद्धक्रमपश्चात् देखिएका स्थिति उजागर गर्दै लेखेको पुस्तकबाट, समस्या समाधानको निराकरण र समस्या मनन गर्न महिला पाठकलाई पाठ सिक्न सघाउँछ ।

**भिक्टिम्स, पर्पेट्राटर्स अर एक्टर्स ? जेन्डर, आर्म्ड कन्फ्लिक्ट एन्ड पोलिटिकल भ्वायलेन्स**, जुवेन, जेड वुक्स लन्डन एन्ड न्यूयोर्क (इ. २००१) का अनुवादक कैरोलिन ओ.एन. मोसर, फियानो क्लर्क, उर्वशी बुटालिया, डोमिन मार्टिस, इसावल कोरल कार्डेरा, मर्डिथ दुर्शे, मोरे मूलोलैण्डले द्वन्द्वकालमा विभिन्न अपरेशनका कारण महिला हिंसामा पर्ने राजनीतिक हिंसाको चपेटामा पर्ने, मर्डिथ दुर्शेले पीडितीकरण, यौन हिंसा, राजनीतिक, आर्थिक हिंसा, दुत्कार आदिमाथि प्रकाश पारेका छन् । उर्वशी बुटालियाले सङ्घर्षमा महिला,

नयाँ चुनौती, महिला परिचालन, आतङ्कको भविष्य, विस्थापित, महिला विचलन र स्थितिलाई समेटेका छन् ।

**वुइमिनः वार एन्ड पिस इन साउथ एसिया**, वियोण्ड भिक्टिम हूड टू एजेन्सी, सेज पब्लिकेशन न्यू दिल्ली (इ. २००१) का सम्पादक तथा कार्यक्रम संयोजक रीता मनचन्दाले साउथ एसिया फोरम फर ह्यूमन राइट्सको जेनेरल सेक्रेटरी तपन बोसको सक्रियतामा द्वन्द्व अवस्थामा महिलाहरूको स्थिति, द्वन्द्व मध्यस्थता, शान्ति प्रक्रिया सम्बन्धी धारणाहरू सङ्कलन गरी पुस्तकको स्वरूप दिएको छ । "महिला बुर्का र बन्दुक बीच" शीर्षकको लेख अध्ययन योग्य छ । कृतिमा महिला योगदान प्रशंसनीय छ ।

**वुइमिन साइलेन्ट भिक्टिम्स इन आर्म्ड कन्फ्लिक्ट**, सिरियल्स पब्लिकेशन, न्यू दिल्ली (इ. २००४) मा प्रकाशित पुस्तकका लेखक चारुवाली खन्ना हुन् । लेखकले भारतको जम्मु कश्मीरको सन्दर्भमा कानुनी आधारमा सशस्त्र सङ्घर्षमा सामाजिक हिंसाबाट उत्पीडित महिलाहरूको स्थितिको चित्रण तथा महिला जागरणका प्रयास गरेको छ । प्रस्तुत पुस्तक सहयोगी पुस्तकको रूपमा प्रकाशन गरेकी छिन् ।

**आवधिक जिल्ला विकास योजना (आ.व. २०५८/५९–२०६३/६४)** जिल्ला विकास समिति सूचना तथा अभिलेख केन्द्र बारा, कलैया, असार, २०५९ पुस्तकमा बारा जिल्लाको पूर्ण परिचय, अवस्था आदिको जानकारी लिन सहयोगी पुस्तक हो । साथै बारा जिल्ला पार्श्व चित्र (२०६३) अमलेखगंज (वर्ष उल्लेख नभएको) बाट बारा जिल्लाका विस्तृत जानकारी लिन सकिन्छ ।

**नेपालमा महिला आन्दोलन (२००४–२०४६)** अखिल नेपाल महिला सङ्घ, काठमाडौँ, (२०५९) मा शिवमाया तुम्बाहाम्फे, पुस्तकमा विश्वमा भएका महिला आन्दोलनका महिला सहयोद्धाहरूको नामावली, जीवनी, योगदान, अमेरिका, युरोप एसिया, नेपालमा भएका महिला आन्दोलन र महिला योद्धाका सम्बन्धमा जानकारी गराइएको छ ।

**अन्डरस्टाण्डिङ्ग दि माओइस्ट मुभमेन्ट अफ नेपाल**, मार्टिन चौतारी, काठमाडौँ (इ. २००३) का सम्पादक दिपक थापाले २३ जना लेखकहरूको लेखलाई लेखमालाको स्वरूप प्रदान गरेको छ । पुस्तकमा विदेशी अमेरिकी पत्रकार "लि अनेस्तो" ले द्वन्द्वकालमा माओवादी प्रभावित क्षेत्रमा दुई वर्ष बसी स्थानीय क्षेत्रको वास्तविक दिनचर्या, जीवनको सम्बन्धमा र माओवादी नेता क. पुष्पकमल दाहाल (प्रचण्ड) र बाबुराम भट्टराईसँग लिएको अन्तर्वार्ता समेत समावेश गरी तैयार पारिएको छ ।

**कन्फ्लिक्ट रिजोल्युशन एन्ड गभर्नेन्स इन नेपाल,** नेपाल फाउन्डेशन फर एड्भान्स स्टडिज (नेफास), काठमाडौं (इ. २००३) का सम्पादक आनन्दप्रसाद श्रेष्ठ र हरि उप्रेती, पुस्तक नेफासद्वारा आयोजना गरेको गोष्ठीमा नौ लेखकहरूद्वारा प्रस्तुत कार्यपत्र र पन्ध्रजनाको टिपोटबाट प्राप्त प्रतिवेदनको स्वरूप हो । देवराज दाहालले कन्फ्लिक्ट रिजोल्युशनको सैद्धान्तिक आधार प्रस्तुत गरेका छन् भने मीना आचार्य, कृष्ण भट्टचन, युवराज संग्रौला, चक्रमेर बज्राचार्य, विहारी कृष्ण श्रेष्ठ, हरि उप्रेती र हिरामणि घिमिरेले सरकार माओवादी बीच वार्ताको आधुनिक प्रचलनका साथै द्वन्द्वका कारण, राजनीति संस्कार, संस्थाको सक्रियता, राजतन्त्र, धर्म, जाति, भूराजनीति, वर्ग युद्धपश्चात् वार्ता प्रक्रिया, सामाजिक तथा सांस्कृतिक परिप्रेक्ष्यमा नेपाल शान्ति सुशासन र व्यवस्थापनको लागि परापूर्वकालदेखि निरन्तरता पाइरहेको सामाजिक, सांस्कृतिक विभेद आदिको सवालमा आ-आफ्ना विचार व्यक्त गरेका छन् ।

**द्वन्द्व व्यवस्थापन,** भृकुटी एकेडेमिक पब्लिकेशन्स, काठमाडौं (२०६०) का लेखक द्वन्द्व विश्लेषक विष्णुराज उप्रेतीले द्वन्द्वका सैद्धान्तिक पक्षका साथै नेपालमा द्वन्द्व व्यवस्थापनका लागि व्यक्त विचारले द्वन्द्व व्यवस्थापनमा सघाउ पुग्छ । यसबाट प्रशासनिक निकाय, नीति निर्माता तथा पाठकलाई सहयोग पुऱ्याउँछ ।

**हिमालयन पिपल्स वार, नेपाल माओइस्ट रिवेलिअन**, हर्स्ट एन्ड कम्पनी, लन्डन (इ. २००४) मा प्रकाशित पुस्तक माइकल हाटद्वारा सम्पादन गरेको प्रस्तुत पुस्तक रिसर्च कमिटी अफ दि स्कूल अफ ओरिएन्टेन्ट एन्ड अमेरिकन स्टडिज एन्ड दी सोसाइटी फर साउथ एशियन स्टडिज फर फण्डिङ्गले लन्डनमा आयोजना गरेको कार्यक्रममा प्रस्तुत कार्यपत्रको सँगालो हो । सम्पादकले माइकल हटले पूर्वेली र पश्चिमेली लेखकहरू दीपक थापा, सुधीर शर्मा, सारा स्नेइडर्भन एन्ड इरेन भेरी, मन्दिरा शर्मा र प्रसाई, जोएना फाफ जारने, शौभाग्य शाह, फिलिप रिमायर्ज, जुडिथ पेलिग्रिव, कृष्ण ह्याथेच र हरि रोक्काको कृतिलाई सङ्ग्रह गरी यो पुस्तक प्रकाशित गरिएको छ । हटले नेपालमा राजतन्त्र, प्रजातन्त्र, माओवादी, शाहवंश राजा, हिन्दू राजा, धर्म, भाषा, जात, राजनीति इतिहास, दल, आन्दोलन, दरबार हत्याकाण्ड, तत्पश्चात्को उथलपुथल, सङ्क्रमणकाल, आर्थिक स्थिति, विदेशी सहयोग, द्वैध शासन, शाहीसेना, जनसेना, सेना परिचालन आदि विषय समेटेका छन् । विश्वबाट मृतप्रायः अवस्थामा पुगेको साम्यवाद नेपालको केही दुर्गम क्षेत्रमा भएको उदयको खण्डन समेत गरिएको छ ।

**नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी**, चेतना लोकसम, काठमाडौँ (इ. २००४), चूडा बहादुर श्रेष्ठको पुस्तकमा विश्वका विभिन्न युद्ध, सशस्त्र सङ्घर्ष, माओवादीको जन्म, स्थापनाको कारण, माओवादीबाट परेका प्रभाव, विश्वमा सङ्घर्षको उदय, विश्वमा उग्रवामपन्थी सङ्घ-सङ्गठन, नेपाली परिप्रेक्ष्यमा सङ्घर्षको विविध कारण, सामाजिक संरचना, सुशासन र द्वन्द्व व्यवस्थापनलाई समेटिएको छ । लेखक स्वयम् वरिष्ठ प्रहरी अधिकारी भएकाले प्रहरी प्रशासनिक व्यक्तित्वको हैसियत तथा क्षेत्रगत अनुभूतिबाट प्रेरित भई अनुसन्धान कार्य सम्पन्न भएको देखिन्छ ।

**नेपालमा माओवादी सशस्त्र द्वन्द्व : कारण, असर र समाधानका प्रयासहरू**, भृकुटी एकेडेमिक पब्लिकेशन्स, काठमाडौँ, (२०६१) का लेखक विष्णुराज उप्रेतीबाट सशस्त्र द्वन्द्व सम्बन्धमा विश्वका विभिन्न थुप्रै राष्ट्रमा गरेका अनुभवलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ । साथै विभिन्न वार्ता र बुँदाहरूलाई समेटेर पाठक, कर्मचारी, विद्यार्थी, अनुसन्धानकर्ता, सुरक्षा निकाय र सम्बन्धित निकायलाई उपयुक्त हुने किसिमको पुस्तक तयार गरिएको छ ।

**इम्पैक्ट अफ आर्म्ड कन्फ्लिक्ट अन वुइमिन एन्ड चिल्ड्रेन इन नेपाल एन इन्डिपेडेन्ट रिसर्च** (इ. २००५) अंजना शाक्यद्वारा तैयार पारिएको अनुसन्धानपत्रमा वुइमिन इन सेक्युरिटी, कन्फ्लिक्ट म्यानेजमेन्ट एन्ड पिस, द्वन्द्वको इतिहास, महिला केन्द्रित खोज, द्वन्द्वको स्वरूप, कारण, प्रभावका साथै मुद्दा अध्ययन (Case Study) उल्लेख गरिएको छ ।

**कस्ट अफ आर्म्ड कन्फ्लिक्ट इन नेपाल**, का सम्पादक आनन्द प्रसाद श्रेष्ठ र हरि उप्रेती (इ. २००५) मा नेपाल फाउन्डेशन फर एड्भान्स स्टडिज (नेफास) र फ्रेडरिक एकलवर्ट स्टिफङ्ग फेशद्वारा आयोजना गरेको गोष्ठी कार्यक्रममा द्वन्द्व केन्द्रित विभिन्न पक्षमा विभिन्न लेखकले प्रस्तुत गरेको कार्यपत्रहरूको सङ्कलन हो । स्वयम् गरीब मुलुकबाट विश्व परिचित नेपाल द्वन्द्वको कारण राष्ट्र र जनता दुबैको आर्थिक स्थिति बिग्रँदो छ । यसमा शौभाग्य शाह, केशव आचार्य, गीता पाठक संग्रौला, हेमराज दहाल र खगेन्द्र प्रसाईका अभिव्यक्ति समेटिएको छ ।

**नेपाल : ए जेण्डर भ्यू अफ दि आर्म्ड कन्फ्क्ट एन्ड दि पिस प्रोसेस**, स्कूल फर ए कल्चर अफ पिस (इ. २००५) का लेखक विल्लेलियास आरिनो एम. ले १० वर्षदेखि माओवादी र सरकारबीच चर्किरहेको सशस्त्र द्वन्द्व, शान्ति सम्झौता प्रक्रिया, महिलामा

द्वन्द्वबाट परेका प्रभाव, पितृसत्तात्मक समाज, विस्थापित, अपरहण, महिला घरमूलीको रूपमा थप जिम्मेवारी, सैन्य वा अन्य पक्षबाट हुने हिंसा, बलात्कारजस्तो बढ्दो हिंसाबाट परेका प्रभाव, महिलाप्रति कुनै संवेदनशील हुन नसकेको आदिबारेमा प्रस्ट पारिएको छ ।

**डिस्पेचेज फ्रम दि पिपुल्स वार इन नेपाल**, प्लुटो प्रेस, लन्डन र इनसाइट शिकागो (इ. २००५) का लेखक अमेरिकी क्रान्तिकारी महिला पत्रकार लि अनेस्तोले नेपालमा भइरहेको द्वन्द्व सम्बन्धमा राजनेता, लडाकु, माओवादी नियन्त्रित क्षेत्र, राज्यबाट भएका हत्या हिंसा, सम्बन्धित पीडित परिवार, क्रान्तिकारी नेताका अन्तर्वार्ता, शाहीसेनाको निर्मम क्रूरता, नेपालको ऐतिहासिक गाथा, महिलाको स्थिति, सेनामा महिला, द्वन्द्वका कारण आदिलाई उजागर गरिएको छ । तर लेखक स्वयम् क्रान्तिकारी भएकी हुँदा माओवादीको एकोहोरो समर्थन गरेको देखिन्छ । निष्पक्ष जानकारी नलिएको हो कि भन्ने शङ्का गर्ने प्रशस्त आधार रहेका छन् ।

**एन एसेस्मेन्ट अफ इकोनोमिक कस्ट अफ दि अनगोइङ्ग आर्म्ड कन्फ्लिक्ट इन नेपाल**, डब्ल्यू डब्ल्यू डब्ल्यू. नेपाल न्यूज, कम. एन. पी./कन्टेन्टस/ इङ्गलिश विक्ली/ टेलीग्राफ, (इ. २००५ अक्टुबर २६) मा केशवप्रसाद आचार्यले माओवादी पक्ष र राज्य पक्षबाट भएको सशस्त्र सङ्घर्षमा प्रत्यक्ष एवम् परोक्ष आर्थिक, भौतिक रूपमा भए गरिएका हानि क्षति नोक्सानीबाट सिङ्गो समाज अनि राष्ट्रलाई प्रभावित बनाउँछ भन्ने कुरा दर्शाएको छ । उत्पादन, व्यापार, व्यवसाय, शिक्षा, सामाजिक र आर्थिक क्षेत्रमा पर्ने प्रभाव उल्लेख गरिएको छ ।

**नेपाली क्रान्तिका आधारहरू**, जनध्वनि प्रकाशन काठमाडौँ, (२०६३) सम्पा. आदित्य शर्माले राजनीति विचार दर्शन र बहुदलीय जनवाद, नयाँ कोतपर्व, वर्तमान घटना, दलबीच फुट, गुट समस्या, सेना आदिलाई समावेश गर्दै विद्रोहको आवश्यकता, महिला स्वरूप आदिलाई विश्लेषणात्मक ढङ्गबाट प्रस्तुत गरिएको पुस्तक अध्ययन-मनन गर्न लायक छ ।

**माओवादीको राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम**, निरन्तर प्रकाशन, काठमाडौँ (२०६३) मा अर्जुन ज्ञवालीले विश्वबाट पलायन भइरहँदा नेपालमा माओवादीको जनआन्दोलनले सबैलाई चकित बनाएको र नेपालमा भएको परम्परागत राजनीतिक संस्कारलाई जरैबाट उखेली नयाँ जनगणतन्त्र व्यवस्था कायम गरेको उल्लेख छ । यसमा ने.क.पा. (माओवादी) को इतिहास, पटक-पटकको वार्ता, देशविदेशसँगको सम्बन्ध, सम्झौता, सैन्य अभ्यास, माओवादी दलभित्र खिचातानी आदिबारे चर्चा गरिएको छ । माओवादीमा महिलाको स्थिति, महिला सेना र सशक्तीकरणबारे उल्लेख भने गरिएको छैन ।

**मार्क्सवाद र महिला मुक्ति**, जनध्वनि प्रकाशन, काठमाडौँ, (२०६३) मा प्रकाशित पुस्तकका लेखकद्वय हिसिला यमी र बाबुराम भट्टराई हुन् । २०५० देखि २०६३ सम्म सत्ता नजिक पुग्दासम्मको वर्णन यस पुस्तकमा समेटिएको छ । वर्गीय, जातीय, दलित, लैङ्गिक, उत्पीडनलाई राज्यले महसुस गर्न नसक्नु राज्यको दोष हो । महिलासम्बन्धी समस्या, महिला सहभागिता, उच्च पदमा स्थान पाउनु पर्ने, सामाजिक विकृति उन्मूलन, यौन स्वतन्त्रताको आभास अर्थात् प्राकृतिक अवस्थामा समाजलाई घचेट्ने प्रयास भएको अनुभूति हुन्छ । सौन्दर्य प्रतियोगिताको विरोध गर्दै त्यो पुँजीवादको षड्यन्त्र भएको उल्लेख गरिएको छ । त्यसैगरी गैरसरकारी संस्थाको अस्तित्वमाथि प्रश्न उठाएको छ । अर्का लेखक बाबुराम भट्टराईले विशेष गरी आर्थिक स्थिति र पुँजीवादको अन्त समाजवादको जन्म, विश्व चर्चित सर्वहारा महिलाहरूबारे प्रकाश पारी नेपाली महिलालाई दिशा निर्देशन दिने प्रयास गरेका छन् । जनयुद्धलाई प्रेम गर्ने पाठ, महिला कार्यकर्ता, महिला नेतृत्व सम्बन्धमा आफ्ना विचार व्यक्त गरेका छन् ।

**माओवादी जनयुद्धको आँखो देखी विवरण,** समकालीन तिसरी दुनिया नोएडा, दिल्ली (इ. २००६) पुस्तकमा आनन्द स्वरूप वर्माले अमेरिकी पत्रकार तथा क्रान्तिकारी कार्यकर्ता लि. अनेस्तोले १९९९-२००० मा नेपाल माओवादी प्रभावित क्षेत्रको यात्रा गरी त्यहाँ भए-देखेका वास्तविकता झल्काइएको छ । पुस्तकमा लि. ले तयार पारेको प्रभावित क्षेत्रको चित्रण तथा प्रतिवेदनले विश्वलाई पहिलोपटक माओवादी जनयुद्धबारे जानकारी गराइएको छ ।

**जेन्डर, कन्फ्लिक्ट वार एन्ड माइग्रेशन**, सेज पब्लिकेशन प्रा.लि. न्यू दिल्ली (इ. २००६) का सम्पादक नवनिता चड्ढा वेहेराले आफ्नो पुस्तकमा युद्धकालमा विस्थापित खास गरी महिलाले भोग्नु परेको पीडा र युद्धपश्चात पुनर्व्यस्थापन, पुनर्निर्माणको क्रममा भोगेका पीडा, "युद्ध पनि छैन शान्ति पनि छैन" जस्ता मार्मिक शब्द प्रयोग गरिएको छ । महिलावादी एकोहोरोपना अलि देखिन्छ ।

**सिचुएशन अफ चिल्ड्रेन एन्ड वुइमिन इन नेपाल**, युनिसेफ, नेपाल, काठमाडौँ, (इ. २००६) मा महिला तथा बालबालिका सम्बन्धमा विभिन्न तथ्याङ्कहरू पुस्तकमा समेटिएको छ । शोधकार्यका लागि उचित ठहरिने प्रतिवेदन हो । समग्र जानकारी लिन सकिन्छ ।

**आर्म्ड कन्फ्लिक्ट एन्ड पिस प्रोसेस इन नेपाल**, एड्रोईट पब्लिशर्स, न्यू दिल्ली (इ. २००६) लेखक विष्णुराज उप्रेतीले, माओवादी सशस्त्र सङ्घर्षको झलक, कारण, सरकार, विकास, शाही दरबारको विरोध, सैद्धान्तिक दृष्टिकोण, व्यवस्थापन, प्रभाव, वार्ता प्रक्रिया विभिन्न बुँदे माग, मानवअधिकार संरक्षण आदिलाई उजागर गरेका छन् ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक इ. २००७**, नयाँ मार्गचित्र र चुनौतीपूर्ण सङ्क्रमणकाल, इनसेक, काठमाडौँ (इ. २००७) पुस्तकमा इ. २००६ मानव अधिकारस्थिति मूल्याङ्कन सरकारका अंग मानव अधिकारमा आधारित प्रत्येक वर्ष विशेषाङ्कलाई समेट्दै इन्सेकबाट प्रकाशित गरिने वर्ष पुस्तक २००७ को अङ्कमा “नयाँ मार्गचित्र र चुनौतीपूर्ण सङ्क्रमणकाल” लाई पुस्तकको केन्द्रबिन्दु बनाई वर्ष पुस्तक प्रकाशित गरिएको छ । यद्यपि इन्सेकको वर्ष पुस्तक (१९९६-२००६) हरूलाई अनुसन्धान क्रममा उपलब्धिमूलकको सम्भावना बढी भए तापनि पूर्ण कृति समीक्षाको लागि २००७ को अङ्क अझ बढी उपयुक्त हुन सक्ने सम्भावनाका कारण यस पुस्तकको समीक्षा गरिएको हो । कतै-कतै अलि बढी एकपक्षीय अर्थात् राज्यलाई बढी दोष दिएजस्तो आभास मिल्छ तर समग्रमा पुस्तक जानकारीमूलक र उपलब्धिमूलक छ ।

**पिपुल्स वार एन्ड वुइमिन्स लिब्रेशन इन नेपाल**, जनध्वनिबाट पब्लिकेशन, काठमाडौँ ( इ. २००७) मा हिसिला यमीका विभिन्न १३ शीर्षकमा लेखिएका लेखलाई एक सूत्रमा बाँधेर पुस्तकको स्वरूप प्रदान गरिएको छ । यसमा जीवनको आरोहअवरोह, समस्या, सफलता र अनुभवलाई समावेश गरिएको छ । २१ औं शताब्दीमा महिला स्थिति, नेपाली समाजमा विद्यमान रूढिवादी बन्धन हटाउने प्रयास गरिएको छ । यो पुस्तक दलहरूको विचार, राजतन्त्रको समाप्ति, महिलाप्रति दलको अवधारणा, जनआन्दोलनमा महिला नेतृत्व, जनसेनामा महिला सहभागिता, राजनीतिक दल, जनसेना, नयाँ स्थापना हुने राज्यमा महिला स्थिति, दर्शन, वैचारिक सिद्धान्तमा महिला मुक्ति, युद्ध अस्त्रको रूपमा बलात्कार, जनजाति, दलित, राष्ट्रियता आदि प्रत्येक क्षेत्रमा महिला मुक्तिको सवाल लक्ष्यमा राखेर आफ्ना विचार प्रस्तुत गरेकी छन् । बन्दुकको नालबाट राज्य जन्म हुने सिद्धान्तमा आधारित भई क्रमबद्धताको बदला छलाङ्ग, क्रमभङ्गताबाट महिला अघि बढ्नु पर्ने कुरा स्वीकार गर्दै महिलालाई उत्प्रेरणा दिन सफल भएको छ । समाजमा शिक्षाविस्तार, क्रान्तिकारी परिवर्तनको वकालत गरेको छ । यद्यपि क्रान्तिकारी यमीले महिला नेतृत्व पितृसत्तात्मक समाजले पचाउन नसक्ने, युद्धबाट महिला स्थिति सुदृढ हुन नसक्ने विचार व्यक्त गरेकी छन् ।

**वुइमिन एज विपन्स अफ वार : इराक, सेक्स एन्ड दि मिडिया**, कोलम्बिया युनिभर्सिटी प्रेस, न्यूयोर्क (इ. २००७) का लेखक केली ओलिभरले "Are we winner or looser" बाट पुस्तक लेखन प्रारम्भ गर्दै लेखकले इराक युद्धको चित्रण गर्दै महिलालाई हतियारको रूपमा कसरी युद्धमा प्रयोग गरिन्छ भन्नेबारे चित्रण गरेकी छन् । महिला

हतियारको रूपमा प्रयोग गरिने परम्परा आधुनिक व्यवहार होइन । यो आदिम कालमा आदम इभको दन्त्यकथामा इभलाई प्रयोग गरेको उदाहरण प्रस्तुत गरिएको छ ।

ओलिभरले हामी "विजेता हौं वा पराजिता" बाट लेख-रचनाको प्रारम्भ गर्दै अबुधाबी केटीहरू आफ्ना स-साना सपना साकार गर्न आफूलाई एक किसिमको देहव्यापारमा संलग्न गराएका छन् । इराकी कैदीहरूलाई शारीरिक र मानसिक रूपमा हतोत्साहित बनाउन र मनोबल टुटाउन महिलालाई प्रयोग गरिएको छ । बलात्कार गर्ने, पुरुषलाई नग्न अवस्थामा राख्ने, उनीहरूको शारीरिक यौन पिपासा मेटाउन कुकुरको प्रयोग, अश्लील शब्द प्रयोग गरेकोजस्ता मानव अधिकारविरोधी व्यवहार भएको कुरा प्रस्तुत गरिएको छ । मानव अधिकारको संरक्षक ठान्ने अमेरिकाको सेनाले यस्ता परिस्थितिका गोप्य रूपमा तस्बिर लिएर विश्वमा देखाउने र प्रचारप्रसार गरेको छ । आतङ्ककारी नियन्त्रणमा लिन वा आफ्नो वर्चस्व प्रदर्शन गर्न यस्ता घृणित कार्य गरेको पाइन्छ ।

**कन्फ्लिक्ट : फर्म्स, कजेज एन्ड मेथड्स अफ रिजोल्यूसन**, दीप दण्ड दीप पब्लिकेशन प्रा.लि., न्यू दिल्ली (इ. २००७) पुजा कटरियाद्वारा लेखेको पुस्तकमा सङ्घर्षको परिचय, अर्थ, परिभाषा, किसिम, कारण र विधिलाई समेटेर तैयार पारिएको छ । यसमा द्वन्द्वको समाधान, जन ग्याल्टुङ्गद्वारा प्रतिपादित त्रिकोणात्मक सिद्धान्तको विश्लेषण, कार्लमार्क्सको वर्ग विहीन समाजको परिकल्पना, द्वन्द्व समस्याका विधिहरू, दलको विशेषता, वर्गीकरण, व्यवस्थापन, समाधान, शान्ति सेना, मध्यस्थकर्ता, सशक्तीकरण, मूल्य आदिलाई सँगालिएको छ । विभिन्न क्षेत्रमा क्षेत्रीय, जातीय दङ्गाफसाद आदि अन्तर्राष्ट्रिय द्वन्द्व, विभेदीकरण, गान्धीवादी सत्य, ईश्वर र जीवन, साम्यवादी पूर्वेली-पश्चिमेली विज्ञहरूको विचार सैद्धान्तिक आधारमा आधारित छ । पुस्तकमा खट्केका कुरा युद्धमा बढी पीडित हुने समूह महिला तथा बालबालिका हुन् तर यस सम्बन्धमा लेखकले कुनै घटना तथा प्रसङ्गमा महिलालाई स्थान दिएको पाइँदैन । पूर्व-पश्चिमका थुप्रै राष्ट्रका मुद्दालाई समेटेको छ तर राष्ट्र नेपाललाई चटक्कै बिर्सिएको पाइन्छ । कृति सैद्धान्तिक जानकारीका लागि उपयुक्त छ ।

**नेपाली क्रान्ति,** डी.पी. ढकाल 'सङ्कल्प' द्वारा लेखिएको सौगात पुस्तक प्रकाशन, काठमाडौँ (२०६४) प्रकाशन पुस्तकमा नेपालमा युद्धको उदयकाल ऐतिहासिक परिप्रेक्ष्यमा लेख्छ । वर्तमान माओवादी आन्दोलनसम्मको सीमामा कलम चलाएको छ ।

**माओवादी विद्रोह र सशस्त्र सङ्घर्षको अवधि**, मार्टिन चौतारी, काठमाडौँ (२०६४) का सम्पादक भाष्कर गौतम, चिरन मानन्धर र पूर्ण बस्नेतले प्रस्तुत पुस्तकमा विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख-रचनाहरू सङ्कलन गरी एक सूत्रमा गुँथ्ने प्रयास गरिएको छ । यसअन्तर्गत सङ्घर्षको विश्लेषण, आर्थिक सामाजिक, न्याय, वैचारिक साङ्गठनिक रणनीति, फौजी सङ्घर्ष र सुरक्षा क्षेत्र, नागरिक अधिकार र बदलिँदो राजनीतिक समीकरण शीर्षकमा सान्दर्भिक विषयवस्तुमा आधारित लेखहरू सङ्कलन गरेका छन् ।

**माओवादी सङ्घर्ष शान्तिपूर्ण रूपान्तरण**, मार्टिन चौतारी, काठमाडौँ (२०६५) का सम्पादक भाष्कर गौतम, चिरन मानन्धर र पूर्ण बस्नेतले प्रस्तुत पुस्तकमा माओवादी सङ्घर्षको शान्तिपूर्ण रूपान्तरण, जनयुद्धको अन्त्य, वैचारिक रणनीति, वार्ता प्रक्रिया सङ्क्रमणकालीन यात्रा, राज्यमा विद्रोही शीर्षकअन्तर्गत विभिन्न विद्वान्हरूका विचार पस्कन सफल भएका छन् ।

**दि इम्पेक्ट अफ आर्म्ड कन्फ्लिक्ट अन वुइमिन इन साउथ एसिया,** मनोहर पब्लिशर एन्ड डिष्ट्रीव्यूटर्स, इ. २००७, का सम्पादक अवदर्शन श्रेष्ठ र रीता थापा र सम्पादकद्वयबाट विभिन्न विद्वानद्वारा प्रस्तुत लेखहरूलाई एकसूत्रमा गाँसेर पुस्तकको रूपमा प्रस्तुत गरिएको छ । साउथ एसियाकै भारत, पाकिस्तान, बङ्गलादेश, नेपाल, श्रीलङ्काका सशस्त्र सङ्घर्षबाट महिलामाथि परेका असरहरू उजागर गरिएको छ ।

**यातना विरुद्धको महासन्धि कार्यान्वयन एक अध्ययन,** मानव अधिकार सन्धि अनुगमन समन्वय समिति, काठमाडौँ (२०६५) पुस्तकमा नेपाली इतिहासको सुरुआतदेखि माओवादीको उदयमा अझ विस्तृत रूप लिएको यातना विरुद्धको महासन्धि, यातना विरुद्धको समितिको सुझाव, सल्लाह, २०४६ सालपछि राजनीति परिवर्तनपछि कानुनको रूपमा रहेको सन्धि महासन्धि तथा सम्झौता, नेपालको आन्तरिक संविधानमा यातना विरुद्धको अधिकार, मौलिक हकअन्तर्गत राखेको क्षतिपूर्ति, मानव अधिकार ऐन २०५३, मुलुकी ऐन २०२०, सार्वजनिक सुरक्षा ऐन २०४६, ऐन कानुनमा खारेज गर्नु पर्ने व्यवस्थाहरू, नयाँ कानुनको आवश्यकता, आरक्षण, यातना विरुद्ध महासन्धि र नेपाली कानुनबीच असङ्गतिलाई समावेश गरी तैयार पारेको छ ।

**बेपत्ता नागरिकको अधिकार संरक्षण सम्बन्धित आधारभूत जानकारी**, मानव अधिकार सन्धि अनुगमन समन्वय समिति, काठमाडौँ (२०६५) पुस्तकमा नागरिक संरक्षणको अधिकारको सुरक्षार्थ जबरजस्ती बेपत्ता पारिएका व्यक्तिको जानकारी, अवस्था बुझ्ने, न्याय

खोज्ने, सत्य जान्ने परिवारको हकलाई संरक्षण प्रदान गर्ने हेतुले सर्वसाधारणलाई कानुन उपचारार्थ सहजता प्रदान गर्ने उद्देश्य राखिएको छ ।

**विश्व हल्लाउने क्रान्तिहरू,** ओमप्रकाश खरेल, डीकुरा प्रकाशन, काठमाडौं, (२०६५) पुस्तकमा विभेदपूर्ण शासन व्यवस्थाका कारण शोषणमा परेका जनताहरू शासक विरुद्ध विद्रोही बन्छन् र युगान्तकारी क्रान्ति हुन्छ भन्ने कुरा प्रस्ट पारिएको छ । क्रान्तिलाई दबाउने प्रयास गरिन्छ तर त्यो समाधान होइन । समाधानका लागि आपसी समझदारी अपरिहार्य हुन्छ । यस्ता क्रान्तिले कुनै एक क्षेत्र मात्र प्रभावित नभई विश्वमा नै असर पर्छ भन्ने विचार व्यक्त गरिएको छ ।

**उथलपुथलका दश वर्ष**, क्रान्तिकारी पत्रकार सङ्घ केन्द्रीय समिति, काठमाडौं (२०६६) मा दीपक सापकोटाले २०५२-२०६२ जम्मा दश वर्षे माओवादी आन्दोलनका समयमा देशमा भएका मानवीय, भौतिक क्षति, विकास, तराईदेखि पहाडसम्मको स्थिति, माओवादी संगठन, सेनामा महिला सहभागिता, माओवादी प्रचार-प्रसार, क्रान्तिकारी पत्रकार लि अनेस्तोको प्रचारबाजी, सशस्त्र युद्धविधि, सैन्य संगठन, महिलाको स्थिति, रूढिग्रस्त सामाजिक संरचना, जनसरकार स्थापना, राज्यको दमनचक्र, विभिन्न अपरेशनहरू परिचालन, रोमाञ्चित नारा घन्काएको, यातना, मृत्युपछि अभियान केही हदसम्म सफल भएको र वर्तमानमा जंगल छोडी २०६३ मंसिर ५ गते सरकार र माओवादीबीच भएको शान्तिवार्तामा हस्ताक्षर भएकोसम्मलाई समेटेको छ । पुस्तकको अन्तमा माओवादीमा भएका कमी कमजोरीलाई पनि औँल्याइएको छ । पुस्तकले १० वर्षे द्वन्द्वकालको जानकारी गराउन सफल भएको छ ।

**महिला, शान्ति र संरचना**, अस्मिता महिला प्रकाशन गृह सञ्चार तथा स्रोत संस्था, काठमाडौं (२०६६) नेपालमा सार्वजनिक कार्यसूचीको निर्धारण तथा शान्ति र पुनर्संरचना घटकहरूको सबलीकरण शीर्षकमा सञ्चालन गरेको परियोजनाको प्रतिवेदनका साथै शान्ति स्थापना तथा सामाजिक पुनर्संरचनामा महिलालाई सम्बोधन गर्न, कार्य सूचीहरूमा सञ्चार माध्यमबाट छलफलमा ल्याउन, पैरवी गर्न, आमजनतालाई जागरुक बनाउन, निर्णायक तहमा बसेकालाई महिला पक्षमा नीति निर्माण गर्न दबाब दिनेजस्ता उद्देश्यले पुस्तक प्रकाशन गरेको हो ।

**लोकतन्त्र र समाजवाद**, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, (२०६६) पुस्तकमा लेखक शोभाकर पराजुलीले साम्यवादको विचलन, विसङ्गति र विडम्बनाको उत्खननसहित

समाज, विकास र समानतासम्बन्धी सैद्धान्तिक विचार, विभिन्न प्रणाली, सन्दर्भ, लोकतन्त्रका बारेमा विशेष जानकारी, नेपाली कांग्रेसको इतिहास समेत समेटिएको छ ।

**संसार हल्लाउने महिलाहरू**, ऐरावती प्रकाशन प्रा.लि., काठमाडौँ, (२०६६) लेखक यशोदा अधिकारीले विभिन्न क्षेत्रमा योगदान दिने र संसार हल्लाउने विभिन्न पक्षका महिलाहरूको जीवनगाथा पाठकसमक्ष पस्केकी छन् ।

**दी पिपुल्स वार इन नेपाल लेफ्ट पर्सपेक्टिभ्स**, अद्रोईत पब्लिर्सर, दिल्ली (इ. २००९) मा प्रकाशित कृतिमा अर्जुन कार्की र सेडनका रचनाहरू, क. प्रचण्डको क्रान्ति सन्दर्भ, बाबुराम भट्टराईको युद्ध र शान्तिमा राजनीतिक अर्थव्यवस्था र क. पार्वतीको जनयुद्धमा महिला सहभागिता लेखहरू, १४ बुँदे माग, गोविन्द न्यौपानेले माओवादी आन्दोलनको विस्तृतीकरण, मोहनविक्रम सिंहले शाही दरबार हत्याकाण्ड र माओवादीको राजावादी राजनीति (Pro-king political) सम्बन्ध र प्रदीप नेपालबाट माओवादी आन्दोलन र यसका प्रभावको सम्बन्धमा, सुजाता कोइरालाले महिला दृष्टिकोणबाट नेपालमा भइरहेको माओवादी आन्दोलनको विश्लेषण र अर्जुन कार्कीले युद्ध कार्यमा तात्त्विक सुधारको चर्चा गरेका छन् ।

**पोलिटिकल सोसिएलाइजेसन अफ वुइमिन इन नेपाल**, अद्रोईत पब्लिशर्स, न्यू दिल्ली ई. २०११ पुस्तकमा मीना वैद्य मल्लको नेपालमा महिलाको स्थिति, पहिचान, भूमिका, राजनीतिक तथा अन्य क्षेत्रमा महिला सहभागिता लैङ्गिक विभेद आदि माथि प्रकाश पारेको छ । अनुसन्धान आधारमा लेखिएको पुस्तक हो । पाठक वर्ग, नीति निर्माता र अनुसन्धान कार्यका लागि पुस्तक सहयोगी भएको देखिन्छ । विभिन्न क्षेत्रमा सूक्ष्म र स्थूल (Micro र Macro) महिलाको राजनीतिक सामाजिकीकरण के कसरी हुँदै आएको छ भन्ने तथ्य पुस्तकले पुष्टि गरेको छ । जनयुद्धमा महिला सामाजिकीकरण, परिचालन, महिलाको पीडा र भोगाइमाथि पनि अनुसन्धानको आधारमा राम्रो सन्देश दिएको पाइन्छ ।

**इम्पैक्ट अफ आर्म कन्फ्लिक्ट अन वुइमिन इन नेपाल एन्ड फाइन्डिङ्ग दि सोलुसन्स**, वेभ साईट डब्ल्यू डब्ल्यू डब्ल्यू. नेपाल, आई.सी.वी.एल. ओआरजी/आर्टिकल्स/भिजिट-टू-कन्फ्लिक्ट-एरियाज हटमेलबाट लिएको सामग्रीमा पूर्णशोभा चित्रकारले युद्ध विरामको घोषणापश्चात् मध्य र सुदूरपश्चिममा अवलोकन गरेको जिल्लाहरूमा द्वन्द्वबाट प्रभावित महिलाहरूको पीडा, महिला समाजको सदस्यका साथै एक महिलाको रूपमा भोग्नु परेको पीडाहरू दर्शाउने प्रयास गरेको छ । द्वन्द्व विरामपश्चात् समाजमा महिलाहरूमा आतङ्कको

बादल मडारिरहेको भयभीत र आतङ्कित देखिन्थ्ये । महिलाहरूमा आतङ्कको बिल्ला लागेकोमा शारीरिक-मानसिक पीडा भोग्नु परेको चित्रण गरिएको छ । द्वन्द्वको स्थिति अन्त्य गर्न स्वयम् महिला सक्रिय हुनुपर्ने यसको लागि महिलालाई विभिन्न कार्यक्रम दिई सचेत बनाउनु पर्ने भन्ने सुझाव दिइएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

स्वदेशी तथा विदेशी विद्वानहरूले सङ्घर्षको उत्पत्ति, कारण, प्रभाव समाधान, निवारण, शान्ति प्रक्रिया, शान्तिका उपाय आदि उपर थुप्रै पुस्तकहरू प्रकाशित गरिसकेका भए पनि द्वन्द्वकालमा महिलाको अवस्थालाई केन्द्रविन्दु बनाई खोज, अध्ययन-अनुसन्धान गरी पुस्तक प्रकाशन गरेको कमै छ । विशेषगरी नेपाली प्रकाशनमा त्यसको अभावलाई पूर्ति गर्ने कार्य यस अध्ययनले अवश्य गर्छ । त्यसैगरी सरकारी, गैरसरकारी सङ्घ-संस्थाले सानातिना लेख, कार्यपत्रसम्म प्रस्तुत गरेको भए तापनि व्यापक, सूक्ष्म र गहन अध्ययनको अभाव खट्केकोले नै यस अध्ययनलाई प्राथमिकता दिइएको हो । बुँदागत रूपमा शोधकार्यको औचित्य यसरी प्रस्ट गरिएको छ :

मध्यमाञ्चल क्षेत्र नारायणी अञ्चल, बारा जिल्लाको सदरमुकाम कलैया नगरपालिका मधेसीमूलको बसोबास बढी छ र अर्कोतर्फ अमलेखगंज गा.वि.स. जहाँ पहाडी क्षेत्र र पहाडी मूलको बसोबास बढी छ, त्यहाँको तुलनात्मक अध्ययन गर्नको लागि यो अध्ययन महत्त्वपूर्ण छ । बारा जिल्लाको अध्ययन अन्य पक्षका भए तापनि माओवादी द्वन्द्वको १० वर्षे अध्ययन हालसम्म कसैले नगरेकोले सो पूर्तिका लागि अध्ययन गरिएको हो ।

मध्यमाञ्चलको तराई क्षेत्रमा बढी द्वन्द्व प्रभावित क्षेत्र भएकोले यो अध्ययनको औचित्य रहेको छ । यस अध्ययनबाट विशेषगरी बारा जिल्लामा द्वन्द्वकालमा महिलाहरूको स्थितिबारे जानकारी गर्न सकिन्छ । माओवादी द्वन्द्वबाट महिलामा परेका असरहरूबारे खासै अध्ययन नभएको अझ बारा जिल्लाका महिलामा केन्द्रित भई अध्ययन हुँदै नभएकोले यस अध्ययनको औचित्य रहेको छ ।

यस शोधकार्यमा “माओवादी सशस्त्र द्वन्द्वबाट कलैया र अमलेखगंजका महिलामा परेको प्रभाव (वि.सं. २०५२-२०६२)” शीर्षकमा वस्तुगत ढङ्गमा व्यापक र सूक्ष्म अध्ययन गरिएको छ । यस अध्ययनमा जानकारी लिन चाहने शोधार्थी, शिक्षक, विद्यार्थी र सर्वसाधारणका लागि पनि यो उपयोगी हुनेछ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत अध्ययनमा सशस्त्र माओवादी द्वन्द्व मिति २०५२ फागुन १ गतेदेखि २०६२ मंसिर ७ गतेसम्मको दश वर्षे द्वन्द्वकालका घटनाबाहेक अन्य द्वन्द्वकालका घटनालाई समेटिएको छैन । यस अध्ययनमा नेपालको तराई क्षेत्रमा अवस्थित बारा जिल्लाको मधेसी क्षेत्र कलैया र पहाडी क्षेत्र अमलेखगंजमा अवस्थित महिलाहरूमा माओवादी द्वन्द्वले परेको प्रभाव र यी दुवै क्षेत्रको तुलनात्मक अध्ययन गरिएकाले अन्य क्षेत्रको अध्ययन गरिएको छैन ।

प्रस्तुत अध्ययनले बारा जिल्लाअन्तर्गत निर्वाचन क्षेत्र नं. ३ को कलैया नगरपालिका (वडा नं. १ देखि १४) सम्म र निर्वाचन क्षेत्र नं. ६ को अमलेखगंज गा.वि.स. (वडा नं. १ देखि ९) सम्ममात्र समेटेको हुँदा अन्य क्षेत्र अध्ययन क्षेत्रबाट बाहिर रहेका छन् । अध्ययनमा कलैया र अमलेखगंज क्षेत्रमा रहेका महिलाहरू द्वन्द्वमा सहभागी हुनुका कारण र असरहरूबाहेक अन्य क्षेत्र र अन्य पक्ष समेटिएका छैनन् । प्रस्तुत अध्ययनमा द्वन्द्व व्यवस्थापनको समग्र पक्षभन्दा पनि यससँग सम्बन्धित केही मात्र प्रमुख सन्धि-सम्झौताहरूबाहेक अन्य पक्षहरू समेटिएको छैन ।

## १.७ अनुसन्धान विधि

प्रस्तुत अध्ययन पूरा गर्न निम्नलिखित पद्धति अपनाइएको छ :

### १.७.१ अध्ययनको प्रकृति


प्रस्तुत अध्ययनको विषयवस्तु गुणात्मक र परिमाणात्मक अध्ययनमा आधारित छ । यो अध्ययन प्राथमिक र द्वितीयक दुवै प्रकारको तथ्याङ्कमा आधारित छ । यो अध्ययन विश्लेषणात्मक (Analytical), वर्णनात्मक (Descriptive) र अनुभवजन्य (Empirical) छ ।

### १.७.२ अध्ययनका सूचकहरू

यो अध्ययनले थुप्रै विषयवस्तुहरू समेटेको छ । यस अध्ययनले सम्बन्धित अध्ययन क्षेत्रको व्यक्तिहरूको आर्थिक, सामाजिक, घरपरिवार, द्वन्द्व पीडित र समावेशी अवस्था दर्शाउने विभिन्न सूचकहरू प्रयोग गरिएको छ । यसलाई तलको चित्रमा देखाइएको छ ।

**चित्र नं. १.१**

**अध्ययनका सूचकहरू**





### १.७.३ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै प्रकारको तथ्याङ्क प्रयोग गरिएको छ । अध्ययनको उद्देश्यअनुसार अनुसन्धान क्षेत्रमा आफै वा सहयोगीमार्फत विभिन्न स्रोतहरूबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनको सिलसिलामा विभिन्न स्रोतहरूबाट द्वितीयक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । तलको चित्रअनुसार तथ्याङ्क सङ्कलन गरिएको छ :


**चित्र नं. १.२**

**प्राथमिक तथ्याङ्कका स्रोतहरू**




**चित्र नं. १.३**

**द्वितीयक तथ्याङ्कका स्रोतहरू**



प्राथमिक वा द्वितीयक तथ्याङ्क सङ्कलन गर्दा उपर्युक्त विधि अपनाइएको छ । तथ्याङ्क सङ्कलनको क्रममा विभिन्न विशिष्ट व्यक्तिहरूसँग सम्पर्क गरी अन्तर्वार्ता र छलफल गरिएको छ (परिशिष्ट १६) ।

### १.७.४ तथ्याङ्क सङ्कलन गर्ने विधिहरू

अनुसन्धानको सिलसिलामा सम्बन्धित अध्ययन क्षेत्रबाट आवश्यकताअनुसार प्रत्यक्ष अवलोकन, व्यक्तिगत अन्तर्वार्ता वा अप्रत्यक्ष मौखिक अन्तर्वार्ता, टेलिफोन अन्तर्वार्ता र प्रश्नावलीको मद्दतबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने क्रममा तथ्याङ्कका विभिन्न स्रोतहरू उपयोग गरिएको छ । त्यसैगरी द्वितीयक तथ्याङ्क सङ्कलन गर्ने क्रममा अध्ययनको उद्देश्यअनुसार द्वितीयक तथ्याङ्कका विभिन्न स्रोतहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### १.७.५ नमुनाको ढाँचा

भौगोलिक र जनसङ्ख्याको दृष्टिकोणले प्रस्तुत अध्ययन क्षेत्र कलैया न.पा. र अमलेखगंज गा.वि.स. विस्तृत भएको हुँदा नमुना पद्धतिद्वारा नमुना छनौट गरिएको छ । यस क्रममा परिमार्जित बहुसूचक क्लस्टर सर्वेक्षण (Amended/modified multiple indicator cluster survey) प्रयोग गरिएको छ, जुन दुई चरणमा सम्पन्न गरिएको छ । यस पद्धतिको प्रयोगबाट कम खर्च र कम समयमा वस्तुनिष्ठ, प्रामाणिक र उपयोगी तथ्याङ्क/सूचना सङ्कलन गर्नमा मद्दत पुगेको छ । यस पद्धतिअनुसार पहिलो चरणमा सम्बन्धित अध्ययन क्षेत्र (अमलेखगंज गा.वि.स. र कलैया न.पा.) बाट राष्ट्रिय जनगणना २०५८ र निर्वाचन आयोग २०६३ द्वारा प्राप्त तथ्याङ्कको आधारमा प्रत्येक वडाबाट घरपरिवारको छनौट गरिएको छ । [२२] दोस्रो चरणमा अध्ययनको उद्देश्य र विषयवस्तुको आधारमा उत्तरदाताहरूको छनौट गरी तिनीहरूको सङ्ख्या किटान गरिएको छ । घरपरिवार र उत्तरदाताको छनोट र सङ्ख्या किटान गर्दा समावेशी पद्धति अपनाइएको छ । उत्तरदातालाई सर्वसाधारण उत्तरदाता र विशिष्ट उत्तरदाता गरी दुई समूहमा विभाजन गरिएको छ । निरक्षर र सामान्य लेखपढ गरेका व्यक्तिहरूलाई सर्वसाधारण उत्तरदाताको श्रेणीमा राखिएको छ भने प्राध्यापक, शिक्षक, राजनीतिज्ञ, पेशाकर्मी, नागरिक समाजका अगुवा र द्वन्द्व पीडितलाई विशिष्ट उत्तरदाताको श्रेणीमा राखिएको छ । यसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

---

[२२] **बारा जिल्लाको पार्श्वचित्र, पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १३, पृ. १०१-११६ ।

**तालिका नं. १.१**

**कलैया नगरपालिकाबाट छनौट गरिएका घरपरिवार र उत्तरदाताको सङ्ख्या**

| वडा नं. | घरपरिवार सङ्ख्या | उत्तरदाता | | जम्मा उत्तरदाता |
|---|---|---|---|---|
| | | सर्वसाधारण | विशिष्ट | |
| १ | ५ | १३ | ७ | २० |
| २ | ५ | १३ | ७ | २० |
| ३ | ३ | ९ | ४ | १३ |
| ४ | ५ | १३ | ७ | २० |
| ५ | ८ | २१ | १० | ३१ |
| ६ | ५ | १३ | ६ | १९ |
| ७ | ८ | २१ | १० | ३१ |
| ८ | ८ | २१ | १० | ३१ |
| ९ | ३ | ८ | ५ | १३ |
| १० | ४ | ११ | ५ | १६ |
| ११ | ४ | ११ | ५ | १६ |
| १२ | ६ | १६ | ८ | २४ |
| १३ | ३ | ८ | ५ | १३ |
| १४ | ३ | ८ | ५ | १३ |
| **जम्माः** | **७०** | **१८६** | **९४** | **२८०** |

**तालिका नं. १.२**

**अमलेखगंजबाट घरपरिवार र उत्तरदाताको सङ्ख्या किटान र वर्गीकरण**

| वडा नं. | घरपरिवार सङ्ख्या | सर्वसाधारण उत्तरदाता | विशिष्ट उत्तरदाता | जम्मा उत्तरदाता |
|---|---|---|---|---|
| १ | ३ | ७ | ५ | १२ |
| २ | २ | ६ | ३ | ९ |
| ३ | ४ | १० | ५ | १५ |
| ४ | ५ | १५ | ७ | २२ |
| ५ | ३ | ७ | ५ | १२ |
| ६ | २ | ६ | ३ | ९ |
| ७ | ३ | ७ | ५ | १२ |
| ८ | ३ | ७ | ५ | १२ |
| ९ | ५ | १५ | ७ | २२ |
| **जम्मा :** | **३०** | **८०** | **४०** | **१२०** |

### १.७.६ नमुना आकारको सङ्ख्या निर्धारण

प्रस्तुत अध्ययनको प्रकृति र विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कको आधारमा कलैया न.पा. को १४ वटा वडाहरूबाट कुल ७० वटा घरपरिवार छनौट गरी २८० व्यक्तिलाई उत्तरदाता किटान गरिएको छ भने अमलेखगंजको ९ वटा वडाबाट कुल ३० वटा घरपरिवार छनौट गरी १२० व्यक्ति अर्थात् जम्मा ४०० व्यक्तिलाई उत्तरदातामा छनौट गरिएको छ ।

### १.७.७ तथ्याङ्क सङ्कलन गर्ने उपकरण

प्राथमिक तथ्याङ्क सङ्कलन गर्नको लागि दुई प्रकारको प्रश्नावली निर्माण गरिएको छ (परिशिष्ट १ र २) । पहिलो प्रकारको प्रश्नावली सर्वसाधारण व्यक्तिहरूका लागि प्रयोग गरिएको छ । जसको उद्देश्य सम्बन्धित विषयमा समान्य तथ्याङ्क प्राप्त गर्नु हो । दोस्रो प्रकारको प्रश्नावली विशिष्ट व्यक्तिहरूको अन्तर्वार्ताको लागि प्रयोग गरिएको छ, जसको प्रमुख उद्देश्य सम्बन्धित विषयमा जानकारी प्राप्त गर्ने रहेको छ ।

### १.७.८ तथ्याङ्क विश्लेषण

सङ्कलित तथ्याङ्कहरूलाई सैद्धान्तिक अवधारणाको आधारमा विश्लेषणात्मक एवं व्याख्यात्मक पद्धतिको प्रयोग गरी उपयुक्त तथ्याङ्कीय विधि प्रयोग गरी अर्थपूर्ण निष्कर्ष प्राप्त गरिएको छ ।

## १.८ अध्ययन क्षेत्रको संक्षिप्त परिचय

नेपालको मध्य तराई क्षेत्रमा बुद्धकालभन्दा पहिलेदेखि नै नारायणी पूर्व टिष्टा पारिसम्म र चुरेदेखि हालको मध्यविहारसम्म मिथिला गणराज्य रहेको थियो । नारायणीको पश्चिमतिर कोलीय र शाक्य गणराज्यहरूको एउटा शृङ्खला नै सुदूरपश्चिसम्म अवस्थित थियो । मिथिलाको गणराज्यको उत्कर्षदेखि अवसानसम्म त्यसको पश्चिमी सीमा क्षेत्रको सुरक्षा प्रशासनको सञ्चालन बाराहगढी-वनदुर्गबाट हुने गरेको थियो । बाह्रवटा दुर्गहरूको माभ्रुमा रहेको दुर्गलाई बाराहगढी नामकरण गरिएको अड्कल छ । ती बाह्रवटा गढीहरूमध्ये निजगढ, तामागढी, बरियारपुरगढी, सिम्रौनगढ, हाल चम्पारण भारतमा रहेको रामगढी, बुढगाई बैलौनी नेवलपुरगढी, पर्सागढी, बैरैनियागढी, जितपुरगढी र अलौं समेतका गढीहरूको माभ्रुमा रहेको वनदुर्गलाई जमुनी र तियरको माभ्रुको अग्लो भू-भाग आज पनि देखिने ढिस्कोले प्रमाणित गर्दछ र बाराहगढीबाट बारागढी र बारा जिल्लाको नामकरण भएको बुझिन्छ ।

**तालिका नं. १.३**

**बारा जिल्लाबारे तथ्य**

| क्र.सं. | विवरण | बारा |
|---|---|---|
| १. | क्षेत्रफल (वर्ग कि.मी.) | १,१९० |
| २. | उचाई | १५२ |
| ३. | गाउँ विकास समिति सङ्ख्या | ९८ |
| ४. | नगरपालिका | १ |
| ५. | चुनाव क्षेत्र | ४ |
| ६. | संविधान सभा निर्वाचन क्षेत्र | ६ |
| ७. | जनसङ्ख्या | ५,५९,१३५ |
| ८. | पुरुष | २,८९,३९७ |
| ९. | महिला | २,६९,७३८ |
| १०. | प्रमुख भाषा भोजपुरी | ७२.५% |

***स्रोत :*** जिल्ला विकास समिति. **आवधिक जिल्ला विकास योजना.** बारा : सूचना तथा अभिलेख केन्द्र, २०५९, पृ. अनुल्लिखित ।

बारा जिल्लाको तथ्य नियाल्दा जिल्लाको क्षेत्रफल ११९० कि.मी. छ, समुद्री सतहभन्दा १५२ मी. उचाइमा रहेको बारा जिल्लामा १९ गा.वि.स., एक नगरपालिका, ४ चुनाव क्षेत्र, ६ संविधान सभा निर्वाचन क्षेत्र छन्, जसमा महिला २,६९,७३८ र पुरुष २,८९,३९७ गरी जम्मा ५,५९,१३५ जनसङ्ख्या रहेको छ भने यहाँको प्रमुख भाषा भोजपुरी रहेको छ ।[२३]

जनसङ्ख्याको हिसाबले यो जिल्ला मध्यमाञ्चलको तराईका ७ जिल्लामध्ये तेस्रो स्थानमा रहेको छ । राष्ट्रिय जनगणना २०३८ र २०४८ मा बारा जिल्लाको जनसङ्ख्या क्रमशः ३,१८,९५७ र ४,१५,७१८ रहेको थियो । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ५,५९,१३५ छ, जसमध्ये महिला २,६९,७३८ (४८.३%) र पुरुष २,८९,३९७ (५१.७%) रहेको छ । यस अवधिको जनसङ्ख्या वृद्धिदर २.४ रहेको देखिन्छ ।

---

२३ जिल्ला विकास समिति, **आवधिक जिल्ला विकास योजना**, (बारा : सूचना तथा अभिलेख केन्द्र, २०५९), पृ. अनुल्लिखित ।

**तालिका नं. १.४**

**बारा जिल्लाको जनसङ्ख्या**

| क्र.सं. | विवरण वर्ष | जनसङ्ख्या २०३८ | जन गणना २०४८ | जनगणना २०५८ |
|---|---|---|---|---|
| १. | कुल जनसङ्ख्या | ३,१८,९५७ | ४,१५,७१८ | ५,५९,१३५ |
| २. | पुरुष | १,६५,१०७ | २,१४,८७२ | २,८९,३९७ |
| ३. | महिला | १,५३,८५० | २,००,८४६ | २,६९,७३८ |
| ४. | जनसङ्ख्या वृद्धिदर | | २.६ | २.४ |
| ५. | कुल परिवार सङ्ख्या | २६,२१० | ६८,९५२ | ८९,६६० |
| ६. | औसत परिवार आकार | ५.७ | ६ | ६.२ |
| ७. | ६ वर्षभन्दा माथि साक्षरता दर | १७.९ | ३०.३ | - |
| ८. | जनघनतत्व (प्रतिवर्ष कि.मी.) | २६.८ | ३४९.३ | - |

***स्रोत :*** जिल्ला विकास समिति. **आवधिक जिल्ला विकास योजना**. बारा : सूचना तथा अभिलेख केन्द्र, २०५९, पृ. अनुल्लिखित ।

राजनीतिक र प्रशासनिक हिसाबले बारा जिल्लालाई ९८ गा.वि.स. र १ नगरपालिका, १५ इलाका तथा ४ संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । हाल ४ निर्वाचन क्षेत्रलाई ६ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । भू-क्षेत्र ओगटेको हिसाबले सबभन्दा ठूलो गा.वि.स. अमलेखगंज १२९ वर्ग कि.मी. छ । सबैभन्दा सानो गा.वि.स. माधुरीजब्दी १.४ वर्ग कि.मी. छ । साधारणतया उत्तरतिरका गा.वि.स. हरू ठूलो र दक्षिणतर्फको गा.वि.स. साना छन् । जनघनत्वको हिसाबले दक्षिणतर्फ गा.वि.स. हरूमा बढी र उत्तर गा.वि.स. हरूमा कम छ ।

पितृसत्तात्मक समाजमा महिलालाई दोस्रो दर्जाको स्थानमा राखिएको छ । यस्तो अवधारणा बारा जिल्लामा पनि यथावस्थामा पाइन्छ । हरेक क्षेत्र महिलाको पँहुचभन्दा बाहिर छ । पुरुषप्रधान समाजमा महिलाको स्थिति तलको तालिकाबाट प्रष्ट हुन्छ ।

**तालिका नं. १.५**

**बारा जिल्लामा महिलाको स्थिति**

| क्र.सं. | विवरण | प्रतिशत |
|---|---|---|
| १. | महिला साक्षर सङ्ख्या | १३.७% |
| २. | महिला घरायसी कामकाजमा | ९८% |
| ३. | महिला शिक्षण पेशामा | १४% |
| ४. | गैरमहिला सरकारी निकाय कर्मचारी | ३१% |
| ५. | महिला विद्यालय व्यवस्थापनमा | १२% |
| ६. | महिला व्यापारमा | १०.६% |
| ७. | महिला स्थानीय निकायमा निर्वाचितमध्ये | २१% |
| ८. | महिला घरमूली | ४.३% |
| ९. | माध्यमिक शिक्षक २०६ विद्यालयमा | ४ जना (२ जनामात्र तालिम प्राप्त) |
| १०. | निम्न माध्यमिक तहका शिक्षक | २८५ मध्ये १३ जना (८ जना तालिम प्राप्त) |
| ११. | प्राथमिक शिक्षक कुल १,१२६ मध्ये | १९६ जना अर्थात् १७.४१% महिला शिक्षक जसमध्ये १२० जना तालिम प्राप्त छन् । |

***स्रोत :*** जिल्ला विकास समिति. **आवधिक जिल्ला विकास योजना.** बारा : सूचना तथा अभिलेख केन्द्र, २०५९, पृ. ६ ।

२,६९,७३८ महिला जनसङ्ख्या भएको बारामा घरायसी कामकाजमा ९८ प्रतिशत महिलाहरू छन्, साक्षर सङ्ख्या १३.७ प्रतिशत छ भने शिक्षण पेशामा १४ प्रतिशत छन् । माध्यमिक शिक्षक जम्मा ४ जना, नि.मा.वि. मा २८५ र प्राथमिक तालिम प्राप्त शिक्षक १९६ रहेको पाइयो । त्यसैगरी व्यापारमा १०.६ प्रतिशत र घरमूली ४.३ प्रतिशत रहेको पाइन्छ । देशभर नै महिला पिछडिएको जस्तै बारामा महिलाको स्थिति पहुँचभन्दा बाहिर छ ।

## १.९ अध्याय व्यवस्थापन

**अध्याय एकः शोध परिचय**

पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, अनुसन्धान विधि, बारा जिल्ला परिचय अध्याय विभाजन, परिशिष्ट र सन्दर्भग्रन्थ सूचीलाई समावेश गरिएको छ ।

**अध्याय दुईः द्वन्द्व र महिला : सैद्धान्तिक अवधारणा र परिभाषा**

अध्याय दुईमा द्वन्द्वको परिभाषा, द्वन्द्वको ऐतिहासिक पृष्ठभूमि, सशस्त्र द्वन्द्वको अर्थ, सशस्त्र द्वन्द्वको पूर्व र पश्चात्‌को स्थिति द्वन्द्वको जीवनचक्र, द्वन्द्वको स्वरूप, अवस्थाको सैद्धान्तिक अवधारणालाई समेटिएको छ ।

साथै महिलाप्रतिको सामाजिक-सांस्कृतिक दृष्टिकोण, सशस्त्र द्वन्द्व र सेनामा महिलाको भूमिका, विश्वका विभिन्न देशमा भएका जनआन्दोलनमा महिलाको भूमिका, अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा महिला सेना, माओवादी आन्दोलनमा महिला जनसेना र सैन्य संरचनामा महिलाको स्थितिलाई दोस्रो अध्यायमा समावेश गरेको छ ।

**अध्याय तीन : नेपालमा माओवादी सशस्त्र द्वन्द्वका प्रमुख कारण र यसबाट परेका प्रभावहरू**

अध्याय व्यवस्थापनको क्रममा तेस्रो अध्यायअन्तर्गत नेपालमा माओवादी द्वन्द्वको विभिन्न कारणहरूमध्ये सामाजिक, आर्थिक, प्रशासनिक, वैचारिक, संचार, भ्रष्टाचार, संवैधानिक, भौगोलिक, सांस्कृतिक, लैङ्गिक, शैक्षिक आदि कारणलाई समेटिनुका साथै सशस्त्र द्वन्द्वबाट परेका सकारात्मक एवं नकारात्मक प्रभावलाई अध्यायमा संलग्न गरिएको छ ।

**अध्याय चार : कलैया नगरपालिका र अमलेखगंज गाउँ विकास समितिको सन्दर्भमा माओवादी सशस्त्र सङ्घर्षमा महिला सहभागिताका कारणहरू**

चौथो अध्यायमा कलैया नगरपालिका र अमलेखजंग गा.वि.स.का महिलाहरू माओवादी सशस्त्र संघर्षमा सहभागिताका कारणहरू: लैङ्गिक सामाजिक विभेद र घरेलु हिंसा, दाइजो तिलक प्रथा, बालविवाह, बहुविवाह, सामाजिक विभेद, रक्सी, जुवातास जस्ता विकृति, विभेदकारी कानुन तथा संवैधानिक प्रावधान, राज्य संयन्त्रमा महिला सहभागिताको अभाव, महिलाप्रति सुरक्षा बलको दुर्व्यवहार, माओवादीहरूको छत्रछायाँमा महिला र एकल महिला सुरक्षित हुने विश्वास, माओवादीको महिला मुक्ति रणनीतिप्रति आकर्षित महिला, आफन्तप्रति भएका ज्यादती, महिला स्वपहिचानको खोजी, महिलामा चरम गरिबी र बेरोजगार, सम्मानित जीवनको खोजी, बलात्कार पीडित महिलाहरूको अपेक्षा, महिलाहरूमा चेतनाको फड्कोलाई समेटिएको छ ।

**अध्याय पाँच : कलैया नगरपालिका र अमलेखगंज गाउँ विकास समितिको सन्दर्भमा माओवादी सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको असर**

अध्याय पाँचमा कलैया र अमलेखगंजमा महिलामाथि परेका नकारात्मक एवं सकारात्मक असर सम्बन्धमा एकल महिला, विधवा जीवन, मानवअधिकार उल्लङ्घन, चेलीबेटी बेचबिखन तथा देह व्यापारमा, डर तनावपूर्ण जीवन, शैक्षिक उपलब्धिमा अवरुद्ध

र शैक्षिक गुणस्तरमा ह्रास, महिलाको काँधमा थप जिम्मेवारीको बोझ, महिला स्वास्थ्यमा दुष्प्रभाव, प्रतिशोधको भावना, जुवातास र मदिरा सेवनमा नियन्त्रण, चेतना नेतृत्व र सहभागितामा अभिवृद्धि, सामाजिक कुरीतिहरूमा कमी, पैतृक सम्पत्तिमा महिला हक, राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि, महिलाहरूको नयाँ पहिचान तथा आत्मविश्वासमा वृद्धि, सेनामा महिलाको उत्साहजनक सहभागिता समेटिएको छ ।

**अध्याय छ : महिलासँग सम्बन्धित कानुन तथा नीतिहरूको कार्यान्वयन पक्ष**

अध्याय छमा महिला अधिकार, नेपालको परिप्रेक्ष्यमा महिला अधिकार, अधिकार कार्यान्वयनमा समस्या, महिला, सशस्त्र सङ्घर्ष र शान्ति, द्वन्द्वपश्चात् कानुन कार्यान्वयन परिस्थिति, द्वन्द्व व्यवस्थापनमा महिलाको भूमिका, संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट पारित १३२५, १८२० र १९८९ प्रस्तावको एजेण्डा, प्रस्तावको कार्यान्वयन पक्ष, नेपालमा मानव अधिकारका प्रमुख महासन्धिहरूको कार्यान्वयन पक्ष, यातना तथा क्रूर अमानवीय तथा अपमानजनक व्यवहार दण्डविरुद्धको महासन्धि, शान्ति प्रक्रियाका लागि राष्ट्रिय स्तरमा भएका प्रयासहरू, विस्तृत शान्ति सम्झौता २०६३ को कार्यान्वयन पक्षलाई समेटिएको छ ।

**अध्याय सातः  उपसंहार**

अध्याय सातमा शोधकार्यको निष्कर्ष र भविष्यका सम्भावित अध्ययन क्षेत्रलाई समेटिएको छ ।

### अध्याय दुई

# द्वन्द्व र महिलाः सैद्धान्तिक अवधारणा र परिभाषा

## २.१ पृष्ठभूमि

जीवशास्त्री चार्ल्स डार्विन, मानवशास्त्री लेविस मोर्गनका अनुसार मानवजातिको उत्पत्ति करिब १० लाख वर्ष पहिले भएको हो । ८ हजार वर्षअघिसम्म मानिस कन्दमूल खाने जङ्गली अवस्थामा थिए । क्रमिक रूपमा पशुपालन, खेतीपाती, फलामे हतियार उत्पादन र प्रयोगका साथै सभ्य अवस्थामा प्रवेश गरेका थिए । परिवार र सम्पत्तिको अवधारणा विकसित भएको थिएन । व्यक्तिगत सम्पत्ति र परिवारको अवधारणा नभएको अवस्थामा मातृसत्तात्मक जङ्गली समाज थियो । आमाको आरक्षणमा बालबच्चाको पालनपोषण र रेखदेखका साथमा हुर्काउँथे । महिलाहरूको स्थान प्रथम र उच्च थियो । बर्बर जङ्गली युगको अन्त्य र कबिला जीवनको सुरुआत भएपछि मातृसत्तात्मक प्रणाली पितृसत्तात्मक प्रणालीमा परिणत भयो । अब महिला दोस्रो दर्जाको व्यक्तित्व बन्ने क्रम सुरु भयो । समाजमा समान अधिकारको लागि द्वन्द्व गर्नुपर्ने स्थितिको सृजना भएको हो ।

जहाँ समाज हुन्छ त्यहाँ द्वन्द्वको बास रहन्छ । द्वन्द्व समाजको अभिन्न अङ्ग हो । यसलाई समाजभन्दा बाहिर राख्न वा अलग गर्न सकिँदैन । समाज रहेसम्म सामाजिक अन्तर्विरोध रहिरहन्छ । अन्तर्विरोधको स्वरूप, समय र परिस्थितिअनुसार परिवर्तन हुँदै जान्छ । समाजमा हुने शोषण र उत्पीडनको प्रकृति, तरिका, सबलद्वारा निर्बलमाथि गरिने व्यवहारको रूपमा बदलिएको हुन सक्छ । जोन ग्यालटुङ्गका अनुसार "जीवन सङ्घर्ष हो र सङ्घर्ष जीवन हो" ।[1] उनका अनुसार अन्तर्राष्ट्रिय, राष्ट्रिय, समाजमा मात्र होइन एउटा परिवारमा समेत द्वन्द्वले बास गरेको रहन्छ । विकास र विनाश द्वन्द्वको परिणाम हो । समाज परिवर्तनमा द्वन्द्वले महत्त्वपूर्ण भूमिका खेल्छ । द्वन्द्व समाज परिवर्तनको प्रतिबिम्ब वा सूचक हो । मानव जाति अन्याय, अत्याचार, शोषण, अविश्वास, स्रोतसाधनका अनुचित तथा असमान वितरण, असमान पहुँच, प्रयोग, पुरस्कार, दण्ड, न्यायको विभेदपूर्ण प्रयोग, विचार, सिद्धान्त, धर्म संस्कृति, अभिव्यक्ति, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक, वर्ग, सामाजिक, राजनीतिक र आर्थिक भेदभावको कारणले समाजमा द्वन्द्वको सृजना हुन्छ । समग्रमा शक्ति,

---

[1] विष्णुराज उप्रेती, **द्वन्द्व व्यवस्थापन**, (काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेशन, २०६१), पृ. ३१ ।

स्रोत, पद, अभाव अपर्याप्त अवसर, विशेषाधिकार जस्ता महत्त्वाकाङ्क्षाका कारण द्वन्द्वले मौलाउने अवसर प्राप्त गर्छ । विष्णुराज उप्रेतीका अनुसार द्वन्द्व भनेको मूल्य, मान्यता, विश्वास, बुझाइ र अवधारणामा रहेको भिन्नताका कारण उत्पन्न हुने मनोवैज्ञानिक अवस्था हो जुन विभिन्न स्वरूपहरू, जस्तै- असहमति, प्रतिक्रिया, क्रोध, रिस-इबी, दुस्मनी, गाली-गलौज, उजुरी, मुद्दा-मामिला, कुटपिट वा हिंसा र युद्धको रूपमा समाजमा देखापर्दछ ।[२]

## २.२ द्वन्द्वः अवधारणा र परिभाषा

कार्ल मार्क्सका अनुसार "विकासको खास अवस्थामा समाजको वस्तुगत उत्पादक शक्तिहरूको विद्यमान उत्पादन सम्बन्ध वा त्यसको कानुनी अभिव्यक्ति अहिलेसम्म कार्यरत रहँदै आएको ढाँचाभित्रको सम्पत्ति सम्बन्धसँग अन्तरविरोध पैदा हुन्छ । ती सम्बन्धहरू उत्पादक शक्तिहरूको विकासको माध्यमबाट बाधकमा परिणत हुन्छन् तब सामाजिक क्रान्तिको युग सुरु हुन्छ । आर्थिक आधारमा हुने परिवर्तनले ढिलो वा चाँडो सम्पूर्ण संरचनामा परिवर्तन ल्याउँछ ।"[३]

एउटै स्थितिमा जब दुई वा दुईभन्दा बढी व्यक्ति वा पक्षहरूको चाहना र उद्देश्यमा फरक पर्छ, त्यहाँ द्वन्द्व सृजना हुन्छ । द्वन्द्व शक्तिको प्रभाव र भिन्नताबाट उब्जिएको हुन्छ । दुई वा दुईभन्दा बढी व्यक्तिहरू बीचको द्वन्द्व लडाइँ हो । जसले फरक उद्देश्य, सीमित स्रोत र लक्षित उद्देश्यहरू प्राप्त गर्न अर्को पक्षले अनुभूति गरेको हुन्छ । द्वन्द्व भनेको समाजको शक्ति र उत्पादनको स्रोत शक्तिमाथि नियन्त्रण गरेको सम्पन्न कुलीन वर्ग र स्रोत कम भएका वा नभएका विपन्न वर्गबीचको उक्त शक्ति र स्रोत आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो । यो अवस्था समाजमा असमानता भएसम्म रहिरहन्छ । व्यक्ति वा समूहहरू बीचमा हुने सांस्कृतिक, सामाजिक, राजनीतिक र आर्थिक स्वार्थ दृष्टिकोण वा बुझाइमा देखिएका भिन्नताको कारणले सिर्जित अवस्था हो । द्वन्द्व हुनु आफैमा नराम्रो होइन । यो दैनिक जीवनमा चलिरहने प्रक्रियाभित्र नै पर्दछ । मानिसहरूबीच लक्ष्य तथा उद्देश्य प्राप्तिका निमित्त परस्पर मेल खाँदैन, मूल्य मान्यता, विश्वास, अवधारणा, बुझाइमा भिन्नता आउँछ भने एकआपसमा द्वन्द्व सृजना हुने गर्दछ । श्रीमद्भगवतगीतामा भनिएअनुसार "इच्छा द्वेष समुत्धेन, द्वन्द्व मोहेन भारत ।" अर्थात् इच्छा, द्वेष, मोह द्वन्द्वको मुख्य कारण हो ।

---

२ **ऐजन,** पृ. २८ ।

३ डी.पी. ढकाल 'संकल्प', **नेपाली क्रान्ति,** (काठमाडौं : सौगात पुस्तक प्रकाशन, २०६४), पृ. ११ ।

यो पीडित, उपेक्षितको आवाज बुलन्द गर्ने, पीडा कम वा अन्त गर्ने माध्यम हो । लाखौँ तिरस्कृत, उपेक्षितहरू, अशिक्षा, भोक, गरिबीविरुद्ध आकर्षित हुनु नै आन्दोलन हो । संयुक्त राष्ट्रसङ्घ विशेषज्ञ अर्जुनसेन गुप्ताका अनुसार इतिहासमा भएको सम्पूर्ण आन्दोलन उपेक्षितहरूको आक्रोशको परिणाम हो ।[४] विद्वान् जीनडेजे र अमर्त्य सेनको "भारत आर्थिक विकास र सामाजिक अवसर" नामक पुस्तकअनुसार ३०० वर्षअगाडि आन्दोलन भएको उल्लेख छ । यस पुस्तकमा ३०० वर्षअगाडिका जोन ड्राइगनको चेतावनी- शान्त मान्छेको आक्रोशसँग सावधान यदि ऊ आक्रोशित भयो भने यसको परिणाम भयङ्कर हुन्छ ।[५]

पश्चिमी मुलुकमा मेकियावेली, कार्लक्लाज बीच, थोमस हब्स, ज्याक रुसो, अरस्तु, कार्ल मार्क्स, एडम स्मिथ, चीनमा सन्जू (Suntzu), भारतमा कौटिल्य आदि द्वन्द्व विश्लेषकहरू हुन् ।

द्वन्द्व विज्ञहरूले द्वन्द्वका सम्बन्धमा विभिन्न विचारहरू व्यक्त गरेका छन् :

फ्रुज र स्टाफोङ्गका अनुसार : "द्वन्द्व भनेको व्यक्तिहरू वा समूहहरूको बीचमा हुने सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक स्वार्थ, दृष्टिकोण वा बुझाइमा देखिएको भिन्नताको कारणले सिर्जित व्यवस्था हो ।"[६]

कार्ल मार्क्सका अनुसार : "समाजको शक्ति र उत्पादनको स्रोत माथि नियन्त्रण गरेका सम्पन्न वर्ग र स्रोत र शक्ति कम भएका विपन्न वर्ग बीचको उक्त स्रोत र शक्ति आफ्नो पक्षमा पार्ने मानसिकताबाट सृजित अवस्था हो, जुन समाजमा असमानता भएसम्म रहिरहन्छ ।"[७]

राल्फ ड्यान्ड्रफका अनुसार : "शक्ति र स्रोत हुने र नहुने- (haves' and have not) वर्गबीचको वर्ग सङ्घर्षमा मात्र सीमित रहँदैनन् अन्य विभिन्न सरोकार समूहहरू (interest group) को शक्ति सङ्घर्षमा समेत पुग्छन् ।"[८]

---

[४] सुशील प्याकुरेल, "माओवादी जनयुद्ध समस्या र समाधान", **शान्ति र सुशासन**, (काठमाडौँ : साप नेपाल, २०५७), पृ. ८४ ।

[५] **ऐजन,** पृ. ८३ ।

[६] उप्रेती, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १, पृ. २७ ।

[७] **ऐजन** ।

[८] राल्फ ड्यान्ड्रफ, **क्लास एण्ड क्लास कन्फ्लिक्ट इन इण्डष्ट्रियल सोसाइटी,** (स्टेन्फर्ड : स्ट्यान्डर्ड यूनिभर्सिटी प्रेस, इ. १९५९), पृ. ४५ ।

मैक्स वेवरका अनुसार- "द्वन्द्व समाजको अपरिहार्य सामाजिक प्रक्रियाको रूपमा रहने र यस्ता द्वन्द्वले प्रायशः शक्तिशाली व्यक्तिको पक्षलाई फाइदा पुऱ्याउँछ।"[९]

ब्रुटनले द्वन्द्वलाई यस प्रकार परिभाषित गरेका छन् - "द्वन्द्व यस्तो परिस्थिति हो जहाँ व्यक्ति वा समूह बाझिने, नमिल्ने उद्देश्य, मूल्य मान्यता र चासोबाट प्रभावित हुन्छन्।"[१०]

जर्मन विचारक कार्ल क्लाजबीच (C Von Clauscwitz) का (war is just an extension of domestic politics) अनुसार "युद्ध राजनीतिक व्यवहारको आवश्यक अङ्ग हो। त्यसकारण आफूमा यो अलग कुरा होइन। नयाँ अङ्ग्रेजी शब्दकोशअनुसार" युद्ध सशस्त्र शक्तिद्वारा शत्रुतापूर्ण व्यवहार हो जुन राष्ट्र, राज्य वा शासक बीच वा दलहरूबीच हुन्छ।[११]

आदम कार्लका अनुसार :

> प्रविधिको विकास र सामाजिक परिवर्तनको गतिलाई थाम्न नसक्ने मानिसहरू द्वन्द्वको भुमरीमा छिटो बल्झन्छन्। राजनीति शास्त्रमा द्वन्द्वलाई भ्रष्टाचार, नेतृत्वको विफलता, खराब राजनीतिक प्रणाली, अति केन्द्रित शासन प्राणालीहरूको सेरोफेरोमा परिभाषित गरेको छ। राजनीतिक प्रणालीले समाज परिवर्तनको आवश्यकतालाई सम्बोधन गर्न नसक्दा समाजमा द्वन्द्वको स्थान निर्धारण हुने धारणा राजनीतिक विचारहरूले व्यक्त गरेका छन्।[१२]

विहेल्म ओबर्ट (Vihelm Aubert) का अनुसार : "दुई व्यक्ति वा समूहबीच एउटै लक्ष्यका लागि खुल्ला रूपमा कुरा गर्ने क्रिया गर्छ भने द्वन्द्वको स्थिति सृजना हुन्छ।"[१३]

अरस्तुका अनुसार : "राज्यमा विद्रोह ल्याउने कुरा असमानता हो। क्रान्ति सानो चिज होइन तर सानो चीजबाट जन्मिन्छ।"[१४]

डा. विष्णुराज उप्रेतीका अनुसार :

> द्वन्द्व भनेको मूल्य मान्यता, विश्वास, बुझाइ र अवधारणमा रहेको विविधताका कारण उत्पन्न हुने मनोवैज्ञानिक अवस्था हो जुन विभिन्न स्वरूपहरू- असहमति, प्रतिक्रिया, क्रोध, रिसइबी, दुस्मनी, गाली गलौज, उजुरी, मुद्दा-मामिला, कुटपिट वा हिंसा र युद्धको रूपमा समाजमा देखापर्छ।[१५] क्रान्ति एउटा युगको अन्त्य र नयाँ युगको थालनी हो।[१६]

---

९ उप्रेती, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १, पृ. २८।

१० **ऐजन**।

११ पूजा कटरीया, **कन्फ्लिक्ट : फर्मस, कजेज एन्ड मेथड्स अफ रिजोलुशन**, (न्यू दिल्ली : दीप एन्ड दीप पब्लिकेशन्स प्रा.लि., इ. २००७), पृ. ८१।

१२ उप्रेती, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १ पृ. २८।

१३ कटरीया, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ११, पृ. ८१।

१४ ढकाल, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ३, पृ. १३।

१५ उप्रेती, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १, पृ. २८।

१६ ढकाल, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ३।

जेसी वर्नार्डका अनुसार : "जब कसैले पृथक् मूल्य मान्यता वा लक्ष्य लिएर उठाएको मुद्दालाई सम्बोधन वा समर्थन गरिँदैन भने त्यहाँ विवाद उत्पन्न हुन्छ र त्यस्तो विवादले सङ्घर्षको स्थिति उत्पन्न गर्छ ।"[१७]

केनेथ वाउल्डिङ्गका अनुसार : "जब कुनै सम्भाव्य अवस्थाका लागि परस्पर व्यवहारमा विविधता आउँछ भने त्यहाँ सङ्घर्ष उत्पन्न हुन्छ ।"[१८]

जोन ग्यालटुङ्गका अनुसार : "द्वन्द्व जीवन हो र जीवन द्वन्द्व हो ।" [१९]

लेनिनका अनुसार : "क्रान्तिकारी सिद्धान्तविना कुनै क्रान्तिकारी आन्दोलन हुन सक्दैन ।"[२०]

समग्रमा सशस्त्र द्वन्द्व भन्नाले समाजमा रहेका स्रोत साधनहरूको अभाव, असमान वितरण, अवसरहरूमा असमान पहुँच, शक्तिको प्रयोग, दण्डहीनताको अवस्था, पुरस्कार, दण्ड र न्यायको विभेदपूर्ण प्रयोग, धर्म, संस्कृति, जातीय, भाषिक, क्षेत्रीय, लैङ्गिक र वर्गीय आधारमा राज्य र गैह्रराज्य शक्तिहरूबाट सामाजिक, आर्थिक र राजनीतिक भेदभावको कारण समाजमा द्वन्द्व सृजना हुने र चर्कने हुन्छ । तसर्थ शक्ति र स्रोतको अभाव नै द्वन्द्व हो ।

## २.३ द्वन्द्वको ऐतिहासिक पृष्ठभूमि

मानव इतिहास सहयोग र विकासको इतिहास मात्र होइन द्वन्द्वको पनि इतिहास हो । आधुनिक विचारक थोमस हब्सको महान् ग्रन्थ लेभियाथानमा उल्लेख भएअनुसार राज्यको उत्पत्ति हुनुअघि व्यक्तिहरू प्राकृतिक अवस्थामा थिए । प्राकृतिक अवस्थाका व्यक्ति झगडालु प्रकृतिका थिए । यथाशक्ति तथाभक्ति (Might is Right) अर्थात् मत्स्य न्यायको अवस्था थियो । सोहीअनुसार जिन जेकस रुसोद्वारा प्रतिपादित सामाजिक सम्झौताको सिद्धान्तमा रुसोले राज्य उत्पत्ति हुनुअघि प्राकृतिक अवस्थाको जुन चित्रण गरेका छन् त्यसमा पनि प्राकृतिक अवस्थाको उत्तर अवस्थामा व्यक्तिहरू हब्सले भने जस्तै झगडालु स्वभावका थिए । 'तेरो र मेरो' भावना

---

[१७] कटरीया, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ११, पृ. ८१ ।

[१८] **ऐजन** ।

[१९] उप्रेती, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १, पृ. ८४ ।

[२०] ढकाल, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ३ ।

भएका उनीहरू एक-अर्काका विरोधी भएको विचार व्यक्त गरेका छन् ।[२१] विश्व इतिहासअनुसार २८६ वर्षमा मात्रै शान्ति रह्यो । इ. १९९५ को वर्षमा २७ ठाउँमा ३१ युद्ध भएका छन् । इ. १९४५ र १९८९ का बीच युद्धबाट २ करोड १८ लाख मानिसहरूको मृत्यु भएको छ ।[२२]

समाज रहेसम्म द्वन्द्व चलिरहन्छ । द्वन्द्व व्यक्तिको अन्तर्द्वन्द्वबाट सुरु भई परिवार, समाज, राष्ट्र अनि अन्तर्राष्ट्रिय स्तरसम्म विद्यमान रहन्छ । तसर्थ द्वन्द्वलाई पूर्ण रूपमा छुट्टै राख्न सकिँदैन । सामाजिक संरचना, मूल्य मान्यता, सामाजिक सदस्यहरूको क्रियाकलाप, व्यवहार, चालचलनले द्वन्द्वलाई प्रभावित बनाइरहेको हुन्छ । शास्त्रीय विद्वान्हरूका अनुसार इतिहासका तानाबाना (Warp and Woof of History) मानव जाति र सामाजिक द्वन्द्वको विभिन्न हिंसाहरूबाट भरिएको छ । क्षणिक रूपमा तरबार बिसाउने र बन्दुक शान्त हुने गर्दछ तर सङ्घर्ष सर्वव्यापक हुन्छ । बन्दुक बिसाउनु युद्ध समाप्त हुनु होइन, समस्या समाधान हुनु युद्ध समाप्त हुनु हो । २०५८ साउन ८ गते श्री ५ को सरकारले युद्धविरामको घोषणा गऱ्यो । त्यसलगत्तै माओवादीले सकारात्मक प्रत्युत्तर दियो । उसले आफ्नो सेनालाई आक्रामक हमला नगर्न निर्देशन दियो । वार्ता सदस्य टोली गठन, नीति तोकियो, वार्तामा दुवै पक्ष सहभागी भए तर वार्ता सफल भएन । युद्धविराम घोषणाको बाबजुद दुवै पक्षबाट विभिन्न आक्रमण हमला सैन्य गठनजस्ता सङ्घर्षशील क्रियाकलाप जारी रहे । हाल पनि कतिपय स्थानमा युद्धविराम, वार्ता, सहमति, दबाब, संविधान सभाको निर्वाचन सम्पन्न भए पनि शान्ति कायम हुन सकेन । हालसम्म एक-अर्का दलका कार्यकर्ताबीच असहमति कायमै छ ।

विश्वका बहुसख्यक राष्ट्र द्वन्द्व र युद्धले व्याप्त भएका छन् । राजद्रोह, आतङ्क, सशस्त्र द्वन्द्व, जनआन्दोलन, क्रान्ति, गृहयुद्ध, छापामार युद्ध प्रत्येक राष्ट्रमा कुनै न कुनै स्वरूपमा विद्यमान भएको इतिहासमा पाइन्छ । पश्चिममा ईसाको जन्मअघि, पूर्वमा मानव सभ्यताको विकासका साथसाथै भएको कुरा पुराण, श्रीमद्भगवत गीता, दोस्रो शताब्दीमा भएको मेकाबी (Maccabees) युद्ध उदाहरणको रूपमा देखिन्छ । कौटिल्यले आफ्नो ग्रन्थ कौटिल्यको अर्थशास्त्रमा पटक-पटक युद्धसम्बन्धी धारणा व्यक्त गरेका छन्, जसमा महिलालाई अस्त्रको

[२१] कृष्ण पोखेल, **विश्वका प्रमुख राजनीतिक विचारक र वादहरू**, (काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स, २०६३), पृ. २५ ।

[२२] तीर्थप्रसाद ज्ञवाली, "द्वन्द्व, हिंसा र शान्ति", **शान्तिको खोजी,** (काठमाडौं : साप नेपाल, २०५८), पृ. ७० ।

रूपमा प्रयोग गरेका छन् । जस्तै- विषकन्या, गुप्तचर आदिको रूपमा गरेको छ ।[२३] महान् राजनीतिक विचारक अरस्तुले आफ्नो पुस्तक पोलिटिक्समा क्रान्तिसम्बन्धी आफ्नो धारणा व्यक्त गरेका छन् । यद्यपि द्वन्द्व, सशस्त्र द्वन्द्व वा क्रान्ति भनेर बेग्लाबेग्लै परिभाषा गरिएको छैन तर क्रान्तिसम्बन्धी धारणामा सशस्त्र द्वन्द्वको झलक पाइन्छ ।

मानव इतिहासमा 'सन्धि' भन्दा बढी 'युद्ध' को प्रयोग भएको देखिन्छ । संसारका धेरैजसो सशस्त्र द्वन्द्व समाप्त भए पनि केहीमा चलिरहेकै छ । हालै भारतको छत्तीसगढ दन्त्यबाडामा माओवादी हमलामा ७४ अर्धसैनिक मारिए ।[२४] अन्तर्राष्ट्रिय र राष्ट्रिय जगतको युद्धको इतिहासमा बढी प्रभावित हुनेहरू महिला बालबालिका र वृद्धवृद्धा नै छन् । अझै गहिरिने हो भने महिलाले विविध पक्षको सामना गर्नु पर्छ । महिलालाई अस्त्रको रूपमा प्रयोग गरिन्छ । ब्यारेक व्यवस्थापनदेखि खानपानका साथै प्रत्येक क्षेत्रमा महिलाको प्रयोग गरिएको पाइन्छ ।

## २.४ सशस्त्र द्वन्द्वको अर्थ

सशस्त्र सङ्घर्षको अर्थ जीवनमा प्रत्येक दिन एउटा नयाँ अर्थात् थुप्रै अर्थ लाग्न सक्छ । मजदुर मालिकबीचको द्वन्द्व, स्वामी र दासबीच, राज्य र जनताबीच, जात धर्म प्रत्येक क्षेत्रमा द्वन्द्व हुन्छ । विचारमा मतभेद भएमा आन्दोलन हुन्छ । मानिस र समाजको सम्बन्ध र अपरिहार्यतालाई नियाल्दा माछा र पानीको आपसी सम्बन्धजस्तो अनुभूति हुन्छ । मानव सामाजिक एवं राजनीतिक प्राणी भएकोले समाजको निर्माण गर्छ । मानव इतिहास सहयोग, विकास र द्वन्द्वको इतिहास हो । यो इतिहास मानव जातिको सभ्यता जतिकै निकै पुरानो इतिहास हो । समाजशास्त्रीकाहरू अनुसार द्वन्द्व गतिशील अन्तरक्रियात्मक सामाजिक प्रक्रियाको रूपमा दृष्टिगत गरिन्छ । द्वन्द्वको जीवनचक्र उत्पत्तिदेखि विभिन्न चरणहरू पार गर्दै समाधानको चरणमा पुग्छ । अन्त्यमा द्वन्द्व समाधान हुन्छ र शान्ति बहाली हुन्छ । यसको प्रक्रिया भनेको यही हो तर युद्धविराम युद्धको अन्त्य होइन । बुट र बन्दुकले सामाजिक, सांस्कृतिक जनयुद्धलाई कुल्चेर दमन गरी शान्ति स्थापना गर्न सकिएला तर यस्तो शान्ति स्थायी नहुन सक्छ । अर्थात् त्यस्तो शान्ति नकारात्मक हुन्छ जुन कुनै पनि अवस्थामा पुनः अर्को विद्रोह वा क्रान्तिको प्रादुर्भाव हुन सक्छ । द्वन्द्व दुई वा दुईभन्दा बढी

[२३] केशवराज अर्याल (अनु.), **कौटिल्यको अर्थशास्त्र**, (काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२४), पृ. ४५३-५३ ।

[२४] वन्दना भदौरिया, "क्या युद्ध हि विकल्प है ?", **इण्डिया न्यूज रेडहंट,** (दिल्ली : इण्डिया मिडिया प्रा.लि., इ. २०११), पृ. ४० ।

व्यक्ति/पक्षबीचको मतभेद हो । द्वन्द्व जीवनको नियमित रूप हो । यो प्रायजसो भइरहन्छ । द्वन्द्व सकारात्मक एवम् नकारात्मक दुवै हुन सक्छ । सकारात्मक द्वन्द्वको परिणाम राम्रो हुन्छ तर समयमै सकारात्मक परिणाम पहिल्याउन सकिएन भने द्वन्द्वले सशस्त्र विद्रोह एवं हिंसाको रूप लिन सक्छ ।

### २.४.१ सशस्त्र द्वन्द्वपूर्वको स्थिति

१. द्वन्द्वपूर्वको अवधि सुषुप्त हुन्छ । यो बेला एक-अर्का पक्षसँगको सम्बन्धमा असहजता हुन्छ । एक-अर्काबीच सम्पर्क र सम्बन्धको चाहना नहुने वा टाढै रहने स्थितिमा रहनेजस्ता अवस्था द्वन्द्वपूर्व स्थिति हो ।

२. दुवै पक्षबीच सम्बन्ध चिसिँदै जाने, एक पक्षले अर्को पक्षमाथि दबाब सृजना गर्ने किसिमका प्रतिक्रिया, गतिविधिहरू गर्ने, मोर्चाबन्दी सुरु हुने, भावी द्वन्द्वका लागि आवश्यक स्रोत र साधनको व्यवस्था गर्नेजस्ता गतिविधिहरू पर्दछन् ।

३. सङ्कट द्वन्द्वको उच्चतम रूप हो । यो आवश्यकता द्वन्द्वमा संलग्न पक्षहरू एक-अर्काका विरुद्ध सकेसम्म अस्त्रहरूको प्रयोग गर्छन् । हत्या, हिंसा हुने गर्दछ । द्वन्द्वरत पक्षहरू प्रत्यक्ष सम्पर्कमा रहँदैनन् । उनीहरूबीच आक्षेप लगाउने कार्य हुन्छ ।

४. युद्धरत पक्षहरूबीच एक पक्ष सामरिक रूपमा कमजोर भई धेरै क्षति भएर वा नागरिक वा अन्तर्राष्ट्रिय दबाबबाट हुने युद्धविरामको अवस्था आउँछ । यो अवस्थामा ठूला द्वन्द्वहरूमा दुई पक्षमध्ये एकले आत्मसमर्पण गर्ने अर्को पक्षको माग पूरा गर्ने वा दुवै पक्ष वार्ता गरी सहमतिमा पुग्ने वा सम्झौता हुने गर्दछ ।

### २.४.२ सशस्त्र द्वन्द्वपश्चात्को अवस्था

सक्रिय हिंसा अन्त्य भए तापनि द्वन्द्वका दीर्घकालीन असरहरू समाजमा रहिरहेका हुन्छन् । यद्यपि युद्धरत पक्षहरूबीच क्रमिक रूपमा सम्बन्ध सुध्रिँदै जान्छ । वार्ता र सहमतिमा भएका बुँदाहरू कार्यान्वयन हुन थाल्छन् ।

विस्थापित महिलाको चीत्कार, बेपत्ता परिवारका आफन्तको खोजी, बलिदानीको पीडा, उत्पीडितका लागि राहतको खाँचो, बिरानो भएको घरपरिवार, शिक्षाको उमेर नाघिसकेका व्यक्तिहरूको समस्या, सङ्क्रमणकालको दुरुपयोगजस्ता समाधान गर्न नसक्नेजस्ता समस्याहरू देखापर्दछन् ।[२५]

---

[२५] इन्सेक, **नेपाल मानव अधिकार वर्ष पुस्तक–२००९,** (काठमाडौं : इन्सेक, २०६५), पृ. ३-१२ ।

### २.४.३ सशस्त्र द्वन्द्वको जीवनचक्र

सामान्य असहजता, सम्पर्क, सम्बन्धमा मनमुटाव हुँदा जन्मेको द्वन्द्वले समयमै उपयुक्त मध्यस्थता, समाधानको विकल्प नअपनाएको खण्डमा भिडन्त, आन्दोलन र सशस्त्र द्वन्द्व र तत्पश्चात क्रान्तिको रूप ग्रहण गर्छ ।

**(क) द्वन्द्वको जन्म/सुरुआत**

मतभिन्नता, लक्ष्य र फरक उद्देश्य, असमान पहुँच, कम अवसर, असमान वितरण आदिको कारणले विवाद सृजना हुन्छ । यो अवस्थामा द्वन्द्व अदृश्यबाट खुल्ला हुँदै जान्छ, तर हिंसा हुने अवस्थामा आइपुगेको हुँदैन । हामीविरुद्ध तिमी भन्ने भावना देखिएको हुन्छ । २००५ सालमा पुष्पलाल श्रेष्ठले दीर्घकालीन जनयुद्धको आवश्यकताको कुरा उठाएका थिए । त्यहीँबाट वर्तमान माओवादी आन्दोलनको बीजारोपण भएको मान्न सकिन्छ । वि.सं. २०४७ देखि असन्तुष्ट एक समूहले मतभिन्नताको कारण २०५२ देखि जनयुद्धको घोषणा गरेको हो ।[२६]

**(ख) द्वन्द्व वृद्धि**

यो चरणमा सम्बन्ध बिग्रने, आपसी शत्रुता बढ्दै जाने, खुल्ला रूपमा अभिव्यक्त हुने, गाली गलौज गर्ने, पक्ष विपक्ष बनी मुद्दा मामिलामा जाने, पुलिस प्रशासनमा उजुरी गर्ने र हिंसात्मक कार्यतिर ढल्कने अवस्था हो । क्षेत्रीय, जातीय, लैङ्गिक आदि कुराको सम्बोधन गर्न माग राख्दा सरकारले त्यसलाई बेवास्ता गर्दा नेपालमा माओवादी द्वन्द्व बढ्दै गएको हो ।

**(ग) भिडन्त**

हिंसाको सुरुआत हुने अवस्था, एक-अर्कालाई हानि पुऱ्याउने क्रियाकलाप गर्ने, फैलिँदो क्रममा भिडन्त (Low intensity confrontation) हिंसात्मक द्वन्द्वको रूप लिएपछि देखिने कम हिंसात्मक प्रकृतिको द्वन्द्व हो । हिंसात्मक द्वन्द्वको कारण द्वन्द्व फैलिई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा पुग्छ । नेपालमा द्वन्द्व दमन गर्न थालेपछि शत्रुको शक्ति पहिल्याउन नसकेर द्वन्द्वले माओवादी सशस्त्र सङ्घर्षको रूप धारण गऱ्यो ।

**(घ) द्वन्द्व मन्दता**

दुवै पक्षलाई हिंसाबाट हानि हुन थालेपछि वा उद्देश्य प्राप्ति नहुने आशंका भएमा, सामरिक रूपमा एक पक्ष कमजोर भएर नागरिक वा अन्तर्राष्ट्रिय दबाबको कारण एक पक्ष

---

२६ दीपक सापकोटा, **उथलपुथलका दस वर्ष,** (रिपोर्ताज), (काठमाडौँ : क्रान्तिकारी पत्रकार सङ्घ, केन्द्रीय समिति, २०६६), पृ. १२३ ।

वा दुवै पक्षबाट युद्धविरामको आह्वान वा सुरुआत हुनसक्छ । राज्य पक्ष र विरोधी पक्षबीच हानि नोक्सानी भएका कारण २०५८ मा युद्धविरामको घोषणा भएको थियो । राज्य तथा माओवादी दुवैलाई नोक्सानी तथा कमजोर महसुस भएपछि वार्ताको पहल भएको हो ।

**(ङ) मध्यस्थता**

मध्यस्थता वार्तापूर्वको अवस्था हो । यो अवस्थामा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाब सृजना हुने, नागरिक, समाज तथा स्वतन्त्र पक्षबाट मध्यस्थताका लागि पहल सुरु हुन्छ । द्वन्द्वरत पक्षहरू आ-आफ्नो पक्षबाट लचकता देखाउन थाल्छन् । यो तेस्रो पक्षमार्फत एक-अर्कामा गोप्य रूपमा सूचना आदानप्रदान हुने अवस्था हो । नेपालको युद्धविराम गर्न संयुक्त राष्ट्रसंघ, मानव अधिकार, नागरिक समाज र अनमिनको मध्यस्थतामा वार्ताको पहल भएको हो ।

**(च) हारजितको अवस्था**

कुनै एक पक्षले आफ्नो पक्ष कमजोर भएको अनुभूति गरेपछि सम्झौता गर्छ । यसमा एक पक्षको जित र अर्को पक्षको हार हुन्छ । कहिलेकाहीँ दुवै पक्षले हार्ने सम्भावना देख्दा पनि सम्झौता गर्छन् । यसमा दुवै पक्षको हार हुन्छ । कहिलेकाहीँ दुवै पक्षले बराबरको अवस्थामा सम्झौता गर्छन् । यस्तो अवस्थामा दुवै पक्षको जित हुन्छ ।

**(छ) सम्झौता**

सम्झौता वार्ताका लागि विश्वासको वातावरण बन्ने अवस्था र औपचारिक सम्झौता हुने अवस्था हो । माओवादी र राज्य पक्षबीच २०६० वैशाख २६ गते सम्झौता भयो र सहमतिमा २०६३ मंसीर ५ मा माओवादी र सरकारबीच बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएको थियो ।

**(ज) दुस्मनीको अन्त्य**

सम्झौतापश्चात् दुवैको लक्ष्य एकीकृत हुन्छ र विरोधी वा दुस्मनी भावना घट्न थाल्छ । उनीहरू एकीकृत लक्ष्य प्राप्त गर्ने बाटो खोज्न थाल्छन् । नेपालमा भएका सर्वपक्षीय राजनीतिक दलबीच शान्ति सम्झौता तथा सहमतिमा आएपछि दीर्घकालीन युद्ध तथा दुस्मनी समाप्त भएको हो । हुनत यो सम्झौता माओवादी दलको एउटा रणनीति हो भन्ने उद्गार माओवादीका अध्यक्ष पुष्पकमल दाहालबाट पटकपटक व्यक्त भएको छ । सम्झौतापश्चात् दुस्मनीको अन्त्य हुन्छ भन्ने सधैं निश्चित छैन ।

**(झ) द्वन्द्वको समाधान**

साझा लक्ष्य प्राप्तिका लागि सङ्गठनात्मक कार्यगत सम्बन्धको सुरुआत भई द्वन्द्वको अन्त्य हुन्छ । यो स्थायी शान्तिमा रूपान्तरण हुने अवस्था हो । नेपालमा सरकार र

माओवादीहरू युद्धविरामपश्चात् मुख्य मुद्दा सङ्घीयता, समावेशी, गणतन्त्र, सेना समायोजन जस्ता मुख्य विषयमा छलफल गरी सहमतिमा पुगे ।

**(ञ) पुनर्निर्माण/मेलमिलाप**

दिगो शान्तिका लागि एक आपसमा मेलमिलापको वातावरण निर्माण गर्ने प्रक्रिया र स्थानीय तहदेखि राष्ट्रिय तहसम्म पुनर्निर्माण कार्य सुरु हुन्छ । निरङ्कुश राजतन्त्रका विरुद्ध सङ्घर्षरत सात राजनीतिक दलहरू र ने.क.पा. (माओवादी) बीच विभिन्न बुँदाहरूमा समझदारी र सहमति भएका थिए ।

### २.४.४ सशस्त्र द्वन्द्वको स्वरूप

विश्वमा द्वन्द्वका विभिन्न स्वरूपहरू देखापर्छन् । पूजा कटरियाका अनुसार द्वन्द्वका विभिन्न स्वरूप हुन्छन् ।[२७] ती यसप्रकार छन् :–

**(क) व्यक्तिगत द्वन्द्व**

संचार र विचार मूल्य मान्यताको विविधता हुने द्वन्द्वलाई व्यक्तिगत भनिन्छ । आफ्नो आदर्श सिद्धान्त, मूल्य मान्यता, सामाजिक, सांस्कृतिक र विविधताका कारण हुने द्वन्द्वलाई व्यक्तिगत द्वन्द्व भनिन्छ ।

**(ख) जातीय द्वन्द्व**

जातीय पहिचानका हिसाबले नेपालमा ६१ आदिवासी तथा जनजाति र १२५ भाषाभाषीहरू छन् ।[२८] जातीय द्वन्द्व जातीय विविधताको आधारमा हुने द्वन्द्व हो ।

**(ग) वर्गद्वन्द्व**

वर्गद्वन्द्व सम्पत्ति भएका र नभएका, उँच-निच, गरिब-धनी, गोरा-काला, महिला-पुरुष आदिको वर्गबीचमा हुने द्वन्द्व हो ।

**(घ) राजनीतिक द्वन्द्व**

राजनीतिक द्वन्द्व राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्बीच, राजनीतिक दल, दबाब समूहमा एक-अर्काबीच हुने द्वन्द्व हो । यसमा राजनीतिक स्वार्थ निहित रहन्छ । नेपालमा माओवादीद्वारा

---

[२७] कटरिया, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ११, पृ. ३३ ।

[२८] कृष्णबहादुर भट्टचन, "नेपाल शान्ति सुशासन : सामाजिक सांस्कृतिक परिप्रेक्ष्य", **शान्तिको खोजी**, (काठमाडौँ : साप नेपाल, २०५८), पृ. ३१ ।

सञ्चालित सशस्त्र आन्दोलन वर्ग सङ्घर्ष हो भने तापनि उनीहरूबाट भएका विभिन्न क्रियाकलापका आधारमा सत्ताप्राप्तिका लागि भएको द्वन्द्व हो । २०६७ जेठ १४ गतेको माओवादीको बन्द, हडताल र भाषणबाट सत्ताका लागि सङ्घर्ष हो भन्ने प्रस्ट थियो ।

**(ङ) अन्तर्जातीय द्वन्द्व**

यो पति-पत्नीबीचको अन्तरद्वन्द्व, व्यवस्थापकीय र श्रमिकबीचको द्वन्द्व हो ।

**(च) बाह्य जातीय द्वन्द्व**

यो बाहिरबाट सिमाना प्रवेश गरी आउने हो । उदाहरणका रूपमा भारतबाट सिमाना अतिक्रमण भएकोलाई लिन सकिन्छ ।

**(छ) सामुदायिक र गैरसामुदायिक द्वन्द्व**

विभिन्न किसिमका समुदायबीच भएको झैझगडाले द्वन्द्वको रूप लिन्छ ।

**(ज) अतिवाद तथा हिंसात्मक र कूटनीतिक तथा अहिंसात्मक द्वन्द्व**

भारतको कश्मीर मुद्दा लिन सकिन्छ ।

**(झ) मूल्य मान्यता द्वन्द्व**

यो सामाजिक मूल्य मान्यता, जस्तै असमानता, छुवाछूत लैङ्गिक भेदभाव आदि विरुद्धको द्वन्द्व हो । नेपालमा माओवादी द्वन्द्व फस्टाउनमा मुख्य सहयोगीको रूपमा छुवाछुत, जातपात र सामाजिक मूल्य मान्यता हो । यसमा परस्पर सम्झौताको कूटनीतिक चाल पनि प्रयोग गरिन्छ ।

**(ञ) निरङ्कुश द्वन्द्व**

यो तानाशाही प्रवृत्तिको द्वन्द्व हो । यसलाई उदाहरणका रूपमा राणाशासन र पञ्चायती व्यवस्थालाई लिन सकिन्छ ।

**(ट) यथार्थ किमार्थ द्वन्द्व**

यो दलहरूबीच शक्तिका लागि हुने द्वन्द्व हो भने व्यक्तिगत रूपमा विरोधाभासका लागि हुने द्वन्द्व हो ।

**(ठ) वैधानिक र अवैधानिक द्वन्द्व**

कुनै सङ्घ-संस्थाले कानुनी आधारमा आफ्नो अधिकारका लागि गरेको द्वन्द्वमा सजातीयले सहयोग गर्छ भने त्यस्तो द्वन्द्व वैधानिक हो र कसैले व्यक्तिगत स्वार्थ पूरा गर्ने अभिप्राय राखी गरिने हिंसात्मक द्वन्द्व अवैधानिक हो ।

**(ङ) सांस्कृतिक द्वन्द्व**

यो धर्म, संस्कृतिको सम्बन्धमा हुने द्वन्द्व हो । भारतको राममन्दिर र बाबरी मस्जिदबीचको मुद्दा र नेपालमा हिन्दू धर्मावलम्बीबाट भएका विरोधहरू उदाहरणको रूपमा लिन सकिन्छ ।

### २.४.५ सशस्त्र द्वन्द्वको अवस्था

द्वन्द्वका विभिन्न रूपहरू वा अवस्थाहरू हुन्छन् । द्वन्द्वका प्रमुख अवस्थाहरू निम्न बमोजिम छन् :

**(क) सुषुप्त र अदृश्य द्वन्द्व**

यो अवस्थामा द्वन्द्व सुषुप्त हुन्छ । यो बेला एक अर्को पक्षसँगको सम्बन्धमा असहजता हुनु र एक अर्कोबीचको सम्पर्क र सम्बन्धको चाहना नहुने, टाढै रहने स्थिति आदि पर्छन् । द्वन्द्वको विकास भइसकेको हुन्छ तर स्पष्ट रूपमा देखिँदैन । यस्ता द्वन्द्व उचित समय र परिस्थिति पाउनासाथ खुल्ला द्वन्द्वमा परिणत हुन सक्छन् ।

**(ख) द्वन्द्वको चुनौतीपूर्ण सम्भावना**

यो सुषुप्त अवस्था द्वन्द्वपश्चात्को अवस्था हो तर खुल्ला रूपमा आइनसकेको अवस्था हो । यो बेला दुवै पक्षबीचको सम्बन्ध चिसिँदै जाने, एक पक्षले अर्को पक्षलाई दबाब सृजना हुने खालका गतिविधिहरू गर्ने, मोर्चाबन्दी सुरु हुने र भावी द्वन्द्वका लागि आवश्यक स्रोत र साधनको जोहो गर्ने जस्ता गतिविधिहरू पर्दछन् ।

**(ग) खुल्ला द्वन्द्व**

यो समाजमा खुल्ला रूपमा देख्न सकिने अवस्था हो । यसमा एक-अर्काको विरुद्ध आरोप-प्रत्यारोप, पक्ष-विपक्ष, प्रहरी प्रशासन, गाली-गलौज आदिजस्ता क्रियाकलाप देखापर्छ । यो अवस्थामा अहिंसात्मक द्वन्द्व हिंसात्मक द्वन्द्वमा परिणत भएर जान्छन् ।

**(ग) अहिंसात्मक द्वन्द्व**

यो व्यक्तिगत, पारिवारिक र सामाजिक सङ्गठनहरूमा प्रायः हुने हिंसा हो । महात्मा गान्धीले राष्ट्रिय राजनीति मुद्दाको लागि अहिंसात्मक हिंसा नै व्यवहार र प्रयोगमा ल्याएका थिए । उनले अहिंसात्मक युद्ध सम्बन्धमा आफ्नो धारणा अभिव्यक्त गरेका छन् ।

**(घ) हिंसात्मक द्वन्द्व**

द्वन्द्वको उच्चतम रूप हो हिंसात्मक द्वन्द्व । यो अवस्थामा द्वन्द्वमा संलग्न पक्षहरू एक-अर्का विरुद्ध आफूले सकेसम्मका अस्त्रहरूको प्रयोग गर्दछन् । परिणाम हत्या, हिंसा र क्षति हुने गर्दछ । द्वन्द्वरत पक्षहरू प्रत्यक्ष सम्पर्कमा रहँदैनन् । उनीहरूबीच आरोप-प्रत्यारोप र आक्षेप लगाउने कार्य मात्र हुन्छ । हिंसात्मक द्वन्द्वको प्रकारलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

हिंसात्मक द्वन्द्व तीन किसिमका हुन्छन्, जसमा- (अ) सामाजिक हिंसा (Social Violence), (आ) सशस्त्र द्वन्द्व (Armed conflict) र (इ) युद्ध (War) ।

**(अ) सामाजिक हिंसा**

खुल्ला द्वन्द्व अवस्थाबाट हिंसात्मक द्वन्द्व वा सशस्त्र द्वन्द्व देखापर्छ । खुल्ला रूपमा देखिएका द्वन्द्वलाई समयमै उचित व्यवस्थापन गरिएन भने त्यसले हिंसात्मक रूप ग्रहण गर्छ । झिनामसिना कुराले हिंसाको रूप लिँदै गएपछि सशस्त्र हिंसामा परिणत हुन्छ । समाजमा हिंसा र प्रतिहिंसाले जन्म लिन सुरु गर्छ । समाज दुई पक्षमा विभाजन हुन्छ । अऊ सशस्त्र हिंसाले युद्धको रूप लिन्छ । नेपालमा देखिएको माओवादी जनयुद्ध आन्दोलन, अफ्रिकी राष्ट्रहरूमा गोरा-काला वा श्रीलङ्का लगायतका देशमा भएका द्वन्द्व यही कारणबाट उग्र हुन पुगेक हुन् ।

**(आ) सशस्त्र द्वन्द्व**

सामाजिक हिंसाको उग्र रूप सशस्त्र द्वन्द्व हो । समाजमा दुई विपरीत विचारबीच हुने सामान्य ऊपडदेखि उग्र रूपसम्मको सशस्त्र युद्ध हुन जान्छ । विपक्षीहरू आफ्नो स्वार्थसिद्ध गर्न हतियार उठाउँछन् । सशस्त्र द्वन्द्व गरेको कुरा इतिहास साक्षी छ । सोही अनुरूप नेपालमा माओवादीहरूले चलाएको जनयुद्धको रूप यही द्वन्द्व हो ।

**(इ) युद्ध**

सशस्त्र द्वन्द्वको उचित व्यवस्थापन वा सम्बोधन समयमै हुन सकेन भने कालान्तरमा युद्धमा परिणत हुन्छ । समाज विखण्डन हुने सम्भावना रहन्छ । भारतको कश्मीर मामिला,

अफ्रिकाको ग्वाटेमाला, अफगानिस्तान, श्रीलङ्का, इराक वा क्यूवाजस्ता थुप्रै विश्वमा चलिरहेका युद्धलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

द्वन्द्वलाई यी बाहेक अन्य ढङ्गले पनि वर्गीकरण गर्न सकिन्छ । द्वन्द्वका मुख्यतया दुई कारण हुन्छन्- प्रथमतः देख्न सकिने तत्कालीन (visible, proximate and immediate) र दोस्रो अदृश्य, संरचनात्मक र अन्तर्निहित (invisible, structural and underlying) । यी दुवै परस्पर मिलेर रहे तापनि द्वन्द्व सृजना तथा समाधानमा संरचनात्मक कारणहरूको स्थान बढी महत्त्वपूर्ण हुन्छ । कौटिल्यले खुल्ला युद्ध (Open war), गुप्त युद्ध (Concealed war) र मौन युद्ध (Silent war) गरी तीन किसिमको युद्ध बताएका छन् ।

## २.५ सशस्त्र द्वन्द्वका प्रमुख कारण

एक व्यक्ति वा समूहले अर्को व्यक्ति वा समूहबाट नकारात्मक असर पुऱ्याएको महसुस गरेपछि द्वन्द्वको बीजारोपण हुन्छ । इच्छा र चाहनामा देखिने भिन्नता, अरूको व्यवहारमा देखिने फरक, शक्ति प्रयोगमा देखिने फरक, अन्यायपूर्ण देखिने विविधता, सामाजिक, आर्थिक असमान संरचना, धार्मिक अतिवाद, बाह्य शक्तिको हस्तक्षेप र प्रभाव, असफल शासक र पदलोलुपताहरूले द्वन्द्व सृजना गर्दछ । द्वन्द्व सृजना गर्नमा भूमिका खेल्न सक्ने पक्षहरू द्वन्द्वका अन्तर्निहित कारणहरू हुन् । सामाजिक/संरचनात्मक, आर्थिक र राजनीतिक पक्षहरू यसभित्र पर्दछन् । वास्तवमा यी पक्षहरूसँग सम्बन्धित असमानता नै द्वन्द्वका प्रमुख कारणहरू हुन् ।

### २.५.१ सामाजिक कारण

जातजाति, धर्म, लिङ्ग, क्षेत्रीय आधारमा गरिने भेदभाव, शोषण, स्रोत-साधन तथा अवसरमा असमान पहुँच, नियन्त्रण, भेदभावपूर्ण सामाजिक संरचना, रुढिवादी परम्परा, कुसंस्कारजस्ता विभिन्न कारणहरूले द्वन्द्वलाई निम्त्याइरहेको हुन्छ । सोही अनुरूप नेपालमा माओवादी सशस्त्र सङ्घर्षलाई उपर्युक्त कारणहरूले मलजल गर्ने काम गरेको पाइन्छ ।

### २.५.२ आर्थिक कारण

गरिबी, आधारभूत मानवीय आवश्यकता पूरा नहुनु, अर्थतन्त्रमा सीमित वर्गको नियन्त्रण, स्रोत र साधनको असमान वितरण, धनी र गरिबबीचको खाडल, रोजगारीको अभाव,

खस्कँदो अर्थतन्त्र आदि द्वन्द्वका आर्थिक कारण हुन् । सोही अवस्था नेपालमा विद्यमान आर्थिक भ्रष्टाचार, अनियमितताविरुद्ध माओवादी द्वन्द्वले उठाएको आन्दोलन सफल हुन सकेको हो ।

### २.५.३ राजनीतिक कारण

राजनीतिमा सबै जातजाति, लिङ्ग र वर्गको प्रतिनिधित्व नहुनु, स्वतन्त्र स्वच्छ र निष्पक्ष चुनाव नहुनु, प्रजातान्त्रिक संरचनाको अभाव, राजनीतिक अधिकारको उल्लङ्घन र राजनीतिक भ्रष्टाचार आदि राजनीतिक कारणअन्तर्गत पर्दछन् । नेपालमा राणाशासन, पञ्चायती व्यवस्था, २००७, २०४६ सालको बहुदल व्यवस्थासम्म राजनीति सत्ता ठालुहरूको हातमा निहित भएकोले माओवादीहरूले राजनीतिक भ्रष्टाचारविरुद्ध आन्दोलन सुरु गरेका हुन् ।

उपर्युक्त धारणाको आधारमा द्वन्द्वका विभिन्न कारण हुन्छन् ।

### २.५.४ व्यक्तिगत कारण

व्यक्तिगत कारण भन्नाले मानवका अनगिन्ती चाहना इच्छा, महत्त्वाकाङ्क्षाले गर्दा प्राप्तिमा लागि पर्दा, तुलनात्मक रूपमा अन्यभन्दा आफूले बढी प्राप्ति गर्न नपाउँदा, मूल्य मान्यता, विश्वासमा चोट पुग्दा, कार्यशैली, व्यवहार, आचरण, मानसिक तनाव, सूचना, सञ्चारलाई ग्रहण गर्ने क्षमता, प्रभाव, सैद्धान्तिक वैचारिक भिन्नता, दृष्टिकोणको प्रभाव, बुझाइ आदिजस्ता व्यक्तिगत कारणले द्वन्द्व सृजना गर्दछ । उदाहरणका लागि १०४ वर्षसम्म रहेको राणा शासन, ३० वर्षे पञ्चायती व्यवस्था, १४ वर्षे संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था, २०६२ को दोस्रो आन्दोलनपश्चात् भएको परिवर्तनमा पनि यो नियम लागू भएको देखिन्छ । पदलोलुपता, राज्य सत्ताको संरचना, प्रशासनिक संरचना, क्षमता, पारदर्शिता, नागरिकप्रतिको गैरजिम्मेवारी, विभेदपूर्ण क्रियाकलाप, सामाजिक, आर्थिक, धार्मिक संरचनागत कारणहरूले द्वन्द्व सृजना र विस्तार गर्न भूमिका निर्वाह गरेको देखिन्छ ।

### २.५.५ व्यवस्थित संरचनाको अभाव/संरचनागत कारण

द्वन्द्वको प्रमुख कारण राजनीति वा सैद्धान्तिक विचार विविधता हो । राजनीतिक युद्धको अर्थ कुनै निश्चित शब्दावलीमा व्यक्त गर्न कठिन छ । राजनीतिक दल, असमानता, अत्याचार, अन्याय, भेदभाव, व्यक्तिगत र दलगत स्वार्थ, भ्रष्टाचारको संस्थागत विकास, राजनीतिक अडान, शक्तिको दुरुपयोग, राज्यकोषको दुरुपयोग, विदेशी सहयोगमा भ्रष्टाचार,

कानुनी दुरुपयोग, संयन्त्र, राज्य समिति, दलगत स्वार्थमा खर्च तथा लगानी, राजनीतिक नियुक्ति तथा नातावाद, कृपावाद अपनाउने, सम्बद्ध व्यक्तिलाई अवसर नदिने, आफूमै सम्पूर्ण शक्ति सीमित राख्न खोज्नेजस्ता कारणले जनतामा उदासीनता वृद्धि हुन्छ । यसले गर्दा जनता आक्रोशित, आन्दोलित हुने र विद्रोहको विकास हुन्छ ।

लामो समयसम्म एकछत्रको हैकम चल्ने हुँदा कुनै वर्ग, समूह वञ्चित वा उपेक्षित हुँदा द्वन्द्व सृजना हुने सम्भावना रहन्छ । उदाहरणको लागि दलित वर्ग, जातजाति, महिला समूह आदिलाई उपेक्षा गरेको पाइन्छ । परिणामस्वरूप वर्तमानमा यी सम्पूर्ण उपेक्षित समूहले आफ्नो हकअधिकारका लागि आरक्षणको व्यवस्था, समावेशी, राज्यमा सहभागिताका लागि आवाज बुलन्द गर्दै आएका मात्र होइन, माओवादी द्वन्द्व सफल गराउन यी समूहको पूर्ण योगदान भएको पाइन्छ । राजनीतिक उद्देश्य प्राप्तिका लागि मतभिन्नता भई सुरु हुने द्वन्द्व वृद्धिले युद्धको रूप ग्रहण गर्छ । उदाहरणमा अफगानिस्तान, भियतनाम र फकल्याण्ड जस्ता युद्धलाई लिन सकिन्छ ।

### २.५.६ बाह्य हस्तक्षेपको कारण

द्वन्द्व सृजना र विस्तार गर्न बाह्य हस्तक्षेपले अहम् भूमिका खेलेको प्रशस्त उदाहरण पाइन्छ । द्वितीय विश्वयुद्धदेखि नै विश्वका कतिपय देशमा बाह्य हस्तक्षेपले द्वन्द्व चर्काउनमा मुख्य भूमिका खेलेको छ । उदाहरणका लागि भियतनाम, कोरिया, इराक, अफगानिस्तान, इजरायल आदि थुप्रै मुलुकहरू छन् । विपन्न र साना राष्ट्रमा सम्पन्न राष्ट्रहरूले राजनीतिक, आर्थिक रूपमा आफ्नो नियन्त्रणमा राख्न चाहन्छन् । बाह्य विद्रोही तथा आतङ्ककारी शक्तिले देशभित्रका विद्रोही तथा आतङ्ककारी सङ्गठनहरूलाई दिने सहयोग, धर्म प्रचार गर्न परिचालन गरेका स्रोत साधन, रणनीति, नयाँ विकासका अवधारणा, साना तथा विपन्न राष्ट्रलाई हेप्ने प्रवृत्तिको कारण द्वन्द्व सृजना तथा विस्तार गर्नमा ठूलो भूमिका निर्वाह गर्छ ।

उपर्युक्त कारणहरू बाहेक सञ्चार माध्यमले सूचनाका अभाव, भ्रामक सूचना प्रवाहले पनि द्वन्द्व चर्काउन मद्दत गर्दछ । सङ्गठनभित्रका मानिसहरूको बुझाइ, खाँचो, महत्त्वाकाङ्क्षा, सम्बन्धित समस्याको मूल्य, मान्यता, उद्देश्य र आकाङ्क्षासँग मेल नखाएपछि द्वन्द्व सृजना हुन्छ । यस्तो द्वन्द्व कर्मचारी कर्मचारीबीच, व्यवस्थापक र कर्मचारीबीच देखिन्छ ।

### २.५.७ विकाससँग सम्बन्धित कारण

राज्यबाट प्राप्त गर्नुपर्ने विकासका न्यूनतम सेवाहरू स्वास्थ, शिक्षा, खानेपानी आदिबाट वञ्चित रहेका गरिबी, अन्याय, अत्याचार र असमानताबाट पीडित जनताबाट विद्रोह सुरु हुन्छ । नेपालको सुदूरपश्चिम र कर्णाली क्षेत्र नेपालको सबैभन्दा अविकसित, पिछडिएको र उत्पीडित क्षेत्र हो । पश्चिममा भएको क्षेत्रीय उत्पीडन अन्त्य गर्ने उद्देश्यसहित २०५८ मा सेती-महाकाली क्षेत्रीय मुक्ति मोर्चाको गठन भयो । खाद्यान्न अभाव र विकास अभावका कारण विभिन्न मोर्चाहरू गठन गरी द्वन्द्वलाई सघाउन सहयोगी भएको थियो ।

### २.५.८ वैचारिक र सैद्धान्तिक कारण

वैचारिक र सैद्धान्तिक मतमतान्तरले राज्य सत्तामा पुग्न, अधिग्रहण गर्न, राज्य सत्ता परिवर्तन गर्न द्वन्द्वको बीजारोपण गर्छ । विश्वमा मुख्यतया दुई वैचारिक सिद्धान्त पुँजीवाद र साम्यवादको मतभिन्नताका कारण विश्व दुई ध्रुवीय अवस्थामा पुगेको थियो । नेपालमा सशस्त्र द्वन्द्वका विभिन्न कारणहरूमध्ये प्रमुख कारण वैचारिक सिद्धान्त हो ।

### २.५.९ जातीय महत्त्वाकाङ्क्षी कारण

विभिन्न जातजातिले आफ्नो महत्त्वाकाङ्क्षा पूरा गर्न प्रयोग गरिने द्वन्द्व नै जातीय द्वन्द्व हो । वर्तमानमा किर्गिज जातीय हिंसाले भयावह रूप लिएपछि किर्गिस्तानका अन्तरिम राष्ट्रपतिले दक्षिणी क्षेत्रमा फैलिएको जातीय दङ्गा नियन्त्रण गर्न रुसी सेनाको सहयोग मागेका थिए ।[२९] हिंसाका कारण हजारौँ महिला तथा बालबालिका उज्वेकिस्तानतर्फ भाग्नु परेको थियो । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । विभिन्न जात-जातिका राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा शोषण कायमै रह्यो । प्रजातन्त्रको स्वच्छन्द वातावरणको उपयोग गर्न पाएनन् । कम्युनिष्ट आन्दोलन यिनै मुद्दा लिएर सफल भएका हुन् ।[३०] नेपालमा पनि साम्यवादीले जातीय मुद्दालाई सम्बोधन गरेका थिए । जनयुद्ध सुरु भएपछि माओवादीले जातीय प्रतिनिधित्वलाई मान्यता दिँदै सँगै लिएर जाने रणनीति बनायो । त्यसै अनुरूप यी सम्पूर्ण जातिहरूको बेग्लाबेग्लै मोर्चा स्थापना भए । जस्तै दलित मोर्चा सदियौंदेखि चल्दै आएको छुवाछूत, अवहेलना र अन्याय विरुद्ध गठित मोर्चा हो ।

---

[२९] ए.एफ.पी. “रुससँग सैन्य सहयोग माग”, **नागरिक दैनिक**, (जेठ ३०, २०६७), पृ. ९ ।

[३०] सापकोटा, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २६, पृ. १६४ ।

त्यसैगरी अन्य विविध मोर्चाहरूको स्थापना भयो । यसबाट जनयुद्धलाई सघाउन सहयोग पनि भयो । समावेशी र सङ्घीयताको नाममा विभिन्न सङ्गठित मोर्चाले जातीय तथा क्षेत्रीय विभेदको समस्या उत्पन्न गरेका छन् ।

**२.५.१० अन्य कारण**

उपर्युक्त कारण बाहेक अन्य कारण पनि द्वन्द्वका लागि जिम्मेवार मानिन्छन् ।

**(क) शासकको धृष्टता**

शासकले जनहितमा कार्य नगरी अवैध सम्पत्ति आर्जन गर्न सुरु गर्छ भने जनताले विद्रोह सुरु गर्छन् । माओवादी समस्या प्रजातन्त्र असफलताको समस्या होइन । राज्य सञ्चालन र व्यवस्थापनमा देखिएका कमी कमजोरी, सरकार परिवर्तन, राजनीतिक अस्थिरता, सामाजिक विभेद, आर्थिक विपन्नता, बेरोजगारी आदिबाट उत्पन्न समस्या हो ।

**(ख) समाजको इच्छा**

प्रत्येक व्यक्तिले सम्मानित हुन चाहे पनि शासकले अनुचित रूपमा कसैलाई सम्मान प्रदान गर्छ, कसैलाई अपमानित गर्छ भने जनता असन्तुष्ट भई विद्रोह गर्छन् । राणा शासनमा १७ भाइभारदारमा अधिकार सीमित गरिएको थियो । सो पनि २००७ को जनआन्दोलनको एक कारण हो । मधेसी जनता उपेक्षित हुनका कारणबाट सङ्घीयताका लागि आन्दोलन भएको हो ।

**(ग) विशिष्टता (वरीयता)**

एक व्यक्ति वा ठालु समूहको हातमा सत्ता केन्द्रित रहन्छ र राजतन्त्र वा कुलीनतन्त्रको उदय हुन्छ भने यस्तो अवस्थामा शक्तिशाली हुने व्यक्तिलाई निर्वासित गर्ने प्रयास गरिन्छ भने सशस्त्र विद्रोह सुरु हुन्छ । २०१७ सालको पञ्चायती व्यवस्था लागू भएपछिको स्थितिलाई उदाहरणमा लिन सकिन्छ ।

**(घ) भय**

भय दुई कारणबाट हुन्छ । पहिलो अपराध गर्नेले सजायबाट भयभीत हुने र दोस्रो केही व्यक्तिलाई अन्याय हुने भय । यही दुवै भयको प्रतिकार स्वरूप विद्रोह सुरु हुन्छ ।

**(ङ) घृणा**

क्रान्तिको अर्को कारण घृणा हो । अल्पसंख्यकले बहुसंख्यकलाई तिरस्कार गर्छन् भने क्रान्तिको सुरुवात हुन थाल्छ ।

**(च) राज्यको कुनै भागमा अवाञ्छनीय वृद्धि**

राज्यको कुनै भागमा अनुपातभन्दा बढी असाधारण वृद्धिको कारण राज्यको सन्तुलन बिग्रन्छ र क्रान्तिको सुरुवात हुन्छ । जस्तै- ४८० ई.पू. इरानी युद्धपछि वैधानिक जनतन्त्र (Polity) प्रजातन्त्र (Democracy) मा परिणत भयो । यस युद्धमा गण्यमान्य पुरुष मारिए । श्रेष्ठजनको तुलनामा सर्वसाधारण अत्यधिक सङ्ख्यामा बढे । यसबाट राज्यको सन्तुलन बिग्रियो र शासनको स्वरूपमा परिवर्तन आयो । नेपालको पश्चिम भू-भागमा आफ्नो बाहुल्यको कारण माओवादीले जनसरकारको घोषणा गऱ्यो । यसलाई उदाहरणमा राख्न सकिन्छ ।

**(छ) निर्वाचनसम्बन्धी षड्यन्त्र**

निर्वाचन समयमा निर्वाचनसम्बन्धी षड्यन्त्रका कारण पनि क्रान्ति हुन सक्छ ।

**(ज) अल्प परिवर्तनको उपेक्षा**

ससाना परिवर्तनलाई उपेक्षा गरिन्छ भने क्रान्तिको सूत्रपात हुन्छ । उदाहरणमा राजनीतिक अधिकार, नोकरी, नियुक्ति, भर्ना आदिमा मधेसीको उपेक्षाको कारण नेपाल सङ्घीयतामा जानु पर्ने स्थिति सृजना भएको हो ।

**(झ) विभिन्न विजातीय तत्त्वको उपस्थिति**

राज्यमा विभिन्न जातजातिको उपस्थिति क्रान्तिको कारण हुन्छ । उदाहरणमा अफ्रिकी देश रुवाण्डाको हुतु र तुत्सीबीच जातीय द्वन्द्व, ग्वाटेमालाजस्ता ठाउँहरूमा गोरा र काला, श्रीलङ्कामा तमिल र सिंहाली, नेपालमा विभिन्न जनजातिका कारण आन्दोलनको स्थिति उत्पन्न भएको हो ।

**(ञ) पारिवारिक विवाद**

शासकहरूबीच क्षुद्र पारिवारिक घटनाका कारण क्रान्तिको सम्भावना रहन्छ । नेपालमा 'दरबार काण्ड' (स्व. राजा वीरेन्द्रको वंश समूल नष्ट) लाई लिन सकिन्छ । सो काण्डका कारण जनता उत्तेजित भएका थिए ।

### (ट) राज्यको कुनै भागमा शक्तिमा वृद्धि

कुनै विभागमा शक्ति अत्यधिक वृद्धि हुन्छ भने अन्य विभागले ईर्ष्या गर्न थाल्छ । शक्तिशालीको अहम् र सानोको अपमानका कारण पनि क्रान्ति हुन्छ ।

### (ठ) विरोधी वर्ग

राज्यमा परस्पर विरोधी वर्गको उपस्थिति क्रान्तिको कारण हुन सक्छ । श्रीलङ्काको गृहयुद्धलाई उदाहरणका रूपमा लिन सकिन्छ । दुवै वर्ग समान र सबलको अवस्थामा सङ्घर्षको स्थिति उत्पन्न भएको हो ।

### (ड) विशिष्ट शासन प्रणालीमा क्रान्तिको विशिष्ट कारण

विभिन्न शासन प्रणालीमा हुने क्रान्तिको कारणलाई अरस्तुले उल्लेख गरेका छन् ।

प्रजातन्त्रमा धनी वर्गमा अतिरिक्त कर थोपर्दा, नेताले सम्पूर्ण सत्ता आफ्नो हातमा लिँदा, धनिकतन्त्रमा निर्धनलाई दुःख दिँदा, कुलीनतन्त्रमा प्रतिभाशाली व्यक्तिको अपमान, अल्पसंख्यकको शासन, आफू मात्र सक्षम भन्ने अनुभूति हुँदा, राजतन्त्रमा निरङ्कुश हुने, आन्तरिक झगडा आदि कारणहरूले गर्दा क्रान्तिको सूत्रपात हुन्छ ।

## २.६ महिलाको सम्बन्धमा सामाजिक-सांस्कृतिक दृष्टिकोण

महिलाप्रति विभिन्न सामाजिक-सांस्कृतिक दृष्टिकोण र विचारहरू पाइन्छन् । महिला एक गर्भ हो, एक अण्डाशय हो र एउटा महिला हो । परिपक्व मानव जोसँग दुईवटा गुण सूत्र हुन्छन् ।[३१] महिलाको परिभाषा गर्दा पुरुषहरूबाट यिनै अपमानजनक शब्दहरू निस्कन्छन् । वास्तवमा स्त्री पैदा हुँदैन र त्यसलाई स्त्री बनाइन्छ ।[३२]

पुरुष आफ्नो पाशविक प्रवृत्तिका लागि लज्जित हुँदैन । बरु पुरुष भएकोमा अभिमान प्रदर्शन गर्छ । महिला हुनु पुरुषका लागि एक विद्वेषपूर्ण स्थिति हो । महिला सुस्त, चञ्चल, बेबकुफ, कठोर, क्रूर र वासनात्मक केही पनि हुन सक्छे । अरस्तुले स्त्रीलाई एक निष्क्रिय पदार्थ मानेका छन् र पुरुषलाई शक्ति, गति र जीवन मानेका छन् ।[३३]

---

[३१] प्रभा खेतान, **स्त्री उपेक्षिता**, (दिल्ली : सरस्वती विहार और हिन्द पाकेट बुक्स प्रा.लि., इ. १९९८), पृ. ३२ ।

[३२] **ऐजन,** पृ. ५५ ।

[३३] **ऐजन** ।

आज महिलासँग उसको यौन बाहेक अन्य कुनै हतियार छैन; परिणामस्वरूप कहिले प्रेम, कहिले घृणा र कहिले एक देशभक्तको स्वरूप धारण गर्छन् भन्ने धारणा पाइन्छ । पुरुष र महिलाबीच शारीरिक भिन्नताका अतिरिक्त अन्य कुनै स्थायी भिन्नता सम्भव छैन । विहीनताको क्षतिपूर्तिका लागि प्रजनन चाहन्छन् । फ्रायडले यसलाई 'केस्ट्रेशन कम्प्लेक्स' भनेका छन् । महिलाले पुरुषको कहिले आमा, कहिले पत्नी र कहिले प्रेमिकाका रूपमा जेलरको भूमिका निर्वाह गरिरहेका हुन्छन् । मनुका अनुसार महिला विवाहअघि पिता, विवाहपश्चात् पति र वृद्धावस्थामा पुत्रका अधीनमा हुन्छन् भन्ने भनाइको बाबजुद फ्रायडले यसको प्रतिकूल मोड दिएका छन् तर वर्तमानमा महिला स्वाधीनताले अर्कै मोड लिएको छ ।

महिलाले समाजबाट थोरै लिन्छन्; धेरै दिन्छन् । प्राणीलाई प्रेम र पालनपोषण गरी मनुष्य बनाउनका लागि उत्पादन गर्ने प्राणी हो महिला, महिलाले पुरुष जन्माउनु समाजका लागि ठूलो देन हो । महिलाको अभावमा पुरुष जन्मको सवाल उठ्थ्यो वर्तमानमा पुरुषलाई महिलाले बन्दी बनाइरहेका छन् । पुरुषलाई बन्दी बनाउनुभन्दा महिला स्वयम् स्वाधीन बन्न चाहन्छन् । महिला भएर जन्म लिनु दुर्भाग्य हो ? चिरकालदेखि यही परम्परा चल्दै आएको छ । तर अब यसले क्रमिक रूपमा यसले नयाँ मोड लिँदै छ । महिला एक चालक हो जसले आफ्नो परिवारलाई डोऱ्याउने कार्य गर्छन् । महिला गुरु, शिक्षक, आमा, पत्नी, प्रेमिका, मित्र सबै किसिमको भूमिका निर्वाह गर्न सक्ने एक परिपक्व मानव हो । चित्रकारले महिलालाई बहुआयामिक व्यक्तित्वको रूपमा चित्रण गर्न सक्छ । महिलाको सम्बन्धमा निम्नानुसार अभिव्यक्तिहरू पाइन्छ :

१. "कमजोरीको दोस्रो नाम नारी हो ।"[३४] - विलियम शेक्सपियर

२. "संसारदेखि अपरिचित हुनुमा नै नारीको इज्जत छ, पतिको सम्मान गर्नमा उनको गौरव छ, परिवारको खुशी नै उनको खुशी हो ।"[३५] - रुसो

३. "नारी एक आश्रित प्राणी हो ।"[३६] -माइकलेट

---

[३४] शिवमाया तुम्बाहाम्फे, **नेपालमा महिला आन्दोलन,** (काठमाडौं : अखिल नेपाल महिला संघ, २०५९), पृ. ७ ।

[३५] **ऐजन**, पृ. ७ ।

[३६] अमरनाथ, **नारीका मुक्ति संघर्ष**, (गोरखपुर : जनवादी लेखक संघ, इ. १९९१), पृ. १२ ।

४. "पुरुषले खेल खेल्छ, महिलाले गणना गर्छे।"[३७] - रोगर वोडिस

५. "महिला ईश्वरको दोस्रो भूल हो।"[३८] - फ्रेडरिक नित्से

६. "महिला जन्मिदैन तर उसलाई महिला बनाइन्छ।"[३९]- साइमन डि विओभियर

७. "सबै महिलाहरू उनीहरूका आमा जस्ता हुन् तर यो दुःखको कुरा हो कि कुनै पुरुषले आफ्नो ठान्दैनन्।"[४०] - ओस्कर वाइल्ड

८. "पुरुषभन्दा महिला धेरै राम्रा हुन्छन्, त्यसकारण उसलाई बढी मन पराइन्छ यो कुनै आश्चर्य होइन।"[४१] - किङ्गसले अनुसा बुक्स

९. "महिलासँग गर्न मात्र तीन थोक छ- प्रेम, पीडा र पढाइ।"[४२]- लोरेन्सडूरेल जसलिन

१०. "यदि सबै मनुष्य स्वतन्त्र भएर जन्मन्छन् भने महिला दास भएर किन जन्मन्छन्।"[४३] - मेरी एसटेल

११. "एक जना महिलाले एउटा पुरुषको जीवनमा महत्त्वपूर्ण भूमिका (श्रीमती, शिक्षिका र केटी साथी) निर्वाह गर्छे तर पुरुष एउटी महिलाप्रति विश्वासिलो हुन्छ।"[४४]- एलिजाबेथ क्याडी

उपर्युक्त परिभाषा विश्लेषण गर्दा महिलाप्रति सकारात्मक धारणा विकास भएको पाइँदैन। पुरुष जन्माउने महिला हो तर मूर्ख, आँखा पछाडि भएको लाञ्छना महिलालाई लगाइन्छ। पुरुषलाई जन्माउनु महिलाले मुर्ख्याइँ गरेको हो ? जबसम्म महिला बन्धनमा तबसम्म स्वनिर्भर हुनै सक्तैनन्। वास्तवमा पुरुष उच्च, महिला निम्न, पुरुष शासक, महिला शासित अवस्थामा रहेका छन्। महिला स्वभावतः अपूर्ण छ किनभने महिलाले वीर्य उत्पादन गर्न सक्तैन[४५] भन्नेजस्ता भनाइ अरस्तुको पाइन्छ। यस्तो हो भने पाठेघरविनाको पुरुष पूर्ण

---

[३७] डब्ल्यूडब्ल्यूडब्ल्यू.हिमसे.ओआरजी.यूके/वुइमिन.हटमेल।

[३८] डब्ल्यूडब्ल्यूडब्ल्यू.सेड ह्वाट.कम यूके क्वेस्टफेभरेट।

[३९] आजम.कम.द सेकेन्ड सेक्स।

[४०] डब्ल्यूडब्ल्यूडब्ल्यू. अलग्रेट कोट्स. कम/फनी.कोट्स १०३. एसएचटीमेल।

[४१] डब्ल्यूडब्ल्यूडब्ल्यू.इन्टर साइन्स.विली.कम/जर्नल/१२०३०६८९/आर्टिकल्स.।

[४२] **ऐजन**।

[४३] डब्ल्यूडब्ल्यूडब्ल्यू. पिन. नेट/सनसाइन बुक सम/एसटेल २ हटमेल।

[४४] डब्ल्यूडब्ल्यूडब्ल्यू. लर्निङ्ग कर्भ.गभ. टू. यूके।

[४५] खेतान, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ३१, पृ. ३२-४४।

कसरी हुनसक्छ ? यस्तो भिन्नता कसैको कमजोरी होइन, प्राकृतिक विभेदता हो । महिलाले पुरुषलाई आफ्नो मित्र, भाइ र छोराको नाता जोडे पनि पुरुषले महिलाप्रति विश्वास बनाउन सक्तैन । प्रत्येक सुन्दर चिजलाई सबैले मन पराउँछ, त्यस्तै महिला पनि सुन्दर भएकोले मन पराइएको हो । तुलसीदासले त यहाँसम्म भने कि –

ढोल, गवाँर, पशु, शूद्र नारी ।
ए है सब ताडन कि अधिकारी ।[४६]

यस्ता व्यक्तित्व तुलसीदास हिन्दू धार्मिक ग्रन्थ रामायण रचना गर्न महिलाको प्रेरणाबाट सफल भएका हुन् । महिला निष्क्रिय प्राणी होइन, महिलाले स्वर्ग बनाउन सक्छन् भने विनाश विध्वंस र नर्क बनाउन पनि सक्छन् ।

महिला अभाव, अपमान, सम्मानहीन र कुण्ठित जीवन बाँचिरहेका छन् । पोथी बासेको, पढे पोइल जाने, हाँसे चरित्रहीन हुने, वृद्धा भएमा बोक्सी, होच्याउने, खिज्याउने, पुत्र प्राप्तिका लागि महिलालाई उपयोग गर्ने कुराबाट प्रताडित महिला आन्दोलित हुँदै सङ्घर्षमा ओर्लेका हुन् । पितृसत्तात्मक समाजको उपजमा महिलाप्रति नकारात्मक अवधारणा विकसित भएको पाइन्छ । महिलाहरू सामाजिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक आदि क्षेत्रमा उपेक्षित हुँदै जाँदा आन्दोलित भएका हुन् । पुरुषले रचेको युद्धमा परापूर्व कालदेखि महिलाले अहम् भूमिका निर्वाह गर्दै आएका छन् तर इतिहासमा उजागर हुने मौका पाउँदैनन् । वर्तमानमा महिला मुक्तिका लागि उनीहरू अग्रसर भएका छन् । आर्थिक सङ्घर्ष महिला आन्दोलनको पहिलो खुड्किलो हो । आर्थिक स्वतन्त्रताको अभावमा महिला स्वतन्त्रता अमूर्त तथा सैद्धान्तिक मात्र हुन्छ ।

## २.७ सशस्त्र द्वन्द्व र सेनामा महिलाको भूमिका

महिलाहरूले मुक्तिका लागि विभिन्न ढङ्गले आन्दोलन गर्दै आएका छन् । उनीहरू पुरुषसरह हकअधिकारका लागि सङ्घर्षरत छन् । उनीहरूको आन्दोलन स्वरूप विभिन्न सन्दर्भबाट पर्गेल्न सकिन्छ ।

### २.७.१ विश्वका विभिन्न देशमा भएका जनआन्दोलनमा महिलाको भूमिका

विश्व सशस्त्र सङ्घर्षमा महिलाहरूको भूमिका रहेको छ तर अप्रत्यक्ष रूपमा युद्धमा सहयोगी मात्र हुने भएकोले उनीहरूको उल्लेख भएको पाइँदैन । उदाहरणका लागि योद्धाका

---

४६ जगदीश चन्द्र हसीजा, **महिला सशक्तीकरण,** (शान्तिवन आवुरोड : ओम शान्ति प्रेस, इ. २००१), पृ. १८ ।

लागि लत्ताकपडा सिलाउने व्यवस्था गर्ने, खानाको व्यवस्था गर्ने, सूचना सङ्कलन तथा ओसारपसार, औषधि उपचार गर्ने जस्ता सहायकको भूमिका निर्वाह गर्दथे । भियतनामका कम्युनिष्ट नेता हो चि मिन्हले महिलालाई युद्धको 'पावर हाउस' को रूपमा व्याख्या गरेका छन् ।[४७] विश्वका सवै समाजवादी क्रान्तिहरूमा महिला सहभागिता उल्लेखनीय छ ।

आदिम युगदेखि जनजाति बहुल्य भएको स्थानमा महिलाहरू हतियार लिएर युद्धमा सहभागी भएको पाइन्छ । अफ्रिकाको अमोजन अधिराज्यमा राजाको सेनामा महिला पनि भर्ना गराई पुरुष महिला दुवै लडेको उदाहरण पाइन्छ ।[४८] प्रथम र दोस्रो विश्वयुद्ध अघि र पछि हातहतियारसहित महिलाहरू युरोपेली, अफ्रिकी, भियतनाम, चीन, कोरिया, पेरु, फिलिपिन्स, ग्वाटेमाला, भारत र श्रीलङ्काका युद्धमा प्रत्यक्ष अप्रत्यक्ष सहभागी भएका उदाहरणहरू प्रशस्त पाइन्छन् ।

दोस्रो विश्वयुद्ध कालमा महिला लडाकु चेतनाबाट आत्तिएर हिटलर र मुसोलिनीले विरोधी महिलाहरूलाई देश निकाला गर्ने, चुप लागेर भान्सामा फर्क भन्ने आदेश दिएका थिए । अमेरिकामा इ. १८४८ मा महिला अधिकारबारे सचेत गराउन श्रीमती लुकेर्टिया मोटो (Lucertia Moto), श्रीमती एलिजाबेथको नेतृत्वमा धार्मिक अधिकार र सामाजिक खराबी (Social Evils and Religious Right of Women) भन्ने विषयमा घोषणापत्र तैयार गरी हस्ताक्षर अभियान चलाई आन्दोलन गरेका थिए । इ. १८३३ मा एम्मा विलार्ड शिक्षाका लागि जुर्मुराएकी थिइन् । इ. १८५७ मा कपडा कारखानाका महिलाहरूले कामको घेरा (Working Hour), तलब वृद्धिका लागि एलिजाबेथ मिलर, लुसी स्टान आदिले नेतृत्व लिएका थिए । त्यसैगरी आर्थिक समानताका लागि शिकागोमा महिलाहरूको ठूलो पङ्क्तिले विरोध प्रदर्शन गरेका थिए । महिला घरेलु हिंसाका विरुद्ध जान सक्दैनन्, कमजोर महिला सेनामा भर्ना हुन सक्दैनन्जस्ता भनाइका विरुद्ध राज्यपक्षबाट हुने यातना, दबाब, बलात्कारका साथै अन्य विविध कारणबाट महिला राजीखुशीका साथ चुनौती दिँदै आन्दोलनको विषयलाई वैचारिक समर्थनका साथ युद्धक्षेत्रमा सैन्य कार्यमा सहभागी हुन जान्छन् । जेनी, रोजा लक्जमबर्ग, बेनजिर भुट्टो र झाँसीकी रानी आफ्नो बच्चालाई पिठ्युँमा बोकी घोडामाथि

---

४७ हिसिला यमी, **पिपल्स वार एण्ड वुइमिन लिब्रेशन**, (काठमाडौं : जनध्वनि प्रकाशन, इ. २००७), पृ. ५३ ।

४८ सुमन मास्के, "विस्थापित पत्रकारको डायरीबाट", **कान्तिपुर,** (२०६५ चैत्र २१), पृ. ७ ।

बसेर घोडसेनाको रूपमा अन्तिम समयसम्म युद्ध गरिन् । [४९] जलियावाल बाग हिन्दू मुस्लिम दङ्गामा आतङ्ककारीविरुद्ध सबै हिन्दु महिलाहरू कुवामा हाम फालेर ज्यान दिएका थिए ।

नेपालको सन्दर्भमा भन्नुपर्दा नेपाली महिला मुक्ति आन्दोलनकी जन्मदाता विद्रोही महिला १८६४ सालमा भोजपुर जिल्लाको नेपाले डाँडामा जन्मेकी योगमायाले रूढिवादले ग्रस्त समाजमा परिवर्तन ल्याउन आन्दोलन गरिन् । अन्तमा इ. १९४१ मा उनीसहित ४० जनाले अरूण नदीमा हामफालेर राणाशासनविरुद्ध ज्यानै अर्पण गरे । योगमायासहित स्व. वी.पी. कोइरालाकी माता श्रीमती दिव्या कोइराला, स्व. क. मनमोहन अधिकारीकी माता पूर्णकुमारी अधिकारी, मातृका कोइरालाकी माता मोहनकुमारी देवी, श्रीमती मैयानानी, श्रीमती कान्छी नानी, श्रीमती पोषणमाया देवी घुम्टो प्रथा, योगमायाले कविता, मेलवादेवीले गायन, दुर्गादेवीले शिक्षण, तुलसादेवी शर्माले गान्धी आश्रममा संलग्न भएर महिला जागरणमा योगदान पुऱ्याएका थिए । वि.सं. १९९३ मा चन्द्रकान्ता मल्लले शिक्षाका लागि विद्यालय सञ्चालन गरेको जस्ता विद्रोही कार्यका साथ राणाकालमा आन्दोलनकारीहरूको सुरक्षा दिने कार्य गरेका थिए । क्रमशः द्वारिकादेवी ठकुरानी, आधुनिक युगमा मंगलादेवी, सहाना प्रधान र शैलजा आचार्यले राष्ट्रका लागि स्वयम्लाई समर्पण गरेका छन् ।[५०]

२०५२ फागुन १ तदनुसार १९९६ फरवरी १३ मा नेपालको मध्यपश्चिमको पहाडी जिल्लाबाट सशस्त्र सङ्घर्ष घोषणा गऱ्यो । उक्त सङ्घर्षले सिङ्गै देशलाई प्रभावित बनायो । लेनिनको भनाइअनुसार क्रान्तिको सफलता त्यस क्रान्तिमा महिलाको सहभागिताले निर्धारण गर्छ ।[५१] लेनिनले भने जस्तै नेपालको जनयुद्धको सफलताका पछाडि महिलाहरूको महत्त्वपूर्ण भूमिका थियो ।

### २.७.२ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा महिला सेना

इन्टरनेशनल इन्स्टिटच्यूट फर स्ट्राटेजिक स्टडिज, दि मिलिटरी ब्यालेन्स (१९९८/९९) अक्सफोर्ड युनिभर्सिटी प्रेस १९९८ को जेन्डर, पिस एण्ड कन्फ्लिक्ट पुस्तकमा संसारका २५ मुलुक अस्ट्रेलिया, बाहमास, बेलारूस, बेल्जियम, ब्रुनाई, क्यानडा, चीन, साइप्रस, डेनमार्क, फिनल्याड, फ्रान्स, जर्मनी, ग्रीस, भारत, आयरल्याण्ड, जापान,

---

[४९] हिसिला यमी र बाबुराम भट्टराई, "के महिलाहरू शारीरिक रूपले नै कमजोर हुन्", **मार्क्सवाद र महिला मुक्ति**, (काठमाडौ : टु लाइन पब्लिकेशन प्रा.लि., २०५७), पृ. १४ ।

[५०] यशोदा अधिकारी, **संसार हल्लाउने महिलाहरू,** (काठमाडौँ : ऐरावती प्रकाशन, २०६६), पृ. ९-१५२ ।

[५१] सापकोटा, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २६, पृ. ६३ ।

नेदरल्यान्ड्स, पोर्चुगल, नर्वे, रूस, दक्षिण अफ्रिका, स्पेन, श्रीलङ्का, बेलायत र अमेरिका आदिको सेनामा महिला उपस्थिति पाइन्छ । उक्त पुस्तकमा दिइएको तथ्याङ्कअनुसार राष्ट्रिय सेनामा महिला सहभागिता निम्नुसार पाइन्छ :[५२]

**तालिका नं. २.१**

**विश्वमा महिला सेना**

| क्र.सं. | देश | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | दक्षिण अफ्रिकामा | १६,९९८ | २४.३% |
| २. | अमेरिकामा | १,९९,००० | १४.५% |
| ३. | रुसमा | १,४५,००० | १४.४% |
| ४. | न्यूजिल्याण्डमा | १,९२० | १४.४% |
| ५ | भारतमा | २०० | ०.०२% |

***स्रोत :*** क्षेत्री, अन्जु. "पुरुषले रचेको युद्ध मैदानमा महिला," **महिला, शान्ति र पुनर्सरचना**, काठमाडौं : अस्मिता महिला प्रकाशन समूह, २०६६, पृ. ४७-४८ ।

उपर्युक्त तालिकाअनुसार दक्षिण अफ्रिकामा महिला सेनाको सहभागिता २४.३% अन्य राष्ट्रको अनुपातमा बढी देखिन्छ र भारतमा सबैभन्दा कम ०.०२% अर्थात् १% सम्म पनि महिला सहभागिता नभएको देखिन्छ । अति विकसित राष्ट्र अमेरिकामा मात्र १४.५% महिला सहभागिता देखिन्छ ।[५३]

नेपालमा शाही सैनिक ऐन १९६० को दफा १० अनुसार सेनामा महिला भर्तीमा प्रतिबन्ध लगाइएको थियो । २०१८ सालदेखि यो नियम फुकुवा गरी सेनामा महिला भर्नाको प्रावधान राखियो । २०१८ मा सर्वप्रथम सेनामा परिचारिका (Nurse) र २०२६ मा महिला चिकित्सक भर्ना गराइयो । अहिले ५२ भन्दा बढी महिला चिकित्सकका रूपमा कार्यरत छन् । चिकित्सकको पद ब्रिगेडियर जनरल सरह हुन्छ । २०५५ देखि सेनाको कानुन विभागमा महिला भर्ना कायम गराइयो । २०६० देखि नेपाली सेनामा पोलिस, सिग्नालार्स, अफिस रनर्स, आर्मी ब्याण्ड, मिलिटरी ड्राइभर्स, मिलिटरी क्लर्क दरबन्दी कायम गरेको छ । नेपाल

---

[५२] अन्जु क्षेत्री, "पुरुषले रचेको युद्ध मैदानमा महिला," **महिला, शान्ति र पुनर्सरचना**, (काठमाडौं : अस्मिता महिला प्रकाशन समूह, २०६६), पृ. ४७-४८ ।

[५३] **ऐजन,** पृ. ४७ ।

प्रहरीमा ६ प्रतिशत र सशस्त्र सेनामा केवल ३ प्रतिशत महिलाहरू छन् ।[५४] जम्मा ९२,७५३ नेपाली सैनिकमध्ये १,३६४ महिला सैनिक छन् ।[५५]

### २.७.३ माओवादी आन्दोलनमा महिला जनसेना र सैन्य संरचनामा महिलाको स्थिति

रूसी क्रान्तिकारी लेनिनको भनाइलाई आत्मसात गरी सोही नीतिअनुसार पिछडिएका वर्गहरूमध्ये एक वर्ग महिलालाई माओवादी जनसेनामा प्रवेश गराइयो । माओवादीले बढीभन्दा बढी महिलाहरूलाई सङ्गठन र सेनामा आबद्ध गर्दै जाने नीति बनाएको थियो ।[५६]

रिभोल्युशनरी वर्कर (Revolutionary worker 'R') लि अनेस्तोलाई क. प्रचण्डले दिएको अन्तर्वार्ताअनुसार माओवादी स्वयम् युद्ध सुरुआत गरुन्जेल महिला सवालप्रति संवेदनशील हुनसकेको थिएन । किनभने समाज पितृसत्तात्मक, सामन्तवाद संरचनाको कारण यसतर्फ ध्यानाकर्षण भएको थिएन, यो हाम्रो कमजोरी हो । युद्धको पहिलो वर्षपछि महिलाको चाहना, बहादुरी क्षमता, योगदानको मूल्याङ्कनको आधारमा यसतर्फ ध्यानाकर्षण भएको हो । परिणामस्वरूप प्रत्येक शिविरमा पदसहित महिलालाई संलग्न गराइएको छ । जनयुद्धको उपल्लो तहदेखि तल्लो तहसम्म महिला सेना समावेश गराइएको छ (परिशिष्ट १२) ।[५७]

जनयुद्धको घोषणा गर्दा १९ जनाको केन्द्रीय समितिमा एकजना केन्द्रीय सदस्य महिला थिइन् र एक सयजना अगुवा कार्यकर्ताहरूमा एक दर्जनजति महिला थिए । विभिन्न प्रहरीचौकीमा कारबाही गर्दै जाँदा महिला सहभागी भएका थिए । जनयुद्ध बढ्दै जाँदा खासगरी पश्चिम पहाडका मंगोलियन जनजातिका महिलाहरू, सामाजिक शोषणमा परेका महिलाहरू, श्रीमान्, परिवारका विरुद्ध विद्रोहमा उत्रिएका महिलाहरू, विद्यार्थी सङ्गठनमा लागेका युवतीहरू सहभागी भएका थिए । साथै पीडित, दलित, जनजाति समुदायबाट पनि उल्लेख्य उत्साहित र सहभागी थिए । पिछडा, अपहेलित र उत्पीडनमा परेकालाई समेट्नु पर्ने, दुर्गम र अविकसित क्षेत्र कब्जा गर्नुपर्ने जस्ता माओवादी नीति कार्यान्वयनका लागि हजारौं महिलाहरू परिचालन गराइयो । आन्दोलनमा सहभागी हुनेहरू प्रायजसो १८ देखि २५ वर्ष उमेरका थिए । २०५२ सालमा सो पार्टीको वैधानिक मोर्चा संयुक्त जनमोर्चाको

---

[५४] एन्टेना फाउण्डेशन नेपाल र अन्य, **लैङ्गिकता र न्याय तथा सुरक्षा क्षेत्र सुधार,** (काठमाडौं : इक्वेल एक्सेस नेपाल, महिला, कानुन र विकास मञ्च, मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल इन्टरनेशन अलर्ट र सेफरवर्ल्ड, २०६७), पृ. ५ ।

[५५] नेपाली सेना विशेषाङ्क, **विमोचन,** (काठमाडौं : विमर्श प्रा.लि., वर्ष अनुल्लिखित), पृ. ५० ।

[५६] अर्जुन कार्की र डेविड सेडन, (सम्पा.), **पिपल्स वार इन नेपाल इनसाइड दि रिभोल्यूशन** (न्यू दिल्ली: अद्रोइत पब्लिशर्स, इ. २००३), पृ. १६९-१८१ ।

[५७] **ऐजन,** पृ. ९४ ।

अध्यक्ष पदमा पम्फा भुसाललाई मनोनीत गरियो । यसबाट महिला पार्टी नेतृत्व लिन सक्छन् भन्ने कुरा प्रमाणित भयो । राजनीतिक पार्टीको पहिलो महिला अध्यक्ष पम्फा भुसालले इतिहास रचिन् । माओवादीको महिलासम्बन्धी नीतिबाट प्रभावित भई, सरकारी दमन तीव्र हुँदै जाँदा त्रास, असुरक्षाबाट सुरक्षित हुन महिलाहरू युद्धमा होमिएका हुन् । अध्ययनका क्रममा अन्तर्वार्ता विधि अपनाउँदा यस किसिमका उत्तरहरू आएका थिए । २०५८ मा सेना परिचालन गर्दा एस.एल.सी. परीक्षा दिन सदरमुकाम जान नसक्दा पढाइ छुटेकाले युद्धमा समर्पित हुनेहरू पनि छन् । कयौँ केटीहरू परीक्षा दिन जाँदा सेना प्रहरीको वासनाका सिकार बनेका र माओवादीमा लागेको आशङ्काको सिकार बन्नुपर्ने बाध्यताबाट बच्न माओवादीमा होमिएका हुन् ।[५८]

असी वर्षअघि रुसको सफल क्रान्तिको नेतृत्व गर्ने साम्यवादी नेता लेनिनका अनुसार क्रान्तिमा महिलाको सहभागिताबाट क्रान्तिको संरचना निर्धारण गर्न सकिन्छ भन्ने भनाइलाई माओवादीहरूले आत्मसात गरी महिलाहरूलाई क्रान्तिका लागि आह्वान गरेको थियो । माओवादी जनयुद्धले शोषित महिलाहरूलाई नौलोजनवाद अर्थात् समाजवादको सत्तामा साझेदार बनाउने नीति अपनाएको छ ।

राज्यविरुद्ध उभिएको दिनलाई माओवादीहरू ऐतिहासिक दिनको रूपमा सम्झन्छन् । सन् १९९६ (२०५२ फागुन १) माओवादी सशस्त्र सङ्घर्षमा पुरुषसरह महिलाहरू सहभागी भए । माओवादी दलले प्रत्येक गुरिल्ला स्क्वायडमा महिला समावेश गरेको थियो (परिशिष्ट १२(क) ) । एक स्क्वायडमा नौ सदस्यहरू हुन्छन् । यी गुरिल्लाहरू फौजी कारबाहीका बेला सशस्त्र भएर आक्रमण र सुरक्षा गर्ने काम गर्छन् भने अन्य बेला उत्पादनमूलक काममा व्यस्त हुन्छन् । आवश्यकतानुसार गुरिल्ला दस्ता पनि बनाइन्छ । ग्रामीण क्षेत्र सुरक्षा कमिटी, क्षेत्रीय स्तरमा प्लाटूनमा महिलाहरू कार्यरत छन् । गुरिल्ला स्क्वायडका कमान्डर, डिपुटी कमाण्डर, महिला, किसान, विद्यार्थी, युवा, जनजाति, दलित आदि भातृ सङ्गठनहरूमा वडा समितिदेखि केन्द्रीय समितिसम्म महिलाहरूको सहभागिता रहेको छ । उनीहरूले महिला मुद्दाको फछ्र्यौट गर्ने, निमुखा, अन्यायमा परेका महिलालाई न्याय दिलाउने, समाजमा विद्यमान विकृति रोक्ने, स्वास्नी मान्छेसँग अभद्र व्यवहार गर्ने,

---

[५८] सापकोटा, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २६, पृ. ६७ ।

यौनशोषण, बलात्कार गर्ने, बाल विवाह र बहु विवाह गर्नेलाई कारबाही गर्ने अर्थात् पीडितलाई न्याय र अपराध गर्नेलाई सजाय दिने गरेको देखिन्छ ।[५९]

२०४६ सालको आन्दोलनपूर्व ०.१७ प्रतिशत महिला, २०४६ सालको जनआन्दोलनपश्चात् १.३९ प्रतिशत महिला, २०५२ मा जनयुद्ध सुरु भएदेखि क्रान्तिमा आबद्ध ८१.३७ प्रतिशत महिला माओवादीमा आबद्ध थिए । केन्द्रीय कमिटीमा १.१८ प्रतिशत, जनसेनाका बटालियन तहमा ०.४९ प्रतिशत र संयुक्त मोर्चाको केन्द्रीय कमिटीमा ४.६० प्रतिशत, एरिया कमिटीमा ७५.९८, जनसेनामा ६५.०२ प्रतिशत, कमाण्डर तथा उपकमाण्डर तहमा र संयुक्त जनमोर्चाको जिल्ला कमिटी तहमा ९४.९८ प्रतिशत महिला कार्यरत रहेको पाइन्छ । समग्रमा ८१.०१ प्रतिशत महिला पूर्णकालीन र ७.३२ प्रतिशत अल्पकालीन रूपमा कार्य गरिरहेका थिए । पूर्णकालीन महिलामध्ये महिलाले समग्रमा २०५२ सालको जनयुद्धको सुरुआतदेखि गुणात्मक फड्को मारेको पाइन्छ ।[६०] माओवादी दावीअनुसार १०-१२ हजार महिला सैनिक रहेका थिए भने पनि अनमिन प्रमाणीकरणअनुसार माओवादी सेनामा १९,६०२ लडाकुमध्ये ३,८३२ महिला सैनिक छन् ।[६१]

जनसेनामा तीन पक्षको प्रावधान थियो । सेनामा भर्ना हुनुअगाडि संयुक्त मोर्चा अथवा पार्टीमा भर्ना हुनु अनिवार्य थियो । संयुक्त मोर्चाबाट ५५.२२, पार्टीबाट २१.७८ प्रतिशत र जनसेनाबाट १७.२५ ले क्रान्तिमा प्रवेश गरेका थिए । युद्धमा प्रवेश गरेका महिलाबाट प्राप्त उत्तरअनुसार ४१.६४ प्रतिशतले अरूबाट प्रेरणा पाएका, २८ प्रतिशतले बुबाबाट र २०.३८ प्रतिशतले दाजुभाइबाट प्रेरित भई युद्धमा लागेको बताए ।[६२] वास्तवमा महिलाहरू किन क्रान्तिमा सामेल भए ? कोबाट प्रेरित भए ? भन्ने सन्दर्भमा हिसिला यमीको खोजमूलक लेखअनुसार निम्न कारक तत्त्वहरूबाट महिलाहरू प्रेरित भएको पाइन्छ ।[६३]

---

[५९] हिसिला यमी र बाबुराम भट्टराई, "नेपालको सशस्त्र सङ्घर्षमा महिलाहरूको भूमिका", **मार्क्सवाद र महिला मुक्ति,** (काठमाडौँ : टुलाइन पब्लिकेशन प्रा.लि., २०६३), पृ. ५९-६० ।

[६०] हिसिला यमी, "नेपालको जनयुद्धमा महिला", **माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि,** (काठमाडौँ : मार्टिन चौतारी, २०६४), पृ. २२८ ।

[६१] किरण नेपाल र सरोज दाहाल, "रिपोर्ट, क्यान्टोनमेन्टको पर्दा उघार्दा", **हिमालखबर पत्रिका**, (१-१५ साउन २०६७), पृ. २७ ।

[६२] यमी, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ६१ ।

[६३] **ऐजन** ।

**तालिका नं. २.२**

**उत्प्रेरणाको कारक तत्त्व**

| क्र.सं. | कारक तत्त्व | प्रेरित महिलाको प्रतिशत |
|---|---|---|
| १. | वर्ग विभेदविरुद्धको विद्रोह | ६४.९८% |
| २. | जनसेवामा काम गर्न इच्छुक | ३९.८९% |
| ३. | पार्टीमा काम गर्न इच्छुक | ३३.६२% |
| ४. | साङ्गठनिक काम गर्न रुचाउने | ३१.०२% |
| ५. | सैनिक कार्य गर्न | २९.७९% |
| ६. | संयुक्त मोर्चामा काम गर्न इच्छुक | २४.०४% |
| ७. | वैचारिक कार्य गर्न | २३.५२% |
| ८. | लैङ्गिक विभेदविरुद्ध विद्रोह | १६.२०% |
| ९. | वैचारिक प्रतिबद्धताका कारण | ९.०८% |

***स्रोतः*** यमी, हिसिला. "नेपालको जनयुद्धमा महिला", **माओवादी विद्रोह : सशस्त्र सङ्घर्षको अवधि,** काठमाडौं : मार्टिन चौतारी, २०६४, पृ. २२९ ।

उपर्युक्त तालिकाअनुसार विभिन्न कारक तत्त्वबाट प्रेरित भई महिलाहरू माओवादीमा आन्दोलनमा प्रवेश गरेका हुन् । नेपालमा भएको माओवादी आन्दोलनले महिलालाई सक्रिय रूपमा परिचालित गरेको छ । महिलाहरू युद्धप्रति आकर्षित भएका छन् । उनीहरू दोस्रो दर्जाको नागरिकजस्तो भएर बाँच्नुपर्ने शोषित, विभिन्न घरेलु हिंसाबाट प्रताडित, पितृसत्तात्मक समाजको अवहेलना र स्वपहिचान नभएको वातावरणबाट निराश भइसकेका थिए । स्वच्छन्द वातावरणमा स्वतन्त्र अस्तित्व लिएर उनीहरू बाँच्न चाहन्थे । सामाजिक संरचना बाल विवाह, बहु विवाह, अनमेल विवाह, देउकी, झुमा, कुमारी, छाउपडी, बादी, तिलक, दहेज, छुवाछूत, दलित जाति प्रथाबाट उत्पीडित महिला स्वपहिचान बनाउन, सामाजिक संरचना परिवर्तन गर्न, महिला विरुद्धको घरेलु हिंसाको अन्त्य गर्न महिलाहरू जुर्मुराउने चेष्टामा थिए । यसै अवस्थाको लाभ उठाएर माओवादीले महिलाहरूलाई आफूतर्फ आकर्षित गर्न सफल भयो । नाम भन्न नाहने स्थानीयवासीका

अनुसार विद्यालयीय छात्रालाई सांस्कृतिक कार्यक्रममा नृत्यसंगीतमा सहभागी गराउने, बन्दुक बोक्न तथा चलाउने अवसर पाउनेजस्ता प्रलोभन देखाइन्थ्यो भने कतै जबरजस्ती अपहरण, डर त्रास देखाएर सैन्यमा भर्ना गरिन्थ्यो । कम्युनिष्ट पार्टीहरूले वि.सं. ३० को दशकदेखि महिलालाई सङ्गठित र सक्रिय बनाउन विभिन्न मोर्चाहरू गठन गर्न थालेका थिए । माओवादीले सरकारलाई बुझाएको मागपत्रमा महिलासम्बन्धी मुद्दा समावेश गरिएको थियो । मागपत्रमा "महिलामाथिका पितृसत्तात्मक शोषणको अन्त्य गरिनु पर्छ, छोरासरह छोरीलाई पैतृक सम्पत्तिमाथि समान अधिकार दिइनुपर्छ" भन्ने मागहरू समावेश गरिएको थियो । यस्ता माग राखेर महिला हितैषीको रूपमा माओवादी उभिएको थियो । यसको उपलब्धिका लागि महिलालाई बढी परिचालन गऱ्यो, झण्डा बोकाइयो, बन्दुक बोकाइयो, कार्य विभाजनमा महिललालाई राखियो तर पदीय जिम्मेवारी पुरुषमै केन्द्रित गरियो । राज्यसँग वार्ता गर्दा एकजना महिलालाई पनि समावेश गराइएन । हिसिला यमीको सर्वेक्षणअनुसार सङ्ठनभित्र ७४.५६ लैङ्गिक विभेदको स्थिति रहेको छ ।[६४] अर्कोतर्फ महिला सुरक्षा, सहअस्तित्वका लागि माओवादी सैन्य तथा आन्दोलनमा लागि परे ।

गाउँमा स्वतन्त्र जीवन बिताइरहेका महिलाहरू सुरक्षाकर्मीको त्रासका कारण माओवादी सेनामा भर्ना भए । तत्पश्चात् तिनलाई कुनै दुःखको सामना गर्न परेन । गाउँघरमा हैकम चलाउने, सम्मानित हुने हैसियतका भए । पहिले उनीहरू तर्सन्थे भने अब उनीहरूबाट अन्य तर्सिन थाले । उनीहरू बदला लिन सक्षम भए तर बन्दुक पड्काउनु मात्र महिला सशक्तीकरण होइन । महिला सशक्तीकरणका लागि राजनीतिक, सामाजिक र आर्थिक पक्ष बलियो बनाउन सक्नुपर्छ । माओवादी पार्टीले महिला सक्षमतालाई केही हदसम्म उजागर गऱ्यो ।

माओवादी पक्षको सेनामा जनयुद्धदेखि प्रतिरोध र सैन्य कारबाहीमा महिला सहभागी गराइए । पछि लडाकु दल, छापामार दलहरूमा महिला सदस्य तथा नेता बन्दै गए । २०५६ वैशाखमा रोल्पाको जेलवाङ्ग गा.वि.स. मा भएको दङ्गा बेस क्याम्पमा ६ जना महिला, रुकुमको तकसेरामा २१ जना, जाजरकोटको पाँच कटियामा २५ जना, २०५८ मा दाङको

[६४] यमी, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ६१, पृ. २३० ।

घोराहीमा ६८ जना महिला एसल्टहरू खटिएका थिए ।[६५] २०५८ मा अधिराज्यका छापामार प्रतिनिधिको केन्द्रीय भेला आयोजना र औपचारिक रूपमा जनमुक्ति सेना, नेपाल गठन गऱ्यो जसमा २०% महिलाहरू थिए । सो सैन्य सङ्गठनमा केही महिला प्लाटुन कमाण्डर र कमिसार पदमा मनोनीत भयो । २०६२ सम्ममा महिलाहरू ब्रिगेड भाइस कमान्डरसम्म नियुक्त भए । माओवादीको सोलु सल्लेरी छैटौँ बिग्रेडमा ४०% र पश्चिमको मङ्गलसेनको पहिलो ब्रिगेडमा ५०% महिला थिए । पूर्वभन्दा पश्चिममा माओवादी सेनामा अत्यधिक महिला देखिन्थे ।[६६]

माओवादीको अधिराज्यभर ७ मुख्य र २१ सहायक शिविरमा राष्ट्रसङ्घीय मिसन अनमिनको मध्यस्थतामा प्रमाणीकरण भएका १९,६०२ लडाकुहरू छन् । अनमिन प्रमाणित लडाकुमा १५,७७० पुरुष र ३,८३२ महिला छन् । ३,८३२ महिला लडाकुमध्ये सबैभन्दा बढी १,०७४ ले सोल्जर र ९२२ जवान सेक्सन कमाण्डरको दर्जा पाएका थिए । ब्रिगेड भाइस कमाण्डरको दर्जामा ५ महिला, दोस्रो डिभिजनअन्तर्गत सोलु सल्लेरी स्मृति ब्रिगेडको नम्बर बटालियन र सातौँ डिभिजनको लोकेश स्मृति ब्रिगेडको आठ नम्बर बटालियन कमाण्डर, एक महिला कमाण्डर, तेस्रो डिभिजनको बेथान स्मृति ब्रिगेडको ५ र ६ नं. बटालियन, चौथो डिभिजन मातहतको सलिम-मण्डल-निशान ब्रिगेडको एक नम्बर बटालियन र वसन्त स्मृति ब्रिगेडको २ नम्बर बटालियन, पाँच नम्बर डिभिजनको सुनिल स्मृति ब्रिगेडको ३ नम्बर बटालियन तथा ६ नं. डिभिजनको जीत स्मृति ब्रिगेडको ५ नं. बटालियनका कमाण्डर महिला थिए ।

**तालिका नं. २.३**

---

[६५] सापकोटा, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २६, पृ ६८ ।

[६६] भास्कर गौतम, पूर्ण बस्नेत र अन्य, (सम्पा.), **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि,** (काठमाडौँ : मार्टिन चौतारी, २०६४), पृ. २१९ ।

**क्याटोन्मेन्टमा महिला पुरुषको सङ्ख्या**[६७]

| क्यान्टोमेन्ट | कुल जम्मा | जम्मा | डिसी | डिभिसी | विसी | विभिसी | विटीसी | विटीभिसी | सीसी | सोभिसी | पिसी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु-म | पु-म | पु-म | पु-म | पु-म | पु-म | पु-म | पु-म | पु-म | पु-म |
| १. न. डिभिजन, इलाम | १९३७ | १६०७-३३० | १-० | १-० | ४-० | ५-० | १४ -२ | २-०३ | ५२-७ | ५५-१४ | ११६ - ३६ |
| २.नं. डिभिजन, सिन्धुली | १६६२ | १३५१-३११ | १-० | १-० | ४-० | ३-० | १३ -२ | १६ -० | ४६-३ | ३४-१० | ९६-१५ |
| ३. नं. डिभिजन, चितवन | ३९५१ | ३२२५-७२६५ | १-० | १-० | ७-० | ५-१ | २७-२ | २६-५ | ८७.१३ | ८६-१५ | २२३-६९ |
| ४. नं. डिभिजन, नवलपरासी | ३०७८ | २४०४-६७४ | १-० | १-० | ६-० | १०-० | १८-२ | २५-१ | ८३-८ | ८६-१० | १७८-६५ |
| ५.नं. डिभिजन, रोल्पा | २४४२ | १८८८-५५४ | १-० | १-० | | | | | | | |
| ६. नं. डिभिजन, सुर्खेत | ३१०० | २५३६-६६५ | १-० | १-० | | | | | | | |
| ७. नं. डिभिजन, कैलाली | ३३२५ | २६६०-६६५ | १-० | १-० | | | | | | | |
| काठमाडौं भीआईपी सेक्युरिटी | १०७ | ९९-८ | - | - | २-० | १-० | २-० | ३-० | १२-१ | ४-१ | २०-२ |
| **जम्माः** | | | | | | | | | | | |

***स्रोत :*** नेपाल, किरण र दाहाल, सरोज. "रिपोर्ट, क्यान्टोनमेन्टको पर्दा उघार्दा", **हिमाल खबर पत्रिका,** साउन १-१५, २०६७, पृ. २७।

शिविरमा महिलाको स्थिति दृष्टिगत गर्दा सातवटा शिविरमा ऋण्डै ४०० सुत्केरी र गम्भीर घाइतेहरू थिए । उनीहरूको न्यूनतम आवश्यकता उपलब्ध गराउनेतर्फ ध्यानाकर्षण भएको थिएन । पहिलो डिभिजनको छापामार कल्पना घिमिरेको टाउको, छाती र खुट्टामा २५-३० छर्रा अहिले पनि छ । उनी पूर्ण रूपमा सङ्कटबाट मुक्त हुन सकेकी छैनन् । थप उपचारका लागि खर्च जुट्न नसक्दा अपाङ्ग जीवन व्यतीत गर्दै छिन् । ४०० सुत्केरी र तिनीहरूबाट जन्मेका बच्चाको अवस्था कष्टकर थियो । महिनाको रु. २,०००।- सुत्केरीलाई दिइने गरिएको थियो । सोबाट उनीहरूले आफ्नो खर्च टार्दै आएका थिए । कतिपय सुत्केरी बिदा लिएर आफन्तकहाँ बच्चा हुर्काउन तथा सुत्केरी स्याहारिन जान्थे भने कतिपय त्यही शिविरमा जनसेना सरह बस्थे ।[६८]

---

[६७] नेपाल र दाहाल, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ६२, पृ. २८ ।

[६८] टीकाराम उप्रेती, सरोज दाहाल र अन्य, "माओवादी लडाकु भन्छन्- नाङ्गै र भोकै लगाउन खोजियो", **गोरखापत्र,** (२०६४ पुस ८), पृ. ५ ।

सैनामैना शिविरमा ७२५ लडाकुमध्ये ३०% महिला थिए । उनीहरूको बसोवासका लागि राम्रो व्यवस्था थिएन । नवलपरासी जिल्लास्थित चौथो डिभिजन (मुख्य शिविर) मा ३ हजार ७८ लडाकुमध्ये ६७४ महिलाहरू थिए । हिसिला यमीबाट जनआन्दोलनमा सहभागी भएका महिलाहरूसँग शिविरमा देखिएका समस्या सम्बन्धमा सोधिएका प्रश्नमा पौष्टिक आहारको कमी, कमजोर महसुस गरिएको, प्रजनन स्वास्थसम्बन्धी समस्या, मासिक स्राव भएको बेला 'सेनिटेशन प्याड' को अभाव, परिवार नियोजन साधनको अभाव, तल्लो पेट दुख्ने समस्या, महिनावारी गडबडीजस्ता समस्याको सामना गर्नु परेको कुरा बताएका थिए ।[६९] महिनावारी भएका बेला कठिन व्यायाम तथा काममा जानुपर्दा पेट दुख्ने, पाठेघर खस्नेजस्तो समस्या सामना गर्नुपर्ने कुरा मिलिसिया रञ्जिता शाहीले बताउँछिन् ।

आफ्नो घरपरिवार, शिक्षा र कामधाम सम्पूर्ण त्यागेर महिलाहरू युद्धमा होमिएका थिए । युद्धमा बाधा नपुगोस् भन्ने हेतुले सैन्य महिलालाई सन्तान प्रजनन नगर्न तथा ममत्व बलिदानी हुन प्रेरित गरिन्थ्यो । यो एक किसिमको शोषण नै हो । कतिपय महिला पिठ्यूँमा सानो नानीलाई च्यापेर युद्धको मैदानमा हाम फालेको कुरा प्रकाशमा आएका थिए । अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष जयपुरी घर्तीद्वारा दिइएको अन्तर्वार्तामा अविस्मरणीय क्षणका चर्चा गर्दै भनिएको छ :

> नानी जन्मेपछि १० महिनाको नानी बोकेर हिडेकी थिएँ । जाजरकोट जाने सिलसिलामा विभिन्न अवरोधका साथै जाँदा साथमा खाने कुरा केही थिएन । आफू र छोरी दुवै भोकै थियौं । एउटा घरमा बास बस्दा घरधनीहरूले मकैको रोटी खाएको देखी छोरी खुशी भई हाम फाल्दै रोटी नजिक बसिन् तर उनीहरूले छोरीलाई एक टुक्रा रोटी दिएनन् । छोरीमा माग्न सक्ने बोली थिएन । एक घण्टा कुरा गरेपछि रोटी खान दिए । त्यो क्षण कहिल्यै बिर्सिन्नँ ।[७०]

उपर्युक्त समस्याजस्ता कतिपय महिला सेनाले सामना गर्नु पर्छ तर पुरुषले यी समस्या भोग्नु पर्दैन । माओवादी आन्दोलनभित्र पितृसत्तात्मक शोषण र भेदभावमूलक व्यवहारले महिलालाई धेरै कष्ट दिएको छ । भूमिगत अवस्थामा कार्य गर्नुपर्दा त्यहाँभित्रका कतिपय वास्तविकता भूमिगत भएर दबिएर जान्छन् वा दबाएर पठाइन्छ । नेतृत्व तहमा महिला पुग्न नसक्नु त्यहाँभित्र पुरुषवादी चिन्तन हाबी भएकाले हो । तर पनि महिला सशस्त्र सङ्घर्षप्रति आकर्षित भएको पाइन्छ

---

[६९] यमी, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ६१, पृ. ८३ ।

[७०] जयपुरी घर्ती मगर, "हामी कसैको आरक्षणमा रहन चाहँदैनौं," **कोशी विचार प्रधान मासिक पत्रिका**, (पौष २०६४), पृ. १९-२२ ।

माओवादी सेनामा यौन सम्बन्धी विषय पनि विवादित छ । क. हिसिला यमीद्वारा गरेको सर्वेक्षणमा परिवार नियोजन साधनको अभावजस्ता उत्तरबाट आन्दोलन र शिविरमा खुल्ला यौन (Free Sex) को अवधारणा विकसित भएको पाइन्छ । महिला लडकुले अनिच्छित यौनसम्पर्क र बलात्कारमा पर्दा माओवादी सेना छोड्नु पर्ने स्थिति थियो । कमरेडहरूको रखैल (अस्थायी) श्रीमतीको रूपमा रहनु पर्ने, कनिष्ठ कमरेडको यौनइच्छा तृप्त गराउनु पर्नेजस्ता समस्या अर्थात् यौन शोषण हुने गर्छन् ।[७१] यो सिडाव (CEDAW) को विपरीत हो । तसर्थ माओवादीमा करनी र कथनीमा भिन्नता थियो । ठूला-ठूला भाषण गर्ने नेताहरूले महिला अधिकारको पालना गरेका छैनन् ।

माओवादी आन्दोलनमा महिलामाथि शोषण गरेको दुर्व्यवहार मात्र भएको भन्न सकिंदैन । शिविरमा सहभागी भएका महिलाहरूलाई टिकाउन, अघि बढाउन, उत्प्रेरणा दिन, प्रशस्त प्रशिक्षण अन्तर्क्रिया कार्यक्रम गर्न, सैद्धान्तिक कुरा सिकाउन, बलिदानी बन्न, वर्गीय मुक्ति, महिला मुक्तिका लागि धन, जन र मेहनतको लगानी प्रशस्त खर्चेको पनि छ । सतहीमा महिला सेना हितका लागि यी लगानी देखिए तापनि अप्रत्यक्ष रूपमा पार्टीका सङ्गठनात्मक सुदृढीकरणका लागि गरिएका थिए ।

## २.८ निष्कर्ष

समग्रमा, समाजमा रहेका स्रोत र साधनको असमान वितरण, असमान अवसर, पहुँच, शक्ति प्रयोग, पुरस्कार, दण्ड, विभेदकारी उपलब्धि, न्याय, विचार, धर्म, संस्कृति, जातीय, भाषिक, लैङ्गिक, क्षेत्रीय, वर्गीय, सामाजिक, राजनीतिक र आर्थिक भेदभाव आदि कारणबाट समाजमा द्वन्द्व सृजना हुन्छ । अतः शक्ति, स्रोत र पदको अभाव द्वन्द्व हो । विश्वमा देखिएका द्वन्द्व शीतयुद्ध, युद्ध आदि शक्तिकै लागि भएको देखिन्छ ।

अन्तर्राष्ट्रिय राजनीतिका तीन आवश्यक तत्त्व- राष्ट्रिय हित, सङ्घर्ष र शक्ति हुन् । शक्ति प्राप्तिका लागि गरिने सङ्घर्ष राजनीतिको मूल उद्देश्य हो । द्वन्द्वशास्त्रअनुसार सबै प्रकारका सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, वैचारिक र विभेदीकरण नै द्वन्द्वको उत्पत्ति विकास, विस्तारका आधारभूत कारणहरू हुन् ।

महिलाहरूको स्थिति मनुष्य हो वा पशु के हो ? भन्ने जुलियाहल्सका अनुसार महिलाहरूले आफ्नो स्थिति पहिचान गरी नागरिक अधिकार, मताधिकारका लागि आन्दोलन गरेर स्वपहिचान बनाउन सफल भएका छन् ।

---

[७१] सुजिता शाक्य, "द माओइष्ट मुभमेन्ट इन नेपाल", **दि. पिपुल्स वार इन नेपाल, लेफ्ट पर्सपेक्टिभ,** अर्जुन कार्की, डेभिड सेडन, (सम्पा.), (न्यू देल्ली : अद्रोईत पब्लिशर्स, इ. २००३), पृ. ३९५ ।

सैन्य गतिविधिमा संलग्न भई महिला विकासमा फड्को मारेको अनुभूति गरिएको छ। महिलाले बच्चा मात्र होइन बन्दुक पनि बोक्न सक्छन् भन्ने वास्तविकता राष्ट्रिय सैनिक निकायले महसुस गरी महिलालाई सैन्य सेवामा अवसर प्रदान गरेको छ। बन्दुक बोक्नु नै महिला सशक्तीकरण हो भन्ने विवादास्पद प्रश्न उठ्नु स्वभाविक हो । सामाजिक राजनीतिक रूपान्तरण हिंसाबाट होइन । अहिंसात्मक गतिविधिबाट पनि सम्भव छ । शान्तिका प्रतीक महिलाले बन्दुक उठाउनमा भन्दा बन्दुक बिसाउनमा सहजकर्ताको अहम् भूमिका निर्वाह गर्न सक्छन् ।

आउँदो अध्यायमा सशस्त्र द्वन्द्वका कारण र असरहरूका सैद्धान्तिक आधारमा आधारित नेपालमा द्वन्द्वका कारण र असरहरूबारे चर्चा गरिएको छ।

अध्याय तीन

# नेपालमा माओवादी सशस्त्र द्वन्द्वका प्रमुख कारण र असर

## ३.१ पृष्ठभूमि

वि.सं. १८२५ मा गोरखाका राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरणको समयदेखि सशस्त्र सङ्घर्षको सुरुआत भएको हो । सोभन्दा अघि नेपाल थुप्रै स-साना कमजोर राज्यमा विभाजित थियो । त्यो समयमा एकातर्फ इस्ट इण्डिया कम्पनी भारतमा र अर्कोतर्फ पृथ्वीनारायण शाहको राज्य विस्तार नीतिका कारण नेपालले युद्धको सामना गर्नुपरेको थियो । त्यसपछि १९०३ सालको कोतपर्व काण्ड र जङ्गबहादुरको निरङ्कुश शक्तिको उदय भएको हो । जङ्गबहादुर राणाको शासनकालमा लमजुङ र गोरखाका गुरुङहरूको हकमा भएको विद्रोह, जातीय शोषणको विरुद्ध लडेका लखन थापा मगरको विद्रोहजस्ता सशस्त्र र निरस्त्र विद्रोह तथा युद्धलाई निर्ममतापूर्वक बुटले कुल्चेर दमन गरियो ।[१] विभिन्न कालमा विभिन्न विद्रोह आन्दोलनपश्चात् २०४६ सालमा प्रजातान्त्रिक शक्तिहरूले ३० वर्षे पञ्चायती व्यवस्था उखेलेर फाले र बहुदलीय संवैधानिक राजतन्त्रको स्थापना भयो । राजनीतिक विचारबाट मतभेद राख्दै वामपन्थीहरूको एक समूह २०५२ फागुन १ गतेदेखि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सशस्त्र द्वन्द्वको घोषणा गरी राज्यविरुद्ध हतियार उठायो । राष्ट्रले अरबौंको आर्थिक क्षति बेहोर्नु पर्‍यो, विकासको गति अवरुद्ध भयो । हजारौँले अनाहकमा ज्यान गुमाउनु पर्‍यो भन्ने कुरा निम्न तालिकाबाट प्रस्ट हुन्छ :

**तालिका नं. ३.१**
**माओवादी युद्धमा मारिएका जनता**

| वर्ष | राज्यबाट मारिएका मानिस | माओवादीबाट मारिएका मानिस | जम्मा |
|---|---|---|---|
| १९९६ | ५९ | २२ | ८१ |
| १९९७ | १६ | ३२ | ४८ |
| १९९८ | ३३४ | ७५ | ४०९ |
| १९९९ | ३२८ | १४१ | ४६९ |
| २००० | १८० | २१९ | ३९९ |
| २००१ | २४३ | ३९० | ६३३ |
| २००२ | ३,२९६ | १,३५१ | ४,६४७ |
| २००३ | १,२१७ | ६४६ | १,८६३ |
| २००५ | ८१५ | ७०९ | १,५२४ |
| २००६ | २४५ | २३२ | ४७७ |
| **जम्मा:** | **८,३३९** | **४,९३०** | **१३,२६९** |

***स्रोत :*** महर्जन, पञ्चनारायण. "पिस निगोसिएशन इन नेपाल." **जर्नल अफ इन्टरनेसन डेभलपमेन्ट एण्ड को-अपरेसन**. जापान : हिरोशिमा युनिभर्सिटी, २००८, पृ. ७६ ।

---

१ साप नेपाल, **नेपालमा सशस्त्र द्वन्द्व,** (काठमाडौँ : साप नेपाल, २०६१), पृ. ६ ।

**तालिका नं. ३.२**

**आन्दोलनमा मारिएका प्रहरीहरू**

| **वर्ष** | **माओवादीबाट मारिएका प्रहरी** |
|---|---|
| १९९६ | २ |
| १९९७ | ५ |
| १९९८ | २३ |
| १९९९ | ६१ |
| २००० | १०६ |
| **जम्मा :** | **१९७** |

***स्रोत*** : महर्जन, पञ्चनारायण. "दि माओईस्ट ईन्स्योरजेन्सी एण्ड क्राइसिस अफ गभर्नविलिटी इन नेपाल". **डोमेस्टिक कन्फ्लिक्ट एण्ड क्राइसिस अफ गभर्नविलिटी इन नेपाल**. ध्रुव कुमार (सम्पा.), काठमाडौं : सिनास, २०००, पृ. १७० ।

माओवादी आन्दोलन सुरु भएको पाँच वर्षसम्म सुरक्षाकर्मीबाट मारिएका व्यक्ति सङ्ख्या माओवादीबाट मारिएका सङ्ख्याभन्दा बढी देखिन्छ । मृत्यु हुनेको सङ्ख्या क्रमिक रूपमा बढ्दो छ भन्ने कुरा उपर्युक्त तालिकाबाट प्रस्ट हुन आउँछ । इ. २००० सम्म मर्ने व्यक्तिहरूको सङ्ख्या १,३१२ थियो[२] भने इ. २००६ सम्म करिब १५,००० ले अनाहकमा ज्यान गुमाउनु परेको देखिन आउँछ (परिशिष्ट ६) । इस्वी सन् २००० देखि मर्नेको सङ्ख्या ह्वात्तै बढेको देखिन्छ । प्रस्तुत तालिकामा २०५२ फागुन २ गतेदेखि २०६३ मंसिर ५ गतेसम्मको अवधिलाई समेटिएको छ ।

---

[२] पञ्चनारायण महर्जन, "दि माओईस्ट ईन्स्योरजेन्सी एण्ड क्राइसिस अफ गभर्नविलिटी इन नेपाल", **डोमेस्टिक कन्फ्लिक्ट एण्ड क्राइसिस अफ गभर्नविलिटी इन नेपाल**, ध्रुव कुमार (सम्पा.) (काठमाडौं : सिनास, इ. २०००), पृ. १७० ।

## तालिका नं. ३.३

## जिल्लागत आधारमा अपाङ्ग, बेपत्ता पारिएका र मारिएका व्यक्तिहरू

| क्र.सं. | जिल्ला | अपाङ्गता | बेपत्ता | मारिएका | जम्मा |
|---|---|---|---|---|---|
| | झापा | १ | १२ | १७६ | १८९ |
| | इलाम | ७ | ५ | १०५ | ११७ |
| | पाँचथर | २१ | ४ | १६७ | १९२ |
| | ताप्लेजुङ | २ | २ | १८१ | १८५ |
| | मोरङ | ८ | १५ | २१४ | २३७ |
| | सुनसरी | ७ | १५ | १०८ | १२० |
| | धनकुटा | १ | ४ | ५५ | ६० |
| | तेह्रथुम | १ | - | ८० | ८१ |
| | भोजपुर | २३ | १० | १३२ | १६५ |
| | संखुवासभा | - | ४ | ११४ | ११८ |
| | सप्तरी | २ | ९ | १०६ | ११७ |
| | सिरहा | १ | ९ | ९७ | १०७ |
| | उदयपुर | ५ | ५ | ११४ | १२४ |
| | खोटाङ | ५ | १ | १३७ | १४३ |
| | ओखलढुंगा | २४ | १३ | १६७ | २०४ |
| | सोलुखुम्बु | ९ | ५ | १११ | १२५ |
| | धनुषा | १ | १० | १७१ | १८२ |
| | महोत्तरी | - | २ | ७४ | ७६ |
| | सर्लाही | २ | १ | १५८ | १६१ |
| | सिन्धुली | १ | १४ | २२१ | २३६ |
| | रामेछाप | ५ | २० | २१३ | २३८ |
| | दोलखा | ४ | - | १५७ | १६१ |
| | रौतहट | १ | ५ | २२३ | २३९ |
| | बारा | - | २ | १२९ | १३१ |
| | पर्सा | - | २ | ९७ | ९९ |
| | चितवन | ८ | २२ | २२६ | २६६ |
| | मकवानपुर | ६ | १२ | १२९ | १४७ |
| | ललितपुर | ४ | ८ | ५७ | ६९ |
| | काभ्रे | ६ | २० | २६५ | २९१ |
| | भक्तपुर | ४ | ५ | ५१ | ६० |
| | काठमाडौं | - | २० | ८१ | १०१ |
| | धादिङ | ६ | २८ | १९२ | २२६ |
| | सिन्धुपाल्चोक | २ | २० | २९३ | ३१५ |
| | नुवाकोट | - | १८ | २१७ | २३५ |
| | रसुवा | १ | १ | २४ | २६ |
| | तनहुँ | - | ११ | १८० | १९१ |
| | गोरखा | ९ | २६ | २२५ | ३७० |
| | लमजुङ | - | १८ | १५१ | १६९ |
| | स्याङ्जा | २ | ९ | ९६ | १०७ |
| | कास्की | २ | १७ | ९८ | ११७ |
| | मनाङ | - | - | १ | १ |
| | नवलपरासी | ६ | १६ | २१५ | २३७ |
| | रुपन्देही | ४ | ४ | १५० | १५८ |
| | पाल्पा | १ | १ | ७७ | ७९ |

***स्रोतः*** डब्लू.डब्लू.डब्लू. इनसेक.ओआरजी.एनपी. ।

नेपालमा भूमिगत ने.क.पा. (माओवादी) ले लडाकु दस्तासमेत व्यवस्था गरी योजनाबद्ध रूपमा आफ्नो कार्यक्रम बढाएको हो । संयुक्त जनमोर्चा (भट्टराई समूह) ले २०५२ माघ २१ गते ४० सूत्रीय माग प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरे (परिशिष्ट ५) र २०५२ फागुन १ गतेबाट जनयुद्ध सुरु गरे । यस युद्धको भयङ्कर परिणाम आयो । हजारौँको सङ्ख्यामा नरसंहार भयो । करोडौँको क्षति भयो ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गरेको सेना प्रयोगको असफलताको कारण नैतिक रूपमा राजीनामा दिए । तत्पश्चात् शेरबहादुर देउवा प्रधानमन्त्री बने । २०५८ श्रावण १० गते युद्धविराम घोषणा भयो । पहिलो चरणको वार्ताको प्रारम्भबाट माओवादी जनयुद्धको एउटा अध्याय समाप्त भयो । राज्य पक्षबाट मन्त्री चिरञ्जीवी वाग्लेको नेतृत्वमा र माओवादी पक्षबाट नेता कृष्णबहादुर महराको नेतृत्वमा वार्ताटोली गठन गरियो । पहिलो चरणको वार्ता ललितपुरको गोदावरीमा युद्धविराम आचारसंहितामा सहमति भयो । दोस्रो चरणको वार्ता बर्दियामा प्रारम्भ भयो तर माओवादीद्वारा सहमति हुन सकेन । दोस्रो चरणको वार्ता पुनः गोदावरीमा हुँदा संविधान सभामा जान नसकेको जानकारी भएपछि वार्ता असफल भयो । यसै दौरान माओवादीबाट अनेकौँ प्रहरी चौकी, प्रहरी कार्यालय, ब्यारेक र सेनाको क्याम्पमा आक्रमण र लुटपाट गरियो । राज्यबाट माओवादी द्वन्द्व दबाउन विभिन्न अपरेशन किलो शेरा २ (विध्वंसात्मक अपरेशन), टाउकोको मूल्य, जुनसुकै देशमा पक्राउ गर्न सक्ने (रेडकर्नर नोटिस), नाइटभिजन हेलिकोप्टर, सेना परिचालन, सेना प्रहरीबाट ज्यादती गराई बुट र बन्दुकको भरमा द्वन्द्व दबाउने प्रयास गरियो तर त्यसले अझ चर्को रूप ग्रहण गर्‍यो । २०६२ मंसीर ७ गते ने.क.पा. (माओवादी) र आन्दोलनरत ७ दलबीच निरङ्कुश राजतन्त्रको अन्त्य, संविधान सभाको निर्वाचन र पूर्ण लोकतन्त्रको स्थापनाको अग्रगामी राजनीतिक निकासका लागि १२ बुँदे समझदारी गरियो । २०६३ वैशाख ११ गते ज्ञानेन्द्र शाहद्वारा शाही घोषणा जारी गरी आफू सत्ताबाट ओर्लन तयार रहेको जानकारी दिए । संसद्वादी दलहरूद्वारा आन्दोलन बीचैमा रोक्न सहमत भए । अन्ततोगत्वा २०६३ वैशाख २० गते युद्धविराम घोषणा गर्‍यो ।[३] सात दलको सरकारद्वारा माओवादीलाई वार्तामा आई सम्पूर्ण निकास खोज्न आग्रह गर्‍यो । तसर्थ भएका तथा बढ्दो नरसंहार तथा भौतिक क्षति देशको अराजक स्थितिलाई मध्यनजर राख्दै वार्ता गरी समाधान तथा विकासका लागि पहल भयो । २०६३ कात्तिक २२ गते राजनीतिक दल र ने.क.पा.

---

[३] इन्सेक, **नेपाल मानव अधिकार वर्ष पुस्तक–२००७,** (काठमाडौँ: इन्सेक, २०६३ फागुन ७ गते), पृ. ३० ।

(माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा चालू युद्धविरामलाई स्थायी रूप दिँदै २०५२ देखि चल्दै आएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गरियो ।[४] २०६३ मंसीर ५ गते माओवादी र सरकारबीच बृहद् शान्ति सम्झौतामा हस्ताक्षर गरियो ।

दोस्रो जनआन्दोलनपश्चात् माओवादीलाई मूलधारमा ल्याइयो । तर माओवादीको पुनः जङ्गल पस्ने वक्तव्य बेला मौकामा आइरहेकै थियो । अर्कोतर्फ मधेस, पहाड, सङ्घीयता, जातीयता, समावेशीको नाममा आन्दोलन चर्किरहेकै अवस्था थियो । वर्तमान समयसम्म नेपालमा तरल राजनीतिक अवस्था विद्यमान छ । शान्ति सम्झौताको लागि संविधान निर्माण प्रक्रिया विदेशी राष्ट्रहरूको सहयोग र अनमिनको भूमिकाले नेपालको तरल राजनीतिक अवस्था सुधार्ने, शान्ति स्थापना गर्ने प्रयास जारी गर्‍यो ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राजनीतिक व्यवस्था भएको राज्य हो । विभिन्न जातीय, वर्गीय, लैङ्गिक, क्षेत्रीय विविधतालाई सरकारले समावेश गर्न, सम्बोधन गर्न नसक्दा, तिनलाई राम्ररी व्यवस्थापन गर्न नसक्दा नेपालमा जनआन्दोलन (सशस्त्र द्वन्द्व) को बीजारोपण भएको हो । प्रतिकूल अवस्थामा माओवादी सशस्त्र सङ्घर्ष उदयको कारण र असरको अध्ययन यस परिच्छेदमा गरिएको छ । सशस्त्र सङ्घर्षका कारणहरूको तल विवेचना गरिएको छ ।

## ३.२ सशस्त्र द्वन्द्वका प्रमुख कारणहरू

२०५२ फागुन १ गतेबाट सुरु भएको माओवादी सशस्त्र द्वन्द्व हुनमा निम्नलिखित प्रमुख कारणहरू देखिन्छन् :

### ३.२.१ स्वतन्त्रता/आत्मनिर्भरता

द्वन्द्वको प्रमुख कारण राजनीतिक कारण हो । पहिलो विश्वयुद्ध प्रजातन्त्रका लागि हो भने दोस्रो विश्वयुद्ध प्रजातन्त्र संरक्षणका लागि भएको हो । दोस्रो विश्वयुद्धपछि विश्वमा नै स्वतन्त्र हुने लहर चल्न सुरु भयो । विश्वमा साम्राज्यवाद, विस्तारवाद र उपनिवेशवादको अवस्था थियो । यी औपनिवेशिक, साम्राज्यवाद नीतिको अन्त गर्न सङ्घर्ष सुरु भयो । जनआन्दोलनको प्रमुख उद्देश्य कुनै पनि पक्षको नियन्त्रणबाट मुक्ति पाउनु हो । जनआन्दोलनको अर्थ र महत्त्व निम्न पक्षसँग सम्बन्धित रहन्छ : (१) राजनीतिक बन्धन वा

[४] **ऐजन**, पृ. ३४ ।

तानाशाही मुक्ति वा स्वतन्त्रता (Exemption from political restraint or autocratic control or independence), (२) दासत्व वा बन्दीबाट मुक्ति वा स्वतन्त्रता (Exemption or liberation from slavery or imprisonment), (३) निर्णय, छनौटको स्वतन्त्रता (Liberty of choice or action), (४) उचित तवरबाट आत्मनिर्णय (Self determination in rational ways), (५) नजरबन्द तथा अभावबाट स्वतन्त्रता तथा मुक्ति (Exemption, immunity, freedom from want, freedom from illegal arrest), (६) कृतज्ञताबाट मुक्ति वा छुटकारा (Exemption or release form obligation), (७) स्वास्थ्य सुविधा (Ease facility), (८) स्पष्ट विचार तथा अभिव्यक्ति स्वतन्त्रता (Frankness or familiarity in speech or manner), (९) स्वाधिकार नागरिक वा सदस्य पदको बहाली गर्ने अधिकार (The right to engoy privleges or membership of citizanship), (१०) स्रोत साधन तथा पेशा रोजगार स्वतन्त्रता मुक्ति तथा पत्रकारिताको स्वतन्त्रता (unrestricted use of resources, freedom of the pressect)।[५]

नेपालको निर्दलीय पञ्चायती व्यवस्थाको संविधान २०१९ खारेज र नेपाल अधिराज्यको संविधान २०४७ को स्थापना भयो । पहिलो राजतन्त्रात्मक प्रजातान्त्रिक संविधान जनतामा निहित सम्प्रभुता प्रत्येक नेपाली नागरिकले आधारभूत मानवीय मौलिक अधिकार सुरक्षित गर्दै, स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताको भ्रातृत्व र एकता कायम गरी बालिग मताधिकार, बेलायतको वेष्ट मिन्स्टर मोडेलको संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढीकरण गर्न र स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्य अवधारणलाई साकार पार्न नेपाली जनताको व्यापक सहभागिताबाट बनाइएको संविधान भनी प्रस्तुत संविधानको प्रस्तावनामा उल्लेख भएको पाइन्छ ।[६] नेपाली जनतामा नेपालको सार्वभौमिक सत्ता निहित राखेको संविधान बहुदलीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अविभाज्य सार्वभौमसत्ता, हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य भन्ने घोषणा संविधानको भाग १ मा पाइन्छ । नेपाल अधिराज्यको संविधान सम्पूर्ण प्रावधान उल्लेख भए तापनि सम्पूर्ण प्रावधान कागजमा सीमित रहेको र केही व्यवहारमा प्रयोग नभएको समाजका केही समूह, केही वर्गले महसुस गरे र सशस्त्र द्वन्द्वोन्मुख भए । देशको परिस्थिति, भ्रष्टाचार तथा हिंसाबाट पीडित जनताले यस युद्धमा स्वयम्लाई होमे । स्थापित सरकारलाई

---

[५] चूडाबहादुर श्रेष्ठ, **नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी,** (काठमाडौँ : चेतना लोकसम, इ. २००९), पृ. ५०३ ।

[६] यज्ञनाथ आचार्य, **नेपालको संवैधानिक इतिहास वि.सं. २००४-२०४८**, (काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि. २०४८), पृ. ११८-१९ ।

उखेलेर फ्याँक्ने र गणतन्त्र व्यवस्था लागू गर्ने यस आन्दोलनको उद्देश्य हो । द्वन्द्व सुरु भएदेखि सर्वसाधारण, सुरक्षाकर्मी र माओवादी पक्षका गरी १२,८०० भन्दा बढी जनता मारिएका थिए, जसमा माओवादीबाट ४,५०० र सरकारबाट ८,३०० मारिएका थिए । त्यसैगरी १०,००० देखि १५,००० विस्थापित भएका थिए ।[७]

### ३.२.२ वैचारिक कारण

वैचारिक तथा सैद्धान्तिक कारकतत्त्वले युद्ध निम्त्याउनमा अहम् भूमिका निर्वाह गर्दछ । वैचारिक र सैद्धान्तिक प्रेरणाबाट हुने सङ्घर्ष विश्वमा खासगरी सैद्धान्तिक धारणाबाट प्रेरित भई राज्यसत्ता परिवर्तनका लागि सन् १९४५ देखि हालसम्म २३ देशमा विद्रोह भएका छन् । विभिन्न कालमा विद्रोह हुने देशहरू भियतनाम १९४५, उत्तरकोरिया १९४८, चीन १९४९, इजिप्ट १९५२, बोलिभिया १९७२, क्यूवा १९५६, बर्मा १९६२, अल्जेरिया १९६२, दक्षिण यमन १९६७, बेनिन १९७२, इथोपिया १९७४, गिनियाबिसाउ १९७४, लाओस १९७५, माडागास्कर १९७५, जाम्बिक १७९५, कम्बोडिया १९७५, अफगानिस्तान १९७८, ग्रेनाडा १९७९, निकारागुवा १९७९, इरान १९७९, बुर्कीनाफासो १९८३, नेपालमा माओवादी जनयुद्ध १९९६ मा (नेपालमा वामपन्थी विचारधाराको जन्म १९४९ सालमा) भएको थियो । यी देशहरूमा भएको सशस्त्र द्वन्द्व मार्क्सवादी सिद्धान्त (Marxist Phelosophy) मा आधारित द्वन्द्व हो ।[८]

प्रतिकूल वैचारिक सिद्धान्तका कारण जनआन्दोलनपश्चात् भएको आमनिर्वाचनलाई बहिष्कार गरी लगत्तै जनयुद्धको तैयारी अघि बढाउनु सही नहुने ठानेर तथा तत्कालीन एकता केन्द्रको एउटा समूहको नेतृत्वले चुनावमा भाग लिएर त्यही मञ्चमार्फत संसदीय व्यवस्थाको भण्डाफोर गर्ने नीति लियो ।[९] ने.क.पा माओवादीले प्रतिक्रियावादी राज्य सत्तालाई ध्वंस गर्दै नयाँ जनवादी सत्ताको स्थापना गर्न ‘जनयुद्धको बाटोमा अघि बढ’ भन्ने उद्घोषणाका साथ वि.सं. २०५२ साल १ फागुनदेखि सुरु गरेको सशस्त्र सङ्घर्ष हो ।

नेपालको प्रमुख कम्युनिष्ट शक्ति दक्षिण एसिया हुँदै विश्वकै सर्वशक्तिशाली कम्युनिष्ट आन्दोलनको नेता बन्यो । दक्षिण एसियाको साम्यवादी पार्टीहरूलाई एउटा

---

[७] डब्लू.डब्लू.डब्लू.एच.टी.टी./एन विकिपिडिया, ओआरजी/विकी. **नेपाल, सिभिल वार**, (जुन १५, २००९) ।

[८] विष्णुराज उप्रेती, **द्वन्द्व व्यवस्थापन**, (काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स, इ. २००६), पृ. ५२ ।

[९] दीपक सापकोटा, **उथलपुथलका दस वर्ष** (रिपोर्ताज), (काठमाडौँ : क्रान्तिकारी पत्रकार सङ्घ, २०६६), पृ. १९ ।

छातामा समाहित गर्न कम्पोसा (CCMPOSA) गठन गऱ्यो र कम्पोसाको नेता बन्यो । नेपालमा जनआन्दोलनको प्रवर्तक ने.क.पा. (माओवादी) विश्वमा विभिन्न वामपन्थी सङ्गठनहरूसँग आबद्ध छ । रिम (Revolutionry International Movement) र कम्पोसा (Coordination Committee of Moaist Parties and Organisation of South Asia-CCOMPOSA) को संस्थापक सदस्य हो । ने.क.पा. (माओवादी) कम्पोसामा विभिन्न राष्ट्रहरूका माओवादी दलको सहभागितालाई निम्न तालिकाबाट बुझ्न सकिन्छ ।[१०]

**तालिका नं. ३.४**

**दक्षिण एसियामा माओवादी हातेमालो संस्था (CCOMPOSA)**

| क्र.सं. | संस्था |
|---|---|
| १. | कम्युनिष्ट पार्टी अफ नेपाल (माओइस्ट) । |
| २. | कम्युनिष्ट पार्टी अफ इण्डिया (मार्क्सिस्ट- लेनिनिष्ट) (पिपुल्सवार ग्रुप) |
| ३. | माओइस्ट कम्युनिष्ट सेन्टर (एम.सी.सी.) |
| ४. | रिभोल्युशनरी कम्युनिष्ट सेन्टर अफ इण्डिया (एम.एल.एस) |
| ५. | रिभोल्युशनरी कम्युनिष्ट सेन्टर अफ इण्डिया (एम.एल.एस) (माओइस्ट) |
| ६. | कम्युनिष्ट पार्टी अफ इण्डिया (एम.एल.) (नक्सलवाडी) |
| ७. | पूर्व बाङ्गला सर्वहारा पार्टी (सी.सी.) |
| ८. | पूर्व बाङ्गला सर्वहारा पार्टी (माओइस्ट पुनर्गठन केन्द्र) |
| ९. | बाङ्गलादेश साम्यवादी पार्टी (एम.एल.) |
| १०. | कम्युनिष्ट पार्टी अफ सिलोन (माओइस्ट) |

***स्रोत*** : उप्रेती, विष्णुराज. **आर्म्ड कन्फ्लिक्ट एन्ड पिस प्रोसेस इन नेपाल**. दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००६, पृ. ३८ ।

जनयुद्धको क्रममा राजनीतिक र वैचारिक परिवर्तनहरू आए । २०४७ को उत्कृष्ट भनिएको संविधान प्रतिकूल संविधान सभा, गणतन्त्र राज्य, राज्य पुनर्संरचना, सङ्घीयता र समावेशीका नाराहरू राष्ट्रिय नाराको रूपमा गुञ्जिन थाले । नेपाली समाज अन्धविश्वास

[१०] विष्णुराज उप्रेती, **आर्म्ड कन्फ्लिक्ट एन्ड पिस प्रोसेस इन नेपाल**, (दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००६), पृ. ३८ ।

भ्रान्तिको युगमा थियो । त्यसलाई तोडेर अनुसन्धानको युगमा पुऱ्याइदियो ।[११] यी नारा वर्तमानमा पनि गुन्जिँदै छ ।

### ३.२.३ केन्द्रीयवाद/एकात्मकवाद

अधिराज्यका सम्पूर्ण शक्ति एक स्थान वा केन्द्रमा केन्द्रित गर्नु नै केन्द्रीयवाद हो । शक्ति हस्तान्तरण, विकेन्द्रीकरण, प्रजातन्त्र व्यवस्था समाजको माग हो, जसमा समाजका प्रत्येक व्यक्तिको सहभागिता हुन्छ । नेपाल एक बहुभाषिक, बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक राज्य हो । नेपाली समाज युगौंदेखि शोषण र दमनको धुरीमा टिकेको निरङ्कुश राजतन्त्र, एकतन्त्रको एकतन्त्रीय शासनअन्तर्गत रह्यो । समाजका सीमित व्यक्तिहरूको हालीमुहाली बाहेक समाजका विभिन्न जनजाति, अल्पसंख्यक, महिला दलितहरूले आफ्नो पहिचान कहिल्यै प्राप्त गर्न सकेनन् । समय-समयमा अन्तर्विरोध, आन्दोलन, क्रान्ति भए तापनि पात्र तिनै रहे, चारित्रिक परिवर्तन हुन सकेन । नातावाद, कृपावाद, पुँजीपति नोकरशाही भ्रष्टाचारीहरूले नै शासनसत्तामा कब्जा जमाइरहे । विकेन्द्रीकरण कागजमा मात्र सीमित रह्यो । स्थानीय विकास, समस्या समाधान केन्द्रबाट निर्धारण गरिन्थ्यो । सानालाई ऐन ठूलालाई चैन भन्ने प्रचलन थियो । प्रजातन्त्र व्यवस्था थियो तर प्रजातन्त्रीकरण थिएन । चित्रमा सबैको नजर वा मन मस्तिष्क छाएको थियो । यिनै कारणले गर्दा यस्ता अवस्थाबाट प्रताडित निमुखा जनता वर्षौंदेखि गुम्सिरहेका र निस्सासिरहेका जनताले एउटा उन्मुक्त वातावरणको खोजीमा द्वन्द्वको लहरो समातेका हुन् ।

### ३.२.४ सञ्चार माध्यम

सञ्चार प्रत्यक्ष रूपमा द्वन्द्वको कारण होइन तर द्वन्द्व चर्काउन र मलजल गर्नमा सहयोगी हुन्छ । जनआन्दोलन आरम्भ भएको दुई वर्षपश्चात् अर्थात् २०५४ देखि माओवादीले प्रतिवेदन लेख्न विभिन्न प्रभावित क्षेत्रमा पत्रकारहरूलाई बोलाउन थालेका थिए । लडाकुसँग भेटाउन, जनसरकार घोषणा कार्यक्रम, जनसेना प्रशिक्षण आदि सम्बन्धमा सूचना प्रवाहको लागि पत्रकार सम्मेलनहरूमा बोलाउन र जान थालेका थिए । जनयुद्धका फोटो र गतिविधि सार्वजनिक हुन थाले । पहिलो विदेशी अमेरिकी महिला पत्रकार लि. अनेस्तो जनआन्दोलन प्रभावित क्षेत्रमा प्रवेशका लागि माओवादीबाट स्वीकृति पाएकी थिइन् । द्वन्द्व प्रभावित क्षेत्रको गहिरिएर अध्ययन गरी प्रकाशित गरिएका सामग्रीहरू अन्तर्राष्ट्रिय जगत्मा नेपालको

---

[११] सापकोटा, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ९, पृ. ३८ ।

माओवादी आन्दोलनको प्रचारप्रसार गर्नमा मद्दत पुऱ्यायो । नेपालमा पत्रकारहरूमाथि कडा निगरानी नियन्त्रित सामग्री मात्र प्रकाशन हुन थालेपछि भारतमा गएर प्रतिवेदन, अन्तर्वार्ता छापा तथा विद्युतीय सञ्चारमा प्रकाशन हुन थाल्यो । यसबाट जनताले विचार समाचारको अधिकार प्रयोग गर्न थाले । जनता सकारात्मक नकारात्मक रूपबाट प्रभावित हुन थाले । प्रेस स्वतन्त्रताका लागि क्रान्तिकारी पत्रकार सङ्घको स्थापना गरियो । यसरी सञ्चार माध्यमले युद्ध विस्तार गर्नमा अहम् भूमिका निर्वाह गरेको छ ।

### ३.२.५ आर्थिक कारण

अर्थतन्त्र कुनै पनि देशको मेरुदण्ड हो । द्वन्द्व सृजना गर्ने संरचनागत र प्रणालीगत कारणहरूमा आर्थिक कारणको अति महत्त्व रहेको हुन्छ । स्रोतमाथि नियन्त्रण, वितरण प्रणालीमा असमानता, बहुसंख्यक जनताको उत्पादन स्रोतमा पहुँच नहुनु, गरिबी, बेरोजगार, आर्थिक असमानता, आन्दोलन सृजना हुनुमा अहम् भूमिका निर्वाह गर्दछ । कार्लमाक्सका अनुसार :

> विकासको एउटा खास चरणमा समाजको वस्तुगत उत्पादक शक्तिहरूको विद्यमान उत्पादन सम्बन्ध अथवा उही कुराको कानुनी अभिव्यक्ति अहिलेसम्म कार्यरत रहँदै आएको सम्पत्ति सम्बन्धसँग अन्तरविरोध पैदा हुन्छ । उत्पादक शक्तिहरूको विकासको साधनहरूबाट ती सम्बन्धहरू तिनीहरूका बाधकमा परिणत हुन्छ । त्यसपछि सामाजिक क्रान्तिको युग सुरु हुन्छ ।[१२]
>
> A certain stage of their development, the material productive forces of society come in conflict with the existing relations of production, or what is but a legal expression for the same thing with the property relations within which they have been at work hitherto. From forms of development of the productive forces these relations turn into their fetters. Then begins an epoch of social revolution.[१३]

आर्थिक विषय नै सङ्गठित जीवनको मूल आधार हो । मानव जातिलाई सबभन्दा पहिलो खाने, पिउने, घरबास गर्ने र आङ छोप्ने आवश्यकता पर्छ, अनि मात्र उनीहरूले राजनीति, विज्ञान, कला, धर्म इत्यादि कुरामा ध्यान दिन सक्छन् । यसै कारण तत्कालै जीविकाका लागि आवश्यक पर्ने भौतिक साधनहरूको उत्पादनबाट नै यस्तो जग बन्न जान्छ, जसको आधारमा राज्यका संस्थाहरू, कानुनी सिद्धान्तहरू, कला, सम्बन्धित जनताको

---

१२ बाबुराम भट्टराई, "नेपालमा जनयुद्धको अर्थ-राजनीतिक औचित्य", भास्कर र अन्य, (सम्पा.), **माओवादी विद्रोह**, (काठमाडौँ: मार्टिन चौतारी, २०६४) पृ. १०६ ।

१३ अर्जुन कार्की र डेविड सेडन, **द पिपुल्स वार इन हिस्टोरिकल कन्टेक्स्ट द पिपुल्सवार इन नेपाल लेफ्ट पर्सपेक्टिभ**, (न्यू दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००३), पृ. ११७ ।

धार्मिक विचारहरू समेत विकसित हुन थाल्दछन् र यसैको उज्यालोमा समग्र कुराहरूको व्याख्या हुनु पर्छ जुन हालसम्म गरिँदै आएको थियो ।[१४]

उपर्युक्त भनाइ कार्ल मार्क्सको निधनपछि आयोजित शोकसभामा उनका मित्र एङ्गेल्सले मार्क्सद्वारा पत्ता लगाउने मानव इतिहासको नियममा भनिएको कुरालाई यस प्रकार बयान गरेका हुन् । देशका ९० प्रतिशत जनता रहेको ग्रामीण क्षेत्र र ८१ प्रतिशत जनता संलग्न रहेको कृषि क्षेत्र परिवर्तन गर्नका लागि क्रान्तिकारी भूमिसुधार र कृषि क्रान्तिलाई ठाडै अस्वीकार गर्नु र श्रमजीवी जनताको हित, हक र अधिकारको बेवास्ता गर्नु, भएका उद्योगधन्दा बन्द गर्ने प्रतिकूल वातावरण सृजना गर्नु, रोजगारीको अभाव क्रान्तिका विशिष्ट कारण हुन् ।[१५] औद्योगिक उत्पादन र निर्यातमा कृषिको महत्त्वपूर्ण भूमिका रहेको छ । प्रतिव्यक्ति आय १ डलर भएको नेपाल विश्वकै निम्न आय भएको मुलुकहरूमा पर्छ । बढ्दो जनसङ्ख्या वृद्धिको कारण प्रतिव्यक्ति आय वृद्धिदर १.२५ अमेरिकी डलरभन्दा कम मात्र रह्यो । लगभग आधाभन्दा बढीजसो जनसङ्ख्या गरिबीको रेखामुनिको स्थितिमा छ ।

राष्ट्रको थाप्लोमा विदेशी ऋण, वन-जङ्गल विनाश, कृषि उत्पादनमा ह्रास, औद्योगिक विकासमा ह्रास र जलस्रोतमा अभाव विद्यमान रह्यो । शिक्षित बेरोजगारी वृद्धि हुँदै गयो । राज्यको आर्थिक अवस्थामा खासै विकास हुन सकेन । यी समस्याबाट पीडितलाई न्याय दिन सशस्त्र सङ्घर्षको आह्वान माओवादीले गरेका हुन् । यस सन्दर्भमा प्रचण्डले निम्न लिखित वक्तव्य दिएका थिए :

> नेपाल एक अर्ध औपनिवेशिक देश हो । यस्ता अवस्थाबाट पीडित देश सामन्यतः युद्धको खाल्डोमा जाकिने प्रबल सम्भावना रहन्छ । हाम्रो सैद्धान्तिक आधारमा अध्ययन गरी वर्ग सङ्घर्षअन्तर्गत हामी जनआन्दोलन सुरुआत गर्छौं । तसर्थ नेपालमा जनआन्दोलनको प्रबल आवश्यकता छ । यस्ता पीडित देशमा वामपन्थी अधीनस्थ सशस्त्र द्वन्द्व आरम्भ गर्नुपर्छ ।[१६]

त्यसैगरी नेपालमा देखिएका आर्थिक असमानता, गरिबी, पुँजीवाद र भ्रष्टाचारको विरुद्ध आर्थिक क्रान्ति गरी समाजमा परिवर्तन ल्याउनुपर्छ भन्ने भनाइ पाइन्छ । यसै सन्दर्भमा डा. बाबुराम भट्टराईसँग लि. अनेस्तोले लिएको अन्तर्वार्तामा साम्राज्यवाद,

---

१४ रिचर्ड पाइप्स, **साम्यवाद एक इतिहास**, (न्यूयोर्क : मोडर्न लाइब्रेरी, इ. २००१), पृ. १२ ।

१५ एमालेको प्रतिवेदन, **माओवादी र राज्यद्वारा सृजित हिंसा र आतङ्कसम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन,** (संक्षेप) (काठमाडौं : नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय, २०५८), पृ. १० ।

१६ कार्की र सेडन, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १३, पृ. ७५-११६ ।

विस्तारवाद, उत्पीडन, अर्धऔपनिवेशक अवस्था, अविकसित कृषि, पतनोन्मुख उद्योगधन्दा, नोकरशाहीतन्त्रको हाबी, क्षेत्रीय असमानता आदि निर्मूलनका लागि जनआन्दोलनका प्रमुख कारक तत्त्व हुन् भन्ने आफ्ना भनाइ राखेका छन् ।[१७] (Bhattarai (2003) lays down the rationale for the necessity and inevitability of the armed struggle enlisting "imperialist opperession" "expansionist oppression" semi feudel relations and under devlopment in agriculture decline of industry and expansion of comprador/bureaucratic capital, regional inequality as objective conditions).

जनताको जनवादी क्रान्तिको मुख्य आधार नै कृषि क्रान्ति हो । भूमिमा रहेका सामन्ती, अर्ध सामन्ती र नोकरशाही पुँजीवादीको अन्त्य गरी राष्ट्रिय पुँजीवादी सम्बन्धको विकास गर्ने, स्वामित्वमा रहेको जमिन जफत गरी गरिब किसानहरूमा वितरण गर्ने, मोहियानी हक, जोतको पोत, कुत व्ययभार, कमैया, हरूवा-चरूवा मुक्ति, कृषि ऋण, कम ब्याजदर, मल बिउ, सिंचाइ अव्यवस्था अर्थात् चरम गरिबी आदिलाई मुक्ति दिलाउन, वर्तमान अर्थतन्त्रको कायापलट गर्न र समाजको उन्नति, भौतिक परिपूर्ति गर्न राष्ट्रिय औद्योगिकीकरणविना सम्भव छैन । यस्ता अवस्थाको ने.क.पा. (माओवादी) ले लाभ उठाए ।

यसै सन्दर्भमा कमरेड प्रचण्ड र डा. बाबुराम भट्टराईको कथनको एक अंश-

> Nepal is a semi-feudal and semi colonial country, and MLM (Marxism-Leninism-Maoism) suggests that in oppressed countries like this semi feudal and semi-colonial countries, in general an objective revolutionary situation prevails. This is the ideological basis from which we start to study the concrete situation because the main thing is ideological clarity and through the course of class struggle, mass movements, mass struggle and mainly ideological struggle inside the communist movement we came to the conclusion that the situation prevails in Nepal for initiating the People's War. Inoppressedd countries, the question is the subjective preparation the main question the principal factor is subjective. And subjective means a communist party armed with Marxism Leninism Maoism.[१८]

**लाल रक्षक**का सम्पादक निर्मल ज्ञवालीद्वारा संयुक्त राष्ट्रिय जनआन्दोलन नेपालका अध्यक्ष एवम् एकीकृत माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टाईसँग भएको कुराकानीअनुसार “सामन्ती र अर्धऔपनिवेशिक संरचना भएको देशमा गरिबी, व्यापक बेरोजगारी असमानता उत्पीडन कायम रहेको छ । त्यसको अन्त्य गर्ने हाम्रो जनआन्दोलनको उद्देश्य हो । ... गरिबी

---

१७ खगेन्द्र प्रसाईं, “सोसियल कस्ट आर्म्ड कन्फ्लिक्ट इन नेपाल,” **कस्ट अफ आर्म्ड कन्फ्लिक्ट इन नेपाल**, आनन्द श्रेष्ठ र हरि उप्रेती (सम्पा.) (काठमाडौं : नेफास, इ. २००५), पृ. १०२ ।

१८ **ऐजन** ।

बेरोजगारी, असमानता, परनिर्भताका समस्या अहिले हल भएको छैन । त्यसैले सम्पूर्ण समस्याको हल नभएसम्म आम जनता मुक्ति हुन सक्दैन ।" [१९]

माओवादी आन्दोलन भनेको उत्पीडित वर्ग, जाति, क्षेत्र, लिङ्ग र उत्पीडित समुदायको आन्दोलन हो । त्यसो भएकोले जबसम्म उत्पीडित समुदायको पूर्ण मुक्ति हुँदैन तबसम्म जनता आन्दोलन गरिराख्छन् । एकदिन बाध्य भएर प्रतिक्रियावादी शासकहरू झुक्छन् ।[२०] सशस्त्र द्वन्द्वका आर्थिक कारणहरू निम्नलिखित छन् :

**(क). भ्रष्टाचार**

भ्रष्टाचारबाट जनता वाक्क भइसकेका थिए । यसको न्यूनीकरणका लागि गठन गरिएका निकाय नै भ्रष्टाचारमा डुबेको, न्याय निसाफका लागि न्यायालयको ढोका घचघचाउन जाँदा घुसको पराकाष्ठा पुगेको हुँदा सर्वसाधारण गरिब जनताले न्याय पाउन सकेनन् । सानालाई ऐन ठूलालाई चैनको अवस्था थियो । यसरी भ्रष्टाचार पनि आन्दोलनको एक कारण हुन गएको हो ।

**(ख). गरिबी**

गरिबीको सवाल आर्थिक सवाल मात्र होइन । गरिबी मानवीय सम्मान, गरिमा र अन्य विशेषताहरूसँग पनि सम्बन्धित छ । गरिबीको आर्थिक परिभाषालाई सामाजिक आर्थिक क्षेत्रका विस्तृत विषयवस्तुहरूसँग जोडेर हेर्नु आवश्यक छ । यसो गरिएमा गरिबी निवारणका लागि आवश्यक नीति निर्माण गर्न सकिन्छ । परिवारको सामाजिक, शैक्षिक, स्वास्थ्य, आर्थिक चरित्रहरूबाट गरिबीको स्थिति विश्लेषण गर्न सकिन्छ । गरिबीको सम्बन्धमा व्यक्त गरिएका भनाइहरू "गरिबी के हो मलाई नसोध किन भने यसको जवाब मेरो घरलाई हेर, त्यहाँ देखिने प्वालहरू गन, मैले लगाएको च्यातिएका लुगा हेर, यी सबै थोक हेर र लेख । त्यो नै गरिबी हो ।" [२१] ("Don't ask me what poverty is because you have met it outside my house look at the house and count the number of holes. Look

---

[१९] निर्मल ज्ञवाली, "हाम्रो पार्टीले हात बानेर बस्न सक्दैन", **लाल रक्षक** (पुष १५- माघ १४, २०६६). पृ. १५ ।

[२०] **ऐजन** ।

[२१] श्रेष्ठ, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ५, पृ. १२९ ।

at the utensils and the cloths I am wearing. Look at everything and write what you see. What you see is poverty.") *Poor man, Kenya*

"हामीले सहयोग खोज्दा जब हामी अपमानित, बेइज्जत हुन्छौं, आत्मसम्मान गुमाउँछौं, परनिर्भर हुनुपर्छ, रुखो व्यवहार स्वीकार गर्नु पर्छ, त्यो नै गरिबी हो ।" [२२] ("Poverty is humilation the sense of being dependent on them and of being forced is accept rudeness, insults, and indifferences when we seek help.") *Poor woman, Lativa*

कृषि पेशामा संलग्न भएको परिवार, महिलाभन्दा पुरुष मूली भएको परिवारमा गरिबी बढी पाइन्छ ।[२३] गरिबी निवारणको नाममा राज्य र विदेशी दातृ सङ्घ-संस्थाले खर्च गरिसकेको अपार सम्पत्तिको आधारमा गरिबी निर्मूलन भइसक्नु पर्ने थियो तर गरिबी यथाअवस्थामा कायमै छ र टाठाबाठा सम्पन्न भए । विश्व बैंकको तथ्याङ्कअनुसार ७० प्रतिशत मानिस गरिबीको रेखामुनि र राष्ट्रिय योजनाअनुसार ४२% व्यक्तिहरू गरिबीको रेखामुनि छन् । गरिबी निवारण योजना र प्राथमिकताको बाबजुद फितलो कार्यान्वयन पक्षको कारण गरिबीको समस्या समाधान गर्न सकेको छैन "हाम्रो खेतीबारी सानो छ, थोरै उत्पादन हुन्छ, पसलबाट खरीद गरेर ल्याउँदा महँगो पर्छ । बाँच्न कठिन पर्छ, हामी कमाउँछौ तर थोरै कमाइको कारण सामग्रीको अभाव हुन आउँछ, पैसा हुँदैन, त्यस्तो समयमा गरिबी महसुस गर्छौं ।" ("Certainly our farming is little, at the products, things brought from stores are expensive it is hard to live, we work and earn little money, but few things or products, products are scarce, there is no money and we feel poor.")[२४] *From a discussion group of poor man and woman, Ecuador.*

"जब मेरो श्रीमान् विरामी पर्छन् र जबसम्म निको भई काममा फर्कदैनन् तब सम्म हामी गरिबीको अनुभूति गर्छौं ।" ("We face a calamity when my husband falls ill. Our life comes to a halt until he recovers and goes back to work.")[२५] *Poor women, zawyet Sultan, Egypt.*

"पहिलो म मेरो श्रीमान्, गाउँको सरपन्च, प्रहरी जो सँग पनि जे कुरामा पनि डराउँथे तर आज म कोही सँग डराउँदिनँ । मेरो आफ्नो बैंक खाता छ, ग्रामीण बचत

---

२२ **ऐजन** ।

२३ **ऐजन** ।

२४ **ऐजन** ।

२५ **ऐजन** ।

समूहको म प्रमुख हुँ । हाम्रो क्रियाकलाप र हामीसँग जिल्लामा चालिस हजारको बलियो सङ्घ छ भन्ने गतिविधिबारे जानकारी म आफ्नी बहिनीलाई भन्ने गर्छु ।" ("At first I was afraid of everyone and everything, my husband, the village Sarpanch, the police. Today I fear no one. I have my own bank account, I am the leader of my village's saving group ... I tell my sisters about our movement and we have a 40,000 strong union in the district.")[२६] *From a discussion group of poor man and woman, India.*

यू.एन.डी.पी. का लागि बेलायतस्थित अक्सफोर्ड विश्वविद्यालयले गरेको अध्ययनअनुसार ६५ प्रतिशत नेपाली गरिब छन् । शिक्षा, स्वास्थ्य, सेवा, मापनको विभिन्न परिसूचकको आधारमा नेपालको जनसङ्ख्या २ करोड ८३ लाखमध्ये १ करोड ८३ लाख नेपाली गरिब छन् । करिब १ करोड ५५ लाख नेपालीको दैनिक कमाइ ९५ रुपैयाँ (१.२५ यू.एस. डलर) कमाउने अवसर छैन । रु. १ सय ५० मा काम चलाउने नेपाली २ करोड १८ लाख छन् । नयाँ परिसूचकबाट पहिले आम्दानीको आधार मात्र थियो । गरिबी मापन गर्दा उपर्युक्त तथ्याङ्क आएको हो । राष्ट्रिय तथ्याङ्कअनुसार ३१ प्रतिशतबाट २४ प्रतिशतमा गरिबीको रेखा घटेको दाबी गरेका छन् ।[२७]

### (ग). बेरोजगारीको समस्या

माओवादी आन्दोलनका कारण देशमा भएका उद्योग, कलकारखानामा तालाबन्दी, दाता संस्थाहरूबाट उपलब्ध हुने सहयोग कटौती र बन्द गर्नाले बेरोजगारीको समस्याले भयावह रूप लिँदो छ । युवा समुदायले रोजगार नपाउँदा, रोजगार प्राप्त भए तापनि उचित मूल्याङ्कन, आर्थिक लाभ नहुने हुँदा यी समुदाय रोजगारका लागि बिदेसिनु परिरहेको छ । दैनिक एक हजार नेपाली कामको खोजीमा विदेसिन थालेका छन् । हाल भारतबाहेकका देशमा काम गर्न जाने नेपाली कामदारहरूको सङ्ख्या दैनिक ६०० को हाराहारीमा छ । श्रम तथा रोजगार प्रवर्द्धन विभागको तथ्याङ्कअनुसार हाल ९,६३,७०८ जना नेपाली वैदेशिक रोजगारमा छन् । अभिलेख नभएका जोड्दा २० लाख नेपाली तेस्रो मुलुकमा वैदेशिक रोजगारमा गएको अनुमान छ । आ.व. २०६३/०६४ मा मात्र ३९० महिलाहरू विदेशिएका छन् । युनिफेम र

---

[२६] **ऐजन**, पृ. १३१ ।

[२७] गोकर्ण अवस्थी, "६५ प्रतिशत नेपाली गरिब", **कान्तिपुर,** (३१ आषाढ, २०६७), पृ. १ ।

निड्सका अनुसार ७८,३०८ महिलाहरू वैदेशिक रोजगारमा गएका छन् । तर महिला कामदारको सङ्ख्या सरकारी तथ्याङ्कभन्दा कैयौँ गुणा बढी छ ।[२८]

### ३.२.६ भू–राजनीति

माओवादी जनआन्दोलनका अर्को प्रमुख कारण यहाँको भौगोलिक क्षेत्र हो । मुलुकलाई पाँच विकास क्षेत्रमा बाँडेर सन्तुलित विकास गर्ने भनिए पनि राज्यले यथोचित ध्यान दिन सकेको छैन । मध्यपश्चिमाञ्चल क्षेत्रका १५ मध्ये ७ जिल्लाहरू यातायातको सुविधाबाट पूर्ण रूपले वञ्चित हुनु, कच्ची सडकबाट जोडिएका ४ जिल्लाहरूमा पनि त्यसको कुनै खास सकारात्मक प्रभाव पर्न नसक्नु, त्यस क्षेत्रमा तीन जिल्ला बाँके, बर्दिया र दाङ बाहेक सबैमा खाद्यान्न न्यून हुने स्थिति रहनु, त्यहाँका जनता वर्षेनी कामको खोजीमा ६ महिना अनिवार्य रूपमा भारत जान बाध्य हुनु र यसरी त्यो क्षेत्र गरिबी, बेरोजगारी, शोषण, सरकारी उपेक्षा र मतभेदको चरम अवस्थामा पुगेको छ ।[२९]

यस सम्बन्धमा टीका भट्टराई र विजया सुब्बाले सन् २००३ मा गरेको अनुसन्धानअनुसार दुर्गम क्षेत्रका अनुपातमा सुगम शहरी क्षेत्रमा अधिकतम र काठमाडौँको अनुपातमा दुर्गमका लागि छुट्याइएको रकम न्यूनतम छ । राप्ती, सेती र कर्णाली अञ्चलका लागि निर्धारण गरेको बेजटभन्दा बढी बजेट काठमाडौँका लागि निर्धारण गरेको छ । २०५३/०५४ देखि २०५९/२०६० सम्म निकास गरेको विकास रकम केन्द्रको लागि ८०% र अन्य स्थानीय तहका लागि २०% रहेको छ ।[३०] स्रोत, साधन र अवसर स्थानीयवासीको पहुँच भन्दा बाहिर भएको कारण स्थानीय जनतामा आक्रोश र नैराश्यका कारण जनआन्दोलनको कारण हुन गयो । नेपालको मध्यपश्चिमी पहाडी क्षेत्र रुकुम, रोल्पा, जुम्लाजस्ता दुर्गम क्षेत्रलाई आफ्नो आन्दोलनको लक्ष्य बनाउँदै माओवादीले आन्दोलन सुरु गरेको हो । भौगोलिक रूपमा राज्यले नागरिकलाई नजरअन्दाज गर्दा आन्दोलनका कारण बन्न पुग्यो ।[३१]

---

[२८] युनिफेम र पिपुल फोरम, **महिलाको सुरक्षित वैदेशिक रोजगार**, (काठमाडौँ : युनिफेम र पिपुल फोरम, २०६६), पृ. १०-११ ।

[२९] एमाले प्रतिवेदन, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १५, पृ. १४ ।

[३०] विष्णुराज उप्रेती, **नेपालमा माओवादी सशस्त्र द्वन्द्व**, (काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन, २०६१), पृ. २५ ।

[३१] **ऐजन** ।

### ३.२.७ सामाजिक तथा सांस्कृतिक कारण

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । नेपालको सामाजिक सांस्कृतिक पक्षबाट व्याख्या गर्नुअघि सामाजिक संरचनाबारे छोटकारीमा चर्चा गर्नु सान्दर्भिक हुन्छ । नेपाली जनतामा चार किसिमको नश्ल पाइन्छ (१) आर्य (२) मंगोल (३) द्रविड र (४) प्रोटो-अष्ट्रल्योयड । नेपालमा ६१ आदिवासी तथा जनजाति छन् । जसलाई राणाकालीन मुलुकी ऐनले मतवाली स्तरमा राखेको थियो । पहाडमा ब्राह्मण, क्षेत्री र दलित जात पाइन्छ भने तराईमा हिन्दू वर्णाश्रम व्यवस्था चार वर्ण ब्राह्मण, क्षेत्रीय, वैश्य र शुद्र र हरेक वर्ग अनेक जातमा विभाजित भएको पाइन्छ । दलितहरू पहाड र मधेश दुवैमा छन् र पहाडका दलितमा जनजाति दलित विशेष गरी नेवार समुदाय पाइन्छ ।[३२]

**तालिका नं. ३.५**
**क्षेत्रका आधारमा बसोबास गर्ने विभिन्न जातजाति**

| क्र.सं. | हिमाल | पहाडी | भित्री मधेस | तराई |
|---|---|---|---|---|
| १. | भोटे | चेपाङ्ग | बोटे | धानुक (रज) (राजवंशी) |
| २. | शेर्पा | गुरुङ | दनुवार | धिमाल |
| ३. | थकाली | जिरेल | कुमाल | मनगाई |
| ४. | डोल्पा | लाप्चे | दराई | (राजवंशी) कोचे |
| ५. | लोहमी (सिग्स्व) | लिम्बू | | थारू |
| ६. | ल्होपा | नेवार | माझी | मेचे (बोडे) |
| ७. | लार्के | मगर | राउटे | किसान |
| ८. | सियार | राई | राजी | सतार |
| ९. | मुगली | सुनुवार | | ताजपुरिया |
| १०. | वाह्रगाउँले | तामाङ | | झाँगड |
| ११. | मनाङ्गे | थामी | | सन्थाल |
| १२. | होलुङ्ग | दुरा | | |
| १३. | थुदुम | हायु | | |
| १४. | ताङ्गवे | छन्तयाल | | |
| १५. | तोप्केगोला | होल्मो | | |
| १६. | मार्फाली | पहारी | | |
| १७. | थिनतन | भुजेल, (घर्ती) | | |
| १८. | चिमतान् | बरामो | | |
| १९ | स्याङतान | सुरेल | | |
| २० | छाइरोतान | कुसुण्डा | | |
| २१. | सौका (व्याँसी) | फि | | |
| | | कुशुबडिया | | |
| | | बन्कना वनकरिया | | |

***स्रोत :*** श्रेष्ठ, चूडाबहादुर. **नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी.** काठमाडौं : चेतना लोकसम, इ. २००४, पृ. १३१ ।

---

[३२] कृष्णबहादुर भट्टचन, "नेपालमा शान्ति र सुशासन : सामाजिक-सांस्कृतिक परिप्रेक्ष्य', **शान्तिको खोजी**, (काठमाडौं : साप नेपाल, २०५८), पृ. ३२ ।

नेपालमा भाषिक दृष्टिले चार भाषा परिवारअन्तर्गत १२५ भन्दा बढी भाषा भाषिकाहरू रहेका छन् । ती भाषा परिवार (१) भारोपेली, (२) भोटबर्मेली, (३) द्रविड र मुण्डा ।[३३] धर्मको दृष्टिले प्रकृति धर्म, बोन, किराँत, बौद्ध, हिन्दू, इस्लाम, क्रिश्चियन र क्षेत्रगत आधारमा हिमाल, पहाड र मधेश, विकास क्षेत्रको आधारमा सुदूरपश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चल गरी पाँच क्षेत्रमा विभाजित छन् र लैङ्गिकीय आधारमा नेपालको कुल जनसङ्ख्याका आधाभन्दा बढी महिला छन् ।[३४]

नेपाल अधिराज्यको संविधान २०४७ मा सामाजिक विकृति, अन्धविश्वास, भ्रम, कुसंस्कार, पराधीनता, छुवाछूत, देवत्ववाद सम्बन्धमा सम्बोधन गरे तापनि संविधानको कार्यान्वयन पक्ष भने फितलो थियो । दलितहरू उच्च जातद्वारा युगौंदेखि अमानवीय रूपमा छुवाछूतजस्ता दुर्व्यवहार, पेशागत विभेद, ब्राह्मणवादी सोच र नीतिले दलितबीच पनि ठूलो सानो तह, छुवाछूत व्यवहार, हिन्दू मुस्लिम अतिवादी र एकाधिकारवादी (रौतहट, पर्सा, बारा र नेपालगंजमा भएको हिन्दू मुस्लिम हिंसात्मक झडप) को धर्म विवाद, मधिसे, पहाडीको क्षेत्रगत अन्तरद्वन्द्व, हेपाइ, मिचाइ, दोस्रो दर्जाको नागरिक महिला, महिला भएको नाताले उत्पीडित हुनु पर्ने, सम्पत्तिबाट वञ्चित, महिलाविरुद्धका विभिन्न थरीका हिंसाको सामना गर्नुपर्ने, कुमारी, छाउपडी, देउकी, बादीजस्ता कुप्रथा र लैङ्गिक असमानता विद्यमान छ । बाहुनवादीले अतिवादी जनजातिहरूमाथि जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विभेद, राजनीतिक र आर्थिक शोषण दमन गर्दै आएको छ ।

यी कमीकमजोरीको निर्मूल तथा महिला, जनजाति, दलित, किसान उत्थानका लागि संविधानमा व्यवस्था गरियो । विभिन्न आयोगको गठन भए तापनि अनुगमन र निरन्तरताको अभावमा व्यवस्थित हुन सकेन । अन्तर्राष्ट्रिय महासन्धिहरू, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि आदिमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा पारित प्रस्ताव १३२५ आदिमा राज्यले हस्ताक्षर गऱ्यो । निर्वाचन घोषणापत्रमा गरिएका वाचाहरू संरचनात्मक स्तरमा कार्यान्वयन भएन । हर्क गुरुङको “कान्तिपुर” दैनिक भाद्र १८, २०६० मा प्रकाशित विश्लेषणअनुसार “अहिले देखा परेको जनजाति सवालको कुनै नौलो लहर

[३३] **ऐजन** ।

[३४] **ऐजन** ।

होइन दबिएर रहेको आकाङ्क्षाको अभिव्यक्ति हो । प्रजातन्त्रको स्वच्छन्दताको वातावरणले गुम्सेको भावनालाई निकास दियो ।" जातीयलगायत अन्य राजनीतिक अभिव्यक्तिहरू विशेष गरेर शक्ति सङ्क्रमणकालमा मौलाउँछन् र आजको नेपालमा त्यही भइरहेको छ । २०४७ को संविधानमा सबै नागरिकलाई समान हक र अधिकारको व्यवस्था गरेको पाइन्छ । तर त्यो वाचा लिखितम मात्र हो किनभने साधन विपन्नले हक उपभोग गर्न सक्दैन र शक्तिविहीनले आफ्नो अधिकार उपयोग गर्न पाउँदैन । हक उपभोग गर्नलाई अवसर र क्षमता चाहिन्छ, जुन अधिकांश जनजातिमा छैन । त्यस्तै अधिकार उपभोग गर्नलाई अवसर र क्षमता चाहिन्छ जसबाट जनजातिहरू वञ्चित छन् ।[३५]

**तालिका नं. ३.६**

**तराईका विभिन्न १० जिल्लामा बसोबास गर्ने दलित जातिको जनसङ्ख्या**

| क्र.सं. | जिल्ला | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सप्तरी | ८५,१२१ | १२.१ |
| २. | सिराहा | ८१,१८५ | ११.६ |
| ३. | सर्लाही | ७८,३१७ | ११.६ |
| ४. | धनुषा | ७३,४६३ | १०.५ |
| ५. | महोत्तरी | ६७,८४२ | ९.६ |
| ६. | रौटहट | ६७,१२८ | ९.५ |
| ७. | पर्सा | ६६,१६१ | ९.५ |
| ८ | बारा | ६६,१०४ | ९.५ |
| ९. | सुर्खेत | ५९,१७४ | ८.४ |
| १०. | कैलाली | ५५,८६४ | ७.९ |
| | **जम्मा :** | **७,००,३५९** | **१००.००** |

***स्रोत:*** श्रेष्ठ, चूडाबहादुर. **नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी.** काठमाडौँ : चेतना लोकसम, इ. २००९, पृ. ३३ ।

जातीय अन्तर द्वन्द्वहरूमा दलित र ब्राह्मणवादी र मुस्लिम हिन्दूबीच अन्तरद्वन्द्व कायमै छ । नेपाली समाजको उपर्युक्त स्थिति गुम्सिरहेको ज्वालामुखी जस्तो थियो ।

[३५] साप नेपाल, "सामाजिक आर्थिक समस्याका विविध रूप", **नेपालमा सशस्त्र द्वन्द्व**, (काठमाडौँ : साप नेपाल, २०६०), पृ. २२ ।

समाजको नीति तहमा गुम्सिएर रहेको आक्रोश र समस्याहरू सतहमा आए । विद्यमान स्थितिलाई तोड्दै नयाँ मान्यताहरू स्थापना हुँदै गए । माओवादी जनयुद्धले गुम्सिएको आगोलाई हावा दिन सफल भयो ।

### ३.२.८ दरबारिया राजनीति र असन्तुष्टि

नेपालमा २००७ देखि संविधानसम्बन्धी विवाद रहेको मूल जड कारकतत्त्व भनेको राष्ट्रको संविधान हो । वर्तमान संविधानसम्बन्धी मुद्दा २००७ को क्रान्ति पश्चात्देखिकै मुद्दा हो । दरबारभित्रको अन्तर्द्वन्द्वकै कारणमा राजा वीरेन्द्रको वंश विनाश भयो । दरबार हत्याकाण्डबाट माओवादी द्वन्द्वमा उतारचढाव आएको देखिन्छ । अधिराजकुमार ज्ञानेन्द्रलाई नेपालका राजा घोषणा गरियो । सङ्कटकाल घोषणा भयो र सशस्त्र द्वन्द्व अरू चर्कियो । ताजा जनादेशका लागि प्रतिनिधि सभा विघटन गरियो । प्रतिनिधि सभाको चुनाव हुन सकेन, देउवा पदच्युत भए । यसपछि प्रधानमन्त्री नियुक्ति र खारेजीको क्रम चलिरह्यो । राजा र जनतालगायतका राजनीतिक दलहरूबीच सत्ता सङ्घर्षले अग्रगामी दिशा पहिल्याउँदै गयो ।

### ३.२.९ निरङ्कुश र अधिनायकवादी शासन

राज्यको उत्पत्ति मानवीय जीवनका लागि र यसको उद्देश्य मानवीय श्रेष्ठ जीवनका लागि हो । यसै अवधारणाअनुसार राम राज्य, जहाँ कसैले दुःख नपाओस् भन्ने नीति राखेको थियो । सुशासनका लागि कौटिल्यजस्ता महान् दार्शनिकले आफ्नो विचार व्यक्त गरेका छन्:

> प्रजा सुखे सुखम् राज्ञः प्रजानां च हिते हितम् ।
> नात्म प्रियं हितम् राज्ञः प्रजानां तु प्रियं हितम् ॥ [३६]

सुशासन एक स्वच्छ, स्वस्थ, न्यायमूलक र समतामूलक राज्य व्यवस्था हो । जहाँ शान्ति, सुरक्षा, न्याय, मानवीय मूल्य मान्यताले प्रश्रय पाएको हुन्छ, तर भ्रष्टाचार, नातावाद, कृपावाद, परिवारवाद, चाकरी र चाप्लुसी निषेधित हुन्छ । समाजका कार्य जनहित, लोककल्याण पारदर्शी र मर्यादित रूपमा गरिन्छ । दमन, शोषण, जातीय, भाषिक, क्षेत्रीय आधारमा भेदभाव हुँदैन । वेदमा उल्लेख गरेअनुसार “सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया, सर्वे भद्राणि पश्यन्तु मा कश्चिचद् दुःखभाग् भवेत्” अर्थात् सबै सुखी, निरोगी, देख्न, सुन्न, पाउने हुनुपर्छ । राज्यमा कोही दुःखी नहोऊन् प्रजाको सुखमा राज्यको सुख भन्ने ध्रुव सत्यलाई नबिर्सनु नै सुशासन हो ।

---

[३६] ओ.पी. नागपाल र अमृत नाखरे, **प्रमुख राजनीतिक विचार**, (इलाहावाद : किताब महल, इ. १९७३), पृ. २३१ ।

१०४ वर्षदेखि राणा कालको निरङ्कुशबाट पीडित, शोषित, त्रसित जनताले २००७ को बहुदलीय प्रजातन्त्र व्यवस्थापश्चात् उन्मुक्त वातावरणमा सास लिने, जनहित र लोककल्याण हुने, अधिकार प्राप्त गर्नेजस्ता सपना देखेका थिए । नेताका मीठा भाषण, कोरा नारामै सीमित रहे । प्रजातन्त्र नेतृत्वविहीन भीडतन्त्रमा परिवर्तन भयो । २०१७ को पञ्चायती व्यवस्थादेखि खुम्चिएका अधिकार खुल्ला नहुँदै साँगुरिए । २०४६ मा पुनः जनता स्वच्छन्द वातावरणमा बाँच्न र शोषणको बन्धनबाट स्वतन्त्र हुन आन्दोलनमा आफूलाई होमे । प्रजातन्त्र पुनर्बहाली गर्न नेपाली कांग्रेस, वाममोर्चा एकीकृत भई जनआन्दोलन गर्ने निर्णय गरे । फलस्वरूप पञ्चायती व्यवस्था धरासयी भयो । राजाले जनतासमक्ष घुँडा टेकी उदारता देखाए । जनताले बहुदलीय प्रजातन्त्र व्यवस्थाको पुनर्बहाली गरे र राजाको अधिकार सीमित भयो भने राजाले इमान्दारी देखाए । संविधान निर्माण र आम चुनाव सम्पन्न भयो । राजा, नेपाली कांगेस र वामघटकबीच त्रिपक्षीय शक्ति सन्तुलन भयो । नेपाली जनताको आशा अनुरुप काम हुन सकेन । कुनै पनि सरकार बहुमतको कांग्रेस, अल्पसंख्यक ने.क.पा. (एमाले) वा अन्य मिलेजुली सरकारले जनतालाई राहत दिन सकेनन् । मौलिक हक संरक्षण गर्ने, नागरिक हक हनन, सामाजिक न्यायको अभाव, अस्वस्थकर प्रतिस्पर्धा र निजी तथा दलीय स्वार्थ पूर्ति, राष्ट्र र राष्ट्रिय अस्तित्व खतरामा, भ्रष्ट शासक, कमिशनतन्त्र, राजनीतिका साथै सामाजिक, आर्थिक र न्यायिक क्षेत्र समेतमा भ्रष्टाचार लिप्त, गरिब जनताको नाममा आएको अनुदानको दुरुपयोग, सरकारी संयन्त्र, राजनीति तरलताको स्थिति थियो । शान्ति सुरक्षाको खटकिँदो अभाव, फितलो न्याय, दण्डहीनताको स्थिति, बेरोजगारीको स्थिति, बढ्दो लुटपाट, सङ्कटग्रस्त सञ्चार माध्यम, जनताको सूचनाको हक हनन भएको थियो । सूचना माध्यम निरपेक्ष थिएन, अर्कोतर्फ सञ्चार माध्यमलाई स्वतन्त्रता प्रदान गरिएको थिएन । शैक्षिक, बौद्धिक, आर्थिक स्वार्थ र उद्योग धन्धा प्रत्येक क्षेत्रमा राजनीतीकरण भइरहेको थियो ।

## ३.३ माओवादी सशस्त्र सङ्घर्षको प्रभाव


सशस्त्र द्वन्द्वले व्यक्तिगत, पारिवारिक, सामाजिक, राष्ट्रिय स्तरमै ठूलो उथलपुथलको स्थिति सृजना गर्दछ । द्वन्द्वले शारीरिक, मानसिक र संवेगात्मक सबै किसिमको पीडा सृजना गर्दछ । द्वन्द्वबाट अवसर, नेतृत्व, सशक्तीकरण सृजना गर्दछ । द्वन्द्वअघि पुरुष नियन्त्रण रहेको परम्परागत समाजमा महिलाका लागि सार्वजनिक वृत्तमा स्थान सृजना गरेको छ । सामाजिक न्यायको व्यवस्था भएको पाइन्छ । विद्रोही र हातहतियार खोज्न सुरक्षाकर्मी

घरभित्र पसेर महिलाहरूलाई सामूहिक बलात्कार गरिन्छ । सामूहिक बलात्कार अब सामान्य र दिनचर्या हुन थालेको थियो ।[३७]

समयमै सकारात्मक परिणाम पहिल्याउन सकिएन भने द्वन्द्वले सशस्त्र विद्रोह एवं हिंसाको रूप लिन सक्छ जसको परिणाम विनास नै हुन्छ । वर्तमानमा प्रत्यक्ष देखिने क्षति विनाश हो, तर कालान्तरमा सकारात्मक उद्देश्य छ भने विकास भएको पाइन्छ । यसै सन्दर्भमा विभिन्न क्षेत्रमा आबद्ध ४०० व्यक्तिहरूसँग लिएको अन्तर्वार्तामा ८५ प्रतिशतले द्वन्द्वबाट विनाश हुन्छ र १५ प्रतिशतले द्वन्द्वबाट विकास हुन्छ भन्ने प्रतिक्रिया जनाए । द्वन्द्वको परिणाम त्यसको अभिव्यक्तिमा निर्भर गर्दछ । अभिव्यक्तिको आधारमा द्वन्द्वबाट दुई किसिमको प्रभाव पर्दछ :

**चित्र नं. ३.१**

**द्वन्द्वको प्रभाव**




[३७] रीता मनचन्दा, "गन्स एन्ड बुर्का, वुइमिन इन द काश्मिर", **वुइमिन वार एन्ड पिस इन साउथ एसिया**, (न्यू देल्ही : सेज पब्लिकेशन्स, इ. २००१), पृ. ४२-९६ ।

### ३.३.१ सशस्त्र सङ्घर्षबाट परेका नकारात्मक प्रभाव

कुनै पनि आन्दोलन, सङ्घर्ष वा युद्ध कमजोरी विहीन हुन सक्दैन । माओवादी युद्धले पनि दुवै खाले असर पारेको छ । सशस्त्र सङ्घर्षका असर बुझ्नुभन्दा पूर्व त्यसको जड लक्ष्य बुझ्नु पर्छ । सूचना तथा प्रविधिको आधारमा परेका प्रभाव बुझ्न सकिन्छ ।

सशस्त्र द्वन्द्वबाट सामाजिक, आर्थिक, राजनीतिक, कूटनीतिक क्षेत्रमा असर पर्छ । समाजमा नकारात्मक असर परिरहँदा पनि द्वन्द्वको औचित्य र आवश्यकता महसुस हुन्छ । अझ द्वन्द्व सुरु गर्ने पात्रहरूले यसको आवश्यकतामाथि जोड दिन्छन् जब कि अन्य सर्वसाधारण र शान्तिप्रिय व्यक्तिहरूले सशस्त्र सङ्घर्षलाई अस्वीकार गर्छन् । जे छ, त्यसैमा सन्तुष्ट हुनेहरूले युद्धलाई स्विकार्दैन । लडाकुको दृष्टिमा मानव जातिको हत्या, रगतका खोलो, विध्वंस उचित लाग्ला तर सर्वसाधारणले त्यसलाई घृणाको दृष्टिले हेर्छन् । यसबाट सकारात्मक परिणाम आउन सक्ला तर पनि वर्तमानको विध्वंसलाई स्वीकार गर्न सकिंदैन । सङ्घर्षलाई स्वीकार गर्दा वा नगर्दा भविष्यको परिणामभन्दा वर्तमानमा प्रत्येक क्षेत्रमा जटिल सङ्कट अवस्था उत्पन्न गर्छ ।

'प्लो शेयर प्रोजेक्ट' क्यानडाले २००४ मा तयार पारेको रिपोर्ट ट्रान्सपरेन्सी इन्टरनेशनल, लन्डनबाट प्रकाशित वार्षिक प्रतिवेदन र रिकन्सिलिएशन, रिसोर्सेसका विभिन्न प्रकाशित प्रतिवेदनअनुसार निम्नलिखित परिणामहरू सशस्त्र सङ्घर्षबाट सृजना भएको पाइन्छ :[३८]

#### (क). सन्त्रास र तनाव

सशस्त्र सङ्घर्षबाट सृजना हुने प्रमुख असर सन्त्रास र तनाव हो । वर्गीय समाजमा एउटामाथि अर्कोले शोषण गरिरहेको हुन्छ । राज्यमा जनताको दमन भइरहेको हुन्छ । समाजमा एक अर्काप्रति शङ्काको दृष्टि राख्ने, अविश्वासको स्थिति उत्पन्न हुने, सम्बन्धमा कटुता उत्पन्न हुने र सधैं एक अर्कासँग त्रसित रहन्छन् । सर्वसाधारणले पनि आश र त्रासकै कारण एक पक्षमा उभिने र तटस्थ हुने कठिन परिस्थितिको सामना गर्नुपर्छ । विभिन्न हिंसा, अपहरण, हत्या, आगजनीजस्ता जघन्य अपराध गर्दछन् । यी कारण सर्वसाधारणमा त्रास, तनावको असर शारीरिक तथा मानसिक अवस्थामा पर्न जान्छ । यस्तो समाजमा कुनै पनि मानवीय विकासको सम्भावना रहँदैन ।

---

[३८] उप्रेती, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ८, पृ. २४९ ।

शैक्षिक संस्था र व्यापारीहरू भूमिगत सशस्त्र समूहको रणनीतिबाट त्रसित जीवन व्यतीत गर्दै थिए । यी समूहले चन्दा, फिरौतीको माग राख्ने र दिन सकेन भने घरमा बम राख्ने जस्ता धम्की दिन्थे । दाङका प्याब्सन अध्यक्षका अनुसार १२ निजी विद्यालयले चन्दाका लागि पत्र प्राप्त गरेका थिए । यस्ता सन्त्रासका कारण त्यहाँका जनता विस्थापित हुने क्रम जारी थियो । माओवादी पक्षधरको शङ्कामा राज्य पक्षबाट र राज्यपक्षधरको शङ्कामा माओवादीबाट जनता त्रसित जीवन बिताउन बाध्य भएको कुरा इतिहास बनिसकेको छ । युद्ध सुरु गरेको 'पकेट एरिया' रोल्पा र रुकुमका सर्वसाधारण नै पनि त्रसित हुन थालेका थिए । नहुन् पनि कसरी 'एक घर एक व्यक्ति, नत्र तीनहजार रुपैयाँ जरिवाना माओवादीको उर्दीको पालना गर्नुपर्दथियो । बेपत्ता पारिनु, यातना, अपहरण, बलात्कार जबरजस्ती श्रम र चन्दा लिनु पर्नेजस्ता पीडा जनताले सामान्य किसिमबाट सहनु पर्ने दिनचर्या भइसकेको थियो ।

माओवादी र सुरक्षादल दुवैतर्फ भएका मानव अधिकार उल्लङ्घनका कहाली लाग्दा घटनाहरूबाट मानिस सन्त्रस्त थिए । परिवारका सदस्य, शिक्षक, साथीको हातखुट्टा वा टाउको काटिएको र झुण्ड्याइएको अवस्थामा फेला पर्ने, बन्दुक र त्यसको आवाज सुनेर त्रसित हुनेजस्ता सन्त्रासमा बाँच्नु पर्ने अवस्था थियो ।

**(ख) यौनजन्य अपराध**

सामान्यतः युद्धमा महिला प्रत्यक्ष सहभागी हुँदैनन् । सशस्त्र द्वन्द्वको अर्को अपराध यौनजन्य अपराध हो । विश्वमा हुने युद्धमा यौनजन्य अपराध, बलात्कार र महिला हतियारको रूपमा प्रयोग गरिन्छ । महिलालाई हतियारको रूपमा आदम इभको समयमा प्रयोग भएको कथा पाइन्छ ।[३९] महिलालाई अस्त्रको रूपमा प्रयोग गरिने कुरा कौटिल्यको चाणक्य नीतिमा महिलालाई सेनामा भर्ना गराउनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । महिलाले सेनाका लागि अन्न-जल व्यवस्था गर्नु, सुसज्जित भेष-भूषाका साथ सैनिकलाई प्रसन्न, प्रोत्साहन गर्न महिला नियुक्तिको आवश्यकताजस्ता धारणा व्यक्त गरेका छन् ।[४०] युद्धरत सेना लामो समयसम्म घरपरिवार छाडी युद्ध मैदानमा रहँदा यौन चाहना तृप्त हुन नपाउँदा बलात्कार जस्तो अपराध गर्न पछि हट्दैनन् । विभिन्न देशमा यस्ता जघन्य अपराध भएको पाइन्छ । गणतन्त्र कङ्गोमा १९९८ देखि सयकडौं महिलाहरू बलात्कृत भएका छन्

---

[३९] केली ओलिभर, **वुइमिन एज विपन्स अफ वार, इराक सेक्स एन्ड दि मिडिया**, (कलकत्ता : सिगल बुक्स, कोलम्बिया युनिभर्सिटी प्रेस, इ. २००७), पृ. आवरण पृष्ठ ।

[४०] केशवराज अर्याल (अनु.), **कौटिल्यको अर्थशास्त्र,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०२४), पृ. ६७०-६७२ ।

(३१ जुलाई २००३ यूएन न्यूज सेन्टरको प्रतिवेदन अनुसार) हतियारधारीले नरभक्षीको रूपमा स-साना महिलाहरूलाई प्रयोग गर्दथे । रुवाण्डामा कम्तीमा २,५०,००० देखि ५,००,००० महिलाहरू बलात्कृत भएका थिए । रुवाण्डाको महिलासम्बन्धी कार्य गर्ने छाता समूहले युद्धकालमा भएको नरसंहारमा मर्नेको २५,००० विधवाका लागि काम गर्दै छन् । उनीहरूको भनाइअनुसार ती महिलाहरू एच.आई.भी. एड्स पीडित छन् । ८० प्रतिशत अहिले पनि सन्त्रासबाट बाहिर निस्कन सकेका छैनन् । यसैगरी बोस्नियामा मुस्लिम महिलाहरू बलात्कृत भए । २०,००० महिलाहरू युद्धकालमा बलात्कृत भएका छन् ।[४१]

यद्यपि महिलाविरुद्ध हिंसा निर्मूलन घोषणाअनुसार महिलाको शारीरिक तथा मानसिक कुनै किसिमको हानि नोक्सानी हुने कुनै कार्य गर्न पाइँदैन । तर युद्धकालमा युद्ध आचारसंहिता विरुद्ध राज्य पक्ष र विरोधी पक्ष दुवैले खुलेर उल्लङ्घन गर्छन् । खास गरी युद्धको समयमा धेरैजसो पुरुषहरू युद्धमा मर्छन् र महिलाहरू यौन शोषणबाट पीडित हन्छन् । विश्वमा कैयौं महिलाहरू यस्ता शोषणबाट पीडित भएका छन् । यसै सन्दर्भमा यू.एन. स्पेशल रिपोर्ट श्रीलङ्कन वकिल राधिका कुमारास्वामीले महिलाविरुद्ध हिंसा इ. १९९४ को प्रतिवेदनमा सङ्घर्षकालमा महिलाको शरीरमा हुने हिंसा र जीवन सम्बन्धमा प्रकाश पारेकी छन् ।[४२]

**(ग). छाडावाद/उच्छृङ्खलता**

समाजमा छाडावादले जन्म लिएपछि अनुशासन विहीन, नैतिक पतन र दण्डविहीन समाजको जन्म हुन्छ । माओवादीमा भर्ना भएर बदला लिन्छु भन्ने जस्ता गलत धारणाको विकास भयो । मार्ने, काट्ने र हत्या गर्ने माओवादी नीति हो भन्ने छाप जनमानसमा परेको छ । अबोध बालबालिका खेल्दा बन्दुकको शान (नक्कल) लगाएर मार्छु भनेर खेल्ने यस्ता अवस्थाले कस्तो समाजको सृजना हुन्छ भन्ने एउटा टिठलाग्दो सवाल उठ्छ ।

**(घ). आन्तरिक विस्थापन**

आन्तरिक विस्थापन भन्नाले त्यस्ता व्यक्ति वा समूहलाई बुझाउँछ जसले आफ्नो घरबार तथा बसिरहेको स्थानबाट कुनै विशेष परिस्थितिका कारणले वा सशस्त्र द्वन्द्वबाट हुने

---

[४१] युनाइटेड नेशन्स डेभलपमेन्ट फण्ड फर वुइमिन, "न्यूज ब्रिफ आँन भ्वाइलेन्स," **वुइमिन वार पिस अर्ग,** (न्यूयोर्क : इ. २००१) ।

[४२] रीता मनचन्दा (सम्पा.), दरिनी राज सिङ्घम, "अम्ब्वाएलेन्स इम्पावरमेन्ट दि ट्रेजेडी अफ तमिल वुइमिन इन", **वुइमिन वार एण्ड पिस इन साउथ एसिया**, (दिल्ली : सेज पब्लिकेशन, इ. २००१), पृ. १११ ।

प्रभावबाट मुक्त हुनका लागि हिंसा व्याप्त भएको अवस्था, मानव अधिकारको उल्लङ्घन वा प्राकृतिक र मानवीय प्रकोपहरूका कारणले पलायन भएका व्यक्तिहरूलाई बुझाउँछ जसले अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त राज्यको सिमाना पार गरेको हुँदैन ।

युद्धबाट सम्पूर्ण समुदाय नै प्रभावित हुने भए पनि विशेष गरी महिला र बालबालिका बढी प्रभावित हुन्छन् र उनीहरूको सामाजिक हैसियत र लिङ्गका कारण महिला बढी प्रभावित हुन्छन् । युद्ध पक्षले विरोधी समुदायमा आतङ्क फैलाउने उद्देश्यले शारीरिक, मानसिक, संवेगात्मक यातना दिने भएकोले यस्तो अवस्थामा विस्थापित हुने र सम्पत्तिहरण हुने गर्दछ । विश्वमा करोडौं विस्थापित हुनेहरूमध्ये महिला तथा बालबालिका नै रहेका छन् । सशस्त्र द्वन्द्वको समयमा गाउँ-घरमा जनतालाई सामान्य जीवनयापन गर्न अत्यन्त कठिन पर्छ । माओवादी र सुरक्षाकर्मीको क्रियाकलाप समेतले जनतालाई आतङ्कित बनायो । विरोधी र राज्य पक्षबीचको दुई बन्दुके जीवन निर्वाह गर्न नसक्दा जनता विस्थापित हुनु पऱ्यो । आफ्नै आँगन परदेश भइदियो । व्यक्तिहरू शहरतर्फ पलायन, विस्थापित हुन थाले भने युवाहरू विदेशिन थाले । शहर पलायन हुनेहरू विशेष गरी जमिनदार, व्यापारी, शिक्षक, गा.वि.स सचिव, राजनीतिक कार्यकर्ता, सङ्घ संस्था र युवाहरू थिए । कतिपय गाउँहरू पुरुषविहीन अवस्थामा थिए । यहाँसम्म कि धर्मानुसार मलामी जान पुरुषहरू गाउँमा हुँदैनथे । गाउँ घर छाडी अन्य शहरमा शरणार्थी सरी जीवनयापन गर्नुपर्ने, दाना र छानाका लागि स्वाभिमानलाई बेच्नु पर्नेसम्मको स्थिति आएको थियो । पुरुष जति पलायन हुँदा महिलामाथि आकाश खसेको अनुभूति भयो । महिलामाथि दोहोरो मात्र होइन सम्पूर्ण जिम्मेवारी थपियो । खेतबारी, घर गृहस्थी, बच्चाहरूको पालनपोषण, शिक्षादीक्षा, घरेलु, सामाजिक घरव्यवहार महिलाको काँधमा पऱ्यो । अर्कोतर्फ पुरुषको अनुपस्थितिमा विरोधी पक्ष र सुरक्षाकर्मी दुवैको सिकार महिला हुनु पर्दथ्यो ।

लि. अनेस्तोले युद्ध प्रमाणित क्षेत्रको अध्ययनबाट निकालेको परिणामअनुसार ४,००० व्यक्ति नेपालमा विस्थापित भएका थिए ।[४३] नर्वेली शरणार्थी आयोगको ग्लोबल आई.डी.पी. प्रोजेक्टअनुसार नेपालमा माओवादी द्वन्द्व समयमा माओवादी र सुरक्षाकर्मीबाट पीडित १ लाखदेखि २ लाखसम्म विस्थापित भएका छन् । भारतीय राजदूतावासको प्रेस सम्मेलनअनुसार

[४३] लि अनेस्तो, **डिस्पेचेज फ्रम दिपिपुल्स इन वार**, (लण्डन : प्लुटो, इनसाइट प्रेस, २०४५), पृ. १६६-६८ ।

इ. २००३ जनवरीसम्म करिब एक लाख बीस हजार नेपालीहरू भारततर्फ विस्थापित भएका छन् । इ. १९९६ देखि २००६ सम्म १ लाखदेखि १५०,००० आन्तरिक विस्थापन भएका छन् ।[४४]

इ. २००७ इन्सेक प्रतिवेदनअनुसार विश्वमा विस्थापनबाट २ करोड मानिसहरू प्रभावित भएका छन् । तुलनात्मक दृष्टिकोणबाट महिला-पुरुष दुवै समान विस्थापित भएको पाइन्छ । २००० वर्षमा २० लाख पुरुष र ८५ लाख महिला विस्थापित भएका छन् । क्षेत्रगत अन्तर्राष्ट्रिय विस्थापित हुने महिलाहरूको स्थिति निम्नलिखित तालिकाबाट प्रस्ट हन्छ[४५] :

**तालिका नं. ३.७**
**दक्षिण एसियामा विस्थापन हुने महिलाको सङ्ख्या**

| क्र.सं. | एसियन राष्ट्र | वर्ष १९९० | वर्ष २००० |
|---|---|---|---|
| १. | इस्ट एण्ड साउथ एसिया | ४८.५ | ५०.१ |
| २. | वेस्ट एसिया | ४७.९ | ४८.३ |
| ३. | साउथ एसिया | ४४.४ | ४४.४ |

*स्रोत :* बेहेरा, नवनिता चड्ढा. **वुइमिन : वार एण्ड पिस इन साउथ एसिया वियोण्ड भिक्टिमहुड टू एजेन्सी.** दिल्ली : सेज पब्लिकेशन, इ. २००८, पृ. ९ ।

सिविन नेपालको तथ्याङ्कअनुसार ४० हजार बालबालिका द्वन्द्व अवधिमा विस्थापित भएका छन् । सेभ द चिल्ड्रेन अलायन्स २००५ जुलाईमा सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार दैनिक ५०० बालबालिका भारत पलायन हुने गर्दछन् । त्यसैगरी बारा जिल्लाबाट २००६ को वर्षमा ४८ परिवार विस्थापित भएका छन् ।

द्वन्द्व चर्किएपछि जनशक्ति र स्रोत-साधनको अभावमा म्याग्दी जिल्लामा २०५६ देखि २०६० सालभित्र १० प्रहरी चौकी विस्थापित भई सदरमुकाममा केन्द्रित भएका थिए । त्यसै गरी इलाका प्रहरी, सीमा प्रहरी चौकी, कारागार सुरक्षा कार्यालय विस्थापित भएका थिए । शान्ति सुरक्षाको अपरिहार्यको अवस्थामा माओवादी रणनीतिको ज्यादतीको कारण ज्यान, धनमालको सुरक्षा राज्यले सर्वसाधारणलाई प्रदान गर्न सकेको थिएन ।

---

[४४] एचटिटिपिः// इन.विकिपेडिया.ओआरजी/ विकी/ नेपाल_सिभिल_ वार, १५ जुन - ०९ ।

[४५] नवनिता चड्ढा बेहेरा, **वुइमिन : वार एण्ड पिस इन साउथ एसिया वियोण्ड भिक्टिमहुड टू एजेन्सी**, (दिल्ली : सेज पब्लिकेशन, इ. २००८), पृ. ९ ।

**(ङ) भौतिक साधनमा परेको प्रभाव**

द्वन्द्वको एक दशकको दौरानमा खरबौँ बराबरको विकासका पूर्वाधार भौतिक सांस्कृतिक संरचनाहरूको क्षति (पाल्पा दरबार) भएको छ । युद्ध समयमा देशको भौतिक संरचनामा नराम्रो रूपबाट असर पर्छ (परिशिष्ट १३) ।

२०५२ फागुन १ गतेबाट घोषित आन्दोलनबाट पहिलो भौतिक क्षति गोरखाको साना किसान विकास आयोजना ध्वस्त पारी प्रारम्भ भएको हो । माओवादी आन्दोलनको दस वर्षमा नेपालमा भएको मानवीय भौतिक क्षतिबारे जानकारी लिनु सबैको चासोको विषय हो । विभिन्न सरकारी निकायमा राखेको अभिलेखको आधारमा दसवर्षे युद्धको दौरान ३०-५५ अर्ब बराबरको भौतिक संरचनाहरू ध्वस्त बनाई क्षति पुऱ्याइएको छ । जनयुद्ध प्रारम्भ भएको वर्ष भएको क्षति सिङ्गो देशको विकासको लागि निकास गरेको रकम बराबरको थियो । यसले अनेकौँ भौतिक साधन, नगरपालिका/गा.वि.स. भवन, जि.वि.स., दूरसञ्चार, स्वास्थ्य, प्रहरी चौकी, पुल, सडक, विद्यालय भवन, यातायातका साधन, ऐतिहासिक संरचना, विष्फोट, आगजनी, सुरुङ, अन्य सरकारी तथा गैरसरकारी भवन आदि ध्वस्त बनाएको छ । दसवर्षे युद्धको क्रममा सबैभन्दा बढी नगरपालिका, गा.वि.स, विद्यालय, सार्वजनिक भवनलाई ठूलो मात्रामा ध्वस्त बनाएको छ ।

**तालिका ३.८**

**२०५२ देखि २०६२ सम्म भएका भौतिक क्षति (सङ्ख्यामा)**[४६]

| क्र.सं. | भौतिक क्षति | सङ्ख्या | क्र.सं. | भौतिक क्षति | सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | प्रहरी बिट | ५७९ | २. | जि.प्र.का. | ३५ |
| ३. | हुलाक | ६४१ | ४. | स्वास्थ्य चौकी | ८५ |
| ५. | सडक | ४५ | ६. | वन विकास कार्यालय | २९० |
| ७. | सिँचाइ साधन | ३० | ८. | जि.शि.का. भवन | ३४ |
| ९. | कृषि कार्यालय | १४९ | १०. | मालपोत कार्यालय | ४३ |
| ११. | भूमिसुधार | ९ | १२ | भूसंरक्षण कार्यालय | ८ |
| १३. | पशुधन | २४ | १४. | महिला विकास कार्यालय | १८ |
| १५. | विमान स्थल | १४ | १६. | कारागार | ७ |
| १७. | रेडियो स्टेशन | २ | १८. | पुल | ४४ |
| १९. | नगरपालिका र वडा समिति | ७७ | २०. | खानेपानी | २२ |
| २१. | विद्युत आपूर्ति कार्यालय | ९६ | २२. | साझा बस सेवा | ७ |
| २३. | कोष नियन्त्रण कार्यालय | ५ | २४. | वित्तीय संस्था | २२२ |
| २५. | कर कार्यालय | २२ | २६. | अदालत | १८ |
| २७. | राष्ट्रिय निकुञ्ज | ८ | २८ | दुग्ध विकास | ९ |
| २९. | गा.वि.स. | १६२१ | ३०. | दूर सञ्चार टावर | १२८ |
| ३१. | खाद्य संस्थान | २५ | ३२. | विद्यालय | १५९ |
| ३३. | नापी शाखा | १५ | ३४. | परिवार नियोजन कार्यालय | ३८ |
| ३५. | अन्य | | | | ५१३५ |

***स्रोत :*** उप्रेती, विष्णुराज. **आर्म्ड कन्फ्लिक्ट एन्ड पिस प्रसेस इन नेपाल**. न्यू दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००६, पृ. ३८ ।

---

[४६] विष्णुराज उप्रेती, **आर्म्ड कन्फ्लिक्ट एन्ड पिस प्रोसेस इन नेपाल**, (न्यू दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००६), पृ. २७७ ।

**तालिका ३.९**

**२०५२ देखि २०६२ सम्म भएका भौतिक तथा आर्थिक क्षति**[४७]

| क्र.सं. | भौतिक क्षति | सङ्ख्या | आर्थिक अनुमान |
|---|---|---|---|
| १. | गा.वि.स, भवन, भौतिक साधन समेत | १८४१ | रु. ८.७० करोड |
| २. | नगरपालिका वडा समिति | १७ | १५ लाख, २०५९ सम्म १७ नगर पा. २.५५ करोड क्षति |
| ३. | जि.वि.स. भवन आगजनी, तोडफोड विस्फोट | १८ | ४ वोटा ३ करोडभन्दा माथि ६ वोटा ६० लाखभन्दा बढी र बाँकी ९५ हजारदेखि ५३ लाखसम्म |
| ४ | विद्यालय भवन | ७० | प्राप्त नभएको |
| ५ | जिल्ला शिक्षा कार्यालय | ३१ | प्राप्त नभएको |
| ६. | शिक्षा तालिम केन्द्र | ७ | प्राप्त नभएको |
| ७. | नेपाल दूरसञ्चार टावर | २२८ | ५८.३५ करोड |
| ८. | विद्युत् प्राधिकरण सबस्टेशन र सवारी साधन | | ७९.३८ करोड |
| ९. | विमान स्थल | १५ | १५.२० करोड |

***स्रोतः*** सुवेदी, केदार. "सुरक्षाविनाको सुरक्षा खर्च." **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि.** भाष्कर गौतम, चिरन मानन्धर तथा अन्य (सम्पा), काठमाडौं : मार्टिन चौतारी, २०६४, पृ. १६८ ।

यस वर्षको अवधिमा भएको क्षतिपूर्ति गर्ने हो वा पुनर्निर्माण गर्ने हो भने अर्थशास्त्रीहरूको भनाइ अनुसार ६० अर्बको खर्च व्यवस्था गर्नुपर्छ ।

**(च) प्राकृतिक वातावरणमा परेको प्रभाव**

मानवीय क्षतिप्रति मानिसको ध्यानाकर्षण हुन्छ, तर प्रकृतिमा हुने क्षतिप्रति कसैको ध्यानाकर्षण हुनसकेको छैन । यद्यपि प्राकृतिक साधनमा हुने प्रभाव मनुष्यमा नै पर्छ । सामान्य समयमा प्रकृतिमाथि पर्ने प्रभावहरू जनचेतनाको कमीको कारणले आवाज उठाइँदैन । युद्धमा मारिएका व्यक्तिहरूको लास पानीमा फाल्दा पानी दूषित हुन्छ, लास

[४७] केदार सुवेदी, "सुरक्षाविनाको सुरक्षा खर्च", **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि**, भाष्कर गौतम, चिरन मानन्धर र अन्य (सम्पा.), (काठमाडौं : मार्टिन चौटारी, २०६४), पृ. १६७-१७२ ।

ठाउँ-ठाउँमा गाडिन्छ, जसले गर्दा वातावरण दूषित हुन्छ, तेल पाइपमा आगजनी, सडकहरूमा टायर बाल्ने, बम बारुद विष्फोटनबाट विकीरण, रसायन र ध्वनिले नकारात्मक असर पार्दछ । युद्धको बेला जङ्गल फँडानी, काठपात तस्करी, वन्यजन्तुको ह्रास, जङ्गलमा आगजनी गर्ने, जङ्गल सखाप भएपछि त्यहाँ हिंस्रक जन्तुहरू गाउँ छिर्ने र गाउँमा खेत अन्नपात चोर्ने, सखाप पार्ने र गाउँलेहरू जन्तुको सिकार बन्नु पर्नेजस्ता घटनाहरू घटेको पाइन्छ । 'नेपालको वन दलहरूको धन' भन्ने कुरा चरितार्थ भइरहेको छ । वन ऐन २०४९ को नियमावली २०५१ मा समुदायमा हस्तान्तरण नभएको राष्ट्रिय वन क्षेत्रमा रूख काट्न नपाइने व्यवस्था छ, तर ऐनविपरीत सुसेली, सेइडाँडा ओगटेनीस्थित माथिल्लो हचुवालगायत वनबाट स्थानीय माओवादीले ठेकेदारसँग मिलेर रूख काटेका थिए ।[४८]

दूषित वातावरण र नेपालमा चलिरहेको माओवादीको नकारात्मक प्रचारप्रसारले गर्दा विदेशीहरूमा सन्त्रासको भावना फैलियो । फलस्वरूप नेपाल दर्शनका लागि आउने विदेशी पर्यटकमा ह्रास आयो । साथै स्वदेशी पर्यटक पनि असुरक्षाका कारण भ्रमण गर्न छोड्न थाले । पर्यटक उद्योगमा मन्दी आउँदा 'ट्राभल एजेन्सिज' होटेल व्यवस्थापनमा पनि मन्दी आउनु स्वाभाविक हो । हस्तकला, नेपाली कला र संस्कृति सम्पूर्णमा ह्रास आउनु स्वाभाविक हो । विदेशी मुद्रा आर्जन गर्न सक्ने एक मात्र पर्यटन उद्योग बन्द हुन थाले । फलस्वरूप बेरोजगारीको समस्यामा एक खुड्किला थपियो ।

### (छ) आर्थिक क्षेत्रमा परेको प्रभाव

युद्धका कारण देशको आर्थिक अवस्था जर्जर र ढाड भाँच्चिने महँगी सर्वसाधारणले थेग्नु पर्छ । आर्थिक तथा भौतिक साधन ध्वस्त हुने र बजारभाउ आकाश छुने हुन्छ । अर्कोतर्फ बेरोजगार बढ्ने, युवाशक्ति पलायन हुनेजस्ता अवस्था सृजना हुन्छ । देश विकासको बजेट सुरक्षा, हातहतियार खरिदमा खर्चिन्छ । विभिन्न बन्द-हडतालको कारण बजार व्यापार व्यवसाय, उद्योगधन्दा, कलकारखाना बन्द हुने, हातहतियार खरिद, प्रदर्शनमा होड चल्ने, आतङ्क बढ्ने, चन्दा प्रकरण बढ्ने, कार्य शक्ति घट्ने, महँगी आकाश छुने, कृत्रिम अभावजस्ता स्थिति उत्पन्न हुन्छ । स्वदेशी वा विदेशी लगानी गर्न डराउने पछि हट्नाको, कारण व्यापार व्यवसाय ठप्प हुन्छ । प्रोजेक्टरहरू छोड्ने उदाहरणका लागि मेलम्ची खानेपानी प्रोजेक्ट खारेज गरेको, दातृसंस्थाहरूले सहयोग नगर्ने, विकास कार्य ठप्प

[४८] खिलनाथ ढकाल, "माओवादी कार्यकर्ताको मिलोमतोमा वन फँडानी", **नागरिक दैनिक**, (८ आषाढ, २०६७), पृ. ५ ।

हुने, राजस्व सङ्कलन हुन नसक्ने, पयर्टन उद्योग ओझेलमा पर्ने, कृषि उद्योग फस्टाउन नसक्ने जस्ता स्थिति उत्पत्ति हुन्छ । यिनै कारणले गर्दा बेरोजगार बढ्ने, आवश्यकता पूर्ति गर्न नसक्दा लुटपाट, डकैती, चोरी, अपराध र विकृति अभिवृद्धि हुन्छ । साधन-स्रोतमाथि महिलाको पहुँच शून्य बराबर हुने, नियन्त्रण तथा पहुँचभन्दा बाहिर हुने अवस्था आउँछ । एउटा सर्वेक्षणअनुसार माओवादीले विभिन्न वित्तीय संस्थाबाट ६,६७,२४,०००।- र सर्वसाधारणबाट ९,९७,६६,०००।- लुटेर लिएका थिए ।[४९] त्यसैगरी अर्को एक तथ्याङ्कअनुसार विभिन्न बैंकहरूबाट करिब १५ करोड २३ लाख लुटेर लिएको कुरा सञ्चारमा पाइएको छ ।[५०]

**तालिका नं. ३.१०**

**राष्ट्रिय वाणिज्य बैंकमा भएको लुट** [५१]

| **क्र.सं.** | **शाखा** | **रुपैयाँ** | **सुन** |
|---|---|---|---|
| १. | घैलाडुब्वा | ७,००,०००।- | १,००,००,०००।- |
| २. | सल्लेरी | १५,००,०००।- | ४०,००,०००।- |
| २. | नेचेबिहिबारी | १३,००,०००।- | ३५,००,०००।- |
| ३. | नारायणपुर | १६,००,०००।- | २५,००,०००।- |
| ४. | पुतलीबजार | २७,००,०००।- | २५,००,०००।- |
| ५. | फलेवास | २६,००,०००।- | २०,००,०००।- |
| ६. | मेलुङ | ९,३३,०००।- | २,००,०००।- |
| ७. | खैरेनीटार | ८३,०००।- | प्राप्त नभएको |
| ८. | भञ्ज्याङ | १,२५,०००।- | प्राप्त नभएको |

***स्रोत*** : श्रेष्ठ, चूडाबहादुर. **नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी.** काठमाडौं : चेतना लोकसम, इ. २००९, पृ. १८४ ।

---

[४९] श्रेष्ठ, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ५, पृ. १८१ ।

[५०] मणि लोहनी, “माओवादी आतङ्कवादीले अधिराज्यका बैकहरूबाट १५ करोड ३० लाख लुटे”, **स्पेशटाइम,** (काठमाडौं : स्पेश टाइम पब्लिकेशन प्रा.लि., मंगलबार ११ डि २००९), पृ. ९ ।

[५१] श्रेष्ठ, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ५, पृ. १८४ ।

**तालिका नं. ३.११**

## नेपाल बैंक लिमिटेडमा भएको लुट

| क्र.सं. | शाखा | रुपैयाँ | सुन |
|---|---|---|---|
| १. | सुर्खेत | २५,००,०००।- | ५४,००,०००।- |
| २. | अछाम | १३,००,०००।- | ५१,००,०००।- |
| ३. | डोल्पा | ४,३३,००,०००।- | २७,००,०००।- |
| ४. | घोराही | ३,७६,००,०००।- | २५,३०,०००।- |
| ५. | स्याङ्जा | ६६,००,०००।- | २५,००,०००।- |
| ६. | रुकुमकोट | - | २०,००,०००।- |
| ७. | खिम्ती | १७,००,०००।- | १७,००,०००।- |
| ८. | वालिङ | १,८२,००,०००।- | १६,००,०००।- |
| ९. | हाट | २०,००,०००।- | प्राप्त नभएको |
| १० | धादिङ खहरे | २०,००,०००।- | प्राप्त नभएको |

***स्रोत*** : श्रेष्ठ, चूडाबहादुर. **नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी.** काठमाडौँ : चेतना लोकसम, इ. २००९, पृ. १८४ ।

वित्तीय संस्था, बैंकहरू लुटपाटका साथै सर्वसाधारणमा चन्दा आतङ्कको त्रास फैलिएको थियो । चन्दा नदिनेलाई अपहरण, बेपत्ता, हत्या गर्ने, सर्वसाधारणको घरजग्गा जबरजस्ती अधिग्रहण गर्ने, जबरजस्ती खाने, बस्ने र व्यवस्था गर्न आदेश दिने कार्यहरू गरिन्थ्यो । हातहतियार उत्पादन गर्ने, बिक्री गर्ने, हतियारको कालो धन्दा गर्ने केही व्यक्तिले बाहेक समाजको ठूलो भागले मूल्य चुकाउनु पर्छ । माओवादी आन्दोलन दबाउन राष्ट्रिय बजेटको एउटा ठूलो भाग सुरक्षाको लागि छुट्याइयो । प्रतिदिन करिब १५ लाख हातहतियार तथा अन्य सम्बन्धित कार्यको लागि खर्च गरेको थियो । जनआन्दोलन सुरु भएदेखि राज्यले सुरक्षाफौजको सङ्ख्यामा बृहद् माओवादी गतिविधि नियन्त्रणको लागि हातहतियार खरिद गर्न, सुरक्षाफौजका लागि खर्च गरिन्थ्यो । सन् १९९६ देखि २००४ सम्मको लागि राज्यले निकास गरेको बजेट निम्नलिखित तालिकाबाट प्रस्ट हुन्छ :

**तालिका नं. ३.१२**

**इ. १९९६-२००४ सम्म भएको तुलनात्मक खर्च (लाखमा)** [५२]

| आर्थिक वर्ष | जम्मा | शाही नेपाली सेना | प्रहरी | दरबार | साधारण | विकास |
|---|---|---|---|---|---|---|
| १९९६/९७ | ५७५६६ (१००) | २४२५ (४.२१) | २२३५ (३.८८) | ७० (०.१२) | २४९८४ (४३.४०) | ३२५८१ (५६.६०) |
| १९९७/९८ | ६२०२२ (१००) | २६२९ (४.२४) | २५२१ (४.०६) | ७३ (०.१२) | २७९८३ (४५.१२) | ३४०३९ (५४.८८) |
| १९९८/९९ | ६९६९३ (१००) | ३०२८ (४.३४) | २९२२ (४.१९) | ८३ (०.१२) | ३१९५२ (४५.८५) | ३७७४१ (५४.१५) |
| १९९९/०० | ७७२३८ (१००) | ३५११ (४.५५) | ३३२४ (४.३०) | ८८ (०.११) | ३५६८६ (४५.८१) | ४१८५२ (५४.१९) |
| २०००/०१ | ९१६२१ (१००) | ३८९७ (४.२५) | ५२७१ (५.५७) | ९३ (०.१०) | ४३५१३ (४७.५०) | ४८१०८ (५२.५०) |
| २००१/०२ | ९९७९२ (१००) | ४५२१ (४.५३) | ५७९५ (५.८१) | ११६ (०.१२) | ४९३२२ (४९.४२) | ५०४७० (५०.५८) |
| २००२/०३ | ९६१२५ (१००) | ७२२८ (७.५२) | ६३०४ (६.५६) | ३८८ (०.४०) | ५७४४५ (५९.७६) | ३८६८० (४०.२४) |
| २००३/०४ | १०२४०० (१००) | ७१७९ (७.०२) | ६२७९ (६.१३) | ३२९ (०.३२) | ६०५५५ (५९.१४) | ४१८४५ (४०.८६) |

***स्रोत :*** उप्रेती, विष्णुराज. **आर्म कन्फ्लिक्ट एण्ड पिस प्रोसेस इन नेपाल.** दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००६, पृ. २५६ ।

उपर्युक्त तुलनात्मक तालिकाबाट अन्य प्रशासनिक, विकासात्मक कार्यभन्दा सुरक्षाफौजको लागि ह्वात्तै बजेट वृद्धि भएको छर्लङ्ग भएको छ । प्रशासनिक खर्च ४३.०४ बाट ५९.१४ विकासात्मक कार्यमा ५६.६० बाट ४०.८६ अर्थात् घटेको बजेट देखिन्छ । सुरक्षाफौजमा ४.२ मा वृद्धि भएको पाइन्छ । समग्रमा अन्यभन्दा सुरक्षाफौजको मूल्य वृद्धि भएको पाइन्छ ।[५३] १० वर्षे जनआन्दोलनबाट नेपालको विशेष परिचय, पूर्वका दुर्गम क्षेत्रहरूमा खाद्यान्न अभावको कारण वितरण गर्न नसक्ने, बन्द आदिको कारण खाद्य सम्बन्धित ठाउँमा नपुग्ने, भोकमरीको कारण महामारी फैलिने, औषधिमूलो पुऱ्याउन र वितरण गर्न नसकिने अवस्था थियो ।

### (ज) समाजका विभिन्न वर्गमा परेको प्रभाव

बालअधिकार महासन्धिको बाबजुद सोमालियाली सरकारले नौ वर्षसम्मका सयकडौं बालबालिकालाई बाल सैन्यमा भर्ना लिएको, बालबालिकाको काँधमा बन्दुक भिराएको कुरा

[५२] उप्रेती, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ३०, पृ. २५६ ।

[५३] **ऐजन** ।

सार्वजनिक भएको छ । यस्ता सयकडौं दुधे बालकलाई युद्धमैदानमा अग्रपङ्क्तिमा राख्ने गर्दछन् । १३ वर्ष उमेरकी मञ्जु गुरुङले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकमा द्वन्द्वले प्रताडित युवा पुस्ताको प्रतिनिधित्व गर्दै आफ्नो वेदना व्यक्त गरेकी थिइन् । छापामार बन्दाको घटनाक्रम सुनाइन्, सात दिनसम्म सडक खनेको, १४ घण्टा जङ्गलमा हिँडेको, ए.के. ४७ चलाउन सिकेको, कमाण्डर पद पाएको, घटुवा गरी भान्से बनाएको घटना व्यक्त गरेकी र सेनाले फेला पारे मार्लान् भन्ने डर र माओवादीले फर्काएर लग्ला भन्ने सन्त्रासको जीवनयापन गर्दै छन् ।[५४]

नेपालमा १६ वर्षमुनिका बालबालिको सङ्ख्या कुल जनसङ्ख्याको ४०.९३ प्रतिशत जसमा बालक ५०.९७ प्रतिशत र बालिका ४९.३ प्रतिशत रहेको छ ।[५५] १० वर्षे सशस्त्र द्वन्द्वमा सबैभन्दा बढी खतरामा पर्ने र प्रभावित हुने बालबालिका हुन् । अङ्गभङ्ग, अभिभावक विहीनता तथा अन्य किसिमबाट पीडित हुनेहरूको विवरण हालसम्म यकिन हुनसकेको छैन । द्वन्द्वसँग सरोकार नराख्ने बालबालिका यसरी प्रभावित हुनपरेको स्थिति छ । देशको वर्तमान र भविष्य भनेर चिनिने बालबालिका युद्धको भुमरीमा परेका छन् । उनीहरूको ज्यान जोखिममा छ । हामीलाई भोलि हेर्न देऊ भन्ने बालचीत्कार युद्धरत समूहले बुझेको छैन । बालसेना, सुराकी, सूचनादाता, सन्देशवाहक, भान्से, भरिया, पाले आदि कार्यका लागि माओवादीले बालबालिकालाई भर्ना गरेका थिए । माओवादीबाट बाल विकास तथा उनीहरूको सुनिश्चित अधिकारका लागि 'अखिल बाल सङ्गठन' को स्थापना गरिएको थियो । यस सङ्गठनले बालबालिकालाई युद्धकला तालिम आदि जानकारी गराउँथ्यो । त्यो सङ्गठनमा बालबालिकालाई सामेल गराउँथे ।[५६] स्वेच्छिक वा दबाबमा सहभागी भएकालाई शारीरिक र मानसिक यातना दिएको देखिन्छ । दुवै पक्षका यस्ता क्रियाकलापका कारण मनमस्तिष्क सन्त्रास, हिंसा र घृणाको पात्र बनाइदिएको छ ।

माओवादी र राज्य पक्ष दुवैले विद्यालयमा शिविर, गिरफ्तारी, अपहरण, हत्याको कारण बालकमा गहिरो मानसिक असर परेको छ । देशका विभिन्न भागमा बालबालिकालाई

---

[५४] जेफरी जेन्टील्मेन मोगादिसु, सोमिलिया, "अ हेभीगन अन स्यार्टडे वर्ल्ड," **द काठमाडौं पोष्ट**, (जुन १९, २०१०) ।

[५५] इन्सेक, **नयाँ संविधानमा बालअधिकारको सुनिश्चितता,** (काठमाडौं : केन्द्रीय बाल कल्याण समितिद्वारा प्रकाशित प्रतिवेदन, २०६३), पृ. ३ ।

[५६] अनेस्तो, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ४३, पृ. १४५ ।

विभिन्न आरोपमा अपहरण गर्ने, यातना दिने, सांस्कृतिक टोली तथा सेनामा सामेल हुन धम्क्याउने, सशस्त्र सेनामा जबरजस्ती आबद्ध हुन लगाउने कार्य गरेको पाइन्छ । सिविनका अनुसार १०,००० भन्दा बढी बालबालिका शिक्षाबाट वञ्चित भएका छन् । १०० भन्दा बढी बालबालिका, किशोर किशोरीहरूको हत्या, ३०० बालबालिका गोलाबारी, बम विष्फोटन र हिंसाबाट घाइते भएका छन् भने अभिभावकको हत्या वा पलायनको कारण २,००० बालबालिका अनाथ, ८,००० बालबालिका विस्थापन, १०,००० बालबालिका र किशोर-किशोरी अपहरण वा गिरफ्तारमा परेका छन् ।[५७] युद्ध कालमा वा युद्धपश्चात् विष्फोटक पदार्थ खेलाउँदा ओसारपसार गर्दा विष्फोट भई अङ्गभङ्ग मृत्यु भएको छ ।

श्रमदान गर्ने कार्यमा एक घर एक व्यक्ति माओवादी नीतिका कारण श्रमदान गर्न परिवारमा सक्षम कोही छैन भने बालबालिका कति दिनसम्म विद्यालय छोडी सडक खन्न जानु पर्दथ्यो । यही क्रममा परेड खेल्न लगाउने, माओवादी सभामा सामेल हुनुपर्ने, जबरजस्ती उर्दी पालना गर्नुपर्नेजस्ता ज्यादती बालबालिकासँग गराउँथे । जनवादी शिक्षा, हातहतियारसहितको सङ्गठन बनाउने क्रममा कक्षा लिने, विद्यालयमा सशस्त्र भिडन्त, परिवार गुमाएका कारण पढाइबाट वञ्चित, सङ्गठन विस्तार, विद्यार्थी र शिक्षक अपहरण, बेपत्ता, फौजमा संलग्नता विस्थापितका कारण पढाइमा बाधा, विद्यालय बन्द, नियन्त्रण, हतियारसहित विद्यालयमा प्रवेश, विद्यालय भवन, गाडी, तोडफोड, आगजनी, चन्दा आतङ्क आदिजस्ता कारण बालमस्तिष्कमा नकारात्मक असर पर्नु अस्वाभाविक होइन । सिविन तथ्याङ्कअनुसार ४० हजार बालबालिका विस्थापन र सेभ दि चिल्ड्रेन अलायन्सअनुसार दैनिक ५०० बालबालिका भारत पलायन हुन्छन् ।[५८]

बारा जिल्लाको सन्दर्भमा हेर्दा निजगढ बाराको विद्यालयलगायत कतिपय विद्यालयलाई दुवै पक्षले सेनाको ब्यारेक बनाएका थिए । शिक्षकमाथि धम्की, अपहरण र हमला भएको थियो । विद्यालयमा बम विष्फोट बाल भर्ना, विद्यालय बन्दजस्ता क्रियाकलाप भएका थिए । विद्यालयको हाताको दुरुपयोग हुँदै थियो । यही सम्बन्धमा इटहरीको एउटा मुद्दा लिन सकिन्छ । सुनसरी सोनापुर गा.वि.स. ९ बालकुण्डस्थित पशुपति प्रा.वि. परिसरमा आदिवासी जनजाति, दलित गणतान्त्रिक मोर्चाअन्तर्गत थरुहट स्वायत्त राज्य समितिको आयोजनामा राष्ट्रिय मुक्ति सेना तयारीको काम हुँदै थियो । अधिराज्यव्यापि राष्ट्रिय मुक्ति सेना तैयारीमा थियो । यो विद्यालय ७

---

[५७] गौरी प्रधान, **बालबालिका र शान्ति**, (काठमाडौं : सिविन, २०६०), पृ. २६-२७ ।

[५८] **ऐजन** ।

दिनको लागि बन्द गरिएको थियो । विद्यालयको कोठामा मुक्ति सेनाका लागि ब्यारेक बनाइएको थियो भने विद्यालय हाताको चौरमा सैन्य तालिम दिने व्यवस्था गरेको थियो । शिक्षाको मन्दिरमा सेना प्रशिक्षण कार्य सञ्चालन गरेर बालअधिकार महासन्धिको बाल विकास अधिकारअन्तर्गत बालकको शिक्षा प्राप्त गर्न पाउनु पर्ने हक हनन गरिँदै थियो । समूहहरूबाट सिआरसीको प्रतिबद्धताको उल्लङ्घन भइरहेको थियो ।[५९]

देशको कुल जनसङ्ख्याको करिब ५८ प्रतिशत २५ वर्षभन्दा कम उमेर समूहका छन् । सामाजिक, राजनीतिक र सांस्कृतिक उथलपुथलको नेतृत्व यही समूहले लिने गरेको छ । २५ वर्ष कम उमेरका युवाहरू बढी क्रियाशील र विद्रोही स्वभावका हुन्छन् ।[६०] यसको फाइदा माओवादीले उठायो । बारा जिल्लाको कलैया नगरपालिकाका ५३२ युवाहरू बेरोजगार तथा बदलाको भावनाबाट लिप्त भई माओवादीमा संलग्न भएका थिए । तीमध्ये स्थानीय गैरसरकारी संस्थाका प्रयासबाट घर फर्काउन सफल भएको छ । विभिन्न दलले आ-आफ्नो स्वार्थसिद्ध गर्न युवा शक्ति दुरूपयोग गरे । बन्दुक राख्न युवाको काँध प्रयोगमा लिए । विभिन्न दलको नाममा खुलेका युवा दल आपराधिक र हिंस्रक कार्यमा तल्लीन भए । देशमा गुण्डाराज र युद्ध सरदारको पहिचान कायम गरे । वाई.सी.एल., युथ फोर्स, तरुण दल आदि युवा समूह विद्यमान छन् । सक्रिय रहेका यी दलहरूमा आपराधिक पृष्ठभूमि, लागू पदार्थ दुर्व्यसनी, मार्शल आर्ट खेलाडीहरू उल्लेख्य सङ्ख्यामा छन् । प्रमुख दलहरूले आफ्नो शक्ति प्रदर्शन गर्नका लागि यस्ता दस्ता गठन गर्ने होड चलेको छ ।

प्रहरी प्रधान कार्यालयको अभिलेखअनुसार तीन महिनाको अवधिमा देशभर वाई.सी.एल. र युर्थफोर्सबीच भएका ३० वटा भिडन्तमा युथ फोर्सका २ र वाई.सी.एल. का १ कार्यकर्ता मारिएका छन् । दुवैतर्फ गरी ८ जनाको अङ्गभङ्ग ७८ जनाभन्दा बढी घाइते भएका छन् ।[६१] यी दस्ताले विशेष गरी चन्दा असुलउपर, ठेक्कापट्टा सकार्ने, मन लागेको ठाउँमा छापा मार्ने, भ्रष्टाचारीलाई कारबाही गर्ने भन्दै निर्घात कुटपिट गर्ने, होटेलका विकृति, विसङ्गति, मदिरा सेवनजस्ता क्रियाकलाप नियन्त्रण गर्ने, शिक्षा क्षेत्रमा सकारात्मक,

---

५९ समाचारदाता, “कक्षाकोठामा ब्यारेक र चउरमा सैन्य तालिम”, **अन्नपूर्ण पोष्ट**, (१५ आषाढ २०६७), पृ. १ ।

६० भीमप्रसाद सुवेदी, “जनसङ्ख्याको बनोट र नयाँ संविधान विश्लेषण”, **हिमाल खबर पत्रिका,** (१६-३१ जेष्ठ २०६६), पृ. ३७ ।

६१ जे.पी. पुन मगर, “गुण्डाराजतिर, विशेष रिपोर्ट यूवा दस्ता,” **हिमाल खबर पत्रिका,** (१-१५, मंसिर २०६५), पृ. १६ ।

नकारात्मक दबाब सृजना गर्ने, कर्मचारीतन्त्र तह लगाउने, साम्प्रदायिक भावना तथा दङ्गा फैलाउने, मधेशबाट पहाडे कर्मचारीलाई धपाउने, चक्का जाम, बन्द गराउनेजस्ता अवैधानिक कार्य गर्छन् ।

राज्य पक्ष तथा माओवादी पक्षले घरपरिवारका सदस्यहरूमा छोराछोरीको सम्बन्धमा सूचना सङ्कलन गर्ने, निर्मम ढङ्गले सोधपुछ गर्ने जवाफ सन्तोषजनक नभएमा शारीरिक र मानसिक यातना दिने, सदस्यलाई अपहरण, बेपत्ता पार्ने, हत्या गर्नेजस्ता अपराध गर्दथे । जसबाट बूढा आमाबाबुको आँखाबाट आँसु नसुक्ने गरी झरिरहन्छ होइन भने आँखा पत्थरजस्तो भएर टोलाइरहने भए । बुढेसकालको सहाराको सवाल, मृत्युपश्चात् दागबत्ती दिने व्यक्तिको सवाल, वंश नासिएर जाने सवाल, बेइज्जतीको सामना गर्नुपर्ने सवाल, भएका सम्पत्ति रेखदेख र परिवार पालनपोषणको सवालजस्ता थुप्रै सवालैसवालले भरिएको जीवन हुनपुग्यो । वृद्धवृद्धाको यसबाट अर्को प्रभाव स्वास्थ्यमा पाऱ्यो । सहाराको अभाव र ढल्किँदो उमेरका कारण थप समस्याको सामना गर्नुपर्छ ।

### (झ) शिक्षा र स्वास्थ्यमा परेको प्रभाव

आन्तरिक शक्तिहरूको स्वाभाविक सर्वाङ्ग, पूर्ण र गतिशील विकास शिक्षाबाट नै हुन्छ । शैक्षिक क्षेत्रमा बाधा अड्चन पर्छ भने मानव विकास हुन सक्दैन तर द्वन्द्व, सशस्त्र सङ्घर्ष र आतङ्क कुनै पनि किसिमको हिंसाबाट शिक्षाक्षेत्र अछुतो रहन सकेको छैन । यस्तो अवस्थामा विद्यालय, पठनपाठनमा अवरोध, बालबालिका बरालिने, कुसङ्गतमा लाग्ने, कक्षामा अनुपस्थित हुने, गुणात्मक शिक्षाको कमी, साक्षरदरमा ह्रास, सभ्य नागरिकको कमी, अनुशासनहीनता, विकासमा कमी, जनसङ्ख्या वृद्धि र जनचेतनाको कमीले समग्रमा अन्धकारमय जीवन मात्र हात पर्छ । अशिक्षाले रोजगारी र आय-आर्जनका ढोका प्राय: बन्द हुने हुनाले अनिश्चितता र निराशाका कारण युवाहरू सशस्त्र सङ्घर्षमा होमिन्छन् ।

सन् १९९० देखि लागू भएको बालअधिकार महासन्धि (सी.आर.सी.) को बाबजुद्ध २१ औं शताब्दीमा शिक्षा क्षेत्रमा राज्य र माओवादी दुवै पक्षबाट व्यापक हस्तक्षेप भएको हुँदा बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भएका छन् । विशेषगरी विद्यालय शिक्षामा यसको बढी प्रभाव परेको छ । सशस्त्र द्वन्द्व बन्द हडताल, तालाबन्दीको कारण ८०/ ९० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने विद्यालयबाट अहिले ६०/ ६५ प्रतिशत मात्र उत्तीर्ण गराउन

सफल भएको तथ्य सार्वजनिक गरेका छन् ।[६२] जनयुद्ध प्रभावित क्षेत्रहरूमा करिब ३०० विद्यालयहरू सुचारु रूपले चल्नमा असर परेको छ ।[६३]

"विद्यालय शान्ति क्षेत्र" र विद्यालयहरूलाई राजनीतिक हस्तक्षेप मुक्त क्षेत्र[६४] भन्ने विश्वव्यापी मान्यताको बेवास्ता गरी राज्य र माओवादी दुवै पक्षबाट विद्यालय भत्काइँदा, सैन्य उद्देश्यका लागि प्रयोग, शिक्षक, विद्यार्थी अपहरण, बेपत्ता, हत्या, शारीरिक, मानसिक यातना शैक्षिक सस्था बन्द, बालबालिकालाई राजनीतिक प्रयोजनमा संलग्न गराउने, यौन प्रयोजनका लागि बालअपहरण, शिक्षक, विद्यालयबाट चन्दा असुली, विद्यालय भवन, गाडी तोडफोड, आगजनी, बम विष्फोट विस्थापित हुनुपर्ने, घरपरिवारको सदस्य अपहरण, हत्याको कारण पढाइमा बाधा, जनवादी शिक्षा पाठ्यक्रममा समावेश, जनशिक्षा पढाउने, हातहतियारसहितको सङ्गठन बनाउने, हातहतियारसहित कक्षा कोठामा प्रवेश, छुटेका बम खेलाउँदा पड्कने, शैक्षिक क्षेत्रमा बम विष्फोट, विद्यालयको गाडीमा बम विष्फोट, विद्यार्थीहरूलाई फौजी कारबाहीमा समावेश, सुराकीको रूपमा प्रयोग, विद्यार्थीको झोलामा विष्फोट पदार्थ राखी ओसारपसार गराउनेजस्ता कार्यहरू गर्दा गराउँदा अत्यधिक मात्रमा शैक्षिक क्षेत्रमा नकारात्मक असर परेको छ । दि हिमालयन टाइम्सका समाचारदाता (१० जुलाई, २००५) का अनुसार सन् १९९६-२००६ सम्ममा ६६ विद्यार्थी, ६० शिक्षक मारिए, १५१ बेपत्ता, ६२ शिक्षक र ५१६ विद्यार्थी अपहरणमा परे भने अर्कोतर्फ सुरक्षा फौजबाट ४४ शिक्षक र १७२ विद्यार्थी मारिए, १५८ शिक्षक र ११५ विद्यार्थी कब्जामा लिएकोमा १४ शिक्षक बेपत्ता बनाइएका थिए ।

पुस्तक कापी बोक्ने हातमा बन्दुक बोक्न बाध्य गराई अराजक अवस्थाको समाज स्थापना गर्नेतर्फ लम्किरहेको छ सशस्त्र सङ्घर्ष । यसबाट सम्बन्धित जिल्ला बाराको स्थिति फरक छैन । हिमराइट्स बाराबाट प्राप्त सूचना अनुसार जिल्लाका बालबालिका नकारात्मक युद्धको चपेटामा परेका छन् । राज्य र माओवादी दुवै पक्षबाट बालबालिकालाई नियन्त्रणमा लिएको, ५० जना विद्यार्थी माओवादी सङ्गठन सुदृढीकरणका लागि सेनामा भर्ना भएको, भागेर आएकोमा माओवादी सेनाबाट कुटाइ खाएको, हिमराइट्स, स्थानीय बुद्धिजीवी, प्रेस,

---

[६२] विष्णुराज उप्रेती, **सशस्त्र द्वन्द्व कारण, असर र समाधानका उपाय**, (काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स्, २०६१), पृ. ९२ ।

[६३] गौरी प्रधान, "**बालबालिका र शान्ति**", (काठमाडौँ : सिविन, २०६०), पृ. २७ ।

[६४] **ऐजन**, पृ. ५६-६१ ।

अभिभावकको पहलमा रिहा भएको, समुदायलाई विद्यालय हस्तान्तरण गरेको विरोधमा जिल्लाका थुप्रै विद्यालय अनिश्चितकालीन बन्द भएको, माओवादीको बम पड्केर एक छात्र घाइते, एक अपाङ्ग र एकको मृत्यु भएको, बालमन्दिर प्रा.वि. हातापरिसर र निजगढस्थित स्वास्थ्य चौकी आफ्नो कब्जामा लिएको, अज्ञात समूहबाट १ र माओवादीबाट ३ शिक्षकको हत्या गरिएको, ब्यारेक नजिक रहेको भरत बाबा इङ्गलिस स्कूलका विद्यार्थीले ब्यारेकको बाटो छोडी वैकल्पिक बाटो प्रयोग गरेको, दुईतिहाइ शिक्षकहरूले माओवादीलाई चन्दा दिएको, जिल्ला शिक्षा कार्यालयमा बम विष्फोट गरिएको, जिल्ला शिक्षा कार्यालयका वरिष्ठ प्रशिक्षक गोइत समूहद्वारा अपहरण गरिएको, ५ विद्यार्थी विस्थापित, माओवादी कार्याकर्ताको मृत्युको कारण विद्यालय बन्द गरिएको र ६३ जना विद्यार्थीले पढाइ छाडेको छ।[६५]

जनयुद्धबाट जनताको स्वास्थ्यमा नकारात्मक प्रभाव पर्छ। प्रकृति तथा वातावरणमा परेका नकारात्मक प्रभावको असर सर्वसाधारणमा पर्छ,जसबाट अनेक किसिमको रोग, झाडाबान्ता, श्वासप्रश्वास र क्षयरोगजस्ता रोग लाग्छ। यस्ता रोगहरूबाट पीडित जनताले समयमा औषधिमूलो र उपचार पाउन सक्दैनन्। चन्दा, भय, त्रासको कारण चिकित्सक उपलब्ध हुन नसक्नु, बन्दी आदिको कारण अस्पतालसम्म पुग्न, दुर्गम क्षेत्रहरूमा औषधि पठाउन नसक्दा औषधि उपलब्ध हुन नसक्ने, बन्दको कारण खाद्यान्न परिपूर्ति गर्न नसक्दा भोकमरी हुने, रोगसँग लड्न सक्ने क्षमतामा कमी आउने, बेरोजगार र विस्थापित जीवनको कारण औषधि उपचार गर्न आर्थिक अभाव हुनेजस्ता नकारात्मक प्रभाव सर्वसाधारणमा पर्छ। महिला, बालबालिका र वृद्धवृद्धाहरूलाई अति खाँचो हुने समूहलाई उपचार उपलब्ध हुन सक्दैन। विशेष गरी महिलाको सन्दर्भमा स्वास्थ प्रश्न अझ जटिल हुन आउँछ। युद्धमा सहभागी महिलालाई विशेष उपचारको खाँचो हुन्छ। महिलाहरू शारीरिक मानसिक रूपमा आफूलाई कमजोर महसुस गर्नेको सङ्ख्या ४ प्रतिशतभन्दा बढी पाइएको एक अनुसन्धानले बताएको छ।

परिवार नियोजन साधनको अभावको कारण युद्धकालमा हुने बलात्कार वा यौन सम्बन्धको कारण एच.आई.भी. जस्ता सङ्क्रमण रोगको शिकार हुनु पर्छ। त्यसैगरी रक्तस्रावको समय सरसफाइको अभावको कारण यौन रोग लाग्ने, कुपोषणको कारण स्वास्थ्य स्थिति दयनीय हुन्छ।[६६]

---

६५ पिपिसीसी बारा, **प्रतिवेदन**, (काठमाडौँ : हिमराइट्स/ कन्सर्न, नेपाल, २०६५)।

६६ हिसिला यमी, "नेपालको जनयुद्धमा महिला", **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि**, भास्कर गौतम, चिरन मानन्धर र अन्य, (सम्पा.) (काठमाडौँ : मार्टिन चौतारी, २०६४), पृ. २२६-२७।

द्वन्द्वकालमा रक्तचाप, अनिद्रा, मानसिक तनावजस्ता रोगले ग्रसित भइन्छ । युद्धमा भएको रासायनिक र ध्वनि, आगजनी, अश्रु ग्याँस, टायरहरूको धुँवाले श्वासप्रश्वाससम्बन्धी रोग लाग्ने (परिशिष्ट १४), सफा पानीको अभाव, धरापमा परी अङ्गभङ्ग हुने, शरीरमै छर्रा छुटेर वा उचित औषधि उपलब्ध नहुँदा जिन्दगीभर पीडित भएर बाँच्नु पर्ने जस्ता नकारात्मक प्रभाव पर्दछन् । यस्ता घाइतेहरू जिउँदा सहिदको नामले बिरामी र घर परिवारका सदस्य सबै समेत बिरामी जस्तै जीवन निर्वाह गर्नुपर्छ । बारा जिल्लाकी एक ४५ वर्षकी महिला कामकाजले बाहिर गएका बेला भिडन्त भइरहँदा खुट्टामा लागेको छर्रा हालसम्म पनि निकाल्न नसकेकोले घाइते खुट्टा लिएर आफ्ना तीन बालबच्चा स्याहारेर बस्नु परेको छ र “छातीमा गोली छ उपचार छैन” भन्ने भनाइ सात वर्षदेखि छातीमा गोली बोकेका प्रहरी हवल्दारको भनाइ हो ।

**(ञ) सञ्चारमा परेको प्रभाव**

नेपाल अधिराज्यको संविधान २०४७ मा स्वतन्त्र प्रेसको प्रावधान रहेको छ । न्यूयोर्कस्थित “फ्रिडम हाउस” ले नेपालको प्रेसलाई “Partly free” भन्ने संज्ञा दिएको छ । सरकारी सञ्चारले सरकारी प्रचारप्रसार गर्ने विशेष भूमिका निर्वाह गरेको पाइँदैन । सरकारी नीति निर्णयअनुसारको माओवादीलाई आतङ्ककारीजस्ता स्वरूपमा चित्रण गरिएको पाइन्छ । माओवादीविरुद्ध समाचार प्रसारण गरेको छ । अर्कोतर्फ माओवादी निकट सञ्चार माध्यमले सरकारको खेदो खन्ने, आफूले गरेको क्रियाकलाप उचित भन्ने समाचार छापिने, माओवादी निकट पत्रिकाअगाडि ‘जन’ जस्ता शब्द गाँसिएको हुन्छ । उदाहरणका लागि जनध्वनि, जनादेश, जनआह्वान आदि । यी सरकारी र माओवादी पत्रिका एक अर्कालाई नाङ्गेभार बनाउने, आलोचना गर्नेजस्ता सञ्चार माध्यम आफ्ना विचार सन्देश जनसमक्ष पुऱ्याउने भूमिकारत थिए । तटस्थ प्रेस भन्नाले कुनै व्यक्ति वा दलसँग प्रत्यक्ष संलग्नता देखिँदैन भने प्राप्त भएको जे-जस्तो समाचार सङ्कलन र सम्प्रेषण गर्दछ । गोरखापत्र सरकारवादी पत्रिका र जनादेश प्रत्यक्ष रूपमा माओवादी दल सम्बन्धित पत्रिका भन्ने कुरा पाठकले बुझ्न वा अनुभूति गर्न सक्छन् ।

माओवादी आन्दोलनको सुरुका दिनमा कतिसम्म सीमित रह्यो । माओवादी सक्रियता बढ्दै गएपछि, घटना विस्तार हुँदै गएपछि सञ्चारमा यसले स्थान पाउन थालेको हो । सुरुका दिनहरूमा भूमिगत गिरोहको नाममा समाचार सम्प्रेषण हुन्थ्यो भने पछिल्ला दिनमा माओवादीका नाममा छापामा स्थान पाउन थाल्यो तर हिंसाको विरोध, भर्त्सनाको

रूपमा स्थान पायो । तर दिनप्रतिदिन घटना शृङ्खला बदल्दै गएको, राज्य सुरक्षामा कमी कमजोरी, सामान्य नागरिकको बाँच्न पाउनेजस्ता नैसर्गिक अधिकारमाथि नाङ्गो तरबारबाट झुण्डिएको अवस्थाको कारण स्वरक्षा हेतु माओवादीहरू उठ्ने जोखिम न्यूनीकरण गर्न प्रहरी सरकारको दमन क्रियाकलापलाई वर्णनात्मक रूपमा छापिन थाल्यो । कसैले आलोचना गर्ने आँट गर्न सकेनन् । प्रेस, सञ्चारकर्मीमाथि हमला, तोडफोड, आगजनी गर्नेजस्ता घृणित कार्य गर्न छोडेनन् । अप्रत्यक्ष रूपमा सञ्चार जगत्को स्वतन्त्रतामाथि हस्तक्षेप हुँदै गरेको अनुभूति भइरहेको थियो । क्रान्तिकारी विद्यार्थी सङ्घले विद्यालय बन्द गराउँदा पनि कुनै विरोध नहुने, जे-जस्ता कार्यको पनि भर्त्सना गर्न सक्ने वातावरण थिएन । भय-आतङ्कको कारण कसैले मुख र कलम खोल्ने जमर्को गर्न सक्दैन थियो । खोल्नेले ज्यान गुमाउनु पर्ने अवस्था थियो । बारा जिल्लाका पत्रकार वीरेन्द्र शाह यसै वातावरणको कालग्रासमा पर्नु परेको हो ।

अर्कोतर्फ राज्य पक्षले शङ्काका घेरामा परेका प्रेस, पत्रिका, प्रेसका सामान लुट्ने जलाइदिने, पत्रकारलाई अपहरण, बेपत्ता, हत्या गर्न छोडेनन् । प्रेस स्वतन्त्रतामाथि सवाल खडा हुन्थ्यो । प्रेस स्वतन्त्रता कुण्ठित हुने अवस्था थियो । सो परम्परा वर्तमान समयसम्म विद्यमान छ । कसैको समाचार सम्प्रेषण गरेन भने वा कसैको समाचार छापियो भने पत्रिका लुट्ने प्रेसको गाडी तोडफोड, पत्रिका, गाडी जलाउनेजस्ता क्रियाकलाप हुने गर्दथ्यो । ज्यान जोगाउने अभियानमा लागेका गाउँले पुस्तकप्रेमी रुँदै आफ्नै हातले दुर्लभ मार्क्सवादी पुस्तकहरू जलाउँदै थिए भने जलाउन बाध्य बनाइन्थ्यो ।

### (ट). मानव अधिकारमा परेको प्रभाव

सशस्त्र द्वन्द्व परिस्थितिमा मानव अधिकारको हनन व्यापक र विस्तारित भएको पाइन्छ । मानव अधिकारका सिद्धान्त तथा मान्यताहरू सरकार र माओवादी दुवै पक्षका लागि महत्त्वपूर्ण मार्गनिर्देशन साबित हुन्छन् तर दुवै पक्षले यस अधिकारलाई थातीमा राखी लक्ष्य हासिल गर्न कुनै कसर बाँकी राखेनन् । मानव अधिकारको परिपालना गर्ने राज्य र माओवादी दुवैले कुनै भूमिका निर्वाह गरेनन् । विश्वासको वातावरण निर्माण गर्न स्थितिलाई सहज बनाउने प्रयास गर्नुपर्छ । संविधान, ऐन, कानुन युद्धको आचारसंहिता अनुमोदन गरेको अन्तर्राष्ट्रिय कानुनको मर्म र भावना विपरीतका व्यवहार गरेका छन् । जनताको नैसर्गिक अधिकार बाँच्न पाउने अधिकार नै असुरक्षाको घेरामा सीमित छ (परिशिष्ट ६) । १९४९ मा पारित जेनेभा महासन्धिमा नेपालले १९६४ मा अनुमोदन गरिसकेको छ । यस महासन्धि राज्य र माओवादी दुवैले पालना गर्न प्रतिबद्ध हुनुपर्ने थियो तर त्यसको पालना प्रायजसो युद्धकालमा गरिएन ।

आधुनिक कालमा पनि Every thing is fair in war भने जस्तै लक्ष्य हासिल गर्न जे पनि गर्न पछि हट्दैनन् । विद्रोहीलाई हतोत्साहित बनाउन दुवै पक्षले महिलालाई हतियारको रूपमा प्रयोग गर्ने, मानसिक रूपमा हतोत्साहित बनाउन, आफ्नो वासना मेटाउन महिलामा सामूहिक बलात्कार, बालयौन शोषण, बाल अपहरण, डर, धाक, सन्त्रास फैलाउन युद्धका लागि ढुकुटी रित्याउने, सार्वजनिक क्षेत्रमा हमला, हातहतियार बिक्री वितरण र हतियार तस्करी गर्ने गरेको पाइन्छ ।

वि.सं. २०५२-२०६२ सालसम्ममा राज्य र माओवादी पक्षबाट थुप्रै जनता मारिनुका साथै सार्वजनिक स्थलमा बम विष्फोटन, विद्यालय, क्याम्पसमा बेस क्याम्प, शिविर राख्ने, अपहरण, बेपत्ता, विस्थापन, फिरौती, चन्दा, शङ्काको भरमा कुनै कारणबिना पक्रेर लैजाने, महिला प्रयोग, बाल सैन्य, जबरजस्ती कुनै पनि कुरा युद्ध आचारसंहिता प्रतिकूल नै हो । यात्रीसहितको यात्रीबस जलाएका छैनन् ? बीचरा ११ वर्षीया काजोल खातुनको दोष के थियो ? बीचरा प्राध्यापक मुकुन्द खनालको दोष के थियो ? उनीहरू जिउँदै जल्नुपर्‍यो (परिशिष्ट १५) । खै मानव अधिकार ? बाबुको पछाडि डराएर लुकेका नाबालकलाई सुराकीको निहुँमा सुरक्षाकर्मीले पक्रेर लगेको थियो, खै बाल अधिकार ? यी प्रश्नहरू विचारणीय छन् ।

युद्धको बेला एउटै जिल्लामा ५० भन्दा बढी महिला सुरक्षा फौजबाट बलात्कृत भएका छन् । अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) को अध्यक्ष जयपुरी घर्तीका अनुसार युद्धमा सहभागी भइरहेका बेला भएकोले ती बलात्कार घटनाको रेकर्ड राख्न असम्भव भएको हो । माओवादीका श्रीमतीको निहुँमा यातना दिई बेहोस बनाएर आमाछोरी दुवैको बलात्कार गरेका थिए । माओवादीकी केन्द्रीय सदस्य पम्फा भुसालका अनुसार गिरफ्तार भएर मारिएका हाम्रा सबै महिला साथीहरू सुरक्षाकर्मीबाट बलात्कृत भएका थिए । सहिद भएका २५ सय महिलामा हजारभन्दा बढी बलात्कार र पछि मारिएका हुन् ।[६७] इन्सेक वर्ष पुस्तकहरूबाट सङ्कलनको आधारमा दस वर्षको युद्ध दौरानमा सुरक्षाकर्मीबाट ६१ घटनामा ८१ महिलाहरू बलात्कृत भएको तथ्य छ ।[६८] १९९६ मा आफ्ना शिक्षकलाई प्रहरीको पञ्जाबाट छुटाउन अन्य विद्यार्थी साथीहरूसँग जाँदा गोली हानी मारिएका थिए दिलबहादुर रम्तेल । बारा जिल्लाको सन्दर्भमा २०५६ देखि २०६३/७/३० सम्म जिल्ला प्रशासन

---

[६७] अन्जु क्षेत्री, "बलात्कार, विपक्षीलाई प्रताडित गर्न महिला", **शान्ति र पुनर्संरचना,** (काठमाडौं : अस्मिता प्रकाशन, २०६३), पृ. ६१ ।

[६८] **इन्सेक वर्ष पुस्तक १९९६–२००६** (२०५२-२०६२) सम्मको तथ्याङ्क, पृ. २७५ ।

कार्यालयमा दर्ता भएको अभिलेखअनुसार सुरक्षाकर्मी र माओवादीबाट मारिएकाहरूको सङ्ख्या ४९ छ । बलात्कारको मुद्दालाई दर्ता गराई दबाइएको पाइन्छ । २००६ मा बारा जिल्लाको नागरिक अधिकार हनन भएको निम्नलिखित तथ्याङ्कबाट छर्लङ्ग हुन्छ :

**तालिका नं. ३.१३**

**मानव अधिकार हननको स्थिति**

| क्र.सं. | घटनाको प्रकार | गैर राज्यपक्षबाट पीडित | | | | | | | | राज्यपक्षबाट पीडित | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्यबाट | | | | माओवादीबाट | | | | | | | | |
| | | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | जम्मा | घटना सङ्ख्या | पुरुष | महिल | नखुलेको | जम्मा |
| १. | हत्या | ८ | ८ | १ | ९ | २ | २ | - | २ | १ | १ | - | - | १ |
| २. | घाइते | ४ | ३ | ३ | ६ | ४ | ९ | ३ | १२ | १ | ९ | - | - | ९ |
| ३. | गिरफ्तार/यातना | - | - | - | - | - | - | - | - | १२ | ८२ | १ | - | ८३ |
| ४. | कुटपिट | २ | २ | - | २ | १ | ३ | ३ | ३ | १ | ३ | - | - | ३ |
| ५. | धम्की | - | - | - | - | ३ | ३७ | - | ३७ | - | - | - | - | - |
| ६. | भेला/संगठित हुने अधिकार | - | - | - | - | - | - | - | - | ४ | ३५ | - | ६ | ४१ |
| ७. | महिला अधिकार | ४ | - | ४ | ४ | - | - | - | - | १ | - | १ | - | १ |
| ८. | बाल अधिकार | ३ | - | ३ | ३ | - | - | - | - | - | - | - | - | - |
| ९. | अपहरण | ९ | ११ | - | ११ | १६ | ३८ | - | ३८ | - | - | - | - | - |
| | **जम्माः** | **३०** | **२४** | **११** | **३५** | **३६** | **८८** | **३** | **९१** | **२०** | **१३०** | **२** | **६** | **१३८** |

***स्रोतः*** **मानव अधिकारी वर्ष पुस्तक २००७.** काठमाडौँ इन्सेक, इ. २००७, पृ. २७५ ।

***पुनश्चः*** - = तथ्याङ्क उपलब्ध नभएको ।

उपर्युक्त उदाहरणहरू मानव अधिकार हननका पराकाष्ठका नमुना हुन् । त्यसै गरी स्वतन्त्रता हननको उदाहरणमा “कान्तिपुर दैनिक” १९ श्रावणमा प्रकाशित भएअनुसार अछामका ५ हजारभन्दा बढी सर्वसाधारणलाई जबरजस्ती माओवादी कार्यक्रममा सहभागी गराएको, प्रत्येक घरबाट १ जना, होइन भने ३ हजार रुपियाँ जरिवानाजस्ता उर्दी मानव अधिकार हननका नमुना हुन् । हिंसात्मक द्वन्द्वमा द्वन्द्वरत पक्षहरूले युद्धका आचारसंहिता, मर्म र भावनालाई वेवास्ता गरेको पाइन्छ । विद्रोही र राज्य दुवै पक्षले युद्धलाई प्राथमिकता दिन्छन् । सर्वसाधारणको भावना, चाहना र मानवअधिकारको बेवास्ता अनि नजरअन्दाज गरिन्छ ।

### ३.३.२ माओवादी द्वन्द्वबाट परेको सकारात्मक प्रभाव

कुनै पनि घटनाको परिणाम सकारात्मक पनि हुन्छ । उदाहरणका लागि क्यूवा, दक्षिण अफ्रिका ज्वलन्त उदाहरण हुन् । माणिकलाल श्रेष्ठद्वारा “मैले देखेको समाजवादी क्यूवा” मा जुन किसिमको चित्रण गरिएको छ । सो सशस्त्र सङ्घर्षको सकारात्मक परिणाम

हो भन्न सकिन्छ ।[६९] त्यसैगरी माओवादी आन्दोलनका नकारात्मक पक्षहरू छन् भने सकारात्मक पक्षहरू पनि छन् । जोन ग्याल्टुङ्गका अनुसार "द्वन्द्व सधैँभरि विनाशकारी हुँदैन, राजनीतिक प्रणालीमा हुने बहुदलीय प्रतिस्पर्धा पनि द्वन्द्वकै एउटा रूप हो । द्वन्द्वले कुनै पनि प्रणालीमा सुधार ल्याउन समेत मद्दत गर्छ ।[७०] पहिलो सकारात्मक पक्ष हो वैचारिक सिद्धान्तमा परिवर्तन । वैचारिक सिद्धान्त निरङ्कुश संवैधानिक राजतन्त्रको भक्ति गाउने, गणतन्त्र, सङ्घीयताको विरोध गर्नेहरूमा अहिले परिवर्तन आएको छ । माओवादी आन्दोलनबाट समाजमा कस्तो परिवर्तन आयो, महिलाहरूको भूमिका, पहिचानमा के कस्तो परिवर्तन आयो भन्ने प्रश्नमा राज्य र माओवादी पक्षको भयबाट त्रसित हुँदै खुलेर जवाफ दिन हिचकिचाउँछन् । परिवर्तनका लागि द्वन्द्व चाहिन्छ । द्वन्द्व राष्ट्रिय हितका लागि निष्पक्ष, निःस्वार्थले हो भने परिणाम सकारात्मक हुन्छ । यसै सवालमा शोधकर्ताले लिएको अन्तर्वार्तामा ने.का.का केन्द्रीय कार्यालयका मुख्य सचिव तथा संविधान सभाका पूर्वसभासद् शोभाकर पराजुली, बारासँग लिएको अन्तर्वार्तामा व्यक्त अवधारणाअनुसार युद्ध यद्यपि द्वन्द्वबाट मानवीय, भौतिक विनाश नै बढी हुन्छ । तर पनि विनाशका साथै केही विकास पनि भएका छन् । द्वन्द्वबाट भएका सकारात्मक प्रभाव निम्नानुसार उल्लेख गरिएको छ :

**(क) महिलामा परेको प्रभाव**

जब मानिसले बन्दुक बोक्न सुरु गर्छ तब व्यक्तित्वमा परिवर्तन आउँछ ।[७१] नेपालमा द्वन्द्वबाट परेको सबैभन्दा सकारात्मक असर भनेको जनता लडेर आफ्नो हक लिन सक्षम भएका छन् । आन्दोलनले सर्वसाधारण विशेष गरी महिला र बालबालिकाको जो कम बोल्ने, शान्त, सहिष्णु, कायर स्वभाव भएकाहरूमा परम्परागत स्वभावमा परिवर्तन आएको छ । आम विश्वासमा दृढता, आवाजमा बुलन्दता आएको छ । आत्म विश्वासको कमी भएका, नयाँ मान्छे देख्दा भाग्नेहरू अघि बढेर उत्सुकता व्यक्त गर्छन् । उनीहरू नेतृत्त्व लिन सक्षम भएका छन् । हालै सम्पन्न संविधान सभामा महिला सदस्यहरूको सङ्ख्याले परिवर्तन इङ्गित गरेको, महिला नेतृत्वमा आएको दर्शाउन सकिन्छ । २०६३ मा माओवादी र अन्य

---

[६९] माणिकलाल श्रेष्ठ, *"मैले देखेको समाजवादी क्यूबा"*, **मूल्याङ्कन** (विचार अन्तरक्रियामुखी मासिक पत्रिका), (२०६५ माघ, फागुन), पृ. ३८, ।

[७०] उप्रेती, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ८, पृ. ३२ ।

[७१] आनन्द आदित्य, "दि माओइस्ट मुभमेन्ट इन मोबिलाइजेशन पर्सपेक्टिभ," **शान्ति र सुशासन**, (काठमाडौँ : साप नेपाल, २०५७), पृ. ८९ ।

दलबाट व्यवस्थापिका र अन्य निकाय, नीति निर्माणमा ३३ प्रतिशत महिला सहभागीतामा सहमत हुनु, राजनीतिमा महिला सहभागिता वृद्धि हुनु, निर्वाचनमा सहभागी हुनु, राजनीति प्रतिस्पर्धा गर्नु, न्यायका लागि मौन धारणा नगर्नु नै द्वन्द्वको परिणाम हो । एकल तथा विधवा महिलाको हकमा द्वन्द्वले सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ । महिला विधवापश्चात् सेतो वस्त्र धारण गर्नुपर्ने हुन्छ । पहिरनको आधारमा घरेलु हिंसा हुने गर्दथ्यो, तर त्यस्ता अवस्थाबाट सुरक्षित हुन रातो कपडा, चूरा, टीका विधवालाई दिने र लगाउने नयाँ प्रचलनको सुरुआत भयो जसले गर्दा महिलामा जागरुकता र सशक्तीकरणको स्थापना भएको पाइन्छ । महिलालाई पुरुषसरह सम्पत्तिमाथिको अधिकार सुनिश्चित गराइदियो । छोरीलाई छोरासरह अंश दिने निर्णय गऱ्यो ।

आदिवासी दलितहरू आफ्नो अस्तित्व जोगाउन र पहिचान बनाउन सफल भए । सुरक्षाको सन्दर्भमा महिलाहरू सक्षमता प्रदर्शन गर्न सक्षम भएका छन् । महिलाले बन्दुक छोएमा पड्किँदैन भन्ने अन्धविश्वासलाई च्यातेर बन्दुक पड्काउन थालेका छन् । पुरुष नहुने गाउँमा सुरक्षासम्बन्धी समस्या परेको बेला महिलाहरूले रक्षाका समाधान निकालेको पाइन्छ । टिनको भाँडोलाई घण्टीको काम लिन ठाउँ-ठाउँबाट लामो-लामो डोरी बानेर आपतबिपत परेको बेला त्यही घण्टी बजाएर महिलाहरू एक ठाउँमा भेला भएर रक्षाको समाधान निकाल्थे । गाउँघरमा समूहगत रूपमा रात्रिपालेको पहरेदारी काम गर्दथे । यसबाट महिला समूहले एकता र आँट प्रदर्शन गर्न सफल भएका छन् । महिलालाई बन्दुक बोक्न आन्दोलनले नै सिकाएको हो । अमेरिकी पत्रकार लि अनेस्तोका अनुसार :

> क्रान्तिले महिलाहरूमाथि उत्पीडन गर्ने थुप्रै सामन्ती परम्पराहरूलाई हाँक दिइ रहेको छ । उदाहरणका लागि छोराहरूलाई अति महत्त्व दिने, छोरीलाई महिनावारी हुँदा छुन नहुनेजस्ता व्यवहार गरिने, विधवाहरूले बाँकी जीवन एक्लै बिताउनु पर्नेजस्ता रुढीवादी परम्परामाथि महिलाहरूले चुनौती दिइरहेका छन् । जनयुद्धमा मारिएका लोग्नेहरूका धेरै विधवाहरूले रातो लुगा, चूरा र पोते लगाएको देखेकी छु ।[७२]

क्रान्तिले कतिपय परम्परागत चाडपर्वलाई फेर्ने कोसिस गरेको छ ।[७३]

सुमन मास्केका अनुसार माओवादी सेना व्यवस्थापनमा करिब ३०-३५ प्रतिशत महिला सहभागिता भएको अनुमान छ । रोल्पाको तिलौरा गाउँको ज्वार स्मृति ब्रिगेडमा शान्ति सम्झौता पालन गर्दै बसेका ६५० जना सैनिकहरू सेना समायोजन पर्खाइमा थिए जसमा १५० जना महिला छापामारका काखमा शिशु छन् । महिला मुक्तिक, पैतृक सम्पत्ति,

---

[७२] अनेस्तो, **पूर्ववत्**, पाद टिप्पणी ४३, पृ. १६९ ।

[७३] सापकोटा, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ९, पृ. ७० ।

बेरोजगार, महिला विरुद्धको हिंसा इत्यादि कारणबाट प्रभावित भई माओवादी सेनामा महिला सहभागिताको सङ्ख्या बढेको पाइन्छ ।[७४] तर बन्दुक बोक्नु मात्र महिला सशक्तीकरण होइन । प्रत्येक क्षेत्रमा पुरुष समान हक पाउनु उसको अधिकार हो । यसैको परिणामस्वरूप नेपाली सेनामा महिलालाई भर्ना लिन थालिएको हो । प्रहरी प्रशासनमा भर्ना सङ्ख्या वृद्धि गरियो । महिलाले आफ्नो प्रतिरक्षा गर्न सिके । परम्परागत कार्यबाहेक अन्य कार्यमा सहभागी हुन थाले । यसरी उनीहरूको कार्यमा परिवर्तन आउन थालेको छ ।

### (ख) सामाजिक व्यवहारमा परेको प्रभाव

समाजमा आदिकालदेखि चलिआएको परम्परा छुवाछूतको भावनामा द्वन्द्वका कारण परिवर्तन आएको छ । ठूला जातले साना जातलाई हेप्ने, इनार छुन नदिने, मन्दिरमा पस्न नदिने, जुत्ताचप्पल लगाएर ठूलाको घरमा प्रवेश निषेध गर्दै आएको कुप्रथा माओवादी आन्दोलनले ती सम्पूर्ण भेदभाव अन्त्य गर्ने प्रयास गरेको छ । माओवादी जनशिक्षाको कारण राजनीतिक चेतना बढेको छ । रुकुमको एक महिलाका अनुसार जातीय छुवाछूत हट्नु महत्त्वपूर्ण परिवर्तन हो । घरेलु हिंसा, बहुविवाह, तिलक, दहेज, आदिमा न्यूनता देखिन्छ । बहुविवाह गर्ने पुरुषलाई श्रमकैदमा लगाउने, जेठीको हक दिलाउने, महिलामाथि हुने दुर्व्यवहारमा परिवर्तन देखापर्नुका साथै समाजमा मदिरा, जुवा ताससम्बन्धी बनाइएको सामाजिक नियम र मूल्य-मान्यतामा सकारात्मक परिवर्तन आएको छ । पश्चिमतर्फका केटीहरूलाई जबरजस्ती उठाएर लैजाने र बिहे गर्ने परम्परामा न्यूनीकरण देखा परेको छ ।[७५]

### (ग) राजनीतिक विचारमा परेको प्रभाव

जनयुद्धका क्रममा नेपाली जनतामा वैचारिक परिवर्तन आएको छ । २००७ देखि मूर्तरूप लिन नसकेको संविधान सभाले स्थान ग्रहण गर्न सफल भयो । राज्य पुनर्संरचना, संविधान, समावेशी, सङ्घीयता गणतन्त्रको स्थापना, राजतन्त्रको अन्त्यजस्ता समयानुसार परिवर्तन हुनुको श्रेय माओवादी आन्दोलनमा जान्छ ।

### (घ) महिलाको काँधमा परेको थप जिम्मेवारी

महिलाको काँधमा जिम्मेवारीको प्रभावमा मतभेद पाइन्छ । कसैले यस प्रभावलाई सकारात्मक मानेको छन् भने कसैले नकारात्मक यस आधारमा कि महिलाको काँधमा बढी जिम्मेवारी थपिएको छ र सकारात्मक यस आधारमा कि महिलामाथि जिम्मेवारी थपेमा महिला

---

७४ सुमन मास्के, “विस्थापित पत्रकारको डायरीबाट”, **कान्तिपुर,** (चैत्र २०६५), पृ. ७ ।

७५ मञ्जु थापा, “जनयुद्धले बदल्यो महिलाको जीवन,” **महिला, शान्ति र पुनर्संरचना,** (काठमाडौँ : अस्मिता महिला प्रकाशन गृह, २०६३), पृ. ७८-८० ।

स्वनिर्भर हुन सक्छन् । सुदूरपश्चिममा कतिपय परिवारमा महिला घरमूली छन् । समाजमा पहिले महिला पराश्रित हुन्थे तर जब पुरुषको अपहरण, बेपत्ता, विस्थापन र हत्या हुन थाल्यो तब सम्पूर्ण कार्यभार महिलाले एकल रूपमा आफ्नो काँधमा बोक्नुपरेको  छ । यद्यपि यस्ता घटना हुनु सबल पक्ष मान्न सकिँदैन तर एउटी महिलामा समय र आवश्यकतानुसार आत्मनिर्भरता, आत्मविश्वास जागरुकता आउँछ । घर-गृहस्थीमा छोराछोरी, परिवारको पालनादेखि शिक्षादीक्षा, हलो बोक्ने, खेती गर्नसम्मको कार्यबोझ, जिम्मेवारीको बोझ वहन गर्नुपरेको छ । बारा जिल्लाका पत्रकार वीरेन्द्र शाहको अपहरण र बेपत्तापश्चात् हत्या भएको हो । पर्दाभित्र रहने मृतककी पत्नी बाहिर निस्केर आत्मविश्वासका साथ घरपरिवार स्याहार गरेर बसेकी छन्. । तसर्थ हिजोसम्म पराश्रित भएकाहरू आत्मनिर्भर बनेका छन् ।

## ३.४ निष्कर्ष

माओवादी आन्दोलनले नकारात्मक उद्देश्य लिई सत्ता हत्याउन आन्दोलन गरेको आरोपमा केही कतै सत्यता पनि लुकेको छ, उसले सत्ता कब्जाका लागि आन्दोलन गरेको हो । राजनीति गर्नु नै सत्ताका लागि हो तर विकल्पको चयन फरक-फरक ढङ्गको हुन्छ । महात्मा गान्धीले पनि आन्दोलन गरे तर रगतविहीन, अहिंसा, सत्यताको मार्ग अपनाए, माओवादीले रक्तपूर्ण, हिंसात्मक मार्ग अपनायो । नेपालमा माओवादी द्वन्द्वको नकारात्मक परिणाम छ भने केही सुखदायी आमूल परिवर्तन भएका छन् । उपर्युक्त सकारात्मक उद्देश्य सकारात्मक परिणामका लागि माओवादीलाई श्रेय दिनुपर्छ ।

अघिल्लो अध्यायमा अध्ययन क्षेत्र कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. मा देखा परेका द्वन्द्वका कारणहरूमाथि केन्द्रित भई अध्ययन अघि बढाइएको छ । दुवै क्षेत्रको स्थलगत अध्ययन तथा खोजको आधारमा प्रमुख कारणहरू माथि प्रकाश पारिएको छ ।

## अध्याय चार

# कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. को सन्दर्भमा माओवादी द्वन्द्वमा महिला सहभागिताका कारणहरू

## ४.१ पृष्ठभूमि

नेपालमा प्रारम्भ भएको माओवादी सशस्त्र सङ्घर्ष वि.सं. २०५२ फागुन १ गतेदेखि सुरु भई वि.सं. २०६३ मंसिर ५ गते टुङ्गिएको थियो । यो सशस्त्र सङ्घर्ष हुनुको पछाडि थुप्रै कारणहरू थिए जुन अघिलो अध्यायमा चर्चा भइसकेको छ । यस अध्यायमा बारा जिल्ला अन्तर्गत कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. मा सशस्त्र द्वन्द्वका कारणहरू पहिल्याउने काम गरिएको छ । यस सन्दर्भमा कार्य क्षेत्रका सर्वसाधारण र विशिष्ट व्यक्तिहरूबाट प्राप्त सूचना र जानकारीहरू रहेका छन् । कार्य क्षेत्रबाट प्राप्त जानकारीलाई द्वितीयक स्रोतहरूको मद्दतले प्रस्ट गर्ने कार्य गरिएको छ । द्वितीयक स्रोतहरूको प्रसङ्गमा भन्नु पर्दा विगत एक दशकमा माओवादी आन्दोलन र नेपालको राजनीतिक अवस्थाबारे तयार गरिएका प्रकाशित पुस्तक र अन्य सामग्रीहरू रहेका छन् । द्वन्द्वका कारणहरू केलाउनुपूर्व यस जिल्लाको परिचय अवगत हुन आवश्यक छ ।

## ४.२ बारा जिल्लाको परिचय

नारायणी अञ्चलमा पर्ने बारा जिल्ला तराईमा अवस्थित छ । जिल्लामा मधेसी र पहाडी मूलका विभिन्न जात, धर्म र आर्थिक अवस्था भएका जातजातिहरू छन् । पपरापूर्वकालदेखि यो जिल्लाले आफ्नै किसिमको बेग्लै पहिचान राख्दै आएको छ । जसको विवरण तलका अनुच्छेदहरूमा दिइएको छ ।

### ४.२.१ ऐतिहासिक पृष्ठभूमि

नेपालीको मध्य तराई क्षेत्रमा गौतमबुद्धकालभन्दा पहिलेदेखि नै नारायणीदेखि पूर्व टिष्टा पारिसम्म र चुरेदेखि हालको मध्यविहारसम्म मिथिला गणराज्य रहेको थियो । नारायणीको पश्चिमतिर कोलीय र शाक्य गणराज्यहरूको एउटा शृङ्खला नै सुदूर पश्चिमसम्म अवस्थित थियो । मिथिला गणराज्यको उत्कर्षदेखि अवसानसम्म त्यसको पश्चिमी सीमा क्षेत्रको सुरक्षा प्रशासनको सञ्चालन बाराहगढी-वनदुर्गबाट हुने गरेको अनुमान छ । बाह्रवटा दुर्गहरूको माझमा रहेको दुर्गलाई बाराहगढी नामकरण गरिएको

अडकल छ । ती बाह्रवटा गढीमध्ये निजगढ, तामागढी, बरियापुरगढी, सिम्रौनगढ, हाल चम्पारण भारतमा रहेको रामगढी, बुढगाई बैलौनी नेवलपुर गढी, पर्सा गढी, बैरैनियागढी, जितपुरगढी र अलउ समेतका गढीहरूको माझमा रहेको वनदुर्गलाई जमुनीर तियरको माझको अग्लो भू-भाग आज पनि देखिने ढिस्कोले प्रमाणित गर्दछ र बाराहगढीबाट बारागढी र बारा जिल्लाको नामकरण भएको बुझिन्छ । यस भू-भागका नागरिकहरूले विदेशी आक्रमणको सङ्गठित रूपमा विरोध गरी परास्त गरेको पाइन्छ । मिथिला गणराज्यको विघटन भइसकेपछि खस साम्राज्यको अवसानपछि कर्नाटकबाट निर्वासित राजकुमार नान्यदेवले सिम्रौनगढको स्याबो वनदुर्गलाई राजधानीको रूपमा पुनर्स्थापना गरे । डोय राजाहरूमध्ये शिवसिंहले राज्य विस्तार गर्दा मिथिला गणराज्यले शासन गरेको सम्पूर्ण भू-भाग समेत मकवानपुर पाल्पादेखि गोरखपुरसम्म राज्य विस्तार गरी सवई सिंहका नामले प्रसिद्धि प्राप्त गरे तथा सिम्रौनगढ नगर दुर्गलाई चारैतिर बाह्र कोस अर्थात् छत्तीस कि.मी. परकोटाले संरक्षित समृद्ध नगरको रूपमा कायम गरेको देखिन्छ ।[१]

तेह्रौं शताब्दीको अन्तमा दिल्लीका मुसलमान बादशाह गयासुद्दिन बलवनको राज्यलिप्साको चपेटामा परी समसुद्दिन भन्ने सेनापतिद्वारा अन्तिम डोय राजा हरिसिंहदेवका पालामा सिम्रौनगढ ध्वस्त भयो । यी राजाहरूले विन्ध्यवासिनी, तलेजु भगवतीको पूजा स्थल स्थापना गरी आफ्नो कुलदेवीलाई प्रतिष्ठापित गरेका थिए । सिम्रौनगढका राजा तुलजा भवानी आफ्नो पिठ्यूँमा बोकेर काठमाडौँ पलायन भएका थिए । उक्त मूर्ति हनुमानढोकामा लगी तलेजु मन्दिर बनाई स्थापना गरे । बृटिश इस्टइण्डिया कम्पनीले पटक-पटक नेपालमाथि हमला गर्दा अङ्ग्रेजलाई बाराको परवानीपुर-जितपुरमा राज्य सैन्य र बाराका सङ्गठित नागरिकहरूले पराजित गरी तिनका खरखजाना राज्यकोषमा दाखिला गरे । अङ्ग्रेजलाई पराजित गर्ने बाराका नायक जेठरैयत महतो कुर्मी तथा बारागढीका थारूहरूका नायक चौधरीलाई महाराजा पृथ्वीनारायण शाहबाट बिर्ताको ताम्रपत्र प्रदान गरिएको छ । प्रथम राणा प्रधानमन्त्री जङ्बहादुरलाई विस्थापित गर्ने सङ्घर्षशील श्री ५ राजेन्द्र विक्रम शाहलाई मद्दत गर्न एकजुट भएका बाराका नागरिकहरूले हाल कलैया सदरमुकामको कलैया गाउँमा लडी, बरेवामा राजाको क्याम्प आफ्नो अन्तिम समयसम्म जङ्गबहादुरका सेनालाई छुन दिएनन् । सो कुरा डुमरवाना हात्तीसारका जेठा माउते श्री सुबेदार चौधरीले सुनाएका आधारहरू पाइन्छ । बाराकै

---

१ **बारा जिल्लाको पार्श्वचित्र**, (बारा : जिल्ला विकास समिति, २०६०), पृ. ४-६ ।

पत्थरघट्टामा ब्रिटिश इस्टइण्डिया कम्पनी सरकारले जङ्गबहादुरलाई उनकै भाइभतिजालाई हतियार बनाई पिठ्यूँमा गोली हानी बाघ मार्ने निहुँले हत्या गरेको थियो । जङ्गबहादुरका छोराहरूले दुवै आमाहरूलाई बालगंगाको तीरमा सिमरा राजघाटमा सती जान बाध्य गराएको भन्ने कुरा माहुते सुबेदार चौधरीले भेद खोलेका थिए ।[२]

२००७ सालको जनक्रान्तिमा जितपुर परवानीपुरमा बाराका क्रान्तिकारीहरूले सशस्त्र सङ्घर्ष गरेका थिए । कलैया बरेवामा विरोध जुलुस प्रदर्शन गरेका थिए । यसै जिल्लाकी महिला क्रान्तिकारी कुलकुमारी लोहनी जेल पर्दा ९० दिनसम्म अनशन बसेकी थिइन् । बारा जिल्लामा परापूर्वकालदेखि सशस्त्र सङ्घर्षबाट नजिक रहेको जानकारीमा आएको छ । बारा जिल्लाको तथ्य नियाल्दा जिल्लाको क्षेत्रफल १,१९० वर्ग कि.मी. छ, समुद्री सतहभन्दा १५२ मी. उचाइ रहेको बारा जिल्लामा ९८ गा.वि.स., एक नगरपालिका, ४ चुनाव क्षेत्र, ६ संविधान सभा निर्वाचन क्षेत्र छन् । जसमा महिला २,६९,७३५ र पुरुष २,८९,३९७ गरी जम्मा ५,५९,१३२ जनसङ्ख्या रहेको छ भने यहाँको प्रमुख भाषा भोजपुरी रहेको छ ।[३] जनसङ्ख्याको हिसाबले यो जिल्ला मध्यमाञ्चलको तराईका ७ जिल्लामध्ये तेस्रो स्थानमा रहेको छ । राष्ट्रिय जनगणना २०३८ र २०४८ मा बारा जिल्लाको जनसङ्ख्या क्रमशः ३,१८,९५७ र ४,१५,७१८ रहेको थियो । राष्ट्रिय जनगणना २०५८ अनुसार यस जिल्लाको कुल जनसङ्ख्या ५,५९,१३५ छ, जसमध्ये महिला २,६९,७३८ (४८.३%) र पुरुष २,८९,३९७ (५१.७%) रहेको छ । यस अवधिको जनसङ्ख्या वृद्धिदर २.४ रहेको देखिन्छ ।[४]

### ४.२.२ बारा जिल्लाको कलैया न.पा. तथा अमलेखगंज गा.वि.स. का महिलाहरूको स्थिति

पितृसत्तात्मक समाजमा महिलालाई दोस्रो दर्जाको स्थानमा राखिएको छ । यस्ता अवधारणाबाट बारा जिल्लाका कलैया न.पा. र अमलेखगंज गा.वि.स. अछुतो छैन । कलैया न.पा. को प्रत्येक क्षेत्र महिलाको पहुँचभन्दा बाहिर छ । भौतिक साधन, अर्थिक क्षेत्र र व्यक्तिगत सम्पत्ति, शिक्षाको क्षेत्र पनि महिलाको पहुँचभन्दा बाहिर छ ।[५]

---

२ **ऐजन ।**

३ जिल्ला विकास समिति, **आवधिक जिल्ला विकास योजना (२०५८/५९-२०६३/६४)**, (बारा : सूचना तथा अभिलेख केन्द्र २०५९), पृ. ६६ ।

४ **बारा जिल्लाको पार्श्वचित्र**, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १, पृ. ८ ।

५ जिल्ला विकास समिति, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ३, पृ. ६६ ।

२,६९,७३८ महिला जनसङ्ख्या भएको बारामा घरायसी कामकाजमा ९८ प्रतिशत महिलाहरू छन्, साक्षर सङ्ख्या १३.७ प्रतिशत र शिक्षण पेशामा १४ प्रतिशत छ । माध्यमिक शिक्षक जम्मा ४ जना, नि.मा.वि. मा २८५ र प्राथमिक, तालिम प्राप्त शिक्षक १९६ रहेको पाइयो । त्यसैगरी व्यापारमा १०.६ प्रतिशत र घरमूली ४.३ प्रतिशत रहेको पाइन्छ । देशभर नै महिला पिछडिएको जस्तै बारामा महिलाको स्थिति पहुँचभन्दा बाहिर छ ।

कलैया न.पा. मा १७,०२५ र अमलेखगंज गा.वि.स. मा २,९०८ महिलाको सङ्ख्या छ । कलैया न.पा. मा १,६९४ महिलाहरू आर्थिक रूपमा सक्रिय र ९,३५९ महिला निष्क्रिय छन् । त्यसैगरी अमलेखगंज गा.वि.स. मा २,२१६ महिला आर्थिक रूपमा सक्रिय छन् भने २,१३९ निष्क्रिय छन् । पुरुषको तुलनामा महिलाहरू आर्थिक मामिलाबाट वञ्चित छन् ।

शिक्षाको क्षेत्रमा पनि कलैया नगरपालिकामा पढ्नलेख्न जान्ने पुरुषको सङ्ख्या ९,६९३ र ५,३४१ महिलाहरू छन् । अमलेखगंज गा.वि.स. मा पुरुषहरू १,६३९ पढ्नलेख्न जान्ने र १,०९३ महिलाहरू पढ्नलेख्न जान्नेहरू छन् । कलैयामा मधेसी मूलको वर्चस्व भएकोले शिक्षाप्रति त्यति जागरुक नभएको र अमलेखगंज गा.वि.स. मा सचेतताका कारण बढी महिलाहरू शिक्षित छन् ।[६]

### ४.२.३ वैवाहिक स्थिति

१० वर्षमाथिका ६९% विवाहित र ३१% अविवाहित छन् । दाइजो, तिलकजस्ता रूढिवादी परम्पराका कारण बालविवाह वर्तमानमा पनि विद्यमान छ ।

## ४.३ कलैया नगरपालिकाको परिचय

बारा जिल्लामा पहिले १०५ गा.वि.स. रहेकोमा कलैयासहित अन्य ३६ गा.वि.स. (अउरिया गोठ, विश्वम्भरपुर, ब्रह्मपुर, मैना, नवदुर्गा र रामपुर्खे) गाभी कलैया नगरपालिका स्थापना भएको हो । कलैयाको पूर्व भटौण्डी, मोतिसर, रघुनाथपुर र पश्चिममा महेशपुर, उत्तर झिटकैया, दोहरी तथा दक्षिणमा सिसैया, भगवानपुर पर्दछन् ।

कलैया नगरपालिका बारा जिल्लाको सदरमुकाम हो । जिल्लास्तरीय अधिकांश कार्यालयहरू यसै स्थानमा रहेका छन् । कलैयाभन्दा ६ कि.मी. पूर्व बरियारपुरमा गढीमाई मेला स्थल पर्दछ । यो विश्वको सबैभन्दा बढी बलि चढ्ने तथा मेला लाग्ने स्थल हो ।

---

६ **बारा जिल्लाको पार्श्वचित्र, पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १, पृ. १२०-१२८ ।

तत्कालीन सदरमुकाम बरेवा कलैयाअन्तर्गत पर्दछ । यहाँ बरेवा दरबार अवस्थित छ । राजा राजेन्द्रविक्रम शाह जंगबहादुरविरुद्ध युद्ध गर्दा आफ्नो क्याम्प राखी बसेको पुरानो गाउँ हाल राजेन्द्रविक्रम शाहकी बुहारी, जंगबहादुरकी छोरी मैया महारानीले बनाएको ऐतिहासिक बरेवा दरबार यहीँ पर्छ । दरबारको उचित स्याहारको अभावमा जीर्ण अवस्थामा पुगेको देखिन्छ । अत्याधुनिक सञ्चार माध्यम र मध्ययुगीन यातायात सेवा भएको कलैया बारा जिल्ला तथा देशका अन्य भागसित जोडिएको र बारा जिल्ला पर्यटकीय स्थल भएकोले पर्यटक तथा अन्य सर्वसाधारणको हिँडडुल बढी छ । कलैयाबाट ७ कि.मी. उत्तर पसाहाखोलाको किनारमा जङ्गलभित्र सहजनाथको शिवालय रहेको छ । यहाँ बाग्मतीबाट जल ल्याई शिवजीलाई चढाउँछन् । यसरी विभिन्न रमणीय, पर्यटकीय र विश्वप्रसिद्ध नमुनाहरूलाई कलैयाले जोड्ने काम गरेको छ। यहाँ खाद्यान्न र तरकारीको राम्रो बजार पाइन्छ।

### ४.३.१ जनसङ्ख्या विवरण

कलैया नगरपालिकाको कुल जनसङ्ख्या ३,२२६० मध्ये महिला १७,०२५ र पुरुष १५,२३५ रहेको छ। जनसङ्ख्यासम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिएको छ।

**तालिका नं. ४.१**

**कलैया न.पा. को वडागत आर्थिक तथा सामाजिक स्थिति**

| सि.नं. | विवरण | जम्मा | वडा नं. | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ |
| १. | घरपरिवार | ५११३ | ३१० | ३५४ | २१३ | ३४५ | ६८९ | ३६५ | ६२८ | ६११ | १६२ | २४९ | २७२ | ५०८ | १३९ | २१४ |
| | जनसङ्ख्या | ३२२६० | २०३३ | २४२२ | १५८१ | १९१८ | ३७४३ | २०९६ | ३८४७ | ३७१३ | १०२३ | १७७९ | २०११ | ३४७५ | १२५४ | १३९५ |
| | महिला | १७०२५ | १०५५ | १२४० | ८४१ | १०१७ | २०४६ | १११५ | १९७७ | १९६१ | ५६० | ९५१ | १०२७ | १८२७ | ६५५ | ७५३ |
| | पुरुष | १५२३५ | ९७८ | ११८२ | ७४० | ९०१ | १६९७ | ९८१ | १८७० | १७५२ | ४६३ | ८२८ | ९८४ | १६४८ | ५९९ | ६४२ |
| २. | मतदाता | ६२२८७ | ११३५ | १४२४ | १३४५ | १५४६ | २६०० | १४७९ | २५२६ | २११५ | ७७१ | १४७० | १५६१ | २१७७ | ९०८ | ९०३ |
| ३. | सुकुम्वासी | ४१ | ० | ० | ० | ० | ० | ० | ३ | १२ | ९ | १२ | ० | २ | १ | ० |
| ४. | झोपडी वा निम्नस्तरको घरमा बस्ने परिवार सङ्ख्या | ६०३ (१०.७४) | ६२ (१७.९७) | ३१ (७.४७) | ३३ (१२.०४) | १९ (५.३८) | ३३ (३.९४) | १५ (५.६२) | ७२ (११.१३) | ५२ (८.५२) | ३२ (१६.८४) | ४५ (१३.९८) | ६२ (१९.८७) | ३२ (५.६६) | ६१ (२८.६४) | ५४ (२०.३०) |
| ५. | निरक्षर प्रौढको सङ्ख्या | ११३७२ (३८.९४) | १०३२ (५४.५७) | १०८७ (५५.०१) | ७३४ (४३.९३) | २८९ (१५.६७) | ८७३ (२१.३१) | २५२ (१७.०६) | ९१४ (२८.१५) | ११३७ (३८.८६) | ३४८ (३५.८०) | ८८७ (४६.०६) | ८०४ (४७.८६) | १६६९ (५६.१६) | ६६२ (६४.५२) | ६८४ (४५.६६) |
| ६. | ६-१५ वर्षका स्कुल नगएका केटा | ७७८ (९.९१) | ९२ (१७.७३) | ४८ (९.४७) | ७९ (१५.०५) | ५ (१.२९) | ५७ (५.६८) | ८ (२.२१) | ५१ (६.२४) | ९६ (११.३९) | १७ (७.४२) | ६४ (१०.७९) | ३९ (८.४१) | ११७ (१४.१३) | ५९ (१७.६६) | ४६ (१०.४५) |

क्रमशः ...

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | ६-१५ वर्षका स्कुल नगएका बच्चीहरू | १०२२ (१३.०१) | ९६ (१८.५०) | ७० (१३.८१) | ९६ (१८.२९) | ११ (२.८६) | ५१ (५.०८) | १० (२.७६) | ७१ (८.६९) | १३० (१५.४२) | १४ (६.११) | ९९ (१६.६९) | ९४ (२०.२६) | १४८ (१७.८७) | ९५ (२८.४४) | ३७ (८.४१) |
| ८. | सामाजिक द्वन्द्वका कारण जीवनयापन गरिरहेका | ५५ (०.९५) | १ (०.२९) | ० | ० | १ (०.२८) | १६ (१.९१) | २ (०.७५) | ० | १ (०.१६) | २७ (१४.२१) | ० | ४ (१.२८) | ० | २ (०.९४) | १ (०.३८) |
| ९. | द्वन्द्वका कारण विस्थापित परिवार सङ्ख्या | ३७ (०.६६) | २ (०.५८) | ० | ० | ० | २१ (२.५१) | १ (०.३७) | ० | ० | ११ (५.७९) | ० | २ (०.६४) | ० | ० | ० |
| १०. | महिला घरमूली भएको परिवार सङ्ख्या | ५१७ (९.२०) | १५ (४.३५) | ४३ (१०.३६) | १७ (६.२०) | ३० (८.५०) | १०३ (१२.२९) | ४२ (१५.७३) | ७६ (१५.७३) | ६४ (१०.४९) | १५ (७.८९) | २५ (७.७६) | २२ (७.०५) | २९ (५.१३) | १९ (८.९२) | १७ (६.३० |
| ११. | दलित परिवार सङ्ख्या | ६६६ (११.८६) | ३१ (८.९९) | ९४ (२२.६५) | ३ (१.०९) | ६ (१.७०) | १५३ (१८.२६) | ४२ (१५.४३) | ४७ (७.२६) | १०२ (१६.७२) | ७० (३६.८४) | ५ (१.५५) | ३६ (११.५४) | १८ (३.१९) | १४ (६.५७) | ४५ (१६.९२) |
| १२. | जनजाति र पिछडिएको वर्गमा पर्ने परिवार सङ्ख्या | ८३४ (१४.८५) | ८७ (२५.२२) | ३६ (८.६७) | १ (०.३६) | ११ (३.१२) | १९८ (२३.६३) | ४१ (१५.३६) | ३७ (५.७२) | १५४ (२५.२५) | ४७ (२४.७४) | ४० (१२.४२) | ६१ (१९.५५) | ३४ (६.०२) | १७ (७.९८) | ७० (२६.३२) |
| १३. | अल्पसंख्यक परिवार सङ्ख्या | ६९४ (१२.३६) | २९ (८.४१) | ६७ (१६.१४) | १ (०.३६) | ७ (१.९८) | १४३ (१७.०६) | ६७ (२५.०९) | ७९ (१२.२१) | ४५ (७.३८) | ३४ (१७.८९) | २० (६.२१) | ८२ (२६.२८) | ३८ (६.७३) | १२ (५.६३) | ७० (२६.३२) |

***स्रोतः*** १. राष्ट्रिय जनगणना, २०५८ ।

२. शहरी गरिबी न्यूनीकरण अभियान घरधुरी सर्वेक्षण २०६२, कलैया नगरपालिका ।

३. निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं, २०६३ ।

### ४.३.२ उमेर तथा लिङ्गको आधारमा कलैया नगरपालिकाको जनसङ्ख्या विवरण

कलैया नगरपालिकाको जनसङ्ख्या विवरण हेर्दा लगभग आधाजसो भाग महिलाको सङ्ख्याले ओगटेको पाइन्छ । सो कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं. ४.२**

**कलैया न.पा. को उमेरगत तथा लिङ्गअनुसार जनसङ्ख्या**

| लिङ्ग | ०-४ सम्म | ५-९ सम्म | १०-१४ सम्म | १५-१९ सम्म | २०-२४ सम्म | २५-२९ सम्म | ३०-३४ सम्म | ३५-३९ सम्म | ४०-४४ सम्म | ४५-४९ सम्म | ५०-५४ सम्म | ५५-५९ सम्म | ६०-६४ सम्म | ६५-६९ सम्म | ७०-७४ सम्म | ७५ देखि माथि सम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २,०५५ | २,३५५ | २,१९९ | १,७२६ | १,४९४ | १,३५१ | १,१७५ | १,०३१ | ८७६ | ७८८ | ६२० | ४५९ | ३७४ | २०८ | १५१ | १६३ | १७,०२५ |
| महिला | १,९५५ | २,१६२ | १,८२४ | १,४५३ | १,४१० | १,३१७ | १,०४७ | ९८९ | ७४२ | ६७१ | ५०१ | ३२७ | ३०९ | २१२ | १६० | १५६ | १५२३५ |
| जम्मा | ४,०१० | ४,५१७ | ४,०२३ | ३,१७९ | २,९०४ | २,६६८ | २,२२२ | २,०२० | १,६१८ | १,४५९ | १,१२१ | ७८६ | ६८३ | ४२० | ३११ | ३१९ | ३२,२६० |

***स्रोत*** : **बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १०६ ।

उक्त तालिकाको आधारमा ५ देखि ९ वर्षसम्मको जनसङ्ख्या सबैभन्दा बढी पाइन्छ । ५० देखि ५४ वर्षको उमेरदेखि जनसङ्ख्या घट्दै गएको छ भने ७५ वर्षभन्दा माथिको जनसङ्ख्या ३१९ मात्र रहेको छ ।

### ४.३.३ जातिगत जनसङ्ख्या विवरण

कलैया नगरपालिकामा विभिन्न जातजाति अवस्थित भएको कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं. ४.३**

**कलैया न.पा. को जातिगत जनसङ्ख्या विवरण**

| जाति | मुस्लिम | ब्राहमण (पहाडी | कानु | यादव | कलवार | धानुक | कुर्मी | तेली | कोइरी | सोनार | चमार | क्षेत्री |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | ६,२२९ | २,९०४ | २,४६७ | २,३९७ | १,९०८ | १,८२४ | १,६७८ | १,४३० | १,३५३ | १,०३० | ९९३ | ६६८ |
| जाति | बनिया | नेवार | लोहार | हजाम | कायस्थ | दुसाध | थारू | मारवाडी | संन्यासी | ब्राह्मण (तराई) | कहार | कुमाल |
| सङ्ख्या | ६५२ | ५८३ | ५२५ | ४४९ | ४३७ | ३८८ | ३५७ | ३३७ | २८७ | २७७ | २५१ | २२१ |
| जाति | मलाह | राजपुत | बढई | माली | भोटे | पहिचान नभएको | सार्की | कुम्हार | सुरी | मगर | केवट | तत्मा |
| सङ्ख्या | २११ | २१० | १५९ | १४१ | १३५ | १२४ | १२० | ८८ | ८६ | ७६ | ७३ | ६८ |
| जाति | ठकुरी | तामाङ | डोम | चिडिमार | बंगाली | हलुवाई | शेर्पा | सन्याल | कामी | वानर | हल्खोर | पहिचान नभएको दलित |
| सङ्ख्या | ६१ | ६० | ४३ | ३७ | ३६ | ३५ | ३४ | २६ | २१ | २१ | २१ | २१ |
| जाति | भेडिहर | गुरुङ | धोबी | दराई | राई | लिम्बु | नारङ | नुनिया | अन्य | जम्मा | - | - |
| जनसङ्ख्या | १४ | १३ | १३ | ९ | ७ | ६ | ५ | २२६ | १५ | ३,२२६० | - | - |

***स्रोत :*** **बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १४५ ।

बारा जिल्लामा विभिन्न जातजातिको बसोबास रहेको छ । कलैया नगरपालिकामा करिब ५६ जात रहेको छ । जसमा सबैभन्दा बढी मुस्लिम जाति ६,२२९ र सबैभन्दा कम नारङ जाति ५ मात्र रहेका छन् । उक्त कुरा निम्न तालिकाबाट प्रस्ट हुन्छ ।

### ४.३.४ मातृभाषागत जनसङ्ख्या विवरण

कलैया नगरपालिकामा विभिन्न भाषा प्रयोग गर्ने जनताहरू बसोबास गर्छन् भन्ने कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं. ४.४**
**कलैया न.पा. को मातृभाषागत जनसङ्ख्या विवरण**

| सि.नं. | मातृभाषा | जनसङ्ख्या |
|---|---|---|
| १. | भोजपुरी | २६,०५० |
| २. | नेपाली | ४,५९१ |
| ३. | मैथिली | ३४६ |
| ४. | नेवारी | ३१३ |
| ५. | उर्दू | २३१ |
| ६. | मारवाडी | १९६ |
| ७. | हिन्दी | ११९ |
| ८. | थारू | १०२ |
| ९. | तामाङ | ४० |
| १०. | बङ्गाली | २१ |
| ११. | अन्य | २५१ |
| | **जम्मा :** | **३२,२६०** |

***स्रोत*** : **बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १६० ।

कलैया नगरपालिकामा सबैभन्दा बढी अर्थात् ७२.५ प्रतिशत भोजपुरी भाषा बोल्ने गर्दछन् र अन्य भाषामा नेपाली, थारू, तामाङ, शेर्पा, थकाली आदि छन् । कलैया नगरपालिकामा उपर्युक्त तालिका अनुरूपका मातृभाषा बोलिन्छ ।

### ४.३.५ आर्थिक आधारमा जनसङ्ख्या विवरण

दस वर्षदेखि माथिका ११,०५३ महिलामध्ये १६९४ आर्थिक रूपले सक्रिय र ९,३५९ महिला आर्थिक रूपले निष्क्रिय देखिन्छ । आर्थिक क्षेत्रमा पुरुषको पहुँच राम्रो पाइन्छ ।

**तालिका नं. ४.५**

**आर्थिक आधारमा जनसङ्ख्या विवरण**

| कुल सङ्ख्या | | | आर्थिक रूपले सक्रिय | | | आर्थिक रूपले निष्क्रिय | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| २३,६१६ | ११,०५३ | १२,५६३ | ९,९१३ | १,६९४ | ८,२१९ | १३,७०३ | ९,३५९ | ४,३४४ |

***स्रोत :* बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १२८ ।

### ४.३.६ शिक्षाका आधारमा जनसङ्ख्या विवरण

शिक्षाका आधारमा जनसङ्ख्या विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.६**

**शिक्षित जनसङ्ख्या विवरण**

| | जम्मा | | पढ्न लेख्न नजान्ने | | | पढ्न जान्ने | | | पढ्न लेख्न जान्न | | | थाहा छैन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| २७,०५९ | १२,७११ | १४,३४९ | १०,५६४ | ६,५९० | ३,९७४ | १,१६८ | ६९६ | ४७२ | १५,०३५ | ५,३४१ | ९,६९३ | २९३ | ८३ | २१० |

***स्रोत :* बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १२१ ।

उपर्युक्त तथ्याङ्कअनुसार छ वर्ष माथिका जम्मा १९,३०१ महिलामध्ये १२,७११ पढ्न लेख्न जान्ने र ६,५९० महिला पढ्न लेख्न नजान्ने छन् ।

### ४.३.७ स्थानीय राजनीति र संघ-संस्थामा महिला सहभागिता

कलैया न.पा. मा मात्र २ प्रतिशत महिला स्थानीय राजनीतिमा सहभागी छन्, नीति निर्माण प्रक्रियामा महिलाको सङ्ख्या नगण्य छ । यस्ता पदहरूमा पुरुषहरूको पहुँच भएको देखिन्छ ।

## ४.४ अमलेखगंज गाउँ विकास समितिको परिचय

नेपालको इतिहासमा अमलेखगंज गा.वि.स. को ऐतिहासिक महत्त्व छ। यो गा.वि.स. चुरे पहाडको काखमा बसेको छ । यस गा.वि.स. को पूर्वमा रतनपुरी, गा.वि.स. पश्चिममा पर्सा वन्यजन्तु आरक्षणको मध्यवर्ती क्षेत्र, दक्षिणमा पिपरा सिमरा र उत्तरमा मकवानपुरको रातोमाटो गा.वि.स. र ६ वटा वडाहरू पिपरा सिमराबाट अलग्याएर अमलेखगंज गा.वि.स. को स्थापना २०३२/०३३ मा भएको हो । ऐतिहासिक पृष्ठलाई पल्टाउँदा तत्कालीन शासनकाल, राणाकालमा

भारतमा कम्पनी सरकारको समयमा भारतको रक्सौलबाट यहाँसम्म सामान भित्र्याउने र यहाँबाट काठपात लग्ने काम गरिन्थ्यो । पछि चन्द्र शमशेरको शासनकालमा १९७७ मा सतीप्रथा र १९८१ मा दासप्रथा उन्मूलन गर्दा साहुमहाजनबाट छुटकारा पाएका व्यक्तिहरूलाई यस क्षेत्रमा ल्याएर बसाइयो र यसको नाउँ भिक्षाखोरी राखियो । पछि यसको नाम अमलेखगंज हुन गयो । चन्द्र शमशेरले दास प्रथा उन्मूलन गरी अमलेख (स्वतन्त्र) गरिएको करिया दासहरूलाई बसोबास गराएको हुँदा यसको नाम अमलेखजंग रहन गएको हो । यसको २ कि.मी. पश्चिममा प्रसिद्ध ऐतिहासिक कमिनी दह रहेको र ५ कि.मी. उत्तरमा चुरियामाईको मन्दिर रहेको छ ।

### ४.४.१ लिङ्ग र उमेरको आधारमा जनसङ्ख्या विवरण

अमलेखगंजको जनसङ्ख्या विवरण हेर्दा लगभग आधाजसो भाग महिलाको सङ्ख्याले ओगटेको पाइन्छ । सो कुरा तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं. ४.७**

**अमलेखगंज गा.वि.स. को लिङ्ग र उमेरको आधारमा जनसङ्ख्या विवरण**

| लिङ्ग | जनसङ्ख्या विवरण | | | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५+ | |
| महिला | ३४२ | ३९८ | ४३१ | ३३५ | २५४ | २१२ | १७३ | १८४ | १५४ | १३२ | ९४ | ७१ | ४४ | ३७ | २२ | २५ | २९०८ |
| पुरुष | ३३० | ३६५ | ४२० | ३४२ | २६२ | २२४ | २१३ | १५८ | १३४ | ९३ | ७३ | ५२ | ४५ | ३८ | २६ | १४ | २७८९ |
| **जम्मा:** | **६७२** | **७६३** | **८५१** | **६७७** | **५१६** | **४३६** | **३८६** | **३४२** | **२८८** | **२२५** | **१६७** | **१२३** | **८९** | **७५** | **४८** | **३९** | **५,६९७** |

***स्रोत:*** **बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १०२ ।

उमेरको आधारमा अमलेखगंज गा.वि.स. मा महिला र पुरुष २५-२९ वर्षसम्म बराबरीको स्थिति छ र सोभन्दा माथि महिलाको सङ्ख्या बढी पाइन्छ । ६०-६४ वर्षको उमेरदेखिको जनसङ्ख्या क्रमिक रूपमा घट्दो छ ।

### ४.४.२ जातिगत जनसङ्ख्या विवरण

अमलेखगंज गा.वि.स. मा ३२ जातजातिको बसोबास भएको पाइन्छ जसमा सबैभन्दा बढी तामाङ २,५८२ र सबैभन्दा कम यादव, मधेसी, ब्राह्मण, कायस्थ र मलाह पाँच मात्र छन् । यो तामाङ जातिको बोलवाला भएको क्षेत्र हो भन्ने कुरा निम्न तालिकाबाट प्रस्ट हुन्छ :

**तालिका नं. ४.८**

**अमलेखगंज गा.वि.स. को जातिगत जनसङ्ख्या विवरण**

| **जाति** | **तामाङ** | **ब्राह्मण (पहाड)** | **क्षेत्री** | **मगर** | **नेवार** | **गुरुङ** | **कामी** | **कानू** | **ठकुरी** | **मुसलमान** | **कामी** | **दमाई** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | २५८२ | ६०९ | ५९८ | ३८१ | ३२० | २०५ | १८३ | १५५ | १५० | ८९ | ८९ | ५४ |
| जाति | शेर्पा | बानिया | भुजेल | संन्यासी | लोहार | माझी | राई | थारू | हलुवाई | हजाम | सुनुवार | कुम्हार |
| जनसङ्ख्या | ३५ | ३० | २५ | २३ | १९ | १५ | १४ | १३ | १३ | १० | ९ | ६ |
| जाति | धोवी | चेपाङ | राजपुत | बरई | यादव | ब्राह्मण (तराई) | मलाह | कायस्थ | अन्य | **जम्मा : ५,६९७** | | |
| जनसङ्ख्या | ६ | ६ | ६ | ६ | ५ | ५ | ५ | ५ | २६ | | | |

***स्रोतः* बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १३१ ।

### ४.४.३ मातृभाषागत जनसङ्ख्या विवरण

अमलेखगंज गा.वि.स. मा विभिन्न समुदायको आ-आफ्नो मातृभाषा बोल्ने गर्दछन् भन्ने कुरा निम्न तालिकाबाट प्रस्ट हुन्छ :

**तालिका नं. ४.९**

**मातृभाषागत जनसङ्ख्या विवरण**

| **मातृभाषा** | **नेपाली** | **तामाङ** | **भोजपुरी** | **नेवारी** | **उर्दू** | **गुरुङ** | **मैथिली** | **मगर** | **हिन्दी** | **अन्य** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जनसङ्ख्या | २,९७४ | २,२४० | २२७ | ५३ | ५१ | ४३ | १२ | १२ | १० | ७५ | ५,६९७ |

***स्रोतः* बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १५८ ।

अमलेखगंजको गा.वि.स. मा नेपाली भाषा बोल्नेहरूको सङ्ख्या सबभन्दा बढी छ । त्यसपछि तामाङ भाषा बोल्नेहरू पर्दछन् भने हिन्दी भाषा बोल्ने सबभन्दा कम छन् ।

### ४.४.४ आर्थिक रूपमा जनसङ्ख्या विवरण

अमलेखगंजको गा.वि.स. मा आर्थिक रूपबाट सक्रिय २२१६ र २१३९ निष्क्रिय छन् भन्ने तथ्याङ्क सो कुराको जानकारी तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका नं. ४.१०**

**आर्थिक आधारमा जनसङ्ख्या विवरण**

| **कुल सङ्ख्या** | | | **आर्थिक रूपले सक्रिय** | | | **आर्थिक रूपले निष्क्रिय** | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** | **जम्मा** | **महिला** | **पुरुष** |
| ४४०५ | २१७५ | २२३० | २२१६ | ६४७ | १५७० | २१३९ | १५२९ | ६६० |

***स्रोतः* बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १२७ ।

### ४.४.५ शिक्षाका आधारमा जनसङ्ख्या विवरण

अमलेखगंजको गा.वि.स. मा शिक्षाको क्षेत्रमा पढ्न-लेख्न जान्ने २९४३ र अशिक्षित १,९८० तथा जवाफ दिन नचाहने २४ जना छन् । सो कुरा तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.११**

**शिक्षाको अवस्था**

| | जम्मा | | पढ्न लेख्न नजान्ने | | | पढ्न जान्ने | | | पढ्न लेख्न जान्ने | | | थाहा छैन | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| ४,९४७ | २,४०५ | २,५४२ | १,९८० | १,२५४ | ७२६ | २११ | ५१ | १६० | २,७३२ | १,०९३ | १,६३९ | २४ | ७ | १७ |

***स्रोतः* बारा जिल्ला पार्श्वचित्र**. बारा : जिल्ला विकास समिति, २०६०, पृ. १२० ।

यस क्षेत्रमा पहाडी मूलका जनसङ्ख्या बढी भएकोले शिक्षा क्षेत्रमा विशेष जागरुक भएको अवस्था पाइन्छ ।

## ४.५ महिलाहरू माओवादी सशस्त्र द्वन्द्वमा सहभागी हुनुका कारणहरू

पितृसत्ता शोषण दमनको सबैभन्दा पुरानो लामो संरचना हो । यसले बदलिएको आर्थिक राजनीतिक संरचनाअनुसार नयाँ-नयाँ स्वरूपमा ढालेर आफूलाई मजबुत बनाउँदै आएको छ । सामन्तवादी संरचनामा पितृसत्ता एउटा स्वरूपको हुन्छ भने पुँजीवादी संरचनामा अर्कै स्वरूपको हुन्छ । आर्थिक-राजनीतिक संरचना परिवर्तनका साथै सत्ताको अवस्थामा परिवर्तन आउँछ । करिब १० हजार वर्षदेखि मानव जाति समाजमा व्यवस्थित रूपमा बस्न थालेको हो । आदिम साम्यवादी युगमा सबै मानिसको सबै सम्पत्ति, सबै महिलाको सबै पुरुष र सबै पुरुषको सबै महिलाको अवस्था थियो । सन्तान प्रजनन गर्ने वर्ग महिलाको उच्च सामाजिक मर्यादा हुन्थ्यो, बालबच्चाको हेरचार, नियन्त्रण र निर्देशन आमाबाट हुन्थ्यो । आदिम समाजले मातृगोत्रको आधारमा मातृ सत्तात्मक संरचनालाई जन्म दियो । क्रमिक विकासको आधारमा समाजमा धन उत्पन्न गर्ने क्षमताको विकासबाट समाजमा 'तेरो र मेरो' अर्थात् निजी सम्पत्तिको अवधारणा ल्यायो । निजी सम्पत्तिको विकासको साथै यसलाई संरक्षण दिने पारिवारिक संरचनामा महिला र पुरुष सम्बन्धमा पुरुष मालिक बन्न पुगे भने त्यसलाई सुरक्षा र व्यवस्थापन गर्ने, सम्पत्ति र सन्तान हेर्ने सम्पत्तिहीन

महिलाहरू दासी बन्न पुगे ।[७] यही समयबाट पितृसत्तात्मक प्रणालीको जग बस्यो । पितृसत्तात्मक संरचनाको आधारमा महिला पुरुषबीचको सम्बन्ध कार्यमा भएको हो । आर्थिक-राजनीतिक संरचना बदल्यो भने पितृसत्ता समाप्त हुन्छ ।[८] पितृसत्तात्मकको उदय सम्पूर्ण महिलाविरुद्ध हिंसाको मूल कारक तत्त्व हो । महिलाविरुद्ध हिंसा पितृसत्तात्मक दमनको सबैभन्दा बलियो साधन पनि हो र पितृसत्तालाई जीवन्त राख्ने सञ्जीवनी पनि हो । तसर्थ महिलाविरुद्ध हुने सम्पूर्ण हिंसा, लैङ्गिक विभेद पितृसत्तात्मक सोचबाट उत्पन्न भएका परिणामहरू हुन् । कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. का महिलाहरू माआवादी सशस्त्र द्वन्द्वमा सहभागी हुनुको मूल कारणहरू के हुन् भन्ने सन्दर्भमा प्रश्नहरू राख्दा प्राप्त जनधारणालाई परिशिष्ट ३ मा दिइएको छ ।

### ४.५.१ महिलासम्बन्धी सामाजिक विभेदहरू

नेपालको राजनीतिमा लैङ्गिक विभेद र महिलाहरूमाथि हुने घरेलु हिंसाहरू सर्वाधिक चर्चाका विषय हुन् । सदियौँदेखि नेपाली महिला समुदाय दमन र उत्पीडनको जाँतोमा पिसिँदै आएका छन् । प्रजातन्त्रको पुनर्स्थापनापछि पनि नेपाली महिलाहरूको सामाजिक स्थितिमा खासै परिवर्तन आएको देखिन्न । राजनीतिक दल र राज्य पक्षबाट पनि महिलाहरूको हक, हित र अधिकारहरूलाई बेवास्ता गरिएको पाइन्छ । यसै सन्दर्भ सोधिएको एक प्रश्नको जवाफमा कलैंया र अमलेखगंजमा समान प्रतिक्रिया प्राप्त भयो । दुवै ठाउँमा महिलाहरूमाथि विभेद भएको कारण महिलाहरूको स्थिति दयनीय बन्दै गएको अवस्थाप्रति उत्तरदाताहरूले सहमति जनाए । यसलाई तलको स्तम्भ चित्रमा देखाइएको छ ।


---

[७] हिसिला यमी र बाबुराम भट्टराई, "के महिलाहरू शारीरिक रूपले नै कमजोर हुन्", **मार्क्सवाद र महिला मुक्ति,** (काठमाडौं : टु लाइन पब्लिकेशन प्रा.लि., २०५७), पृ. ३ ।

[८] **ऐजन**, पृ. १३ ।

**स्तम्भ चित्र नं. ४.१**

**सामाजिक विभेदप्रतिको धारणा**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

कलैयामा सर्वसाधारण उत्तरदातातर्फ ७५.८ प्रतिशतले सहमति, ८.१ प्रतिशतले असहमति र १६.१ प्रतिशत आंशिक सहमति जनाए भने विशिष्ट उत्तरदातामध्ये ७५.५ प्रतिशतले सहमति, ९.६ प्रतिशतले असहमति र १४.९ प्रतिशतले आंशिक सहमति जनाए । अमलेखगंजमा पनि सो मुद्दामा यस्तै प्रतिक्रिया रह्यो । यहाँको सर्वसाधारण उत्तरदातामध्ये ७८.८ प्रतिशतले लैङ्गिक विभेद भएको कुरासँग सहमति जनाए भने ८.८ प्रतिशतले असहमति तथा १२.४ प्रतिशतले आंशिक सहमति जनाए । विशिष्ट उत्तरदाताहरू यस मुद्दातर्फ बढी संवेदनशील देखिएको पाइयो । विशिष्ट उत्तरदातामध्ये ८२.५ प्रतिशतले लैङ्गिक विभेद भएको कुरासँग सहमति जनाए, ५ प्रतिशतले मात्र असहमति जनाए भने १२.५ प्रतिशतले आंशिक सहमति जनाए ।

नेपालमा लैङ्गिक विभेद भएको कुरा पुष्टि गर्ने थुप्रै प्रमाणहरू छन् । महिलाको स्थितिलाई सङ्केत गर्ने स्वास्थ्य, शिक्षा, रोजगारी, साक्षरता, बालविवाह, महिलाविरुद्ध हुने

अपराध र हिंसात्मक घटनाहरू लिनुपर्ने हुन्छ । परिवारमा महिला र बालिकालाई गरिने उपेक्षा र असमानतापूर्ण व्यवहारले नेपालमा महिला र बालिकाको मृत्युदर पुरुष र बालकको तुलनामा ज्यादा छ ।"[९] सरकारी उपेक्षा, असुरक्षाको अवस्था, परिवारको सदस्यको हत्या र दमनको प्रतिशोध, महिलामाथिको सामाजिक तथा सांस्कृतिक उत्पीडन र भेदभावबाट मुक्तिको चाहनाजस्ता कारणले महिलालाई विद्रोहमा सामेल हुन उत्प्रेरित गऱ्यो । साथै माओवादी पार्टीसँग भएको हतियारको ताकतले पनि उनीहरूलाई आकर्षित गऱ्यो ।[१०]

दाइजो र तिलक महिलाहरूको मृत्युको कारण बनेर महिलाको वरिपरि घुमिरहेको छ । दाइजो प्रथाले महिलाको बाँच्न पाउने अधिकार हनन गर्दै छ । दाइजो प्रथाको कारण घरेलु हिंसा, महिला भ्रूणहत्या, जलाइदिने, ज्यान मार्ने, शिक्षाबाट वञ्चित हुनु पर्नेजस्ता चुनौतीका सामना गर्नु पर्छ । दाइजो, तिलक प्रथा, ज्यान लिने विकृत परम्परा विशेष गरी तराईको मधेसी मूलमा देखा पर्छ । छोरी जन्मी ऋण बोकाई भन्ने प्रचलन तराईमा देखा पर्छ । त्यसकारण ऋण बोक्नुभन्दा छोरीलाई जन्मिनै नदिने बेस भन्ने अवधारणा विकास भएकै कारण नजन्मँदै महिला हिंसाको कथा सुरु हुन्छ । गर्भमा रहेको शिशुको लिङ्ग पहिचान गर्ने विधिको कारण हालसम्म १६ करोड गर्भस्थ महिलाले धर्ती देख्न नपाउनुको कारण बनेको छ ।[११] यो सङ्ख्या निरन्तर बढ्दै जाने हो भने छोरा जन्माउने महिला नै हुने छैन । तराईका जिल्लाहरूमा दाइजोको कारण शारीरिक तथा मानसिक यातनादेखि ज्यानसम्म गुमाउनु पर्ने महिलाहरूको सङ्ख्या बढदो छ । दाइजो नल्याएको निहुँमा महिला अशिक्षितभन्दा शिक्षित परिवार यस्ता समस्याबाट बढी ग्रसित भएको पाइन्छ । शिक्षित परिवारलाई दाइजोको मानसिकताले ग्रस्त बनाएको छ । छोरालाई अंश छोरीलाई दाइजोको रूपमा दिने केही धनले छोरी आत्मनिर्भर बनोस्, आफ्नो आवश्यकता टार्न सकोस्, नयाँ ठाउँमा कसै सामु हात थाप्न नपरोस् भन्ने उद्देश्यले चलाएको परम्पराबाट यो प्रथा सुरु भएको हो । बारा पर्सौनी ७ का हृदयनारायण साहकी चेलीले दाइजोको कारण ज्यान गुमाउनु परेको छ । जि.प्र.का. बारामा २०६७-०६८ को तथ्याङ्कअनुसार दाइजोको कारणबाट भएको दुई विवाद प्रहरी कार्यालयमा दर्ता भएको छ भने इज्जत मुद्दामामिला भयको कारण दर्ता नभएका थुप्रै घरेलु हिंसाहरू छन् । हालसम्म

---

९ इन्सेक, **मानव अधिकार वर्ष पुस्तक -१९९७,** (काठमाडौं : इन्सेक, इ. १९९७), पृ. १०१ ।

१० मञ्जु थापा, "विद्रोहमा महिला," **अस्मिता, महिला, शान्ति र पुनर्सरचना-२०६३** (काठमाडौ : अस्मिता, २०६३), पृ. ७४ ।

११ नवराज अधिकारी, "नजन्मदै सुरु हुने महिला हिंसाको कथा", **पर्सा** (राष्ट्रिय दैनिक), (२०६८ भाद्र २९), पृ. २ ।

पनि घरेलु हिंसा ऐनअन्तर्गतका मुद्दाहरू कारबाही प्रक्रिया अघि नबढाउँदै झगडियाहरू मिल्ने भएकोले अदालतसम्म नपुगेको प्रहरीको भनाइ छ ।[१२]

धेरैजसो महिला पहिले विकल्पको अभावमा दाइजोको कारण मृत्युवरण गर्थे तर अब "मर्ने नै हो भने किन कसैको नियन्त्रणमा रहेर कायरतापूर्ण मर्ने भन्ने" जवाफ महिलाहरूबाट आएको छ । दाइजोको पीडाबाट मुक्ति पाउन धेरै महिलाहरू माओवादी सङ्घर्षमा होमिएका छन् भन्ने कुरा माथिको चित्रबाट समेत प्रस्ट भएको छ । सामाजिक व्यवहार सुधार ऐन २०३३ को ऐन नं. ३१ को धारा ३, ४, २१ सम्ममा दाइजो दिने लिने दुवै पक्षलाई दण्डनीय मानेको छ । तर दाइजो लिए दिएबापत कसैलाई आजसम्म कारबाही भएको देखिँदैन ।[१३] दाइजोको नाममा महिलाहरू जलिरहेका छन् भने राज्यले कानमा तेल हालेर बसेको छ । यदि होइन भने मधेशमा राजनीति नगरेकाहरूले त गरेनन् गरेनन्, दाइजोको समस्या थाहा पाएका तराई केन्द्रित राजनीति गरेका दलहरूले यसबारे बोलेका छैनन् ।[१४] अधिवक्ता तथा सभासद् पुष्पा भुसालका अनुसार कानुन आयो तर यसलाई प्रथा र परम्पराको रूपमा मान्यता दिँदै आयो । सामाजिक विकृति महिलाविरुद्धको घरेलु हिंसा हो भन्ने धारणा विकसित हुन सकेन ।[१५]

ने.क.पा. (माओवादी) ले आफ्ना गतिविधि बढाउने क्रममा जातीय प्रभुत्व एवं विभेद, धार्मिक अन्धविश्वास, सामाजिक शोषणको रूपमा चलिआएको देवकी, झुमा, कुमारी, छाउपडी, बादी, छुवाछुत, रूढिवादी संस्कार र घुम्टो प्रथाजस्ता कुरीतिहरू निर्मूल गर्ने घोषणा गरेबाट सामाजिक रूपले विभेदित महिला आन्दोलनप्रति आकर्षित भएको ठम्याइन्छ । जातजाति, धर्म, संस्कृतिजस्ता कारणले आफूलाई अपहेलित र उपेक्षित महसुस गर्ने वर्ग, समुदाय र तप्काका महिलाहरू माओवादी सङ्घर्षमा हेलिँदै गए । जातीय, साम्प्रदायिक र क्षेत्रीयताका आधारमा ४९.६५ प्रतिशतले पीडित राष्ट्रिय समुदाय (तिब्बती, बर्मेली र मधेसी) माओवादी द्वन्द्वमा करिब ७० प्रतिशत छन् । जसमा मगर, तामाङ, कामी र गुरुङहरू छन् ।[१६] ३८.३३ प्रतिशत

---

[१२] जिल्ला प्रहरी कार्यालय, बारा, २०६८ ।

[१३] नेपाल राजपत्र, **सामाजिक व्यवहार सुधार ऐन–२०३३**, (काठमाडौँ : नेपाल राजपत्र, श्री ५ को सरकार, २०३३/ ७/ ४) ।

[१४] शान्ता बस्नेत, "दाइजोका कुसंस्कार", **गोरखापत्र,** (२०६८।५।२), पृ. ७ ।

[१५] **ऐजन** ।

[१६] मीना वैद्य मल्ल, **पोलिटिकल सोसियलाइजेशन अफ वुइमिन इन नेपाल**, (दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २०११), पृ. ६१ ।

ब्राह्मण तथा क्षेत्री, नेवार र दलित ७.३२ प्रतिशत महिलाहरूलाई माओवादी सङ्घर्षले तान्न सफल भएका छन् । यो आन्दोलनले पीडित राष्ट्रिय समुदाय र सामाजिक रूपले निराश दलितहरूका ५० प्रतिशतभन्दा बढी महिलाहरू तान्न सफल भएको छ ।[१७] बारा जिल्लामा पहाडे मूलका ५ र मधेसी मूलका २२ गरी जम्मा २७ जातका ५,९१२ दलित जनसङ्ख्या छन् । कलैया नगरपालिकामा महिला १,६०७ र पुरुष १,६९८ जम्मा ३,३०५ जनसङ्ख्या छ । अमलेखगंजमा महिला १३५ र पुरुष १२८ जम्मा २६३ दलित वर्गको जनसङ्ख्या छ ।[१८]

हजारौँ महिलाहरू देहव्यापारका लागि बेचिन्थे । रेस्टुरेन्ट, डान्सबार, मसाज पार्लरमा बेचिनेजस्ता महिला शोषणहरू कुरीतिहरू समाजमा झाँगिदै थियो । बारा जिल्लामा करिब ३० महिला पर्सा जिल्लाको होटेल र रेस्टुरेन्टमा देह व्यापार गर्ने महिलाहरू पाइएका छन् ।[१९] देहव्यापार गर्ने महिलाहरू गृहनगरभन्दा बाहिरको क्षेत्रमा गएर यी व्यापार गर्ने गरेको कुरा जानकारीमा आएको छ । महिला मनोरञ्जनका साधन, बच्चा जन्माउने यन्त्र, पुरुषको दास, चुलोचौकोसम्म सीमित हुनेजस्ता अवमूल्यन गर्ने गरेको पाइएको छ । सम्पत्तिबाट वञ्चित गरिएको छ । नेपालको सन्दर्भमा महिला शक्तिहीन, गरीब तथा विपन्न जनता सामाजिक बहिष्कारका विभिन्न स्वरूपका सिकार भएका छन् । उदारीकरण र निजीकरण प्रक्रियाले भूमिमाथि महिलाको अधिकार सुरक्षित गर्न थप चुनौती थुपारेको छ । महिलाहरूले बहिष्करण मुख्यतः विषम शक्ति सम्बन्धमा आधारित सामाजिक आर्थिक राजनीतिक तथा सांस्कृतिक विभेदको अभिव्यक्ति हो ।[२०]

हिरा शर्माका अनुसार २०६७-०६८ मा ३३ जना महिला घरेलु हिंसाका सिकार भएका छन्, २६ जना बलात्कार, ५ जना महिलाको विभिन्न तरिकाले ज्यान लिइएको छ भने १९ जना बेचबिखन भएका छन् । अन्य कारणमा ७३ जना महिला कुटिएका छन् । ११ जना महिलालाई बोक्सीको आरोपमा यातना दिइएको छ । सन् २०१० महिला हिंसाविरुद्धको वर्षको रूपमा सञ्चालन गरेपछि समाजमा महिलामाथि हुने जघन्य अपराध र हिंसाका

---

[१७] हिसिला यमी, “माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि”, **नेपालको जनयुद्धमा महिला,** भाष्कर गौतम र अन्य (सम्पा.), (काठमाडौँ : मार्टिन चौतारी, २०६४), पृ. २२७-२८ ।

[१८] जिल्ला विकास समिति, **दलित इन बारा**, (बारा : जिल्ला विकास समितिको कार्यालय, जिल्ला सूचना तथा अभिलेख केन्द्र, २०६४), पृ. १८ ।

[१९] विद्यार्थी जागरण मञ्च, पर्सा, देह व्यापारमा लागेका महिला प्रोफाइल, २०६८ ।

[२०] विष्णुराज उप्रेती र अन्य (सम्पा.), **नेपालमा भूमि राजनीतिक र द्वन्द्व**, (काठमाडौँ : हाइडल प्रेस प्रा.लि., २०६६), पृ. १३७ ।

घटनामा कमी आएको कुरा महिला तथा बालबालिका कार्यालयका अधिकृत दुर्गा भण्डारी (बराल) बताउनु हुन्छ ।[२१] धनकुमारी सुनारको लेखअनुसार २०६७/०६८ मा महिलामाथि हुने एकहजारवटा हिंसाका घटना भएका छन् । जसमा घरेलु हिंसा ८४८, यौन हिंसा ४३२, मानव बेचबिखनको घटना १०४ रहेको छ ।[२२]

त्यसैगरी बारा जिल्ला प्रहरी कार्यालय, २०६६/०६७ को तथ्याङ्कअनुसार घरेलु हिंसा ३०, जबरजस्ती करणी सङ्ख्या- १, जबरजस्ती करणी उद्योग- १, बहुविवाह सङ्ख्या- २, मानव बेचबिखन तथा ओसारपसार- २ बोक्सीको आरोपमा- २ र घरेलु हिंसाको सङ्ख्या- ५, २०६७-०६८ को तथ्याङ्कअनुसार घरेलु हिंसाका सङ्ख्या- १०५, जबरजस्ती करणी सङ्ख्या- १, जबरजस्ती करणी उद्योग- १, अप्राकृतिक मैथुनकरणी- २, बहुविवाह- २, बोक्सीको आरोप- १, गर्भपतन सङ्ख्या- १, दाइजोका कारणबाट भएको विवाद- २ जस्ता घरेलु हिंसाका उदाहरणहरू पाइन्छन् ।[२३] घरेलु हिंसाको सङ्ख्या बढ्दो छ । यो स्थिति माओवादी सशस्त्र सङ्घर्षको अवधि (२०५२-२०६२) मा पूर्ववत् थियो ।

संयुक्त राष्ट्रसङ्घको साधारण सभाले २० डिसेम्बर १९९३ मा पारित गरेको महिला विरुद्धको हिंसा उन्मूलनसम्बन्धी घोषणापत्रअनुसार "महिला विरुद्धको हिंसा" भन्नाले सार्वजनिक निजी जीवनमा लिङ्गको आधारमा हुने हिंसाजन्य कार्य हो जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुऱ्याउँछ वा पुऱ्याउने सम्भावना हुन्छ जसअन्तर्गत त्यस्तो कार्यले गर्ने धम्की, दबाब र स्वेच्छाचारी रूपमा महिलाको स्वतन्त्रतामा बन्देज लगाउँछ ।[२४]

यस्ता घरेलु हिंसाको अन्याय तथा पीडाबाट सुरक्षितको अनुभूति राज्यले दिलाउन नसक्दा कतिपय पीडित महिलाहरूको दुःखेको घाउमा मलहम लगाउने कार्य माओवादीले गरेको थियो । यी पिडाबाट उन्मुक्ति पाउनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट महिलाहरू माओवादी सशस्त्र सङ्घर्षमा होमिएका थिए ।

---

[२१] बरगाछी समाचारदाता, "महिला हिंसाका घटनामा कमी", **गोरखापत्र,** (२०६८/५/६), पृ. १२ ।

[२२] धनकुमारी सुनार, "राष्ट्रिय महिला आयोग अधिकार सम्पन्न हुनै पर्छ", **गोरखापत्र,** (२०६८/५/१५), पृ. ७ ।

[२३] जिल्ला प्रहरी कार्यालय, बाराको प्रतिवेदन, (२०४६/५/६-२०६८/४/१२) ।

[२४] युनिफेम, **घरेलु हिंसा र कसुर र सजाय ऐन, २०६६ सम्बन्धी जानकारी पत्र**, (काठमाडौं : युनिफेम, २०६६), पृ. १ ।

### ४.५.२ कानुनी तथा संवैधानिक प्रावधानमा विभेद

आज विश्वभरि नै महिलाहरू विभेदका सिकार बनेका छन् । केवल मात्रा र गाम्भीर्य फरक हुन सक्छ । पितृसत्तात्मक र परम्परावादी विभेदकारी मूल्य मान्यताको व्यवस्था र व्यवहार आदि विद्यमान छन् । महिला सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक तथा बहुआयामिक रूपमा विभेदित छन् । यस्ता पितृसत्तात्मक विभेदकारी संरचना, सामाजिक संस्कार आदिले महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा शक्ति-संरचनामा पुरुषसँगको प्रतिष्पर्धामा निकै पछाडि परेका छन् । नेपाल अधिराज्यको संविधान २०४७ को व्यवस्था मुताबिक सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । संविधानको भाग ३ को मौलिक हकको दफा ११ को उपदफा १ मा कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने अवधारणा स्थापित गरिएको छ । उपदफा ३ मा महिला, बालक, वृद्ध वा शारीरिक मानसिक रूपले अशक्त व्यक्ति, आर्थिक सामाजिक, शैक्षिक दृष्टिकोणबाट पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्या गर्न सकिने छ[२५] भन्ने प्रावधान हुँदाहुँदै पनि महिला विभेद विरुद्ध दर्जनौं कानुन विद्यमान थिए र छन् पनि । अन्तर्राष्ट्रिय सन्धिहरू, संविधानको मूल मर्म र प्रावधानविपरीत हालसम्म पनि खारेजी संशोधन गरिनु पर्ने मूल जिम्मेवारीबाट सांसदहरू विमुख बन्न पुगेका छन् । सम्पत्तिको अधिकार, श्रम ज्यालादारी आदिका कारण महिलाहरू दोस्रो दर्जाका नागरिकसरह रहेको गाम्भीर्यलाई मध्यनजर राखी महिला विरुद्धका कानुन, ऐन र नियमहरू परिवर्तन गरिनु पर्ने थियो । जटिल प्रशासनिक प्रक्रिया, न्यायिक प्रक्रियामा चेतनाको अभाव, न्यायिक क्षेत्रमा महिलाहरूको सहभागिताको अभाव तथा अधिकारबाट वञ्चित रहनु पर्ने भएकोले महिलाहरूको राजनीतिक, सामाजिक, सांस्कृतिक एवं संवैधानिक अधिकारहरू प्रभावकारी बन्न नसकेको, महिला विरुद्ध हुने सबै खाले भेदभाव अन्त्य गर्ने, महासन्धिले सुनिश्चित गरेका अधिकारलाई राष्ट्रिय कानुनमा समावेश नगरेको तथा आवश्यक संयन्त्रको निर्माण गर्ने कार्य नहुनाले उत्पीडित महिलाहरूले यी अधिकार प्राप्तिको बाटो माओवादी सशस्त्र सङ्घर्षमा महिलाहरू प्रवेश गरेका हुन् ।

यसै सन्दर्भमा कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. का जनताबाट उनीहरूको अभिव्यक्ति लिइएको छ । महिलाविरुद्ध विभेदकारी कानुनी तथा संवैधानिक


---

[२५] श्री ५ को सरकार, **नेपाल अधिराज्यको संविधान-२०४७,** (काठमाडौं : श्री कानुन किताब व्यवस्था समिति, २०४७), पृ. ६ ।

प्रावधानको कारण महिलाहरू माओवादी सङ्घर्षमा सहभागी भएका हुन् भन्ने प्रश्नमा कलैयाका सर्वसाधारण तर्फबाट ९१.४ प्रतिशत सहमति, ५.९ प्रतिशतले आंशिक सहमति र २.७ प्रतिशतले असहमति जनाए भने विशिष्टतर्फ ८५.१ प्रतिशत सहमति १२.८ प्रतिशतले आंशिक सहमति र २.१ प्रतिशतले असहमति जनाए । सोहीअनुसार अमलेखगंज गा.वि.स. मा साधारणतर्फ ९१.२ प्रतिशतले सहमति, ५ प्रतिशतले आंशिक सहमति र ३.८ प्रतिशतले असहमति जनाए र विशिष्टतर्फ ८७.५ प्रतिशतले सहमति, ७.५ प्रतिशतले आंशिक सहमति र ५ प्रतिशतले असहमति जनाए ।

**स्तम्भचित्र नं. ४.२**

**महिला विरुद्ध विभेदकारी कानुन तथा संवैधानिक प्रावधान**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रअनुसार कलैया न.पा. र अमलेखगंज गा.वि.स का स्थानीय जनतामा यो प्रश्न राख्दा धेरैजसोले सहमति जनाएका छन् भने न्यूनतम असहमति जनाएका छन् । महिला विरुद्ध सबै किसिमका विभेद उन्मूलन विषयक महासन्धि (CEDAW) ले देशको पूर्ण विकासको लागि सबै क्षेत्रका पुरुषसरह महिलाहरूको जीवनस्तर उकास्न "सकारात्मक विभेद" को सहारा लिएर महिला अधिकारको पक्षपोषण गरेको छ । महासन्धिका प्रावधान, उपायहरूको अवलम्बन गरेको छैन । सम्पत्तिको अधिकार, विधवा विवाहमा प्रतिबन्ध, पारपाचुके प्रथाको कमी र पैतृक सम्पत्तिमा अधिकारको कमी छ । महिला समानता तथा प्रतिष्ठासँग सम्बन्धित थुप्रै कानुनी अड्चन एवं सामाजिक, सांस्कृतिक तथा धार्मिक

विभेदको निर्मूलन हुन सकेको छैन । धेरैजसो पुरुषहरू आफू सर्वेसर्वा भएकोले नारीको प्रगति भन्यो कि तर्सन्छन् र ती विरोध गर्नेहरू पनि तिनैमध्ये हुन् जसले आइमाईलाई खेलौनाको रूप सम्झेर अनेक अत्याचार गरेका र दुःख दिएका छन् ।[२६] बारा जिल्लामा बाल विवाह, तिलक, दहेज (दाइजो) प्रथाको कारण महिलाहरूलाई जिउँदै जलाउने, हत्या गर्नेजस्ता अपराधहरू यथावत छन् । तर तिलक लिने-दिनेले कुनै किसिमको कारबाहीमा परेका छैनन् । यस्ता प्रथाको सम्बन्धमा गुम्सिएको र निसासिएको आवाज आउँछ तर त्यसको खुलेर विरोध हुन सकेको छैन । त्यसैगरी पैतृक सम्पत्तिको सवाल होस् वा सन्तान प्रजननको स्वेच्छासम्बन्धी अधिकारबाट वञ्चित छन् । श्रीमान्ले भनेजस्तो बच्चा जन्माउनु पर्ने हुन्छ । छोराको चाहनामा गर्भमा नै नजन्मँदै हत्या गर्ने परिपाटी कायमै छ । तर विरोध गर्ने हक छैन । विरोध गर्ने अधिकारको कुरै नगरौं छोरा जन्माउन नसक्दा घरबाट निकालिदिने, पत्नीलाई छोड्ने, अर्को बिहे गर्नेजस्ता विकृति कायमै छ तर महिलाको मुखमा ताला लगाउने कार्य यथावत् छ ।

आफ्नो समस्याहरू छिटो समाधान भएको देखेर सोझासाझा महिलाहरू उनीहरूप्रति आकर्षित हुनु स्वाभाविक हो । यस सन्दर्भमा कलैयाका सर्वसाधारण र विशिष्टहरूमाझ प्रश्न राख्दा सहमति, असहमति र आंशिक सहमतिका उत्तर पाइएको छ । कलैयाका सर्वसाधारणले यस प्रश्नको उत्तरमा ७६.३ प्रतिशतले सहमति १८.३ प्रतिशतले आंशिक सहमति र ५.४ ले असहमति जनाए । विशिष्टतर्फ ८४.१ प्रतिशतले सहमति, ५.३ प्रतिशतले आंशिक सहमति र १०.६ प्रतिशतले असहमति जनाए । सोही सवाल अमलेखगंजका सर्वसाधारणतर्फ क्रमशः १५ प्रतिशत, २५ प्रतिशत, ६० प्रतिशतले सहमति, आंशिक सहमति र असहमति जनाए । सो सवाल विशिष्टतर्फ सोही अनुरूपको उत्तर पाइएको छ । अर्थात् क्रमशः सहमति, आंशिक सहमति र असहमति २० प्रतिशत, १० प्रतिशत र ७० प्रतिशतले उत्तर दिए ।

### ४.५.३ सुरक्षाकर्मीको दुर्व्यवहार

राज्य दमन र दमनको पराकाष्ठा नाघेपछि कतिपय महिलाहरू आन्दोलित भएका हुन् । माओवादी द्वन्द्व दबाउने क्रममा राज्यद्वारा गरेको उत्पीडन, दमन र अत्याचारले महिलाहरू आन्दोलित बनाउन आगोमा घिउ थपेजस्तै भयो । महिला विद्रोहमा लाग्ने एउटा यो महत्त्वपूर्ण कारण हो । राज्यको दमन बढ्दै गए पुरुषहरू पलायन हुने थाले । पुरुषको


---

[२६] अस्मिता, **विधान र आइमाई**, (काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, २०६६), पृ. ३० ।

अनुपस्थितिमा एकल महिलाहरूमाथि झनै ज्यादती हुन थाल्यो । यी ज्यादतीबाट उम्कन महिलाहरू आन्दोलित भए र माओवादी द्वन्द्व चर्काउन मलजलको काम गर्‍यो । राज्य दमन र ज्यादती माओवादी द्वन्द्वको कारण मान्ने अभिमत तलको स्तम्भचित्रमा देखाइएको छ ।

**स्तम्भचित्र नं. ४.३**

**सुरक्षाकर्मीको दृष्टिकोण**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

यसै प्रसङ्गमा सोधिएको प्रश्नको उत्तरमा कलैयाका सर्वसाधारण उत्तरदातामध्ये ५५.३ प्रतिशतले सहमति, २३.२ प्रतिशतले आंशिक सहमति र २१.५ ले असहमति प्रकट गरे । विशिष्ट उत्तरदातासँग सोधिएको प्रश्नमा ८६.२ प्रतिशतले सहमति, १०.७ प्रतिशतले आंशिक सहमति र ३.१ प्रतिशतले असहमति जनाए । यसै प्रसङ्मा अमलेखगंजतर्फका सर्वसाधारण उत्तरदातामध्ये क्रमशः ७७.५ प्रतिशत, १३.८ प्रतिशत र ८.७ प्रतिशतले सहमति र आंशिक सहमति र असहमति जनाए । अमलेखगंजतर्फका क्रमशः ५७.५ प्रतिशत, २७.५ प्रतिशत, १५ प्रतिशतले सहमति, आंशिक सहमति र असहमति जनाए ।

माओवादी खोज्ने बहानामा राज्यद्वारा कार्यान्वयन गरेको यातना, दमनबाट सबैभन्दा बढी प्रभावित महिला वर्ग हुन् । घर-घरमा पसी महिलाहरूलाई हप्कीदप्की गरी, सन्त्रास फैलाउने, मानसिक यातना दिने यौन दुर्व्यवहार, बलात्कारजस्ता जघन्य क्रियाकलाप गर्न छाडेनन् । घरभित्रै असुरक्षा महसुस गरेपछि महिलाहरूले मर्ने र मार्नेको नीति रोज्न थाले । अर्कोतर्फ माओवादी नीति, आन्दोलनमा सरिक गराउने, मुक्ति दिलाउने, सशक्तीकरण हुने,

सुरक्षित हुने, काम पाउने, यावत् कारणले गर्दा महिलाहरू सुरक्षित र सशक्तताका लागि माओवादी आन्दोलनलाई चर्काउनमा सहयोगी भए ।

कलैया नगरपालिकाकी ज्वाला साहको अनुभव जिउँदो प्रमाणको रूपमा लिन सकिन्छ- "पिता एमालेका सक्रिय नेता थिए । जीवनको सम्पूर्ण कमाइ सर्वस्व पार्टी स्वार्थको लागि गुमाए तर उनको कुनै मूल्याङ्कन भएको थिएन । दलबाट परिवारका सदस्य निराश भइसकेका थिए ।" यसको फाइदा उठायो माओवादी रणनीतिले यी विद्यालयकी सानी नानीको मनमा राज्य र दलप्रति घृणाको बीजारोपण गरे । ज्वाला साह माओवादी पार्टीप्रति समर्पित भइन् । ज्वाला साह माओवादीमा संलग्न भएपश्चात् उसको घर-परिवारमाथि प्रहरीको ज्यादती र दमन कार्य सुरु भएको हो । उनको भाइको भनाइ अनुसार :

> मेरो बिहे गरी दुलही भित्र्याइएको थियो । भाइको बिहेमा ज्वाला आउँछिन् भन्ने विश्वासमा साथ सुरक्षाकर्मी बिहे गृहमा प्रवेश गरेर ताण्डव नृत्य गर्न थाले । घुम्टो प्रथाको परम्परा भएको समाजमा नयाँ दुलहीको घुम्टो उघार्नु भनेको धेरै ठूलो अपराध हो । नयाँ दुलहीको घुम्टो उघार्न समेत छोडेनन् । यस्तो परिस्थितिमा बुबाले ज्वाला हाम्रो छोरी होइन ज्वाला यहाँ छैन । तिमीहरू फर्क । ज्वालालाई मार, काट हामीलाई मतलब छैन भन्ने जवाफ दिएर पठाएका थिए ।[२७]

माओवादी योजनाअनुसार महिलाहरू दिन प्रतिदिन जनयुद्धमा लामबद्ध हुँदै गए । यस्ता सरकारी दमन तीव्र हुँदै गएपछि किशोरी तथा युवती सेना र प्रहरीको दमन र बलात्कारको सिकार बन्नु पर्ने त्रासका कारण लडेर मर्ने उद्देश्य लिएर जनयुद्धमा होमिए । सदरमुकाम वा सेना प्रहरी भएको ठाउँमा जाँच दिन जान नसक्दा र जाँच दिन जाँदा कैयन किशोरीहरू सुरक्षादलको सिकार पनि भए ।

त्यसैगरी केही महिलाहरूले आत्मनिर्भरता, छोराछोरी पालनपोषण, शिक्षादीक्षाको लागि होटेल चलाएर बसेकोमा सधैंजसो उनीहरूलाई शारीरिक-मानसिक यातना दिने दिनचर्या बनाएका थिए । यसरी समाजमा स्वतन्त्र रूपमा ज्यान धान्न मुस्किल भएको गुनासो समेत त्यहाँका केही पीडित महिलाहरूले आफ्नो दुःखेसो पोखेका छन् । सुरक्षाकर्मीको यस्ता दुर्व्यवहारको कोपभाजन हुनुभन्दा माओवादीमा लाग्नु उचित ठहऱ्याई माओवादी द्वन्द्वलाई अपनाउने महिलाहरू भेटिए ।

[२७] जोशी शाह (कलैया) सँग मिति २०६८/५/२२ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा ।

### ४.५.४ राज्य संयन्त्रमा महिला सहभागिताको अभाव

महिला परिवार, समाजको एउटा एकाइ हो । समाज र राष्ट्रको विकासको लागि महिलाहरूको विकास अनिवार्य छ । हजारौँ वर्षदेखिको सामन्ती विचार र संस्कृतिले लादेको पुरुषप्रधान मानसिकतामा आधारित समाज व्यवस्था भएकाले नारीलाई पुरुषको निजी सम्पत्ति र दोस्रो दर्जाको पराधीन नागरिकको रूपमा लिने गरेको पाइन्छ जसको कारण पुरुषको इच्छा र अनुमतिविना महिला स्वतन्त्र रूपले कुन कार्यमा संलग्न हुन पाउँदिन । पितृसत्ताको वर्षौंदेखि प्रभाव मेटिन समय लाग्छ । केन्द्रका सीमित महिलाहरू बाहेक जिल्लाका महिलाहरू पार्टीगत राजनीतिमा महिलाहरू सक्रियता तथा संलग्नता प्रभावकारी नभई सामान्य खालको थियो र छ पनि । पार्टीको नेतृत्व तहमा महिला पुग्न सकिरहेका छैनन् । नीति निर्णय तय गर्ने स्थानमा महिलाको नगण्य उपस्थिति हुनाले पार्टीको र राज्यको बैठकहरूमा महिला सवालहरूले प्रमुख कार्यसूची (एजेण्डा) को रूपमा प्रवेश पाउन सकिरहेको छैन । सभा, जुलुसमा भीड देखाउन, झण्डा बोक्ने महिला सहभागिता खोज्ने परम्परा यथावत् छ । सामाजिक संरचनाअनुसार महिला क्रियाशीलतामा वृद्धि ल्याउन सजिलो छैन । राजनीतिक पृष्ठभूमि भएको परिवार र एकल महिलाहरू मात्र राजनीतिमा सक्रिय देखिए । राज्य संयन्त्रमा महिलाको अनिवार्य उपस्थितिको हकमा नेपाल अधिराज्यको संविधानअनुसार प्रत्येक दलले व्यवस्थापिकामा पाँच प्रतिशत, राष्ट्रिय सभामा तीनजना महिलाको व्यवस्था र स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकायको निर्वाचनमा २० प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । यसै सन्दर्भमा स्थलगत अध्ययन गर्दा जानकारी आएको तथ्य यस प्रकार छ : “हामीलाई घरको मालिकले हाम्रो नाम राखी दिएर यो ठाउँ (महिला गा.वि.स.) मा आएको हो बैठकबारे हामीलाई केही थाहा छैन । छ महिना, वर्ष दिनमा, कहिले कुनै महिनामा रजिष्ट्रर र कजरौटा (गाजलको भाँडो) लिएर आउँछन् बुढी औंलाको छाप लगाएर लग्छन् । अरू केही थाहा छैन ।”[२८] बैठक भत्ताको सन्दर्भमा प्रश्न गर्दा उनीहरू- “भत्ता सत्ता पाउने नपाउने थाहा छैन” मालिकहरू लिँदा होलान् हामीलाई पाउँदैन भन्छन् ।”

महिलाको सन्दर्भमा विचार गर्दा नेपालका कतिपय जातजाति र धार्मिक समुदाय, शिक्षित परिवारमा समेत पुरुष हैकम र पितृसत्ता मजबुत नै छ । त्यसैगरी राष्ट्रिय संरचना

---


[२८] सोनामती बैठासँग मिति २०६८/६/१४ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा ।

राजनीतिक दलहरूमा कोरम पुऱ्याउनका लागि महिलाहरूलाई "एक टुक्रा" दिएको जस्तो गरेको छ । राष्ट्रिय संयन्त्र र राजनीतिक दलहरूमा महिलाको स्थिति (हेर्नुस् अध्याय दुई र तीनमा दिइएको महिला स्थितिको तथ्याङ्क) छर्लङ्ग आँकलन गर्न सकिन्छ । बारा जिल्लाको विभिन्न राज्य संयन्त्र, राजनीतिक दलहरूमा महिला सहभागिताको स्थिति तथ्याङ्कले छर्लङ्ग पारेको छ । बारा जिल्लाको राज्य संयन्त्रमा जि.वि.स. मा जम्मा कर्मचारी ८५ छन् । जसमध्ये एक अधिकृतलगायत अन्य चार समेत ५ मात्र महिला कर्मचारीहरू छन् । जिल्ला प्रहरी कार्यालय कलैयामा १९९ मध्ये महिला कर्मचारी १५, अमलेखगंज प्रहरी कार्यालयमा जम्मा १७ कर्मचारीमध्ये महिला कर्मचारी एकजना पनि नभएको, जिल्ला अदालतमा ६३ जनामध्ये ६ महिला, प्रमुख जिल्ला अधिकारीको कार्यालयमा ३३ जनामध्ये ३ महिला कर्मचारी छन् । कलैया नगरपालिकामा जम्मा कर्मचारी ५८ मध्ये महिला कर्मचारी ५ जना छन् । सभासद ६ जना जसमध्ये समानुपातिकबाट महिलाहरू ३ जना, साथै एकजना महिला मन्त्री छ । कलैया उद्योग वाणिज्य संघमा ६ कर्मचारीमध्ये १ महिला, नेपाल बिटुमिन एण्ड बयारेल उद्योग अमलेखगंजमा ३७ जना कर्मचारीमध्ये ५ महिला र नारायणी प्लाष्टिक उद्योगमा १० जना पुरुष कर्मचारी मात्र छन् ।

यसै सन्दर्भमा कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. का सर्वसाधारण र विशिष्ट जनतामाझ राज्य संयन्त्र, राजनीतिक दलमा महिला संलग्नतासम्बन्धी प्रश्न राख्दा कलैयाका सर्वसाधारणबाट ८८.७ प्रतिशत, ७.५ प्रतिशतले आंशिक सहमति र ३.८ प्रतिशतले असहमति जनाए । सोही प्रश्न विशिष्टतर्फ राख्दा ८६.२ प्रतिशतले सहमति, ११.७ प्रतिशतले आंशिक सहमति र २.१ प्रतिशतले असहमति जनाएका छन् । सोही सम्बन्धमा अमलेखगंजका सर्वसाधारणलाई प्रश्न राख्दा ९० प्रतिशतले सहमति, ६.२ प्रतिशतले आंशिक सहमति र ३.८ प्रतिशतले असहमति जनाएका छन् र विशिष्टतर्फ ९० प्रतिशतले सहमति जनाए, ५ प्रतिशतले आंशिक सहमति र ५ प्रतिशतले असहमति जनाएको छ । यसलाई तल स्तम्भचित्रमा देखाइएको छ ।

**स्तम्भचित्र नं. ४.४**

**राज्य संयन्त्रमा महिला सहभागिता**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रको आधारमा कलैया र अमलेखगंज गा.वि.स. मा करिब उस्ताउस्तै परिणाम प्राप्त भएको छ । राज्य संयन्त्रमा महिला सहभागिता अति न्यून भएको तथ्य सर्वसाधारण र विशिष्ट अधिकांशले यो अनुभूति गरेका छन् ।

अढाई सय वर्षदेखि कायम राज्यको केन्द्रीकृत ढाँचा बदलेर एकाइ समितिसम्म सत्तालाई पु¥याउने नीति उद्देश्य लिएकोमा सङ्ख्यात्मक सहभागिता गराइयो तर गुणात्मक आधारमा नगण्य सहभागिताको आधार देखिन्छ । महिलालाई सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र नागरिकको रूपमा हेर्ने मान्यताको खाँचो देखिन्छ । महिलाको समस्यालाई राष्ट्रिय सरोकारको विषय बनाइएन । सरकार र पार्टीहरूमा महिला सहभागिता वृद्धि प्रतिबद्धताको बाबजुद अभाव, निर्णय तहमा महिला सहभागिता गराई महिला स्थिति सुदृढ गर्नुको साटो अपहेलित गर्ने, दोस्रो दर्जाको व्यवहार गर्ने, प्रजातन्त्रको सही सञ्चालन तथा विकासका लागि आवश्यक सन्तुलित तथा समतामूलक समाजको निर्माण हुन नसक्दा सो को खोजीमा माओवादी सशस्त्र सङ्घर्षलाई विकल्पको रूपमा रोजेको हो भन्ने लख काट्न सकिन्छ । यसै सन्दर्भमा राजनीतिक विचारक लेनिनका अनुसार- “राजनीतिमा महिलाहरूको सहभागिताविना जनसहभागिताको काम पूरा हुने छैनन् किनकि उनीहरू नै त्यस्ता आधा

जनता हुन्, जो दोहरो शोषणमा पिल्सिएका छन् ।"[२९] तसर्थ जनसहभागिता जुटाउन महिलालाई सहभागी बनाउनु पर्नेतर्फ ध्यान आकर्षित हुनु पर्छ । अन्यथा माउत्से तुङका अनुसार- "कोक्रो हल्काउने हातले संसार हल्काउन सक्छन् ।"[३०] महिला पुरुषसरह सबै क्षेत्रमा समान प्रतिस्पर्धी बन्न सक्ने हुन्छन् । कामको हिसाबले हेर्ने हो भने पुरुषभन्दा महिलाले सम्पादन गर्ने कामका मात्रा बढी छ । त्यसैले जबसम्म महिलालाई राज्यसत्तामा सहभागी र हिस्सेदार बनाइँदैन तबसम्म समुन्नत मुलुकको निर्माण हुन सक्दैन भन्ने सत्य तथ्य बिर्सिदिए । यसैको परिणामस्वरूप महिला आफ्नो हक अधिकारको खोजीको विकल्पमा सशस्त्र सङ्घर्षमा समर्पित हुन पुगे ।

### ४.५.५ महिलाद्वारा सम्मानित जीवन र स्वपहिचानको खोजी

सम्मानित जीवनको खोजी, मुक्तिको आकाङ्क्षा पालेका महिलाहरूले विद्रोहको बाटो रोजे । महिला जातिले अन्य मानवसरह सम्मानित स्वतन्त्र जीवनयापन गर्ने चाहना राख्नु आफैमा कुनै अपराध होइन । कमजोरीको दोस्रो नाम महिला अबला, नम्र स्वभाव, सहनशील, शान्तिका दूत भनेर अलग पहिचान भएका अबला नारी किन र कसरी हिंसाको बाटोमा अग्रसर भए भन्ने प्रश्न उठ्नु अस्वाभाविक होइन । माओवादी दलमा संलग्न भएको जानकारी राज्य पक्षलाई हुँदा सुरक्षाकर्मीबाट हुने दमन, यातना, गिरफ्तारी, हत्या, हिंसाजस्ता जोखिमहरूको सामना गर्नु पर्दथ्यो । साथै उसका परिवारले समेत राज्यसत्ताको दमन र यातनाको सामना गर्नु पर्दथ्यो । यसै सन्दर्भमा पुनः एकपटक घरभर्नी मण्डल (बबिता मण्डलकी आमा) को भनाइ यहाँ उद्धृत गरिएको छः

> छोरी बबिता माओवादीमा लागेकीले पुलिसकर्मीहरूले धेरै दुःख दिएका छन् । पेटी (बाकस) बरबिछौना उठाई उठाई हेर्ने, यत्र तत्र फाल्ने गर्दथे । बबिताले मलाई सधैँ सचेत गराउँथिन्- आमा पुलिसहरू आउँदा बहिनीहरूलाई बाहिर आउन नदिनू, कोठामा नै राख्नू, बोल्न नदिनू र पुलिसहरूलाई एक्लै नछोड्नू सँगसँगै हिँड्नु, किनभने पुलिसहरू हाम्रो हुँदैन । उनीहरूले आफैँले केही हातहतियार घरमा राखिदिएर हाम्रो नाम लगाउँछन् भन्ने शंका व्यक्त गर्दै सचेत गराउँथिन् ।[३१]

---

[२९] बियोन्ड बेइजिङ कमिटी, **बेइजिङ्ग घोषणापत्र तथा कार्यनीति**, (काठमाडौँ : बियोन्ड बेइजिङ कमिटी, २०५९), पृ. ८३ ।

[३०] **ऐजन** ।

[३१] बबिता मण्डलकी आमा घरभर्नी मण्डल (कलैया) सँग मिति २०६८/६/१४ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा ।

यसरी माओवादी कार्यकर्ताको घरमा गएर प्रहरी दमन नृत्य गर्दथे, तर पनि बबिता माओवादीप्रति आकर्षित थिइन् । त्यसैगरी भोजपुरा जिल्ला इन्चार्ज अन्जना विशंखे घरेलु शोषण, स्वतन्त्रता हननको कारण स्वतन्त्रतापूर्वक सम्भावित जीवनको खोजीमा माओवादीमा संलग्न भएको कुरा स्विकारेकी छिन्, उनको भनाइ :

"स्वतन्त्र, आत्मनिर्भर, ससम्मानित जीवन र स्वपहिचानको खोजीमा माओवादी दलमा म प्रवेश गरेकी छु ।" माओवादी पार्टीमा लाग्दा खतरा मोल्नुपर्ने हुँदा कुनै पश्चात्ताप लागेको छ कि भन्ने प्रश्नको उत्तरमा- "मलाई कुनै पछुतो लागेको छैन, म खुसी छु किन भने मैले स्वतन्त्रतापूर्वक आफ्नो अधिकारको प्रयोग गर्दै सम्मानित जीवनयापन गर्न पाएकी छु ।" अन्जना विशंखे (ने.क.पा. (माओवादी), बारा) का अनुसार कैयौँ महिलाहरूले तिनका श्रीमान् र परिवार विरुद्ध विद्रोह गरेर जनयुद्धको प्रक्रियामा हेलिए ।[३२] माओवादी अध्यक्ष प्रचण्डले रिमको प्रकाशन "अ वर्ल्ड टु विन" (२००१) लाई दिएको एक अन्तर्वार्तामा नेपाली समाजको वस्तुगत अवस्थाले सृजना गरेको विद्रोहको भावनालाई सही निकास दिने पार्टीको सही नीति नै आन्दोलनमा महिलाहरूको यति ठूलो सङ्ख्या संलग्न हुनुको उत्प्रेरक कारण हो भनेका छन् । उनले सर्वहारा वर्गले मात्र महिलाको क्षमतालाई बुझ्ने हुँदा उनीहरूले नै महिलालाई मुक्तिको बाटोमा सही ढङ्गले डोऱ्याउन सक्ने दाबी गरेका छन् । यही कारण आफ्नो पार्टीले सुरुदेखि नै महिला प्रश्नलाई क्रान्तिको भाग्य निर्धारण गर्ने एउटा निर्णायक सवालको रूपमा लिँदै आएको बताएका छन् । अधिकांश आकाश ओगटेका महिलाहरू सम्मानित जीवन बाँच्न चाहन्छन् ।

समाजमा परापूर्व कालदेखि महिलाको स्व-पहिचान थिएन । कहिले आमा, कहिले पत्नी, कहिले छोरी र कहिले बुहारीको नामबाट परिचय हुने गर्दथ्यो । समाजमा महिला वर्गलाई अनेकौँ नाम दिएर होच्याएको पाइन्छ । समाजमा महिला वर्गलाई खुट्टाको जुत्ता जस्तो व्यवहार गरिन्थ्यो । महिलालाई निम्न नामबाट सम्बोधन गरिन्छ :

महिला खुट्टाको जुत्ता
ढिलो पाए छोरा पाए
छोरी अर्काको नासो
छोरा पायो खसी
छोरी पायो फर्सी
छोरीको जन्म हारेको कर्म

[३२] अन्जना विशंखे सिमरासँग मिति २०६८/५/४ मा लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा ।

छोरा भयो संसार उज्यालो,
छोरी भए भान्छा उज्यालो
खुट्टा भए जुत्ता आउँछ
श्रीमती पाइतालाको धुलो[३३]

पहाडी क्षेत्र, पहाडी मूलमा भन्दा तराई क्षेत्र, मधेसी मूलमा स्व-पहिचान नभएको पाइन्छ । कलैयाको मधेसी मूलमा महिलाको स्व-पहिचान नभएको भन्ने धारणा राख्नेको सङ्ख्या बढी छ किनभने मधेसी मूलमा महिलाको आफ्नो पहिचान छैन । पुरुष मान्छे हो र महिला आफूलाई मान्छेको स्तरमा राख्दैनन् । श्रीमान्लाई मालिक भन्ने चलन छ भने महिला स्वतः नोकर हुने भयो । यसको तुलनामा अमलेखगंजमा पहाडी मूलका नागरिक बढी भएकोले यहाँको समाजमा महिलाप्रतिको धारणा कलैयाको भन्दा केही फरक भए तापनि समग्रमा महिलालाई दोस्रो दर्जाको रूपमा राखिएको छ । सन्तान प्रजनन गर्ने कार्य महिलाको हो तर छोरा पाउने कि छोरी पाउने निर्णय पुरुष र परिवारका अन्य सदस्यहरूले लिन्छन् । छोराको वंशानुक्रम पुरुषबाट पाउने हो । तर महिलाले छोरा नजन्माए पतिले अर्को विवाह गर्ने, घरबाट बाहिर निकाल्नेजस्ता अमानवीय कार्यको चपेटामा महिला पर्छन् । महिलाको खुट्टा महिलाले तान्छन् । छोराले दोस्रो विवाह गर्ने कार्यलाई सासूले समर्थन गर्छन् । यो मुद्दा तराईमा मधेसी मूलको जातिमा अझ बढी झाँगिएको पाइन्छ । छोरा नै पाउनु पर्ने, विवाहमा तिलक र दहेजको प्रथाले छोरीको बाँच्ने अधिकारसम्म हनन गरेको छ । गर्भमा छोरा छ भने स्याहार्ने, अल्ट्रा साउण्डबाट बच्चाको लिङ्ग निरीक्षण गरी छोरी छ भने भ्रूण तुहाउँछन् । छोरा नपाउने छोरी (गर्भवती महिला) कै हत्या गरिन्छ । त्यसैगरी बच्चाको नागरिकताको सम्बन्धमा बाबुको नामबाट दिने प्रावधान छ । यस विषयमा लामो वकालतीपश्चात् नागरिकता पाउने अधिकार प्रत्यायोजन गरे तापनि कतिपय क्षेत्रमा हालसम्म पति र पिताको नामबाट नागरिकता प्रदान गरेको पाइन्छ ।

स्वपहिचान तथा ससम्मानित जीवनको खोजीको लागि महिलाहरू माओवादी सशस्त्र सङ्घर्षप्रति आकर्षित भएका हुन् त भन्ने प्रश्न कलैया र अमलेखगंजका जनताबीच केलाउँदा यस किसिमको अभिव्यक्ति पाइएको छ । कलैयाका सर्वसाधारणबाट ७१.५ प्रतिशत सहमति, ११.३ प्रतिशत आंशिक सहमति र १७.२ प्रतिशत असहमति जनाए । विशिष्टतर्फ


---

[३३] वैद्य मल्ल, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १६, पृ. १०८ ।

५८.६ प्रतिशत सहमति, २६.६ आंशिक सहमति र १४.८ आंशिक असहमति जनाए । सोही प्रश्न अमलेखगंजका सर्वसाधारणमा राख्दा ८२.५ प्रतिशत सहमति, ७.५ आंशिक सहमति र १० प्रतिशत असहमति र विशिष्टतर्फ ६० प्रतिशत सहमति १७.५ प्रतिशत आंशिक सहमति र २२.५ प्रतिशतले असहमति जनाए ।

**स्तम्भचित्र नं. ४.५**

**सम्मानित जीवनको खोजीमा महिला अग्रसरता**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रअनुसार सर्वसाधारण र विशिष्ट व्यक्तिहरूबीच मतभिन्नता पाइएको छ । सर्वसाधारणतर्फ बढी सहमतिमा छन् भने कम मात्रले असहमति जनाएका छन् । माओवादी आन्दोलनमा महिला मुक्तिको सवाल एक कारण हो, परम्परागत सीमित भूमिका, समाजमा व्याप्त उत्पीडन र हीनताबोधबाट मुक्ति तथा सम्मानपूर्वक जीवनयापन र समान अधिकारको चाहना माओवादी आन्दोलनको कारण बन्न गयो । माओवादी सशस्त्र सङ्घर्षले नेपाली समाजमा सुषुप्त रहेका र बिस्तारै टुसाउँदै गरेका अनेकौं द्वन्द्व र अन्तर्विरोधहरूलाई प्रखरतासँग सतहमा ल्याइदिएको छ । ती अन्तर्विरोध आर्थिक वर्गहरूसित मात्र नभई जातजाति, क्षेत्र, धर्म, भाषा, लैङ्गिक पहिचान, शारीरिक अवस्था र पुस्तासँग सम्बन्धित छन् । द्वन्द्वले कुण्ठित भएको नेपाली आकाशमा सातथरी अन्तर्विरोधको स्पर्शनीय इन्द्रधनुषको उद्भव भएको छ । त्यस इन्द्रधनुषको एक प्रभावशाली रङ हुन्

महिला ।[३४] महिलालगायत दलित, जनजाति, मधेसी र क्षेत्रविशेषका बासिन्दाका सवाल, महिला सशक्तीकरण र ग्रामीण महिलाहरूलाई राजनीतिक रूपमा सशक्त बनाउनमा माओवादीहरूले अहम् भूमिका खेलेका छन् ।

### ४.५.६ माओवादीको महिला मुक्ति रणनीतिप्रतिको आकर्षण

क्रान्तिमा महिलाहरूको सहभागिताले समग्र क्रान्तिको सफलता र असफलताको निर्धारण गर्दछ भन्ने लेनिनवादी मान्यता नेपाली जनयुद्धमा वस्तुवादी र वैज्ञानिक साबित भएको छ ।[३५] प्रचण्डपथले सबभन्दा उत्पीडित जाति र समुदायलाई सुरुदेखि नै क्रान्तिको चेतना भरिदिएर युद्धमा सहभागी गराएको छ । प्रचण्डपथको विज्ञान त्यस्तो विज्ञान हो जसले उत्पीडनमा परेका वर्गको सुन्दर भविष्य निर्माण गर्न सक्छ । प्रचण्डपथको यही विज्ञानलाई आत्मसात गरी नेपालका महिलाहरू युद्धको अग्रिम मोर्चामा सहभागी हुन पुगेका छन् । यही विज्ञानलाई कलैया नगरपालिकाकी सहिद बबिता मण्डलले आत्मसात गरिन्, यद्यपि उनलाई सहिद घोषणा गरिएको छैन । बबिता मण्डलकी आमा ने.क.पा. (एमाले) प्रति समर्पित छिन् भने पिता संस्थानका कर्मचारी हुन् । स्व. बबिता मण्डल १० वर्षको उमेरदेखि विद्यालयीय साथीभाइको लहलहैमा लागेकी हुन् । उनले अन्य सबै राजनीतिक दललाई ‘चोरदल’ भन्ने गर्थिन् रे । आमा र छोरीबीच राजनीतिक बहस चल्थ्यो । आमाले छोरीलाई माओवादी पार्टी छोड् किनभने प्रहरीले धेरै दुःख दियो भन्ने क्रममा, “बाँचे तो शान से, मरे तो जान से” भन्ने गर्थिन्, म भगौडा होइन, हामी मरे राम्रो मर्छ, कुकुर बिरालोले राज्य गर्छ । माओत्से तुङका अनुसार “साहसी वीरहरू लड्ने गर्दछन् तर कायर डरछेरुवाहरू आत्मसमर्पण गर्दछन्[३६] भन्ने कुरालाई स्व. बबिताले आत्मसात गरेकी थिइन् । उनी भन्थिन्, “पार्टीको चक्रव्युहमा फसेँ धेरै अबेर भइसक्यो अब निस्कन सक्दिनँ ।” २०६० कार्तिक २९ गते भौजेरामपुरमा प्रहरी भिडन्तमा उनी मारिएकी हुन् । बबिता मण्डलकी आमाको भनाइअनुसार सुरक्षाकर्मीले घरमा खोजतलासको नाममा सामान यत्रतत्र फ्याँक्ने र घरका मान्छेलाई दुःख दिने गर्दथे । जति चरम उत्पीडनमा पर्दै जान्छन् उतिकै तीव्र घृणा र आक्रोशको ज्वाला बल्छ भनेझैँ बबिताको

---

[३४] थापा, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १०, पृ. १७ ।


[३५] कमला रोक्का, “जनमुक्ति सेनाभित्र महिला वीरङ्गनाहरूको इतिहास”, **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि**, भाष्कर गौतम र अन्य (सम्पा.), (काठमाडौं : मार्टिन चौतारी, २०६४), पृ. ३९० ।

[३६] **ऐजन**, पृ. ३८७ ।

मनमस्तिष्कमा राज्यप्रति चरम आक्रोश बढेको थियो । सदियौंदेखि उत्पीडनको सिकार बन्दै आएका नेपाली सशस्त्र सङ्घर्षमा हेलिएका हुन् । माओवादी रणनीतिका कारण महिलाहरू माओवादी सशस्त्र सङ्घर्षमा सहभागी भएका हुन् भन्ने प्रश्न राख्दा आएको उत्तर निम्न स्तम्भचित्रबाट प्रस्ट हुन्छ :

**स्तम्भचित्र नं. ४.६**

**माओवादीको महिला मुक्ति रणनीतिप्रति महिलाको आकर्षण**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रअनुसार माओवादी रणनीतिक कारण महिला माओवादी सशस्त्र द्वन्द्वमा सहभागी भएका हुन् भन्ने सवालमा कलैया न.पा. का सर्वसाधारणबाट २४.३ प्रतिशत सहमति, ३५ प्रतिशत आंशिक सहमति र ४०.७ प्रतिशतले असहमति जनाए । सोही प्रश्नमा विशिष्ट वर्गमा राख्दा २९.७ ले सहमति, २१.३ प्रतिशत आंशिक सहमति र ४९ प्रतिशतले असहमति जनाए । सोही सवाल अमलेखगंजका सर्वसाधारणमा राख्दा ५० प्रतिशत, ३१.२ प्रतिशत र १८.८ प्रतिशतले क्रमशः सहमति आंशिक सहमति र असहमति जनाए । विशिष्टतर्फ सोही प्रश्नमा ६० प्रतिशत २२.५ प्रतिशत र १७.५ प्रतिशतले क्रमशः सहमति, आंशिक सहमति र असहमति जनाए ।

समाजमा महिलाले दोस्रो दर्जाको हैसियत र उनीहरूमाथिको उत्पीडनको मूल जरो वर्गीय विभेदसँग गाँसिएको हुनाले महिलाको पूर्ण मुक्तिका लागि वर्गीय विभेदको अन्त्य

आवश्यक छ भन्ने कुरालाई महिलाहरूमाझ व्यापक प्रचारमा ल्याइयो । माओवादीकी केन्द्रीय सदस्य पम्फा भुसालअनुसार सशस्त्र सङ्घर्ष सुरु भएको १० महिनापछि बसेको पार्टी पोलिट ब्युरोको बैठकले जनयुद्धले वर्ग सङ्घर्षमा मात्र केन्द्रित नभई समाजका लागि जातीय, लैङ्गिक, सांस्कृतिक, क्षेत्रीय उत्पीडनजस्ता अन्तर्विरोधहरूलाई सम्बोधन गर्नु पर्ने निष्कर्ष निकालेको थियो । त्यही बैठकपश्चात् महिला मुक्ति आन्दोलन वर्गीय मुक्तिविना सम्भव नहुने कुरा महिलाहरूलाई बुझाउन विशेष पहल थालेपछि अत्यधिक महिलाहरू सशस्त्र सङ्घर्षमा सहभागी भएको उनको दाबी छ ।[३७]

### ४.५.७ रूढिवादी परम्पराबाट उन्मुक्ति पाउने अभिलाषा

नेपालको कानुनले बालविवाहलाई गैरकानुनी मानेको छ । विभिन्न उमेर समूहको वर्गीकरण आमाबाबुको सहमतिबाट हुने विवाहको लागि १८ वर्ष र आमाबाबुको सहमतिबिना २० वर्षको उमेर निर्धारण गरेको सहित कैद र जरिवानाको कानुनी व्यवस्था रहे पनि मध्यपश्चिम तथा तराईका जिल्लामा बालविवाह कायमै रहेको छ । बालविवाह गरेकाहरूमा भविष्यमा शारीरिक र मानसिक रूपले विक्षिप्त हुने, कतिपय अवस्थामा घरपरिवार भताभुङ्ग हुने गर्दछ । तर तराई जिल्लामा बालविवाह संस्कारलाई त्यस्ता घटनाले खासै असर पारेको देखिँदैन । कुरा कतिसम्म गम्भीर छ भने डोम जातिमा गर्भमा बच्चा रहँदा एक अर्कासँग जोडी बाँधी दिएमा धर्म लाग्छ भन्ने मान्यता रही आएको छ । अर्थात् जन्मनुअघि दुलहादुलही बनाइन्छ । यदि दुवैतर्फ एउटै लिङ्गको सन्तान जन्मेमा अन्यत्र जोडी बाँधिन्छ । २००१ मा १६ वर्ष मुनिका ३४ प्रतिशत, १५-१९ वर्षका केटीहरूको करीब ४० प्रतिशत बालविवाह भएको पाइन्छ ।[३८] १५-१९ वर्ष उमेरमा विवाह गर्ने ३५ प्रतिशत महिलाको दुईवटा बच्चा, ३० प्रतिशत महिलाको ३-४ बच्चा भएको पाइएको छ । तसर्थ महिलाहरूलाई ढिलो गरी गर्भाधान गर्ने विकल्प दिएको छैन ।[३९] अर्थात् छिट्टै गर्भ रहने, असुरक्षित प्रसूतिको कारण थुप्रै कलिला आमाहरू मर्ने असक्षमता आत्म निर्णयको क्षमताको कमीको कारण सजिलै दबाएर पुरुषले राख्छन् । शिक्षा अवसरबाट वञ्चित हुँदा कर्मको खेल भनेर चित्त बुझाउनु पर्ने स्थिति हुन्छ ।

---

[३७] मञ्जु थापा, “सम्मानित जीवनको खोजी, मुक्तिको आकाङ्क्षा र विद्रोहीको बाटो”, **महिला, शान्ति र पुनर्संरचना,** (काठमाडौँ : अस्मिता महिला प्रकाशन गृह, २०६३), पृ ८८।

[३८] बियोन्ड बेइजिङ कमिटी. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २९, पृ. ११६ ।


[३९] युनिसेफ, **सिचुएसन अफ चिल्ड्रेन एण्ड वुइमिन इन नेपाल-सन २००६**, (काठमाडौँ : युनिसेफ इ. २००६), पृ. ५१ ।

यद्यपि कानुनमा बालविवाह, बहुविवाह, अनमेल विवाहलाई गैरकानुनी घोषणा गरे तापनि यस्ता विवाहको विरुद्ध उजुरी थोरै मात्र पर्छन् । समाजका यी विकृतिबाट महिला पीडित हुनु पर्छ । बिग्रेको कर्म सपार्न धेरैजसो महिलाहरू माओवादी सशस्त्र द्वन्द्वमा सहभागी भएका देखिन्छन् । बहुविवाह गरेको निवेदन दिएमा माओवादीले जेठीलाई अंश दिएर छुट्याइदिन्छन् । श्रीमान् र कान्छी श्रीमतीलाई श्रम कैदमा लगाउँछन् । बहुविवाहको समस्या समाधान गर्न माओवादीले व्यावहारिक तथा कानुनी रूपमा निषेध गरेका छन् । यस्ता रणनीति र कानुनी पक्षको कारण यस्ता समस्याबाट पीडित महिला माओवादी सशस्त्र द्वन्द्वमा लागि परेका हुन् । कलैयामा आमाबाबुले सानैमा बिहे गरिदिए, लोग्नेले छोडिदियो, लोग्नेले कान्छी ल्याए, आफ्नो सहारा नभएकाले माओवादीमा लागेको भन्ने भनाइ खोजकर्तालाई सुनाइयो । त्यसैगरी महिलालाई बोक्सी प्रकरणमा मुछेर मलमूत्र खुवाइनेजस्ता अपमानबाट मुक्ति पाउन माओवादीमा लागिपरेका हुन् भन्ने भनाइ पनि आयो । यसै सन्दर्भमा कलैया तथा अमलेखगंजका साधारण तथा विशिष्ट व्यक्तिहरूमा यो सवाल राख्दा आएका उत्तर क्रमशः सहमति, आंशिक सहमति र असहमति १०.२ प्रतिशत, २५.३ प्रतिशत र ६४.५ प्रतिशत छ भने विशिष्टतर्फ सोही प्रश्नमा क्रमशः सहमति, आंशिक सहमति र असहमति ५८.५ प्रतिशत, २९.८ प्रतिशत र ११.७ प्रतिशत पाइयो ।

यसैगरी अमलेखगंजमा सोही सवाल राख्दा १८.८ प्रतिशत, १२.५ प्रतिशत र ६८.७ प्रतिशत पाइयो विशिष्टतर्फ कलैयाजस्तो फरक मत पाइयो । सहमति ६७.५ प्रतिशत, २० प्रतिशत आंशिक सहमति र १२.५ प्रतिशतले असहमति जनाए । सो तथ्य तलको स्तम्भ चित्रबाट प्रस्ट हुन्छ ।

**स्तम्भचित्र ४.७**

**रूढिवादी परम्पराबाट मुक्ति पाउने महिलाको अभिलाषा**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त स्तम्भचित्रअनुसार कलैया र अमलेखगंज दुवै क्षेत्रका सर्वसाधारणको अभिमत एकै किसिमको र विशिष्ट व्यक्तिहरूको अभिमत एकै किसिमको पाइएको छ । अर्थात् सर्वसाधारणअनुसार बालविवाह, बहुविवाह हुँदैमा दुःख पाइहाल्ने र माओवादी द्वन्द्वमा जानु पर्ने स्थिति छैन भनेका छन् भने विशिष्टतर्फ बालविवाहका कारणबाट पीडित महिलाहरू पनि माओवादी द्वन्द्वमा लागि परेका हुन् भन्ने अभिमत पाइयो ।

### ४.५.८ सुरक्षाकर्मीको ज्यादतीबाट मर्माहित महिला

माओवादी सशस्त्र सङ्घर्षमा महिला होमिनाका अन्य कारणहरूमध्ये आफन्तजनहरूलाई सुरक्षाकर्मीबाट भएको ज्यादतीको कारण सुरक्षाकर्मीसँग बदला लिने भावना एउटा प्रमुख कारण देखिन्छ । माओवादी आतङ्कलाई दबाउने नाममा आफन्तहरूमाथि राज्यले परेको जथाभावी दमन र अत्याचार महिलालाई विद्रोहमा लाग्न बाध्य पार्ने अर्को महत्त्वपूर्ण कारणहरू हो । माओवादी विद्रोह दबाउने नाममा राज्यपक्षले चलाएको यातना र दमनबाट सबैभन्दा बढी महिलाहरू प्रताडित भए । राज्य दमन बढ्दै गएपछि पुरुषहरू पलायन हुनु पऱ्यो । पलायन हुनेहरूको सङ्ख्या यति बढ्दै गयो कि

गाउँमा मलामी जाने पुरुष नै रहेनन् । पश्चिम पहाडी क्षेत्रमा एकजना पुरुष पनि छैन ।[४०] माओवादी खोज्ने नाममा राज्यका सुरक्षाकर्मीहरूले घर-घरमा पसेर महिला, वृद्ध, बालबालिकालाई हप्कीदप्की गर्ने, सरसमान फाल्ने, तोडफोड गर्ने, शारीरिक यातना, मानसिक त्रास, गिरफ्तारी, यौन दुर्व्यवहार, बलात्कारजस्ता जघन्य क्रियाकलाप गर्न थाले । यसरी त्रास, भय, असुरक्षित पिल्सिएर बाँच्नुभन्दा विकल्पको रूपमा मर्ने कि मार्ने अर्थात् माओवादी सशस्त्र सङ्घर्षमा होमिन थाले । माओवादी प्रभावित क्षेत्र विशेष गरी पश्चिमतिर माओवादी द्वन्द्व दबाउन राज्य पक्षले 'किलोसेरा टू अपरेशन' जस्ता विभिन्न अपरेशन सञ्चालनमा ल्याए । माओवादी प्रभावित क्षेत्रमा राज्य दमनले गर्दा महिलाहरू घरभित्र त्रसित भएर ज्यादतीका अगाडि झुक्नुभन्दा त्यसको विरुद्धमा लाग्ने दृढ निश्चय गरे ।

माओवादीमा लागेका माओवादी समर्थक भएका र माओवादीको आशङ्का गरिएका सर्वसाधारणलाई अपहरण, बेपत्ता, हत्या र हिंसाको प्रतिशोधमा पीडित महिलाहरू बदला लिन उठेका हुन् । यसरी दमनबाट छटपटिएका महिलाहरूलाई आफ्नो सङ्गठनप्रति आकर्षित गर्न सफल भयो । अर्कोतर्फ स्वयम् पीडित महिला माओवादीको शक्ति र हातहतियारबाट आकर्षित भएका हुन् । बारा जिल्लाका कतिपय महिला यस्ता प्रताडनाबाट प्रभावित भई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा माओवादी द्वन्द्वको समर्थन गरे भने कोही प्रत्यक्ष रूपमा लागे । बारा जिल्ला, मटिअर्वा गा.वि.स निवासी ड्राइवर रामईश्वर साहलाई २०५६ सालमा ट्रक गाडी समेत अपहरण गरी बेपत्ता बनाइयो । पिता अपहरणमा परेपछि जेठी छोरी पुष्पाञ्जलीको काँधमा सम्पूर्ण जिम्मेवारी पर्‍यो । परिवार अस्तव्यस्त भएका कारण बदलाको भावनाबाट उतप्रेरित भई माओवादीमा लागेको पाइयो ।

कलैयाका राज्य पक्षबाट पीडित पुष्पाञ्जलीको भनाइ रहेको छ : "पिता अपहरणमा परेपछि घरपरिवार धान्न र असुरक्षाको अनुभूतिका कारण माओवादी शक्तिबाट प्रभावित भएको र पिताको बदला लिने विकल्पको रूपमा माओवादी सशस्त्र सङ्घर्षमा गएको हो ।" हाल कलैयाको एस.ओ.डी.सी.सी. नामक गै.स.स. बाट युवा परिचालसम्बन्धी कार्यक्रमअन्तर्गत पुष्पाञ्जलीलाई मनोविमर्श सेवा प्रदान गरी सोही संस्थामा रोजगार दिएर राखेको छ । संस्थाका सहजकर्ता प्रकाशकुमार गुप्ताका अनुसार यो पुष्पाञ्जलीको

---


[४०] शोभा गौतम, "स्वेयर देयर आर नो मेनः वूमन इन दि माओईष्ट इन्स्योरजेन्सी इन नेपाल", **वुइमिन वार एण्ड पिस इन साउथ एसिया**, रीता मनचनदा (सम्पा.), (दिल्ली : सेज पब्लिकेशन्स प्रा.लि, इ. २००१), पृ. २१४ ।

सफलताको कथा हो । यसै विषयसँग सम्बन्धित सवाल कलैया र अमलेखगंजका स्थानीय जनता माझ राख्दा निम्नलिखित तथ्याङ्क पाइएको छ । कलैयाका साधारणतर्फ ५७ प्रतिशत सहमति, २६.९ आंशिक सहमति र १६.१ प्रतिशत असहमति र विशिष्टतर्फ ६३.९ सहमति, २१.२ आंशिक सहमति र १४.९ असहमति जनाए ।

सोही प्रश्नमा अमलेखगंजका साधारणतर्फ ३७.५ प्रतिशत सहमति, २५ प्रतिशत आंशिक सहमति र ३७.५ प्रतिशत असहमति जनाए । त्यसैगरी विशिष्टतर्फ ३७.५ प्रतिशत सहमति, ५० प्रतिशत आंशिक सहमति र १२.५ प्रतिशत असहमति जनाए ।

**स्तम्भचित्र नं. ४.८**

**सुरक्षाकर्मीको ज्यादतीबाट मर्माहित महिला**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रबाट कलैयातर्फ धेरैजसो जनता सहमति भएका छन् भने अमलेखगंजतर्फ सहमति, आंशिक सहमति र असहमति प्रायजसो उस्ताउस्तै आयो भने विशिष्टतर्फ सहमतिको सङ्ख्या बढी पाइन्छ । जहाँ वर्ग दुस्मनले भीषण दमन अभियान चलायो त्यहाँको जनसमुदाय सङ्घर्षको मैदानमा उत्रिएका थिए । कैयौं घटनाहरू छन् जसले हाम्रो मुटु नै छियाछिया पार्छन् भने घृणा र आक्रोशको ज्वाला नै दनदनी बल्न थाल्छ । ती हत्यारा र बलात्कारीहरूलाई पक्कै पनि एक दिन जनअदालतको कठघरामा उभ्याउने दिन आउने छन् ।[४१]

[४१] रोक्का, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ३५, पृ. ३८८ ।

माओवादी विद्रोह बढ्दै जाँदा राज्यको दमनको कारण पारिवारिक शोषणमा परेका थिए । कैयौं महिलाहरूले तिनका श्रीमान् र परिवार विरुद्ध विद्रोह गरे र माओवादी जनयुद्धमा होमिए । प्रहरी सेनाबाट हत्या गरेका पुरुषका श्रीमती, अभिभावक, दाजु-भाइ गुमाएका महिलाहरू आफन्तको हत्याको बदला लिन जनयुद्धमा सहभागी भए । जनयुद्धमा यसरी सहभागी बन्नेहरूमा विशेष गरी दलित एवं जनजाति समुदायबाट सहभागिता भएको छ । उत्पीडित समुदाय केन्द्रित माओवादीको रणनीतिले ती पीडित महिलाहरूको घाउमा मलहम लगाउने कार्य गऱ्यो । जनयुद्धमा संलग्न भएर दलित मोर्चाको संयोजक र संविधान सभाको सभासदसम्म बन्न सफल सन्तोषी विकको शब्दमा जनयुद्धले शोषितहरूलाई शासक बनाइ दिएको हो ।[४२] यसरी पारिवारिक शोषणमा परेका महिलाहरू प्रतिशोधको भावनाबाट उत्प्रेरित भई माओवादी युद्धमा सहभागी भएको पाइएको छ ।

### ४.५.९ बेरोजगारी र गरिबीबाट निराशा

माओवादी सशस्त्र सङ्घर्षको एउटा प्रमुख नारा पैतृक सम्पत्तिमाथि महिलाको पहुँच हो । "संसारको कुनै पनि वस्तु गतिशील भए जस्तै सम्पत्तिको रूप र स्वामित्व पनि परिवर्तनशील हुन्छ । आज हाम्रो समाजमा सम्पत्तिको जस्तो स्वरूप र प्रकृति छ, त्यो हिजोको वा पहिलेको ऐतिहासिक चरणमा थिए । त्यसैले भोलिको ऐतिहासिक चरणमा रूप र प्रकृति अर्कै प्रकारको हुनु अनिवार्य छ ।[४३] सम्पत्ति माथिको स्वरूपमा पुनः महिलाहरूको अधिकारको लागि माओवादीहरूले यो नारा अख्तियार गरेका हुन् ।

श्रम विभाजनको सामाजिक प्रणाली अनुरूप महिलाहरू प्रायजसो घरेलु र प्रत्यक्ष आर्थिक उपार्जन नहुने कार्यमा बढी समय खर्चिने गरेका छन्, जुन कामको राष्ट्रिय उत्पादन तथ्याङ्कमा समावेश भएको हुँदैन । उत्पादनको साधनहरूमा जसको पहुँच हुन्छ निर्णय शक्ति उसैको बढी हुन्छ । नेपाली महिलाहरूको उत्पादनका साधनहरूमाथि पहुँच कम छ, यसले गर्दा महिलाले जति धेरैको श्रम गरे तापनि त्यसको लेखजोखा र सम्पत्तिमा अधिकार पनि नहुने हुँदा नीति निर्माण र निर्णय-प्रक्रियामा महिलाको हात प्रायः रहेको पाइन्न । सम्पूर्ण जनसङ्ख्याको आधा भाग महिला सम्पत्तिबाट वञ्चित छन् । महिलाहरू स्वयम्मा

---

[४२] दीपक सापकोटा, **उथलपुथलका दश वर्ष** (रिपोर्ताज), (काठमाडौँ : क्रान्तिकारी पत्रकार सङ्घ, केन्द्रीय समिति, २०६६), पृ. ६६ ।

[४३] बाबुराम भट्टराई, "पैतृक सम्पत्तिमाथि महिलाहरूको समान अधिकारको प्रश्न," **मार्क्सवाद र महिलामुक्ति,** (काठमाडौँ : टु लाइन पब्लिकेशन प्रा.लि., २०६३), पृ. १६ ।

मानसिक हीनता र दुर्बलता पैदा गरिदिएको छ । हामी केही गर्दैनौं, घरगृहस्थी सम्हाल्छौँजस्ता हीनताबोध हुने जवाफ दिन्छन् । उनीहरूको व्यक्तित्व विकासमा अवरुद्ध भएको छ । कतिपय महिला एक्लै घर धान्ने, महिलामाथि पुरुष आश्रित हुने भएकोले महिलाहरूमा चरम गरिबी देखिन्छ । ज्यालामा विभेद, बसाइसराइ, बन्द कलकारखाना पनि महिला निर्भर घर खर्चको कारक तत्त्व हो । प्रत्यक्ष आयआर्जन नहुने काममा महिलाको सहभागिता ६३ प्रतिशत छ भने पुरुषको सहभागिता २३.९ प्रतिशत मात्र छ ।[४४]

"जबसम्म महिलाहरूलाई समाजमा पुरुषले पाएसरह आर्थिक अधिकार प्राप्त हुँदैन तबसम्म महिला मुक्तिका यावत् कुरा अर्थहीन गन्थन मात्र हुन्"[४५] भन्ने लु स्युनको अभिव्यक्तिलाई माओवादीका विभिन्न प्रमुख नाराहरूमध्ये एक प्रमुख नाराको रूपमा आत्मसात गरेको देखिन्छ । आर्थिक स्रोत र साधनमा महिलाहरूको पहुँच र स्वामित्वमा कमी छ । यसका विभिन्न कारणहरू छन्, जसमध्ये पहिलो प्रमुख कारण अर्थतन्त्रको बढी उत्पादनशील क्षेत्रमा महिलाहरूको सहभागिता कम छ । दोस्रो कारण कलकारखाना माओवादी द्वन्द्वका कारण बारा जिल्लाका प्रायजसो कलकारखाना बन्दको स्थिति रहेकोले धेरैजसो पुरुष बेरोजगार भए । पुरुषले बाह्य कार्य गर्ने र महिलाले घरगृहस्थी व्यवस्था गर्नु पर्दा आर्थिक चापको भार महिलामा बढी पर्छ । अर्कोतर्फ पुरुष घरमा निष्क्रिय भई बस्नु पर्दा घर खर्च अझ बढ्ने, आय स्रोत घट्ने र व्ययभार वृद्धि हुने गर्दछ । अर्कोतर्फ कारखानामा कार्य गर्ने महिला स्वयम् पनि बेरोजगार हुँदा घर धान्न धौ-धौको स्थिति उत्पन्न हुन्छ । बालबच्चाको शिक्षादीक्षा, स्वास्थ्य उपचार आदिजस्ता आर्थिक भार थेग्न नसक्दा कोही महिला देह व्यापार, होटेल, बार, रेस्टुरेन्ट र मसाज पार्लरमा कार्यरत भए भने कतिपय महिला माओवादी सशस्त्रमा सहभागी हुन पुगे ।

यसै सन्दर्भमा कलैया न.पा. र अमलेखगंजका साधारण र विशिष्ट व्यक्तिहरू समक्ष राखिएको सवालमा यस प्रकारका अभिव्यक्ति प्राप्त भयो- कलैयाका साधारणतर्फ ७५.३ प्रतिशतले सहमति, १६.१ प्रतिशत आंशिक सहमति र ८.६ प्रतिशत असहमतिको अभिव्यक्ति गरे भने विशिष्टतर्फ ७९.८ प्रतिशतले सहमति, १४.९ प्रतिशत आंशिक सहमति र ५.३ प्रतिशत असहमति जनाए । सोही प्रश्न अमलेखगंज गा.वि.स. मा साधारणतर्फ ६२.५ प्रतिशतले सहमति,

---


[४४] बियोन्ड बेइजिङ कमिटी, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या २९, पृ. ७६ ।

[४५] **ऐजन.** पृ. ८३ ।

३१.३ प्रतिशत आंशिक सहमति र ६.२ प्रतिशत असहमति जनाए भने विशिष्टतर्फ ७५ प्रतिशतले सहमति, २० प्रतिशत आंशिक सहमति र ५ प्रतिशत असहमति जनाइएको छ ।

**स्तम्भचित्र नं. ४.९**

**महिलाहरूमा गरिबी**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रअनुसार सम्पत्तिमाथि महिलाको पहुँच नहुँदा महिला चरम गरिबीमा पुगेको र सोही कारण महिलाहरू माओवादी द्वन्द्वमा लागेको जानकारी प्रस्ट हुन्छ । महिलाहरू गरिबीको चपेटामा परेका हुन् भन्ने कुरा विश्व बैंकको क्रयशक्ति मापदण्डअनुसार पुरुषको प्रतिव्यक्ति आय २,०७२ डलर छ भने महिलाको १,०३८ डलर मात्र छ । (यू.एन.डी.पी., २००७) र यहाँ डलर भन्नाले एक डलरले नेपाल र अमेरिकामा कति-कति सामान किन्न सक्छ त्यसलाई प्रतिविम्बित गर्छ ।[४६] २०५८ सालको जनगणनानुसार नेपालमा ८८ प्रतिशत परिवारले आफू बसेको घर आफ्नै भएको बताएका थिए भने तीमध्ये ५.५ प्रतिशतले मात्र घरपरिवारका कुनै महिला सदस्यको नाममा घर रहेको बताएका थिए । माओवादी सशस्त्र सङ्घर्षको एउटा प्रमुख नारा पैतृक सम्पत्तिमाथि महिलाको पहुँच हो । श्रम विभाजनका सामाजिनक प्रणाली अनुरूप महिलाहरू प्रायजसो घरेलु र प्रत्यक्ष आर्थिक

[४६] मीना आचार्य, "अबको नेपाली महिला आन्दोलन: महिलाको आर्थिक सशक्तीकरण", **अस्मिता,** (काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, २०६६), पृ. ४-१३ ।

उपार्जन नहुने काममा बढी समय खर्चिन गरेका छन् । जुन कामको राष्ट्रिय उत्पादन तथ्याङ्कमा समावेश भएको हुँदैन । निजी सम्पत्तिको उन्मूलन नभएसम्म महिलाहरूको पूर्ण मुक्ति सम्भव छैन भन्ने सर्वहारावादी चेतना महिलामा जगाउनु पर्छ भन्ने बाबुरामको मान्यताले गरिबीको चपेटामा परेका महिलाहरूलाई रामवाणको काम गरेजस्तो लाग्छ अर्थात् गरिबीमा पिल्सिएका महिलाहरूले यसबाट उन्मुक्त हुन सशस्त्र द्वन्द्वमा हेलिएका हुन् ।

### ४.५.१० पुरुषहरूमा भएका विकृतिका पीडा


माओवादी जनयुद्ध आन्दोलन सुरु हुनुअघि ग्रामीण भेगका आमा समूह र महिला समूहहरूले चलाएको अभियानलाई माओवादीहरूले अझ विस्तार गरे । मदिरा सेवन, कुटपिट र झै-झगडा गर्नु महिला विरुद्धको हिंसाको रूपमा एउटा मुख्य कारण थियो । यस किसिमका हिंसाबाट महिलाहरू प्रताडित हुने गर्थे । आफ्नो भएको गरगहना, पेवा समेत पुरुषले बेचेर मदिरा सेवन गर्ने अनि अझ महिलामाथि शारीरिक मानसिक पीडा दिन छोडेनन् । जाँडरक्सी खाएर रल्लिने, जुवातास खेलेर समय बर्बाद पार्ने, लागू पदार्थ सेवन गर्ने, श्रम नगर्ने, महिलाहरूलाई श्रम गराउन लगाएर उनीहरूको कमाइ खानेजस्ता समस्यामाथि माओवादीले कडा प्रहार गऱ्यो । यस्तो समस्यामा नियन्त्रण गऱ्यो । जिल्ला जन अदालतले यस्ता विकृति हटाउन ड्राइ ल (कार्यान्वयन हुन नसकेका कानुनहरू) को विरुद्ध नयाँ कानुन निर्माण गऱ्यो । जसले ग्रामीण भेगमा यस्ता विकृति नियन्त्रण गऱ्यो । अदालतले भन्दा छिटोछरितो निर्णय लिने र फैसला सुनाउने कार्य गर्दा दुर्गम क्षेत्रका महिलाहरूले पहिलोपटक न्याय व्यवस्था सुरक्षा पाएको अनुभूति गरे ।[४७] महिलाहरूले न्याय पाउन थाले । माओवादीको यी क्रियाकलापको कारण जाँडरक्सी, जुवा, तासजस्ता घरेलु हिंसाको उत्पीडनबाट मुक्ति पाउन उनीहरू माओवादी सशस्त्र युद्धप्रति आकर्षित हुनु स्वाभाविक थियो किनभने एकातर्फ पीडक पतिहरूबाट मुक्ति पाउने भए भने अर्कोतर्फ माओवादी दलमा समर्पित हुँदा आफ्नो अधिकार सुरक्षित तथा सशस्त्र हुनेजस्ता धारणाको विकास भई पीडित महिलाहरू द्वन्द्वमा सहभागी भएका देखिन्छन् । यसै सन्दर्भमा कलैया नगरपालिकाको सर्वसाधारण जनताप्रति सवाल राख्दा निम्न स्तम्भ चित्रअनुसार आफ्नो धारणा अभिव्यक्त व्यक्त गरेका छन् :

---

[४७] वैद्य मल्ल, **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १६, पृ. ६३-६४ ।

**स्तम्भचित्र नं. ४.१०**

**पुरुषहरूको विकृतिबाट पीडित महिला**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

उपर्युक्त चित्रअनुसार ८०.७ प्रतिशतले सहमति, १६.६ प्रतिशतले आंशिक सहमति र २.७ प्रतिशतले असहमति जनाएका छन् र विशिष्टतर्फ यसै सवालको उत्तर यस प्रकारको छ- ८५.१ प्रतिशतले सहमति, १०.६ प्रतिशतले आंशिक सहमति र ४.३ प्रतिशतले असहमति जनाए ।

त्यसैगरी सोही सवाल अमलेखगंजका सर्वसाधारणमा राख्दा ६६.३ प्रतिशतले सहमति, २७.५ प्रतिशतले आंशिक सहमति र ६.२ प्रतिशतले असहमति जनाए भने विशिष्टतर्फ ८० प्रतिशतले सहमति, १२.५ प्रतिशतले आंशिक सहमति र ७.५ प्रतिशतले असहमति जनाए । यस किसिमका महिला सवालहरूबारे माओवादी दृष्टिकोणले दुर्गम क्षेत्रका पीडित महिलालाई राजनीतिक रूपले सङ्गठित गर्नमा सफल भएका छन् । गाउँको सामाजिक परिवेश, राज्यको कमजोर स्थिति र महिलाहरूको उत्पीडन-उपेक्षित अवस्थाले माओवादीहरूको सङ्गठन गर्ने कार्यशैलीमा सहयोग पुऱ्याएका छन् ।

### ४.५.११ माओवादीहरूको छत्रछायाँमा सुरक्षित हुने विश्वास

परापूर्वकालदेखि बलात्कार, युद्धको नियमित परिघटना र पितृसत्तात्मक संरचनाको हतियार भएको छ । इतिहासको हरेक कालखण्डमा युद्धमा सैन्यतन्त्रले आफ्नो शक्ति

देखाउन, दुस्मनलाई हतोत्साहित बनाउन, मनोबल गिराउन विपक्षी समूहका महिलामाथि यौन आक्रमण र यौनशोषण जस्ता कार्य गरी प्रताडित गर्ने गर्छन् । आधुनिक युद्धमा गुप्त हतियारको रूपमा महिलालाई प्रयोग गरिन्छ । जसअन्तर्गत महिलाका शरीरलाई प्रयोग गरिन्छ ।[४८] विशेषगरी जातीय हिंसा भएको ठाउँमा महिलालाई बलात्कारको हतियारका रूपमा अपनाएका हुन्छन् । उदाहरणको रूपमा रुवाण्डा, बङ्गलादेश, पाकिस्तान, भारत आदिको सन्दर्भहरूलाई लिन सकिन्छ । यसैअनुसार नेपालको माओवादी द्वन्द्वमा विरोधीलाई हतोत्साहित बनाउन बलात्कारजस्तो जघन्य अपराध अख्तियार गरेको पाइन्छ । माओवादी नेतृ पम्फा भुसालका अनुसार हाम्रा महिला साथी तथा पुरुष साथीका श्रीमती, छोरी, दिदी, बहिनीलाई प्रताडित र हतोत्साहित गर्न सुरक्षाकर्मीले सामूहिक बलात्कारलाई योजनाबद्ध हतियारको रूपमा प्रयोग गरेका थिए ।[४९]

दश वर्षको सशस्त्र द्वन्द्वको क्रममा सुरक्षाकर्मीबाट ६१ घटनामा ८१ जना महिलाहरूको बलात्कार भएको तथ्य इन्सेकका वर्ष पुस्तकहरूमा अभिलेखीकरण भएको छ । तथ्याङ्कगत दाबी गरिएको भन्दा धेरै कम घटनाको मात्र अभिलेखीकरण हुन सकेको छ । बलात्कार महिला विरुद्ध हिंसाको सबैभन्दा क्रूर रूप हो । बारा जिल्लाको कलैया न.पा. मा बलात्कारका घटनाहरू भए तापनि लाज तथा इज्जतको डरले दर्ता वा अभिलेखीकरण हुनसकेको छैन । भएका घटनाहरूमध्ये एक-दुई घटना मात्र जि.प्र.का. मा दर्ता भएकोले सत्य-तथ्य उपलब्ध हुनसकेको छैन ।

सुरक्षाकर्मीबाट यस किसिमको जघन्य अपराधको सिकार भएका महिलाहरू प्रहरीसँग बदला लिने र सुरक्षित हुने उद्देश्यबाट अभिप्रेरित भई माओवादी सशस्त्र सङ्घर्षमा होमिएका हुन् भन्ने प्रस्ट हुन्छ । आर्य संस्कृति बाहुल्य रहेको कलैयामा यस विषयमा कसैले खुलेर जानकारी दिन चाहेनन् । घटनाहरू पुलिस कार्यालयमा दर्ता भएको पाइएन । मिश्रित संस्कृति र दलित, जनजातीय र आर्य अल्पसंख्य बाहुल्य रहेको अमलेखगंजमा सो सवालमा केही मानिसहरूले सुरक्षाकर्मीबाट खोजतलासीको क्रममा बलात्कार भएको तर त्यस्तो घटना सार्वजनिक नगरिएको बताएका छन् । निचोडमा सुरक्षाकर्मी र माओवादी पक्षबाट बलात्कारका घटना भए तापनि दबाइएको कुरा स्थानीय बासिन्दाहरूले बताएका छन् ।

---

[४८] केली ओलिभर, **वुइमिन एज विपन्स अफ वार,** (कलकत्ता : सीगल बुक्स, इ. २००८), पृ. १९-४५ ।


[४९] अन्जु क्षेत्री, **बलात्कार विपक्षीलाई प्रताडित गर्न**, (काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, २०६३), पृ. ६०-७० ।

जनसङ्ख्याको आधाभन्दा बढी सङ्ख्यामा रहेको महिला समुदायका हक, हित र अधिकारको संरक्षण गर्न नसक्नु, महिला र पुरुषबीचका परम्परागत भेदभाव कायम राख्नु, संविधानबमोजिम यी समुदायबीच समानता स्थापना गर्न कुनै कदम नचालिएको कारण महिला समुदायले आफ्नो हक-अधिकार संरक्षणको अभाव महसुस गरेको पाइन्छ । तसर्थ यिनै आवश्यकता पूर्तिका लागि कलैया र अमलेखगंजका महिलाहरू समेत सशस्त्र द्वन्द्वमा सहभागी भएको पाइएको छ ।

महिला असहाय भएकोले माओवादी द्वन्द्वमा उनीहरू सहभागी भएका हुन् । पुरुषहरूको अपहरण, बेपत्ता, विस्थापन, पलायन, हत्या, हिंसाका कारण महिलाले शारीरिक र मानसिक दबाबमा जीवनयापन गर्नुपर्छ । यस अवस्थामा आफू र परिवारको सुरक्षाको आवश्यकता पूरा गर्न असमर्थ भएको महसुस गर्छन् । आफू र परिवारको सुरक्षाका लागि शक्तिको आवश्यकता महसुस गर्छन् । सो परिपूर्ति गर्न, आत्मबल र आत्मविश्वास प्राप्ति गर्न कतिपय महिलाले एक मात्र विकल्प माओवादीको आन्दोलनलाई समर्थन गर्नु रहेको छ । तसर्थ माओवादीको शरणमा पुग्दा र द्वन्द्वमा सहभागी हुँदा उद्देश्य पूरा हुने भएकोले महिला माओवादी युद्धमा होमिएका हुन् । माओवादी द्वन्द्व फस्टाउनमा असहाय महिलाको सहयोग रहेको भनाइ पुष्टि गर्न कलैया नगरपालिकाका सर्वसाधारणलाई प्रश्न गर्दा ४४.६ प्रतिशतले सहमति र ३५ प्रतिशतले आशिक सहमति र २०.४ प्रतिशतले असहमति जनाए भने विशिष्टतर्फ ४७.९ प्रतिशतले सहमति, ३७.३ प्रतिशतले आंशिक सहमति र १४.९ प्रतिशतले असमति जनाए । सोही प्रश्न अमलेखगंज गा.वि.स. का सर्वसाधारण उत्तरदातामध्ये ६० प्रतिशतले सहमति, २७.५ प्रतिशतले आंशिक सहमति र १२.५ प्रतिशतले असमति जनाए । विशिष्ट उत्तरदातामध्ये ५५ प्रतिशतले सहमति, २५ ले आंशिक सहमति र २० प्रतिशतले असहमति जनाए ।

**स्तम्भचित्र नं. ४.११**

**माओवादीको छत्रछायाँमा महिला सुरक्षित हुने विश्वास**




***स्रोत :*** स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ३) ।

घरभित्र र घरबाहिर महिला हिंसाको चपेटामा परेको हुन्छ । महिला आफू सुरक्षित भएको अनुभूति गर्न सक्दैनन् । तसर्थ स्व-सुरक्षा, शक्ति सङ्कलन र धाकधम्कीको लागि जनआन्दोलनमा आफूलाई समर्पित गरेका हुन् । महिला संरक्षणको सवालको कारण माओवादी आन्दोलनले उचाइमा पुग्ने मौका पाएका हुन् ।

## ४.६ निष्कर्ष

नेपालको इतिहासमा २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्मका १० वर्ष ९ महिना ५ दिन उल्लेखनीय छन् । नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले जनयुद्ध नाम दिएको सशस्त्र सङ्घर्षको औपचारिक थालनी वि.सं. २०५२ फागुन १ गतेबाट गरेको थियो । तर यसको पृष्ठभूमि पहिलेदेखि तयार हुँदै आएको थियो र सो कुरालाई महसुस गरी उनीहरूले यसको लागि निकै समय अघिदेखि तयारी गरेको थियो । दस वर्षमा जनयुद्धले जुन प्रभाव र उचाइ हासिल गऱ्यो त्यसका पछाडि पनि सुस्पष्ट कारणहरू थिए । यसका कतिपय कारण साझा प्रकृतिका छन् भने कतिपय कारणहरू विशिष्ट प्रकृति (भाषा, भूगोल, संस्कृति, जाति आदि) का छन् । समग्रमा भन्नु पर्दा अनेक थरी विषमता, भेदभाव र शोषणमा आधारित सामाजिक र क्षेत्रीय विषमताले जनयुद्धलाई बीजारोपण गर्न उर्वर जमिन दियो भने

लोकतान्त्रिक पार्टीका नेताहरूको यथास्थितिवादी सोच, अदूरदर्शिता, सत्तालिप्सा र अलोकतान्त्रिक व्यवहारले जमिनलाई खनजोत गर्ने काम गऱ्यो । विज्ञान प्रविधि तथा अन्तर्राष्ट्रिय सूचना प्रणालीमा भएको विकास, उदारीकरण तथा जनताको ठूलो पङ्क्तिबाट प्राप्त समर्थनको कारण जनयुद्धलाई फस्टाउन र फैलाउनमा मुख्य भूमिका खेल्यो ।

बारा जिल्लाअन्तर्गत कलैया नगरपालिका र अमलेखगंजको सन्दर्भमा माओवादी द्वन्द्वका कारणहरू केलाउँदा साझा र विशिष्ट दुवैको भूमिका रहेको तथ्य प्रकाशमा आए, जसलाई तल बुँदागत रूपमा उल्लेख गरिएको छ ।

- लोकतन्त्र स्थापनापश्चात् पनि नेपालको शासन प्रणालीमा सुधार आउने यहाँका जनताले अपेक्षा गरेका थिए तर जनताले त्यसो अनुभूति गर्नै पाएनन् । विशेषगरी पितृसत्तात्मक शोषण र भेदभावमूलक व्यवहारले महिलालाई पिरोलेको थियो । त्यस्ता शोषणबाट उन्मुक्ति पाउने अभिलाषाले माओवादी द्वन्द्वलाई सहयोग गऱ्यो ।

- केन्द्रदेखि जिल्लासम्मका राज्यको सम्पूर्ण संयन्त्रमा पुरुषको वर्चस्व भएको अनुभव गरी यस क्षेत्रका लोकतान्त्रिक, प्रगतिशील महिला जनसमुदाय राज्यको पुनर्संरचना हुनुपर्ने अडान राखेको तर बलियो विकल्प नभएको महसुस गरी माओवादी आन्दोलनलाई समर्थन गर्न पुगे ।

- यस क्षेत्रमा लैङ्गिक विभेदको कारण महिलाहरू माओवादी आन्दोलनमा प्रत्यक्ष रूपमा सरिक भएको घटना देखिएन तर महिलाहरूको एउटा पङ्क्ति महिलामुक्ति हुने आशामा माओवादी आन्दोलनप्रति खुलेर समर्थन जनाएको पाइन्छ ।

- यस क्षेत्रमा राज्य पक्षबाट सीमित मात्रामा मानव अधिकार उल्लङ्घनका घटनाहरू गरेको भए तापनि यहाँका बुद्धिजीवी, नागरिक समाज र सञ्चारकर्मीहरूले मानव अधिकारको हनन प्रमुख मुद्दा बनाएको पाइयो र मानव अधिकारका पक्षमा उभिने जनसमुदायले माओवादी आन्दोलनलाई सहयोग गर्न पुगे । तर माओवादी पक्षबाट पनि मानव अधिकार उल्लङ्घन भएको घटनाहरू भएको पाइयो ।

- लोकतन्त्र स्थापनापश्चात् पनि नेपालको संवैधानिक र कानुनी प्रावधान भेदभावपूर्ण रहेको र नसोचिएको अनुभव गरी राज्यपक्षप्रति आपत्ति प्रकट गर्दै आएका थिए तर

राज्य पक्षबाट वास्ता नगरिएको महसुस गरी महिलाहरूले माओवादी आन्दोलनप्रति समर्थन जनाएको पाइन्छ ।

- प्रहरी र सेनाको रवैयाबाट संरक्षण हुनका लागि संरक्षित जीवन बाँच्न ओतको रूपमा माओवादीमा सहभागी भई आन्दोलनलाई सहयोग गर्न पुगे ।
- सामाजिक विकृति, दाइजो, तिलक, बालविवाह, बहुविवाह, अनमेलविवाहजस्ता कुरीतिहरूबाट उन्मुक्ति पाउन माओवादी द्वन्द्वमा महिलाहरू होमिएको पाइन्छ ।
- केन्द्रीकृत शासन प्रणाली राजनीतिमा न्यून सहभागिता महिला सचेतनाका कारण स्व-पहिचानको लागि अभिलाषित महिलाहरू जनआन्दोलनमा होमिएका हुन् ।
- गरिबी तथा बेरोजगारको कारण आर्थिक स्थितिको सुधारका लागि माओवादी आन्दोलनलाई विकल्पको रूपमा छनौट गरे ।
- आफन्तहरूमाथि सुरक्षाकर्मीको दुर्व्यवहार र ज्यादतीबाट मर्माहित महिलाहरूको अग्रसरताको कारण माओवादी द्वन्द्वमा महिला सहभागी भएका हुन् ।
- माओवादीको महिला मुक्ति रणनीतिबाट आकर्षित महिलाहरू आन्दोलनमा संलग्न भई द्वन्द्वलाई उचाइमा पुऱ्याउन सघाएका हुन् ।

विज्ञान र प्रविधिको विकाससँगै समयको प्रवाहमा मानिसहरूको चेतनामा आएको वृद्धिले र अन्तर्राष्ट्रिय सङ्गठनहरूको अनुभवको पहुँचले पनि माओवादी आन्दोलनलाई हुर्कनमा सहयोग पुऱ्याएको देखिन्छ ।

अध्याय पाँचमा अध्ययन क्षेत्र कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. का. सन्दर्भमा सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको असरबारे उल्लेख गरिएको छ ।

## अध्याय पाँच

# कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. को सन्दर्भमा सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको प्रभाव

## ५.१ पृष्ठभूमि

नेपालको इतिहासमा २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म जारी रहेको दश वर्ष, नौ महिना र पाँच दिनको सशस्त्र द्वन्द्वले नकारात्मक र सकारात्मक दुवै किसिमका असरहरू पारेको पाइन्छ । यो द्वन्द्वले नेपाली समाजको सर्वाङ्गीण क्षेत्रमा असर पारेको छ । कतिपय असरहरू तत्कालीन प्रकृतिका छन् भने कतिपय असरहरू दीर्घकालीन प्रकृतिका छन् । यो द्वन्द्वका कारण नेपाली समाजको विभिन्न तह, तप्का, वर्ग, जाति, सम्प्रदायका पुरुषहरूभन्दा महिलाहरू प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभावित भएको पाइन्छ । दशवर्षे युद्धले धेरै महिला र बालबालिकाको जीवन बर्बाद भएको छ । असमय र एक्कासी विधवा हुन पुगेका महिलाहरूमा आर्थिक बोझ थपिएको छ, स्वास्थ्य बिग्रिएको छ, खुशी हराएको छ र हाँसो खोसिएको छ । नकारात्मक असरहरूमध्ये समाजमा संवेदनशील नागरिकहरू विशेषगरी महिलामा परेको नकारात्मक मानसिक, शारीरिक असर हो । कतिपय विश्लेषकअनुसार माओवादी द्वन्द्वकै कारण सीमान्तकृत, दलित, जनजाति, मधेशी, विकट क्षेत्रका ग्रामीण महिलाहरूका सवाल राष्ट्रियस्तरमा मुखरित भएका छन् ।

## ५.२ माओवादी सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको नकारात्मक असर

यो अध्यायको प्रमुख उद्देश्य अध्ययन क्षेत्रमा सशस्त्र द्वन्द्वको असरबारे चर्चा गर्दै विशेष गरी महिलामाथि परेको असरलाई केलाउनु रहेको छ । यस अध्यायको सुरुमा द्वन्द्वबाट पर्न गएको केही प्रमुख नकारात्मक असरहरूबारे केलाइएको छ भने अध्यायको अन्त्यमा द्वन्द्वका केही सकारात्मक प्रभावहरू बारे चर्चा गरिएको छ । सशस्त्र द्वन्द्वले जनजीवनमा गम्भीर असर पार्छ । त्यसबाट पुरुषका तुलनामा महिलाहरूमाथि अझ बढी असर पार्दछ । सर्वप्रथम सशस्त्र द्वन्द्वले महिलाहरूमाथि पारेको प्रभावको उल्लेख गरिएको छ । यस सम्बन्धमा स्थानीय जनतासमक्ष प्रश्न राख्दा प्राप्त जनधारणालाई परिशिष्ट ४ मा दिइएको छ ।

### ५.२.१ एकल, अर्धविधवा तथा विधवा जीवनको अवस्था

जनयुद्धले दिएका पीडा र घाउहरू बोकेर बाँच्न विवश कैयौं महिलाहरू भेटिन्छन् । युद्धको क्रममा १० वर्षको अवधिमा करिब १५ हजार व्यक्तिको मृत्यु भएकोमा कति महिला विधवा बन्न पुगे भन्ने यकिनका साथ तथ्याङ्क उपलब्ध भएको छैन तर पनि एकल महिलाको सङ्ख्या बढेको छ । जनयुद्धको दश वर्षका दौरानमा झण्डै ४,००० महिला विधवा भए र २,५०० महिलाले ज्यान गुमाए ।[1] विधवा जीवनले दिने मानसिक पीडा बोकी घरमूली र एकल अभिभावक, आर्थिक बोझ र सामाजिक दायित्व निर्वाह गर्नु परेको पीडा छ । महिला चिन्ता, तनाव र सङ्कटका भुमरीमा रुमलिँदै छन् । माओवादी विरुद्ध प्रतिकार गर्ने क्रम सुरु भएको हत्या शृङ्खलामा जीवन गुमाएका सबैको परिवारमा बिचल्ली देखिन्छ । अभिभावक र पति गुमाएका परिवारले छाक टार्न समेत धौ-धौ भएको अवस्था छ । माओवादीलाई सघाएको आशङ्कामा अपहरण, बेपत्ता र हत्या गरिएको छ । अभिभावकको हत्या भएपछि कयौं परिवार छाक टार्ने समस्यामा छन् । सुख-दुःख बाँड्ने साथी गुमेको छ । घर व्यवहार श्रीमान्ले चलाइरहेकोमा विधवा महिलाले स्वयम् घरगृहस्थी र सामाजिक आर्थिक भार समालिनुपर्ने स्थिति छ । एकातिर आर्थिक बोझ छ भने अर्कोतिर एक्लो हुनुको पीडा, एक्लो भएपछि समाजको एकल महिला विधवाप्रतिको सोचाइ दृष्टिकोण फरक हुँदो रहेछ भन्ने गुनासो पाइन्छ । द्वन्द्वले विधवाको ठूलो समूह नेपाली समाजलाई दिएको छ । ती महिलाहरूसँग आ-आफ्ना किसिमको पीडा र अनुभव छन् । युद्धले परिवार छिन्नभिन्न भएका यस्ता विधवाको सङ्ख्या पनि ठूलो छ । उनीहरू भताभुङ्ग भएको आफ्नो गृहस्थी समेट्ने प्रयासमा छन् । साथै छोराछोरीको पढाइलाई निरन्तरता दिन विभिन्न सङ्घ-संस्थाबाट सहयोगको अपेक्षा तथा सरकारी छात्रवृत्तिका लागि सङ्घर्ष पनि गरिरहेका छन् ।

कलैया नगरपालिकाका पत्रकार वीरेन्द्र साहकी पत्नी श्रीमती अमरावतीले श्रीमान्को हत्यापछि छोराछोरीलाई राम्रो शिक्षा दिन पाए हुन्थ्यो, तर सरकार वा पार्टी कसैले खासै रुचि नलिएको गुनासो पोखेकी छन् । बारा जिल्ला विकास समितिले ५९७ एकल महिलालाई

---

[1] दीपक सापकोटा. **उथलपुथलको दश वर्ष** (रिपोर्ताज), (काठमाडौं : क्रान्तिकारी पत्रकार सङ्घ केन्द्रीय समिति, २०६६), पृ. ६९ ।


भत्ता वितरण गरेको अभिलेख छ ।[२] अमलेखगंज गा.वि.स. मा जम्मा १०० जना एकल महिला छन्, जसमध्ये २ जना एकल महिलाको श्रीमान्हरू माओवादीबाट हत्या भएको हो । कलैया नगरपालिकामा द्वन्द्वबाट पीडित एकल महिलाहरू छन् तर स्थानीय संस्थामा दर्ता नभएकाले आधिकारिक रूपमा स्पष्ट भन्न नसकेको जाहेर गरेका छन् ।[३] श्रीमान् छँदा श्रीमान्ले खर्चबर्च, खेतीपाती, वस्तुभाउ हेर्ने गर्दथ्यो र खाना पकाउनु तुल्याउनु र वस्तुभाउ हेर्नु । छेराछोरीको स्याहारसुसार मात्र गर्नु महिलाको काम हुन्थ्यो । द्वन्द्व र परिस्थितिले महिलालाई एकाएक घरमूली बनाइदिएको छ । घरव्यवहारको सम्पूर्ण दायित्व एक्ली महिलामाथि थोपारिएको छ । पुरुषद्वारा रचेको युद्धखेलमा जसरी पनि महिलाले सामना गर्नु पर्छ । कहिले असहाय आमा, पत्नी भने कहिले दिदीबहिनीका रूपमा महिलाले पीडाको सामना गर्नु पर्छ । द्वन्द्वको रापले महिलाको जीवनलाई उजाड बनाउँदै समाजको गिद्धे दृष्टिबाट जोगिँदै जीवन व्यतीत गर्नु पर्छ । यस भावनालाई सङ्केत गर्दै सोधिएको प्रश्नको जवाफमा कलैयामा सहमति, आंशिक सहमति र असहमति जनाउने सर्वसाधारण उत्तरदाताको सङ्ख्या क्रमशः ४५.२ प्रतिशत, ३०.१ प्रतिशत र २४.७ प्रतिशत थियो भने विशिष्ट उत्तरदाताको सङ्ख्या ६३.९ प्रतिशत, २१.२ प्रतिशत र १४.९ प्रतिशत थियो । अमलेखगंजमा सो सवालप्रति क्रमशः ५६.३ प्रतिशत, ३१.२ प्रतिशत र १२.५ प्रतिशत सर्वसाधारण उत्तरदाता र क्रमशः ४५.० प्रतिशत, ३७.५ प्रतिशत र १७.५ प्रतिशत विशिष्ट उत्तरदाताहरूले सहमति, आंशिक सहमति र असहमति प्रकट गरेको पाइयो । यस क्षेत्रमा द्वन्द्वपीडित महिलाहरूको सङ्ख्या उल्लेखनीय भएको पाइएन । सो कुरा तलको स्तम्भ चित्रबाट देखाइएको छ ।

[२] बारा जिल्ला विकास समिति, २०६८ ।

[३] मानव अधिकारका लागि एकल महिला समूह, जिल्ला अध्यक्ष यतीन्द्र तिमिल्सिनाको भनाइ, २०६८/६/१२ ।

**स्तम्भचित्र नं. ५.१**

**एकल, अर्धविधवा तथा विधवा महिलाको जीवन**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

छोरामाथि निर्भर भएका महिला (आमा), पतिमाथि निर्भर हुने महिला (पत्नी) छोरा वा पतिको मृत्युले एकल जीवन व्यतीत गर्नु पर्छ । उनीहरूको जीवन सङ्कटमय हुन्छ । यसै सन्दर्भमा (स्थानीयवासी) रामभरोस पटेल (कुर्मी) की आमा सुनैनादेवी पटेल भन्छिन् :

> मेरो छोरा ज्यालामजदुरी गरी कमाउँथ्यो । छोरालाई माओवादीले मेरो निर्दोष छोरा रामभरोस कुर्मीलाई मिति २०६०-२-२१ मा बिहान ८ बजे पेटमा गोली हानी हत्या गरेको हो । छोराको घटना सुनेर श्रीमान् घटनास्थलमा पुग्दा बन्दुकले हानेर खुट्टा घाइते बनाएकोले श्रीमान् पनि काम गर्न सक्दैन । छोराले कमाएर खुवाउला भने आशा थियो तर यस घटनाले गर्दा घरको आर्थिक अवस्था कमजोर छ भन्ने दुखेसो पोखेकी छन् ।[४]

यस्ता घटनाको कारण महिलाले एकल तथा विधवा जीवन व्यतीत गर्नु परेको छ । जनयुद्ध अवधिभरमा ऊण्डै चार हजार महिला विधवा भए ।[५]

### ५.२.२ मानव अधिकारको उल्लङ्घनको अवस्था

जनयुद्ध आरम्भ हुनुपूर्व राज्य पक्षबाट हुने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू जनयुद्धको एक प्रमुख कारण बन्यो भने जनयुद्ध आरम्भ भएपछि मानव

---


[४] रामभरोस पटेल (कुर्मी) की आमा सुनैनादेवी पटेलसँग मिति २०६८/६/१७ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा ।

[५] सापकोटा. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १, पृ. ६८ ।

अधिकारको उल्लङ्घनमा तीव्रता आएको पाइन्छ । द्वन्द्वकालमा राज्य र माओवादी दुवै पक्षले मानव अधिकारका उल्लङ्घन गरेको तथ्य सार्वजनिक भएको छ तर इन्सेकले नियमित प्रकाशित गर्ने मानव अधिकार हननका घटनाको तथ्याङ्कले माओवादीभन्दा बढी राज्यले मानव अधिकार हनन गरेको देखाउँछ । यस क्षेत्रमा राज्यपक्षबाट भएको मानव अधिकारका हननका घटनाहरूमा कुटपिट, गिरफ्तार, यातना, घाइते, हत्या रहेको पाइएको छ भने माओवादी पक्षबाट हुने घटनाहरूमा धम्की, कुटपिट, अपहरण, बेपत्ता, विस्थापन र हत्या रहेको पाइएको छ । यस क्षेत्रमा घटेका केही सर्वाधिक चर्चित मानव अधिकार हनन घटनाहरूबारे सहमति, आंशिक सहमति र असहमति प्रकट गर्नेहरू कलैयाका सर्वसाधारण उत्तरदाताको सङ्ख्या ८६.०, १०.८ र ३.२ प्रतिशत थियो । विशिष्ट उत्तरदाताहरूको सङ्ख्या ८५.१, १०.६ र ४.३ प्रतिशत थियो भने अमलेखगंजमा सर्वसाधारण उत्तरदाताको सो सङ्ख्या क्रमशः ८१.२, १२.५ र ६.३ तथा विशिष्ट उत्तरदाताहरूको सङ्ख्या क्रमशः ७५.०, २०.० र ५.० प्रतिशत थियो । यस क्षेत्रमा विगत वर्ष र आन्दोलनको समयमा भएका मानव अधिकारहरूका थुप्रै प्रमाणहरू छन् (परिशिष्ट ७) ।

**स्तम्भचित्र नं. ५.२**

**मानव अधिकारको स्थिति**





***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

**(क) महिलामा आन्तरिक विस्थापन तथा विदेश पलायनको पीडा**

मानवलाई बाँच्न पाउने नैसर्गिक अधिकार रहेको हुन्छ, जुन कानुनबाट सुरक्षित हुन्छ । माओवादी जनयुद्धको अवधिमा माओवादी र सुरक्षानिकायको त्रासका कारण थुप्रै मानिसहरू सुरक्षित स्थानमा विस्थापित भएका तथ्य सार्वजनिक भइरहेका छन् । कलैया न.पा. मा माओवादी र सुरक्षाकर्मीहरूको कारण केही मानिसहरू विस्थापित भएको पाइएको छ । तुलनात्मक रूपमा यस क्षेत्रमा राज्यको सुरक्षाकर्मीभन्दा बढी माओवादी त्रासका कारण मानिसहरू विस्तापित भएको कुरा प्राप्त भएको छ । कलैयामा राज्य पक्षको कारण २ जना विस्थापित भएको पाइएको छ भने माओवादीका कारण ३५ जना मानिसहरू विस्थापित भएका छन् जसमा ५ जना महिला रहेका छन् ।[६] यद्यपि सङ्ख्याको हिसाबबाट विस्थापित महिला सङ्ख्या कम देखिन्छ । विस्थापित परिवारको पुरुषको नाममा दर्ता भएकोले विस्थापित पुरुषको सङ्ख्या बढी देखिएको हो । पुरुष विस्थापित हुँदा उसको परिवारका महिलाहरू पनि विस्थापित भएका हुन्छन् वा घरमा पीडा भोग्ने महिला बालबालिका नै हुन्छन् । अमलेखगंजमा भने राज्य र माओवादीको कारण विस्थापित हुनेहरूको सङ्ख्या क्रमशः २ र ४ रहेको छ । यसलाई तलको स्तम्भचित्रमा देखाइएको छ :

**स्तम्भचित्र नं. ५.३**

**विस्थापित सङ्ख्या**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

---

६ शहरी गरिबी न्यूनीकरण अभियान घरधुरी सर्वेक्षण २०६२. कलैया नगपालिका ।

राज्यबाट विस्थापित हुने अधिकांश मानिसहरूले सुरक्षाकर्मी र प्रतिकार समूहको सम्भावित खतराबाट विस्थापित भएको बताए भने माओवादीबाट विस्थापित हुनेहरूले आफू विस्थापित भएको प्रमुख कारणमा धम्की, डर र त्रास चन्दा दिनु पर्ने बाध्यता, सुराकीको आरोप, जनताको टेलिफोन, मोबाइल आदि माओवादीले प्रयोग गर्ने र सुरक्षा निकायबाट यसै विषयलाई लिएर कारवाही गर्ने, सङ्कटकाल घोषणा, जनजीवन त्रासदीपूर्ण बन्दै गएको, रोजगारीको अवसर गुमाउँदै जानु र बालबालिकाको पढाइमा अवरुद्ध आदि कारणलाई लिन सकिन्छ ।

निचोडमा अमलेखगंजको तुलनामा कलैयाबाट विस्थापित हुनेहरूको सङ्ख्या ज्यादा भएको पाइयो । समग्रमा यस क्षेत्रमा विस्थापनको समस्या ज्यादै कम रहेको पाइयो । आन्तरिक विस्थापन वर्तमान नेपाली समाजको ज्वलन्त सवाल हो । तर उपर्युक्त तथ्याङ्कहरू औपचारिक दर्ता भएका विस्थापित सङ्ख्याहरू मात्र हुन् । आन्तरिक विस्थापनले ल्याएको सङ्कटका बारेमा मानवीय समुदायको चासो बढेको छ । विश्वमा आन्तरिक विस्थापनबाट २ करोड मानिस प्रभावित भएका छन् ।[७] आफ्नै देशभित्र रहेर पनि हिंसात्मक द्वन्द्व मानवअधिकारको व्यापक उल्लङ्घन तथा अन्य घटनाहरूको कारण आफ्नो घरबाट जबरजस्ती लखेटिनु परेको छ । अन्यत्र विस्थापित भई शरणार्थीको जीवनयापन गर्नु परेको छ भन्ने उद्गार स्थानीयवासीले व्यक्त गरेका छन् । सो सम्बन्धमा स्थानीयवासीसँग छलफल भएको थियो । शोषक र सामन्तको आरोपमा, माओवादी सुराकीको आरोपमा आफ्नो थलोबाट हुनेखानेले केही थोरै चल सम्पत्ति लिएर सपरिवार विस्थापित भएका छन् । यसरी विस्थापित हुनेहरूमा कोही राजधानी, सदरमुकाम र कोही ठूलो सहर भारततर्फ विदेशिनु परेको पीडा व्यक्त गर्छन् । नयाँ ठाउँ र परिवेशमा आम्दानीको स्रोत नभएकाले पहाडी मूल र मधेशी मूलका व्यक्तिहरू बिलखबन्दमा परेका छन् । कलैया नगरपालिकामा २०६२ को जनआन्दोलनपश्चात् पहाडी मूलका जनता आफ्नो थलो छोड्न बाध्य भएका छन् । यसरी विस्थापित हुनु पर्नेको बीजारोपण २०५२ देखि २०६२ को जनआन्दोलनको क्रममा भइसकेको थियो भन्ने उद्गार नेपाली कांग्रेसका युवा नेता तथा सभासद शोभाकर पराजुली

---

[७] इन्सेक. **आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्त,** (काठमाडौँ : इन्सेक, २०६४), पृ. प्राक्कथन ।

व्यक्त गर्नुहुन्छ । जसको परिणाम २०६२ को मधेशी जनआन्दोलनताका पहाडी मूलले बढी भोग्नु परेको हो । आफ्नै देश वा बाहिरी देशमा शरणार्थी जीवन व्यतीत गर्न बाध्य भए ।

### (ख) अपहरणबाट महिलामा परेको असर

मानिसहरूलाई बलपूर्वक अपहरण गर्नु मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको उल्लङ्घन हो । द्वन्द्वकालमा विशेष गरी माओवादी पक्षबाट भिन्न राजनीतिक विचार राख्ने मानिसलाई अपहरण गरिएका थुप्रै उदाहरण छन् । कलैया नगरपालिका–७ जिल्ला प्रशासन कार्यालयको ढोका अगाडिबाट २०५४ जेठ १४ गते साँझ कृषि विकास शाखा कार्यालय कलैयाका अधिकृतलाई केही अपरिचित व्यक्तिले अपहरण गरी कलैया नगरपालिका–८ मा रहेको शोभा फाइनान्स कम्पनीको कार्यालय रहेको घरमा थुनी खाली कागजमा जबरजस्ती हस्ताक्षर गराई छोडे । घटनाको प्रकृति हेर्दा माओवादीको नाममा यस्तो कार्य भएको अनुमान छ ।[८] कलैया नगरपालिका–९ निवासी गडहल गा.वि.स. का सचिवले गा.वि.स.को रकम हिनामिना गरेको आरोपमा २०६३ जेठ १६ गते दिउँसो माओवादीले उनलाई कलैयाबाट अपहरण गरे । पीडितलाई इन्सेक तथा हरेक बाराको पहलमा जेठ १८ गते गडहलबाट मुक्त गरियो ।[९] त्यस्तै देवापुरटेटा–१ निवासी शिक्षकलाई स्थानीय बासिन्दा र माओवादीबीच झडप गराउन संलग्न रहेको आरोपमा २०६३ भदौ २४ गते माओवादीले कलैयाबाट अपहरण गरे । सबैको दबाबमा पीडितलाई माओवादीले असोज ३ गते साँझ कलैयाबाट मुक्त गरे ।[१०] कलैया नगरपालिका ५ निवासीलाई जग्गा विवादमा २०६३ कार्तिक ११ गते साँझ माओवादीले कलैयाबाट अपहरण गरे ।[११] विभिन्न स्रोतको आधारमा बारा जिल्ला कलैयाबाट अपहरणमा परेका घटना विवरणअनुसार महिलाहरू प्रत्यक्ष रूपमा अपहरणमा परेका छैनन् तर घरपरिवारबाट प्रत्यक्ष परोक्ष रूपमा महिलाले पीडा बोक्नु सहनु पर्छ भन्ने कुराको उदाहरणमा उल्लिखित घटनालाई लिन सकिन्छ । भाइ दुर्गा पासवानको अपहरण हुँदा दुःख भोग्ने दिदी बनियादेवी पासवानले आफ्नो व्यथा यसरी सुनाउँछिन् :

---

[८] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक ११९७**, (काठमाडौं : इन्सेक, इ. १९९७), पृ. २४० ।

[९] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००७**, (काठमाडौं : इन्सेक, इ. २००७), पृ. २७७ ।

[१०] **ऐजन** ।

[११] **ऐजन** ।

> मेरो भाइ माओवादी थियो, कतिखेर कसले कहाँ लग्यो, मार्‍यो मलाई थाहा छैन, १५ दिन पछि मार्‍यो भन्ने सुन्नमा आयो तर भाइको लाश कहाँ लग्यो, के गरे, मलाई थाहा छैन । भाइलाई मैले सानै उमेरदेखि पालन पोषण गर्दै आएको बडो दुःख गरी हुर्काएकी थिएँ । किनकि मेरा आमाबाबु कोही छैनन् अहिले भाइ नहुँदा बडो दुःख र दिक्क लागेको छ । म मजदुरी गरी जीविकोपार्जन गर्दै छु ।[१२]

उपर्युक्त उद्गारबाट प्रस्ट हुन्छ महिला प्रत्यक्ष अपहरणमा नपरे तापनि अपहरणमा परेका परिवारका अन्य सदस्यहरूका कारणबाट महिलाले दुःख बेहोर्नु पर्छ । अमलेखगंजमा माओवादी आन्दोलनको अवधिमा विद्रोही पक्षबाट अपहरणका घटना नभएको स्थानीय बासिन्दाहरूको भनाइ रहेको छ ।

### (ग) घाइते हुँदा महिलामा परेको असर

द्वन्द्वको समयमा द्वन्द्वरत पक्षका थुप्रै मानिसहरू घाइते भएको तथ्य सार्वजनिक भएको छ । घाइते हुनेहरूमा कतिपय निर्दोष मानिसहरू रहेको तथ्य खुलासा भएको छ । यद्यपि प्रत्यक्ष घाइते हुने महिलाहरूको सङ्ख्या कम छ तर पुरुष घाइते हुँदा परिवारका महिलाहरूले सङ्कटको सामना गर्नु पर्ने हुन्छ । सुनैनादेवीका छोरा मारिए र श्रीमान्को खुट्टामा बन्दुकले हानी घाइते बनाएकाले कमाएर खुवाउने कोही नभएको गुनासो सुनैनादेवीको छ । यस्ता सुनैनादेवी धेरै छन् जो अप्रत्यक्ष प्रभावित भएका छन् । सशस्त्र द्वन्द्वको अवधिमा कलैयामा राज्य पक्ष र माओवादी पक्षबाट भएका घाइतेसम्बन्धी विवरणहरू यस प्रकार रहेको छ :

- कलैया नगरपालिका–१ निवासी २०५७ फागुन २१ गते खेत नजिकै माओवादीद्वारा राखिएको बम विस्फोट हुँदा घाइते भए (परिशिष्ट १६) ।[१३]
- जिल्ला नापी कार्यालयको व्यस्त सडकमा २०६० मंसिर २१ गते माओवादीले बम विस्फोट गराए । उक्त बम विस्फोटमा परी कलैया नगरपालिकाको करिब १ दर्जन व्यक्तिहरू घाइते भए ।
- बारा जि.वि.स. भवनमा २०६० मंसिर २८ गते राति ८ बजे माओवादीले बम विस्फोट गराउँदा जि.वि.स. का चौकिदार ३९ वर्षीय राजदेव साह र ४४ वर्षीय हरिनारायण साह घाइते भए ।[१४] कलैया नगरपालिका १२ का २६ वर्षीय प्रमोद कुशवाहा, २७ वर्षीय कपिलदेव ठाकुर र महेशपुर गा.वि.स. का ३३ वर्षीय शम्भु

---

[१२] दुर्गा पासवानकी दिदी बनियादेवी पासवानसँग मिति २०६८/६/१३ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा ।

[१३] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००२**, (काठमाडौं : इन्सेक, इ. २००२), पृ. २०५ ।

२०६१ माघ १७ गते माओवादीले कलैया नगरपालिका १२ मा राखेको बम विस्फोट भई घाइते भए । कलैयामा निरङ्कुशता, प्रतिगमन र पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोधमा मशाल जुलुस प्रदर्शन गर्दा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा करिब १ दर्जनभन्दा बढी व्यक्ति घाइते भए ।[१५] २०६२ माघ ७ गते साँझ माओवादीले कलैया नगरपालिका–४ स्थित भूमिसुधार कार्यालयमा प्रेसर कुकर बम विस्फोट गराउँदा कलैया नगरपालिका–२ निवासी शारदादेवी र भागिरती देवी छर्रा लागी घाइते भए । घाइते मुनिलाल महतोको बमको छर्रा लागेको खुट्टा अझै निको भएको छैन । कलैया नगरपालिका–१ निवासी गाडी चालक २६ वर्षीय महमद आलम, कलैया नगरपालिका–६ निवासी वसन्ती चौधरी, आयुर्वेदिक अस्पताल कलैयाका ४५ वर्षीय कर्मचारी विश्वबन्धु झा जिल्ला प्रहरी कार्यालयका अनुसार घाइते भएका थिए । द्वन्द्वको समयमा अमलेखगंजमा द्वन्द्वका कारण घाइते हुनेहरूको सङ्ख्या बिलकुलै कम रहेको पाइयो । सदरमुकामबाट टाढा र जङ्गलले चारैतिरबाट घेरिएको कारणले होला, यस क्षेत्रमा द्वन्द्वको चर्को प्रभाव परेको पाइएन ।

## (घ) गिरफ्तारी र यातनाबाट महिलामा परेको असर

यातना मावन जातिको कलङ्कपूर्ण व्यवहार हो । द्वन्द्वको अवधिमा राज्य पक्षले बल प्रयोग गरी विनापुर्जी गिरफ्तार गर्ने, यातना दिने कार्यक्रममा तीव्रता आएको पाइन्छ । दश वर्षे माओवादी जनयुद्धमा र सात दलको जनआन्दोलनको क्रममा कलैया नगरपालिकाबाट राज्य पक्षबाट गिरफ्तार भएका घटनाहरूको विवरण तल प्रस्तुत गरिएको छ ।

कलैया नगरपालिका-१ का २८ वर्षीय शम्भु महतोलाई २०५५ साउन ५ गते राजनीतिक व्यक्तिहरूको दबाबमा एस.पी. साहेबको ठाडो आदेशमा भनी प्रहरीले पक्राउ गरी ६ दिनसम्म हिरासतमा राखेर निर्मम यातना दिइयो ।[१६] उनी माओवादी समर्थक भएको कुरा गाउँलेहरूले बताए । त्यस्तै कलैया नगरपालिका ७ का ३५ वर्षीय मोतीलाल बरैलाई २०५७ असोज ८ गते घर नजिकको बाटोबाट प्रहरीले विनापुर्जी गिरफ्तार गरे । पीडितलाई

---

[१४] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००४**, (काठमाडौँ : इन्सेक, इ. २००४), पृ. २७७ ।

[१५] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००६**, (काठमाडौँ : इन्सेक, इ. २००६), पृ. ३१० ।

[१६] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक-१९९९,** (काठमाडौँ : इन्सेक, इ. १९९९), पृ. २५५ ।

कार्तिक १९ गते ३ महिना नजरबन्दीका लागि वीरगंज जेलमा पठाइयो ।[१७] उनको राजनीतिक पृष्ठभूमिबारे कसैलाई जानकारी छैन । पूर्ण प्रजातन्त्रको माग गर्दै ने.का. ले २०६१ चैत्र ७ गते कलैयामा आयोजित शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी केन्द्रीय सदस्य फर्मुल्ला मन्सुर, जिल्ला सभापति लालबाबु सिंह, जिल्ला सदस्य कृष्ण पोखरेल, हरि थपलिया, जयचन्द्र चौरसिया, प्रभाव चौरसिया, दिलीप तिमिल्सिना र दिनेश पाण्डेसहित १३ जनालाई गिरफ्तार गरे । उनीहरूलाई चैत्र १४ गते जिल्ला प्रहरी कार्यालय बाराबाट रिहा गरियो ।[१८] यस जुलुसमा अन्य न्यायप्रेमी समुदायले सहयोग र समर्थन गरेका थिए । केही दिनपछि पूर्ण प्रजातन्त्रको माग राख्दै आन्दोलनरत सात दलको आयोजनामा २०६१ चैत्र १६ गते कलैयामा भएको विरोध प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरी ने.का. का केन्द्रीय सदस्य फर्मुल्ला मन्सुर, ने.क.पा. (एमाले) मा कृष्ण पौडेल, विभा कार्की, नारायण देवकोटा, मनोज पौडेल, ज्ञानु के.सी., अनेम सङ्घको विजया घिमिरे, महिला सङ्घकी केन्द्रीय सदस्य मधु शाही, जिल्ला अध्यक्ष मीना लामा, अनेरास्ववियुका पुष्पकुमार सिंहलगायत ३२ जनालाई गिरफ्तार गऱ्यो । उनीहरूलाई २०६२ जेठ २८ गते वीरगंज कारागारबाट रिहा गरियो ।[१९] यस जुलुसमा माओवादी पक्षले अप्रत्यक्ष रूपमा सहयोग गरेका थिए । यसै क्रममा पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै नेपाल पत्रकार महासङ्घले २०६२ जेठ २६ गते आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि प्रहरीले लाठी चार्ज गर्दा पत्रकार महासङ्घ बाराका सभापति विनोद प्याकुरेल, उपसभापति रमेश सुवेदी, प्रेस चौतारी बाराका अध्यक्ष वीरेन्द्र साह, चमिना भट्टराई, गुरुप्रसाद गौतम, लक्ष्मी साह, रामदेव दास, सिकेन्द्र पासवान, बृजमोहन कुशवाहालगायत पत्रकार घाइते भए ।[२०] पत्रकारहरूमाथि भएको यस प्रकारको प्रहरी हस्तक्षेपले यस क्षेत्रका बौद्धिक समुदायले गम्भीरतापूर्वक लिए । जलस्रोत सहायकमन्त्री विनोद साह २०६२ असोज ८ गते कलैया आउँदा अनेरास्ववियुका कार्यकर्ताले कालो झण्डा देखाई विरोध जनाए । प्रहरीले अनेरास्ववियुका जवाहिर अन्सारी, पप्पु सिंह, पंकज पाण्डे, विद्यानन्द यादव, फर्मुल्ला मन्सुरलाई सोही दिन दिउँसो गिरफ्तार गरी अपराह्न छोडेका थिए ।[२१]

---

[१७] इन्सेक. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १३, पृ. १७९ ।

[१८] इन्सेक. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १५, पृ. ३१०-११ ।

[१९] **ऐजन** ।

[२०] **ऐजन** ।

[२१] **ऐजन** ।

सशस्त्र द्वन्द्वको अवधिमा अमलेखगंजमा राज्यपक्षबाट गिरफ्तारी र यातनाका सीमित घटनाहरू भएको पाइयो । अमलेखगंज गा.वि.स.–१ का ५२ वर्षीय फूलमाया मगर, २१ वर्षीय उर्मिला घलान, देवबहादुर घलान, राजु थिङ, राजकुमार पटेल, विजय लामा, घनश्याम श्रेष्ठ र वीरेन्द्र गुरुङलाई २०५९ फागुन २१ गते घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी निर्मम कुटपिट गऱ्यो ।[२२] स्थानीयवासीको भनाइअनुसार गिरफ्तार सबै माओवादी समर्थक थिए । महिलाले द्वैध जिम्मेवारी वहन गर्नु पर्छ । परिवारका सदस्य वा स्वयम् गिफ्तारीमा पर्दा घरपरिवार अव्यवस्थित हुने र मानसिक पीडा वहन गर्नु पर्छ भन्ने भनाइ पाइन्छ ।

### (ङ) कुटपिटबाट महिलामा परेको असर

सशस्त्र द्वन्दको अवधिमा राज्यविरुद्ध रहेका थुप्रै मानिसहरू सुरक्षाकर्मीबाट कुटपिटका सिकार भएका तथ्याङ्क सार्वजनिक भएका छन् । यस क्रममा थुप्रै निर्दोष मानिसहरू पनि कुटपिटको चपेटामा परेका उदाहरण पनि प्राप्त भएका छन् । यस अवधिमा राज्यपक्षबाट कलैयामा राजनीतिक व्यक्तिहरूमाथि भएका कुटपिटका घटनाहरू यस प्रकार रहेको छ :

निजगढ गा.वि.स.–१ का ने.क.पा. (एमाले) जिल्ला कमिटी सदस्य एकबहादुर श्रेष्ठ, प्ररायुसं केन्द्रीय सदस्य रामचन्द्र प्यासी, चमिना भट्टराई, ने.क.पा. (एमाले) का बलवीर चौधरी, वासु यादव, अनेरास्ववियुका केन्द्रीय सदस्य मनोज पौडेल, नेपाल महिला सङ्घ केन्द्रीय सदस्य मधु शाही र जिल्ला अध्यक्ष मीना लामालाई २०६० जेठ ८ गते कलैयामा आयोजित प्रतिगमनविरुद्धको विरोध कार्यक्रममा सहभागी हुँदा प्रहरीले कुटपिट गरे ।[२३] प्रतिगमनविरुद्ध आन्दोलनमा कलैया नगरपालिकाका पूर्व मेयर रवीन्द्रदास श्रेष्ठ, बारा जि.वि.स. का पूर्वसभापति छटु यादव, एमाले बाराका सचिव अच्युत मैनाली, प्ररायुसंका केन्द्रीय सदस्य रामचन्द्र प्यासी र एमालेका पप्पु सिंहलाई २०६१ वैशाख २८ गते कलैयामा भएको मशाल जुलुसमा सहभागी हुँदा प्रहरीले कुटपिट गरे । उक्त दिन नेपाल पत्रकार महासङ्घका जिल्ला उपसभापति तथा बारा सन्देश साप्ताहिकका सम्पादक रमेश सुवेदी, महासङ्घको जिल्ला सदस्य एवं प्रतीक दैनिकका संवाददाता रामदेव दास र भमिरा सहनीलाई २०६१ वैशाख २८ गते कलैयामा भएको प्रतिगमनविरुद्ध आन्दोलनको समाचार सङ्कलन गर्न जाँदा प्रहरीले कुटपिट गरे । यसै क्रममा पिपरासिमरा गा.वि.स.–४ का

---

[२२] इन्सेक. **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या १४, पृ. २७८ ।

[२३] **ऐजन.** पृ. २३१ ।

जनमोर्चा नेपालका नारायण पोखरेल, एमाले जिल्ला सदस्य दिनेश राई र पलट चौधरीलाई २०६१ वैशाख २९ गते सदरमुकाममा भएको प्रतिगमनविरुद्ध कार्यक्रममा सहभागी हुँदा प्रहरीले कुटपिट गरे ।[२४] यसबाहेक अरू थुप्रै मानिस प्रहरीबाट कुटपिटका सिकार भए तर उनीहरूको यथार्थ विवरण प्राप्त हुन सकेन । कुटपिटबाट भएको चोटपटक, पीडा वर्तमान समयसम्म यथावत् छ भन्ने भनाइ आन्दोलनमा संलग्न महिलाहरूको भनाइ छ । द्वन्द्वको अवधिमा अमलेखगंजका राज्य पक्षबाट सीमित मात्रामा कुटपिटको घटना भएको जानकारी प्राप्त भयो । यस क्षेत्रमा द्वन्द्वरत समूहको खुल्ला कार्यक्रम नभएका कारण यो क्षेत्रमा कुटपिटको घटना नभएको स्थानीय बासिन्दाको भनाइ रहेको छ ।

### (च) बेपत्ता हुँदा महिलामाथि परेको असर

बलपूर्वक बेपत्ता पार्नु मानवता विरुद्धको अपराध हो । नेपालमा सशस्त्र द्वन्द्व सुरुआत भए पनि राज्य पक्ष र माओवादी पक्षले नागरिकका आधारभूत अधिकारप्रति संवेदनहीन बन्दै बेपत्ता पार्ने कार्यलाई तीव्रता दिए (परिशिष्ट ८) । यद्यपि बेपत्ता पार्ने अभियान विशेष गरी माओवादी प्रभावित क्षेत्रमा सङ्क्रामक रूपमा देखिए तापनि यसले देशका अन्य क्षेत्रलाई अछुतो राख्न सकेन । यस क्षेत्रमा पनि सीमित मात्रामा बेपत्ता पार्ने घटना भएको पाइन्छ । स्थलगत अध्ययनको आधारमा बारा जिल्लाको मटिआरवा वडा नं. ६ का ठग साहका छोरा ड्राइभर रामईश्वर साह २०५६ सालमा अज्ञात समूहबाट अपहरण भएका थिए । आजसम्म उनीहरू बेपत्ता नै छन् । आई.सी.आर.सी. २०६६ को आधारमा बेपत्ता हुनेहरूको विवरण यस प्रकार रहेको पाइएको छ :

**तालिक नं. ५.१**

**बेपत्ता नागरिक सङ्ख्या**

| बेपत्ता भएको व्यक्तिको नाम | लिङ्ग | जन्म मिति | बुबाको नाम | बेपत्ता भएको | |
|---|---|---|---|---|---|
| | | | | मिति | जिल्ला |
| देवनारायण चौधरी | पु. | २०३३ | हरि चौधरी | २०५८/८ | बारा |
| दुर्गा हजरा | पु. | २०३९ | भागिरथ हजरा दुसाध | २०५९/१/१ | बारा |
| टंकप्रसाद गौतम | पु. | २०३१/१०/२ | चिन्तामणि गौतम | २०५९/५/२ | बारा |
| रामसागप्रसाद यादव | पु. | २०३७ | रामकिशोर प्र. यादव | २०६१/४/२० | बारा |
| रमेशकुमार जर्घामगर | पु. | २०४१ | पदमबहादुर जर्घा मगर | २०६१/७ | ललितपुर |
| रामानन्द सहनी | पु | २०२२ | गंगालाल सहनी | २०६१/९/५ | बारा |

***स्रोत :*** आईसीआरसी. **बेपत्ता भएका बारे जान्न पाउनुः एक अधिकार, आवधिक सूची**. काठमाडौं : एन.आर.सी.एस., २०६६, पृ. २३ ।

[२४] **ऐजन.** पृ. ३२१ ।

उपर्युक्त तालिकाअनुसार बेपत्ता हुनेहरू पुरुष हुन् तर पुरुष बेपत्ता हुँदा महिलाले अर्ध विधवाको जीवनयापन गर्नु पर्छ । बेपत्ता पारिएकाहरूबारे विस्तृत जानकारी माओवादी र सरकार दुवैले दिएका छैनन् । कतिपयको हत्या भएको पनि आशङ्का गरिएको छ । विशेषगरी कलैया नगरपालिका र अमलेखगंजमा बेपत्ता पार्ने घटना नभएको स्थानीय बासिन्दाहरू जानकारी दिए तापनि कतिपय घटना दर्ता नभएकोले उपर्युक्त तालिकामा समावेश नभएको पाइएको छ ।

**(छ) हत्याबाट महिलामा परेको असर**

द्वन्द्व सुरु भएपछि मानव अधिकार हननका घटना वृद्धि भएको पाइन्छ । सशस्त्र द्वन्द्व सुरु भए पनि माओवादी नियन्त्रण गर्ने नाममा विद्रोहीहरूलाई राज्यपक्षले बर्बरतापूर्वक हत्या गरेको र माओवादीहरूले पनि जनयुद्धलाई अवरोध पुऱ्याउने मानिसलाई हत्या गरेका तथ्यहरू सार्वजनिक भएका छन् । यस क्रममा थुप्रै निर्दोष मानिसहरू दुवै पक्षका सिकार भएको पाइएको छ । कलैयामा द्वन्द्वको अवधि राज्यपक्ष र माओवादी पक्षबाट भएका हत्याका विवरणहरू यस प्रकार रहेको पाइयो :

- २०५७ असार ३१ गते कलैया नगरपालिका–५ का सई ५० वर्षीय खड्गबहादुर खड्कालाई खेततर्फ गइरहेको अवस्थामा माओवादीले अपहरण गरेकोमा साउन ६ गते मनहर्वा गाउँ विकास समिति–५ को खेतमा आँखा निकाली शरीरको विभिन्न भाग छियाछिया पारिएको मृत अवस्था फेला परे ।[२५]
- २०५८ असार १५ गते कलैया नगरपालिका–२ का प्रहरी पदमनारायण महतो विद्रोहीद्वारा मारिए ।[२६]
- २०५८ असार २४ गते कलैया न.पा.–७ स्थित जिल्ला प्रहरी कार्यालयमा राति माओवादीले बम प्रहार गर्दा प्रहरीले गोली प्रहार गरे । सो क्रममा माओवादी भनिएका धनुषा जिल्ला यक्षभूमि गा.वि.स. का २४ वर्षीय नथुनी महतोको मुत्यु भयो ।[२७]

---

[२५] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००१**, (काठमाडौँ : इन्सेक, इ. २००१), पृ. १७८ ।

[२६] द्वन्द्वका क्रममा मृत्यु भएका व्यक्ति परिवारको विवरण, जिल्ला बारा, नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, द्वन्द्वका प्रभावित व्यक्ति परिवार तथा संरचनाको लागि सङ्कलन कार्यदल, (काठमाडौँ : बबरमहल, २०६६) ।

[२७] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००२,** (काठमाडौँ : इन्सेक, इ. २००२), पृ. २०६ ।

- २०६० कार्तिक २९ गते कलैया घर भई माओवादीद्वारा घोषित जिल्ला जनसरकार सदस्य एवं अनेम सङ्घ (क्रान्तिकारी) का जिल्लासचिव बबिता मण्डललाई महेशपुर गा.वि.स. मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे ।[२८]

- २०६१ माघ १ गते कलैया नगरपालिका ७ का गोरख साह कानु विद्रोहीपक्षद्वारा मारिए ।[२९] उनी कसरी मारिए भन्ने सम्बनधमा विस्तृत जानकारी भएन ।

- २०६१ माघ १७ गते कलैया नगरपालिका ६ का २५ वर्षीय पूर्वप्रहरी मोहन साहको माओवादीले कलैया नगरपालिका–२ मा राखेको बम विस्फोट हुँदा मृत्यु भयो ।[३०]

- २०६१ चैत्र २ गते मधुरी जब्दी गा.वि.स. का पूर्वअध्यक्ष ५५ वर्षीय रामधीनप्रसाद यादवलाई घर गएका बेला माओवादीले गोली हानी हत्या गरे । उनी माओवादीको कारण करिब ३ वर्षदेखि सदरमुकाम कलैयामा डेरामा बस्दै आएका थिए । गाउँमा थालिएको पूजामा सहभागी हुन गएको दिन उनको हत्या भएको थियो ।[३१]

- २०६२ चैत्र ४ गते कलैया नगरपालिका–९ निवासी ११ वर्षीय बालक सदरे आलमको आफ्नै खल्तीमा रहेको सकेट बम कलैया अस्पतालअगाडि सडकमा बम विस्फोट भई घाइते भएकोमा उपचारार्थ वीरगंज अस्पताल लाँदालाँदै बाटोमा मृत्यु भयो ।[३२]

- २०६३ वैशाख २० गते कलैया नगरपालिका–५ निवासी २० वर्षीय विजय राम र भारत चम्मापुर निवासी रवीन्द्र यादवको माओवादी नियन्त्रणमा रहेको अवस्थामा गंजभवानीपुरका बासिन्दाले हत्या गरे । पीडितलाई वैशाख ९ गते कोल्हवी बजारमा माओवादीको कार्यक्रम हेर्न जाँदा माओवादीले अपहरण गरेका थिए । मृतकलाई माओवादीले चोरी, डकैती र बलात्कारको आरोप लगाएका थिए ।[३३]

---

[२८] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००४,** (काठमाडौँ : इन्सेक, इ. २००४), पृ. २७६ ।

[२९] नेपाल सरकार. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या २५ ।

[३०] इन्सेक. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १५, पृ. ३०७ ।

[३१] **ऐजन.** पृ. २७६ ।

[३२] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००७,** (काठमाडौँ : इन्सेक, इ. २००७), पृ. २७४ ।

[३३] **ऐजन.** पृ. २७४ ।

अमलेखगंजको सन्दर्भमा राज्य पक्ष र माओवादी पक्षबाट हत्या भएका केही सीमित घटनाहरू प्राप्त भएका छन्, जुन निम्नानुसार छन् :

- अमलेखगंज गा.वि.स. ९ को ४ नं. पुल नजिकको जङ्गलमा काठमाडौं महानगरपालिका–२६ घर भएका शान्तरत्न शाक्यको बेवारिसे लास २०५४ भदौ १३ गते फेला पर्‍यो । उनको हत्या भएको आशङ्का गरिएको छ । हत्या कसले गर्‍यो भन्ने कुरा जानकारीमा आएन ।[३४]

- अमलेखगंज गा.वि.स.–५ मा पर्ने राजमार्ग छेउको जङ्गलमा मानिसक सन्तुलन गुमेकी ३५ वर्षीया एक महिलालाई माओवादीको आशङ्कामा २०५८ चैत्र २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे ।[३५]

- लमजुङ घर भई शाही नेपाली सैनिक शिक्षालय अमलेखगंजमा कार्यरत सैनिक हवल्दार खम्बबहादुर थापालाई २०६० फागुन १९ गते माओवादीले निजगढमा गोली हानी हत्या गरे । पीडितलाई एक दिनअघि अमलेखगजंबाट अपहरण गरिएको थियो ।[३६]

जति व्यक्तिको हत्या भयो त्यति महिला विधवा भए, तिनका बालबालिका अनाथ भए । पारिवारिक सदस्यको मृत्यु हुँदा महिलाले डर, त्रास, तनावपूर्ण जिन्दगी व्यतीत गर्नु पर्दछ ।

### (ज) बलात्कारबाट महिलामा परेको असर

बलात्कार युद्धमा सैन्यतन्त्रले आफ्नो सामर्थ्य देखाउन, विरोधीलाई तर्साउन, हतोत्साहित बनाउन र चोट पुर्‍याउन विपक्षी समूहका महिलामाथि यौन आक्रमण गर्ने तथा यौन लुट्ने क्रियालाई हतियारको रूपमा प्रयोग गरेको पाइन्छ । अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष जयपुरी घर्ती मगरका अनुसार युद्धबेला एउटै जिल्लामा ५० भन्दा बढी महिला बलात्कृत भएका छन् ।[३७] ने.क.पा. (माओवादी) केन्द्रीय सदस्य पम्फा भुसालका अनुसार गिरफ्तार भई मारिएका सबै महिला साथीहरू सुरक्षाकर्मीबाट बलात्कृत भएका थिए ।[३८]

---

[३४] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००३**, (काठमाडौं : इन्सेक, इ. २००७), पृ. २४० ।

[३५] **ऐजन.** पृ. २२० ।

[३६] इन्सेक. **मानव अधिकार वर्ष पुस्तक २००५**, (काठमाडौं : इन्सेक, इ. २००५), पृ. ३१८ ।

[३७] अन्जु क्षेत्री. "बलात्कार विपक्षीलाई प्रताडित गर्न", **महिला शान्ति र पुनर्संरचना**, (काठमाडौं : अस्मिता महिला प्रकाशन समूह, वर्ष अनुल्लिखित), पृ. ६१ ।

[३८] **ऐजन** ।

देशको अन्य भाग जस्तै यस क्षेत्रमा पनि महिलाहरूमाथि राज्य पक्ष र माओवादी पक्षबाट यौनदुराचार भएको, बलात्कार गरिएको एक जिज्ञासामा यस क्षेत्रमा त्यस्तो घटना कसैबाट पनि नभएको बताएका छन् । आर्य संस्कृति बाहुल्य रहेको कलैयामा यस विषयमा कसैले जानकारी दिन चाहेनन् । मिश्रित संस्कृति (दलित, जनजाति, आर्य र अल्पसंख्यक) को बाहुल्य रहेको अमलेखगंजमा सो सवालमा केही मानिसहरूले सुरक्षाकर्मीबाट खानतलासीको क्रममा बलात्कार भएको तर त्यस्तो घटना सार्वजनिक नगरिएको बताएका छन् ।

बलात्कार विभिन्न खाले युद्धमा प्रयोग हुने महिला विरुद्धको हतियार हो । विश्वभर नै द्वन्द्वरत पक्षहरूले आपसी दुस्मनी साध्न र अर्कोको तेजोबध गर्न सदैव विपक्षीका महिलालाई बलात्कार गर्ने हतियार प्रयोग गरेको देखिन्छ । दस वर्षको अवधिमा अत्यधिक मात्रामा विद्रोही पक्षका महिलालाई राज्यका सेना, प्रहरीले विभत्स ढङ्गले एकल वा सामूहिक बलात्कारको वस्तु बनाए । सुरक्षाकर्मीले गरेको सामूहिक बलात्कार बर्बरताको चरम उदाहरण हो । बलात्कारपछि हत्या गरिएका माओवादी कार्यकर्ताको सङ्ख्या पनि निकै ठूलो छ । एकाध घटनामा माओवादी पक्षले पनि सामान्य महिलामाथि बलात्कार गर्ने अपराध गरेको छ । विपक्षीलाई अपमानित गर्ने र मानसिक रूपमा हराउने अस्त्रका रूपमा यस्ता यौनजन्य अपराधको अलग्गै रेकर्ड राखिनु पर्छ ताकि भविष्यमा इतिहासका यी क्रूर घटनाहरू सामान्य बनेर नजाऊन् ।

### ५.२.३ चेलीबेटी बेचबिखन तथा देह व्यापारको अवस्था

वर्तमान वैज्ञानिक युगमा पनि मानव बेचबिखन जस्तो जघन्य अपराध संसारभरी मौलाउँदै गएको मानव सभ्यताको विडम्बनाबाट नेपाल अछुतो छैन । मानव बेचबिखनजस्ता जघन्य अपराध नियन्त्रित हुनु पर्ने, बेचबिखनमा परेर आहत बनेका महिलाको उचित संरक्षण तथा पुनर्स्थापना हुनु पर्ने प्रावधानको बाबजुद बारा, कलैया र अमलेखगंजका महिलाहरू देहव्यापारमा संलग्न भएका छन् । चेलीबेटी बेचबिखन अमलेखगंज गा.वि.स. को एकजना र कलैया न.पा. बाराका २ जनालाई बेचबिखनको मुद्दा दर्ता भएको छ । स्थानीय स्रोतअनुसार महिला बेचबिखनमा परेका छन्, तर इज्जतका कारण यस्ता मुद्दाहरू दबाएर राखिएको छ । यस सम्बन्धमा सम्बन्धित व्यक्तिहरूले कुरा गर्न चाहेनन् । अध्ययन क्षेत्रमा द्वन्द्वका कारण विभिन्न समस्या सामना गर्नुपर्दा महिलाहरू देहव्यापार गर्न बाध्य भए । विद्यार्थी जागरण मञ्च,

वीरगंज स्रोतअनुसार बारा जिल्लाका ३० जना महिला देह व्यापारमा लागेको कुरा स्वीकार गरेका छन् ।[३९] बसोवास गरेको क्षेत्रभन्दा बाह्य क्षेत्रमा गई यस्ता व्यापार व्यवसाय गरेको पाइएको छ । देहव्यापारमा लागेका महिलाहरूसँग कुराकानी गर्दा खुशीले नभई वाध्यतावश यो पेसामा लागेको जानकारी दिएका छन् । "घाँसपात गर्न जाँदा माओवादीले मुखमा कपडा बाँधी, धाक धम्की दिई जोरजबरजस्ती लगेको थियो । चितवनमा भिडन्त पर्दा राज्य प्रहरीले आफ्नो ड्रेस लगाएर भगाई पठाएको हो । त्यहाँबाट फर्केपछि देह व्यापारमा लागियो । एक वर्ष यस पेसामा लागेपछि अर्को बिहे गरी पेसा छोडेको अनुभव बताउँछिन् ।"[४०]

धेरैजसो महिला माओवादी द्वन्द्वको आतङ्कबाट ग्रसित भई आफ्नो बसोवास गरेको स्थान छोडी विस्थापित हुनु परेको हो । नयाँ स्थानमा बसाइसराई गर्दा काम नपाएको, जीवन धान्न, बालबालिकाको भरणपोषणका लागि देहव्यापार पेसामा लागेको अनुभव पनि छ । कोही महिलाको पति सेनामा गएको (राज्य सेना वा माओवादी सेना भन्ने यकिन जानकारी नभएको) ले छोराछोरीलाई पाल्न देहव्यापारमा लागेको अनुभव सुनाउँछन् । यसै सन्दर्भमा स्थानीय बासिन्दासमक्ष सवाल राख्दा यसरी जवाफ पाइएको छ । माओवादी द्वन्द्वका कारण देहव्यापारमा लागेको भन्ने सवालमा कलैयाका सर्वसाधारणतर्फ ३२.२ प्रतिशत सहमति, ५३.८ प्रतिशत आंशिक सहमति र १४ प्रतिशत असहमति छ भने विशिष्टतर्फ ३१.९ प्रतिशत सहमति, ५३.२ प्रतिशत आंशिक सहमति र १४.९ प्रतिशत असहमति जनाएका छन् । सोही सवाल अमलेखगंज गा.वि.स.का सर्वसाधारणतर्फ ५६.२ प्रतिशत सहमति, ३१.३ प्रतिशत आंशिक सहमति र १२.५ प्रतिशतले असहमति जनाएका छन् र विशिष्टतर्फ ४५ प्रतिशत सहमति, ३० प्रतिशत आंशिक सहमति र २५ प्रतिशत असहमति जनाएका छन् । यसलाई तलको स्तम्भचित्रमा देखाइएको छ ।


**स्तम्भचित्र नं. ५.४**

**देहव्यापारमा संलग्नतासम्बन्धी अभिमत**

---

[३९] गैरसरकारी संस्था, विद्यार्थी जागरणमञ्च, वीरगंजको अभिलेख (२०६८) ।

[४०] प्रेरणा राना मगर (परिवर्तित नाम) सँग मिति २०६८।६।२२ मा लिइएको अन्तर्वार्ताबाट प्राप्त जानकारीको आधारमा । ।




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

नेपालमा हजारौं युवतीलाई वेश्यावृत्तिमा लगाउन दलालहरूले देशभित्र र बाह्य देश (विशेषगरी भारत) मा विभिन्न सहरमा रहेका वेश्याकोठीमा लगेर बेच्छन् । सहरीकरण बढ्दै जाँदा सहरहरू र सडक मार्ग वरिपरि वेश्यावृत्ति गर्न धेरै युवतीलाई बाध्य बनाइन्छ । द्वन्द्वका कारण विस्थापनले गर्दा सहरी क्षेत्रमा देहव्यापार बढेको छ, क्याबिन, रेष्टुराँ, डान्सबार र मसाज पार्लरको नाममा देहव्यापारमा विस्थापित महिलाहरूको उल्लेख्य सङ्ख्या छ । विस्थापित महिलाहरू अस्तित्व धान्नका लागि श्रमशोषण गराउन बाध्य भएका छन् ।


### ५.२.४ डर र तनावपूर्णको अवस्था

डर, तनाव र सशस्त्र द्वन्द्वले सृजना गर्ने असरहरूमध्ये एक प्रमुख असर हो । सामाजिक विकृति र तनाव सबै सशस्त्र द्वन्द्वरत समाजको साझा चरित्र हो । यसले समाजमा डर, त्रास र तनाव सृजना गरिरहेको हुन्छ । सामाजिक सम्बन्धहरू टुट्ने अवस्था हुन्छ । एकले अर्कालाई आशङ्काको दृष्टि राख्ने, असहयोगको भावना, सधैंभरि त्रास र चिन्तामा बाँच्नु पर्ने अवस्था सृजना हुन्छ । युद्धरत पक्षले सर्वसाधारणलाई आफ्नो पक्षमा उपयोग गर्न डर, त्रास, लोभ र दवावको रणनीति प्रयोग गर्छन् । परिणाम स्वरूप बाध्यतवश तटस्थ भएर बस्न नसक्ने र कुनै एकप्रति लाग्नु पर्ने विवशता हुन्छ । डरका कारण देखावटी झुकाव भए पनि देखाउनु पर्छ । सर्वसाधारण दुवै पक्षको चपेटामा रहनु पर्छ । प्रहरी पक्षको आशङ्कामा युद्धरत पक्षले र युद्धरत पक्षतर्फको आशङ्कामा राज्यपक्षले सर्वसाधारणलाई दुःख, यातना दिने गर्दछन् । यही डरको चपेटामा जीवन व्यतीत गर्न बाध्य हुन्छन् । यस्तै विवशता नेपालमा देखा परेका छन् । बाटो खन्नको लागि जारी गरिएको माओवादीले "एक

घर एक व्यक्ति नत्र ३ हजार रुपियाँ जरिवाना"[४१] भन्ने उर्दी गरेको गाउँ छाडेर बाहिर जान परेमा माओवादीको स्वीकृति लिनु पर्ने, उनीहरूको उत्तेजित गराउने, रोमाञ्चित गराउन सांस्कृतिक कार्यक्रममा सहभागी हुनुपर्ने, अन्य भाषण आदि कार्यक्रममा अनिवार्य सहभागी हुनु पर्ने, उनीहरूलाई खाना, वासको व्यवस्था गर्नु पर्नेजस्ता उर्दीहरूको पालना गर्नु पर्थ्यो । यसै सन्दर्भमा अध्ययन क्षेत्र कलैया नगरपालिकाका सर्वसाधारणमा प्रश्न राख्दा ४४.६ प्रतिशत सहमति, ३५ प्रतिशत आंशिक सहमति र २०.४ प्रतिशतले असहमति जनाए भने विशिष्टतर्फ ४७.९ प्रतिशत सहमति ३७.२ आंशिक सहमति र १४.९ प्रतिशत असहमति जनाएका छन् । सोही सवाल अमलेखगंजका साधारणतर्फ ५० प्रतिशत सहमति, ३१.२ प्रतिशत आंशिक सहमति र १८.८ प्रतिशत असहमति र विशिष्टतर्फ ५५ प्रतिशत सहमति २५ प्रतिशत आंशिक सहमति र २० प्रतिशत असहमति जनाएका छन् । उपर्युक्त कुराको निम्न स्तम्भचित्रबाट स्पष्ट हुन सकिन्छ :

**स्तम्भचित्र नं. ५.५**

**भयपूर्ण जीवनसम्बन्धी जनमत**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उपर्युक्त किसिमको उर्दी पालना गर्नु परेको भन्ने कुरा स्विकार गरेका छन् तर कसले के कस्ता उर्दी पालना गर्नु परेको भन्ने सवालमा कुनै करकापमा नपरेको कुरा स्थानीयवासीले बताएका छन् । त्यस्तै गरी कसैले उत्तर दिन चाहेनन् । यस्ता उर्दीको उल्लङ्घन गर्दा युद्धरत

[४१] अन्जु क्षेत्री र मञ्जु थापा. "एक घर एक व्यक्ति नत्र ३ हजार रुपियाँ जरिवाना", **महिला शक्ति र**

पक्षबाट यातना सहनु पर्दथ्यो भने उर्दी पालना गर्दा प्रहरी प्रशासनको यातना खेप्नु पर्ने डरबाट ग्रसित भएको कुराकानीको क्रममा उनीहरूले बताए । यिनै डर, बोझ, तनाव र चिन्ताका कारण कति महिलाहरू बिरामी परेका, बालबच्चाको मनमा डरको छाप परेको छ । बालबालिकालाई विद्यालय पठाउन नसक्ने अवस्था थियो । बसमा बम राखिएको होला, विस्फोट होला, विद्यालयमा वम विस्फोट होला नानीहरू गुमाउनु पर्ने हो कि, घरबाट काममा गएका पुरुष सही अवस्थामा फर्कने हुन् कि नफर्कने हुन्, अपहरण हुन सक्नेजस्ता यावत् चिन्ताका कारण सधैंभरि डर र तनावबाट ग्रसित थिए ।

### ५.२.५ शैक्षिक उपलब्धिमा अवरुद्ध र शैक्षिक गुणस्तरमा ह्रास

विद्रोही पक्ष र सरकार शैक्षिक संस्थानहरूप्रति संवेदनशील नभएका कारण द्वन्द्वकालमा शिक्षकहरूलाई धम्की दिइने, चन्दा असुली गरिने, विद्यालयबाट शिक्षक र विद्यार्थीहरूलाई अपहरण र गिरफ्तारी गरिने, बेपत्ता बनाइने, तालाबन्दी गरिने र बम विस्फोटन गराउने कार्य भएका थिए । साथै यस्तो परिस्थितिमा पठनपाठन अवरुद्ध हुनु स्वाभाविकै हो । सशस्त्र द्वन्द्वले शिक्षा क्षेत्रमाथि दीर्घकालीन असर पारेको छ । "विद्यालय शान्ति क्षेत्र" हुन् भन्ने विश्वव्यापी मान्यतालाई बेवास्ता गर्दै सशस्त्र द्वन्द्वको समयमा राज्य र माओवादी दुवै पक्षबाट विद्यालय प्रयोग, आक्रमण, शिक्षक हत्या, अपहरण, धाक-धम्की, शिक्षकसँग जबरजस्ती चन्दा असुली, विद्यालय भवन, विद्यालयका सवारीसाधनमा बम विस्फोट, आगजनी, विद्यार्थी अपहरण, हत्या, विद्यार्थीलाई सुराकीको रूपमा प्रयोग, सैनिक प्रयोजनको लागि प्रयोग, विद्यालयमा सेन्ट्री राख्ने, विद्यालयमा सैन्य शिविर राख्ने, हातहतियारसहित विद्यालयमा प्रवेश गर्ने, जनशिक्षा पढाउनेजस्ता शिक्षा अधिकारका हननका कारण विद्यार्थी शैक्षिक उपलब्धिमा अवरुद्ध भएको छ । विशेषगरी छात्राको शैक्षिक उपलब्धिमा अवरुद्ध भएको थियो । किनभने छात्रा महिला भएकै कारण उनीहरूले अत्यधिक कठिनाइ र समस्या सामना गर्नु परेको थियो । बारा जिल्लामा ने.क.पा. (माओवादी) र राज्यपक्षले बालबालिकाहरू नियन्त्रणमा राखेका थिए । माओवादी सङ्गठन सुदृढीकरण अभियान कार्यक्रममा बारा जिल्लाका विद्यालयहरूबाट करिब ५० जना बालबालिका माओवादी सेनामा गएका थिए । पछि सेनाबाट भागेर जाँदा माओवादी सेनाबाट कुटाइ खाएका थिए । पछि ह्युमन राइट्स, स्थानीय बुद्धिजीवी र

---

**पुनर्संचना,** (काठमाडौँ : अस्मिता महिला प्रकाशन गृह, २०६३), पृ. ६१ ।

आमाबाबुको पहलमा फर्काइएको थियो ।[४२] माओवादीले राखेको बम पड्किएर एकजना छात्रको मृत्यु हुनका साथै १ जना छात्र अपाङ्ग र १ जना छात्रा घाइते भएका छन् । सशस्त्र द्वन्द्वका क्रममा माओवादी र राज्य पक्षबाट ५ जना छात्रा विस्थापित भएको र ६३ जना विद्यार्थीहरू (छात्र-छात्रा) ले पढाइ छोडेका थिए ।[४३]


द्वन्द्वको कारण कतिपय पूर्वनिर्धारित परीक्षा रद्द भए भने कतिपय सञ्चालनमा रहेको परीक्षा अवरुद्ध भए । फलस्वरूप शिक्षाको अवसरबाट थुप्रै विद्यार्थीहरू वञ्चित भई शैक्षिक रूपले कुपोषणका सिकार भए र शैक्षिक गुणस्तर खस्कियो । यसै सवालसँग गाँसिएको एक प्रश्नको सवालमा कलैया र अमलेखगंजका मानिसहरूले उस्तै-उस्तै प्रतिक्रिया दिए । द्वन्द्वकालमा शैक्षिक अवरुद्ध र शैक्षिक गुणस्तर खस्किएको जवाफमा कलैयाको सर्वसाधारण उत्तरदाताहरूमध्ये क्रमशः ५६.५, २२.० र २१.५ प्रतिशत उत्तरदाताहरूले सहमति, आंशिक सहमति र असहमति प्रकट गरेको पाइयो भने विशिष्ट उत्तरदाताहरूमध्ये सहमति, आंशिक सहमति र असहमति प्रकट गर्नेहरूको सङ्ख्या क्रमशः ४४.७, ३६.२ र १९.१ प्रतिशत थियो । त्यस्तै अमलेखगंजका सर्वसाधारणतर्फ सो सवालमा सहमति, आंशिक सहमति र असहमति प्रकट गर्नेहरूको सङ्ख्या क्रमशः ६४.७, २७.८ र ७.५ थियो भने विशिष्ट उत्तरदातातर्फ सो सङ्ख्या क्रमशः ३५.०, ५०.०, र १५.० प्रतिशत थियो । यस सम्बन्धमा केही विद्यालयका शिक्षकहरूसँग राखिएको जिज्ञासाको क्रममा उनीहरूको सशस्त्र द्वन्द्व र लगातार गरिने हडताल, तालाबन्दी आदि कारणले गर्दा विगत ८०-९० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने विद्यालयहरू द्वन्द्व अवधिमा केवल ५०-६० प्रतिशत उत्तीर्ण गराउन सफल भएको तथ्य सार्वजनिक गरे । कतिपय निजी विद्यालयतर्फका शिक्षक, कर्मचारी र सञ्चालकहरूले बन्द, हडतालका बाबजुद पनि कक्षा सञ्चालन गरेको खुलासा गरे । तर सरकारी विद्यालयतर्फका शिक्षक, कर्मचारीहरूसँग सो विषयमा राखेको जिज्ञासा सुन्दा आश्चर्य लाग्यो । उनीहरूले स्थानीयस्तरमा हुने गरेको सामान्य बन्द हडतालको कारण पनि विद्यालय नजाने गरेको खुलासा गरे । कतिपय शिक्षकले विद्यार्थीहरू दुर्घटनामा सिकार नबनून् भनेर आवश्यकभन्दा बढी विद्यालय बन्द गरेको तथ्य खुलासा गरे । यस परिस्थिति स्वाभाविक रूपमा शैक्षिक संस्थानहरूले शैक्षिक गुणस्तर दिन सकेनन् । यसलाई तल स्तम्भचित्रमा देखाइएको छ ।

[४२] लालबाबु कुसवाहा. **सशस्त्र द्वन्द्वबाट बालबालिका तथा शिक्षा क्षेत्रमाथि परेका असर**, (बारा : हिमराइट्स/पीपीसीसी, २०६३), पृ. ३ ।

[४३] **ऐजन** ।

**स्तम्भचित्र नं. ५.६**

**शैक्षिक गुणस्तर**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।


उपर्युक्त चित्रअनुसार द्वन्द्वको समयमा विद्यालय युद्धभूमिमा परिणत भएका छन् । बारम्बार हडताल र नेपाल बन्द, स्कूलमा तालाबन्दी, शिक्षक र विद्यार्थीलाई विद्यालयबाट अपहरण र पक्राउ जस्ता घटनाले विद्यार्थीको शैक्षिक विकासमा नकारात्मक प्रभाव पार्‍यो ।

**५.२.६ महिलाको काँधमा थप जिम्मेवारी**

जनयुद्धका कारण परिवारमा पुरुष मारिएर, जेल परेर वा त्रासका कारण विस्थापित/पलायन भएर वा माओवादीका काममा गएपछि एकाएक एकल तथा घरमूली बन्न पुगेका महिलाहरूलाई एकातिर हलो चलाउनु पर्ने बाध्यता आएको, आर्थिक बोझ परेको, छाक टार्ने समस्या, घर समाल्न कठिन परेको छ भने अर्कोतिर परिवारको वियोगमा असाध्यै पीडा खेप्नु परेको छ । यस भावनालाई सङ्केत गर्दै सोधिएको एक प्रश्नको जवाफमा कलैया सहमति, आंशिक सहमति र असहमति जनाउने सर्वसाधारण उत्तरदाताको सङ्ख्या क्रमशः ७२.६, २१.५ र ५.९ प्रतिशत थियो भने विशिष्ट उत्तरदाताको सङ्ख्या ६७.१, २२.३, १०.६ प्रतिशत थियो । अमलेखगंजमा सो सवालप्रति क्रमशः ७५, १२.५, र १२.५ प्रतिशत सर्वसाधारण उत्तरदाता र क्रमशः ७५.५, १५.५ र ९ प्रतिशत विशिष्ट उत्तरदाताहरूले सहमति, आंशिक सहमति र असहमति प्रकट गरेको पाइयो । सो कुरा तलको चित्रबाट प्रस्ट हुन्छ ।

**स्तम्भ चित्र नं. ५.७**

**महिला जिम्मेवारीमा वृद्धि**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४)।

यस क्षेत्रमा यस्तो द्वन्द्व पीडित महिलाहरूको सङ्ख्या उल्लेखनीय भएको पाइएन । यहाँनेर उल्लेखनीय कुरा के छ भने महिलाहरूमा आएको यस्तो जिम्मेवारीलाई धेरैले नकारात्मक रूपमा विश्लेषण गरे भने कतिपयले यस्तो जिम्मेवारीलाई सहज रूपमा स्वीकार गरी यसलाई अवसरको रूपमा पनि लिएको पाइयो । पति वियोगबाट विचलित भएका महिलामा वातावरण र परिबन्दका कारण घरपरिवार, बालबालिकाको शिक्षादीक्षाको दायित्व वहन गर्नु पर्ने बोध भएको र आत्मविश्वास बढेको अमरावती बताउँछिन् । स्व. वीरेन्द्र शाहकी पत्नी अमरावतीका अनुसार "पति बाँन्चुजेल घरखेत परिवार उनैले धान्थे । उनको हत्यापछि सम्पूर्ण जिम्मेवारी देवरको सहयोगमा आफैले स्याहार्नु परेको छ । नानीहरूका लागि परेको ठाउँमा जान्छु।"

## ५.२.७ महिला स्वास्थ्यमा प्रतिकूल असर

महिलाहरूलाई शारीरिक एवं मानसिक रूपले स्वस्थ रहने अधिकार छ। उनीहरूको यो अधिकारको कार्यान्वयन उनीहरूको समृद्ध जीवन र निजी तथा सार्वजनिक जीवनको हरेक पक्षमा प्रयोग हुन अत्यन्त आवश्यक छ । विभिन्न धार्मिक, सामाजिक तथा महिलाहरूको कमजोर पारिवारिक स्थिति महिलाविरुद्ध हुने हिंसाका प्रमुख कारक तत्त्व हुन्। महिला विरुद्ध हुने हिंसाले उनको शारीरिक र मानसिक रूपमा अत्यन्तै नकारात्मक प्रभाव पार्छ । सामाजिक रूपमा महिला विरुद्ध हुने उत्पीडन, जस्तो- माओवादीकी श्रीमती,

माओवादीको परिवार, सुराकी आदिको आशङ्कामा कुटपिट, बलात्कार जातीय उत्पीडन आदिबाट शारीरिक तथा मानसिक रूपमा प्रतिकूल असर पर्ने गर्दछ । एकातर्फ गरिबी र लैङ्गिक विविधताका कारण महिलाहरूको स्वास्थ्य सेवामा पहुँच नगण्य बराबर छ । जसले गर्दा सामान्य स्वास्थ्य र प्रजनन स्वास्थ्यमा नराम्रो असर परेको छ । लैङ्गिक विभेद, सामाजिक परम्परा र आत्मविश्वासको कमी, कामको बोझ, गरिबी आदिका कारणले महिलाहरूको मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको छ भने अर्कोतर्फ सशस्त्र सङ्घर्षको काल महिलामा शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर परेको छ । परिणामस्वरूप विभिन्न रोगबाट बल्झिएका हुन्छन् ।

## १. शारीरिक स्वास्थ्य

उच्च रक्तचाप बढ्नुका साथै मुटुको ढुकढुकी बढ्नु सशस्त्र द्वन्द्वका कारण डर चिन्ता बढ्ने भएकाले पीडितको रक्तचाप बढ्नुका साथै मुटुको धड्कन असामान्य रूपमा वृद्धि हुनेजस्ता रोग बल्झिन्छ जसले गर्दा पीडित थकित हुने, काम गर्न मन नलाग्नेजस्ता स्थिति उत्पन्न हुन्छ । काममा मन नलाग्ने हुँदा, आर्थिक स्थिति कमजोर हुने, केटाकेटी विद्यालय जान नसक्ने हुन्छन् । समग्रमा पारिवारिक स्थिति दयनीय भएको हुन्छ ।

### (क) प्रजनन स्वास्थ्य

- **यौन इच्छा नहुनु–** सशस्त्र द्वन्द्वबाट उत्पन्न डर त्रासका कारण पीडितमा यौन इच्छाको कमी वा इच्छा नै नहुने कुरा स्थानीय महिलाहरूबाट जानकारीमा आएको कुरा हो ।
- **जटिलतापूर्ण प्रसूति अवस्था–** सशस्त्र द्वन्द्वको कारण हुने बन्द र हडतालको कारण गर्भवती महिलालाई उपलब्ध गराइनु पर्ने औषधि, एम्बुलेन्स, स्वास्थ्य चौकी आदि सेवा समयमा उपलब्ध गराइ नसक्दा जटिलतापूर्ण अवस्थाका सामना गर्नुपर्छ । जसको परिणामस्वरूप गर्भवती महिलाको मृत्युसम्म हुन सक्ने स्थिति देखियो । १९९०-१९९६ को अवधिमा १,००,००० मा ५३९ मातृ मृत्युदर, हरेक २ घण्टामा एक महिलाको मृत्यु हुने गर्छ । २००६ को तथ्याङ्कअनुसार ४१५-७४० मातृ मृत्यु दर भएको पाइएको छ ।[४४] आमाको मृत्यु हुँदा १० गुणा बढी बच्चाले खतरामा पर्छन् ।
- **गर्भ तुहिनु–** उपर्युक्त अवस्थाको समस्या सामना गर्नु पर्दा र डर त्रासको कारण गर्भ तुहिने अवस्था समेत पाइएको छ ।

---

[४४] यूनिसेफ. **सिचुएशन अफ चिल्ड्रेन एण्ड वुमन इन नेपाल–२००६,** (काठमाडौँ : यूनिसेफ, इ. २००६), पृ. १५५।

- **कम तौलको बच्चा–** द्वन्द्व तथा बन्दीका कारण स्वास्थ्य उपचारको कमी, औषधि मूलोको अभाव, फलफूल तरकारी र सागपातको अभावका कारण गर्भवती महिलाले पाउने पर्ने पौष्टिक आहार प्राप्ति नहुँदा कम तौलको बच्चाको जन्म हुने गर्दछ ।
- **स्त्री रोग–** हिंसा हुँदा यौवनावस्था र किशोरावस्थाका केटीहरूमा चिन्ता, दुःख, डर लाग्नु, उदासीन हुनु, टोलाउनुका साथै रक्तस्राव बढी हुने, पेट दुख्नेजस्ता रोग वा पीडाबारे सिकायत बढ्दै जाने हुन्छ जसले गर्दा लागू पदार्थ सेवन गर्ने, शारीरिक मानसिक शक्ति क्षीण हुने र अभिरुचिमा कमी आउने हुन्छ ।
- **अनिच्छाको बाबजुद बढी सन्तान प्रजनन गर्नु पर्ने–** सशस्त्र द्वन्द्वका कारण कलकारखानामा हडताल, बन्दका कारण कलकारखानामा कार्यरत कर्मचारी घरमै दिन व्यतीत गर्नु पर्दा यौनइच्छा परिपूर्तिको लागि पुरुषलाई सहयोग गर्नु पर्ने भएकोले अनिच्छित सन्तान जन्माउनु पर्ने स्थिति आएको अनुभव सुनाउँछन् ।

**(ख) कुलत**

काम नगरी बस्ने- कार्यालय, कलकारखाना बन्दका कारण कामकाजको अभावमा अल्छी गरी घरैमा बस्ने, धुम्रपान गर्ने, नशा, मदिरा सेवन गर्ने, नशाको सुरमा घरमा झैझगडा, अशान्ति, दूषित वातावरण सृजना गर्ने, समय बिताउन जुवा तास खेल्नेजस्ता कुलतहरू पुरुषका साथै महिलाले पनि अँगालेका हुन्छन् भने अर्कोतर्फ पुरुषको कुलतका सिकार महिला बन्नु पर्छ ।

**२. मानसिक स्थास्थ्य**


सशस्त्र द्वन्द्वबाट पीडित महिला शारीरिक पीडाका साथै मानसिक स्वास्थ्यबाट पीडित हुन्छन् । "राष्ट्रिय मासिक स्वास्थ्य खबर पत्रिका" (२०६८ चैत्र) मा कपिलदेव उपाध्यायका अनुसार नेपालमा जनसङ्ख्याको करिब १ प्रतिशतजति द्वन्द्वबाट पीडितहरूमा मानसिक स्वास्थ्य समस्या पाइन्छ । मानसिक स्वास्थ्यअन्तर्गत निम्न रोगहरू देखा पर्दछन् :

- **निद्रा नलाग्ने–** डर चिन्ताका कारण निद्रा नलाग्ने, सुत्न नसक्ने, डर लाग्ने, विभिन्न चिन्ता हुने, जस्तै- युद्धरत पक्षको चन्दा, गाँसबासको पत्र आउने हो कि भन्ने चिन्ताले गर्दा दुःखी हुने, खान मन नलाग्ने आदि कारणले रक्तचाप र चिनीको रोग लाग्ने सम्भावना हुने कुरा बताउँछन् ।

यू.एन.डी.पी. को स्वास्थ्य सूचनाअनुसार १९९६ भन्दा अघि नेपालको स्वास्थ्य अवस्था १३७ मा १२४ स्थान रहेको थियो । त्यो अवस्थामा सशस्त्र सङ्घर्षले अझै नकारात्मक असर परेको छ ।[४५]

सशस्त्र द्वन्द्वबाट महिला शारीरिक तथा मानसिक रोगबाट ग्रसित भएका छन् वा हुन सक्ने सम्भावना छ भन्ने प्रश्नमा कलैया न.पा. का सर्वसाधारण उत्तरदाताहरूबाट ४८.४ प्रतिशत सहमति, ३२.८ प्रतिशत आंशिक सहमति र १८.८ प्रतिशत असहमति र विशिष्टतर्फ ४७.९ प्रतिशत सहमति, ३१.९ प्रतिशत आंशिक सहमति र २०.२ प्रतिशत असहमति जनाए । सोही सवाल अमलेखगंज गा.वि.स.का सर्वसाधारणतर्फ ६६.७ प्रतिशत सहमति, २२.५ प्रतिशत आंशिक सहमति र १३.८ प्रतिशत असहमति जनाए र विशिष्टतर्फ ४७.५ प्रतिशत सहमति, ३० प्रतिशत आंशिक सहमति र २२.५ प्रतिशत असहमति जनाए । सो कुरा निम्न स्तम्भचित्रबाट प्रस्ट हुन्छ :

**स्तम्भचित्र नं. ५.८**
**स्वास्थ्यमा पर्ने असरबारे अभिमत**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उपर्युक्त चित्रबाट महिला स्वास्थ्यमा सशस्त्र द्वन्द्वबाट पर्ने असरहरूबाट प्रस्ट हुन सकिन्छ । द्वन्द्वबाट महिलामा शारीरिक र मानसिक असर पर्नुका साथै समयमा औषधि, रक्त

---

[४५] अन्जना शाक्य. **इम्पैक्ट अफ आर्म्ड कन्फ्लिक्ट अन वुमन एण्ड चिल्ड्रेन इन नेपाल,** (काठमाडौं : एन इन्डिपेन्डेन्ट रिसर्च, इ. २००५), पृ. अनुल्लिखित ।


आपूर्ति, एम्बुलेन्स, चिकित्सक र स्वास्थ्य सेवा उपलब्ध हुनु नसकेको कुरा स्थानीयवासीले स्वीकार गरेका छन् ।

### ५.२.८ प्रतिशोधपूर्ण भावनाको विकास

द्वन्द्वको समयमा भौतिक मानसिक पीडापश्चात् सृजना हुने एक प्रमुख असर भनेको बदलाको भावनाको विकास हो । सशस्त्र द्वन्द्वको क्रममा पीडकबाट पीडित हुँदा, न्यायप्रेमी जनता वा आफन्तहरू कुटपिट, हिंसा, बलात्कार, यातनाको सिकार भएको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा थाहा पाउँदा बालसुलभ मस्तिष्कमा मेलमिलापको सट्टा क्रूरता, हिंसा र विद्रोही भावनाको विकास हुन्छ भन्ने कुरा मनोवैज्ञानिकहरूको धारणा छ । सशस्त्र द्वन्द्वले युद्धरत पक्षमा सुषुप्त रहेको घृणा र बदलाको भावनालाई सतहमा ल्याएको छ । धेरै विद्रोहीहरू बदलाको भावनाले माओवादी आन्दोलनमा शरीक भएको कथन छ । यसै प्रसङ्गलाई लक्षित गरी सोधिएको एक प्रश्नको जवाफमा कलैयाका सर्वसाधारण उत्तरदाताहरूमध्ये क्रमशः ७५.३, १३.९ र १०.८ प्रतिशतले सहमति, आंशिक सहमति र असहमति प्रकट गरे भने विशिष्ट उत्तरदातामध्ये क्रमशः ६१.७, २५.५ र १२.८ प्रतिशतले सहमति, आंशिक सहमति र असहमति प्रकट गरे । यसलाई तलको स्तम्भचित्रमा देखाइएको छ ।

**स्तम्भचित्र नं. ५.९**

**प्रतिशोध भावनाको अवस्था**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उक्त सवालको जवाफमा अमलेखगंजमा सहमति, आंशिक सहमति र असहमति जनाउने सर्वसाधारणको सङ्ख्या क्रमशः ८०.०, ११.३, र ८.७ प्रतिशत थियो भने विशिष्ट

उत्तरदाताहरूको सङ्ख्या क्रमशः ७०, २०, र १० प्रतिशत थियो । मूल रूपमा यस द्वन्द्वले विशेष गरी द्वन्द्वपीडितहरूमा बदलाको भावना विकसित गरेको स्पष्ट हुन्छ । यसै सम्बन्धमा बारा जिल्लाको स्थलगत अध्ययनअनुसार एउटा मुद्दा अध्ययनलाई तल प्रस्तुत गरिएको छ ।

बारा जिल्ला, मटिअरवा गा.वि.स. वार्ड नं. ६ का ड्राइभर रामईश्वर साहलाई २०५६ सालमा ट्रक गाडी समेत अपहरण गरी बेपत्ता बनाइएको छ । परिवारमा श्रीमती दुखनदेवी, छोराहरू विजय र कौशल, छोरीहरू पुष्पाञ्जली र पूजा छन् । पिता अपहरणमा परेपछि जेठी छोरी पुष्पाञ्जलीको काँधमा सम्पूर्ण जिम्मेवारी पर्‍यो । परिवार अस्तव्यस्त भएका कारण बदलाको भावनाबाट अभिप्रेरित भई माओवादीमा लागेको हो भन्ने धारणा सुनाउँछिन् ।

## ५.३ माओवादी सशस्त्र द्वन्द्वबाट महिलामाथि परेको सकारात्मक प्रभाव

कलैया न.पा. र अमलेखगंज गा.वि.स. का स्थानीय बासिन्दाहरूसँग लिइएको अन्तर्वार्ताको आधारमा सशस्त्र द्वन्द्वले नकारात्मक प्रभाव मात्र नभएर सकारात्मक प्रभाव पनि पार्दछ । सकारात्मक दृष्टिबाट गरिएको आन्दोलनबाट सकारात्मक प्रभाव पर्दछ, अन्यथा नकारात्मक प्रभाव पर्दछ भन्ने जानकारी गराए । तसर्थ नेपालको दश वर्षे सशस्त्र द्वन्द्वले सकारात्मक असर पनि पारेको छ । यसबाट महिलाहरूमा अझ बढी प्रभाव परेको देखिन्छ । यस सम्बन्धमा लिइएको जनधारणा निम्नलिखित छन् :

### ५.३.१ सामाजिक विकृतिमा ह्रास


रक्सी र दुर्व्यसनका कारण महिलाहरूमाथि ज्यादा घरेलु हिंसा हुने गरेको तथ्य सार्वजनिक भएका छन् । माओवादी जनयुद्धमा महिलाहरू समावेश भएका कारण घरेलु हिंसा, जुवातास र मदिराजस्ता प्रत्यक्ष उत्पीडनमा पार्ने कुचलन विरुद्ध माओवादीका सुधार अभियानहरू थिए । माओवादी आन्दोलनले रक्सी र दुर्व्यसनलाई निरुत्साहित गरेको भनाइलाई सङ्केत गर्दै यस क्षेत्रमा मानिसहरूको प्रतिक्रिया यस्तो थियो :

कलैया सर्वसाधारण उत्तरदातामध्ये उक्त सवालप्रति सहमति, आंशिक सहमति र असहमति प्रकट गर्नेहरूको सङ्ख्या क्रमशः ६४.५, १९.४ र १६.१ प्रतिशत थियो भने विशिष्ट उत्तरदाताको सङ्ख्या ५४.२, ३३.० र १२.८ प्रतिशत थियो । सो सवालप्रति सहमति, आंशिक सहमति र असहमति प्रकट गर्ने अमलेखगंजका सर्वसाधारण

उत्तरदाताको सङ्ख्या क्रमशः ७२.५, १७.५ र १०.० प्रतिशत थियो भने विशिष्ट उत्तरदाताको सङ्ख्या ७७.५, १२.५ र १०.० प्रतिशत थियो । यस क्षेत्रका कतिपय व्यक्तिहरूले द्वन्द्वको कारण मदिरा सेवनमा वृद्धि भएको पनि प्रतिक्रिया जाहेर गरे । यसलाई तलको स्तम्भचित्रमा देखाइएको छ ।

**स्तम्भचित्र ५.१०**

**सामाजिक विकृतिमा ह्रास**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

जनयुद्धले नेपाली समाजमा रहेको खाने अन्नलाई कुहाएर जाँड रक्सी बनाउने, बिहान दिउँसो जाँड रक्सी खाएर टिल्लिने, जुवातास खेलेर समय बर्बाद पार्ने, लागू औषध सेवन गर्ने एवम् श्रम नगर्ने प्रवृत्तिप्रति कडा प्रहार गऱ्यो । त्यसमा परिवर्तन ल्यायो । माओवादी प्रभावित इलाकामा त्यस्ता विकृतिप्रति कडा रवैया अपनाइयो र ती केही हदसम्म नियन्त्रणमा आए ।[४६] निचोडमा भन्नु पर्दा यस आन्दोलनको कारण यस क्षेत्रमा छाडा रूपमा रक्सी बेचबिखन र सेवनमा नियन्त्रण भएको पाइन्छ ।

### ५.३.२ महिलामा चेतना र आत्मविश्वासको अभिवृद्धि

[४६] इन्सेक. **पूर्ववत्**, पाद टिप्पणी सङ्ख्या ९, पृ. १०२ ।

माओवादी पार्टीको उपल्लो तहमा रहेका महिला नेतादेखि सबैभन्दा तल्लो निकायमा रहेका सामान्य कार्यकर्ता महिलासम्म नेतृत्वतहले जारी गरेको पार्टीका तत्कालीन दृष्टिकोण र कार्यनीति दुरुस्तै छ भनिन्छ । यही सुगा रटाइलाई माओवादीहरूले "उच्च राजनीति चेतना सम्पन्न भएको" भन्ने गरेका छन् ।[४७] माओवादीहरूले बढीभन्दा बढी महिलालाई सङ्गठनमा आबद्ध गर्दै जाने नीति नै बनाएका थिए ।[४८] घरको पुरुष द्वन्द्वको भिडन्तमा मारिँदा, थुनामा पर्दा, अपहरण, बेपत्ता र पलायन भएपछि आफ्नो तथा परिवारको सुरक्षा र सम्मानित जीवनको लागि महिलाहरू माओवादी द्वन्द्वमा समायोजन भएका हुन् । कहिलेकाहीँ माओवादीबाट भोग्नु पर्ने यातनाबाट मुक्ति पाउनका लागि पनि माओवादी द्वन्द्वमा सामेल भएको पाइन्छ । राज्यपक्ष र माओवादी पक्षबाट उन्मुक्ति पाउन विदेशिएपछि बाँकी रहेका महिलाहरूमाथि दुवै पक्षबाट हुन सक्ने अत्याचारबाट मुक्ति पाउन माओवादी द्वन्द्वमा सामेल भएको अवस्था पनि देखिन आएको छ । महिलासँग बच्चाका साथै बन्दुक बोक्ने हात पनि छ भनेर माओवादीहरूले जनसेनामा महिलालाई भर्ना गरेको थियो । महिलाले बन्दुक बोके पड्कँदैन र हलो समाते अनिकाल पर्छ भन्ने रूढिवादी परम्परागत दृष्टिमा परिवर्तन ल्याउन सफल भएको छ । यसको सिको गर्दै राज्यले राष्ट्रिय सेनामा महिला भर्ना लिन थालिएको हो । अहिले नेपाल सेनामा महिला ५ प्रतिशत पुगेको छ । वर्तमानसम्म पनि पुरुषले गर्ने काम, महिलाले गर्ने काम भन्ने परम्परागत भूमिकालाई बदल्न सफल भएको छ । यस कुरालाई क्रान्तिकारी महिला पत्रकार लि अनेस्तोले आफ्ना पुस्तकमा स्थानीय भनाइलाई उद्धृत गरेकी छिन् ।[४९] महिलाहरूलाई अधीनस्थ पदमा वा सार्वजनिक पदमा भर्ना गरिन्छ तर निर्णायक तहमा निकै कम महिलाहरू पुग्न सफल भएका छन् । तर माओवादीहरूले हक अधिकारको लागि लड्न सिकाएका छन् । हेर्ने हो भने माओवादी द्वन्द्वपश्चात् महिलाहरू निकै सक्षम भएको पाइएको छ । नारीवादी सहायता र चेतनाका कारण विभिन्न क्षेत्रमा निर्णायक तहमा महिला सहभागिता ह्वात्तै बढेको कुरा सार्वजनिक भएको छ ।

---

[४७] अस्मिता. **महिला शान्ति र पुनर्संरचना**, (काठमाडौँ : अस्मिता महिला प्रकाशन समूह, २०६३), पृ. २८ ।


[४८] अर्जुन कार्की र डेभिड सेडन. **दि पिपुल्स वार इन नेपाल,** (दिल्ली : अद्रोइत पब्लिकेशन, इ. २००३), पृ. ७५-११६ ।

[४९] लि अनेस्तो. **डिस्पेचेज फ्रम दि पिपुल्स वार इन नेपाल**, (लन्दन : प्लुटो प्रेस, इ. २००५), पृ. १६९-१७१ ।

माओवादी सशस्त्र द्वन्द्वले महिलालाई बन्दुक बोकाएर महिला पुरुष समानताको लागि महिलाको अपरिवर्तनीय ठानिएको छवि तोडेको दाबी गरेका छन् । महिलाले बन्दुक छुनै हुँदैन, सेनामा प्रवेश लिनु हुँदैनजस्ता मान्यताको खण्डन गर्दै महिलालाई अग्रपङ्क्तिमा उभ्याइदिएको छ । माओवादी आन्दोलनले महिलाको पक्षमा राज्यले गर्नु पर्ने काम कर्तव्यहरूको व्यापक दबाबको सिर्जना गरेको छ । घरभित्रसम्म सीमित रहेका महिलाहरूले खेतीपाती हेर्नु, सम्पत्ति र बस्तुभाउ स्याहार्नु, पकाउनु तुल्याउनु र छोराछोरीको स्याहारसुसार गर्नुसम्म सीमित थियो भने समय परिस्थितिअनुसार एकाएक घरमूली बनाइदिएको छ । घर व्यवहार र छोराछोरीको सम्पूर्ण दायित्व एक्ली महिलामाथि थोपरिँदा महिलामा आत्मविश्वास वृद्धि भएको छ । एकाएक घरमूली बन्न पुगेका महिलाले काँधमा हलोको भार बोके । हलो चलाए खेती सप्रिँदैन र अनिष्ट हुन्छ भन्ने मान्यता रहँदै आएको गाउँमा यस परिवर्तनबाट अन्धविश्वास घट्दै गयो । निषेधित कामको क्षेत्रमा महिलाको प्रवेशले परम्परागत छविको ठाउँ नयाँ पहिचान बनाउन सफल भएका हुन् र दश वर्षे जनयुद्धले महिलालाई केही दिएको छ, महिलाको भूमिका र पहिचानलाई नयाँ मोड दिएको छ । परम्परागत सीमित भूमिका, समाजमा व्याप्त उत्पीडन र हीनताबोधबाट मुक्ति तथा समान अधिकार प्राप्तिको चाहनाले धेरै महिलाले माओवादी द्वन्द्वले यी चाहना पूर्ति गरेको बताउँछन् । यसै अनुभवसँग मिल्दोजुल्दो अनुभव माओवादी बारा जिल्ला महिला अध्यक्ष ज्वाला साहको छ । पिछडिएका उत्पीडित महिलाका लागि उनीहरूको अधिकार र पहिचान दिलाउन माओवादीमा लागेको हुन्, कुनै पदका लागि होइन ।

कलैया न.पा. का सर्वसाधारणमा यसै सन्दर्भमा प्रश्न राख्दा सहमत, आंशिक सहमत र असहमत क्रमशः ४०.४ प्रतिशत, ३८.३ प्रतिशत र २१.३ प्रतिशत जनाए भने विशिष्टतर्फ सहमति, आंशिक सहमति र असहमति क्रमशः ४६.८ प्रतिशत ४२.६ प्रतिशत र १०.६ प्रतिशत पाइयो । यही प्रश्न अमलेखगंजका सर्वसाधारणतर्फ राख्दा ४७.५ प्रतिशत सहमति, ४३.८ प्रतिशत आंशिक सहमति र ८.७ प्रतिशत असहमति र विशिष्टतर्फ ४५ प्रतिशत सहमति ४०. प्रतिशत आंशिक सहमति र १५ प्रतिशत असहमति भएको पाइयो ।

**स्तम्भचित्र नं. ५.११**
**चेतना र आत्मविश्वास अभिवृद्धि सम्बन्धमा जनधारणा**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उपर्युक्त चित्रअनुसार कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. का सर्वसाधारण र विशिष्ट जनताले महिलाहरूको पहिचानमा नयाँ मोड र आत्मविश्वासमा अभिवृद्धि भएको कुरामा बढीले सहमतिमा आफ्नो धारणा व्यक्त गरेका छन् । माओवादी कार्यक्रममा उपस्थिति जनाउन पुग्ने महिलाहरूले उनीहरूको राजनीतिक भाषणको श्रोता भई, उत्तेजित रेडियो कार्यक्रम सुनेर रोमाञ्चित हुने राजनीतिक चेतना बढेको छ । स्थानीय मधेशी मूलका बुद्धिजीवीको भनाइअनुसार माओवादी आन्दोलनले समावेशी, सङ्घीयता, गणतन्त्रजस्ता सवालको बीजारोपण गऱ्यो र २०६२ को "जनआन्दोलन २" ले त्यसलाई मूर्त रूप दियो । यिनै कारण मधेशी जाति र महिला वर्गले स्थान ओगट्न सफल भएको भन्ने मान्यता छ । माओवादीले फैलाएको चेतना र प्रशिक्षणले गर्दा महिलाहरूमा पहिलेको तुलनामा गरगहनाप्रतिको लोभ हटेको र राजनीतिक चेतना बढेको विश्लेषण छ ।[५०] यिनै भाषणका कारण आफूमाथिको दमन र शोषणबारे बोल्न, राजनीतिक अभिमत दिने र राजनीतिक सूचनासँग जोड्ने मानसिकता विकसित हुँदै गएको छ ।[५१] नेपालको दश वर्षे जनयुद्धको अवधिमा थुप्रै रूपान्तरणहरू भएका छन् । सर्वप्रथम महिला र पुरुषबीचको विभेदपूर्ण सम्बन्धलाई समानताको सम्बन्धमा परिवर्तन गर्दै ल्याएको छ । घरेलु हिंसालाई राज्यसत्ताको विरुद्ध वर्गीय हिंसामा रूपान्तरण गर्न सफल, राज्यद्वारा संरक्षित बलात्कारलाई सामूहिक वर्गीय घृणामा रूपान्तरण र बलात्कृत महिलाहरूलाई फौजीकृत गरी राजनीतिमा प्रवेश गर्ने आधार तैयार पारिदिएको छ । गृह दासत्वबाट मुक्त बनाई सामाजिक उत्पादनमा भाग लिने, पैतृक सम्पत्तिमा समानताको

---

[५०] क्षेत्री र थापा. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ४१ पृ. ४३ ।

हक दिलाउन, दलित जातिका महिलाहरू इज्जत दिलाउन मधेशी महिलालाई जनयुद्धमा भाग लिनेलगायत थुप्रै महिलाहरूको स्वतन्त्र र स्वावलम्बी जीवनलाई चुनौतीपूर्ण र लक्ष्य केन्द्रित काममा लगाइदिएको छ। बाध्यतामा बाँचेका महिलाहरूलाई स्वतन्त्रतिर उन्मुख गराएको छ।[५२] जनयुद्धले समाजमा सबैभन्दा हेपिएका उत्पीडनमा परेकालाई पहिचानको अवसर दियो, राजनीतिमा चेतना भरिदियो र आफ्नो अधिकारका लागि विद्रोह गर्न सिकायो।

### ५.३.३ सामाजिक र सांस्कृतिक रूपान्तरण

माओवादी प्रभावित क्षेत्रमा के कस्ता सामाजिक परिवर्तन आयो भन्ने सवाल उठ्नु अस्वाभाविक होइन। बालविवाह, बहुविवाह, दाइजो प्रथा र बोक्सी प्रकरणले अन्य सामाजिक विकृतिमा सुधार आएको भन्ने कुरा स्थानीयवासीहरूले महसुस गरेका छन्। लोग्नेमान्छेले बहुविवाह गरेको उजुरी पर्दा माओवादीको जनअदालतको निर्णयअनुसार जेठी श्रीमतीलाई पाउनु पर्ने अंश दिएर आत्मनिर्णयको अन्धकारसहित छुट्याइदिन्छन् र कान्छी श्रीमतीलाई लोग्ने मान्छेसँग माओवादीले श्रमकैदमा लगाउँछन्। बहुविवाह गर्नु पुरुषले गर्दा पुरुषार्थको कुरा ठानिन्थ्यो। जनअदालतको निर्णय फैसलाको कारण बहुविवाहजस्ता प्रथा व्यापक रूपमा घटेको पाइन्छ। यस्ता सुधार महिला पक्षीय सकारात्मक परिवर्तन हो। विपक्षीले समेत यो व्यवस्थाको स्वागत गरेका छन्। माओवादीको दबाब, नीति, सजायको भयले बहुविवाहको चलनमा नियन्त्रण आएको हो। उता महिलालाई आत्मनिर्णयको अधिकार दिएकोले पुनर्विवाह गर्न स्वतन्त्र समेत बनाइदिएको छ। त्यसैगरी विधवालाई रातो वस्त्र, सिन्दूर र पोतेको अधिकार दिएकोले महिलामा पुनर्विवाहको चलन सामान्य बन्दै गएको छ। बहुविवाहका साथै बालविवाहमा न्यूनता आएको छ। बालविवाहलाई निरुत्साहित बनाउन अभिभावकलाई तालिम, सजायका प्रावधान र व्यवस्था गरियो। माओवादीका कारण पहिलेको तुलनामा हाल बालविवाह समस्या ८० प्रतिशत नियन्त्रणमा रहेको छ।[५३] त्यसैगरी दाइजो लिने-दिने गर्दा माओवादीको आँखा लाग्ने र चन्दा आतङ्क, अपहरण, सम्पत्तिहरण हुन सक्ने सम्भावनाप्रति सचेत भएकोले दाइजोमा न्यूनता आएको हो। यस सम्बन्धमा कलैया नगरपालिकाको सर्वसाधारणमा यससम्बन्धी सवाल राख्दा ६.९ प्रतिशत सहमत, २८.५ प्रतिशत आंशिक

---

[५१] स्थानीय स्रोत लालबाबु कुशवाहा, हिमराइट्स अध्यक्ष, बारा।


[५२] हिसिला यमी. "आधार इलाकामा महिलाहरूको सहभागिताको प्रश्न" **मार्क्सवाद र महिला मुक्ति,** (काठमाडौँ : टु लाइन पब्लिकेशन, २०५७), पृ. १४०।

[५३] मञ्जु थापा. "जनयुद्धले बदलियो महिलाको जीवन", **महिला शान्ति र पुनर्संचना,** (काठमाडौँ : अस्मिता, महिला प्रकाशन समूह, २०६३), ऐजन, पृ. ८०।

सहमत र ६४.६ प्रतिशत असहमत जनाएका छन् । विशिष्टतर्फ १२.८ प्रतिशत सहमत ७९.८ प्रतिशत आंशिक सहमत र ७.४ प्रतिशत असहमति प्राप्त भयो । सोही प्रश्न अमलेखगंज गा.वि.स. मा साधारणतर्फ १०.०० प्रतिशत सहमत, ७५.०० प्रतिशत आंशिक सहमत र १५.०० प्रतिशत असहमत र विशिष्टतर्फ १७.५ प्रतिशत सहमत, ६२.५ प्रतिशत आंशिक सहमत र २०.०० प्रतिशत असहमत देखिए ।

**स्तम्भचित्र नं. ५.१२**

**सामाजिक कुरीतिहरूमा न्यूनीकरण**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उपर्युक्त स्तम्भ चित्रअनुसार कलैया नगरपालिकामा असहमति बढी देखिन्छ । यसको कारण परापूर्वकालदेखि जरो गाडेको दाइजो प्रथामा यहाँ कमी आएको छैन । लुकाइछिपाई दाइजो दिने आडम्बरपन बढेको स्थानीयवासीले जानकारी दिएका छन् । समयक्रम, चेतना र शिक्षाका कारण बालविवाह प्रथामा कमी आएको हो, माओवादी द्वन्द्वका कारण होइन । बहुविवाहको चलन खासै नभएकोले त्यसमा सुधार भन्ने त्यस्तो केही छैन ।

### ५.३.४ पैतृक सम्पत्तिमा महिलाको हक सुरक्षित

नेपालमा महिला मुक्ति आन्दोलनको एउटा नारा पैतृक सम्पत्तिमाथि छोरीलाई छोरासरह समान अधिकार हुनु पर्ने कुरा रहँदै आएको छ । माओवादी आन्दोलनको चरणमा यो एक प्रमुख नारा बन्न पुगेको छ । माओवादीहरूले तत्कालीन प्रधानमन्त्री शेरबहादुर


देउवा सरकारसमक्ष २०५२ मा उठाएका ४० सूत्रीय मागहरूमध्ये पैतृक सम्पत्तिमा महिलाको समान अधिकार एक माग थियो ।[५४] यसको लागि लामो समयदेखि महिलाहरूले समान हकका लागि वैधानिक लडाइँ लड्दै आएका छन् । राज्यले सम्पत्तिमाथि महिलाको हकको सवालमा केही सुधार गरेको छ । यसै सवाललाई माओवादीले सस्तो लोकप्रियताका लागि वा महिलाको सहानुभूति बटुल्न वा महिलालाई उत्प्रेरित गर्न क्रान्तिको रणनीतिको रूपमा प्रस्तुत गऱ्यो ।

प्राकृतिक अवस्थाको अन्त्यका साथै मातृसत्तात्मक समाजको अन्त्य भयो त्यसपछि पैतृक समाजको उद्‌भव भयो । यही समयदेखि महिला पैतृक सम्पत्तिबाट वञ्चित भएका हुन् । यसैलाई पुरुष निर्मित समाजले वैधानिकता दिंदै आएको हो । धेरै अघिदेखि सम्पत्तिमाथि महिलाको हकबारे उठेको प्रश्नलाई मलजल गर्ने कार्य माओवादीले गरे । माओवादी आन्दोलनको पैतृक सम्पत्तिमाथि महिलाको हक सुरक्षित गर्न सफल भएको हो भन्ने कलैया र अमलेखगंजका सर्वसाधारणसमक्ष राखेको प्रश्नमा क्रमशः सहमत, आंशिक सहमत र अहसमत ५३.८ प्रतिशत, ३३.८ प्रतिशत र १२.४ प्रतिशत पाइयो । विशिष्टतर्फको सम्बन्धमा १४.९ प्रतिशत सहमत ५३. प्रतिशत र ३१.९ प्रतिशत आंशिक सहमत र ५३ प्रतिशतले असहमत जनाए । सोही सवाल अमलेजगंज गा.वि.स. का सर्वसाधारणसमक्ष राख्दा ५३.७ प्रतिशत सहमत ५७.५ प्रतिशत आंशिक सहमत र ८.९ प्रतिशत असहमत र विशिष्टतर्फ १७.५ प्रतिशत सहमत ५० प्रतिशत आंशिक सहमत र ३२.५ प्रतिशत अहमत जनाए ।

**स्तम्भचित्र नं. ५.१३**

[५४] दीपक थापा र वन्दिता सिजापती. **अ किङ्डम अन्डर सेज,** (काठमाडौं : प्रिन्ट हाउस, इ. २००३/जेड बुक्स, इ. २००७), पृ. २१० ।

**पैतृक सम्पत्तिमा महिला हकप्रतिको धारणा**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उपर्युक्त स्तम्भ चित्रअनुसार सर्वसाधारणतर्फ माओवादीका कारण पैतृक सम्पत्तिमा महिलाको हक भन्ने अवधारणा विकसित भएको छ । विशिष्टतर्फ यस सवालमा उदासीन देखिन्छन् । महिला समानताको मुद्दालाई सफलतातर्फ डोऱ्याउन सफल हुने जोसुकै पनि धन्यवादका पात्र हुन् भन्न कञ्जुस्याइँ गर्न सकिँदैन । आर्थिक क्षेत्रमा सामन्ती भूमि सम्बन्धको अन्त्यको निम्ति "जसको जोत उसको पोत" भन्ने नारा भए जस्तै डा. बाबुराम भट्टराईका अनुसार सामाजिक क्षेत्रमा महिलाहरूमाथि पितृसत्तात्मक शोषणको अन्त्यको निम्ति केन्द्रीय नारा पैतृक सम्पत्तिमाथि समान अधिकार बन्न पुगेको छ । निजी स्वामित्वको अन्त्य नभई अथवा तिनीहरूको सामाजिक स्वामित्व नभई श्रमिकको शोषणको अन्त्य हुन सक्दैन । त्यसरी नै निजी सम्पत्तिमा आधारित परिवार रहुञ्जेल महिलामाथिको लैङ्गिक शोषणको अन्त्य हुन सक्दैन ।[५५] यस्तो अन्त्य सम्पूर्ण स्वतन्त्र नारीले रुचाउँछन् । पैतृक सम्पत्तिमाथिको हकका कुरा महिलाहरूले रुचाएका छन् । छोरीलाई समेत भाग नछुट्याई अंशबण्डा गर्न पाइँदैन भन्ने अवधारणाको विकास भएको छ ।

समान सम्पत्तिको अधिकारको प्रश्न नेपाली महिला आन्दोलनको एउटा अहम् मुद्दा हो । माओवादी जनसत्तामा अंशबण्डाको रजिष्ट्रेशन गर्दा छोरीलाई बराबर सम्पत्ति छुट्याउनै

[५५] बाबुराम भट्टराई. "पैतृक सम्पत्तिमाथि महिलाहरूको समान अधिकारको प्रश्न", **मार्क्सवाद र महिला मुक्ति**, (काठमाडौं : टु लाइन पब्लिकेशन प्रा.लि., २०६३), पृ. २५ ।

पर्ने हुन्छ । त्यसैगरी कुनै जग्गा जमिन बेच्नु परेमा श्रीमान्/श्रीमती दुवैको सहीछापले मात्र बिक्री गर्न पाइन्छ । माओवादीले बनाएको जमिनको लालपुर्जामा जग्गाधनीको नाममा महिला पुरुष दुवैको नाम रहने व्यवस्था गरेर महिलालाई सम्पत्तिको वास्तविक अधिकार बनाउने अभ्यास पनि जनसत्ताले गरेको हो । यसबारे पर्याप्त जानकारी अझै पनि आमजनतामा पुग्न सकेको छैन ।[५६]

### ५.३.५ राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि

जबदेखि कम्युनिष्ट पार्टी (माओवादी) ले नौलो जनवादी क्रान्तिको निमित्त दीर्घकालीन जनयुद्धको थालनी गर्‍यो तबदेखि नेपालमा राज्यसत्ताको प्रश्न केन्द्रित प्रश्न हुँदै आएको छ । जनयुद्धको विकासको क्रममा छापामार कारबाहीका इलाकाबाट छापामार इलाका हुँदै आधार इलाकासम्म पुग्यो । यो विषयले अझै मूर्तरूप दिन थालेको छ । आधार इलाका भनेको नै नौलो जनवादी स्थानीय सत्ता हो । यसको मूर्त अभिव्यक्ति क्रान्तिका तीन जादुगरी हतियार क्रान्तिकारी पार्टी, जनसेना र संयुक्त मोर्चाको माध्यमबाट हुन्छ । हिसिला यमीले आफ्नो लेखमा यस प्रकारको अभिव्यक्ति प्रस्तुत गरेकी छन् ।[५७]

माओवादी द्वन्द्वले महिला सहभागिताको रणनीति आत्मसात गरेदेखि राज्य संयन्त्रमा महिला सहभागिता ह्वात्तै बढेको विश्लेषकहरूले विश्लेषण गरेका छन् जुन कुरा संविधान सभाको निर्वाचन परिणाम, महिलाहरूलाई अग्रगतिमा पुर्‍याउन राज्य पक्षबाट भएका विभिन्न कार्यक्रम, सेना, प्रहरीमा महिला सङ्ख्या आदिको मूल्याङ्कनको आधारमा विश्लेषकको विश्लेषण उचित होइन भन्न सकिंदैन । माओवादी सशस्त्र विद्रोह सुरु हुँदा त्यस पार्टीमा आफू समेत पुगनपुग एक दर्जन मात्र पूर्वकालीन कार्यकर्ता महिला भएकोमा १० वर्षको अवधिमा करिब ४० प्रतिशत महिला सहभागिता बढेको भन्ने मान्यता माओवादी पार्टीको उचाइ पृष्ठभूमिमा रहेकी पम्फा भुसालको भनाइ हो ।[५८]

दश वर्ष लामो जनयुद्धले आममहिलाको राजनीति चासो र चेतना उकासिँदै गएको छ । हतियार संस्कृतिसँगै तीव्र गतिमा बदलिएको राजनीति घटनाक्रमले स्वाभाविक रूपमा

---

[५६] मन्जु थापा. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ५०, पृ. ८० ।

[५७] यमी. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ५२, पृ. ८७ ।


[५८] मन्जु थापा. “विद्रोहमा महिला,” **महिला शान्ति र पुनर्संचना**, (काठमाडौं : अस्मिता महिला प्रकाशन गृह, २०६२), पृ. ७२ ।

महिलाहरू राजनीतिक जिज्ञासा जगाएको छ । चेतना अभिवृद्धि, नेतृत्व तहमा पहुँचकै कारण ६०१ सभासद्मध्ये १९७ (३३.७ प्रतिशत) महिला सभासद्, अन्तरिम व्यवस्थापिकामा माओवादीबाट २९ जना (४० प्रतिशत) महिला, व्यवस्थापिकामा उपसभापतिको पदमा महिला, आरक्षणकै कारण बारा जिल्लामा २०६२ पछि हालसम्म दुई महिला मन्त्री बन्ने सौभाग्य पाएको हो । माओवादी द्वन्द्वकै कारण महिला चेतना अभिवृद्धिका साथै राजनीति क्षेत्रलगायत सबै क्षेत्रमा महिलाले पदस्थापनको मौका पाएका हुन् । माओवादी जनयुद्धले महिलाका पक्षमा केही सकारात्मक परिवर्तन र महिलाको भूमिका पहिचान सृजना गरेको राज्य संयन्त्रमा बढ्दो सङ्ख्याको तथ्याङ्कलाई स्वीकार गर्नै पर्छ । माओवादी द्वन्द्वका कारण राज्य संयन्त्रमा महिला सहभागिता उकासिएको हो भन्ने प्रश्न कलैया र अमलेखगंजको सर्वसाधारण र विशिष्टतर्फ राखिएको थियो । सो सन्दर्भमा कलैया न.पा. का सर्वसाधारणले क्रमशः ६७.२ प्रतिशत सहमत, २४.२ प्रतिशत आंशिक सहमत र ८.६ प्रतिशत असहमत जनाए र विशिष्टतर्फ ७२.३ प्रतिशत सहमत, १९.१ प्रतिशत आंशिक सहमत र ८.६ प्रतिशत असहमत जनाए ।

राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि भएको हो भन्ने सवाल अमलेखगंज गा.वि.स. का सर्वसाधारणले क्रमशः ७२.५ प्रतिशत सहमत २२.५ प्रतिशत आंशिक सहमत र ५ प्रतिशत असहमत जनाए र सोही सवाल विशिष्टतर्फ राख्दा ७० प्रतिशत सहमत २० प्रतिशत आंशिक सहमत र १० प्रतिशत असहमत भएको धारणा व्यक्त गरे ।

**स्तम्भचित्र नं. ५.१४**

**राज्य संयन्त्रमा महिला सहभागिता वृद्धिबारे जनधारणा**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

राजतन्त्रात्मक व्यवस्थामा महिलाहरूको राजनीतिक शोषण हुने गर्दथ्यो । जसले पुरुष प्रधान अर्थतन्त्र र सामाजिक संरचनालाई टेवा पुऱ्याइराखेको थियो । ने.क.पा. (माओवादी) ले अघि सारेको तत्कालीन राजनीतिक नाराहरू बृहद् राष्ट्रिय राजनीतिक सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनले नेपालमा विद्यमान राजतन्त्रलाई नष्ट गरी लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । महिलालाई राष्ट्रिय राजनीतिमा सक्रिय हुन ढोका खोलिदिएको छ । शोधक्षेत्रमा स्थानीय जनताको भनाइअनुसार २०६२ को जनआन्दोलनपश्चात् बारा जिल्लाका महिलाहरू राजनीतिमा सक्रिय र राज्य संयन्त्रमा सहभागिता बढेको हो तर सक्रियता हुन बीजारोपण माओवादी सशस्त्र द्वन्द्वबाट नै भएको हो भन्ने जनधारणा छ । यसैको परिणामस्वरूप मधेसी मूलका महिलाहरू मन्त्रीसम्म बन्ने अवसर प्राप्त गर्न सफल भएका हुन् ।

कलैया न.पा. का सर्वसाधारणसमक्ष महिलाहरूको पहिचान र आत्मविश्वासमा परिवर्तन आएको हो भन्ने प्रश्नमा ४८.९ प्रतिशत सहमत, ३५.५ प्रतिशत आंशिक सहमत र १५.६ प्रतिशतले असहमत जनाएका छन् । विशिष्टतर्फ यस सवाललाई राख्दा ४७.९ प्रतिशत सहमत, ३९.४ प्रतिशत आंशिक सहमत र १२.७ प्रतिशतले असहमति जनाए । सोही प्रश्न अमलेखगंज गा.वि.स. का सर्वसाधारणसमक्ष राख्दा ७५. प्रतिशत सहमत ११.३ प्रतिशत आंशिक सहमत र १३.७ प्रतिशतले असहमत जनाए भने विशिष्टतर्फ ५२.५ प्रतिशत सहमत, २० प्रतिशत आंशिक सहमत र २७.५ प्रतिशत असहमत जनाएका छन् ।


### ५.३.६ सेनामा महिला सहभागितामा वृद्धि

युद्धका लागि महिला कम जिम्मेवार भए तापनि युद्धको बेला स्वास्थ्य सेविका, जासुस तथा लडाकुको भूमिकामा महिला प्रयोग भएका छन् । सेनामा महिला सक्रिय गराउन राज्यको हरेक निकायमा लैङ्गिक सहभागिता हुनुपर्छ भन्ने महिलाहरूको माग राज्यले सेनामा महिला भर्तीको थालनी गरेका हुन् तर ने.क.पा. (माओवादी) द्वारा अङ्गीकार गरेको लेनिन रणनीतिको आधारमा माओवादीले आफ्नो सेनामा महिलाहरूलाई स्वागत तथा आकर्षण गर्न कुनै कसर छाडेका छैनन् । विद्यालयमा अध्ययनरत साना नानीहरू, कलैयाका ज्वाला साह र स्व. बबिता मण्डललाई बिर्सन सकिँदैन । सांस्कृतिक कार्यक्रममा सहभागी हुँदाहुँदै यसतर्फ आकर्षित भएका हुन् । सेनासँगका भिडन्तमा बबिताले सहादत प्राप्त गरिन् भने ज्वाला साह आजका दिनमा नीति निर्णायक (मन्त्री) पदसम्म पुग्न सफल भएकी छिन् । यस परिणामअनुसार नै माओवादी सेनामा पम्फा भुसालका अनुसार पार्टी सङ्गठनभित्र जिल्ला तहसम्म महिला कार्यकर्ताहरू करिब ५० प्रतिशतको हाराहारीमा रहेको भए पनि पार्टीका जिल्ला कमिटीहरूमा झण्डै २५ प्रतिशत मात्र महिला छन् ।[५९] माओवादी सेनामा ४० प्रतिशतको हाराहारीमा महिलाहरू छन् । ने.क.पा. (माओवादी) भगिनी संस्था अखिल नेपाल महिला (क्रान्तिकारी) ले जनसेना र नेपाली सेना मिलाएर राष्ट्रिय सेनामा महिला ४० प्रतिशत हुनु पर्छ भन्ने माग राखेको छ । यस सवालमा कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. मा सर्वसाधारणसँग जनमत लिने क्रममा क्रमशः ८०.७ प्रतिशत सहमत, १३.४ प्रतिशत आंशिक सहमत र ५.९ प्रतिशत असहमति, विशिष्टहरूमा सोही सवाल राख्दा क्रमशः ७५ प्रतिशत सहमत, १५ प्रतिशत आंशिक सहमत, १० प्रतिशत असहमति जनाए सोही प्रश्न अमलेखगंजमा ७९.५ प्रतिशत सहमत, १३.९ प्रतिशत आंशिक सहमत र ६.३ प्रतिशत असहमत देखाएको छ भने विशिष्टतर्फ ६२.५ प्रतिशत सहमत, २७.५ प्रतिशत आंशिक सहमत र १० प्रतिशतले असहमत जनाए । सो कुरा तलको चित्रबाट प्रस्ट हुन्छ ।

**स्तम्भ चित्र नं. ५.१५**

**सेनामा महिलाको उत्साहजनक सहभागिता**

[५९] थापा. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ५८, पृ. ७३ ।




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

उपर्युक्त स्तम्भ चित्रअनुसार माओवादी जनयुद्धमा महिला सहभागिता ह्वात्तै बढेकोमा सहमति जनाएको पाइन्छ । पुरानो राज्य व्यवस्थाको सैन्य संरचनामा स्वास्थ्यकर्मी र कार्यलय सहयोगी बाहेक अन्य मोर्चामा महिलालाई भर्ती लिइन्नथ्यो । औपचारिक रूपमा महिलालाई सैन्य संरचनामा समावेश गर्ने नीति नेपालमा माओवादीले लियो । यो अभियान राजनीतिक रूपमा सबैभन्दा उत्पीडित क्षेत्रका महिला, थारू, मधेसी, दलित, जनजाति समुदायबाट उल्लेख्य उत्साह र सहभागिता जनाइएको थियो । जनयुद्धमा संलग्न भएर सभासद् र मन्त्रीसम्म बन्न सफल भएकी ज्वाला साहको आफ्नै कथा व्यथा छ । ज्वालासाहका पिता ने.क.पा. (एमाले) दलमा युवा अवस्थादेखि लागि परेको, उनको धनका साथै जन (एक छोरा औषधि उपचारको अभावमा) गुमाउनु परेको थियो । भएको श्रीसम्पत्ति दलका लागि गुमाइसकेका थिए तापनि दलले उनको मूल्याङ्कन गरेको थिएन । यिनै वातावरणबाट उत्पीडित ज्याला साह माओवादीमा समर्पित भइन् । २०५८ मा जिल्ला महिला अध्यक्ष पद समालिन्, समानुपातिक सभासद्मा मनोनित भइन् र वर्तमानमा मन्त्रीको पद समालिन् ।


माओवादीको जनयुद्ध रणनीतिबाट उत्पीडित, दलित महिलाहरूका साथै 'हुनेखाने' परिवारका युवतीहरू पनि प्रभावित भई शिक्षा, सम्पत्ति र अवसरको मौका छोडेर उत्पीडित जनताको हितको लागि जनयुद्धमा होमिए । माओवादी जनसेनामा लामबद्ध भएर २० हजारभन्दा बढी महिलाले युद्ध लडे । लडाइमा अग्रमोर्चामा पुगेर प्रहरी र सेनालाई पराजित गरिदिए ।

### ५.३.७ लैङ्गिक विभेद तथा घरेलु हिंसामा ह्रास

सदियौंदेखि नेपाली महिला समुदाय घरेलु हिंसा, दमन र उत्पीडनका सिकार हुँदै आएको पाइन्छ । नेपालको जनसङ्ख्यामा महिलाको सङ्ख्या पुरुषहरूभन्दा बढी छ । तर राजनीति, राज्य सञ्चालन एवं नीति निर्माण हरेक क्षेत्रमा महिलाको उपस्थिति नगण्य छ । बहुदलीय प्रजातन्त्र स्थापनापछि सम्पत्तिमाथि महिलाको समान अधिकार महिला आन्दोलनको एक मुख्य विषय बन्न पुग्यो । जनयुद्धको खास विशेषता के रह्यो भने यसले ग्रामीण दलित, जनजाति, मधेसी, थारू र पिछडिएका क्षेत्रका महिलालाई सम्बोधन गऱ्यो । यसै प्रसङ्गलाई केन्द्रित गरी सोधिएको एक प्रश्नको जवाफमा सहमति, आंशिक सहमति र असहमति प्रकट गर्ने कलैयाका सर्वसाधारण उत्तरदाताको सङ्ख्या क्रमशः ७५.३, १९.३ र ५.४ थियो भने विशिष्ट उत्तरदाताको सङ्ख्या क्रमशः ७४.५, २०.२ र ८.३ प्रतिशत रहेको पाइयो । त्यसैगरी अमलेखगंजमा सो सवालप्रति सहमति, आंशिक सहमति र असहमति जनाउने सर्वसाधारण उत्तरदाताको सङ्ख्या क्रमशः ८१.३, १२.५ र ६.२ प्रतिशत थियो भने विशिष्ट उत्तरदाताको सङ्ख्या क्रमशः ७७.५, १५.० र ७.५ प्रतिशत थियो । निचोडमा यस क्षेत्रका झण्डै ५० प्रतिशत मानिसहरू जनआन्दोलनले महिलाको हकहितलाई सहयोग पुऱ्याएको स्वीकार गरे भने उत्तिकै मानिसहरूले महिलाहरूको अवस्थामा खासै केही सुधार नआएको भनी गुनासो प्रकट गरे । यसलाई तलको स्तम्भचित्रमा देखाइएको छ ।

**स्तम्भचित्र नं. ५.१६**

**घरेलु हिंसामा महिलाको स्थिति**




***स्रोत*** : स्थलगत अध्ययन-२०६६ (परिशिष्ट ४) ।

यहाँनेर उल्लेखनीय कुरा के छ भने प्रतिनिधि सभाले २०६३ जेठ १६ गते पारित गरेको सार्वजनिक सरोकारको सङ्कल्प प्रस्तावले नेपालको इतिहासमा महिला अधिकारको सवालमा नयाँ आयाम थपेको छ । तत्कालीन सांसद विद्यादेवी भण्डारी प्रस्तावक र सांसद कमला पन्त समर्थक रहेको प्रस्ताव २०६३ जेठ १५ गते संसद्मा पेस गरिएको थियो । प्रतिनिधि सभाले सर्वसम्मत रूपमा पारित गरेको उक्त सङ्कल्प प्रस्तावले महिला विरुद्ध विभेद गर्ने सबै संवैधानिक तथा कानुनी व्यवस्था खारेज गर्न र राज्य संरचनामा महिला सहभागिता बढाउन मार्गप्रशस्त गरेको थियो । महिला र पुरुषबीच विभेद हटाउन समावेश गरिएको चार महत्त्वपूर्ण प्रस्तावमध्ये पहिलो प्रस्तावमा आमाबाबुमध्ये कुनै एकजनाको नामबाट सन्तानले नागरिकता पाउने व्यवस्था थियो । प्रस्तावमा राज्य संरचनामा ३३ प्रतिशत आरक्षणको व्यवस्था हुनुपर्ने र घरेलु हिंसा अन्त्य गर्नुपर्ने सवाल पनि उल्लेख गरिएको थियो । राज्यको संरचनामा महिलाको प्रतिनिधित्व ५ प्रतिशत रहेको वर्तमान अवस्थामा महिलामाथिको विभेदकारी व्यवस्था खारेज गरी उनीहरूको समानुपातिक सहभागिता निश्चित गरिनु पर्नेमा प्रस्तावले जोड दिइएको थियो ।[६०]

## ५.४ निष्कर्ष

सशस्त्र द्वन्द्वबाट प्रायः समाजमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पर्दछन् । सशस्त्र द्वन्द्वको प्रभाव विभिन्न समुदाय वा व्यक्तिहरूमा विभिन्न प्रकार र मात्रामा परिरहेको हुन्छ । सशस्त्र द्वन्द्वमा प्रत्यक्ष संलग्न लडाकुहरू, यसका सञ्चालकहरू र गैरलडाकु सहभागीहरू, युद्धमा मारिएका व्यक्तिहरूका परिवारहरू आदि पुस्ताको नेतृत्वदायी बालबालिकाहरू, घरमूली महिलाहरू र समाजका सम्मानित वृद्धवृद्धाहरू, देशका मेरुदण्डको रूपमा रहेको युवा वर्ग र समग्रमा सिङ्गो समाजमा सशस्त्र द्वन्द्वको मनोवैज्ञानिक असर परेको पाइएको छ । सशस्त्र युद्धमा सबभन्दा प्रभावित हुने समूह भनेको क्रमशः बालबालिका, अपाङ्ग, वृद्धवृद्धा र महिलाहरू हुन् । देशमा सशस्त्र द्वन्द्व बढ्दै जाँदा यस क्षेत्रका प्राकृतिक स्रोतहरूको अनियन्त्रित उपभोग र दुरुपयोग भएको, जैविक विविधतामा प्रतिकूल असर परेको, प्राकृतिक स्रोतको व्यवस्थापनमा अनियमितता, निष्क्रियता र कठिनाइ भएको पाइएको छ । फलस्वरूप मानव स्वास्थ्यमा प्रतिकूल असर परेको (जस्तै रक्तचाप

---

[६०] इन्सेक. **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ९, पृ. ११६ ।

वृद्धि, औषधि र चिकित्सा सुविधाबाट उपयोग गर्न अप्ठ्यारो परेको आदि), अनिद्रा, शारीरिक दुर्बलता र अल्छीपना बढेको पाइन्छ ।

विकासका पूर्वाधार तथा भौतिक सम्पत्तिहरू (विद्यालय, सडक, पुल, गा.वि.स. भवन, वन रेन्जपोष्ट, विद्युत्गृह आदि) को विनाश भएको, उद्योग तथा कलकारखानामा नकारात्मक असर परेको, शैक्षिक संस्थाहरू अवरुद्ध भएका कारण शैक्षिक गतिविधिहरू पूर्ण रूपमा सञ्चालन नभएको र शैक्षिक गुणस्तरमा ह्रास आएको तीतो अनुभव यहाँका मानिसहरूको छ । विद्रोही नियन्त्रण गर्ने नाममा राज्यपक्षले अत्यधिक बल प्रयोग गर्दा मानव अधिकार हननका घटनाहरू (हत्या, गिरफ्तारी, यातना, घाइते, बेपत्ता पार्ने र कुटपिट) मा वृद्धि भएको छ । माओवादी पक्षबाट पनि सुराकीको नाममा विरोधीलाई हत्या, बेपत्ता, अपहरण र धम्की दिने कार्यमा तीव्रता आएको पाइयो । द्वन्द्व अवधिमा अशान्ति र असुरक्षा बढेका कारण थुप्रै मानिसहरू आन्तरिक विस्थापित र केही मानिस विदेश पलायन भए । कतिपय ठाउँमा ग्रामीण टोल सुरक्षा बलको नाममा गठन भएको प्रतिकार समूहले सर्वसाधारणमाथि मच्चाएको वितण्डा (हत्या, लुटपाट र आगजनी) का घटनाहरू भएका, नागरिक प्रशासनमाथि सैन्य प्रशासनको नियन्त्रण बढेको र कमजोर प्रशासनको मौका छोपी लागू औषधी, काठ, वन्यजन्तु, घरेलु हातहतियार, चेलीबेटी बेचबिखन र मानव तस्करी भएको घटना सार्वजनिक भए । द्वन्द्वका कारण विवशतापूर्वक युवाहरू विदेशिने अवस्थाको सृजनाले हाम्रो देशको भोलिको आर्थिक, सामाजिक र जनसङ्ख्याको बनोटमा समेत सङ्कट र असन्तुलन आउने प्रायः निश्चित छ । लगातार अपर्भ्mट गरिने आक्रमण, प्रत्याक्रमणबाट सर्वसाधारण नागरिकहरू मारिएपछि घर सम्पत्ति ध्वस्त भए पनि उनीहरूका आफन्त र परिवाजनका बालबालिकाहरूमा बदलाको भावना विकसित हुने गरेको पाइयो । द्वन्द्वकालमा यस क्षेत्रमा कतिपय मानिसहरूमा मनोवैज्ञानिक असन्तुलन बढी देखिएको, मानिसहरू एक अर्कोप्रति बढी सशङ्कित, आक्रामक र निराशावादी बनेको र मानसिक रूपमा विक्षिप्त बनेको उदाहरण देखिएका छन् ।

नेपालमा माओवादी आन्दोलनले एउटा ठूलो सङ्कट मात्र ल्याएको होइन, यसले देशका समग्र सामाजिक, आर्थिक, राजनीतिक मनौवैज्ञानिक रूपान्तरणको लागि अवसर पनि सृजना गरेको छ । माओवादीको नीतिगत दबाब र सजायका डरले सामाजिक विकृतिहरूमा

ह्रास आएको पाइन्छ । वास्तवमा माओवादी जनयुद्धले नेपाली समाजमा सुषुप्त रहेका वा बिस्तारै-बिस्तारै टुसाउँदै गरेका अनेकौं अन्तरविरोधहरूलाई सतहमा ल्याइदिएको छ । यस आन्दोलनले महिलालगायत दलित, जनजाति, मधेसी र क्षेत्र विशेषको पहिचान र समावेशीकरणका सवालहरूलाई मुखरित गरेका कारणले नै माओवादी आन्दोलनले यो उचाइ पाएको यस क्षेत्रका मानिसहरूको ठहर छ ।

अध्याय छैटौंमा सशस्त्र द्वन्द्व पीडितको लागि कानुन, नीति निर्माण, कार्यान्वयन पक्ष, नीतिको अवस्था आदि सम्बन्धमा उल्लेख गरिएको छ ।

अध्याय छ

# महिलासँग सम्बन्धित कानुन तथा नीतिहरूको कार्यान्वयन पक्ष

## ६.१ पृष्ठभूमि

नेपालमा शान्ति प्रक्रियाको विवेकपूर्ण समापन र लोकतन्त्रको सुदृढीकरणको प्रसङ्गमा दण्डहीनता, कानुनी, कार्यान्वयन पक्ष एउटा गम्भीर चुनौतीका रूपमा देखापरेको छ । खासगरी कानुनी राज्य स्थापना गर्ने, पीडकलाई जिम्मेवार बनाउने, पीडितलाई राहत दिलाउन र दिगो शान्ति कायम गर्ने विषय चुनौतीपूर्ण देखिएको छ । सामाजिक तथा राजनीतिक क्षेत्रमा दण्डहीनता र राजनीतिक अपराधीकरण भीषण किसिमले बढ्दो छ । नीतिनिर्माण तहबाट गरिएको बेवास्ता भने घातक छ ।

सङ्क्रमण कालका नाममा गैरन्यायिक हत्या, यातना, यौनजन्य अपराध, अत्यधिक बल प्रयोग, बेपत्ताजस्ता मानव अधिकारका गम्भीर उल्लङ्घनकर्ता दण्डित नहुनु, यसप्रति राज्यले आँखा चिम्लिएकाले मानवअधिकार र कानुनी राज्यका हिमायतीहरू चिन्तित हुनु पर्ने अवस्था विद्यमान छ । यस अध्ययनमा कानुनी नीतिको कार्यान्वयन पक्षबारे अध्ययन गरिएको छ । खासगरी महिला विरुद्ध विद्यमान दण्डहीनता, कानुनी संरक्षण र कार्यान्वयन पक्षबारे चर्चा गरिएको छ ।

कुनै पनि समाजमा कुनै पनि समयमा द्वन्द्व भइरहन्छ । द्वन्द्वको पछाडि केही न केही कारण हुन्छ । ती कारणको समयमा पहिचान गरी समाधान पहिल्याउन नसक्दा विरोधी पक्षले यसबाट लाभ प्राप्त गर्न चाहन्छ र त्यसले ठूलो रूप लिन्छ । अन्ततोगत्वा राष्ट्रले मानवीय तथा भौतिक क्षतिको ठूलो मूल्य चुकाउनु पर्छ । अरस्तुका अनुसार क्रान्ति सानो चिज होइन तर सानो चिजबाट जन्मन्छ ।[१] देश हाँक्ने, नागरिकको शान्ति सुरक्षा, मानव अधिकार संरक्षण, चौतर्फी विकासको जिम्मेवारी लिएको प्रजातान्त्रिक आधारमा निर्वाचित सरकारले तीव्र रूपमा चर्कँदै गइरहेको माओवादीबाट सृजित समस्या समाधान गर्न खासै चासो नलिँदा माओवादी सशस्त्र सङ्घर्षबाट देशले जनधनको अपूरणीय क्षति बेहोर्नु परेको  हो ।

---

१ डी.पी. ढकाल 'संकल्प', **नेपाली क्रान्ति**, (काठमाडौं : सौगात पुस्तक प्रकाशन, २०६४), पृ. ११ ।

संयुक्त जनमोर्चाले २ माग थप गरी ४० सूत्रीय माग प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको निवेदनमा ५ दिनसम्म कुनै सकारात्मक पहल नभएमा सशस्त्र सङ्घर्षमा उत्रने जानकारी गराइएको थियो । तत्कालीन सरकारले संयुक्त मोर्चाको मागपत्रलाई सामान्य र औपचारिक ढङ्गले मात्र लियो । वार्ता गर्न सकिने एजेण्डा र त्यसको सम्भावनाबारे छलफल, लेखाजोखा गरिरहेकै बखत ५ दिनको समयसीमा दिए तापनि पाँचदिन अगाडि नै माओवादीले २०५२ फागुन १ गतेबाट आक्रमण सुरु गरे । सर्वप्रथम पश्चिम र पूर्व क्षेत्रको रुकुमको आठबीसकोट, रोल्पाको होलेरी, गोरखा च्याङ्लीमा कृषि विकास बैंक कब्जा, सिन्धुलीमा सिन्धुलीगढी, काभ्रेपलाञ्चोकका दौलतविक्रम दोङको घरमा कब्जा गरेका थिए । काठमाडौंको काँडाघारीमा रहेको अमेरिकी बहुराष्ट्रिय कम्पनीको पेप्सी कार्यालयमा बम विस्फोट गराएका थिए । यसरी घोषणा गरेकै दिन पाँच साना-ठूला क्षेत्रमा आक्रमण गरेका थिए ।

देशमा माओवादी गतिविधि सुरु भए यता जनतामा मानव अधिकार तथा शान्ति सुरक्षाको दृष्टिकोणको विषम परिस्थिति सृजना भएको छ । मुलुकमा हिंसा, प्रतिहिंसा, निर्दोष व्यक्ति, बालबालिका, महिलाहरूको हत्या, हिंसा, व्यक्तिगत सार्वजनिक सम्पत्ति लुटपाट, क्षति, भौतिक सम्पत्ति क्षति, सामाजिक, आर्थिक सेवा तथा विकासका कार्यक्रमहरू निलम्बन, अवस्था, विस्थापन, अपहरण, बेपत्ता, सुशासनको अभाव, शैक्षिक गतिविधिमा अवरोध, सामाजिक हत्या हिंसा जस्ता समस्याहरूबाट आमनेपाली जुझिरहेका छन् । भय, सन्त्रास असुरक्षाको वातावरणमा जीवन बिताइरहेका छन् । असमर्थहरू विदेश पलायन भइरहेका छन् । बेरोजगारका कारण महिलालगायत युवावर्ग सामाजिक विकृतितर्फ उन्मुख भइरहेका छन् । राष्ट्र र राष्ट्रियताप्रति विमुख र उदासीन भइरहेका छन् । नेता र दलहरूप्रति वितृष्णा बढ्दो छ । यी सबै कारणको प्रभाव महिलामा परेको छ । यी विषम परिस्थितिबाट उन्मुक्ति दिलाउन स्थापित भएका वा स्थापित गर्नुपर्ने कानुनी प्रावधानहरूको कार्यान्वयन पक्ष के कस्तो छ ? भन्ने सवालमा केन्द्रित भई यस अध्ययनलाई अग्रगति दिइएको छ ।

यस्तो अवस्थामा द्वन्द्वका कारण उत्पन्न भएका समस्या समाधानमा राज्यको प्रमुख र निर्णायक भूमिका हुनु पर्छ । राज्यले हचुवा, अपरिपक्व अन्यौलपूर्ण क्रियाकलाप त्यागेर परिपक्व, दूरगामी र उद्देश्यमूलक कार्यक्रम अवलम्बन गर्नु पर्छ । विरोधी पक्षलाई मूलधारमा ल्याउन विश्वासको वातावरण बनाउनु पर्छ । संविधान, कानुनको मर्म भावना अनुरूप व्यवहारहरू अवलम्बन गर्नु पर्छ । आशङ्काकै आधारमा माओवादीको आरोपमा जोसुकैलाई यातना दिने, अपहरण गर्ने, बेपत्ता बनाइने, हत्या गर्ने, मौलिक हक हननजस्ता गैरकानुनी

कार्यहरू बन्द गरिनु पर्दछ । तर माओवादी र सात दलबीच भएको विभिन्न बुँदागत सहमतिहरूको बाबजुद युद्ध अवधिको स्थिति वर्तमानसम्म पनि सुधारिएको छैन ।

समस्या समाधान तथा शान्ति स्थापनाका लागि माओवादीले निर्वाह गर्ने भूमिका, कार्यहरू नियन्त्रित, कानुनसम्मत हुनु पर्छ । राजनीतिक दलको आचरण निर्वाह गर्ने, मानव अधिकार, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता, आचारसंहिता पालना, सर्वसाधारणलाई यातना, अपहरण, बेपत्ता, हत्या, हिंसा, विस्थापनका लागि बाध्य गराउने, सन्त्रासको वातावरण, जबरजस्ती, चन्दा, शारीरिक तथा मानसिक यातना, भूमिकब्जा जस्ता अमानवीय आचरण परित्याग गर्ने, वार्तामा जाने, सन्धि सम्झौता गर्नेजस्ता क्रियाकलाप गर्नुपर्छ अन्यथा शान्ति स्थापना हुन सक्दैन ।

माओवादी विद्रोह व्यवस्थापन प्रक्रिया सम्बन्धमा नेपालमा ठूलो चर्को विषयको रूपमा बहस चलिरहेको छ । एकातर्फ देश डोऱ्याउने जिम्मेवारी लिएको नेपाली कांग्रेस राज्य हिंसाको सहारा लिएर बुट र बन्दुकबाट विद्रोह साम्य पार्न सकिने भ्रममा थियो । सुधारको प्याकेजको आडमा सेना परिचालन र विभिन्न अपरेशन चलाई सैन्य क्रियाकलाप फैलाएको थियो ।[२] अध्यादेशद्वारा सैन्यबल सृजना गर्ने सोच बनाएको थियो । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको राजनीतिक सुझबुझको कमीले गर्दा माओवादी सशस्त्र द्वन्द्व उनकै शासनकालमा सुरु भयो । भ्रष्ट नेतृत्वप्रति अविश्वास, आस्था गुमाएको, चरम अधैर्य नै द्वन्द्वको जननी हो । राज्यबाट भएका नृशंस हत्याकाण्डको घोरविरोध भइरहेको छ ।

गाउँ, शहर प्रत्येक तह र तप्काका महिलालगायत सर्वसाधारणले गृहयुद्धको समाप्ति, शान्ति बहाली र अमनचयन चाहिरहेका छन् । सम्पूर्ण महिला वर्गलगायत बुद्धिजीवी, दल, नागरिक समाज वार्ताको टेबुलका सम्झौता गराउन मध्यस्थकर्ताको भूमिका निर्वाह गर्न चाहन्छन् । शान्तिको कामना तथा स्थापना चाहनुका साथै एउटा नयाँ नेपाल जहाँ कुनै किसिमको लैङ्गिक भेदभाव, जातीय, भाषिक, धार्मिक, क्षेत्रगत, धनी र गरिबबीच खाडल नहोस्, कोही बढी खाने र कोही खानै नपाएर पर्नु पर्ने बाध्यता नहोस्, उचनिच, छुवाछूत, घरेलु हिंसा, भ्रष्टाचार, भ्रष्ट नेतृत्व, प्रशासन त्यस्तो नहोस् भन्ने चाहन्छन् । चोरी, लुट, हत्या, हिंसा, बेरोजगार आदिको निर्मूल होस् भन्ने चाहना राख्दछन् । तसर्थ महिला तथा सर्वसाधारणको चाहना पूर्ण गर्न द्वन्द्व व्यवस्थापनतर्फ अग्रसर हुनु आवश्यक छ । बुट र

---

[२] विष्णुराज उप्रेती, **सशस्त्र द्वन्द्व कारण, असर र समाधानमा प्रयासहरू,** (काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन, २०६१), पृ. १३७ ।

बन्दुकबाट समाधान हुन सक्दैन भन्ने विषयमा सचेत हुनु आवश्यक छ । सरकारका कारण मुलुक अस्तव्यस्त हुँदै छ ।[३] सरकारबाट प्रहरीमार्फत विपक्षी पार्टीहरूका कैयौं कार्यकर्ता तथा समर्थकहरूको हत्या गराइने, झूटो मुद्दा लगाउने, अन्यायपूर्वक गिरफ्तारी गर्ने, गाउँमा आगजनी र दमन गर्ने, विनापुर्जी पक्राउ गर्ने, बेपत्ता पार्नेजस्ता दमनपूर्ण कार्य गरी शान्ति कायम गर्न खोजिनुले जनतामा असन्तुष्ट फैलिँदै गएको हो ।[४] विश्वको इतिहासअनुसार कुनै पनि जनआन्दोलन सैनिक दमनबाट शान्त भएको छैन । उदाहरणमा अमेरिकी स्वतन्त्रता सङ्ग्राम, रुसी क्रान्ति, उत्तरी कोरिया, क्यूवा, भियतनाम, दक्षिण अफ्रिका, सुडान, भारतको स्वतन्त्रता सङ्ग्राम, बङ्गलादेश, अफगानिस्तानमा भएका द्वन्द्व दमनबाट साम्य नभएको प्रमाण पाइन्छ । तसर्थ दुवै पक्षले एक अर्काप्रति विश्वास बनाउने, सम्भाव्य माग पूर्ति गर्ने, आमजनताका लागि शान्ति स्थापनाको निकास दिने प्रतिबद्धताका साथ वार्ता टेबुलबाटै समाधान गर्नुपर्छ । जनतालाई सम्प्रभुताको अनुभूति गराउन सक्नु पर्छ । अल्पसंख्यक, जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, क्षेत्रगत र लैङ्गिक सबै समुदायहरूको प्रतिनिधि रहेको संविधान सभा निर्माण गरी विभेद उन्मूलन गर्नुका साथै व्यवहारमा प्रयोग गर्नेजस्ता कार्य गर्नुपर्छ । यसको सर्वप्रथम महिलासम्बन्धी अधिकार र प्रावधानबारे चर्चा गर्नु आवश्यक छ ।

## ६.२ महिला अधिकार

मानव अधिकार भन्नाले मर्यादित रूपमा बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई जनाउँदछ । यी अधिकार नैसर्गिक र जन्मसिद्ध हुन्छन् । मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ । प्रत्येक व्यक्तिले जाति, रंग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय सामाजिक आधार, सम्पत्ति आदि कुनै किसिमको भेदभावविना आफ्नो अधिकार र स्वतन्त्रता उपभोग गर्नु पाउनु नै मानव अधिकार हो । मानव अधिकार भन्नु नै महिला अधिकार हो । महिला मानव नै हो भन्ने कुरा बिर्सनु हुँदैन ।

महिला र पुरुषको समान अधिकारको सवाल संयुक्त राष्ट्रसङ्घको बडापत्र तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ मा प्राथमिकता पाएको हो । लिङ्गको आधारमा राज्यले भेदभाव गर्न नहुने तथ्यलाई मध्यमनजर गरी भियना सम्मेलनले महिला

---

[३] माधव कुमार नेपाल, “अधिनायकवादको डर”, **हिमाल खबर पत्रिका**, (२०६५), पृ. ४५ ।

[४] ने.क.पा. (एमाले), “माओवादी र राज्यद्वारा सृजित हिंसा र आतङ्कसम्बन्धी अध्ययन कार्य दल प्रतिवेदन”, **एमाले प्रतिवेदन, २०५८** (बल्खु : ने.क.पा. (एमाले) को कार्यालय, २०५८), पृ. १२ ।

अधिकार, मानव अधिकारको अन्तरसम्बन्ध, सर्वव्यापकता तथा अविभाज्यतालाई स्थापित गरेको छ । महिला अधिकार विश्व मानव अधिकार अभियानको अभिन्न अङ्ग भएकोले महिला अधिकार संरक्षण गर्न सर्वप्रथम अन्तर्राष्ट्रिय कानुन तथा नीतिहरूको कार्यान्वयन प्रभावकारी रूपमा गर्दै यसलाई राष्ट्रिय कानुनहरूमा अनूदित गर्नुपर्छ ।[५]

महिलाको लैङ्गिक समानता, न्याय, सशक्तीकरण, प्रजनन अधिकारमा नियन्त्रण, महिला विरुद्धका सबै हिंसाको उन्मूलन, सम्पूर्ण विकाससम्बन्धी कार्यक्रमका मुख्य आधार हुन् । विश्वभरि महिला लिङ्ग विभेदको शिकार बनेका छन् । मात्रामा मात्र फरक छ । अन्तर्राष्ट्रिय कानुन सन्धिहरूलाई अनुमोदन नगर्ने, उचित कार्यान्वयन नहुने, महिला अधिकार अझै पनि सुरक्षित हुन नसक्नु महिला अधिकारप्रति सचेत हुन नसकेको हो । महिलाहरूले आफ्नो अधिकार पूर्ण उपभोग गर्न सकेका छैनन् । यसको जिम्मेवार अन्तर्राष्ट्रिय, राष्ट्रिय कानुन र स्वयम् महिला पनि हुन् । सामाजिक, राजनीतिक, परम्परागत संस्कृति, धर्म, पुरुषप्रधान समाजका कारण महिला लैङ्गिक विभेदबाट मुक्त हुनसकेको छैन ।

### ६.२.१ नेपालको परिप्रेक्ष्यमा महिला अधिकार

संविधानले महिला अधिकार, महिला पुरुष समानताका लागि केही पाइलाहरू चालेको छ । ती पाइलाहरू निम्नानुसार छन् :

(क) प्रतिनिधि सभाको चुनावमा हरेक दलले कम से कम ५ प्रतिशत महिला उम्मेदवारी दिनु पर्ने ।[६]

(ख) राष्ट्रिय सभामा निर्वाचित ३५ सदस्यमध्ये कम्तीमा ३ जना महिला हुनुपर्ने ।

(ग) महिला र पुरुषबीच कानुनी भेदभाव हुन नहुने ।

(घ) महिलाहरूको हितका लागि विशेष व्यवस्था गर्नु पर्ने ।

(ङ) महिला र पुरुषबीच समान कामका लागि समान तलब/ज्यालाको व्यवस्था हुनु पर्ने राज्य नीति निर्देशन सिद्धान्तले महिला हितका लागि शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गर्ने उल्लेख गरेको छ ।

---

[५] गोपालकृष्ण शिवाकोटी र मिनल धरेल, **वियोण्ड बेइजिङ घोषणापत्र तथा कार्यनीति,** (काठमाडौँ : वियोण्ड बेइजिङ कमिटी, नेपाल इ. १९९५), पृ. ८७ ।

[६] **नेपाल अधिराज्यको संविधान, २०४७,** (काठमाडौँ : श्री ५ को सरकार कानुन तथा न्याय मन्त्रालय, कानुन किताब खाना व्यवस्था समिति, २०४७), पृ. ६७ ।

प्रमुख राजनीतिक दलले नीति निर्माणका अङ्गहरूमा महिलाहरूको प्रतिनिधि बढाउने निधो गरेका छन् । यसैको परिणामस्वरूप नगरपालिकामा वडा तह गा.वि.स. मा निर्वाचित महिला हुनुपर्ने व्यवस्था गरेको छ । यो महिला सशक्तीकरणको नमुना हो । राज्य पक्षबाट महिला मन्त्रालय तथा विभिन्न सङ्घ-संस्थाको स्थापना गरियो । दोस्रो जनआन्दोलनपछि अन्तरिम सरकारको गठनपश्चात् सम्बोधन गरिएका अधिकारहरू-

प्रतिनिधि सभाले २०६३ जेठ १६ गते पारित गरेको सार्वजनिक सरोकार संकल्प प्रस्तावले महिला आन्दोलनमा नयाँ आयाम थपिएको छ ।[७]

(क) प्रस्तावअनुसार राज्यका प्रत्येक संरचनामा ३३% सिट आरक्षण गर्ने प्रतिबद्धता जनाइएको छ, जुन २०४७ सालले उपलब्ध गराएको महिला अधिकारको तुलनामा यो घोषणा अग्रगामी छ ।

(ख) आमा-बाबुको नामबाट सन्तानले नागरिकता पाउन सक्ने यसले पुरातन मान्यतालाई समाप्त गरिदिएको छ । यसबाट महिलाको स्थान सम्मानित भएको भएको पाइन्छ ।

(ग) संसद्ले महिला विरुद्धका सम्पूर्ण घरेलु हिंसा र विभेदकारी कानुनको अन्त्य गर्ने ।

(घ) साउन १५ गते सरकारले राजगद्दी उत्तराधिकारसम्बन्धी महत्त्वपूर्ण विधेयक बनाउने निर्णय गरेको छ । राजारानीको ज्येष्ठाधिकार अर्थात् राजगद्दीको उत्तराधिकारी बन्ने व्यवस्था गरिएको छ, तर अब राजतन्त्रको अन्त्य भएको स्थिति छ ।

(ङ) अन्तरिम व्यवस्थाले निर्णय गरेअनुसार महिला राष्ट्राध्यक्ष बन्ने कानुनी अधिकार दिएको छ ।

### ६.२.२ कानुनको कार्यान्वयन पक्ष

उपर्युक्त प्रावधानहरूको व्यवस्थाको बाबजुद कार्यान्यवनमा समस्या देखा पर्दछ ।

(क) आन्दोलनपश्चात् वैशाख १८ गते सात सदस्यीय मन्त्रिमण्डलमा एकजना महिला समावेश गर्नुपर्ने आवश्यक नठानिएको ।

(ख) २१ सदस्यीय मन्त्रिमण्डलमा एकजना महिला राज्यमन्त्री बनाइएको ।

---

[७] इन्सेक, **लोकतन्त्र प्राप्तिका सय दिन : मानव अधिकार स्थिति**, (काठमाडौं : इन्सेक, २०६३), पृ. ३२ ।

(ग) आन्दोलन दमन गर्नेमाथि छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको संयोजकत्वमा गठित उच्चस्तरीय जाँचबुझ आयोगमा एकजना पनि महिला सहभागी नगराएको ।

(घ) नगरकोट, बेलबारी हत्याकाण्डसम्बन्धी छानबिन गर्न गठित संसदीय समितिमा महिला सांसद संलग्न नगराइएको ।

(ङ) ज्येष्ठ ११ गते गृहमन्त्री कृष्ण सिटौलाको संयोजकत्वमा गठन गरिएको शान्ति वार्ता टोलीमा महिलालाई समावेश नगरिएको ।

(च) ५०% महिला सहभागिता हुनु पर्ने माग गर्दै आएका ने.क.पा. (माओवादी) ले समेत आफ्नो वार्ता टोलीमा पनि १ जना महिला समावेश नगराएको ।

(छ) असार ८ गते १० वटा विभिन्न संसदीय समिति गठन गरिएकोमा एकजना पनि महिला सभापति नबनाइएको र एकजना पुरुष संसद्ले उम्मेदवारी फिर्ता लिएपछि महिला सांसद समिति सभापति बनाइएको ।

(ज) अन्तरिम संविधान मस्यौदा समितिमा नागरिक समाजको महिला सहभागी नगराएपछि महिला आन्दोलन र नागरिक समाजको दबाबपश्चात् असार ३० गते उक्त समितिमा चारजना महिला समावेश गराइएको ।

(झ) महिलाहरूको क्षमताको कदर र समाजको आधा भाग ओगटेका महिलाको प्रतिनिधित्वमा पनि सरकार तथा विद्रोही पक्षले ध्यान नदिएको ।

उपर्युक्त स्थान बाहेक अन्य अङ्ग, निकाय, आयोग र समितिहरूमा महिला सहभागिता न्यून हुँदा महिलाहरू आन्दोलनमा उत्रनु स्वाभाविक हो । विभिन्न सङ्कल्प, घोषणा र प्रतिबद्धताका बाबजुद महिलाप्रति राज्य संवेदनशील नभएको पाइन्छ । २१ औँ शताब्दीमा महिलाले बोक्सीको आरोप खेप्दै छन् । बलात्कारको शिकार हुँदा राज्यले कारबाही गर्नुपर्ने हो तर ढाकछोप गर्ने क्रियाकलाप र गृहमन्त्री महिला हुँदा यसप्रति संवेदन नभएको पाइयो । एकातिर युद्धविराम भएर शान्ति स्थापनाको प्रयास बढेको छ भने अर्कोतिर मानव अधिकार हननको अनुपातमा अपेक्षित कमी आएको छैन । व्यावहारिक जीवनमा लोकतन्त्र शान्ति र वास्तविक युद्धविराम कायम हुन सकेको छैन ।

अर्कोतर्फ राज्य पक्षबाट सेनाको ब्यारेकमा थुनिएका व्यक्तिलाई चरम यातना, हत्या, बेपत्ता पारिएका तथ्य इन्सेकबाट प्रकाशित प्रतिवेदन, मानव अधिकार वर्ष पुस्तकहरू राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले सार्वजनिक गरेको छ । हत्यारा खुलेआम घुमिरहेको छ, पीडकलाई सजाय हुनसकेको छैन, पीडितले न्याय नपाइरहेको अवस्था छ । सिन्धुपाल्चोकको तातोपानीमा प्रहरीद्वारा गोली हानी महिलाको हत्या, पत्रकार उमा सिंह, बारा जिल्लामा शिक्षिकाको हत्या, अपहरण, कुटपिट र चन्दा आतङ्कबाट महिला शारीरिक र मानसिक चोट खेपिरहेका छन् ।

## ६.३ सशस्त्र सङ्घर्षमा महिलाको स्थान

घर, समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जहाँसुकै जुनसुकै चरणमा सङ्घर्ष भए पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा त्यसको दीर्घकालीन असर महिला र बालबालिकामाथि पर्ने गरेको छ । यस्तो अवस्थामा हरेक स्थानमा मानवअधिकारका नियम कानुन उल्लङ्घन भएको छ । मानवीय कानुन धराशायी हुन जान्छ । अहिले विश्वभरि नै सङ्घर्षबाट महिलामाथि हुने प्रभाव रोक्न शान्ति अभियानको प्रक्रिया सुरु भएको छ । यसका लागि विभिन्न शान्ति सन्धि सम्झौताको माध्यमबाट पहल गरेको छ । अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र समाज हुँदै गाउँघरसम्म शान्तिको सन्देश प्रसारण गर्ने मानिसलाई सङ्घर्षबाट विमुख गराउने प्रयास गरेको छ ।

शान्ति हरेक मानवको अपरिहार्य अङ्ग हो । घरपरिवारदेखि राष्ट्रसम्मको विकास निर्धारण त्यहाँको शान्ति प्रक्रियाले व्यवस्था गर्छ । यस किसिमको युद्धलाई समाधान गर्न पुरुषहरूले राजनीतिक पूर्वाग्रह राखेका कारण अहम्पना उत्पन्न भई युद्ध झनै चर्किने सम्भावना हुन्छ । त्यस्ता अवस्थामा महिलाले युद्धको समाधान गर्न प्रोत्साहित गर्न सक्छ । शान्ति वार्ता प्रक्रियामा राज्य पक्ष, विरोधी पक्ष र अन्य सम्बन्धित पक्षले महिलालाई समावेश गराउने हो भने समाधान सरल र सहज हुन सक्छ । सङ्घर्ष समाधानका संवाहक महिला हुन सक्छन् । महिलाको क्षमतालाई राज्य पक्ष र अन्य पक्षले मान्यता दिएका छैनन् भन्ने सवाल उठ्नु अस्वाभाविक होइन । सन् १९४९ मा पारित द्वन्द्वकालमा लागू गरिएको जेनेभा महासन्धिलाई अन्तर्राष्ट्रिय जगत्ले परिपालनामा कमजोरी देखाएको छ । सन् १९४९ को युद्धको समयमा नागरिकहरूको रक्षासम्बन्धी जेनेभा महासन्धि र १९७७ को थप परिच्छेदअनुसार विशेष रूपमा महिलालाई युद्धको समयमा उनीहरूमाथि आइपर्ने बलात्कार, जबरजस्ती करणीजस्ता घटनाहरूबाट सुरक्षित बनाइनु पर्दछ भन्ने उल्लेख गरिएको छ ।[८]

---

८ शिवाकोटी र धरेल, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या ५, पृ. ८६ ।

यस्ता प्रावधानलाई युद्ध पक्षहरूले धोती लगाएको अनुभूति हुन्छ । राज्य पक्ष र माओवादी पक्ष दुवैको यसतर्फ ध्यान आकर्षित हुन सकेको छैन । एक अर्काको सेनालाई हतोत्साहित बनाउन महिलामाथि गरिने यौनशोषण, दुर्व्यवहार, सामूहिक बलात्कार, हत्या, हिंसाजस्ता जघन्य अपराध निरन्तरता पाइरहेको छ । त्यसैगरी विस्थापित जीवनको भोगाइको सम्बन्धमा विस्थापित अफगानी महिला सावा गुल खतकको अनुभवले कसको हृदयलाई छुन नसक्ला ।[९] नेपालमा १९९६ देखि २००० सम्ममा १,००,००० देखि १,५०,००० आन्तरिक विस्थापन भएका छन् ।[१०]

उपर्युक्त समस्या समाधान गर्न महिलाले अहम् भूमिका निर्वाह गर्न सक्छन् । किनभने महिलामा धैर्य र सहन गर्ने शक्ति हुन्छ । त्यस कारण शान्ति प्रक्रिया व्यवस्थापन कार्यका लागि गठित हुने सम्पूर्ण निकायहरूमा महिला सहभागिता गराइनु पर्ने अपरिहार्यतालाई युद्धरत पक्षहरूले बिर्सिएको पाइन्छ । १९९१ मा नेपालद्वारा अनुमोदित महिलाका विरुद्ध सबै किसिमका विभेद उन्मूलन विषयक महासन्धिले महिलाहरूको जीवनस्तर उकास्न सकारात्मक विभेदको आधारमा महिला अधिकारको पक्षपोषण गरेको छ । महासन्धिका प्रावधान तथा संवैधानिक व्यवस्था मुताबिक राज्यले उचित कानुनी तथा प्रशासनिक उपायहरूको अवलम्बन गरेको छ भन्ने सवाल यथावत् कायम छ ।

अन्तर्राष्ट्रिय कानुनले मानव समुदायका सबै सदस्यहरू समान हुने र सबैको अस्तित्व र आत्मसम्मानको समान कदर गर्नु पर्ने व्यवस्था गर्दै ती अधिकार उल्लङ्घन हुन नहुने कुराको सुनिश्चितता प्रदान गरेको छ ।[११] त्यसरी नै अन्तर्राष्ट्रिय मानवीय कानुनले समेत यौनजन्य हिंसालाई प्रतिबन्ध लगाएको छ । यौनजन्य हिंसा सामान्यतया महिलाप्रति गरिने गम्भीर प्रकृतिको लैङ्गिक अपराध हो । महिला विरुद्ध महिला भएकै कारणले विभिन्न अपराध हुन्छ ।

२०५२ बाट सुरु भएको माओवादी सशस्त्र द्वन्द्वका दौरान विद्रोही र राज्यपक्ष दुवै तर्फबाट महिला हिंसा भएका छन् । सुरक्षाकर्मीद्वारा पक्राउपछि बलात्कार गर्ने, हत्या गर्ने, अघोषित पत्नी बनाएर राख्ने, गर्भवती बनाउने, सन्तान जन्मेपछि लखेट्ने र सन्तानले अवैध

---

[९] नवनिता चड्ढा वेहेरा, **वुमनः वार एण्ड पिस् इन साउथ एशिया, वियोण्ड भिक्टिमहुड एजेन्सी**, (दिल्ली : सेज पब्लिकेशन, इ. २००८), पृ. ९ ।

[१०] एचटिटिपी : // इन, विकिपेडिया.ओआरजी/विकी/(नेपाल_सिभिल_वार, इ. १५, २००९), ।

[११] मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, **नेपालमा दण्डहीनताको अपसंस्कार, एक विश्लेषण** (काठमाडौँ : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, २०६५), पृ. ४० ।

हुनु परेको बताइनसक्नुको छ ।[१२] बाबु, दाजु, पति, परिवारका सदस्य पक्राउ, बेपत्ता र विस्थापनको अवस्थामा महिलाहरू हिंसाका शिकार भएका छन् । बलात्कार र यौनिक हिंसाका घटनाहरूको कारण रोग बल्झाएर जिउँदो सहिदको रूपमा बाँच्नेहरू पनि छन् ।

बारा टाँगिया बस्तीकी वृद्धासँग बेपत्ता छोरा खोजिदिने आस देखाएर भएको एकमात्र फोटो पनि लगिदिँदा फोटै हेरेर भए पनि चित्त बुझाउन पनि पाउँदिनन् आमा सुकमाया । सात वर्षअघि भएको माओवादीले लगेको छोरा फर्केनन् । बाराकै निजगढ पेन्टिङ व्यवसायमा लागेका १७ वर्षीय रमेशलाई माओवादीले २०५९ मा वाल पेन्टिङका लागि लगेको र दुधौराका २ जना छोरा प्रेम र कमल २०६७ भदौ १५ गतेसम्म फेला पार्न सकिएको छैन ।[१३] दुधौराकी सुकुमाया, सुनसरी डुम्राकी पद्ममाजस्ता कतिपय आमा बेपत्ता भएका सन्तानको आशामा आँखा बिसाएर बसेका छन् । काभ्रे फूलबारीकी ९ वर्षीया सुनिता तामाङ १/२ वर्षकी हुँदा बेपत्ता भएका बाबु सन्तोष तामाङको अझै पत्तो लागेको छैन ।[१४] यस्ता कति सुनिताहरू होलान् जसको सहारा खोसिएको छ । हालसम्म कुनै पत्तो पाइएको छैनन् । बृहद् शान्ति सम्झौताको अनुभूति कसरी गर्न सक्छन् । कतिपयको शरीर हेर्दा अद्यपि यथावत् नै छ, उनीहरूले कुनै राहत पाउन सकेका छैनन् । २०६० साल असोज महिनाको घटनाले आरूपोखरी गा.वि.स. वडा नं. २ को सूर्यमान र राममाया श्रेष्ठ पारिवारिक जिम्मेवारी काँधमा लिएका यी निर्दोष अहिले द्वन्द्वको घाउ बोकेर जिउन बाध्य छन् ।[१५] उनीहरूलाई सरकारी गैरसरकारी कुनै पनि संस्थाले पनि हेरेको छैन । बारा जिल्लाका कलैया निवासी वसन्ती चौधरी शान्ति सम्झौतापछि घाइते भएका हालसम्म शरीरमा लागेको छर्राले पीडित छन्, उपचार भइरहेको छ तर निको हुनसकेको छैन । यस्ता घटनाहरूका कारण रोग बल्झाएर जिउँदो सहिदको रूपमा बाँच्नेहरू पनि छन् ।

## ६.४ माओवादी द्वन्द्वकाल र द्वन्द्वपश्चात्का सन्धिसम्झौताको कार्यान्वयन पक्ष

नेपालमा सन् १९४९ मा पारित द्वन्द्व अवस्थामा लागू हुने जेनेभा महासन्धिलाई नेपालले ७ फेब्रुअरी १९६४ मा अनुमोदन गरिसकेको भए तापनि राज्य पक्ष र विद्रोही पक्ष

---

[१२] **ऐजन** ।

[१३] कलेन्द्र सेजुवाल, “तीन सन्तान बेपत्ता हुँदा”, **नागरिक दैनिक**, सन्दर्भ अन्तर्राष्ट्रिय बेपत्ता दिवस, २०६७ भदौ १५), पृ. ५ ।

[१४] “तिमी कहाँ छौ ?, मेरो छोराको सम्झना”, **कान्तिपुर दैनिक,** (२०६७), पृ. १ ।

[१५] शिव अप्रिय, “द्वन्द्व पीडितले हप्काई पाए राहत पाएनन्”, **अन्नपूर्ण पोष्ट**, (२०६७ साउन १५), पृ. ७ ।

अर्थात् युद्धरत पक्षहरूले पालना गरेका छैनन् । सशस्त्र द्वन्द्वमा संयुक्त राष्ट्रसङ्घको मानव अधिकार घोषणाका, राज्य पक्ष र विरोधी पक्षबीच भएको विभिन्न शान्तिसम्झौता, वार्ता, विभिन्न अन्तर्राष्ट्रिय शान्तिसम्झौता सबैलाई दलहरूले बेवास्ता गरेको पाइएको छ । शान्तिसम्झौता समयको माग हेर्दा राजनीतिक इच्छाशक्तिको उपज हो । शान्ति सम्झौताको आधारमा सरकार र विरोधी पक्ष दुवैले आ-आफ्नो मातहतका निकायका कार्यकर्तालाई सम्झौता पालना र कार्यान्वयनको लागि निर्देशन, आदेश दिनु पर्छ तर व्यवहारमा पाइएन । सानातिना घटनालाई राजनीतिक व्यवस्थापन गर्दै जानुपर्दछ । नकारात्मक चरित्र र असरलाई सकारात्मक रूपमा बदल्दै लैजानुपर्छ । द्वन्द्व रूपान्तरण र द्वन्द्व व्यवस्थापन होइन, द्वन्द्व समाधानतर्फ लाग्नुपर्छ । किनकि द्वन्द्वको रूपान्तरण भन्नाले द्वन्द्वको प्रकृति, संरचनामा परिवर्तन हो, द्वन्द्व व्यवस्थापन भन्नाले द्वन्द्व चर्किन नदिई अन्त्य गर्न गरिने गतिविधि र द्वन्द्व समाधान भन्नाले विरोधी पक्षलगायत सम्पूर्ण दलहरूले राजनीतिक स्तरमा सहमतिमा पुग्नु हो । नेपालमा द्वन्द्व समाधान अनि शान्ति स्थापनाको आवश्यकता छ र शान्ति निर्माण गर्नु छ । राज्य र विरोधी दुवै पक्षले द्वन्द्व अन्त्यको लागि पहल गर्नुपर्छ । शान्ति स्थापनाका लागि सर्वप्रथम विश्वासको वातावरण सृजना गर्नुपर्छ । वार्ता, संवादका लागि सञ्चारको थालनी, सकारात्मक अवधारणा, सही वातावरण निर्माण, सही राजनीति, वस्तुस्थितिको विश्लेषण, समझदारी आदि विकल्पका साथ अघि बढ्नुपर्छ । यी विकल्पका साथै मध्यस्थकर्ता, आधिकारिक, औपचारिक कूटनीतिज्ञ, अन्तर्राष्ट्रिय शान्ति सङ्घ-संस्थाले द्वन्द्व समाधानमा अहम् भूमिका निर्वाह गर्ने भएकाले यी निकायलाई पटक्कै उपेक्षित गरिनु हुँदैन । अझ अहम् भूमिका निर्वाह गर्ने निकाय भनेको सञ्चार माध्यम हो । सञ्चार माध्यमले द्वन्द्व समाधानका लागि पूर्वाग्रही नभई तटस्थ तथा निष्पक्ष, सही, उचित समाचार घटना सम्प्रेषण गरी जनतालाई सही जानकारी अवगत गराई जनमत निर्माण, जनदबाबका लागि वातावरण सृजना गर्ने भूमिका निर्वाह गर्नुपर्छ, अनिमात्र सकारात्मक शान्ति स्थापनाको परिकल्पना गर्न सकिन्छ । यस सम्बन्धमा सवाल उठ्छ नेपालमा सकारात्मक शान्ति स्थापना भयो ? विरोधी पक्ष सत्तामा पुगेर सरकार बनाइसक्दा पनि द्वन्द्व चर्काउने कार्य रोकियो ? दुवै पक्षलाई शान्ति सम्झौताको परिपालना कुन हदसम्म निर्वाह गरेका छन् ? यस्ता सवाल सर्वसाधारण जनताको मनमा उठ्नु स्वाभाविक हो । सचेत नागरिकको हैसियत राख्नेले यस्ता यावत् सवाल उजागर गर्नु पनि आवश्यक छ । यस सन्दर्भमा द्वन्द्व सुरुआतदेखि द्वन्द्व समाधानका

लागि चालिएका विभिन्न वार्ता, संवाद, प्रेस वक्तव्य, पत्राचार आदिमाथि एक संक्षिप्त अध्ययनको आवश्यकता महसुस गरिएको छ ।

२०६३ मंसिर ५ गते सरकार, राजनीतिक दल र माओवादीबीच बृहद् शान्ति सम्झौतामा हस्ताक्षर भयो । माओवादीले २०५२ देखि सुरु गरेको जनयुद्ध औपचारिक रूपमा समाप्त भएको घोषणा गऱ्यो । औपचारिक रूपमा हतियार बिसाएको, सङ्घर्ष समाप्त गरेको सार्वजनिक गरे तापनि अपहरण, बेपत्ता, हत्या, हिंसाजस्ता अवैधानिक गतिविधि भइरहेकै थिए । जनताले शान्ति, सुरक्षाको अनुभूति गर्न सकेका छैनन् । देश सङ्क्रमणकालीन अवस्थामा रहिरहेको छ । देशमा राजनीतिक तरलता, कार्यवाहक प्रधानमन्त्री आदि कारणले गर्दा देश दण्डहीनताको अवस्था थियो । बृहद् शान्ति सम्झौता हुँदै शान्ति प्रक्रियामा आएपछि पनि सर्वसाधारण घर फर्कन सकेका छैनन् । द्वन्द्वकालमा द्वन्द्व पीडितलाई सहयोग राहत सामग्री आएको वितरण नभएको भन्न त सकिँदैन तर सही सदुपयोग नभएको पनि छ । युद्धविरामको क्रममा पनि दमन हत्या भएका छन् । शान्ति सम्झौता, आचारसंहिता पालना प्रतिबद्धताको बाबजुद हत्या हिंसाका घटना दोहोऱ्याइरहेको पाइन्छ ।

## ६.५ द्वन्द्व व्यवस्थापनमा महिलाको भूमिका

द्वन्द्वको पृष्ठभूमि तथा कारणअन्तर्गत लैङ्गिक विभेद महत्त्वपूर्ण कारण हो भन्ने कुरा उल्लेख गरिएको छ । जातीय, भाषिक, धार्मिक तथा अन्य सामाजिक कारणहरूमध्ये एक कारण महिलाप्रतिको विभेद, महिला विरुद्धको हिंसा, राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक र शैक्षिक क्षेत्रमा महिला पहुँचभन्दा बाहिर हुनु हो । अवसरबाट वञ्चित हुन्छन् भने महिलाहरू प्रत्युत्तरमा आन्दोलनोन्मुख हुन्छन् । जब व्यक्ति-व्यक्तिबीच असमान व्यवहार, असमानता र अनुचित कार्य भएको महसुस हुन्छ । आफ्ना इच्छा, आकाङ्क्षा, भावनामा चोट पर्छ, विश्वासघात हुन्छ, योग्यतानुसारको रोजगार पाउँदैन, व्यवहारमा विभेद पाउँछन्, स्रोतसाधनको अभाव खट्कन्छ भने उनीहरू आन्दोलित हुन थाल्दछ । यस किसिमको अवस्था गरिब देशमा मात्र होइन अमेरिकाजस्तो विकसित राष्ट्रमा समेत महिलाले यस्ता समस्याको सामना गर्नुपर्छ । उनीहरूले लैङ्गिक विभेदको भार खेप्नु पर्छ । विश्वकै पुरुषप्रधान समाजमा महिला दोस्रो दर्जा, अबला, परालको त्यान्द्रो, चारपर्खालभित्रका नमुनाजस्ता आरोप खेपेका महिलाले पुरुषसरह अझ कतिपय स्थानमा पुरुषले गर्न नसकेको काम महिलाले गर्छन् । महिला आन्दोलित हुनाको मुख्य कारण लैङ्गिक विभेद, दोस्रो दर्जाका

नागरिकजस्ता अपहेलना खेप्नु परेको र अवसरबाट विमुख गराइएको हुँदा आफ्नो हकका लागि आक्रामक हुन्छन् । महिलाको परिभाषाअन्तर्गत महिलाप्रतिको अवधारणा सम्बन्धमा विस्तृत अध्ययन तथा जानकारी गराइएको छ ।

सशस्त्र द्वन्द्वमा सबैभन्दा बढी प्रभावित महिलालाई हतियारको रूपमा प्रयोग गरिन्छ । आफ्नो स्वार्थ सिद्ध गर्नका लागि महिला युद्ध गर्ने हतियार होइन, शान्ति स्थापना गर्ने यन्त्र हो भन्ने मान्यतालाई बनाउन सकेको छैन । महिला शान्तिको प्रतीक हो तर महिलाले युद्धको बढी त्रासदीमा बाँच्नु परेको छ। उत्तरी आयरल्याण्डको द्वन्द्व समाधानमा महिलाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । नेदर आयरल्याण्ड वुमन कोइलिसन भन्ने संस्था खोली वार्ता प्रक्रियालाई सकारात्मक बनाई १९९८ को "गुड फ्राइडे" सम्झौतामा पुऱ्याउन ठूलो भूमिका निर्वाह गरेका थिए । द्वन्द्व चलेका देशहरूमा महिलाले शान्ति स्थापनामा अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । रुवाण्डाका राष्ट्रपति पाउल कागामेले महिलाहरूको योगदानको कदर गर्दै भनेका थिए- "आम नरसंहारपछि महिलाहरूले आफ्नो पूर्ण योजनाका साथ रुवाण्डाली समाजलाई सक्रिय गर्न लागिपरेका छन् ।"[१६]

माओवादीले महिलाका लागि ५० प्रतिशत आरक्षण घोषणा गऱ्यो, तर माओवादीको केन्द्रीय समितिमा ८.६९ प्रतिशत महिला सदस्य मात्र छन् ।[१७] सामाजिक विकृतिबाट निराश, राजनीतिक अवसरबाट वञ्चित, बेरोजगार, पिछडिएकालाई आफ्नो सैन्य सङ्गठन संरचनामा महिला उपस्थितिको दायरा धेरै नै फराकिलो पारेका थिए तर विडम्बना कार्य विभाजनमा महिला परे, बन्दुक बोक्नेमा सक्षम बनाइयो तर पद विभाजनमा पैतृक सोचअनुसार महिलालाई तल्लो तहमा राखियो । सक्षम महिला हुँदाहुँदै शान्ति वार्ता टोलीमा एक महिलालाई पनि स्थान दिन सकिएन । आधा जनसङ्ख्याको प्रतिनिधित्व गर्ने महिलाहरू द्वन्द्व समाधान र शान्ति स्थापनामा महत्त्वपूर्ण योगदान दिन सक्ने कुरालाई आत्मसात गर्दै सशस्त्र द्वन्द्वको अन्त्य र व्यवस्थापनको सन्दर्भमा सन् २००० मा संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्बाट पारित प्रस्ताव १३२५, "सेक्युरिटी काउन्सिल रिजोल्यूशन १३२५" (Security Council Resolution 1325) र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठक नं. ५९१६ द्वारा १९ जुन २००८ मा पारित प्रस्ताव नं. १८२० र १९८९ मिलेनियम डेभलपमेन्ट गोल २०००

---

[१६] विष्णुराज उप्रेती, **द्वन्द्व व्यवस्थापन,** (काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेशन, २०६०), पृ. २०५ ।

[१७] अमूदा श्रेष्ठ, **रिप्रिजेन्टेसन अफ वुमन**, (काठमाडौं : नेशनल वुमन कमिशन, २०६५), पृ. ७ ।

सशस्त्र लैङ्गिक दृष्टिकोणबाट विशेष प्रकृतिको छ ।[१८] द्वन्द्वको सन्दर्भमा महिला, शान्ति र सुरक्षा, यौनहिंसालाई रोक्न चालिने प्रभावकारी पाइला, उपाय, यौन हिंसाविरुद्ध अपराध ठहर गरी आममाफी नगर्ने, यौन हिंसाको सबै पीडित महिला, बालबालिकालाई संरक्षण उचित न्याय उपचार दिने, यौन हिंसामा संलग्न सेनालाई कारबाही गर्नेजस्ता प्रस्ताव पारित गऱ्यो । दुई दशकअघिदेखि संयुक्त राष्ट्रसङ्घ, यसका सहयोगी सदस्य राष्ट्रहरू र साझेदारका रूपमा कार्य गर्दै आएका विभिन्न अन्तर्राष्ट्रिय महिला सङ्गठन र यसका संजालहरू तथा द्वन्द्वबाट प्रभावित महिलाहरू समेतको प्रयत्नबाट संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्द्वारा उपर्युक्त प्रस्तावहरू पारित भए । महिला अधिकारका लागि भएको अन्तर्राष्ट्रिय अभिलेखका भावनाहरू समेटेर पारित भएको दस्तावेज हो । विभिन्न समयमा सुरक्षा परिषद्बाट महिला अधिकारका सम्बन्धमा उल्लिखित प्रतिवेदनहरूले द्वन्द्वको अवस्थामा महिला र बालबालिकामा हुने असर र महिलाहरूको द्वन्द्व समाधान र शान्ति स्थापनामा र द्वन्द्व उत्तरार्द्धमा हुने भूमिकाका बारेमा उल्लेख गरेको छ । २००० मार्च ८ महिला दिवसको उपलक्ष्यमा संयुक्त राष्ट्रसङ्घका महासचिव कोफी अन्नानले ‘महिला र पुरुषको समानतासँग शान्तिको अन्योन्याश्रित सम्बन्ध हुने भएकोले शान्ति प्रक्रियामा महिलालाई अलग्याउन नमिल्ने’ विचार व्यक्त गरेका थिए । सुरक्षा परिषद्को पहिलो जिम्मेवारी शान्ति सुरक्षा कायम राख्नु हो ।[१९]

संयुक्त राष्ट्रसङ्घमा अन्य सुशासन, मानव अधिकार, पारदर्शिता र समानुपातिक सहभागिताजस्ता मुद्दामा बहस भइरहँदा द्वन्द्व ग्रसित राष्ट्रका महिलाहरू द्वन्द्व, अशान्ति र असुरक्षाबाट ग्रसित थिए । यिनै कुरालाई ध्यानमा राखेर मानव सुरक्षा, युद्ध शान्तिमा रूपान्तरण, मानवीय दायित्व र महिला अधिकारजस्ता चार अन्तरसम्बन्धित विषयलाई समेटियो । अहम् विषय अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय स्तरमा महसुस गर्न थालियो । यसले द्वन्द्वको समय र द्वन्द्वपश्चात्को अवस्थामा महिला अधिकारको सम्मान गर्न र शान्ति सम्झौतालगायत शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्नुपर्ने हुन्छ । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्कै इतिहासमा नै महिला अधिकारको लागि तयार पारिएको औपचारिक र बाध्यात्मक दस्तावेज हो । द्वन्द्वको समयमा राज्य पक्ष वा विरोधी पक्षले

---

[१८] मञ्जु थापा, “सेना समायोजन प्रक्रियामा महिला,” **कान्तिपुर**, (२०६८/५/२८), पृ. ५ ।

[१९] एन्टेना फाउन्डेसन नेपाल र अन्य, **लैङ्गिकता र न्याय तथा सुरक्षा क्षेत्र सुधार : नेपालमा न्याय तथा सुरक्षा क्षेत्र सुधार**, (काठमाडौँ : इक्वेल एक्सेस र अन्य, २०६७), पृ. ७ ।

महिलालाई सम्मान गरेको उदाहरण कतै भेटिएन । सर्वप्रथम महिलालाई माओवादीले बन्दुक बोक्न र चलाउन सिकायो ।

माओवादीले महिलालाई सशक्त बनाएर एउटा नयाँ आयाम थप्यो । सवाल उठ्छ बन्दुक बोक्न र चलाउन जान्नु वास्तवमा महिला सशक्तीकरण हो त ? महिलाले मुक्ति पाएका हुन् त ? राज्य वा विरोधी पक्षले महिलाको सम्मान गर्नुपर्थ्यो तर व्यवहारमा त्यस्तो पाइएन । एकार्का समूहलाई हतोत्साहित बनाउन महिलामाथि अमानवीय व्यवहार गरियो । अप्रत्यक्ष रूपमा आमा, पत्नी, शिक्षिका र अभिभावकको रूपमा द्वन्द्वको चपेटामा महिला नै परेका हुन्छन् । माओवादीले बन्दुक बोकाउन र राज्यले झण्डा बोकाउन महिलालाई प्रयोग गरे तर महिलाई जिम्मेवारी दिन चाहेनन् । तीव्र उथलपुथल क्रान्तिको नेतृत्व तहमा महिलाहरूको पहुँच असाध्य न्यून हुन गयो । मानव सभ्यताको इतिहासमा जति पनि ठूला युद्ध क्रान्ति तथा विद्रोह भए तिनको केन्द्रमा सधैं पुरुष नेता नै रहेका छन् । सङ्गठनभित्र महिला क्षमताप्रति शङ्का प्रवृति, लैङ्गिक विभेद विद्यमान छन् । हिसिला यमीको अनुसन्धानात्मक लेखमा सङ्गठनभित्र लैङ्गिक विभेदको अवस्था पाइन्छ । बहुसंख्यक महिलाहरूले लैङ्गिक शोषण विद्यमान रहेको कुरा स्विकारेका छन् ।[२०] तर पनि पारिवारिक स्तरदेखि समुदाय, गाउँ, जिल्ला, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्म शान्ति स्थापनाका लागि महिलाले अहम् भूमिका निर्वाह गरेका उदाहरणहरू पाइन्छन् । उनीहरू शान्तिका लागि बढी प्रतिबद्ध हुन्छन् । अर्जेन्टिना, पपुवा न्यूगिनी, केन्या, ग्वाटेमाला, भारत, यूरोपेली देशमा विभिन्न क्रियाकलाप गरी शान्ति स्थापनाका लागि सफल भएका छन् ।

सन् १९९४ मा पपुवा न्यूगिनीमा अरवा राष्ट्रिय शान्ति सम्मेलन (Arawa Peace Conference), सम्पन्न भयो । अर्जेन्टिनामा आमा समूहले शान्ति भेला, र्‍यालीको आयोजना गरी तानाशाही विरुद्ध आवाज उठाए, श्रीलङ्काका पीडित महिलाहरूले द्वन्द्वमा संलग्न राज्य र विरोध पक्षका परिवारबीच सद्भावना बीजारोपण गरे, थुप्रै दबाब समूहको गठन, द्वन्द्व, हातहतियारको विरुद्ध आवाज उठाउने, मानव अधिकार संरक्षण, शान्ति सञ्जाल निर्माण उदाहरणको लागि बर्मामा 'वुइमेन्स लिग', बुरुण्डीमा 'देसुरेहाम्वी', लाइबेरियामा 'लाइबेरियन

---

[२०] हिसिला यमी, "नेपालको जनयुद्धमा महिला", **माओवादी विद्रोह र सशस्त्र सङ्घर्षको अवधि**, भाष्कर गौतम र अन्य (सम्पा.), (काठमाडौँ : मार्टिन चौतारी, २०६४), पृ. २३०-३१ ।

वुइमिन्स इनिसियटिभ्स', उत्तरी आयरल्याण्डमा 'नदर्न आयरल्याण्ड वुइमिन्स कोरेलिशन', सियरालिओनमा 'मानो रिभर वुइमिन पि नेटवर्क', 'सेइटालिवन वुइमिन्स फोरम', 'सेइटालिवन वुइमेन्स मुभमेन्ट', बुरुण्डीमा 'बुरुण्डी पिस इनिसियटिभ्स', अफ्रिकामा महिलाहरूको छाता संस्था 'फेडेरेशन अफ अफ्रिकन वुइमिन्स पिस नेटवर्क', नेपालमा महिलासम्बन्धी मुद्दाको पैरवी गर्न विभिन्न सञ्जाल संस्था 'शान्ति मालिका', 'अन्तरपार्टी महिला सञ्जाल', 'लोकतान्त्रिक महिला सङ्घर्ष समिति', 'समावेशी लोकतन्त्रका लागि उपेक्षित महिला मोर्चा', 'आदिवासी जनजाति महिला समूह', 'महिला राजनीतिक केन्द्र,' जस्ता सङ्घ-सङ्गठनको स्थापना गरी विभिन्न महत्त्वपूर्ण क्रियाकलापहरू गरेका छन् । संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५, १८२०, १९८९ र मिलेनियम डेभलपमेन्ट गोल २०००, नेपालमा नागरिक समाजको संलग्नता- महिला शान्ति तथा सुरक्षाको सम्बन्धमा राष्ट्रसङ्घीय सुरक्षा परिषद्द्वारा पारित प्रस्तावहरूले शान्ति निर्माणकर्मीहरूलाई संविधान, निर्वाचन प्रणाली, प्रहरी तथा न्यायालयसँग सम्बन्धित रही महिला तथा बालिकाहरूको मानव अधिकारको संरक्षण तथा सम्मानलाई सुनिश्चित गर्ने उपायहरूलगायत लैङ्गिक दृष्टिकोण अवलम्बन गर्न आह्वान गर्दछ । नेपालमा महिला कानुन तथा विकास मञ्च मानव अधिकार सञ्चार प्रतिष्ठान नेपालजस्ता संस्थाहरूले राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा पारित प्रस्तावहरू विकास गर्न शान्ति तथा पुनर्निर्माण मन्त्रालयसँगको सहकार्यमा कार्य गरिरहेका छन् । ती सङ्गठनहरूले राष्ट्रिय कार्य योजनाको विषयमा परामर्शको लागि जिल्ला-जिल्लामा भ्रमण गरी स्थानीय आवश्यकता र सरोकारवालालाई समायोजन गर्न सफल भएका छन् । आफ्ना सञ्जालमार्फत यस प्रक्रियाबारे सचेतना अभिवृद्धि गरिरहेका छन् । द्वन्द्वको मूल जरो पत्ता लगाउने, समाजमा भएका तनाव, मनमुटावका कारण पत्ता लगाउने, आवश्यक जानकारी सङ्कलन तथा प्रकाशन, कानुन कार्यान्वयनका लागि छलफल, अन्तरक्रिया, गोष्ठी गर्ने, शान्तिसम्बन्धी विशेष प्रशिक्षण तालिम दिने, बन्दुक बिसाउन सम्झाइबुझाई, संवाद, जनमत निर्माण, सद्भाव बीजारोपण गर्ने, वैमनष्य हटाउने, दबाब सृजना, सम्मेलन, भेला, र्‍याली, सशक्त बुलन्द आवाज उठाउने बेपत्ताहरूको खोजी, विस्थापितहरूलाई पुनर्स्थापना, पुनर्मिलन, थुनामा रहेकालाई सार्वजनिक गर्न माग, द्वन्द्वमा पीडितहरूको लागि आयमूलक, सीपमूलक तालिम, रोजगारको व्यवस्था, शिक्षा, बाल सैन्य भर्नाको विरोध, समाजमा भएका तनाव,

मनमुटावका कारण पत्ता लगाउने मानव अधिकार संरक्षण जस्ता रचनात्मक तथा अहम् क्रियाकलाप गरी शान्ति स्थापनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । नेपालमा द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियामा महिलाहरूको जति भूमिका हुनुपर्ने हो उनीहरूको क्षमता र दक्षताको प्रयोग हुनसकेको छैन । महिलाहरूले शान्तिका लागि निर्वाह गर्नुपर्ने भूमिका, उठाउनु पर्ने सवाल, विषयवस्तुहरूको उठान, वार्ता टोली, दबाब, सुझाव, सहयोग, परिचालनका लागि अवसर पाएका छैनन् । यिनै कमीकमजोरी सुधारका लागि संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले सदस्य राष्ट्रमा महिलासम्बन्धी प्रस्ताव पारित गरेको छ ।

## ६.६ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (CEDAW) को कार्यान्वयन पक्ष

लैङ्गिक विभेदको आधारमा कुनै विभेदजन्य व्यवहार गर्न नपाइने, त्यसको निर्मूल गर्नु पर्ने, असमान व्यवहार, महिला बेचबिखन, वेश्यावृत्ति, यौनशोषण, समान मताधिकार, समान उम्मेदवारी अधिकार, समान राष्ट्रियता, शिक्षा, स्वास्थ्य, राजनीति सम्पूर्ण क्षेत्रमा पुरुषसरह समान अधिकार, समान सहभागिता, समान ज्याला आदिलाई समेटेको छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९ मा पारित भएको छ । सन् १९८१ बाट लागू भएको र त्यसलाई नेपालले १९९१ मा अनुमोदन गरेको हो । यो महासन्धिमा ३० वटा धारा छन् । महिला विरुद्ध घरेलु हिंसाको रोकथाम, समानताका लागि विभिन्न प्रयासहरू भए तापनि विभिन्न भेदभावजन्य व्यवहारको सामना प्रशस्त मात्रामा गर्नुपरेको छ । बलात्कार, सामूहिक बलात्कार, बलात्कारपछि हत्या, द्वन्द्वका बेला सुरक्षाको कारण विस्थापित हुनुपर्दा शरणार्थी शिविरमा विभिन्न यौनजन्य अपराधको सामना गर्नुपर्छ । बेचबिखन, असमान व्यवहार, भेदभावको व्यवहारको सामना गर्नु पर्ने हुन्छ । महिला सम्मानित हुनुपर्छ भनेर भाषण गर्नेहरूको क्याम्पमा यौनजन्य अपराध हुन्छ । कनिष्ठहरूले वरिष्ठको शारीरिक आवश्यकता परिपूर्ति गर्नुपर्ने, माओवादीकी श्रीमती भएको कारण बलात्कृत हुने, विरोधी खोजतलासको निहुँमा घरभित्र पसेर बलात्कार गर्नेजस्ता जघन्य अपराध भएको पाइन्छ । ओएचसीएचआर र इन्सेकको अध्ययनअनुसार सन् २००० मा मात्र देशभर बलात्कारका २०३ घटना भए । एकै वर्षभित्र १० वर्षमुनिका १६ जना बालिका बलात्कारको शिकार भएका छन् ।

## ६.७ संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्‌बाट पारित प्रस्ताव १३२५ र १८२०, १९८९ र मिलेनियम डेभलपमेन्ट गोल २००० को कार्यान्वयन पक्ष

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्‌ले २००० अक्टुबर ३१ मा ४२३९ औं बैठकका प्रस्ताव १३२५ पारित गरेको छ । यसले द्वन्द्वको समयमा र द्वन्द्वपश्चात्‌को अवस्थामा महिला अधिकारको सम्मान गर्न र शान्ति सम्झौता, शान्ति निर्माण प्रक्रियामा महिला सहभागिता सुनिश्चित गरेको छ । महिला अधिकारका लागि औपचारिक र बाध्यात्मक दस्तावेज हो । द्वन्द्व अवस्थामा महिला र बालबालिकाको आवश्यकता पहिचान, सम्बोधन, अधिकार संरक्षण, शान्ति निर्माण, द्वन्द्वपश्चात् पुनर्निर्माण, पुनर्मिलन प्रक्रियामा लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्न सरकार, द्वन्द्व पक्ष र संयुक्त राष्ट्रसङ्घीय निकायहरूलाई सन्देश प्रदान गरेको छ ।

पारित प्रस्ताव १३२५, १८२०, १९८९ र मिलनियम डेभेलपमेन्ट गोल दुई दशकदेखिको संयुक्त राष्ट्रसङ्घ, सहयोगी सदस्य राष्ट्रहरू, अन्तर्राष्ट्रिय महिलां सङ्गठनहरू, द्वन्द्व प्रभावित महिलाहरूको प्रयत्नको उपज हो । सुरक्षा परिषद्‌बाट विभिन्न समयमा संयुक्त राष्ट्रसङ्घको बडापत्र १९४९, जेनेभा महासन्धि १९४९, शरणार्थीसम्बन्धी महासन्धि १९५१, महिला महासन्धि १९७९, बाल अधिकारसम्बन्धी महासन्धि १९८९, विभिन्न महासन्धिलाई समेटेर पारित गरिएको हो । विभिन्न समयमा सुरक्षा परिषद्‌बाट महिला अधिकारको सम्बन्धमा उल्लिखित प्रतिवेदनहरूले द्वन्द्वका बेला महिला र बालबालिकामा पर्ने असर, द्वन्द्व समाधान शान्ति स्थापनामा महिलाको भूमिका सम्बन्धमा उल्लेख गरिएको छ । शान्ति सहयोग अभियानद्वारा (Peace Support Operaiton, PSO) लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्नु पर्ने खाँचो औंल्याउँदै, विण्डहोक घोषणा पत्र (Windhoek Decalration) र नामिबिया कार्ययोजना (Namibia Action) अनुसार बहुआयामिक शान्ति सहयोग सम्बन्धित अभियानहरूमा लैङ्गिक दृष्टिकोण तत्काल अवलोकन गर्ने कुरालाई मान्यता दिएको छ ।[२१]

१९९० भन्दा अघि राष्ट्र सुरक्षासम्बन्धी विषयलाई मात्र संयुक्त राष्ट्रसङ्घले समेट्थ्यो । तत्पश्चात् मात्र मानव सुरक्षा, युद्ध शान्तिमा रूपान्तरण, मानवीय दायित्व, महिला अधिकारजस्ता ४ अन्तरसम्बन्धित तत्त्वको आवश्यकता महसुस गरी सन् २००० मा पारित गरेको हो ।

---

[२१] यूनिफेम, **संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्‌द्वारा पारित प्रस्ताव १३२५ को टिप्पणी र व्याख्या,** (काठमाडौँ : यूनिफेम, वर्ष अनुल्लिखित), पृ. १-६ ।

(१) पारित प्रस्ताव १३२५ का मुख्य कार्यसूचीहरू निम्नानुसार छन् :

- महिलाहरूको शान्ति सुरक्षाको सम्बन्धमा द्वन्द्वमा प्रयोग हुने विस्फोटक पदार्थ तथा सबै किसिमका खतराबाट पर्ने असर तथा द्वन्द्वको रोकथाम, शान्ति स्थापना, महिला अधिकार संरक्षण र द्वन्द्वपश्चात् पुनर्निमाण प्रक्रियामा महिलालाई संलग्न गराउने ।
- द्वन्द्व समाधान र शान्ति प्रक्रियामा नीति निर्माण गर्ने हरेक तहमा महिला सहभागिता अभिवृद्धि गर्ने ।
- शान्ति निर्माण अभियानमा संलग्न सबै कर्मचारी, सैनिक पर्यवेक्षक, प्रहरी, मानव अधिकारकर्मी आदिलाई दिइने तालिम प्रशिक्षणहरूमा महिलालाई पनि समावेश गराउने ।
- सशस्त्र द्वन्द्वकालमा महिला सुरक्षा, मानव अधिकार संरक्षण र अति आवश्यकताको लागि ध्यान दिने ।
- द्वन्द्व, शान्ति र सुरक्षासम्बन्धी प्रतिवेदनमा महिलालाई समावेश गराउने ।[२२]

(२) पारित प्रस्ताव १८२० का मुख्य कार्यसूचीहरू निम्नानुसार छन् :

- यौनहिंसा रोक्न उचित उपाय अपनाउने ।
- यौनहिंसाका कार्यहरू तत्काल पूर्ण रूपमा बन्द गर्ने ।
- यौन पीडित महिला बालबालिकालाई संरक्षण तथा न्याय दिलाउने ।
- यौन हिंसाबाट बचाउन तुरुन्तै उचित उपाय अपनाउने ।
- युद्ध अपराध ठहर गर्ने ।
- यौन अपराधीलाई आममाफी नदिने ।

(३) पारित प्रस्ताव १९८९ का मुख्य कार्यसूचीहरू निम्नानुसार छन् :

- राष्ट्रसङ्घ, सदस्य राष्ट्रहरू र नागरिक समाजलाई द्वन्द्व उत्तरार्ध परिवेशमा महिला तथा बालबालिकाहरूको विशेष आवश्यक शारीरिक सुरक्षा तथा निर्णय प्रक्रियामा सहभागिताका लागि उनीहरूको आवश्यकताको मूल्याङ्कन गर्दछ ।

---

[२२] यूनिफेम, शान्ति मालिका, “जानकारी पुस्तिका” ।

- लैङ्गिक संवेदनशील कानुन कार्यान्वयन तथा न्यायप्रतिको पहुँचजस्ता कुरा समावेश गरी सामान्य शारीरिक सुरक्षाका लागि महिला तथा बालबालिकाको आवश्यकता तथा प्राथमिकतालाई सम्बोधन गर्न ठोस रणनीतिहरू तयार पार्न, महिला सङ्घ-संस्थाहरूलगायत नागरिक समाजको परामर्श लिन द्वन्द्वपछिको परिवेशमा रहेका सदस्य राज्यलाई आह्वान गर्दछ ।
- मिलेनियम डेभलपमेन्ट गोलले महिला सशक्तीकरणका लागि आवाज उठाएको छ ।
- यौन दुराचारप्रति शून्य सहिष्णुता नीति अपनाउने ।

पारित प्रस्तावले संयुक्त राष्ट्रसङ्घ, सहयोगी राष्ट्र, द्वन्द्वमा संलग्न पक्षहरूलाई यसका लागि आह्वान गरेको छ ।

**(क) सदस्य राष्ट्रहरूलाई गरिएको आह्वान**

- युद्धको रोकथाम, व्यवस्थापन, समाधानका लागि विभिन्न तहमा महिला प्रतिनिधि बढाउने ।
- लैङ्गिक सचेतता तालिम दिने र दिइरहेको तालिममा सहयोग पुऱ्याउने ।
- द्वन्द्वको समय तथा द्वन्द्वपश्चात् महिला र बालबालिकाहरूको अधिकारको रक्षा तथा कार्यान्वयनमा जोड दिने ।
- दण्डहीनता अन्त्य गर्न आमनरसंहार, मानवता विरुद्धका अपराधका अपराधीलाई सजाय गर्ने, यौनजन्य हिंसासम्बन्धी अपराधलाई आममाफीसम्बन्धी प्रावधान हटाउने ।
- शान्ति स्थापनामा महिला सहभागिताको आवश्यकता, अधिकार संरक्षणसम्बन्धी जानकारी, एचआईभी/एड्स सम्बन्धी तालिम दिने ।

**(ख) सशस्त्र द्वन्द्व र शान्ति स्थापना तथा पुनर्निर्माण प्रक्रियामा संलग्न पक्षहरूलाई गरिएको आह्वान**

- सशस्त्र द्वन्द्वका सबै पक्षहरूले महिला तथा बालबालिका विरुद्ध हुने लिङ्गमा आधारित हिंसा, बलात्कार तथा यौनजन्य दुर्व्यवहार, अन्य हिंसाबाट महिला र बालबालिकाको सुरक्षा गर्ने ।

- महासन्धिहरू अनुसार शरणार्थी शिविर तथा बसोवासमा रहेका महिला, बालबालिकाका विशिष्ट आवश्यकता पहिचान गर्ने ।
- शान्ति सम्झौताका लागि महिला अधिकारको सम्मान र प्रत्येक तहमा महिलाको सहभागिता निश्चित गर्ने ।
- निशस्त्रीकरण, सैन्य विघटन, सामाजिक पुनः एकीकरण, लडाकु तथा उनीहरूमाथि आश्रितहरूको आवश्यकतामा ध्यान दिने ।

उपर्युक्त पारित प्रस्तावको कार्यान्वयन पक्षप्रति ध्यानाकर्षण हुन जरुरी छ । आह्वान गरिएका पक्षहरूले यी प्रस्तावलाई कार्यान्वयनमा उतार्न सकेका छन् ? पारित प्रस्तावअनुसार महिला बालबालिकाहरूको सम्मान, विशिष्ट आवश्यकताको पहिचान आदि भएको छ ? जस्ता यावत सवाल उठ्नु उठाउनु स्वाभाविक हो । यस सम्बन्धमा गैरसरकारी संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय विकास कोष, युनिसेफको संयुक्त आयोजनामा शान्ति मालिकाजस्ता विभिन्न गैरसरकारी संस्थाहरू, द्वन्द्वशान्ति रूपान्तरणका लागि टेवा पुऱ्याउन सक्ने अन्तरक्रिया आदि कार्यक्रम आयोजना गरेको छ भने शान्ति मालिकाले पारित प्रस्ताव नेपाली अनुवाद, काठमाडौँमा क्षेत्रीय गोष्ठी, दक्षिण एसियाली सञ्जाल निर्माण, शान्ति अभियान अघि बढाउन, रणनीति तयार गर्न राष्ट्रिय गोष्ठीको सहजीकरण गरेको थियो । अगस्त २००५ मा शान्ति मालिकासँगको संयुक्त आयोजनामा महिला र शान्तिको विषयमा प्रथम राष्ट्रिय सम्मेलनमा ७५ जिल्लाका १५५ जना महिलाहरू सहभागी भई महिला र शान्तिको सम्बन्धमा १० बुँदे घोषणापत्र जारी गरेको थियो । नेपालीहरूको आवाज बुलन्द गर्न र सरोकारहरूलाई विश्वस्तरसम्म पुऱ्याउन सहयोग, नेपालमा भएका महिला र शान्तिको लागि गरिएका प्रयत्नहरू सङ्गठनलाई जानकारी गराउन, शान्ति स्थापना, पुनर्निमाण, आवश्यकता सुनिश्चित गर्न, महिला सहभागिता अभिवृद्धि, अफगानिस्तानको स्थलगत अध्ययन आयोजनाजस्ता कार्यहरू समापन गरेको छ ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट पारित प्रस्तावलगायतका सन्धि सम्झौताप्रति सरकारी र विद्रोही पक्षले यसतर्फ खासै ध्यान दिएको छैन । सदस्य राष्ट्र र विरोधी पक्षलाई गरिएको आह्वानको पालना दुवै पक्षले गरेका छैनन् । एकअर्का पक्षलाई हतोत्साहित गर्न यौनजन्य अपराध गरेको पाइन्छ । इराक, अफगानिस्तान, जापान, अफ्रिका, रुवाण्डा,

पाकिस्तान, कश्मीरलगायतका मुद्दामा सामूहिक बलात्कारका जघन्य अपराध गरेको पाइन्छ। नेपालको सन्दर्भमा भन्ने हो भने सुरक्षाकर्मीहरूबाट ६१ घटनामा ८१ महिलाहरू बलात्कृत भएको तथ्य छ । सन् २००७ र २००८ को मानव वर्ष तथ्याङ्क नियाल्दा ४४९ जना बलात्कारका शिकार भएका छन् ।[२३] बारा जिल्लाको सन्दर्भमा बलात्कार भएका घटना मिलापत्रबाट वा दबाएर पन्छाइएको छ। बारा जिल्लामा सन् १९९२ देखि १९९६ सम्ममा ६ वटा बलात्कारका घटना भएको देखिएको छ।

यी घटनाले पारित प्रस्तावको अवहेलना गर्दै सं.रा.सं. लाई चुनौती दिएको छ । अपहरण घटना, बेपत्ता घटनाको विश्लेषण गर्दा स्थिति त्यस्तै देखिन आउँछ । नेपालमा सशस्त्र द्वन्द्वका क्रममा १,३०० भन्दा वढी व्यक्ति बेपत्ता भए, तीमध्ये ९० प्रतिशत पुरुष र १० प्रतिशत महिला छन् ।[२४] युद्ध मैदानमा उनीहरूको स्वास्थ्य अवस्था, पोषण खानाको स्थिति आदि विषयमा ध्यान पुऱ्याइएको छैन । घाइतेहरूको उचित उपचारको अभाव छ । बालबालिका तथा महिलाको अधिकार सुरक्षा गर्नुपर्ने प्रावधानमा बालबालिकालाई बाल सैन्य, यौन तृप्ति, भान्छे र आत्मघाती बमविस्फोटका लागि प्रयोग गरिएका छन्। विद्यालयमा बेस क्याम्प, ब्यारेक, कवाज खेलाउने जस्ता कार्य भइरहेको छ। विस्थापित शरणार्थीहरूको स्थिति कहाली लाग्दो छ । विश्वमा करौडौँ विस्थापित हुनेहरूमध्ये ८० प्रतिशत महिला तथा बालबालिका छन्। नेपालमा एक-दुई लाखसम्म विस्थापित भएका छन्। यौन अपराधबाट बच्न विस्थापित हुन बाध्य छन्। बारा जिल्लामा हालसम्म विस्थापन हुने परिवार सङ्ख्या ४८ पुगेको छ भने विस्थापित महिलाहरू ३४ पुगेका छन् । शरणार्थी शिविरमा सुरक्षा अभावका कारण विकृतिहरूको समाधान हुन सकेको छैन।

शान्तिवार्ता, सम्झौता, पुनर्स्थापना, पुनर्निर्माण आदि हरेक तहमा महिला सहभागिता गराउने भनिए तापनि द्वन्द्वरत पक्षहरूले एक चरणको दुईवटा वार्तामा सरकारका तर्फबाट एकजना महिला सहायक मन्त्रीलाई कोरम पूरा गर्ने सदस्यका रूपमा समावेश गराएको थियो । वार्ता टोलीमा महिला एकजना पनि प्रत्यक्ष सहभागी गराइएनन् । तसर्थ पारित प्रस्ताव १३२५ र १८२० को घोषणा पक्ष सबल भए तापनि कार्यान्वयन पक्ष घोषणा

---

[२३] इन्सेक, **मानव अधिकार वर्ष पुस्तक २००९**, (काठमाडौँ : इन्सेक इ. २००९), पृ. १० ।

[२४] आई.सी.आर.सी. **नेपालमा बेपत्ता व्यक्तिका परिवार,** (काठमाडौँ : रेडक्रस अन्तर्राष्ट्रिय समिति, इ. २००९), पृ. १ ।

अनुरूपको फितलो नै छ । २०६३ मंसिर ५ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र ने.क.पा. (माओवादी) का अध्यक्ष प्रचण्डबीच "विस्तृत शान्ति सम्झौता" मा हस्ताक्षर सम्पन्न भएको छ । सम्झौतापश्चात् केन्द्र तथा स्थानीय तहसम्म शान्ति तथा पुनर्स्थापन मन्त्रालय र यसका शाखाहरू शान्ति समितिहरूको स्थापना गरी राहत एवं क्षतिपूर्ति दिने व्यवस्था गरेको छ । यही क्षतिपूर्तिमा पनि भ्रष्टाचार रोकिएको छैन । क्षतिपूर्तिको दुरुपयोग भएको छ । सामान्य सिफारिसमा वितरण भएको जानकारीमा आएको छ । बारा जिल्लामा हालसम्म कतिपय द्वन्द्व पीडितले क्षतिपूर्ति पाएका छैनन् । दलमा पहुँच हुनेहरूले राहतको दुरुपयोग गर्दै छन् । अर्कोतर्फ विवादमा परी रकम फ्रिज भएको गुनासो छ । दुई सयभन्दा बढी निवदेन अलपत्रमा परेको र राहत नपाएको गुनासो छ ।[२५]

वास्तवमा दल र नेताले सर्वसाधारणको जनभावनासँग धेरै खेलबाड गरेको, जनता माझ विश्वास गुमाएको, साख घटाएको, दल नेताहरूप्रति आस्था लोप भइसकेकोले नकारात्मक सोच राख्न जनसाधारण बाध्य छन् । राजनीतिक विकासका लागि जनताको विश्वास जित्नु पर्छ ।

## ६.८ यातना तथा अन्य क्रूर अमानवीय तथा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि

३३ वटा धारामा भएको महासन्धिअनुसार यातना, अन्य क्रूर, अमानवीय, अपमानजनक व्यवहार गर्न पाइँदैन । द्वन्द्वकालमा यातना तथा अन्य कार्यले पराकाष्ठा नाघेको छ । अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य शार्दूलहाङ्ग ओली र केशव बोहरालाई झापामा समातेर शारीरिक तथा मानसिक यातना दिइएको थियो । माओवादीको शङ्कामा सैन्य पक्षले र सैनिककी श्रीमतीको शङ्कामा व्यक्तिहरूलाई अपहरण तथा कुटपिट गर्ने, उनीहरूको शारीरिक आवश्यकता पूरा गर्न घृणित कार्य गर्ने जस्ता द्वन्द्वकालीन अवस्थामा गराइएको पाइयो । यो महासन्धिको प्रतिकूल व्यवहार हो । बन्दी प्रत्यक्षीकरण नगरी ठाडो आदेशमा अपहरण गर्ने कार्यहरू भएका छन् । यद्यपि मानव कल्याणका लागि संयुक्त राष्ट्रसङ्घले कतिपय शाखा, उपशाखाको स्थापना गरिदिएको छ । विविध प्रावधानको बाबजुद मानव अधिकार हनन भइरहेको छ । द्वन्द्वकालमा आचारसंहिताको प्रावधान हुन्छ तर अनुगमन र कार्यान्वयन पक्ष फितलो पाइएको छ । अन्तर्राष्ट्रिय पारित प्रस्ताव,

[२५] बलराम पाण्डेय, "द्वन्द्व पीडितले राहत पाएन," **गोरखापत्र,** (२०६८/५/२०), पृ. १३ ।

महासन्धिहरूको कार्यान्वयन पक्ष फितलो भएको पाइन्छ भने राष्ट्रियस्तर शान्ति प्रक्रियाका प्रावधान, शान्ति सम्झौता, आचारसंहिताको कार्यान्वयन पक्ष पनि सबल देखिँदैन ।

### ६.८.१ शान्ति प्रक्रियाका लागि राष्ट्रियस्तरमा भएका प्रयासहरू

माओवादी सशस्त्र सङ्घर्षले एक दशक पूरा गर्दासम्म मुलुक गम्भीर र संवेदनशील अवस्थामा पुगेको थियो । तत्कालीन राजनीति तरल तथा चुनौतीपूर्ण अवस्थामा थियो । विदेशी हस्तक्षेप बढ्दो थियो । देशको स्वाधीनता नै दाउमा लागेको स्थिति थियो । सर्वसाधारण अग्रगामी परिवर्तन, निकास तथा शान्ति चाहिरहेका थिए । जनचाहना तथा राष्ट्रलाई मुक्ति दिलाउन जनयुद्धको अन्त्य नै अन्तिम विकल्प थियो । यसका लागि राज्य र विद्रोही पक्षबीच वार्ताको खाँचो थियो । २०६१/४/२८ गते उच्चस्तरीय शान्ति समिति र शान्ति सचिवालय गठन गरेपछि औपचारिक रूपमा वार्तामा आउने माओवादीलाई आह्वान गऱ्यो । तसर्थ माओवादीले अन्तरिम सरकार, संविधान सभा र लोकतान्त्रिक गणतन्त्रको एजेण्डाका साथ अग्रगामी निकास चाहिरहेका थिए । माओवादीले लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो लक्ष्य बनाएको थियो भने नेपाली कांग्रेसले राजतन्त्र निरपेक्ष रहने निर्णय गऱ्यो । उता जनमोर्चा नेपालको अगुवाइमा सात दलको सर्वदलीय बैठकबाट माओवादीसँग वार्ता गर्ने औपचारिक निर्णय भयो । यसअघि २०६२ वैशाख २५ गते सात दलले राष्ट्रिय सङ्कट समाधानका लागि साझा सहमति र प्रतिबद्धता जाहेर गरी ६ बुँदामा राष्ट्रिय सङ्कट र त्यसको समाधानबारे उल्लेख गरी वक्तव्य जारी गरे । आषाढ ४ गते सर्वदलीय संविधानमा जान निर्णय गरे । माओवादीले सकारात्मक प्रतिउत्तरका साथै २०६२ भदौ १८ गते एकतर्फी युद्धविराम घोषणा (परिशिष्ट ९) गरेपछि सहकार्यको वातावरण बन्यो । परिणमस्वरूप अथक प्रयासपछि सात दल र माओवादीबीच १२ बुँदे समझदारी कायम भयो । यो निर्णय भारतमा भएकाले २०६२ मंसिर ७ गते काठमाडौँमा सार्वजनिक गरियो । यसै सहमतिको आधारमा संयुक्त जनआन्दोलन, अन्तरिम सरकार, संविधानसभा निर्वाचन र गणतन्त्रमा जाने मार्गचित्र तयार गरियो ।

२०६२ चैत्र १६ दिनमा राजा ज्ञानेन्द्रले कार्यकारी अधिकारी जनतामा फिर्ता गरेको घोषणा गरे र सात दललाई वार्तामा आउन आह्वान गरे तापनि जनआन्दोलनले यो अस्वीकार गर्दा राजाले जनसम्प्रभु जनतामा फिर्ता गरे । माओवादीले तीन महिने एक पक्षीय युद्धविराम घोषणा गऱ्यो । सात दलीय गठबन्धनका नेता गिरिजाप्रसाद कोइरालालाई नियुक्ति गरियो । संविधान सभामा जाने घोषणासहित सरकारले युद्धविराम घोषणा, विश्वासको वातावरण सिर्जना गर्न 'रेड कर्नर नोटिस' फिर्ता लियो र माओवादीलाई औपचारिक वार्तामा

आउन आग्रह गऱ्यो । वार्ता टोली गठन गऱ्यो । २०६२ जेष्ठ १२ गते पहिलो चरणको वार्तामा २५ बुँदे युद्धविराम आचारसंहिता (परिशिष्ट १०) मा द्विपक्षीय हस्ताक्षर भयो ।

दोस्रो चरणको वार्ता २०६२ आषाढ १ गते सम्पन्न भयो, जसमा शान्ति वार्ता पर्यवेक्षण टोली, युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति गठन गर्ने सहमति गऱ्यो । असार २ गते माओवादी अध्यक्ष प्रचण्ड, वरिष्ठ नेता बाबुराम भट्टराई र अन्य तथा सात दलका शीर्षनेताहरू बीच प्रतिनिधि सभा विघटन, सर्वदलीय अन्तरिम सरकार गठन, युद्धविरामलाई स्थायी शान्तिमा रूपान्तरण गर्ने, हातहतियार र सेना व्यवस्थापन, अन्तरिम संविधान, संविधान सभाको मिति तय गर्ने जस्ता महत्त्वपूर्ण बुँदामा सहमति भए । माओवादीले तीन महिनाको लागि युद्धविराम अवधि थप गऱ्यो । नेपाल सरकारले स्थानीय शान्ति परिषद्को कार्यविधि स्वीकृत गऱ्यो । नेपालको शान्ति प्रक्रियामा सघाउन माओवादी र सरकार दुवै पक्षबाट ५ बुँदे संयुक्त राष्ट्रसङ्घलाई पठाइयो । यस पत्रमा मानव अधिकार, युद्धविराम आचारसंहिता अनुगमन, हातहतियार र सेना व्यवस्थापन तथा संविधान सभा चुनावको पर्यवेक्षणमा सहयोग गर्न माग गरिएको थियो । हातहतियार र सेना व्यवस्थापन सम्बन्धमा माओवादी नेता प्रचण्ड, ने.का. नेता गिरिजाप्रसाद कोइराला र राष्ट्रसङ्घका प्रतिनिधि इयान मार्टिनबीच पटक-पटक बैठक छलफलपश्चात् कार्तिक ३० गते सम्ममा शान्ति सम्झौतामा हस्ताक्षर गर्ने, मंसिर ५ गते सम्ममा सेना शिविर र ब्यारेकमा राखी सक्ने, अन्तरिम संविधानमा सहमति गर्ने, अन्तरिम संसद् गठन, अन्तरिम सरकार बनाउन सहमत भए । कार्तिक २२ को सहमतिलाई जनताको ऐतिहासिक विजयको रूपमा शान्ति सम्झौता प्रक्रिया अघि बढायो । मंसिर ५ गते वार्ता टोलीबाट विविध प्रयासपश्चात् शान्ति सम्झौता अनुमोदन गऱ्यो । मंसिर २२ गते राष्ट्रसङ्घका प्रतिनिधि, दलका शिर्ष नेताहरू, नेपाली सेना, विभिन्न मुलुकका राजदूत, कूटनीतिज्ञ तथा पत्रकारहरूको उपस्थितिमा भव्य समारोह आयोजना माओवादी र सरकारका तर्फबाट प्रधानमन्त्री कोइराला र माओवादी अध्यक्ष प्रचण्डले शान्ति प्रेमी, मानव अधिकारकर्मीको उपस्थितिमा शान्ति सम्झौतामा हस्ताक्षर गरे । माओवादीलाई मूलधारमा ल्याई शान्तिपूर्ण राजनीतिमा अवतरण गराइयो ।

यसका साथै संयुक्त जनआन्दोलनमा मधेसी फोरम, आदिवासी जनजातिबीच, चुरेभावर, सङ्घीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, लिम्बुवानजस्ता विभिन्न समूहबीच विभिन्न सम्झौता गरियो । विभिन्न दलका प्रतिनिधिको सहभागिता रहे तापनि महिला सहभागी कुनै दलले गराउन नसकेको सर्वविदितै छ ।

### ६.८.२ विस्तृत शान्ति सम्झौता २०६३ को कार्यान्वयन पक्ष

२०५२ सालदेखि चल्दै आएको माओवादी द्वन्द्व विभिन्न समझदारी, विभिन्न १२, ८, २५ बुँदे सहमतिपश्चात् २०६३ कार्तिक २२ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच जनसेना रहने अस्थायी शिविर, अन्तरिम संविधान, अन्तरिम व्यवस्थापिका लगायतमा सहमति भयो ।[२६] प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र ने.क.पा. (माओवादी) का अध्यक्ष प्रचण्डबीच सरकार, राष्ट्रसङ्घीय प्रतिनिधि, राजदूत, कूटनीतिज्ञ, मानव अधिकारकर्मी, शान्तिप्रेमीहरूको उपस्थितिमा "विस्तृत शान्ति सम्झौता" (परिशिष्ट ११) मा हस्ताक्षर सम्पन्न भएको छ । विस्तृत शान्ति सम्झौता २०६३ मा ६ वटा अनुसूचीहरू छन् । विस्तृत शान्ति सम्झौता, २०६३ लाई छोटकरीमा शान्ति सम्झौता भनिएको छ । युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धताका साथ नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको सम्झौता हो । सम्झौतामा देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्या समाधन गर्न पुनर्संरचना गर्ने, प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, प्रेस स्वतन्त्रता, कानुनी राज्यको अवधारणा, लोकतान्त्रिक मूल्य मान्यता, मानव अधिकार घोषणा पत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्तप्रति प्रतिबद्धता, जनअधिकारको प्रत्याभूति, आर्थिक-सामाजिक परिवर्तन, देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता, संविधान सभा निर्वाचन, अग्रगामी राजनीतिक विकास, राज्य पुनर्संरचना आदि व्यवस्था समावेश गरिएको छ ।

यी मूल्य मान्यता, प्रतिबद्धताले मूर्त रूप प्राप्त गर्न सकेको छैन । शान्ति सम्झौतामा हस्ताक्षरपश्चात् मुलुकमा देखिएका घटनाहरू, शान्ति सम्झौता कार्यान्वयनप्रति प्रतिबद्धताप्रति संवेदनशील भएको देखिँदैन । शिविर र ब्यारेकमा सेना व्यवस्थापन गर्ने सम्झौता भए तापनि बेला-बेलामा भएका घटना, सैनामैना काण्ड, सेनाको सङ्ख्या सही तथ्याङ्क प्रस्तुत नगरेको हतियार व्यवस्थापनको सम्बन्धमा वर्तमानसम्म पनि इमान्दारी नदेखिएको पाइन्छ ।

महिला तथा बालबालिकाको अधिकार सुरक्षितको सवालमा संवेदनशील नभएको पाइन्छ । बर्दिया राष्ट्रिय निकुञ्जमा घाँस काट्न गएका महिलाहरूसँग गरेको नृशंस

---

[२६] शान्ति समिति, **विस्तृत शान्ति सम्झौता २०६३**, (काठमाडौँ : शान्ति समिति, शान्ति सचिवालय, २०६३), पृ. १ ।

व्यवहारले यसप्रति ध्यानाकर्षण गराएको छ । सिराहामा २०६२ देखि हालसम्म १२५ महिला बलात्कृत भएका छन् । एक रातमा एक दर्जनभन्दा बढी बलात्कृत, मधेसमा महिला झन् असुरक्षित, न्यायिक, सामाजिक सबैबाट वञ्चित छन्, प्रहरीले खोजी गर्दैन, लिई दिई मिलापत्र गराइन्छ । मुद्दाहरू दर्ता नगर्ने, मुद्दा नचलाउने, बदमासबाट कुटपिटजस्ता गैरकानुनी मात्र होइन निन्दनीय कार्य प्रहरीबाट भएको छ । यदि मुद्दा दर्ता गरे तापनि नागरिक समाज, नेता, दलको दबाबमा मुद्दा चलाइँदैन । यस्तो अवस्थामा भारतीय डाँकु फुलनदेवी जस्तो डाँकु लडाकुको जन्म नहुनु भन्ने छैन ।"[२७] शान्ति सम्झौताको बाबजुद उपर्युक्त घटना सम्झौताको कार्यान्वयन पक्षको स्थितिबारे अवगत हुन्छ । शान्ति सम्झौताको आधारमा सरकार र माओवादी दुवै पक्षले आ-आफ्नो मातहतका निकायलाई परिपालन र कार्यान्वयनका लागि निर्देशन दिएका छन् । यसको आधारमा माओवादी सरकारमा सामेल भइसकेको छ । दण्डहीनताको स्थिति रहन दिनु हुँदैन भनिएको छ । तर दण्डहीनताको अवस्था यथावत छ । अझ हेर्ने हो भने नेतृत्वविहीनको भीड, अभिभावक, संरक्षणविनाको मुलुकको स्थिति छ ।

शान्ति सम्झौताको अध्ययन गर्दा लैङ्गिक न्यायको सवालमा विभेद गरेको पाइन्छ । महिला र शान्तिसम्बन्धी संयुक्त राष्ट्रसङ्घको प्रस्ताव नम्बर १३२५, १८२० र १९८९ लाई शान्ति सम्झौतामा कहीँ कतै प्रयोग वा उल्लेख गरेको छैन । प्रस्तावअनुसार महिलाको लागि शान्ति प्रक्रियामा विशेष स्थान, महत्त्व दिइनु पर्ने हो तर पनि महिलाको उपस्थिति, योगदानलाई कदर गरिएको छैन । वार्ताकारको भूमिकामा महिला सहभागी नगराइएको भन्दै विभिन्न नारीवादी सञ्जालहरूले दुवै पक्षलाई दबाब दिएका छन् । न्यायपूर्ण, दिगो शान्ति प्रयास भइरहेको घडीमा महिलाहरूले आफ्नो विचार अभिव्यक्ति, अन्तर्क्रिया गरी महिला योगदानलाई उपलब्धिमूलक बनाउन सक्छन् । त्यसैगरी सेना, हतियार व्यवस्थापनको सवालमा दुवै पक्षले गम्भीरतापूर्वक लिइएको देखिँदैन । महिला मानव अधिकारसँग सम्बन्धित प्रजननको अधिकार, स्वास्थ्यको अधिकार, गर्भावस्था, सुत्केरीको स्याहार, शिशुको बाँच्ने अधिकार, सुरक्षा, संरक्षण, विकास सहभागिता, अनमेल विवाह, बहुबिवाह, बालविवाह, बेचबिखन, विस्थापनका लागि व्यवस्थापन, पुनर्निर्माण, पुनर्मिलन, घाइतेको उपचार, अपाङ्गका लागि व्यवस्था, उचित क्षतिपूर्ति, द्वन्द्व पीडितले राहत नपाएनका जस्ता समस्या विद्यमान छन् । माओवादी विद्रोह चरमोत्कर्षमा पुगेका बेला २०६० असोजमा जङ्गलमा

[२७] सगरमाथा च्यानल, क्राइम वाच, २०६७/७/१० दिनको १२:३० बजे प्रसारण ।

घाँसपात गर्न गएको बेला माओवादीमा लागेको आशङ्कामा गोली हानी घाइते भएको घाउ अझ निको भएको छैन । उचित उपचारको अभावमा रोएर बस्नु परेको छ जस्ता संवेदनशील विषयमा गम्भीर भएको पाइँदैन । चन्दा आतङ्कका कारण सर्वसाधारणले ज्यान गुमाउनु परेको स्थिति कायमै छ । जन-धनको संरक्षणको अनुभूति हुनसकेको छैन । बेपत्ता नागरिकको अवस्था अद्यावधि कायमै छ भन्ने उदाहरणहरू उपर्युक्त अध्यायमा प्रस्तुत गरिसकिएको छ । "मनभरि छोरोको सम्झना", "तीन सन्तान बेपत्ता हुँदा", "जेठोलाई माओवादीले लगे कान्छोलाई सेनाले लग्यो, छोरी कता गई थाहा छैन" भन्ने २०६७ अन्तर्राष्ट्रिय बेपत्ता दिवसको अवसरमा व्यक्त उद्‌गार हुन् । सरकार पक्षबीच र माओवादी पक्ष सामञ्जस्यता कायम हुनसकेको छैन । दलहरूबीच सत्ताका लागि रस्सी खिचातानीको द्वन्द्व चलिरहेको छ । द्वन्द्व पीडितको रकम हिनामिना भएको सम्बन्धितले नपाउँदै अरूले हात पार्नेजस्ता घटना अर्थात् राहत सामग्रीको दुरुपयोग समेत भएको पाइएको छ ।

"अनमिनको कार्यादिशामा पुनरावलोकन आवश्यक" भन्ने भनाइहरू सञ्चारमा आउन थाल्नुका पछाडि विभिन्न कारण छन् । उदाहरणका लागि संविधान सभाको निर्वाचन निष्पक्ष होस् भन्नका लागि सेनालाई ब्यारेकमा सीमित गर्ने व्यवस्था गरेको थियो । विस्तृत शान्ति सम्झौताको बुँदा ४.८ अनुसार परम्परागत रूपमा गर्दै आएका सुरक्षा कार्य जस्तै- बैंक, राष्ट्रिय निकुञ्ज, विद्युत् गृह, टेलिफोनटावर, सचिवालय, विशिष्ट व्यक्तिहरूको सुरक्षालाई निरन्तरता दिने कुरा स्पष्ट छ तर अझ पनि नेपाली सेनालाई माओवादी लडाकुको समायोजन र पुनर्स्थापन पर्खेर अस्थायी शिविरमा बसेका माओवादी लडाकुसरह अनमिनको अनुगमन र निगरानीमा राख्नु अनुचित हो । नेपाली सेनाले रिक्त दरबन्दी, सैन्य भर्ना प्रक्रिया थालनी गर्दा अनमिनले आपत्ति जनाएको छ । अनमिनको कार्यहरू माओवादीमुखी छ भन्ने कुरा पनि बेलामौकामा सञ्चारमा आइरहेका छन् । एक प्रशिक्षण कार्यक्रममा स्वयम् प्रचण्डद्वारा व्यक्त भाषणमा अनमिनले माओवादीहरूलाई आन्तरिक रूपमा सहयोग गरिरहेको छ भन्ने तथ्य बाहिर आएको छ । शिविरमा लडाकुहरूको दैनिक हाजिरी अनमिनद्वारा निरीक्षण हुँदैन । दर्ता भएका लडाकुहरू आधाभन्दा बढी बाहिर बस्छन्, शिविर छोडी अन्य व्यवसायमा लागेको र कतिपय हिंसात्मक कार्यमा संलग्न भएका छन् । यी सम्पूर्ण लडाकुहरूको महिनावारी र सुविधा भत्ता भने सरकारबाट बुझिरहेका छन् । शान्ति सम्झौताअनुसार ६ महिनाभित्र लडाकुहरूको समायोजन र पुनर्स्थापना गरिसक्ने तत्पश्चात् समायोजित र पुनर्स्थापित हुननसकेको लडाकुको सम्बन्धमा सरकार कुनै

जिम्मेवारी हुने छैन, तर अहिलेसम्म समायोजन हुनसकेको छैन । संविधान निर्माण र सेना समायोजन सँगै हुनुपर्छ भन्ने मुद्दा माओवादीले बनाउँदै छ किनभने सेनाको बलमा माओवादी अनुकूल संविधान निर्माण गर्न सकिन्छ भन्ने सङ्कीर्ण विचार हो । सेना समायोजन विशेष समितिको अधीनमा लडाकु शिविर हुनुपर्ने सर्तको उल्लङ्घन गर्दै छन् । माओवादीहरूले भातृ सङ्गठनको रूप वाई.सी.एल. को गठन, कब्जामा लिएका भूमि तथा सम्पत्ति हालसम्म फिर्ता नगरेको, कतिपय बेपत्तामा परेकाहरूको हालसम्म कुनै खोजी खबर हुन नसकेको, गाउँघरबाट विस्थापित भएकाहरू कति परिवार, व्यक्तिहरू अझै विस्थापित जीवन व्यतीत गरिरहका छन् । उता माओवादीले शान्ति स्थापनामा नेपाली कांग्रेसलाई बाधक ठहराउँदै आएको छ । अन्य दलहरूले वाई.सी.एल. को सहअस्तित्वमा युवा समूहको गठन गर्दै आएको छ ।

मधेसी युथ फोर्स (मधेसी जनअधिकार फोरम), तरुण दस्ता (नेपाली कांग्रेस), थारू सेना (थरुवट स्वायत्त परिषद्), वाई.सी.एल. (लिग नेपाल शान्ति एकता पार्टी), युथ फोर्स (ने.क.पा. (एमाले)), लिम्बुवान भोलेन्टियर्स (लिम्बुवान राज्य परिषद्), लिम्बुवान लिबरेसन आर्मी (लिम्बुवान राष्ट्रिय परिषद्), किराँत लिम्बुवान स्वयंसेवक, चुरेभावर शान्ति सेना (चुरेभावर एकता समाज), रक्षावाहिनी (सद्भावना पार्टी, राजेन्द्र महतो), मधेसी कमाण्डो (नेपाल सद्भावना पार्टी), ओबीसी रेजिमेन्ट (पिछडावर्ग महासङ्घ), तराई मधेश सेवा सुरक्षा सङ्घ (तराई मधेश लोकतान्त्रिक पार्टी) जस्ता करिब १६ वटा युवा दस्ताको गठन भएका छन् ।[२८] यी दस्ताबाट जनसाधारणका लागि सकारात्मक क्रियाकलाप गरेको भए मूल्याङ्कन योग्य हुन्थे तर आपराधिक पृष्ठभूमिका, लागू पदार्थ दुर्व्यसनी, मार्सल आर्ट खेलाडी र मण्डले प्रकृतिका मानिसहरूको सङ्ख्या उल्लेख छ । यिनीहरू जसकहाँ मन लाग्यो छापा मार्ने, भ्रष्टाचारीलाई कारबाही भन्दै कालोमोसो दल्ने, कुटपिट गर्ने, जनआन्दोलनको नाममा न्याय सम्पादनको अभ्यास, कर्फ्यु घोषणा गरी कानुन हातमा लिने, होटेलको विकृति हटाउने, विसंगति, मदिरा सेवनलाई नियन्त्रणमा लिने नाममा होटेलधनीलाई धम्काउने, दुःख दिने, चन्दा आतङ्क फैलाउने, साम्प्रदायिक भावना फैलाउने, मधिसे पहाडीबीच भेदभावको कारण विस्थापनको अवस्था सृजना गर्ने, हिन्दू धर्म, जात, भाषा आदिको नाममा दंगा फैलाउनेजस्ता कार्य माओवादी शान्ति प्रक्रियामा आउनासाथ फैलिएको हो । यी दस्तालाई नियन्त्रण र निगरानीमा राख्न सकिएको छैन ।

---

[२८] जे.पी. पुन मगर, “गुण्डाराजतिर विशेष रिपोर्ट युवा दस्ता”, **हिमाल,** (१५ मंसिर, २०६५), पृ. १६ ।

बारा जिल्ला यस अवस्थाबाट अछुतो छैन । विस्थापित पहाडीको पुनर्स्थापन हुन सकेको छैन, घाउ लागेको व्यक्तिको उपचारको अभावमा हालसम्म पीडित छन्, आर्थिक अभावको कारण अस्पतालमा जीवन व्यतीत गर्दै छन् "छातीमा गोली छ उपचार छैन" देशका लागि लड्यौं र अहिले कसैले वास्ता गर्दैन । यो द्वन्द्वमा घाइते प्रहरीको उद्‌गार हो । चन्दा आतङ्कका कारण कतिले ज्यान गुमाउनु परेका घटनाहरू छन् ।

राज्य र माओवादी पक्षबाट भएका व्यवहार घटनाहरूको आधारमा सम्झौता सन्धि, नियमहरूको ठाडो उल्लङ्घन भएको पाइन्छ । सम्झौता कार्यान्वयन पक्षका लागि पर्यवेक्षण, अनुगमनको प्राधान भए तापनि कार्यान्वयन पक्ष कमजोर देखिन्छ । सही कार्यान्वयनको अभावमा सम्झौताका सर्तहरू परिपालना भएको छैन । शान्ति प्रक्रियाले पूर्णता पाइनसकेको स्थिति छ । सहमतिमा पुग्न सकेको छैन ।

शान्ति प्रक्रियाको महत्त्वपूर्ण पाटो सेना समायोजन विषयले चर्चाको स्थान पाएको छ । लडाकुलाई सेनामा समायोजन गर्दा लैङ्गिक दृष्टिकोणको सवाल दिगो शान्तिसँग जोडिएको छ । सेनामा महिला सेनाको सङ्ख्या, समायोजनको लागि निर्धारित मापदण्ड उपलब्ध गराइने सुविधा, सहयोग, पुनर्स्थापनाको व्यवस्था आदि मुद्दालाई कसरी र कुन दृष्टिकोण अपनाइएको छ ? सो सम्बन्धमा सवाल उठ्नु पर्ने स्वभाविक हो । शिक्षा, स्वास्थ्य, उमेर, विवाह निर्धारित मापदण्डको आधारमा समायोजन हुन बाँकीकालाई पुनर्स्थापना प्याकेजसहित स्वेच्छिक अवकाश दिने भनिएको छ । सेना समायोजनमा कम शिक्षित, बच्चा जन्माएको, कमजोरलाई मापदण्ड प्रतिकूल कारण देखाई अयोग्य घोषणा गर्ने हो भने महिला लडाकु नै अधिकतम पर्ने छन् । समायोजक मूल्य मान्यता र चुनौतीको सामना गर्दै माओवादी लडाकु बन्न गएका महिलाहरू घरका न घाटका हुने भए । सं.रा.सं., सुरक्षा परिषद्द्वारा पारित १३२५, १८२० अनुसार शान्ति निर्माण तथा द्वन्द्वपश्चात्को पुननिर्माण प्रक्रियामा लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्न एवं महिला हिंसाको अन्त्य गर्न सम्बन्ध सबै पक्षलाई आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घको पक्ष राष्ट्रको हैसियतले यी प्रावधान पूरा गर्न नेपाल सरकारको नैतिक दायित्व हो । दायित्वअनुरूप कार्यक्रमका लागि राष्ट्रिय कार्ययोजना बनायो । यसमा द्वन्द्व प्रभावित महिला, बालिका, पूर्व लडाकु, महिलाको सहभागिता एवं सरोकारवालाहरूको समन्वयमा लैङ्गिक अवधारणाका आधारमा विभिन्न कार्यक्रम गर्ने भनिएको छ । कतिपय महिला लडाकु साना नानी लिएर फर्कनु पर्दा अलपत्रमा परेका छन् । लडाकु सेनामा समायोजन गर्दा लैङ्गिक दृष्टिकोणबाट कसरी सम्बोधन गरिने छ भन्ने

पनि समायोजन र दिगो शान्तिसँग जोडिएको पेचिलो प्रश्न हो । सेना समायोजनमा महिलाको सङ्ख्या, निर्धारण मापदण्ड, उपलब्ध गराउनु पर्ने सहयोग वर्गीकरण पुनर्स्थापनाका अधिकारहरू मूल मुद्दा  हुन् । द्वन्द्व उत्तरार्द्धका यी मुद्दाको क्रममा संवेदनशील भई लडाकु महिलाहरूको इच्छालाई सही रूपमा दिन सक्ने विधि अपनाउनु पर्छ । शिक्षा, सन्तान प्रजनन गर्ने वा सन्तान भएको जस्ता कारण देखाई अयोग्य घोषणा गरिएको छ । महिला बच्चा जन्माउने वर्ग र सानै उमेरमा युद्धमा लागेकोले शिक्षा आर्जन गर्न नपाएका हुन् । यी कारणले गर्दा महिला पुरुष दुवैलाई समान मापदण्ड राख्न मिल्दैन । फरक मूल्य, मान्यता र चुनौतीको सामना गरेर माओवादी लडाकु बन्न गएका महिलाको सरोकार सम्बोधन गर्न पनि फरक मापदण्ड र बुझाइको आवश्यकता पर्छ कि पर्दैनजस्ता सवाल उठेको छ ।[२९]

## ६.९ निष्कर्ष

द्वन्द्वकाल र द्वन्द्वपश्चात् कानुनको कार्यान्वयन पक्ष साह्रै (अकर्मण्य) फितलो अवस्थामा रहेको पाइयो । अन्तर्राष्ट्रिय, राष्ट्रिय स्तरमा भएका सन्धि सम्झौतालाई राज्य र द्वन्द्व पक्ष दुवै किंकर्तव्यविमूढ भएको पाइन्छ । एक किसिमबाट युद्धविराम होइन विश्राम मात्र लिएको हो । सत्तामा पुगेका द्वन्द्वपक्षहरू सत्ताबाट फर्कनु, जनआन्दोलन चर्कनु, बेला-बेलाको भाषण, अभिव्यक्तिमा पुनः जङ्गल पस्न सक्ने धम्की आउनु, वर्तमानसम्म राजनीतिक दलबीच सहमत हुन नसक्नु, बरोबर शान्ति सुरक्षालाई गिज्याएजस्तो, बम विस्फोट, चन्दा अपहरण, हत्याजस्ता अपराधमूलक घटनाहरू दोहरिँदा सुशासनको अभाव, मानव अधिकारको हनन हुँदा शान्ति सुरक्षा र कानुन पक्ष सवालको घेरामा बाँधिनु स्वाभाविक हो ।

द्वन्द्वरत देशहरूको बदलिँदो सामाजिक संरचना र सम्बन्धलाई केलाएर हेर्दा महिलाहरूको स्थान र भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । महिलाहरूमा संवेदनशीलता, सहनशीलता अहिंसाप्रतिको झुकावजस्ता नारीजन्य गुणहरूले गर्दा शान्तिप्रति महिलाको प्रतिबद्धता बढी देखिन्छ । महिलाहरूले भोग्नु परेको पीडा, भौतिक, मानसिक असरले गर्दा युद्ध अन्त्यका लागि महिलाहरू बढी प्रतिबद्ध भएको देखिन्छ । पुरुषहरू पलायन, बेपत्ता, हत्या हुँदा सामाजिक आर्थिक, पारिवारिक जिम्मेवारी, घरमूलीको भूमिका निर्वाह गर्नुका साथै शान्ति सम्झौता कार्यान्वयन गर्न र पुनर्निर्माण गर्न प्रतिबद्ध भएको देखिन्छ । शान्ति

---

[२९] थापा, **पूर्ववत्,** पाद टिप्पणी सङ्ख्या १८, पृ. ५ ।

प्रक्रियामा विश्वका महिलाहरूले सफल भूमिका निर्वाह गरेका उदाहरण प्रशस्त पाइन्छ । नेपालमा शान्तिमालिका नामक सञ्जाल मानव अधिकार, शान्ति स्थापना र द्वन्द्व रूपान्तरणमा सहयोग पुऱ्याउन लागिरहेको छ ।

शान्ति स्थापना र द्वन्द्व रूपान्तरणमा महिलाको योगदान अग्रस्थान हुँदाहुँदै शान्तिवार्ता हुँदा शक्ति बाँडफाँडवालाले महिलालाई अन्तरिम सरकारमा सही प्रतिनिधि गराएनन् । सशस्त्र द्वन्द्वमा अत्यधिक पीडा खेप्ने समूहहरूमध्ये महिला वर्ग नै प्रमुख हुन् । शान्ति स्थापना, द्वन्द्व रूपान्तरण र सहअस्तित्व निर्माणको प्रमुख हिस्सेदार पनि महिला वर्ग नै हुन् । शान्ति प्रक्रिया सफल र दिगो बनाउनमा महिला सहभागिताको आवश्यकता पर्दछ ।

**अध्याय सात**

# उपसंहार

## ७.१ निष्कर्ष

द्वन्द्व समाजमा निहित शक्ति र स्रोतमाथि नियन्त्रणको लागि सम्पन्न वर्ग र शक्तिमाथि पहुँच नभएको विपन्न वर्गबीचको शक्ति र स्रोत आफ्नो पक्षमा पार्ने मानसिकताबाट सिर्जित अवस्था हो । सबै प्रकारका सामाजिक, लैङ्गिक आर्थिक, राजनीतिक, धार्मिक र वैचारिक विभेदहरू नै द्वन्द्वको उत्पत्ति, विकास र विस्तारका आधारभूत कारणहरू हुन् । यो सुरुमा असहमति, प्रतिक्रिया, क्रोध, रिसइवी, गालीगलौज, मुद्दामामिला, कुटपिट, हिंसा र युद्धका रूपमा समाजमा प्रतिबिम्बित हुने गर्दछ । यस शोध-अध्ययनको निष्कर्षलाई निम्नानुसारका बुँदाहरूमा उल्लेख गरिएको छ :

- युद्ध द्वन्द्वको एउटा रक्तपातपूर्ण रूप हो । युद्धका सकारात्मक र नकारत्मक दुबै पक्षहरू छन् । यस्ता युद्धमा मान्छे मार्ने अङ्गभङ्ग पार्ने, बलात्कार गर्नेजस्ता अमानवीय घटनाहरू हुने गर्दछ भने प्रजातन्त्र र मानवअधिकारका लागि थुप्रै विद्रोह या युद्धहरू सकारात्मक परिणाम दिन सफल भएका छन् ।

- विश्वमा थुप्रै युद्धहरू भएका छन् । दक्षिण एशियाली राष्ट्रहरूमा पिछडिएको वर्गमाथि भएको भेदभाव, भ्रष्टाचार र अन्याय-अत्याचारलाई सही सम्बोधन नगरेकै कारण तथा राज्यले नागरिकको आवाज नसुन्ने वा दबाउने गरेको कारण असंख्य ठूला-साना सशस्त्र द्वन्द्वहरू चलिरहेका छन् ।

- आधुनिक नेपालको उदयदेखि अहिलेसम्मको अवस्थामा आइपुग्दा नेपालले पनि विभिन्न जटिल स्थितिको द्वन्द्वको राजनीतिक सङ्क्रमणको ठूलो सानो अवस्था पार गरेको छ । पृथ्वीनारायण शाहले नेपाललाई भौतिक रूपमा एकीकरण गर्ने सिलसिलामा चलाएका युद्धहरू, नालापानीमा वीर बलभद्रको नेतृत्वमा बेलायती सेनासँग लडेको प्रसङ्ग, बहादुर शाहको समयमा नेपाली द्वन्द्व र तनावको अवस्था, राणाशासन कालमा भएका भण्डारखाल पर्व र कोतपर्व, राणा शासन विरुद्ध वि.सं. १९९७ देखि राणा विरोधी

प्रजातान्त्रिक आन्दोलन, डा. के.आई. सिंहले गरेका विद्रोह, नेपाली कांग्रेसको नेतृत्वमा भएका सशस्त्र विद्रोह र प्लेन अपहरणका गतिविधि, तत्कालीन ने.क.पा. (माले) ले चलाएको झापा आन्दोलन, रामराजा सिंहले सुरु गरेको सशस्त्र विद्रोह (बमकाण्ड), पञ्चायती एकदलीय व्यवस्था विरुद्ध विभिन्न समयमा चलाइएका आन्दोलन र २०५२ फागुन १ देखि ने.क.पा. (माओवादी) ले सञ्चालन गरेको सशस्त्र आन्दोलनहरूमा नेपाल लगातार द्वन्द्वको अवस्थाबाट गुज्रिरहेको छ ।

राष्ट्रिय परिप्रेक्ष्यमा माओवादी द्वन्द्वका मुलभूत कारणहरू निम्नलिखित छन् :

- नेपालको वर्तमान अवस्था सशस्त्र द्वन्द्व आइपुग्नुमा ३० वर्षे पञ्चायती व्यवस्था र बहुदलीय प्रणालीका सरकार, दल र नेताहरू मात्र जिम्मेवार छैनन्, यसको पछाडि अढाई सय वर्षभन्दा बढी समयको असमान र विभेदपूर्ण सामाजिक संरचना र त्यसलाई संरक्षण दिने राज्य प्रणाली रहेको छ ।

- नेपालको शासन प्रणाली- राणाकाल, पञ्चायती काल, २०४७ सालमा स्थापित बहुदलीय प्रणाली सँधैभरी केन्द्रीकृत रहेको छ र राज्यको सम्पूर्ण संरचनामा खस, बाहुन र क्षेत्रीको असाधारण वर्चस्व रहेको छ । फलस्वरूप बञ्चित समुदायहरू विशेष गरी महिला, दलित, आदिवासी जनजाति र मधेसीहरू कहिले सुषुप्त र कहिले सक्रिय रूपमा आन्दोलित रहँदै आएका छन् ।

- तत्कालीन मल्लिक आयोगले किटान गरेका २०४६ को जनआन्दोलन दबाउने जनविरोधी तथा अपराधीहरूलाई प्रतिवेदन अनुरूप कारवाही नगर्नु र पार्टी र सरकारका अङ्गहरूमा सामेल गराउनुले जनतामा निराशा छायो ।

- २०४६ को परिवर्तनपछि स्थापित संसदीय प्रजातान्त्रिक व्यवस्थाबाट शोषित, पीडित, महिला, दलित, जनजाति, मधेसी तथा पिछडिएको क्षेत्र र वर्गका मानिसहरूले ठूलो अपेक्षा गरेका थिए तर तिनीहरूको समस्या ज्युँका त्युँ रह्यो । परम्परागत जातीय, भाषिक, सांस्कृतिक, आर्थिक र राजनीतिक उत्पीडनाले भने निरन्तरता पायो ।

- राज्यकोषको दुरुपयोग गर्ने सवालमा सबै पार्टीहरू एकमत देखिनु, बेरोजगारी, भ्रष्टाचार, कमिशनतन्त्र, नातावाद, कृपावादले प्रश्रय पाउनु तथा प्रजातन्त्रको नाममा ठालुहरूले ब्रह्मलुट मचाउनुले जनताहरूमा राज्य, दल र सरकारप्रति नैराश्यता आयो ।

- आदिवासी जनजाति, दलित र मधेसीमाथि शासकहरूबाट विगत २४० वर्षदेखि शोषित हुँदै आएका थिए । यसरी पीडित क्षेत्र, जाति र वर्गका मानिसहरू स्वशासनको लागि जुर्मुराएको देखिन्छ ।

- बहुदलको पुनर्स्थापनाको लागि सहादत प्राप्त गर्ने सहिद परिवार र घाइतेहरूको बेवास्ता हुनु र राजनीतिक पीडित कोषको दुरुपयोग र हिनामिना हुनुले देशका सम्वेदनशील नागरिकहरू क्षुब्ध बने ।

- सर्वसाधारणको न्याय क्षेत्रमा पहुँचको अभाव तथा समग्रमा सुशासनको जर्जर अवस्थाले जनताहरू आक्रोशित हुन पुगे ।

- देश दिन प्रतिदिन विदेशी ऋणमा डुब्दै गएको तथा बहुसंख्यक गरिखाने जनताहरू चर्को बेरोजगारी, महंगी र गरिबीमा पिल्सिरहेको कारण विद्रोहका स्वर प्रकट गर्न थाले ।

- सामान्य रूपमा सुरु भएको माओवादी आन्दोलन बढाउन र जटिल बनाउनमा तत्कालीन सरकार र दलहरूको हचुवा, टालटुले, अपरिपक्व, प्रत्युत्पादक, अन्यौलपूर्ण, सतही, पूर्वाग्रही र सन्त्रस्त मानसिकताबाट ग्रस्त नीति र क्रियाकलापहरू जिम्मेवार रहेको छ ।

- डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको तत्कालीन संयुक्त जनमोर्चा (ने.क.पा. (माओवादी) को वैधानिक मोर्चा) ले वि.सं. २०५२ माघ २१ गते १५ दिनको अल्टिमेटम दिएर राष्ट्रियता, जनतन्त्र र जनजीविकासँग सम्बन्धित ४० सूत्रीय माग पेश गर्दा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा उदासीन रहनु, आफ्ना कार्यकर्ताको हत्या हुनु, चुनावमा भाग लिने सम्भावनाको ढोका बन्द गरिनु, ठाउँ-ठाउँमा दमन हुनुले ने.क.पा. (माओवादी) सशस्त्र विद्रोहमा उत्रने वातावरण तयार गरेको देखिन्छ । १५ दिनभित्र सरकारबाट माग पूरा गर्ने दिशामा सकारात्मक पहल नभएमा विद्यमान राज्यसत्ताका विरुद्ध सशस्त्र सङ्घर्षको बाटोमा उत्रने अल्टिमेटम दिए पनि ५ दिन अगावै २०५२ फागुन १ गतेदेखि जनयुद्ध सुरु गरेबाट उनीहरूको धैर्यता र नियतमाथि सवाल उठेको छ ।

आन्दोलन फस्टाउन र विस्तार हुनुमा निम्नलिखित कारणहरू रहेका छन् :

- माओवादीद्वारा गरिएका कतिपय असल र रचनात्मक कार्यहरू- गाउँका फटाहामाथि कारवाही, बाटोघाटो र पँधेरो निर्माण, जुवा, तास र सक्सी सेवनमा नियन्त्रण आदि ।

- निर्दोष व्यक्तिलाई धरपकड, गिरफ्तार, वारेन्ट काट्ने र झुटा मुद्दामा फसाउने पूर्वाग्रही सरकारी रवैया हुनु ।

- सरकारको हिंसात्मक नीति र क्रियाकलापहरू- घेर, खोज र नष्ट गर, रोमियो, किलो सेरा टु आदिजस्ता अपरेशन हुनु ।

- सङ्कटकालको घोषणा, माओवादीलाई आतङ्ककारीको घोषणा, इन्टरपोलमार्फत रेडकर्नर नोटिस र टाउकोको मोल तोक्नु ।

- सीमान्तकृत जातजाति, भाषा, धर्म, क्षेत्र र वर्गका मानिसहरूको पक्षमा निर्धारित माओवादीको कार्यक्रम र आकर्षक लोभलाग्दा नाराहरूबाट आकर्षित हुनु ।

- रिमको मार्गदर्शन र कम्पोसाको गठन- बारा जिल्लाको परिप्रेक्ष्यमा इतिहास केलाउँदा यहाँको इतिहास समृद्ध रहेको । यहाँ थुप्रै देशभक्त क्रान्तिकारी योद्धाहरू जन्मेको र यो क्षेत्र परापूर्व कालदेखि द्वन्द्वरत् रहेको छ । साथै बहुसंख्यक सीमान्तकृत जातजाति रहेको यस जिल्लाको बहुसंख्यक मानिसहरू गरिबीको रेखामुनि रहेका र राज्यबाट उपेक्षित महसुस गरेकोले आन्दोलनकारीहरूको लागि उर्वर भूमि बनेको छ । चारैतिर जङ्गलले घेरिएको र जनजाति, दलित र अन्य सीमान्तकृत जातिहरूको बाहुल्यता रहेको अमलेखगंज तथा भारतको खुल्ला सिमाना नजिकै रहेको जिल्लाको सदरमुकामको रूपमा परिचित कलैया आन्दोलनकारीहरूको लागि ठूलो महत्त्व राख्नु ।

बारा जिल्लाको कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. को परिप्रेक्ष्यमा माओवादी आन्दोलनमा महिला सहभागिताको मूलभूत कारण निम्नानुसार रहेको पाइन्छ :

१. लैङ्गिक विभेद, सामाजिक विभेद र महिला विरुद्धको घरेलु हिंसा,

२. दाइजो, तिलकजस्ता प्रथाको उत्पीडनबाट मुक्ति पाउने महिलाहरूको अभिलाषा,

३. महिला विरुद्ध विभेदकारी कानुनी तथा संवैधानिक प्रावधान,

४. महिलामाथि सुरक्षाकर्मीको दुर्व्यवहार,

५. राज्य संयन्त्रमा महिला सहभागिताको अभाव,

६. सम्मानित जीवनको खोजीमा महिलाहरूको अग्रसरता,

७. दोस्रो दर्जाको पीडा तथा महिलाको स्वपहिचानको खोजी,

८. माओवादीको महिला मुक्ति रणनीतिप्रति महिला आकर्षित,

९. रूढिवादी परम्पराबाट उन्मुक्ति पाउने महिलाहरूको अभिलाषा,

१०. बलात्कारमा परेका महिला माओवादीप्रति आकर्षित,

११. आफन्तजनहरूमा सुरक्षाकर्मीबाट भएका ज्यादतीबाट मर्माहित महिलाहरूको अग्रसरता,

१२. महिलाहरूमा चरम गरिबी र वेरोजगारी,

१३. पुरुषमा विकृतिबाट पीडित महिलाहरू आकर्षित,

१४. माओवादीहरूको छत्रछायाँमा महिला सुरक्षित हुने विश्वास ।

उल्लेखित द्वन्द्वबाट प्रायः समाजमा सकारात्मक र नकारात्मक दुवै असरहरू पर्दछन् । युद्ध, विद्रोह वा द्वन्द्व जे भने पनि त्यो जति लामो हुन्छ त्यति नै जनताको जीवन कष्टकर हुँदै जान्छ र जनतामा निराशा र हिंसा दुवैले प्रभाव पार्न थाल्छ जुन समाज विकासको लागि घातक हुन्छ ।

यस्ता सशस्त्र द्वन्द्वले महिला, बालबालिका, वृद्धवृद्धा, अपाङ्ग, युवा, विकासको संरचना, समग्र अर्थतन्त्र र विशेष गरी मानव स्वास्थ्यमा नकारात्मक असर पार्दछ । जब देशमा युद्ध भड्किन्छ, त्यतिबेला सबभन्दा बढी प्रभावित समूह भनेको क्रमशः बालबालिका, अपाङ्ग, वृद्धवृद्धा र महिला हुन् । यस्ता असरमा शारीरिक र भौतिक क्षति (हत्या, अङ्गभङ्ग, बलात्कार, अपहरण र बेपत्ता), मनोवैज्ञानिक क्षति (डर, त्रास, पीडा, बदलाको भावना, सैन्य मानसिकताको विकास, माया ममताबाट वञ्चित) र सामाजिक क्षति (टुहुरा, विधवा, परिवारबाट बिछोड, शरणार्थी हुने, खाना, स्वास्थ्य, शिक्षा र सुरक्षाको अभाव, बाल सैन्यमा भर्ती आदि) प्रभुत्व रहेका छन् ।

माओवादी र सुरक्षा निकायको त्रासको कारण गाउँका थुप्रै युवाहरू आन्तरिक रूपमा विस्थापित वा विदेशिएका छन् । देशका उत्पादनशील युवा जनशक्ति आन्तरिक रूपमा पलायन हुँदा आश्रित परिवारको जीवन सङ्कटग्रस्त बनेको, राज्यले उनीहरूमाथि गरेको लगानी खेर गएको, देशले उनीहरूबाट पाउने सेवाबाट वञ्चित हुनु परेको, कृषि उत्पादकत्व र समग्र अर्थतन्त्रमा नकारात्मक असर परेको र सामाजिक संरचना असन्तुलित

बन्दै गएको छ । द्वन्द्व अवधिमा माओवादीहरूले विकासका संरचनाहरू- गा.वि.स. भवन, वन रेन्ज पोस्ट, विद्युत् गृह आदि कतिपय निजी तथा सार्वजनिक सम्पत्तिहरू ध्वस्त गरेकाले राज्यले करोडौं रुपैंयाको क्षति बेहोर्नु परेको छ । यस अवधिमा शान्ति सुरक्षा भङ्ग भएको कारण शैक्षिक गतिविधि अवरुद्ध भएको, पर्यटन तथा होटल व्यवसाय, उद्योग, यातायात, सञ्चार, कृषि र जलस्रोत तथा निर्माणाधीन विकास परियोजनामा नकारात्मक असर परेको र नेपालको अर्थतन्त्र धरासायी बन्दै गएको छ । ठूला स्वदेशी तथा विदेशी लगानीकर्ताहरू नेपालमा लगानी गर्न इच्छुक देखिएका छैनन् र कतिपय ठूला उद्योगहरू असुरक्षित महसुस गरी बन्द हुँदै छन् ।

युद्ध भड्केको अवस्थामा राजनीतिक स्थिरता नहुने, प्रशासनिक दक्षता घट्ने, नियम कानुनको सही कार्यान्वयन नहुने मात्र नभई यसको ठाडो उल्लङ्घन र दुरुपयोग हुने गरेको स्थितिको उपयोग गरी विभिन्न शक्तिशाली समूहहरूले सामाजिक अपराध, आर्थिक अपराध र राजनीतिक अपराध सृजना गरी नाजायज फाइदा उठाइरहेका छन् । सुरक्षा व्यवस्थाको कमजोरीको निहुँमा नेपाल माफियाहरू र विदेशी चलखेलको सिकार बन्दै छ । माओवादी र सरकारले आ-आफ्नो शैलीमा युद्ध मनोविज्ञानको उपयोगमा जोड दिएको देखिन्छ तर सो द्वन्द्वले व्यक्ति र समाजमा पर्ने मनोवैज्ञानिक असरहरू प्रति भने ध्यान दिएको पाइँदैन । यस्तो द्वन्द्वले समाजको विभिन्न पक्षमा अल्पकालीन र दीर्घकालीन असरहरू- व्यक्तिको मनोवैज्ञानिक असन्तुलन, हत्या हिंसाको भय, बदलाको भावना, असुरक्षाको महसुस, राज्यप्रति नैराश्यता, पलायनवादी मनस्थितिको विकास, आत्मविश्वासमा ह्रास, हिंसात्मक र कृत्रिम संस्कृतिको विकास र स्विकारोक्ति, अत्यधिक मादक पर्दाथको सेवन, आत्महत्या आदिजस्ता असर पारिरहेको हुन्छ ।

जनयुद्ध सुरु भएपछि माओवादीले एकातिर आफ्नो प्रभाव विस्तार गरेको छ भने अर्कोतिर त्यसै अनुपातमा समाजमा डर, भय, त्रास र असुरक्षामा वृद्धि भएको छ । त्यसैले यो प्रभावलाई राजनीतिक प्रभावको दृष्टिकोणले मात्र हेरिनु हुँदैन, समाजमा भित्रभित्रै द्वेष र हिंसात्मक चरित्रको पनि बीजारोपण भएको छ जुन अन्तकालमा झाँगिने सम्भावनालाई नकार्न सकिँदैन । माओवादी समस्याको नाममा सरकार व्यापक सैन्यकरणतर्फ उन्मुख भएको छ । प्रत्येक वर्षको वजेटमा सुरक्षा खर्चमा निरन्तर वृद्धि हुँदै गएको छ । परिणामस्वरूप विकास कार्यहरूमा नकारात्मक प्रभाव परेको छ । त्यस्तै ने.क.पा. (माओवादी) पनि प्रतिरोधको नाममा सैद्धान्तिक राजनीतिक भन्दा सैन्य संगठनतर्फ द्रुत

गतिले अगाडी बद्दै छ । यसले गर्दा सिङ्गो नेपाली समाज नै सैन्यकरणको दोहोरो जातोमा पिँधिनु पर्ने बाध्यता सृजना हुँदैछ ।

नेपालमा सशस्त्र विद्रोहले एउटा ठूलो सङ्कट मात्र ल्याएको छैन, यसले देशको समग्र सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र मनोवैज्ञानिक रूपान्तरणको लागि अवसर पनि सृजना गरेको छ । द्वन्द्वको कारण उपर्युक्त अवस्थाहरू नागरिक समाज र राजनैतिक दलहरूमा छलफल र अन्तरक्रियाको विषय बन्न पुगेको छ, साथै जातजाति, भाषा, धर्म, क्षेत्र, लिङ्ग, वर्ग अपाङ्गता र पुस्तासँग सम्बन्धित थुप्रै सवालहरू मुखरित गरेको छ र खास मुद्दाहरूको आधारमा सम्झदारी हुनु पर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

बारा जिल्लाको कलैया नगरपालिका र अमलेखगंजको परिप्रेक्ष्यमा सशस्त्र द्वन्द्वले महिलामाथि पारेका असरहरू निम्नलिखित छन् :

१. एकल, अर्धविधवा तथा विधवा जीवन,
२. मानव अधिकारको उल्लङ्घन,
३. चेलीबेटी बेचबिखन तथा देह व्यापार,
४. डर र तनावपूर्ण अवस्था,
५. शैक्षिक उपलब्धिमा अवरुद्ध र गुणस्तरमा ह्रास,
६. महिलाको काँधमा थप जिम्मेवारी,
७. महिलाको स्वास्थ्यमा शारीरिक तथा मानसिक असर,
८. प्रतिशोधको भावना,
९. सामाजिक विकृतिमा ह्रास,
१०. महिलामा चेतना, नेतृत्व र सहभागितामा अभिवृद्धि,
११. पैतृक सम्पत्तिमा महिला हक सुरक्षित,
१२. राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि,
१३. नयाँ पहिचान तथा आत्मविश्वासमा वृद्धि,
१४. सेनामा महिला सहभागितामा उत्साहजनक वृद्धि,
१५. लैङ्गिक विभेद तथा घरेलु हिंसामा ह्रास ।

माओवादी सशस्त्र द्वन्द्वले महिलामाथि उपर्युक्त नकारात्मक तथा सकारात्मका असर परेको पाइएको छ ।

## ७.२ भविष्यका सम्भावित अध्ययन क्षेत्र

अशान्ति, रक्तपात, विद्रोह र काटमारको स्थितिमा प्रजातन्त्र फस्टाउन सक्दैन । प्रजातन्त्र फस्टाउनका लागि शान्ति र सुशासन चाहिन्छ । हिंसात्मक नीति, दमल र बल प्रयोगबाट शान्ति स्थापना हुन सक्दैन । मानव अधिकार संरक्षण तथा शान्ति-सुशासनका लागि शोधार्थीहरूले निम्न क्षेत्रमा शोधकार्य गर्न सकिने देखिन्छ :

१. कलैया नगरपालिका र अमलेखगंजले गा.वि.स. बाहेकका क्षेत्रको अध्ययन,

२. कलैया नगरपालिका र अमलेखगंज गा.वि.स. वाहेक अन्य पहाडी क्षेत्र र मधेसी क्षेत्रका महिला सहभागिताका कारण र प्रभावबारे अध्ययन,

३. संयुक्त राष्ट्रसंघद्वारा पारित प्रस्ताव १३२५ लगायत अन्य सम्झौताको विस्तृत अध्ययन,

४. यी अध्ययन क्षेत्र बाहेकका पहाडी क्षेत्र र तराई क्षेत्रको तुलनात्मक अध्ययन,

५. द्वन्द्व व्यवस्थापनमा महिलाको भूमिका र स्थानको अध्ययन,

६ माओवादी द्वन्द्वबाट पीडित महिलालाई आवश्यक पर्ने मनोसामाजिक उपचारको अध्ययन र

७. द्वन्द्व व्यवस्थापन विषयमा अध्ययन ।

# परिशिष्ट – १

## दश वर्षे (वि.स. २०५२–२०६२) माओवादी द्वन्द्वका कारण तथा महिलामा परेको असरबारे एक सर्वेक्षण (प्रश्नावली)

(१) नाम :-

(२) लिङ्ग :- (क) पुरुष (ख) महिला

(३) उमेर :-

(४) धर्म :-

(५) जात/जाति :-

(६) जातिगत वर्गीकरण :-

(क) उच्च (खस), (ख) दलित, ग) जनजाति, (घ) पिछडा वर्ग, (ङ) पहिचान नभएको

(७) ठेगाना:- गाविस/नपा. . . . . . . वार्ड. . . . . . . . जिल्ला. . . . . . .

(८) शैक्षिक अवस्था :- (क) साक्षर, (ख) निरक्षर

(९) साक्षर भए:- (क) प्राथमिक, (ख) माध्यमिक, (ग) प्रमाण पत्र, (घ) स्नातक, (ङ) स्नातकोत्तर वा माथि

(१०) वैवाहिक अवस्था :- (क) विवाहित, (ख) अविवाहित, (ग) विधवा, (घ) विधुर, (ङ) पारपाचुके, (च) एकल

(११) पेशा :- (क) कृषि, (ख) नोकरी, (ग) ज्यालादारी/मजदुरी, (घ) घरेलु उद्योग, (ङ) व्यापार (च) अन्य

(१२) आबद्ध निकाय :- (क) राजनीतिक, (ख) गैरराजनीतिक, (ग) सरकारी, (घ) गैरसरकारी

(१३) तपाईंको घरमा विद्यालय अध्ययनरत बालबालिका छन् ?

(क) बालक . . . ., (ख) बालिका. . . ., (ग) जम्मा. . . .

(१४) वि.स. २०५२ देखि २०६२ सम्म जारी १० वर्षे माओवादी सशस्त्र द्वन्द्व हुँदा देशमा पटक-पटक बन्द, हडताल, चक्का जाम, हत्या, हिंसाले देश अशान्त बनेको स्मरण छ ?

(क) छ, (ख) छैन

(१५) छ भने द्वन्द्वको चपेटामा तपाई कोही छ ?

(क) छ, (ख) छैन

(१६) छ भने को हो ?

(क) आफै, (ख) परिवारको सदस्य, (ग) आफन्त

(१७) कस्तो प्रकारको चपेटामा परेको ?

(क) धाकधम्की, (ख) चन्दा आतङ्क, (ग) लुटपाट, (घ) घाइते, (ङ) बलात्कार, (च) हत्या, (छ) विस्थापन, (ज) भूमि कब्जा, (झ) अन्य भए

(१८)  द्वन्द्वबाट कुन रूपमा प्रभावित हुनु हुन्छ ?

(क) प्रत्यक्ष, (ख) अप्रत्यक्ष

(१९)  प्रत्यक्ष प्रभावित भए तपाईंको परिवारमा पीडितको विवरण

| **संख्या** | **महिला** | **पुरुष** | **बालबालिका** | **उत्तरदातासागको नाता** |
|---|---|---|---|---|
| अपहरित | | | | |
| बेपता | | | | |
| घाइते | | | | |
| विस्थापित | | | | |
| बलात्कार | | | | |
| अपाङ्ग | | | | |
| उच्च रक्तचाप | | | | |
| हत्या | | | | |
| अन्य | | | | |

(२०)  को बाट पीडित ?

(क) राज्य पक्ष, (ख) माओवादी, (ग) दुवैबाट, (घ) अन्य

(२१)  समाजमा विद्यमान लैङ्गिक विभेद, सामाजिक विभेद र घरेलु हिंसाबाट पीडित महिलाहरू माओवादी द्वन्द्वमा लागेको भनाइबाट सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(२२)  नेपालको कानुन तथा संवैधानिक प्रावधान महिला हक, हित विरुद्धमा छ, यसमा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(२३)  दाइजो, तिलकजस्ता सामाजिक कुरीतिबाट मुक्ति पाउने महिलाको अभिलाषाबाट सहमत हुनुहन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

२४)  महिलाहरूमाथि प्रहरीको बक्रदृष्टि र दमन हुने गर्छ भन्ने भनाइप्रति सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक रूपमा सहमत

(२५)  राज्य संयन्त्रमा महिलाको सहभागिता नगण्य रूपमा छ भन्ने कुरामा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक रूपमा सहमत

(२६)  सम्मानित जीवनको खोजीमा महिलाहरू माओवादी आन्दोलनमा अग्रसर भएका हुन ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(२७)  महिलाले आफ्नो हक, अधिकार तथा स्व-पहिचानको खोजीमा द्वन्द्वमा सामेल भएका हुन ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(२८)  माओवादीको महिला मुक्ति रणनीतिप्रति महिला आकर्षित भएका हुन् ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(२९) रुढीवादी परम्पराबाट उन्मुक्ति पाउन महिलाहरू माओवादी द्वन्द्वमा समर्पित भएका हुन् ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३०) द्वन्द्व कालमा राज्य पक्षबाट अत्यधिक बल प्रयोग भएको र आफन्तजनहरूमा प्रहरी प्रशासनबाट भएका ज्यादतीबाट मर्माहित महिलाहरू माओवादी सङ्घर्षमा अग्रसर भएका हुन् ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३१) वेरोजगार र गरिबीको कारण निराश भई माओवादी आन्दोलनमा सरिक भएका हुन् ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३२) पुरुषहरूको रक्सी, जुवा र तासजस्ता विकृतिबाट मुक्ति पाउन महिलाहरू माओवादीमा लागि परेका हुन ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३३) माओवादी छत्रछायाँमा महिला सुरक्षित हुन सक्छन् भन्ने कुरामा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३४) वलात्कार पीडित महिला माओवादीप्रति आकर्षित भएका हुन ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३५) माओवादी सङ्घर्षको कारण महिलाले एकल, अर्धविधवा तथा विधवा जीवन व्यतीत गर्नुपरेको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३६) माओवादी सङ्घर्षको कारण आन्तरिक विस्थापन तथा विदेश पलायन, अपहरण, घाइते, गिरफ्तारी, यातना, बेपत्ता, बलात्कार र हत्याजस्ता मानवअधिकार हनन भएबाट दुष्प्रभाव परेको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३७) दयनीय आर्थिक स्थितिको कारण देहव्यापार, चेलीबेटी बेचविखनजस्ता विकृति फैलिएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३८) माओवादी द्वन्द्व अवधिमा डर, धाक र तनावपूर्ण अवस्था थियो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(३९) द्वन्द्वबाट शैक्षिक क्षेत्र बढी प्रभावित भएको तथा शैक्षिक गुणस्तरमा ह्रास आएको कुरामा सहमत हुनुहुन्छ ?

(क) सहमत (ख) असहमत (ग) आंशिक सहमत

(४०) द्वन्द्व कालमा महिलाहरूको काँधमा जिम्मेवारी बढेको भनाइसँग सहमत हुनुहुन्छ ?

(क) सहमत (ख) असहमत (ग) आंशिक सहमत

(४१) द्वन्द्वबाट सबभन्दा बढी पीडित भएको को हो ? प्राथमिकताअनुसार क्रमाङ्क दिनुहोस् ।

(क) महिला, (ख) बालबालिका, (ग) युवा (घ) वृद्ध/वृद्धा

(४२) द्वन्द्वको कारण स्वास्थ्य क्षेत्र (औषधि, रक्त आपूर्तिमा अभाव, चिकित्सकको अनुपस्थिति र यातायातको अभाव) र मानव स्वास्थ्य (उच्च रक्तचाप, श्वास-प्रश्वास, पक्षाघात, अपाङ्गता आदि) मा पतिकूल असर परेको भनाइमा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४३) माओवादी द्वन्द्व अवधिमा प्रहरी प्रशासनको ज्यादतीका कारण प्रतिशोधको भावना विकसित भएको र सामाजिक सद्भावमा खलल परेको कुरा सही हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४४) समाजमा भएका जुवा, तास, मदिराजस्ता दुर्व्यसनमा ह्रास आएको हो भन्ने कुरामा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४५) माओवादी सङ्घर्षको परिणामस्वरूप महिलामा चेतना र सहभागितामा अभिवृद्धि भएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४६) द्वन्द्वले सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणमा टेवा पुऱ्याएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४७) सशस्त्र सङ्घर्षको कारण पैतृक सम्पत्तिमा महिला हक सुरक्षित भएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४८) माओवादी द्वन्द्वपश्चात् राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि भएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(४९) सशस्त्र द्वन्द्वपश्चात् महिलामा नयाँ पहिचान तथा आत्मविश्वास बढेको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(५०) सेनामा महिला सहभागिताको उत्साहजनक वृद्धि भएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(५१) सशस्त्र सङ्घर्षको कारण समाजमा लैङ्गिक विभेद तथा घरेलु हिंसामा कमी आएको हो ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(५२) बलात्कार पीडित महिला सुरक्षित हुन माओवादी सेनाप्रति आकर्षित भएका हुन् भन्ने भनाइमा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(५३) द्वन्द्वकालमा सामाजिक अपराध (बलात्कार, वेश्यावृत्ति, चेलीबेटी बेचबिखन, साम्प्रदायिक घटना आदि) वृद्धि भएको भनाइबारे तपाइँ सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(५४) द्वन्द्व पीडित महिलालाई कुन संस्थाबाट सहयोग प्राप्त भएको हो ?

(क) सरकारी, (ख) गैरसरकारी

(५५) सरकारी वा गैरसरकारी संस्थाको राहत सहयोग निष्पक्ष छ ?

(क) छ, (ख) छैन

(५६) सरकारी वा गैरसरकारी संस्थाको राहत सहयोग पर्याप्त छ ?

(क) छ, (ख) छैन, (ग) थाहा छैन

(५७) द्वन्द्व कालमा उच्च मृत्युदर भएको कुरा सत्य हो ?

(क) सत्य, (ख) असत्य, (ग) आंशिक सत्य

(५८) सशस्त्र द्वन्द्वको कारण आर्थिक स्थितिमा दुष्प्रभाव परेको भनाइमा सहमत हुनुहुन्छ ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(५९) महिला शान्तिका प्रतीक हुन् ?

(क) सहमत, (ख) असहमत, (ग) आंशिक सहमत

(६०) तपाईंको विचारमा माओवादी द्वन्द्व समाधान गर्न माओवादीले के गर्नुपर्छ ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(६१) तपाईंको विचारमा माओवादीलाई मूलधारमा ल्याउन सरकारले के गर्नुपर्छ ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(६२) तपाईंको विचारमा राज्य पक्षले द्वन्द्वपीडित महिलाको चौतर्फी विकासको लागि के गर्नुपर्छ ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

(६३) द्वन्द्व व्यवस्थापनमा सञ्चार माध्यमको के कस्तो भूमिका हुनुपर्छ ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

***धन्यवाद***

# परिशिष्ट – २

## अन्तर्वार्ता (प्रश्नावली)

- द्वन्द्वको जन्म किन र कस्तो अवस्थामा हुन्छ ?
- माओवादी द्वन्द्व फस्टाउनमा प्रमुख भूमिका कसको मान्नु हुन्छ ?
- द्वन्द्व विकास हो वा विनाश ?
- द्वन्द्व हुनाको मुख्य कारण के हुन् ?
- नेपालको सन्दर्भमा द्वन्द्व एकपटक हुनु आवश्यक मान्नु हुन्छ ?
- परिवर्तनको लागि सशस्त्र द्वन्द्व हुन आवश्यक छ ?
- द्वन्द्वबाट बढी पीडित हुने महिला हो कि पुरुष ?
- महिला द्वन्द्वबाट किन बढी प्रभावित हुन्छन् ?
- द्वन्द्वबाट पीडित महिला प्रायजसो शारीरिक पीडित वा मानसिक पीडित हुन्छन् ?
- पीडित महिलाप्रति समाजको धारणा कस्तो पाइन्छ ? कस्तो अवधारणा विकसित गराउनुपर्छ ?
- द्वन्द्वबाट महिलाको स्थितिमा के कस्तो परिवर्तन आएको छ ?
- राज्य पक्ष माओवादी वा अन्य कुन पक्षबाट समाज बढी पीडित भएका छन् ?
- द्वन्द्व पीडित व्यवस्थापनको लागि कानूनी प्रावधान प्रयाप्त छ, कागजमा मात्र वा व्यवहारिक रूपमा ? कार्यान्वयन पक्षमा प्रकाश पारिदिनुस् । के कस्ता प्रावधान हुनुपर्छ ?
- माओवादी जनयुद्धको दश वर्षको अवधिमा महिलाको स्थितिको चित्रण गरिदिनु होस् ।
- यदि दरबार काण्ड नभइदिएको भए शासन व्यवस्थाको स्वरूप कस्तो हुने थियो ? अधिनायकवाद, संवैधानिक राजतन्त्र वा निरङ्कुश राजतन्त्र ?
- वर्तमान समयमा माओवादीहरूको पुनः जङ्गल पस्ने अभिव्यक्ति आइरहेको अवस्थामा तपाइँको धारणा के छ ?
- माओवादीलाई मूलधारामा ल्याउनु पर्छ कि जङ्गल पसून् भन्ने लाग्छ ?

# परिशिष्ट - ३

## कलैया नगरपालिका र अमलेखगंजको सन्दर्भमा सशस्त्र द्वन्द्वका मूलभूत कारणहरू

| क. सं. | सशस्त्र द्वन्द्वको कारणहरू | कलैया नगरपालिका (वडा नं. १-१४) | | | | | | | | अमलेखगंज गा.वि.स. वडा नं. १-९) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सर्वसाधारण उत्तरदाता | | | | विशिष्ट उत्तरदाता | | | | सर्वसाधारण उत्तरदाता | | | | विशिष्ट उत्तरदाता | | | |
| | | स. | आ.स. | अ. | ज. | स. | आ.स. | अ. | ज. | स. | आ.स. | अ. | ज. | स. | आ.स. | अ. | ज. |
| १. | महिलासम्बन्धी सामाजिक विभेदहरूका कारण (समाजमा विद्यमान लैङ्गिक विभेद, सामाजिक विभेद, कुरीति र घरेलु हिंसाबाट पीडित) महिलाहरू माओवादी द्वन्द्वमा लागेको भनाइबाट सहमत हुनुहुन्छ ? (प्र.नं. २१, २३ ) | १४१ | ३० | १५ | १८६ | ७१ | १ | ९ | ९४ | ६३ | ० | ७ | ९४ | ३३ | ५ | २ | ४० |
| | | ७५.८ | १६.१ | ८.१ | १०० | ७५.५ | १४.९ | ९.६ | १०० | ७८.८ | १२.४ | ८.८ | १०० | ८२.५ | १२.५ | ५ | १०० |
| २. | नेपालको कानुन तथा संवैधानिक प्रावधान महिला हक, हित विरुद्धमा छ, यसमा सहमत हुनुहुन्छ ? (प्र.नं. २२ ) | १७० | ११ | ५ | १८६ | ८० | १२ | २ | ९४ | ७३ | ४ | ३ | ८० | ३५ | ३ | २ | ४० |
| | | ९१.४ | ५.९ | २.७ | १०० | ८५.१ | १२.८ | २.१ | १०० | ९१.२ | ५ | ३.८ | १०० | ८७.५ | ७.५ | ५ | १०० |
| | | ७६.३ | १८.३ | ५.४ | १०० | ८४.१ | ५.३ | १०.६ | १०० | १५ | २५ | ६० | १०० | २०.१ | १० | ७० | १०० |
| ३. | महिलाहरूमाथि सुरक्षाकर्मीको दुर्व्यवहार हुने गर्छ भन्ने भनाइ प्रति सहमत हुनुहुन्छ ? (प्र.नं. २४) | १०३ | ४३ | ४० | १८६ | ८१ | १० | ३ | ९४ | ६२ | ११ | ७ | ८० | २३ | ११ | ६ | ४० |
| | | ५५.३ | २३.२ | २१.५ | १०० | ८६.२ | १०.७ | ३.१ | १०० | ७७.५ | १३.८ | ८.७ | १०० | ५७.५ | २७.५ | १५ | १०० |
| ४. | राज्य संयन्त्रमा महिलाको सहभागिता नगण्य रूपमा छ भन्ने कुरामा सहमत हुनुहुन्छ ? (प्र.नं. २५) | १६५ | १४ | ७ | १८६ | ८१ | ११ | २ | ९४ | ७२ | ५ | ३ | ८० | ३६ | २ | २ | ४० |
| | | ८८.७ | ७.५ | ३.८ | १०० | ८६.२ | ११.७ | २.१ | १०० | ९० | ६.२ | ३.८ | १०० | ९० | ५ | ५ | १०० |
| ५. | सम्मानितल र स्वपहिचान जीवनको खोजीमा महिलाहरू माओवादी आन्दोलनमा अग्रसर भएका हुन ? (प्र.नं. २६, २७) | १३३ | २१ | ३२ | १८६ | ५५ | २५ | १४ | ९४ | ६६ | ६ | ८ | ८० | २४ | ७ | ९ | ४० |
| | | ७१.५ | ११.३ | १७.२ | १०० | ५८.६ | २६.६ | १४.८ | १०० | ८२.५ | ७.५ | १० | १०० | ६० | १७.५ | २२.५ | १०० |
| | | ७८.५ | १३.५ | ८ | १०० | ७५.५ | १३.८ | १०.७ | १०० | ७० | ११ | १९ | १०० | ६२.५ | १२.५ | २५ | १०० |
| ६. | माओवादीको महिला मुक्ति रणनीतिप्रति महिला आकर्षित भएका हुन् ? (प्र.नं. २८) | ७५ | ६५ | ४६ | १८६ | २८ | २० | ४६ | ९४ | ४० | २५ | १५ | ८० | २४ | ९ | ७ | ४० |
| | | २४.३ | ३५ | ४०.७ | १०० | २९.७ | २१.३ | ४९ | १०० | ५० | ३१.२ | १८.८ | १०० | ६० | २२.५ | १७.५ | १०० |

क्रमशः ...

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | रुढीवादी परम्पराबाट उन्मुक्ति पाउन महिलाहरू माओवादी द्वन्द्वमा समर्पित भएका हुन् ? (प्र.नं. २९) | १९ | ४७ | १२० | १८६ | ५५ | २८ | ११ | ९४ | १५ | १० | ५५ | ८० | २७ | ८ | ५ | ४० |
| | | १०.२ | २५.३ | ६४.५ | १०० | ५८.५ | २९.८ | ११.७ | १०० | १८.८ | १२.५ | ६८.७ | १०० | ६७.५ | २० | १२.५ | १०० |
| ८. | द्वन्द्व कालमा राज्य पक्षबाट अत्यधिक बल प्रयोग भएको र आफन्तजनहरूमा सुरक्षाकर्मीबाट भएका ज्यादतीबाट मर्माहित महिलाहरू माओवादी सङ्घर्षमा अग्रसर भएका हुन् ? (प्र.नं. ३०) | १०६ | ५० | ३० | १८६ | ६० | २० | १४ | ९४ | ३० | २० | ३० | ८० | १५ | २० | ५ | ४० |
| | | ५७ | २६.९ | १६.१ | १०० | ६३.९ | २१.२ | १४.९ | १०० | ३७.५ | २५ | ३७.५ | १०० | ३७.५ | ५० | १२.५ | १०० |
| ९. | बेरोजगार र गरिबीको कारण निराश भई महिला माओवादी आन्दोलनमा सरिक भएका हुन् ? (प्र.नं. ३१) | १४० | ३० | १६ | १८६ | ७५ | १४ | ५ | ९४ | ५० | २५ | ५ | ८० | ३० | ८ | २ | ४० |
| | | ७५.३ | १६.१ | ८.६ | १०० | ७९.८ | १४.९ | ५.३ | १०० | ६२.५ | ३१.३ | ६.२ | १०० | ७५ | २० | ५ | १०० |
| १०. | पुरुषहरूको रक्सी, जुवा र तासजस्ता विकृतिबाट मुक्ति पाउन महिलाहरू माओवादीमा लागि परेका हुन् ? (प्र.नं. ३२) | १५० | ३१ | ५ | १८६ | ८० | १० | ४ | ९४ | ५३ | २२ | ५ | ८० | ३२ | ५ | ३ | ४० |
| | | ८०.७ | १६.६ | २.७ | १०० | ८५.१ | १०.६ | ४.३ | १०० | ६६.३ | २७.५ | २६.२ | १०० | ८० | १२.५ | ७.५ | १०० |
| ११. | माओवादी छत्रछायाँमा पीडित महिला सुरक्षित हुन सक्छन् भन्ने कुरामा सहमत हुनुहन्छ ? (प्र.नं. ३३, ३४) | ८३ | ६५ | ३८ | १८६ | ४५ | ३५ | १४ | ९४ | ४८ | २२ | १० | ८० | २२ | १० | ८ | ४० |
| | | ४४.६ | ३५ | २०.४ | १०० | ४७.९ | ३७.२ | १४.९ | १०० | ६० | २७.५ | १२.५ | १०० | ५५ | २५ | २० | १०० |

***स्रोत*** : स्थलगत अध्ययन, २०६६ ।

## परिशिष्ट - ४

### सशस्त्र द्वन्द्वबाट कलैया नगरपालिका र अमलेखगञ्ज गा.वि.स.का महिलाहरूमा परेका नकारात्मक तथा सकारात्मक असरहरूबारे जन प्रतिक्रिया

| क्र. सं. | सशस्त्र द्वन्द्वका असरहरू<br>नकारात्मक असरहरू | कलैया नगरपालिका (वडा नं. १-१४) | | | | | | | | अमलेखगंज गा.वि.स. वडा नं. १-९) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सर्वसाधारण उत्तरदाता | | | | विशिष्ट उत्तरदाता | | | | सर्वसाधारण उत्तरदाता | | | | विशिष्ट उत्तरदाता | | | |
| | | स. | आ.स. | अ. | ज. | स. | आ.स. | अ. | ज. | स. | आ.स. | अ. | ज. | स. | आ.स. | अ. | ज. |
| १. | माओवादी सङ्घर्षका कारण महिलाले एकल, अर्धविधवा तथा विधवा जीवन व्यतीत गर्नुपरेको हो ? (प्र.नं. ३५) | ८४ | ५६ | ४६ | १८६ | ६० | २० | १४ | ९४ | ४५ | २५ | १० | ८० | १८ | १५ | ७८ | ४० |
| | | ४५.२ | ३०.१ | २४.७ | १०० | ६३.९ | २१.२ | १४.९ | १०० | ५६.३ | ३१.२ | १२.५ | १०० | ४५ | ३७.५ | १७.५ | १०० |
| २. | माओवादी सङ्घर्षको कारण आन्तरिक विस्थापन तथा विदेश पलायन, अपहरण, घाइते, गिरफ्तारी, यातना, बेपत्ता, बलात्कार र हत्याजस्ता मानवअधिकार हनन भएबाट दुष्प्रभाव परेको हो ? (प्र.नं. ३६) | १६० | २० | ६ | १८६ | ८० | १० | ४ | ९४ | ६५ | १० | ५ | ८० | ३० | ८ | २ | ४० |
| | | ८६ | १०.८ | ३.२ | १०० | ८५.१ | १०.६ | ४.३ | १०० | ८१.२ | १२.५ | ६.३ | १०० | ७५ | २० | ५ | १०० |
| ३. | दयनीय आर्थिक स्थितिको कारण देहव्यापार, चेलीबेटी बेचबिखनजस्ता विकृति फैलिएको हो ? (प्र.नं. ३७) | ६० | १०० | २६ | १८६ | ३० | ५० | १४ | ९४ | ४५ | २५ | १० | ८० | १८ | १२ | १० | ४० |
| | | ३२.२ | ५३.८ | १४ | १०० | ३१.९ | ५३.२ | १४.९ | १०० | ५६.२ | ३१.३ | १२.५ | १०० | ४५ | ३० | २५ | १०० |
| ४. | माओवादी द्वन्द्व अवधिमा डर, धाक र तनावपूर्ण अवस्था थियो ? (प्र.नं. ३८) | ८३ | ६५ | ३८ | १८६ | ४५ | ३५ | १४ | ९४ | ४० | २५ | १५ | ८० | २२ | १० | ८ | ४० |
| | | ४४.६ | ३५ | २०.४ | १०० | ४७.९ | ३७.२ | १४.९ | १०० | ५० | ३१.२ | १८.८ | १०० | ५५ | २५ | २० | १०० |
| ५. | द्वन्द्वबाट शैक्षिक क्षेत्र बढी प्रभावित भएको तथा शैक्षिक गुणस्तरमा ह्रास आएको कुरामा सहमत हुनुहुन्छ ? (प्र.नं. ३९) | ११३ | ४३ | ३० | १८६ | ८१ | ११ | २ | ९४ | ७२ | ५ | ३ | ८० | ३६ | २ | २ | ४० |
| | | ६०.८ | २३.१ | १६.१ | १०० | ८६.२ | ११.७ | २.१ | १०० | ९० | ६.२ | ३.८ | १०० | ९० | ५ | ५ | १०० |
| ६. | द्वन्द्वकालमा महिलाहरूको काँधमा जिम्मेवारी बढेको भनाइसँग सहमत हुनुहुन्छ ? (प्र.नं. ४०) | १३५ | ४० | ११ | १८६ | ६३ | २१ | १० | ९४ | ६० | १० | १० | ८० | ३० | ५ | ५ | ४० |
| | | ७२.६ | २१.५ | ५.३ | १०० | ६७.१ | २२.३ | १०.६ | १०० | ७५ | १२.५ | १२.५ | १०० | ७५.५ | १५.५ | ९ | १०० |
| ७. | द्वन्द्वका कारण स्वास्थ्य क्षेत्र (औषधि, रक्त आपूर्तिमा अभाव, चिकित्सकको अनुपस्थिति र यातायातको अभाव) र महिला स्वास्थ्य (उच्च रक्तचाप, श्वास-प्रश्वास, पक्षघात, अपाङ्गता आदि) मा प्रतिकूल असर परेको भनाइमा सहमत हुनुहुन्छ ? (प्र.नं. ४२) | ९० | ६१ | ३५ | १८६ | ४५ | ३० | १९ | ९४ | ५१ | १८ | ११ | ८० | १९ | १२ | ९ | ४० |
| | | ४८.४ | ३२.८ | १८.८ | १०० | ४७.९ | ३१.९ | २०.२ | १०० | ६६.७ | २२.५ | १३.८ | १०० | ४७.५ | ३० | २२.५ | १०० |

क्रमशः ...

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८. | माओवादी द्वन्द्व अवधिमा सुरक्षाकर्मीको ज्यादतीका कारण प्रतिशोधको भावना विकसित भएको र सामाजिक सद्भावमा खलल परेको कुरा सही हो ? (प्र.नं. ४३) | १४० | २६ | २० | १८६ | ५८ | २४ | १२ | ९४ | ६४ | ९ | ७ | ८० | २८ | ८ | ४ | ४० |
| | | ७५.३ | १३.९ | १०.८ | १०० | ६१.७ | २५.५ | १२.८ | १०० | ८० | ११.३ | ८.७ | १०० | ७० | २० | १० | १०० |
| | **सकारात्मक असर** | | | | | | | | | | | | | | | | |
| ९. | पुरुषमा भएको सामाजिक विकृति (समाजमा भएका जुवा, तास, मदिराजस्ता दुर्व्यसन) मा ह्रास आएको हो भन्ने कुरामा सहमत हुनुहुन्छ ? (प्र.नं. ४४) | १२० | २६ | ३० | १८६ | ५१ | ३१ | १२ | ९४ | ५८ | १४ | ८ | ८० | ३१ | ५ | ४ | ४० |
| | | ६४.५ | १९.४ | १६.१ | १०० | ५४.२ | ३३ | १२.८ | १०० | ७२.५ | १७.५ | १० | १०० | ७७.५ | १२.५ | १० | १०० |
| १०. | माओवादी सङ्घर्षको परिणामस्वरूप महिलामा चेतना र आत्मविश्वासमा अभिवृद्धि भएको हो ? (प्र.नं. ४५, ४९) | ९० | ७५ | २१ | १८६ | ४४ | ४० | १० | ९४ | ३८ | ३५ | ७ | ८० | १८ | १६ | ६ | ४० |
| | | ४८.४ | ४०.३ | ११.३ | १०० | ४६.८ | ४२.६ | १०.६ | १०० | ४७.५ | ४३.८ | ८.७ | १०० | ४५ | ४० | १५ | १०० |
| ११. | द्वन्द्वले सामाजिक र सांस्कृतिक रूपान्तरणमा टेवा पुऱ्याएको हो ? (प्र.नं. ४६) | १३ | ५३ | १२० | १८६ | १२ | ७५ | ७ | ९४ | ८ | ६० | १२ | ८० | ७ | २५ | ८ | ४० |
| | | ६.९ | २८.५ | ६४.६ | १०० | १२.८ | ७९.८ | ७.४ | १०० | १० | ७५ | १५ | १०० | १७.५ | ६२.५ | २० | १०० |
| १२. | सशस्त्र सङ्घर्षको कारण पैतृक सम्पत्तिमा महिला हक सुरक्षित भएको हो ? (प्र.नं. ४७) | १०० | ६३ | २३ | १८६ | १४ | ५० | ३० | ९४ | ४३ | ३० | ७ | ८० | ७ | २० | १३ | ४० |
| | | ५३.८ | ३३.८ | १२.४ | १०० | १४.९ | ५३.२ | ३१.९ | १०० | ५३.७ | ३७.५ | ८.९ | १०० | १७.५ | ५० | ३२.५ | १०० |
| १३. | माओवादी द्वन्द्वपश्चात् राज्य संयन्त्रमा महिला सहभागितामा वृद्धि भएको हो ? (प्र.नं. ४८) | १२५ | ४५ | १६ | १८६ | ६८ | १८ | ८ | ९४ | ५८ | १८ | ४ | ८० | २८ | ८ | ४ | ४० |
| | | ६७.२ | २४.२ | ८.६ | १०० | ७२.३ | १९.१ | ८.६ | १०० | ७२.५ | २२.५ | ५ | १०० | ७० | २० | १० | १०० |
| १४. | सेनामा महिला सहभागिताको अभिवृद्धि भएको हो ? (प्र.नं. ५०) | १५० | २५ | ११ | १८६ | ७५ | १३ | ६ | ९४ | ६० | १२ | ८ | ८० | २५ | ११ | ४ | ४० |
| | | ८०.७ | १३.४ | ५.९ | १०० | ७९.८ | १३.९ | ६.३ | १०० | ७५ | १५ | १० | १०० | ६१.५ | २७.५ | १० | १०० |
| १५. | सशस्त्र सङ्घर्षको कारण समाजमा लैङ्गिक विभेद तथा घरेलु हिंसामा कमी आएको हो ? (प्र.नं. ५१) | १४० | २६ | १० | १८६ | ७० | १९ | ५ | ९४ | ६५ | १० | ५ | ८० | ३१ | ६ | ३ | ४० |
| | | ७५.५ | १९.३ | ५.४ | १०० | ७४.५ | २०.२ | ५.३ | १०० | ८१.३ | १२.५ | ६.२ | १०० | ७७.५ | १५ | ७.५ | १०० |

***स्रोत :*** स्थलगत अध्ययन-२०६६ ।

# परिशिष्ट – ५

## ने.क.पा. (माओवादी) द्वारा प्रस्तुत ४० सूत्रीय मागहरू

**राष्ट्रियतासँग सम्बन्धित भनिएका मागहरू**

१. सन् १९५० को नेपाल-भारत सन्धि लगायत सम्पूर्ण असमान सन्धि, सम्झौताहरू खारेज गरिनु पर्छ ।

२. २०५२ साल माघ १५ गते नेपाल र भारत सरकारबीच सम्पन्न कथित एकीकृत महाकाली सन्धि अझै बढी राष्ट्रघाती र दीर्घकालीन दृष्टिकोणले बढी खतरनाक भएको उक्त सन्धि तत्काल खारेज गरिनुपर्छ ।

३. नेपाल र भारतबीचको खुला सिमाना नियन्त्रित र व्यवस्थित गरिनुपर्छ । नेपालभित्र भारतीय नम्बरप्लेटका गाडीहरू चलाउन तत्काल रोक लगाउनु पर्छ ।

४. गोरखा भर्ती केन्द्र रद्द गरिनुपर्छ र नेपालीहरूलाई स्वदेशभित्रै सम्मानजनक रोजगारीको व्यवस्था गरिनुपर्छ ।

५. नेपालभित्र विविध क्षेत्रमा कामको निम्ति स्वदेशी कामदारहरूलाई नै प्रश्रय दिइनुपर्छ र विशेष अवस्थामा विदेशी कामदारहरूलाई काममा लगाउनु पर्दा वर्क परमिट (Work Permit) प्रथा लागू गरिनु पर्छ ।

६. नेपालको उद्योगधन्धा, व्यापार वित्तीय क्षेत्रमा विदेशी एकाधिकार पुँजीको आधिपत्य अन्त्य गरिनुपर्छ ।

७. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास हुने गरी भन्सार नीति तय र लागू गरिनुपर्छ ।

८. साम्राज्यवादी तथा विस्तारवादी सांस्कृतिक प्रदूषण र अतिक्रमण अन्त्य गरिनुपर्छ । देशभित्र छाडा हिन्दी सिनेमा, भिडियो र पत्रपत्रिकाहरूको आयात र वितरण तुरुन्त रोक लगाइनुपर्छ ।

९. एन.जि.ओ./आई.एनजि.ओ. आदिको नाउँमा देशभित्र साम्राज्यवादी विस्तारवादी घुसपैठको अन्त्य गरिनुपर्छ ।

**जनतन्त्रसँग सम्बन्धित भनिएका मागहरू**

१०. जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताको प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्छ ।

११. राजा र राजपरिवारका सबै विशेषाधिकार अन्त्य गरिनुपर्छ ।

१२. सेना, प्रहरी, प्रशासन पूर्णरूपले जनताको नियन्त्रणमा हुनुपर्छ ।

१३. सुरक्षा ऐन लगायतका सबै दमनकारी ऐनहरू खारेज गरिनुपर्छ ।

१४. राजनीतिक प्रतिशोधका कारणले झूटा मुद्दामा फसाइएका रुकुम, रोल्पा, जाजरकोट, गोरखा, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धनुषा, रामेछाप लगायतका जिल्लाहरूका सम्पूर्ण बन्दीहरू तत्काल रिहा गरिनुपर्छ र सबै झूटा मुद्दाहरू खारेज गरिनुपर्छ ।

१५. जिल्ला जिल्लामा भइरहेको सशस्त्र प्रहरी अपरेशन, दमन र राज्य आतङ्क तुरुन्त बन्द गरिनुपर्छ ।

१६. विभिन्न समयमा पुलिस हिरासतबाट बेपत्ता पारिएका दिलीप चौधरी, भुवन थापा मगर, प्रभाकर सुवेदी लगायतका व्यक्तिहरूको बारेमा निष्पक्ष छानबीन गरी अपराधीहरूलाई कडा कारवाही गरिनुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति प्रदान गरिनुपर्छ ।

१७. जनआन्दोलनको क्रममा मारिएकाहरूलाई सहिद घोषणा गरिनुपर्छ, सहिदका परिवार तथा घाइते र अपाङ्गहरूलाई उचित क्षतिपूर्ति दिइनु पर्छ र हत्याराहरूमाथि कडा कारबाही गरिनु पर्छ ।

१८. नेपाललाई धर्मनिरपेक्ष राज्य घोषित गरिनु पर्छ ।

१९. महिलाहरूमाथिको पितृसत्तात्मक शोषणको अन्त्य गरिनुपर्छ । छोरीलाई छोरा सरह पैतृक सम्पत्तिमाथि समान अधिकार दिनुपर्छ ।

२०. सबै खाले जातीय शोषण र उत्पीडनको अन्त्य गरिनुपर्छ । जनजातिहरूको बाहुल्य भएका क्षेत्रहरूमा जातीय स्वायत्त शासनको व्यवस्था गरिनुपर्छ ।

२१. दलितहरूमाथिको भेदभाव अन्त्य गरिनुपर्छ । छुवाछूत प्रथा पूर्णरूपले बन्द गरिनु पर्छ ।

२२. सबै भाषाभाषीलाई समान अवसर र सुविधा दिइनु पर्छ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्छ ।

२३. वाक् तथा प्रकाशन स्वतन्त्रताको पूर्ण ग्यारेन्टी हुनुपर्छ । सरकारी सञ्चार माध्यमहरू पूर्णरूपले स्वायत्त हुनुपर्छ ।

२४. बुद्धिजीवी, साहित्यकार, कलाकार र सांस्कृतिक कर्मीहरूको प्राज्ञिक स्वतन्त्रताको ग्यारेण्टी गरिनुपर्छ ।

२५. पहाड र तराईको क्षेत्रीय भेदभावको अन्त्य गरिनुपर्छ, पिछडिएका इलाकाहरूलाई क्षेत्रयि स्वायत्तता प्रदान गरिनुपर्छ । गाउँ र शहरबीच सन्तुलन कायम गरिनुपर्छ ।

२६. स्थानीय निकायहरूलाई अधिकार र साधन सम्पन्न बनाइनु पर्छ ।

**जनजीविकाको प्रश्नसँग सम्बन्धित भनिएका मागहरू**

२७. जमीन जोत्नेको हुनुपर्छ । सामन्तहरूको जमीन जफत गरेर भूमिहीन तथा सुकुम्वासीहरूमा वितरण गरिनुपर्छ ।

२८. दलाल तथा नोकरशाही पुँजीपतिहरूको सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिनुपर्छ । अनुत्पादक क्षेत्रमा अल्झिएको पुँजीलाई औद्योगीकरणमा लगाउनु पर्छ ।

२९. सबैलाई रोजगारीको ग्यारेण्टी गरिनुपर्छ । रोजगारी नपाउञ्जेल बेरोजगार भत्ताको व्यवस्था गरिनुपर्छ ।

३०. उद्योग, कृषि लगायतका सबै क्षेत्रमा काम गर्ने मजदुरहरूको न्यूनतम ज्याला निर्धारण गरी त्यसलाई कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्छ ।

३१. सुकुम्वासीहरूलाई बसोवासको उचित व्यवस्था गरिनुपर्छ । वैकल्पिक बसोवासको व्यवस्था नगरी सुकुम्वासीहरूलाई उठीवास गर्ने काम तुरुन्त बन्द गरिनुपर्छ ।

३२. गरीब किसानहरूलाई पूर्णरूपले ऋण मुक्त गरिनुपर्छ । कृषि विकास बैंकबाट साना किसानहरूले लिएको ऋण मिनाहा गरिनुपर्छ । साना उद्योगीहरूलाई समुचित कर्जाको व्यवस्था गरिनुपर्छ ।

३३. मल, बीउ सस्तो सुलभ हुनुपर्छ । किसानहरूलाई उत्पादनको उचित मूल्य र बजारको व्यवस्था गरिनुपर्छ ।

३४. बाढी पीडित र सुक्खाग्रस्त क्षेत्रहरूमा उचित राहतको व्यवस्था गरिनुपर्छ ।

३५. सबैलाई निःशुल्क र वैज्ञानिक स्वास्थ्य सेवार शिक्षाको व्यवस्था गरिनुपर्छ । शिक्षा क्षेत्रमा व्याप्त व्यापारीकरणको अन्त्य गरिनुपर्छ ।

३६. महँगी नियन्त्रण गरिनुपर्छ । महँगीको अनुपातमा ज्यालावृद्धि गरिनुपर्छ । दैनिक उपभोगका वस्तुहरू सस्तो र सुलभ तरिकाले आपूर्ति गर्ने व्यवस्था गरिनुपर्छ ।

३७. गाउँगाउँमा खानेपानी, बाटोघाटो र बिजुलीको व्यवस्था गरिनुपर्छ ।

३८. कुटीर तथा साना उद्योगहरूलाई विशेष सहुलियत र संरक्षण दिइनुपर्छ ।

३९. भ्रष्टाचार, कालोबजारी, तस्करी, घुसखोरी, कमिशनतन्त्र अन्त्य गरिनुपर्छ ।


४०. अनाथ, अपाङ्ग, वृद्ध र बालबालिकाहरूको उचित संरक्षणको व्यवस्था गरिनुपर्छ ।

***(साभारः माओवादी समस्या समाधान उच्चस्तरीय सुझाव समिति)***


***स्रोत :*** गौतम, भाष्कर, बस्नेत, पूर्ण र मानन्धर, चिरन, **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि**. काठमाडौं : मार्टिन चौतारी, २०६४, पृ. ५८६ ।


# परिशिष्ट – ६

## राज्य र माओवादीद्वारा मारिएकाहरूको संख्या




***स्रोत :*** नेपाल, रूपेश र अरूहरू. **मानव अधिकार वर्ष पुस्तक–२००७.** काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), २००७, पृ. ११ ।




***स्रोत :*** नेपाल, रूपेश र अरूहरू. **मानव अधिकार वर्ष पुस्तक–२००७.** काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), २००७, पृ. ७-८ ।

# परिशिष्ट – ७

## मानवअधिकार उल्लङ्घन तथ्याङ्क (१९९२–१९९६)

| शिर्षक | वर्ष | उल्लंघन घटना संख्या | | | पीडित संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राज्य | व्यक्तिगत/ सामाजिक | राजनीतिक | जम्मा | पुरूष | महिला | नावालक |
| १.१.१ हत्या | १९९२ | ४ | ७२ | १० | १०२ | ७८ | १४ | १० |
| | १९९३ | ३ | २१७ | ६ | २४७ | १४४ | ७३ | ३१ |
| | १९९४ | ० | २८० | ५ | ३०६ | १९३ | ७३ | ४० |
| | १९९५ | १ | ३४५ | १ | ३६२ | २१६ | ११० | ३७ |
| | १९९६ | ३ | ३६१ | ० | ३७७ | २३४ | ११८ | २५ |
| | जम्मा | ११ | १२७५ | २३ | १३९४ | ८६५ | ३८८ | १४३ |
| १.१.२ गोलीद्वारा घाइते | १९९२ | १८ | ३ | ५ | ११२ | ६० | ११ | १ |
| | १९९३ | १७ | ७ | ० | २२८ | ८१ | ३ | ३ |
| | १९९४ | १३ | ७ | १ | ७१ | ६७ | ३ | ० |
| | १९९५ | ५ | १० | १ | ८८ | २४ | २ | ६ |
| | १९९६ | ८ | २० | २ | ५७ | ४७ | ५ | ६ |
| | जम्मा | ६१ | ४७ | ९ | ५५६ | २७९ | २४ | १० |
| १.१३ गोलीद्वारा हत्या | १९९२ | ९ | १ | १ | १९ | १७ | ० | २ |
| | १९९३ | २५ | १० | ० | ४९ | ४१ | ६ | २ |
| | १९९४ | ५ | १४ | ३ | २६ | २१ | २ | ३ |
| | १९९५ | ७ | १७ | ० | २७ | २२ | २ | ३ |
| | १९९६ | ३१ | २१ | ० | ७९ | ७२ | ४ | ३ |
| | जम्मा | ७७ | ६३ | ४ | २०० | १७३ | १४ | १३ |
| १.१.४ यातनाले मृत्यु | १९९२ | १ | ० | ० | १ | १ | ० | ० |
| | १९९३ | ७ | ० | ० | ७ | ७ | ० | ० |
| | १९९४ | १ | ० | ० | १ | १ | ० | ० |
| | १९९५ | १ | ० | ० | १ | १ | ० | ० |
| | १९९६ | ४ | ० | ० | ४ | ३ | १ | ० |
| | जम्मा | १४ | ० | ० | १४ | १३ | १ | ० |
| १.३.१ गिरफ्तारी | १९९२ | ३१ | ० | ० | ३५० | ८७ | १ | ० |
| | १९९३ | ११८ | ० | ० | २८९६ | ८५७ | १८ | २ |
| | १९९४ | १३० | ० | ० | २७९२ | ५८३ | २५ | १ |
| | १९९५ | ५१ | ० | ० | ६९८ | २९३ | ० | ० |
| | १९९६ | १७४ | ० | ० | २०७१ | ४७३ | १९ | १३ |
| | जम्मा | ५०४ | ० | ० | ८८०७ | २२९३ | ६३ | १६ |
| १.३.२ यातना | १९९२ | ३९ | ० | ० | १३७ | ९७ | २ | ० |
| | १९९३ | १२० | ० | ० | २७४ | २६७ | ९ | १ |
| | १९९४ | ७२ | ० | ० | २९९ | २३३ | ४१ | ० |
| | १९९५ | ५६ | ० | ० | १०४ | ९९ | ५ | ० |
| | १९९६ | १५१ | ० | ० | ३९२ | २९५ | २२ | ३ |
| | जम्मा | ४३८ | ० | ० | १२०६ | ९९१ | ७९ | ४ |

| शिर्षक | वर्ष | उल्लंघन घटना संख्या | | | पीडित संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राज्य | व्यक्तिगत/ सामाजिक | राजनीतिक | जम्मा | पुरूष | महिला | नाबालक |
| १.३.३ लाठी-चार्ज | १९९२ | ६ | ० | ० | ११८ | १५ | ३ | २ |
| | १९९३ | १४ | ० | ० | २५४ | ८१ | २ | ० |
| | १९९४ | १० | ० | ० | ९६ | ५४ | १ | ० |
| | १९९५ | ५ | ० | ० | ११५ | ·१० | १ | ० |
| | १९९६ | १४ | ० | ० | २०७ | २३ | ७ | ० |
| | **जम्मा** | **४९** | **०** | **०** | **७९०** | **१८३** | **१४** | **२** |
| १.५ धम्की/कुटपिट | १९९२ | १ | ३५ | २१ | १३६ | १२८ | ८ | ० |
| | १९९३ | १६ | ११२ | १६ | ३२२ | २६५ | २९ | २ |
| | १९९४ | ६ | २०७ | ७७ | ४५८ | ४०० | ४५ | ७ |
| | १९९५ | १३ | ३९७ | २८ | ६१४ | ५४० | ६२ | ६ |
| | १९९६ | २५ | ५६५ | ४९ | ८६० | ५३८ | ११८ | ४ |
| | **जम्मा** | **६१** | **१३१६** | **१९१** | **२३९०** | **१८७१** | **२६२** | **१९** |
| १.६ थुनामा मृत्यु | १९९२ | १ | ० | ० | १ | ० | १ | ० |
| | १९९३ | ६ | ० | ० | ६ | ६ | ० | ० |
| | १९९४ | १७ | ० | ० | १७ | १७ | ० | .० |
| | १९९५ | १४ | ० | ० | १५ | १४ | १ | ० |
| | १९९६ | १९ | ० | ० | १९ | १७ | २ | ० |
| | **जम्मा** | **५७** | **०** | **०** | **५८** | **५४** | **४** | **०** |
| ४.१.१ महिला किनबेच | १९९२ | ० | १६ | ० | १६ | ० | १३ | ३ |
| | १९९३ | ० | ४४ | ० | ६४ | ० | ४६ | १८ |
| | १९९४ | ० | ३० | ० | ३८ | ० | ३२ | ६ |
| | १९९५ | ० | ५९ | ० | ९९ | ० | ८९ | १० |
| | १९९६ | ० | ६८ | ० | १०० | ० | ८६ | १४ |
| | **जम्मा** | **०** | **२१५** | **०** | **३१७** | **०** | **२६६** | **५१** |
| ४.१.२ बलात्कार | १९९२ | ४ | ५४ | ० | ६२ | ० | ३६ | २६ |
| | १९९३ | ३ | १३३ | ० | १४६ | ० | ८७ | ५९ |
| | १९९४ | ३ | १०६ | ० | १११ | ० | ५८ | ५४ |
| | १९९५ | ५ | १५५ | ० | १६३ | ० | १०३ | ६० |
| | १९९६ | ९ | १६१ | ० | १७७ | ० | १०४ | ७३ |
| | **जम्मा** | **२४** | **६०९** | **०** | **६५९** | **०** | **३८८** | **२७२** |

| जिल्ला घटना शिर्षक | उल्लंघन घटना संख्या | | | पीडित संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | राज्य | व्यक्तिगत/ सामाजिक | राजनीतिक | जम्मा | पुरुष | महिला | नावालक | |
| १.३.२ यातना | ४ | ० | ० | १६ | १६ | ० | ० | माओवादीको नाममा - घटना-१/पीडित-२ |
| १.५ धम्की/कुटपिट | १ | १४ | ० | २६ | २० | ६ | ० | |
| ४.१.२ बलात्कार | ० | ३ | ० | ३ | ० | १ | २ | |
| **जम्मा** | ६ | २४ | ० | ५६ | ४३ | १० | ३ | |
| २.७ रौतहट | | | | | | | | |
| १.१.१ हत्या | ० | ३ | ० | ३ | १ | २ | ० | |
| १.३.२ यातना | १ | ० | ० | १ | १ | ० | ० | |
| १.५ धम्की/कुटपिट | ० | १० | १ | १३ | ३ | ० | ० | |
| ४.१.१ महिला किनबेच | ० | १ | ० | १ | ० | १ | ० | |
| ४.१.२ बलात्कार | ० | १ | ० | १ | ० | १ | ० | |
| **जम्मा** | १ | १५ | १ | १९ | ५ | ४ | ० | |
| २.८ बारा | | | | | | | | |
| १.१.१ हत्या | ० | ६ | ० | ७ | ७ | ० | ० | |
| १.१.२ गोलीद्वारा घाइते | ० | ४ | ० | ९ | ९ | ० | ० | |
| १.१.३ गोलीद्वारा हत्या | १ | ० | ० | ३ | ३ | ० | ० | प्रहरीको गोलीले डाँकाको मृत्यु |
| १.३.१ गिरफ्तारी | १ | ० | ० | ३ | ३ | ० | ० | माओवादीको नाममा |
| १.३.२ यातना | ५ | ० | ० | ९ | ९ | ० | ० | |
| १.५ धम्की/कुटपिट | ० | १२ | २ | २४ | १० | ० | ० | |
| ४.१.१ महिला किनबेच | ० | ३ | ० | ३ | ० | १ | २ | |
| ४.१.२ बलात्कार | १ | ५ | ० | ६ | ० | ३ | ३ | प्रयास-१/बाबुद्वारा-१/वन सुरक्षाकर्मीद्वारा-१ |
| **जम्मा** | ८ | ३० | २ | ६४ | ४१ | ४ | ५ | |
| २.९ पर्सा | | | | | | | | |
| १.१.१ हत्या | ० | १२ | ० | १२ | १० | २ | ० | |
| १.१.२ गोलीद्वारा घाइते | ० | १ | ० | १ | १ | ० | ० | |
| १.१.३ गोलीद्वारा हत्या | २ | ४ | ० | ६ | ६ | ० | ० | निकुञ्जको गार्डद्वारा-१ / प्रहरीद्वारा-१ |
| १.३.१ गिरफ्तारी | १ | ० | ० | ४ | ४ | ० | ० | |
| १.३.२ यातना | २ | ० | ० | २ | २ | ० | ० | |
| १.३.३ लाठी चार्ज | ३ | ० | ० | ७ | ७ | ० | ० | |
| १.५ धम्की/कुटपिट | ० | १३ | ० | १५ | ११ | ४ | ० | |
| ४.१.१ महिला किनबेच | ० | १ | ० | २ | ० | २ | ० | |
| ४.१.२ बलात्कार | ० | ३ | ० | ३ | ० | २ | १ | प्रयास-१ |
| **जम्मा** | ८ | ३४ | ० | ५२ | ४१ | १० | १ | |
| २.१० चितवन | | | | | | | | |
| १.१.१ हत्या | १ | ३ | ० | ४ | २ | १ | १ | वन सुरक्षाकर्मीद्वारा-१ |
| १.३.१ गिरफ्तारी | २ | ० | ० | १०५ | ५ | ० | ० | माओवादीको नाममा |
| १.५ धम्की/कुटपिट | ० | ६ | २ | १५ | १५ | ० | ० | |
| ४.१.१ महिला किनबेच | ० | २ | ० | २ | ० | २ | ० | |
| ४.१.२ बलात्कार | ० | १ | ० | १ | ० | ० | १ | |
| **जम्मा** | ३ | १२ | २ | १२७ | २२ | ३ | २ | |
| २.११ मकवानपुर | | | | | | | | |
| १.१.१ हत्या | ० | ८ | ० | ८ | ३ | ४ | १ | |
| १.१.२ गोलीद्वारा घाइते | ० | १ | ० | १ | १ | ० | ० | |
| १.३.१ गिरफ्तारी | १ | ० | ० | २० | ० | ० | ० | |
| १.३.२ यातना | १ | ० | ० | १ | १ | ० | ० | |

***स्रोत :*** नेपाल, रूपेश र अरूहरू. **मानव अधिकार वर्ष पुस्तक-१९९६.** काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), २००६, पृ. ५५-५६ ।


## बारा जिल्लामा राज्यपक्ष र गैर राज्यपक्षबाट सशस्त्र द्वन्द्वकाल (१९९६-२००६) मा मानव अधिकार उल्लंघनका केही घटनाहरूमा पीडितहरूको तथ्याङ्क

| वर्ष | लिङ्ग | सरकार पक्ष | | | | | | | | | | | माओवादी पक्ष | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आइते | अपाङ्ग | वलात्कार | यातना | कारावास | हत्या | तफ्जग्गा ज | विस्थापित | क्षति | वेपत्ता | जम्मा | आइते | अपाङ्ग | वलात्कार | यातना | कारावास | हत्या | तफ्जग्गा ज | विस्पित | क्षति | वेपत्ता | जम्मा |
| २०५२ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | ३ | | १ | | | | ४ | | | | | | | | | | | |
| २०५३ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | | | | | | |
| २०५४ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | | | | | | |
| २०५५ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | | | | | | |
| २०५६ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | | | | | | |
| २०५७ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | १ | | | | ३ | | १ | | २ | | ८ | | | | | | १ | | | | | १ |
| २०५८ | म | २ | | | | | | १ | | | | ३ | | | | | | | | | | | |
| | पु | २ | | | | | | १ | | | | ३ | | | | | | | | | | | |
| २०५९ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | २ | | | | | | | | | | २ | | | | | | | | | १ | | १ |
| २०६० | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | | | | | | |
| २०६१ | म | | | | | | | | | | | | १ | | | | | १ | | | | | २ |
| | पु | | | | | १ | | | | | | १ | १ | | | | | २ | | | | | ३ |
| २०६२ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | १ | १ | | | | | | | | | २ | | | | | | १ | | | | | १ |
| २०६३ | म | १ | १ | | | | | | | | | २ | | | | | | | | | | | |
| | पु | १ | | | | | | | | | | १ | | १ | | | | | | | १ | | २ |
| २०६४ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | १ | | | | | १ |
| २०६५ | म | | | | | | | | | | | | | | | | | | | | | | |
| | पु | | | | | | | | | | | | | | | | | | | १ | १ | | २ |

***स्रोतः*** शान्ति तथा पुनर्निमार्ण मन्त्रालय. **द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदल**, बाराः २०६६ ।

## परिशिष्ट – ८

### सन् १९९६ देखि सन् २००६ सम्म राज्य र माओवादीद्वारा बेपत्ता पारिएकाहरूको संख्या




***स्रोत :*** नेपाल, रूपेश र अरूहरू. **मानव अधिकार वर्ष पुस्तक–२००७.** काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), २००७, पृ. १३ ।

# परिशिष्ट – ९

## माओवादीको युद्धविराम घोषणापत्र

आज नेपाल आफ्नो इतिहासको अत्यन्त कठिन र जटिल मोडमा छ । अग्रगामी लोकतान्त्रिक राजनीतिक निकास खोजिरहेको देशलाई गत माघ १९ को निरंकुश कदमले अझ यभवह संकटको भुमरीमा धकेलेको छ । आफ्नो भाग्य र भविष्यको फैसला आफै गर्ने जनसमुदायको सार्वभौम अधिकार सुनिश्चित नहुँदासम्म नेपालमा विद्यमान संकटको समाधान हुन सक्तैन भन्ने कुरामा हाम्रो पार्टीको गहिरो विश्वास रहिआएको छ । यही विश्वासका कारण हामीले संविधान सभाको निर्वाचनलाई राजनीतिक निकासको न्यूनतम र लोकतान्त्रिक आधार र माध्यमका रूपमा प्रस्तुत गर्दै आएका छौं । देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्री र लैंगिक समस्यालाई समेत सम्बोधन गर्ने लोकतान्त्रिक गणतन्त्रलाई हामीले समस्याको तत्कालीन समाधानका रूपमा लिएको कुरा पनि सर्वविदितै छ ।

हाम्रो पार्टीले सामान्यतः नारायणहिटी हत्याकाण्ड र विशेषतः गएको माघ १९ पछि सामन्ती निरंकुशतन्त्रका विरुद्ध संसद्वादी राजनीतिक दल र नागरक समाजसँग व्यापक सहकार्य र मोर्चाबन्दीका लागि अपिल गर्दै आएको छ ।

पछिल्लो अवधिमा आन्दोलनरत सात राजनीतिक दल र नागरिक समाजसँग हाम्रो पार्टीको सकारात्मक अन्तर्क्रिया पनि अगाडि बढिरहेको छ । हालै प्रमुख संसद्वादी दल एमालेद्वारा लिइएको संविधानसभाबारे निर्णय र ने.का. को महाधिवेशनद्वारा लिइएको पार्टी विधानबाट संवैधानिक राजतन्त्र हटाउने निर्णयले सहकार्यका लागि राजनीतिक आधार अझ बलियो बनेको महसुस हामीले गरेका छौं । विगतमा जस्तो सामन्ती दरबारका गुलिया गोलीका सिकार आफूहरू हुनेछैनौं भन्ने कुरा जनतालाई विश्वास दिलाउन भने संसद्वादी दलका नेताहरूले धेरै मेहनत गर्न बाँकी छ । यस सन्दर्भमा संसद् पुर्नःस्थापनाको नाराले देशमा विद्यमान वास्तविक समस्यालाई सम्बोधन पनि गर्न नसक्ने र सामन्ती दरबारलाई षड्यन्त्रको ठाउँमात्र दिने यथार्थलाई आत्मसात गरेर सिधै अन्तरिम सरकार र संविधानसभाको निर्वाचनमा आउन हामी सात राजनीतिक दललाई विशेष आग्रह गर्दछौं ।

हाम्रो पार्टी, २१ शताब्दीका महान् नेपाली जनतालाई कुनै सामन्ती 'प्रभु' का रैती वा प्रजाका रूपमा र कुनै विदेशी शक्ति केन्द्रका दलालका रूपमा होइन अपितु सार्वभौम अधिकार सम्पन्न स्वाभिमानी जनताका रूपमा स्थापित गर्न चाहन्छौं । नेपाली जनताका आधारभूत हित र शान्तिको चाहनाप्रतिको हाम्रो जिम्मेवारीबोध र प्रतिबद्धताका कारण नै विगत ४ वर्षदेखि हामीले अन्तरिम सरकार र संविधानसभाको निर्वाचनको प्रश्नमा विशेष जोड दिंदै आएका छौं ।

शाही सेनाका जनरलहरू र तिनका नाइके सामन्ती राजाले नेपाल र नेपाली जनताप्रति नितान्त क्रूर बनेर फौजी अधिनायकवाद थोपर्ने दुस्साहस गरेकाले नै हामीले बाध्यतावश त्यसको फौजी प्रतिरोध गरिरहेका छौं ।

हाम्रो पार्टीलाई राम्रोसँग थाहा छ कि नेपाली जनता मध्ययुगीन सामन्तवादका अगाडि आत्मसमर्पण गर्ने मुर्दा शान्ति होइन लोकतान्त्रिक राजनीतिक निकाससहितको सजीव शान्ति चाहन्छन् । हामी यो तथ्यमा पनि स्पष्ट छौं कि संयुक्त राष्ट्रसंघदेखि प्रमुख छिमेकी र सिंगो अन्तर्राष्ट्रिय समुदायसम्म नेपालको वर्तमान अवस्थाबारे आ-आफ्नै कोणबाट चिन्तित र समस्याको आ-आफ्नै समाधान प्रस्तुत गरिरहेका छन् । सामन्ती फौजी अधिनायकवादका विरुद्धको हाम्रो प्रतिरोधका कतिपय कार्यहरूबाट हाम्रो राजनीतिक प्रतिद्धताबारे कयौंमा आशंका रहेको कुरामा पनि हामी अनभिज्ञ छैनौं । त्यसप्रकारको आशंका हटाई अग्रगामी राजनीतिक निकासका निमित्त विश्वासको वातावरण निर्माण गर्न हामीले आफ्नो तर्फबाट सक्दो पहल पनि गर्दै आएका छौं ।

यो समग्र स्थितिमा नेपाल र नेपाली जनतालाई सही राजनीतिक निकास दिने प्रमुख जिम्मेवारी भने नेपालकै राजनीतिक शक्तिहरूको हुन आउँछ ।

नेपाललाई असफल राष्ट्र घोषणा गरेर यसको अस्तित्व समाप्त पार्न षड्यन्त्र कतैबाट भएको छैन वा हुँदैन भन्ने सोच्न सकिने स्थिति छैन । अतः नेपाली जनताको लोकतान्त्रिक राजनीतिक निकास र शान्तिको आकांक्षाप्रति गहिरो जिम्मेवारीबोध र हाम्रो आन्दोलनबारे कतिपय वृत्तमा रहेको आशंका मेटाउने उद्देश्यका साथ हाम्रो पार्टी, यो वक्तव्य सार्वजनिक भएको मितिदेखि तीन महिनासम्मका लागि आफ्नोतर्फबाट एकपक्षीय युद्धविरामको घोषणा गर्दछ ।

सो अवधिभर हाम्रो पार्टीको नेतृत्वमा रहेको जनमुक्ति सेना दुस्मन आइलागेमा मात्र प्रतिरोध गर्ने सक्रिय रक्षाको अवस्थामा रहनेछ । जनमुक्ति सेनाले आफ्नो तर्फबाट कुनै आक्रामक कारबाही गर्नेछैन ।

हामीलाई आशा एवं विश्वास छ कि हाम्रो यो घोषणाले नेपालमा अग्रगामी राजनीतिक निकाससहित शान्ति चाहने देशभित्र र बाहिरका सबै शक्तिहरूलाई लोकतन्त्रको बाटोमा नयाँ पहलका लागि उत्प्रेरित गर्नेछ । देशभित्रका राजनतिक शक्तिदेखि संयुक्त राष्ट्रसंघसम्म समस्या समाधानका लागि सकारात्मक वातावरण बन्ने कुरामा पनि हामी आशावादी छौं ।

देश, जनता र राजनीतिक निकासप्रतिको हाम्रो यो जिम्मेवारी बोधलाई कमजोरी ठानेर शाही सरकारले यदि फौजी क्रियाकलाप बढाउने, सैनिक क्याम्प विस्तार गर्ने जस्ता कार्य गरेमा कुनै पनि विन्दुमा युद्धविराम भंग गरी उसका विरुद्ध अझ उच्चस्तरबाट आक्रमण बढाइने कुरा पनि हामी यहाँ स्पष्ट गर्न चाहन्छौं ।

**प्रचण्ड** **२०६२/०५/१८**

***स्रोत :*** शुभेच्छु, गोपाल. **यसरी आयो नेपालमा गणतन्त्र**. काठमाडौं : युगान्तर प्रकाशन, २०६५, पृ. १७१ ।

# परिशिष्ट – १०

## पच्चिस बुँदे युद्धविराम आचारसंहिता

**प्रस्तावना**

ऐतिहासिक जनआन्दोलनमार्फत् पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मानव-अधिकारको विश्वव्यापी घोषणपत्र : १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव-अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,

सात राजनीतिक दल एवं ने.क.पा. (माओवादी) बीच भएको बाह्रबुँदे समझदारीलाई पूर्ण रूपले पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन-प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव-अधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै,

नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक-धम्की र हिंसाको प्रभावबिना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै तथा

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रा, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावनाअनुरूप देहायको आचारसंहिता जारी गरिएको छ :

**भयमुक्त नागरिक जीन सुनिश्चिता**

(१) एक-अर्कालाई उत्तेजित गर्नेगरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारका अन्य कुनै काम नगर्ने ।

(२) दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

(३) एक-अर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन बिछ्याउने वा एम्बुस थाप्ने कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने ।

(४) शान्ति-व्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

(५) हातहतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिका आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

**जनतामा विश्वासको वातावरण निर्माण**

(६) सार्वजनिक भेला, सभा-सम्मेलन, समारोह वा राजनीतिक क्रियाकलाप गर्दा दुवै पक्ष कम्ब्याट ड्रेसमा वा हातहयितारसहित उपस्थित नहुने ।

(७) राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक संघ-सङ्गठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभा-सम्मेलन गर्ने र सङगठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको बाधा-अवरोध नगर्ने कुनै मानसिक वा शारीरिक दबाव नदिने ।

**जनताका आधारभूत र विकास-निर्माणमा**

(८) युद्धविराम अवधिभर बन्द वा चक्काजामजस्ता कार्यक्रमहरू नगर्ने तर शान्तिपूर्ण ढङ्गका सभा-जुलुसहरू गर्न सकिने ।

(९) जनताका आधारभूत सेवा र सुविधा निर्बाध रूपले सञ्चालन हुन दिने ।

(१०) जनहित तथा विकास-निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडि बढाउने कुरामा कुनै बाधा-व्यवधान नपुऱ्याउने ।

(११) खाद्यान्न, औषधी, विकास-निमार्णका सामग्रीहरू तथा दैनि उपभोगका वस्तुहरू ओसार-पसार गर्न बन्देज नलगाउने र बाधा-विरोध नगर्ने ।

(१२) विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार-केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारु रूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण ।

**सञ्चार-माध्यमबाट शान्तिवार्तालाई सहयोग**

(१३) युद्धविराम, आचारसंहिता र शान्ति-प्रक्रियाका पक्षमा पूचना प्रवाह गर्ने तथा राजनीतिक प्रचारप्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

(१४) सञ्चार-माध्यमबाट वार्ता तथा शान्ति-प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

**बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने**

(१५) कसैको इच्छाविपरित चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

**रिहाइ र पुनःस्थापना**

(१६) विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका अरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने ।

(१७) बपेत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

(१८) विस्थापति भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनःस्थापित हुने कार्यमा सहयोग गर्ने ।

(१९) द्वन्द्वका क्रममा राजनीतिक दलका नेता कार्यकर्ता तथा सर्वसाधारण जनताका कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियमा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

**वार्ता सहजीकरण**

(२०) वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवं गतिविधिमा कुनै प्रकारको बाधा-व्यवधान नगर्ने ।

**अनुगमन**

(२१) दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

**विविध**

(२२) आचारसंहिताको व्याख्यमा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको समाधान गरिने ।

(२३) प्रस्तावनाको भावनाअनुरूप यो आचारसंहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

(२४) यो आचारसंहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

(२५) आचारसंहिता हस्ताक्षर भएपछि यो आचारसंहिता सार्वजनिक गर्ने ।

| | |
|---|---|
| **नेकपा (माओवादी) का तर्फबाट** | **नेपाल सरकारकार तर्फबाट** |
| कृष्णबहादुर महरा | कृष्णप्रसाद सिटौला |
| मितिः २०६३/२/१२ | मितिः २०६३/२/१२ |

***स्रोत : मूल्याङ्कन*** (मासिक). काठमाडौं : चैत्र २०६२ ।

## परिशिष्ट – ११

### नेपाल सरकार र माओवादीबीचको विस्तृत शान्ति सम्झौता

**प्रस्तावना**

नेपाली जनताले २००७ साल पहिलेदेखि हालसम्म पटक-पटक गर्दै आएका ऐतिहासिक सङ्घर्ष र जनआन्दोलनमार्फत् लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै । सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच सम्पन्न बाह्रबुँदे समझदारी, आठबुँदे सहमति, नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सम्पन्न पच्चीसबुँदे आचारसंहिता, २०६३ साल कार्तिक २२ गते सात राजनीतिक दल र ने.क.पा. माओवादीका शीर्ष नेताहरूको बैठकका निर्णयहरूलगायत नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच सम्पन्न सबै सम्झौता, सहमति, आचारसंहिता र संयुक्त राष्ट्रसंघलाई प्रेषित समान धारणाको पत्राचारप्रति पूर्ण प्रतिबद्धताको पुनःपुष्टि गर्दै, देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनः संरचना गर्ने सङ्कल्प गर्दै, प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन-व्यवस्था, नागरिक स्वतन्त्रमा, मौलिक अधिकार, मानव-अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणलगायत लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको पूर्ण प्रतिबद्धतालाई दोहोऱ्याउँदै, मानव-अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ तथा अन्तर्राष्ट्रिय मानवीय सहभागी हुन पाउने नेपाली जनताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक-सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, अखण्डता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै । २०६४ साल जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतालाई कार्यान्वयन गर्ने दृढता व्यक्त गर्दै, संविधानसभामार्फत् नेपाली जनताको सार्वभौमसत्ताको पुनः संरचना र सुनिश्चितता, अग्रगामी राजनीतिक निकास, राज्यको लोकतान्त्रिक पुनः संरचना र आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्न दुवै पक्षबीच भएको राजनीतिक सहमतिका आधारमा देशमा २०५२ सालदेखि चल्दै आएको सशस्त्र द्वन्द्वलाई अन्त्य गरी शान्तिपूर्ण सहकार्यका नयाँ अध्याय प्रारम्भ भएको घोषणा गर्दै, नेपाल सरकार र ने.क.पा. (माओवादी) का बीच भएको युद्धविरामलाई दीर्घकालीन शान्तिमा परिणत गर्ने प्रतिबद्धताका साथ नेपाल सरकार र ने.क.पा. (माओवादी) का बीच यो विस्तृत शान्ति सम्झौता सम्पन्न गरिएको छ ।

**१. प्रारम्भिक**

१.१ यस सम्झौताको नाम 'विस्तृत शान्ति सम्झौता, २०६३' रहेको छ । छोटकरीमा यस सम्झौतालाई शान्ति सम्झौता भनिने. छ ।

१.२ यो सम्झौता सरकार पक्ष र माओवादी पक्षको सार्वजनिक घोषणमार्फत आजैका मितिदेखि लागू हुनेछ ।

१.३ दुवै पक्षले आ-आफ्नो मातहतका सबै निकायलाई यो सम्झौता सत्काल कार्यान्वयन तथा पालना गर्न आवश्यक निर्देशन जारी गर्नेछन् र कार्यान्वयन गर्ने गराउने छन् ।

१.४ अनुसूचीमा संलग्न सात राजनीतिक दल, सरकार र माओवादी पक्षबीच भएका सबै सहमति, समझदारी, आचारसंहिता र निर्णयहरू यस सम्झौताको अभिन्न अङ्ग मानिने छन् ।

१.५ यो सम्झौता कार्यान्वयन गर्न आवश्यकताअनुसार पछि गरिने सहमति र सम्झौताहरू पनि यसैका अङ्गका मानिने छन् ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा :

२.१ 'युद्धविराम' भन्नाले नेपाल सरकार तथा ने.क.पा. (माओवादी) बीच एक-अर्कालाई लक्षित गरी गरिने सबै प्रकारका आक्रमण, अपहरण, बेपत्ता, थुनछेक, सशस्त्र बलहरूको परिचालन, सुदृढीकरण, आक्रामक एवं हिंसात्मक कारबाही तथा जुनसुकै माध्यमबाट समाजमा विध्वंस फैलाउने, उत्तेजित पार्ने एवम् भड्काउने क्रियाकलाप निषेध गर्ने कार्यलाई जनाउँछ ।

२.२ 'अन्तरिम संविधान' भन्नाले संविधानसभाद्वारा नयाँ संविधान निर्माण भई लागू नभएसम्मको लागि जारी गरिने 'नेपालको अन्तरिम संविधान २०६३' लाई जनाउँछ ।

२.३ 'अन्तरिम मन्त्रिपरिषद्' भन्नाले अन्तरिम संविधानबमोजिम गठन हुने 'अन्तरिम मन्त्रिपरिषद्' लाई जनाउँछ ।

२.४ 'दुवै पक्ष' भन्नाले नेपाल सरकार पक्ष र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पक्षलाई जनाउँछ ।

२.५ 'प्रचलित कानुन' भन्नाले नेपालको अन्तरिम संविधान-२०६३ र यससँग नबाझिएका प्रचलित नेपाल कानुनलाई जनाउँछ । तर यस परिभाषाले अन्तरिम संविधान-२०६३ जारी हुनअघिको कानुनी व्यवस्थालाई बाधा पुऱ्याउने छैन ।

२.६ 'प्रमाणीकरण' भन्नाले संयुक्त राष्ट्रसंघले सेना, लडाकु र हतियारको प्रमाणीकरण गरी यथार्थ लगत तयार पार्ने विषयलाई जनाउँछ ।

## ३. राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन

दुवै पक्ष देहायबमोजिम राजनीतिक-आर्थिक-सामाजिक रूपान्तरणको नीति तथा कार्यक्रम अवलम्बन गर्न र देशमा विद्यमान द्वन्द्वको सकारात्मक ढङ्गले व्यवस्थापन गर्न सहमत छन्:

३.१ २०६३ कार्तिक २२ गते सम्पन्न सात दल र ने.क.पा. (माओवादी) का शीर्ष नेताहरूको बैठकका निर्णयहरू (अनुसूची-६) का आधारमा देशमा अग्रगामी राजनीतिक, आर्थिक र सामाजिक परिवर्तन सुनिश्चित गर्ने ।

३.२ अन्तरिम संविधानका आधारमा अन्तरिम व्यवस्थापिका-संसद् गठन गर्ने र अन्तरिम सरकारद्वारा आगामी २०६४ जेठ महिनाभित्र स्वतन्त्र र निष्पक्ष रूपमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने र नेपाली जनतामा अन्तरनिहित सार्वभौसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने ।

३.३ मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा नरहने । स्वर्गीय राजा वीरेन्द्र रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गर्ने । राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू (जस्तै विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू गर्ने । राजसंस्था कायम राख्ने या नराख्नेबारे संविधानसभाको पहिलो बैठकद्वारा साधारण बहुमतले दुङ्गो लगाउने ।

३.४ विश्वव्यापी रूपमा स्वीकृत आधारभूत मानव-अधिकार, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक प्रणाली, जनतामा निहित सार्वभौसत्ता र जनताको सर्वोच्चता, सवैधानिक सन्तुलन र नियन्त्रण, विधिको शासन, सामाजिक न्याय र समानता, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, नागरिक समाजको अनुगमन, पूर्ण प्रेस स्वतन्त्रता, जनताको सूचनाको अधिकार, राजनीतिक दलहरूका क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिता, जनसहभागिता, निष्पक्ष, सक्षम तथा स्वच्छ प्रशासनतन्त्रका अवधारणाहरूको पूर्ण परिपालना गर्ने राजनीतिक प्रणाली अवलम्बन गर्ने ।

३.५ वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी, जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने ।

३.६ सामन्तवादका सबै रूपहरूको अन्त्य गर्ने आर्थिक-सामाजिक रूपान्तरणको न्यूनतम साझा कार्यक्रम आपसी सहमतिले तय गरेर लागू गर्दै जाने ।

३.७ सामन्ती भूस्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने नीति अवलम्बन गर्ने ।

३.८ राष्ट्रिय उद्योगधन्दा र साधानस्रोतको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसरण गर्ने ।

३.९ शिक्षा, स्वास्थ्य, आवास, रोजगार र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्ने नीति लिने ।

३.१० सुकुम्वासी, कमैया, हलिया, हरुवा-चरुवालगायतका आर्थिक-सामाजिक रूपले पछाडि परेका वर्गलाई जग्गालगायत आर्थिक-सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने ।

३.११ सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेहरूउपर कडा कारबाही गरी दण्डित गर्ने नीति लिने ।

३.१२ देशको आर्थिक-सामाजिक रूपान्तरण एवं न्यायका साथै देशलाई छिटो समुन्नत र आर्थिक रूपले समृद्ध बनाउन एक साझा विकास अवधारणा निर्माण गर्ने ।

३.१३ श्रमिकका पेसागत अधिकारको सुनिश्चितता गर्दै उद्योगधन्दा, व्यापार, नियति प्रवर्धन आदिका लागि लगानी वृद्धि गर्ने नीति अनुसरण गर्ने ।

## ४. सेना र हतियार व्यवस्थापन

संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न र सेनाको लोकतन्त्रीरकण तथा पुनःसंरचना गर्न विगतमा भएका बाह्रबुँदे समझदारी, आठबुँदे सहमति, पच्चीस बुँदे आचारसंहिता, संयुक्त राष्ट्रसंघलाई पठाइएको पाँचबुँदे पत्र र कात्तिक २२ गते सम्पन्न शीर्ष नेताहरूको बैठकका निर्णयहरूअनुरूप निम्न कामहरू गर्नेः

**माओवादी सेनको सम्बन्धमा**

४.१ २०६३ साल साउन २४ गते नेपाल सरकार र ने.के.पा. (माओवादी) को तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाइएको पत्रमा व्यक्त प्रतिबद्धताअनुसार माओवादी सेनाका लडाकुहरू (Combatants) निम्नलिखित स्थानहरूमा अस्थायी शिविरहरू (Cantonments) मा सीमित रहने । संयुक्त राष्ट्रसंघद्वारा उनीहरूको प्रमाणीकरण र अनुगमन गर्ने ।

मुख्य शिविरहरू निम्न स्थानहरूमा रहनेछन् : १. कैलाली, २. सुर्खेत, ३. रोल्पा, ४. नवलपरासी, ५. चितवन, ६. सिन्धुली र ७. इलाम

मुख्य शिविरहरूवरिपरि ३/३ वटाका दरले सहायक शिविरहरू रहनेछन् ।

४.२ माओवादी सेनाका लडाकुहरू शिविरमा रहेपछि शिविरको सुरक्षार्थ चाहिने हातहतियार र गोलीगट्ठाबाहेक अन्य सबै हतियारहरू शिविरभित्रै सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीका लागि उसको रेकर्ड, साइरनसहतिको संयन्त्र (Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यक जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहबरमा गर्ने । क्यामरा अनुगमनलगायत यससम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, ने.क.पा. (माओवादी) र नेपाल सरकारको सहमतिले तयार गर्ने ।

४.३ माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा बससिकेपछि उनीहरूको रसदपानीलगायत अन्य आवश्यका व्यवस्था नेपाल सरकारले गर्ने ।

४.४ माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनःस्थापना निम्ति अन्तरिम मन्त्रिपरिषद्ले विशेष कमिटी बनाएर काम गर्ने ।

४.५ माओवादी नेताहरूको सुरक्षा व्यवस्था सरकारसँगको सहमतिले गर्ने ।

**नेपाली सेनाको सम्बन्धमा**

४.६ संयुक्त राष्ट्रसंघलाई प्रेषित व्यक्त प्रतिबद्धताअनुसार नेपाली सेना ब्यारेकभित्र सीमित रहने । उसका हतियारहरू कसैको पनि पक्ष या विपक्षमा प्रयोग नहुने कुराको प्रत्याभूति गर्ने । माओवादी सेनाका तर्फबाट भण्डारण भएका हतियारको बराबरी सङ्ख्यामा नेपाली सेनाले पनि आफ्ना हतियारहरू सुरक्षित भण्डारण गर्ने र एकल ताल्चा लगाई चाबी सम्बन्धित पक्षले नै राख्ने । सो ताल्चा लगाउने प्रक्रियामा संयुक्त राष्ट्रसंघको निगरानीको लागि उसको रेकर्ड, साइरनसहितको संयन्त्र (

Device) सम्मिलित गर्ने । भण्डारण गरिएका हातहतियारहरूको आवश्यका जाँच गर्नुपर्दा संयुक्त राष्ट्रसंघले सम्बन्धित पक्षको रोहबरमा गर्ने । क्यामरा अनुगमनलगायत यससम्बन्धका अन्य विस्तृत प्राविधिक विवरण संयुक्त राष्ट्रसंघ, नेपाल सरकार र ने.क.पा. (माओवादी) को सहमतिले तयार गर्ने ।

४.७ नेपाली सेनाको नियन्त्रण, परिचालन रव्यवस्थापन नयाँ सैनिक ऐनबमोजिम मन्त्रिपरिषद्ले गर्ने । अन्तरिम मन्त्रिपरिषद्ले राजनीतिक सहमति र अन्तरिम व्यवस्थापिकाको सम्बन्धित समितिसमेतको सुझाव लिएर नेपाली सेनाको लोकतन्त्रीकरणको विस्तृत कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने । यसअन्तर्गत नेपाली सेनाको उपयुक्त सङ्ख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र समावेशी चरित्र निर्माण गर्दै लोकतन्त्र र मानव-अधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गर्ने लगायतका कामहरू गर्ने ।

४.८ नेपाली सेनाले गर्दै आएका सीमा सुरक्षा, आरक्ष, निकुञ्ज, बैंक, निमानस्थल, विद्युतगृह, टेलिफोन टावर, केन्द्रीय सचिवालय, शिविष्ट व्यक्तिहरूको सुरक्षालागयतका कामहरूलाई निरन्तरता दिने ।

## ५. युद्धविराम

५.१ सैन्य कारबाही र सशस्त्र परिचालनको अन्त्यः

५.१.१ दुवै पक्ष देहायमा उल्लिखित कार्य नगर्ने प्रतिबद्धता व्यक्त गर्दछन्:

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा एक-अर्कोप्रति लक्षित कुनै पनि किसिमको हातहतियारको प्रयोग वा आक्रमण गर्ने कार्य,

(ख) दुवै पक्षको सहमतिले हातहतियार भण्डारया गरिएको स्थानमा हातहतियारसहित या रहित रूपमा अर्को पक्षको हातहतियार खानतलासी वा बरामदी गर्ने कार्य,

(ग) कुनै व्यक्तिलाई नोक्सानी गर्ने वा मानसिक दबाब पुऱ्याउने कार्य,

(घ) एक-अर्कालाई लक्षित गरी धराप (एम्बुस) थाप्ने कार्य,

(ङ) हत्या तथा हिंसात्मक कारबाहीहरू

(च) अपहरण/पक्राउ/थुनछेक/बेपत्ता पार्ने कार्य

(छ) सार्वजनकि/निजी/सरकारी वा सैनिक सम्पत्ति नोक्सानी,

(ज) हवाई आक्रमण वा बमबारी,

(झ) जमिनमुनि बारुद बिछ्याउने कार्य (माइनिङ्ग) र विध्वंसात्मक कार्य (स्याबोटेज),

(ञ) एक-अर्काको सैनिक गतिविधिको सुराकी गर्ने कार्य ।

५.१.२ दुवै पक्षले थप सैन्य भर्ती गर्ने छैनन् र हातहतियार, गोलीगठ्ठा तथा विष्फोटक पदार्थ ओसार-पसार वा एक-अर्का विरुद्ध सैनिक हर्कत गर्ने छैनन् ।

तर, अन्तर्राष्ट्रिय सीमा र भन्सारविन्दुमा हातहतियार, विष्फोटक पदार्थ वा त्यसको अंश वा कच्चा पदार्थजस्ता सामानहरू गैरकानुनी रूपमा ओसार-पसार गर्ने कार्य रोक्ने सम्बन्धमा अन्तरिम सरकारले सुरक्षा निकाय परिचालन गरी गस्ती गर्न, खानतलासी गर्न वा बरामद गर्त सक्नेछ ।

५.१.३ कुनै पनि व्यक्ति वा समूह अवैध हातहतियार, गोलीगट्ठा र विष्फोटक पदार्थ साथमा लिई आवत-जावत गर्ने छैनन् ।

५.१.४ दुवै पक्ष युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन, भण्डारण तीस दिनभित्र एक-अर्कालाई जानकारी दिन र साठ्ठीदिनभित्र निष्क्रिय र निर्मूल गर्न एक-अर्कालाई सहयोग गर्नेछन् ।

५.१.५ कुनै पनि नागरिक सभा वा राजनीतिक सभा वा सार्वजनिक कार्यक्रममा दुवै पक्षका सेना हतियार वा कम्ब्याट पोसाकसहित उपस्थित हुने छैनन् ।

५.१.६ नेपाल प्रहरी र सशस्त्र जनआन्दोलन र शान्ति सम्झौताको मर्म र भावनाअनुरूप तथा प्रचलित कानुनबमोजिम कानुन व्यवस्था र शान्ति-सुव्यवस्था एवं अपराध अनुसन्धानको कार्य चालू राख्नेछ ।

५.१.७ एक पक्षका सशस्त्र व्यक्तिले अर्को पक्षका सशस्त्र व्यक्तिलाई 'शत्रु' भनी सम्बोधन गर्न र व्यवहार गर्न समेत रोक लगाउने गरी आ-आफ्ना सशस्त्र निकाय र व्यक्तिलाई परिपत्र गर्नेछन् ।

५.१.८ सशस्त्र द्वन्द्वको क्रममा कब्जा गरिएका, ताला लगाइएका वा प्रयोग गर्न नदिइका सरकारी, सार्वजनिक, निजी भवन, जमिन तथा अन्य सम्पत्तिहरू लगत खडा गरी तत्काल फिर्ता गर्न दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

### ५.२ स्थिति सामान्यीकरणका उपायहरू

५.२.१ इच्छाविपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी सङ्कलन र कर असुली गर्न पाइने छैन ।

५.२.२ आफ्ना कब्जामा रहेका मानिसहरूको बारेमा जानकारी सार्वजनिक गरी पन्ध्र दिनभित्र सबैलाई मुक्त गर्न दुर्व पक्ष मञ्जुर गर्दछन् ।

५.२.३ दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले साठी दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् ।

५.२.४ दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषय परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूका लागि राहत कार्य र पुनःस्थापना गराउन राष्ट्रिय शान्ति तथा

पुनःस्थापना आयोग गठन गर्न र त्यसमार्फत यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।

५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव-अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलाप वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् ।

५.२.६ दुवै पक्ष नेपाली समाजमा लोकतन्त्र, शान्ति र अग्रगामी परिवर्तन सुनिश्चित गर्ने प्रतिबद्धताका साथ देशमा विद्यमान सबै स्वरूपका युद्ध, आक्रमण, हिंसा र प्रतिहिंसा परित्याग गर्ने प्रतिज्ञा गर्दछन् । शान्ति स्थापना र शान्ति सुरक्षाको व्यवस्थामा दुवै पक्षले एक-अर्कालाई सहयोग गर्ने कुरामा सहमति रहेको छ ।

५.२.७ दुवै पक्ष विभिन्न व्यक्तिहरूलाई राजनीतिक कारणले लगाइएका आरोप, दाबी, उजुरी र विचाराधीन रहेका मुद्दा-मामिला फिर्ता लिन र तुरुन्त राखिएका बन्दीहरूको स्थिति तत्काले सार्वजनिक गरी तुरुन्त रिहा गरिने ग्यारेन्टी गर्दछन् ।

५.२.८ दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रहबिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनःनिर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुनःस्थापना तथा सामाजीकरण गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

५.२.९ उपर्युक्त सन्दर्भमा उत्पन्न समस्याहरू आपसी सहमतिको आधारमा समाधान गर्न एवं आपसी सम्बन्ध सामान्यीकरण तथा मेलमिलाप गर्न अनुकूल वातावरण सिर्जना गर्ने कार्यमा सबै राजनीतिक दलहरू, नागरिक समाज र स्थानीय संघ-संस्थाहरूसमेतको सहयोगमा व्यक्तिगत तथा सामूहिक रूपमा उत्तरदायित्व लिई कार्यान्वयन गर्न-गराउन दुवै पक्ष सहमत छन् ।

५.२.१० दुवै पक्ष परिवारका कुने सदस्य एक-अर्का पक्षसँग सम्बद्ध भएका आधारमा परिवारका अन्य सदस्यहरूमाथि कुनै पनि विभेद नगर्न र कुनै पनि दबाब नदिन प्रतिबद्धता जाहेर गर्दछन् ।

५.२.११ नेपाल सरकार तथा सार्वजनिक निकायका कर्मचारीहरूलाई देशको कुनै पनि भागमा स्वतन्त्र रूपमा आवत-जावत गर्न, आफ्नो कतर्व्य पालन गर्न तथा आफ्नो कार्य सम्पादनको क्रममा तिनीहरूलाई कुनै पनि किसिमको बाधा-अवरोध खडा नगर्न र त्यस्तो अवरोध खडा हुन नदिन तथा उनीहरूको काममा सहयोग गर्न दुवै पक्ष सहमत छन् ।

५.२.१२ संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय दातृ समुदायलगायत नेपालस्थित कूटनीतिक नियोग, राष्ट्रिय वा अन्तर्राष्ट्रिया गैरसरकारी संस्था, प्रेस, मानव-अधिकारवादीहरू, निर्वाचन पर्यवेक्षक तथा विदेशी पर्यटकहरूलाई नेपाल राज्यभित्र कानुनबमोजिम निर्बाध आवत-जावत गर्न दिने कुरामा दुवै पक्ष सहमत छन् ।

५.२.१३ दुवै पक्ष प्रचार-प्रसारका कार्यक्रमहरू शिष्ट र मर्यादित ढङ्गले सञ्चालन गर्न प्रतिबद्ध छन् ।

## ६. युद्ध समाप्ति

६.१ २०६३ कात्तिक २२ गते सात राजनीतिक दल र ने.क.पा. (माओवादी) बीच सम्पन्न ऐतिहासिक सहमतिको आधारमा सरकार माओवादीबीच चालू युद्धविरामलाई स्थायी रूप दिँदै २०५२ सालदेखि चलिआएको सशस्त्र युद्ध समाप्त भएको घोषणा गर्दछौँ ।

६.२ सातदल र ने.क.पा (माओवादी) का शीर्ष नेताहरूको २०६३ साल कात्तिक २२ गतेको बैठकबाट भएका निर्णयहरू दीर्घकालीन शान्तिका लागि मूल नीतिगत आधार हुनेछन् ।

६.३ नेपाली सेना ब्यारेकमा र माओवादी सेनाका लडाकुहरू अस्थायी शिविरमा आइसकेपछि सहमति, सम्झौता र कानुनप्रतिकूल हतियार राख्न, प्रदर्शन, डर-त्रास र कुनै पनि रूपमा हिंसा र हतियारको प्रयोग गर्न कानुनतः दण्डनीय हुनेछ ।

६.४ दुवै पक्षका सेनाले कसैको पक्ष वा विपक्षमा प्रचार-प्रसार गर्न र पक्ष-विपक्षमा लाग्न पाउने छैनन् । तर उनीहरूलाई मताधिकारबाट वञ्चित गरिनेछैन ।

## ७. मानव-अधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना

मानव-अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव-अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै दुवै पक्ष देहायका विषयहरूमा आफ्नो सहमति जनाउँछन्:

### ७.१ मानव-अधिकार

७.१.१ दुवै पक्षले मानव-अधिकारप्रतिको सम्मान र संरक्षण तथा अन्तर्राष्ट्रिय मानवीय कानुनप्रतिको प्रतिबद्धताको पुनःपुष्टि गर्दछन् र कुनै पनि व्यक्तिउपर वर्ण, लिङ्ग, भाषा, धर्म, उमेर, जात-जाति, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म र अन्य हैसियत, विचार वा आस्थाको आधारमा भेदभाव हुनुहुँदैन भन्ने कुरालाई स्वीकार गर्दछन् ।

७.१.२ दुवै पक्ष नेपाली जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको उपभोग गर्ने वातावरण सिर्जना गर्न सहमत छन् र

भविष्यमा कुनै पनि अवस्थामा यस्ता अधिकार हनन नहुने वातावरण बनाउन प्रतिबद्ध छन् ।

७.१.३ दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन् । यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन् ।

७.१.४ दुवै पक्षले सर्वसाधारणलाई यातना दिने, अपहरण गर्ने, जबरजस्ती कुनै काममा लगाउने काम गर्ने छैनन् र त्यस्ता कार्यलाई निरुत्साहित गर्न आवश्यका कारबाहीसमेत गर्नेछन् ।

७.१.५ दुवै पक्षले धर्म-निरपेक्षताको मूल्य-मान्यताका आधारमा कुनै पनि सामाजिक, सांस्कृतिक, धार्मिक संवेदनशीलता, धार्मिक स्थल र व्यक्तिको धार्मिक आस्थाको सम्मान गर्नेछन् ।

**७.२ बाँच्न पाउने अधिकार**

७.२.१ दुवै पक्षले व्यक्तिको बाँच्न पाउने आधारभूत अधिकारको सम्मान र संरक्षण गर्दछन् । कसैलाई पनि यो आधारभूत अधिकारबाट वञ्चित गरिने छैन तथा मृत्युदण्ड दिइने गरी कुनै पनि कानुन बनाइने छैन ।

**७.३ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवत-जावतको अधिकार**

७.३.१ दुवै पक्षले वैयक्तिक मर्यादाको अधिकारको सम्मान र रक्षा गर्दछन् । यस सिलसिलामा कानुनबमोजिम स्वतन्त्रता उपभोग गर्नबाट वञ्चित व्यक्तिलगायत कोही पनि यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका पात्र हुने छैनन् । कानुनतः नागरिकको गोपनीयताको अधिकारलाई सम्मान गरिनेछ ।

७.३.२ दुवै पक्षले व्यक्तिको स्वतन्त्रता र सुरक्षाका अधिकारको पूर्ण सम्मान गर्दै कसैलाई पनि स्वेच्छाचारी वा गैरकानुनी थुनमा राख्ने, अपहरण गर्ने वा बन्धक बनाउने छैनन् । दुबै पक्षले बेपत्ता पारेका र कब्जामा राखेका प्रत्येक व्यक्तिको अवस्था सार्वजनिक गर्न र तिनीहरूका परिवारजन, कानुनी सल्लाहकार र अन्य आधिकारिक व्यक्तिलाई यससँग सम्बन्धित जानकारी दिन सहमत छन् ।

७.३.३ दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवत-जावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले

चाहेअनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन् ।

## ७.४ नागरिक तथा राजनीतिक अधिकार

७.४.१ दुवै पक्ष प्रत्येक व्यक्तिको विचार, अभिव्यक्ति, संघ-संस्था खोल्ने तथा शान्तिपूर्वक भेला हुने स्वतन्त्रता तथा शोषणविरुद्धको हकको सम्मान र संरक्षण गर्न प्रतिबद्ध छन् ।

७.४.२ दुवै पक्ष प्रत्येक नागरिकलाई प्रत्यक्ष वा आफूले इच्छाएको प्रतिनिधिमार्फत् सार्वजनिक सरोकारको विषयमा भाग लिने, मतदान गर्ने, निर्वाचित हुने र सार्वजनिक सेवामा प्रवेशको समानताको अधिकारको सम्मान गर्दछन् ।

७.४.३ दुवै पक्ष व्यक्तिको सुसूचित हुने अधिकारको सम्मान गर्न प्रतिबद्ध छन् ।

## ७.५ आर्थिक-सामाजिक अधिकार

७.५.१ व्यक्तिले स्वतन्त्र रूपले छानेको वा स्वीकारेको रोजगार गरी जीवनयापन गर्ने अधिकारको सम्मान तथा संरक्षण गर्न दुवै पक्ष दुवै पक्ष प्रतिबद्ध छन् ।

७.५.२ दुवै पक्ष सबै जनताको खाद्य सुरक्षासम्बन्धी हकको सम्मान एवम् प्रत्याभूति गर्न प्रतिबद्ध छन् । खाद्यवस्तु, खाद्य उत्पादन, खाद्यान्नको प्रयोग, ओसार-पसार तथा वितरण कार्यमा कुनै हस्तक्षेप नगरिने सुनिश्चितता गर्दछन् ।

७.५.३ दुवै पक्ष नागरिकको स्वास्थ्यसम्बन्धी हकको सम्मान र संरक्षण गर्नुपर्छ भन्ने कुरालाई आत्मसात गर्दछन् । दुवै पक्षले औषधि आपूर्ति, सहायता एवम् स्वास्थ्यसम्बन्धी अभियानमा बाधा पुऱ्याउने छैनन् र द्वन्द्वको कारणबाट घाइते भएकाहरूको औषधोपचार गर्न एवं पुनःस्थापनाको कार्य गर्न प्रतिबद्धता व्यक्त गर्दछन् ।

७.५.४ दुवै पक्षले सबैलाई शिक्षासम्बन्धी अधिकारको प्रत्याभूति र सम्मान गर्नुपर्छ भन्ने कुरालाई आत्मसात् गर्दै शिक्षण-संस्थामा उपयुक्त शैक्षिक वातावरण कायम गर्न प्रतिबद्ध छन् । दुवै पक्ष शिक्षासम्बन्धी हकको उल्लङ्घन नहुने कुराको सुनिश्चितता गर्न सहमत छन् । शिक्षण-संस्थालाई कब्जामा लिने एवम् प्रयोग गर्ने र शिक्षक र विद्यार्थीहरूलाई बेपत्ता पार्ने वा कब्जा वा अपहरण गर्ने कार्य तत्काल रोक्न र विद्यालय तथा अस्पताललाई असर पार्ने गरी सैन्य ब्यारेक नराख्न सहमति व्यक्त गर्दछन् ।

७.५.५ कानुनबमोजिमबाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन् ।

७.५.६ दुवै पक्ष मुलुकमा औद्योगिक वातावरणलाई नखलबल्याई उत्पादन कार्यलाई निरन्तरता दिन, औद्योगिक प्रतिष्ठानमा सामूहिक सौदाबाजीको हक एवं

सामाजिक सुरक्षाको सम्मान गर्न, औद्योगिक प्रतिष्ठान र श्रमिकबीच कुनै समस्या उत्पन्न भएमा उनीहरूलाई शान्तिपूर्ण रूपमा समस्याको समाधान गर्न प्रेति गर्ने कुरामा विश्वास गर्दछन् र अन्तर्राष्ट्रिय श्रम सङ्गठनले तय गरेको कामको अधिकारको सम्मान गर्दछन् ।

**७.६ महिला तथा बालबालिकाको अधिकार**

७.६.१ दुवै पक्ष महिला तथा बालबालिकाका अधिकारहरूको विशेष संरक्षण गर्न, कुनै पनि प्रकारको यौनजन्य शेषण तथा दुर्वर्यवहारलगायत महिला तथा बालबालिकाविरुद्ध हुने बालश्रमलगायत सबैखाले हिंसात्मक कार्यहरूमाथि तत्काल रोक लगाउन र अठार वर्ष वा सोभन्दा मुनिका केटाकेटीहरूलाई कुनै पनि सैन्यबलमा समावेश वा उपयोग नगर्न पूर्ण रूपमा सहमत छन् । यसरी प्रभावित बालबालिकाहरू तुरुन्त उद्धार गरिने छन् र तिनीहरूको पुनःस्थापनको लागि आवश्यक र यथोचित सहयोग प्रदान गरिनेछ ।

**७.७ वैयक्तिक स्वतन्त्रताको अधिकार**

७.७.१ दुवै पक्ष आस्था र विचारको स्वतन्त्रता, वाक् तथा प्रकाशन स्वतन्त्रता, शान्तिपूर्वक र बिनाहातहतियार भेला हुने स्वतन्त्रता, आवागमनको स्वतन्त्रता, आफूखुसी पेसा-व्यवसाय गर्न, सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रता, शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा सहभागी हुने स्वतन्त्रता, कानुनको नजरमा सबै समान हुने र सहिष्णुतापूर्ण न्याय-व्यवस्था सञ्चालन गर्न गराउन सहमत छन् ।

**८. मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र**

८.१ दुवै पक्ष विगतमा भए-गरेका त्रुटिहरूलाई भविष्यमा नदोहोऱ्याउने र क्रमिक रूपमा सच्याउँदै लैजाने गरी वैयक्तिक एवम् सामूहिक रूपमा उत्तरदायी हुने सहमति प्रकट गर्दछन् ।

८.२ राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोगले शान्ति अभियानलाई सफल बनाउन आवश्यकताअनुसार संयन्त्रहरूको निर्माण गर्न सक्नेछ । आयोगको गठन र कार्यविधि अन्तरिम मन्त्रिपरिषद्ले तय गरेबमोजिम हुनेछ ।

८.३ दुवै पक्ष वर्तमान र भविष्यमा हुन सक्ने सबै किसिमका पारस्परिक मतभेद वा समस्यालाई आपसी संवाद, समझदारी, सहमति तथा वार्ताको माध्यमबाट समाधान गर्न प्रतिबद्ध छन् ।

८.४ यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र ने.क.पा. (माओवादी) बीच भएका सबै निर्णय, सहमति र समझदारीहरू कार्यान्वयन गर्न अन्तरिम मन्त्रिपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनः स्थापना आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको

पुन:संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग लगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरूको गठन गर्ने र तिनीहरूको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुवै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।

## ९. कार्यान्वयन तथा अनुगमन

यस सम्झौता उल्लेख गरिएका सहमतिको कार्यान्वयन तथा त्यसको अनुगमनको लागि निम्न व्यवस्था गर्न दुर्व पक्ष सहमत भएका छन् :

९.१ दुवै पक्ष संयुक्त राष्ट्रसंघीय मानव-अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयबाट यस सम्झौतामा उल्लिखित मानव-अधिकारसम्बन्धी प्रावधानहरूको अनुगमनको कामलाई निरन्तरता दिन सहमत छन् ।

९.२ दुवै पक्ष संयुक्त राष्ट्रसंघको नेपालस्थित मिसनबाट पूर्वप्रेषित पाँचबुँदे पत्र र यस सम्झौता उल्लेख भएअनुसार सैन्य तथा हतियार व्यवस्थापनको अनुगमन गराउन सहमत छन् र त्यस कार्यमा सहयोग पुऱ्याउन प्रतिबद्धता व्यक्त गर्दछन् ।

९.३ दुवै पक्ष संयुक्त राष्ट्रसंघबाट संविधानसभाको निर्वाचनको पर्यवेक्षण गराउन सहमत छन् ।

९.४ राष्ट्रिय मानव-अधिकार आयोगले कानुनबमोजिम निर्वाह गर्नुपर्ने दायित्वका साथै यस सम्झौतामा उल्लेख गरिएका मानव-अधिकार अनुगमनसम्बन्धी कार्यहरू पनि सम्पादन गर्नेछ । आयोगले आफ्नो कार्य सम्पादन गर्ने क्रममा मानव-अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थासँग आवश्यक समन्वय गरी सहयोग लिन सक्नेछ ।

९.५ माथि उल्लिखित सबै निकायले दिएका प्रतिवेदनहरू बुझ्न, अनुरोध गरेका सूचनाहरू उपलब्ध गराउन तथा तिनले दिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन सहमति र छलफलको आधारमा गर्न दुवै पक्ष सहमत छन् ।

## १०. विविध

१०.१ कात्तिक २२ गतेको निर्णयको मर्म र शान्ति सम्झौताको भावनाअनुरूप सरकार वा राज्य-संयन्त्रका कुनै पनि क्षेत्रमा समानान्तर वा अन्य स्वरूपको संयन्त्र सञ्चालन नगर्न दुवै पक्ष सहमत छन् ।

१०.२ दुवै पक्ष प्रस्तुत सम्झौताको कार्यान्वयनका लागि आवश्यकतानुसार अन्य पूरक सहमतिहरूमा हस्ताक्षर गर्न मञ्जुर गर्दछन् ।

१०.३ दुवै पक्षको सहमतिबाट प्रस्तुत सम्झौतामा कुनै पनि समयमा संशोधन गर्न सकिने छ । संशोधन गर्न चाहेमा सोको लिखित सूचना अर्को पक्षलाई प्रदान गर्न दुवै पक्ष सहमत छन् । त्यसरी सूचना प्राप्त भएपछि दुवै पक्षको सहमतिबाट संशोधन गर्न सकिनेछ । त्यस्तो संशोधनले गर्ने व्यवस्था

मान्यता प्राप्त न्यूनतम अन्तर्राष्ट्रिय मानव-अधिकार, मानवीय कानुनको मापदण्ड तथा शान्ति स्थापनको मूल मर्मभन्दा फरक हुने छैन ।

१०.४ यो सम्झौताको कुनै व्याख्यामा कुनै विवाद उत्पन्न भएमा यो सम्झौताको प्रस्तावना र अनुसूचीमा संलग्न दस्तावेजहरूका आधारमा दुवै पक्ष सम्मिलित संयुक्त संयन्त्रले व्याख्या गर्ने छ र यो व्याख्या अन्तिम हुनेछ ।

१०.५ अन्तरिम व्यवस्थापिका-संसद् गठन भएपछि यस सम्झौतामा उल्लेखित 'दुई पक्ष' को अवधारणा तथा स्थिति स्वतः समाप्त हुनेछ । यसपछि यस सम्झौतामा उल्लिखित सम्पूर्ण अभिभारा कार्यान्वयन गर्ने गराउने दायित्व अन्तरिम मन्त्रिपरिषद्ले व्यवस्था गरेबमोजिम हनेछ । सम्झौताको पालना तथा कार्यान्वयनमा सहयोग पुऱ्याउनु सबै राजनीतिक दलहरूको कर्तव्य तथा जिम्मेवारी हुनेछ ।

१०.६ सिङ्गो मुलुक संविधानसभाको निर्वाचनको मुख्य अभियानमा केन्द्रित भइरहेको बेला आफ्ना समस्या र मागहरूलाई संवाद र वार्ताको माध्यबाट समाधान गर्न तथा संविधानसभाको निर्वाचन तथा शान्ति-सुरक्षाको स्थितिलाई सहयोग पुऱ्याउन सबैमा हार्दिक अनुरोध गर्दछौं ।

१०.७ सशस्त्र द्वन्द्वलाई अन्त्य गर्दै संविधानसभाको निर्वाचनद्वारा नयाँ लोकतान्त्रिक नेपालको निर्माण तथा दिगो शान्ति स्थापनाको यो ऐतिहासिक अभियानमा सक्रिय सहभागिता जनाई सफल बनाउन नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय सङ्गठनहरू, पत्रकार-जगत्, बुद्धिजीवीहरू र आमनेपाली जनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

१०.८ पूर्ण लोकतन्त्र र दिगो शान्ति स्थापनाको यो अभियानमा नेपाललाई सहयोग पुऱ्याउन सबै मित्र-राष्ट्रहरू तथा संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदायलाई हार्दिक आग्रह गर्दछौं ।

देश र जनताको भविष्यप्रतिको जिम्मेवारीबोध गर्दै र यस विस्तृत शान्ति सम्झौताप्रति पूर्ण प्रतिबद्ध हुँदै हामी : नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादीं का तर्फबाट हस्ताक्षर गरी यो विस्तृत शान्ति सम्झौता सार्वजनिक गर्दछौं ।

| | |
|---|---|
| **प्रचण्ड** | **गिरिजाप्रसाद कोइराला** |
| अध्यक्ष, | प्रधानमन्त्री |
| नेपाल कम्युनिष्ट पार्टी (माओवादी) | नेपाल सरकार |

मिति : २०६३ मङ्सीर ५ गते

***स्रोत : सरकार माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौता, २०६३.*** काठमाडौं : चण्डेश्वरी प्रकाशन, पृ. १-१० ।

## परिशिष्ट – १२

**महिला जन–सेना**



***स्रोत :*** सापकोटा, दीपक. **उथलपुथलका दश वर्ष.** काठमाडौं : क्रान्तिकारी पत्रकार संघ, २०६६, पृ. १२३ ।

**महिला जन–सेना**



***स्रोत :*** अनेस्तो, लि. **डिस्पेचेज फ्रम दि पिपुल्स वार इन नेपाल.** लण्डन : प्लूटो प्रेस, सिकागोः इनसाइट प्रेस, इ. २००६, पृ. ११२ ।

## परिशिष्ट – १२(क)


### महिला गुरिल्ला



***स्रोत* :** अनेस्तो, लि. **डिस्पेचेज फ्रम दि पिपुल्स वार इन नेपाल.** लण्डन : प्लूटो प्रेस, सिकागोः इनसाइट प्रेस, इ. २००६, पृ. ११२ ।

## परिशिष्ट – १३

### जलेको पाल्पाको तानसेन दरबार




***स्रोत :*** **हिमाल खबर पत्रिका.** काठमाडौं : फागुन १-१५, २०६४, पृ. ३५ ।

## परिशिष्ट – १४


### टायर बालेको



***स्रोत :*** **हिमाल खबर पत्रिका**. काठमाडौं : फागुन १-१५, २०६४, पृ. ६१ ।

# परिशिष्ट – १५


## मानव अधिकार हननको पराकाष्टा



***स्रोत :*** **हिमाल खबर पत्रिका.** काठमाडौं : फागुन १-१५, २०६४, पृ. २२ ।

## परिशिष्ट – १५

### उपचार गरिदै घाइते



***स्रोत :*** **अन्नपूर्ण पोष्ट.** काठमाडौं : साउन २, २०६७, पृ. ८ ।

## परिशिष्ट – १६
## अन्तर्वार्तामा सहभागी व्यक्तिहरूको नामावली

| क्र. सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | अखिलेष कर्ण | पत्रकार | बारा |
| २. | प्रा.डा. अचला वैद्य | वरिष्ट कन्सल्ट्याण्ट, प्रसुती गृह | काठमाडौँ |
| ३. | अच्यूत मैनाली | केन्द्रीय सदस्य, एमाले | बारा |
| ४. | अञ्जना विशङ्खे | भोजपुरा जिल्ला इन्चार्ज | बारा |
| ५. | अमरावती साह | पीडित नातेदार | बारा |
| ६. | ईश्वरी ठकुरी | महिला नेतृ, राप्रपा | बारा |
| ७. | उदय कुमार | अधिकृत, नेपाल रेडक्रस शोसाइटी | बारा |
| ८. | उषा अधिकारी | प्राध्यापक, ठा.रा.ब. क्याम्पस | बारा |
| ९. | एकराज भट्टराई | प्राध्यापक, सुकुना क्याम्पस | मोरङ |
| १०. | ओमप्रकाश ठाकुर | अध्यक्ष, दलित जनजाति उत्थान केन्द्र | बारा |
| ११. | कृष्ण अधिकारी | प्राध्यापक, ठा.रा.ब. क्याम्पस | बारा |
| १२. | कृष्ण थापा | मेजर, सशस्त्र सेना | बारा |
| १३. | कृष्णकुमार यादव | प्राविधिक, दूर सञ्चार | बारा |
| १४. | कुमुद कुमार उपाध्याय | सहायक प्रशासक, ठा.रा.ब. क्याम्पस | बारा |
| १५. | कुशुम पौडेल | हे.अ., ठा.रा.ब. क्याम्पस | बारा |
| १६. | केन्द्र गुरुङ | उप-संयोजक, विषादी व्यवस्थापन समाज | बारा |
| १७. | घरभर्नी मण्डल | पीडित नातेदार | बारा |
| १८. | चन्देश्वर यादव | पत्रकार | बारा |
| १९. | जीतेन्द्र सोनाल | महामन्त्री तथा सभासद्, त.म.लो.पा | बारा |
| २०. | जोशी साह | शाखा प्रमुख, जि.वि.स. अभिलेख शाखा | बकारा |
| २१. | ज्वाला साह | सभासद्, ने.क.पा. (माओवादी) | बारा |
| २२. | टीना मैनाली | लेखा अधिकृत, जि.वि.स. | बारा |
| २३. | दीपेन्द्र कुमार गुप्ता | कार्यक्रम संयोजक, एन.जी.ओ.सी.सी. | बारा |
| २४. | देवकी राई | कार्यालय प्रमुख, उप-स्वास्थ्य चौकी | बारा |
| २५. | द्वारीका प्रसाद | सहायक प्रबन्धक, नेपाल बैंक लिमिटेड | पर्सा |
| २६. | नागेन्द्र चौधरी | भू.पू. कृषि मन्त्री, एमाले | पर्सा |
| २७. | निरज साह | सदस्य, एन.जी.ओ.सी.सी. | बारा |
| २८. | पवन झा | हवल्दार, जि.प्र.का. | बारा |
| २९. | पुष्पाञ्जली साह | पीडित नातेदार | बारा |
| ३०. | प्रभुराज वैद्य | कार्यकारी अध्यक्ष, यतिकेम डिष्ट्रिब्यूटर प्रा.लि. | काठमाडौँ |
| ३१. | प्रतिभा पौडेल | सुब्बा, कलैया नगरपालिका | बारा |
| ३२. | प्रेमकुमार कुशवाहा | कृषक | बारा |
| ३३. | प्रेम शर्मा | वरिष्ठ अधिवक्ता, नागरिक समाज | पर्सा |
| ३४. | प्रेरणा राना मगर | सर्वसाधारण | बारा |
| ३५. | वृजकिशोर पटेल | कार्यक्रम संयोजक,यूनिसेफ चाइल्ड प्रोटेक्टर, यूनिसेफ | बारा |
| ३६. | बनिया देवी | पीडित नातोदार | बारा |
| ३७. | बशन्ती चौधरी | पीडित | बारा |

क्रमशः ...

| | | | |
|---|---|---|---|
| ३८. | बलवीर चौधरी | जिल्ला सभापति, ने.का. | बारा |
| ३९. | डा. विश्वम्भर शर्मा | जिल्ला अध्यक्ष, नेकपा (एमाले) | बारा |
| ४०. | विजय यादव | प्रहरी निरीक्षक, जि.प्र.का. | बारा |
| ४१. | बेबी क्षेत्री | सहप्राध्यापक, ठा.रा.ब. क्याम्पस | पर्सा |
| ४२. | भैयाराम यादव | अध्यक्ष, जनजागरण युवा क्लब | बारा |
| ४३. | भैया साह | पीडित नातेदार | बारा |
| ४४. | प्रा. विजय सिलवाल | अध्यक्ष, प्रगतिशील प्राध्यापक सङ्गठन | काठमाडौँ |
| ४५. | मधु शाही | सभासद, ने.का. | बारा |
| ४६. | माला मानन्धर | हे.अ., ठा.रा.ब. क्याम्पस | पर्सा |
| ४७. | मिरादेवी धानुक | व्यवसायी | बारा |
| ४८. | मिरा मानन्धर | सहप्राध्यापक, महेन्द्र रत्न ब.क्या. | काठमाडौँ |
| ४९. | मुकेश पडित | फिल्ड सुपरभाइजर, एन.जी.ओ.सी.सी. | बारा |
| ५०. | मुकेश द्विवेदी | सभापति, स्व.वि.यू., ठा.रा.ब. क्याम्पस | बारा |
| ५१. | मुकुन्द बाबु चौधरी | स्वास्थ्यसेवी | बारा |
| ५२. | मेघा शाही | सदस्य, नेविसं | बारा |
| ५३. | यतिन्द्र तिमिल्सिना | अध्यक्ष, एकल महिला समूह | बारा |
| ५४. | रमा भट्ट | सभापति, नेपाल महिला संघ | पर्सा |
| ५५. | रमारानी श्रेष्ठ | वरिष्ठ अधिवक्ता | पर्सा |
| ५६. | रमेश अधिकारी | प्राध्यापक, गोरखा क्याम्पस | गोरखा |
| ५७. | रमेश प्रधान | वरिष्ठ व्यवस्थापक, स्यानमिगल वियर फ्याक्ट्री | भरतपुर |
| ५८. | रमेश प्रसाद | उप-प्रबन्धक, नेपाल बैंक लिमिटेड | पर्सा |
| ५९. | रमेश प्रसाद यादव | सदस्य, एन.जी.ओ.सी.सी. | बारा |
| ६०. | राजेन्द्र खड्का | अध्यक्ष, नेपाल रेडक्रस शोसाइटी | बारा |
| ६१. | राजेन्द्रबहादुर अमात्य | जिल्ला सभापति, ने.का. | पर्सा |
| ६२. | राधा दाहाल | केन्द्रीय पार्षद् सदस्य, तरुण दल ने.का. | बारा |
| ६३. | रामाषिश यादव | प्राध्यापक, हरिखेतान क्याम्पस | पर्सा |
| ६४. | रुपक पाण्डे | सदस्य, एन.जी.ओ.सी.सी. | पर्सा |
| ६५. | रोशनराज अर्याल | जिल्ला प्रतिनिधि, इन्सेक | बारा |
| ६६. | सन्दिप कुमार | सदस्य, एन.जी.ओ.सी.सी. | बारा |
| ६७. | सावित्री भण्डारी | मनोसामाजिक विमर्शकर्ता | पर्सा |
| ६८. | सोनम लामा | समाजसेवी | बारा |
| ६९. | सोनामती बैठा | भू.पू. वडा सदस्य | बारा |
| ७०. | सीता गुरुङ | सभासद्, ने.क.पा. (एमाले) | बारा |
| ७१. | सुन्दरी देवी | कार्यालय सहयोगी, महिला विकास शाखा | बारा |
| ७२. | शम्भु कुशवाहा | सदस्य, एन.जी.ओ.सी.सी. | बारा |
| ७३. | शारदा श्रेष्ठ | भू.पू. न्यायाधीश, सर्वोच्च अदालत | काठमाडौँ |
| ७४. | शान्ति कार्की | जिल्ला उप-सभापति, नेपाल महिला संघ, ने.का. | पर्सा |
| ७५. | श्यामप्रसाद फुँयाल | प्राध्यापक, म.र.ब. क्याम्पस | इलाम |
| ७६. | श्याम बाबु साह | प्राविधिक, महिला विकास शाखा | बारा |
| ७७. | श्याम पोखेल | अध्यक्ष, नेपाल रेडक्रस शोसाइटी | पर्सा |
| ७८. | शोभाकर पराजुली | संसदीय सचिव, केन्द्रीय कार्यालय, ने.का. | बारा |
| ७९. | लालबाबु कुशवाहा | अध्यक्ष, हिमराइट्स | बारा |
| ८०. | हरिभूषण प्रधान | अध्यक्ष, नेवापुचः | पर्सा |
| ८१. | हरेन्द्र प्रसाद साह | सदस्य, एन.जी.ओ.सी.सी. | पर्सा |
| ८२. | क्षेत्रबहादुर 'अनिल' | जिल्ला कार्यक्रम संयोजक, ने.क.पा. (माओवादी) | बारा |

# सन्दर्भ सामग्री सूची

## (क) प्रकाशित नेपाली पुस्तक


अधिकारी, यशोदा. **संसार हल्लाउने सङ्घर्षशील महिलाहरू**. काठमाडौँ : ऐरावती प्रकाशन प्रा.लि., साउन २०६६ ।

**अमलेखगंज पार्श्व चित्र**. गा.वि.स. अमलेखगंज आ.व. २०६४/०६५ गाउँ विकास समितिको कार्यालय तथा गाउँ विकास कार्यक्रम. अमलेखगंज बारा ।

अर्ज्याल, केशवराज (अनु.). **कौटिल्यको अर्थशास्त्र**. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, इ. २००९ ।

अस्मिता. **महिला, शान्ति र पुनर्संरचना**. काठमाडौँ : महिला प्रकाशन गृह, सञ्चार तथा स्रोत संस्था, २०६३ ।

आईसीआरसी. **बेपत्ता भएका बारे जान्न पाउनुः एक अधिकार, आवधिक सूची**. काठमाडौँ : एन.आर.सी.एस., २०६६ ।

**आवधिक जिल्ला विकास योजना**. जिल्ला विकास समिति, सूचना तथा अभिलेख केन्द्र, बारा, कलैया, असार २०५९ ।

इन्सेक. **सशस्त्र द्वन्द्व र मानवता, आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त**. युद्धसम्बन्धी कानुनका अत्यावश्यक पक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगद्वारा तैयार गरिएको मानव अधिकारसम्बन्धी सम्झौता पत्रको मस्यौदा. इन्सेक, काठमाडौँ : फागुन २०५९ ।

------. **मानव अधिकार : ठूला ६ महासन्धि**. मानव अधिकार सन्धि, अनुगमन समन्वय समिति, काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र १० डिसेम्बर, २००४ ।

------. **लोकतन्त्र प्राप्तिका सय दिन, मानव अधिकार स्थिति** (२०६३ वैशाख १२ देखि साउन १७ गते सम्म). काठमाडौँ : इन्सेक, भाद्र, २०६३ ।

------. **आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्त**. काठमाडौँ : इन्सेक, स्यूचाटार, वैशाख २०६४ ।

------. **बेपत्ता नागरिकको अधिकार संरक्षणसम्बन्धी आधारभूत जानकारी**. काठमाडौँ: मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, चैत्र २०६५ ।

------. **विधायी पुनरावलोकन**. मानव अधिकारसम्बन्धी प्रमुख महासन्धि कार्यान्वयनको एक अध्ययन, यातना विरुद्धको महासन्धिमा केन्द्रित. शृङ्खला नं. ४, मानव अधिकार सन्धि अनुगमन समन्वय समिति, काठमाडौँ, मंसिर २०६५ ।

------. **शान्ति अभियान** (शान्ति अभियानका पाँच जिल्ला). काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र, अप्रिल २००८ ।

उप्रेती, विष्णुराज. **द्वन्द्व व्यवस्थापन**. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेशन्स, २०६० चैत्र ।

------. **नेपालमा माओवादी सशस्त्र द्वन्द्व, कारण, असर र समाधानका प्रयासहरू**. काठमाडौँ: भृकुटी एकेडेमिक पब्लिकेशन्स, प्रदर्शनी मार्ग, २०६१ ।

एच.आर.टी.एम.सी.सी. **यातना विरुद्धको महासन्धि र कार्यान्वयन स्थिति**. काठमाडौँ : मानव अधिकार सन्धि, अनुगमन समन्वय समिति ।

काफ्ले, मायाप्रसाद. **विश्वको इतिहास**, काठमाडौँ : भुवन प्रकाशन, २०६४।०६५ ।

खनाल, बद्री, (अनु.). **अन्तर्राष्ट्रिय मानवीय कानुन**. काठमाडौँ : आईसीआरसी, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, काठमाडौँ, श्रावण २०६० ।

खरेल, ओमप्रकाश. **विश्व हल्लाउने क्रान्तिहरू**. काठमाडौँ : डिकुरा पब्लिकेशन्स, २०६६ ।

गुरुङ, हर्क. **बहिष्करणदेखि समावेशीकरणसम्म, नेपालका लागि सामाजिक-राजनीतिक एजेन्डा**. काठमाडौँ : सामाजिक समावेशीकरण अनुसन्धान कोष, फागुन २०६५ ।

गौतम, भाष्कर र अन्य (सम्पा.). **माओवादी विद्रोह सशस्त्र सङ्घर्षको अवधि**. काठमाडौँ : मार्टिन चौतारी, २०६४ ।

गौतम, भाष्कर र चिरन मानन्धर, (सम्पा.). **माओवादी सङ्घर्ष, शान्तिपूर्ण रुपान्तरण**. काठमाडौँ: मार्टिन चौतारी, २०६५ ।

जेन्डर इन अर्गनाइजेशन. **लैङ्गिक समता अभिवृद्धि स्रोत पुस्तिका**. जिल्लास्तरीय लैङ्गिक मूल प्रवाहीकरणसम्बन्धी समितिका लागि तैयार गरिएको. काठमाडौँ : कनाडा नेपाल, साउन २०६१ ।

ज्ञवाली, अर्जुन. **माओवादीको राष्ट्रिय र अन्तर्राष्ट्रिय आयाम**. काठमाडौँ : निरन्तर प्रकाशन, आश्विन २०६३ ।

ढकाल, डी.पी. 'संकल्प'. **नेपाली क्रान्ति**. काठमाडौँ : सौगात पुस्तक प्रकाशन, २०६४ ।

तुम्बाहाम्फे, शिवमाया. **नेपालमा महिला आन्दोलन (वि.सं. २००४-२०४६)**. काठमाडौँ : अखिल नेपाल महिला सङ्घ, नेपाल, २०५९ ।

त्रिभुवन विश्वविद्यालय. **५१ औं वार्षिक दिवस विशेषाङ्क**. काठमाडौँ, २०६७ ।

**नेपाल मानव अधिकार वर्ष पुस्तक** इ. १९९६ देखि २००९ सम्म. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), काठमाडौँ : कलङ्की, स्यूचाटार ।

प्रधान, गौरी. **बालबालिका र शान्ति**. सशस्त्र सङ्घर्ष पीडित बालबालिकाहरूको संरक्षणको विधि र प्रक्रियाहरू सम्बन्धी हाते-पुस्तिका. काठमाडौँ : नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन), रविभवन, नेपाल, श्रावण २०६० ।

पराजुली, शोभाकर. **लोकतन्त्र र समाजवाद**. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६६ ।

पाइप्स, रिचर्ड. **साम्यवाद एक इतिहास**. न्यूयोर्क : मोडर्न लाइब्रेरी घटनावली पुस्तक, इ. २००१ ।

**बालबालिका सम्बन्धी राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरू**. श्री ५ को सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रयाल, केन्द्रीय बाल कल्याण समिति, काठमाडौँ, २०६१ मार्ग ।

**बालबालिकाको हकहितको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०४८**. श्री ५ को सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, काठमाडौँ : ज्येष्ठ ७, २०४९ ।

**बारा जिल्ला विकास दर्पण**. जिल्ला विकास समिति, सूचना तथा अभिलेख केन्द्र, बारा : श्रावण २०६५, ।

**बारा जिल्लाको पार्श्वचित्र**. जिल्ला विकास समितिको कार्यालय, सूचना तथा अभिलेख केन्द्र, बारा : फागुन, २०६० ।

**बेइजिङ्ग घोषणा तथा कार्यनीति प्रशिक्षक प्रशिक्षण निर्देशिका**. ललितपुर : बियोन्ड बेइजिङ कमिटी, पुल्चोक, २०५९ ।

**मध्यमाञ्चल जनआन्दोलन र मानव अधिकार**. काठमाडौँ : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मध्यमाञ्चल क्षेत्रीय कार्यालय, २०६७ ।

यमी, हिसिला र बाबुराम भट्टराई. "के महिलाहरू शारीरिक रूपले नै कमजोर हुन्". **मार्क्सवाद र महिला मुक्ति**. काठमाडौं : टु लाइन पब्लिकेशन प्रा.लि., २०५७ ।

------. "नेपालको सशस्त्र सङ्घर्षमा महिलाहरूको भूमिका". **मार्क्सवाद र महिला मुक्ति**. काठमाडौँ : टु लाइन पब्लिकेशन प्रा.लि., २०६३ ।

युनिफेम. **जानकारी पुस्तिका, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट पारित प्रस्ताव, १३२५**. सशस्त्र द्वन्द्वको सन्दर्भमा महिला, शान्ति र सुरक्षासँग //सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष (UNIFEM), शान्ति मालिका (२००४) (प्रकाशन मिति अनुल्लिखित) ।

युनिसेफ. **कार्यक्रम निर्देशिका, बालबालिका र महिलाका लागि विकेन्द्रित कार्य (डकाव)**. श्री ५ को सरकार, युनिसेफ, स्थानीय विकास मन्त्रायल, काठमाडौँ : संयुक्त राष्ट्रसङ्घीय बालकोष, पौष २०५९ ।

------. **बाल अधिकारसम्बन्धी महासन्धि** सन् १९८९ नोभेम्बर २० मा पारित (अनु.), लिगल रिसर्च एसोशियट्स तथा चाइल्ड वर्कर्स इन नेपाल. काठमाडौँ : युनिसेफ नेपाल ।

शर्मा, गोविन्द. **नेपालमा दण्डहीनताको उपसंस्कार : एक विश्लेषण**. काठमाडौँ : मानव अधिकार सन्धि अनुगमन समन्वय समिति, चैत्र २०६५ ।

शान्ति सचिवालय. **विस्तृत शान्ति सम्झौता** (अनुसूचीहरू सहित) नेपाल सरकार नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको शान्ति सम्झौता. सिंहदरबार, २०६३ ।

सापकोटा, दीपक. **उथलपुथलका दश वर्ष** (रिपोर्ताज). काठमाडौँ : क्रान्तिकारी पत्रकार सङ्घ, केन्द्रीय समिति, २०६६ ।

साप नेपाल. **शान्तिको खोजी**. काठमाडौँ : साप-नेपाल पब्लिसिङ हाउस, २०५७ ।

------. **शान्ति र सुशासन**. काठमाडौँ : साप-नेपाल पब्लिसिङ हाउस, २०५७ ।

------. **शान्तिको खोजी**, काठमाडौँ : साप-नेपाल पब्लिसिङ हाउस, २०५८ ।

------. **शान्ति र सुशासन, चुनौती र सम्भावना** (जेठ १९ को राजदरबार काण्डपछि उत्पन्न परिस्थिति. काठमाडौँ : साप नेपाल पब्लिसिङ हाउस, २०५८ ।

------. **नेपालमा सशस्त्र द्वन्द्व**. काठमाडौँ : साप-नेपाल पब्लिसिङ हाउस, २०६१ ।

सुवेदी, ईश्वर. **विश्वको संक्षिप्त इतिहास**. काठमाडौँ : के.पी. पुस्तक भण्डार, २०६३ मंसिर ।

शिवाकोटी, गोपालकृष्ण र मिनल धरेल (अनु.). **महिलाः बेइजिङ्ग घोषणापत्र तथा कार्यनीति.** चौथो विश्व महिला सम्मेलन बेइजिङ, चीन ४-१५ सेप्टेम्बर १९९५, संयुक्त राष्ट्रसङ्घ जन सूचना विभाग, संयुक्त राष्ट्रसङ्घ, न्यूयोर्क, इ. १९९६, बियोन्ड बेइजिङ कमिटी (बी.बी.सी.) ललितपुर : इनार पुल्चोक ।

शुभेच्छु, गोपाल. **यसरी आयो नेपालमा गणतन्त्र.** काठमाडौँ : युगान्तर प्रकाशन प्रा.लि., पौष २०६५ ।

## (ख) अङ्ग्रेजी पुस्तक

अनेस्टो, लि. **डिसपेचेज फ्रम दि पिपुल्स बार इन नेपाल**. प्लुटो प्रेस, लण्डन एन्ड इनसाइट प्रेस, शिकागो, इ. २००५ ।

ओलिभर, केली. **वुमन एज विपन्स अफ वार इराक, सेक्स एन्ड दि मिडिया**. कलकत्ता : सिगलवुक्स, इ. २००८ ।

उप्रेती, विष्णुराज. **आर्म्ड कन्फ्लिट एन्ड पिस प्रोसेस इन नेपाल**. न्यू देल्ही : अद्रोइत पब्लिशर्स, इ. २००६ ।

उप्रेती, विष्णुराज र रोहितकुमार नेपाली. **नेपाल एट बारेल अफ गन, साउथ एसिया स्मोल.** आर्म्स नेटवर्क, नेपाल (सासा-नेट), काठमाडौँ : साप फाल्चा, बबरमहल, अप्रिल २००६ ।

कटरिया, पूजा. **कन्फ्लिक्ट रिजोलुशन, कन्फ्लिक्टः फर्मस, कजेज एन्ड मेथड्स अफ रिजोलुशन**. न्यू देल्ही : दीप एन्ड दीप पब्लिकेशन्स प्रा.लि., इ. २००७ ।

कार्की, अर्जुन र डेभिड सेडन. **दि पिपुल्स बार इन नेपाल, लेफ्ट पर्सपेक्टिभ**. दिल्ली : अद्रोइत पब्लिशर्स, इ. २००९ ।

थापा, दीपक र वन्दिता सिजापति. **ए किङ्गडम अन्डर सेन्ज, नेपाल्स माओइस्ट इन्सर्जेन्सी**. इ. १९९६ टु, २००४, लण्डन एन्ड न्यूयोर्क : जेड बुक्स, जुलाई २००३ ।

बेहेरा, नवनिता चड्ढा. **जेन्डर, कन्फ्लिक्ट एन्ड माइग्रेशन, वुइमिन एन्ड माइग्रेशन इन एसिया**. भोलुम-३, न्यू देल्ही : सेज पब्लिकेशन्स इण्डिया प्रा.लि., इ. २००६ ।

भण्डारी, नेहा, जविन फामिदा र अन्य. **भ्वाएसेज अफ गर्ल्स एन्ड ब्याएज टु इन्ड भ्वाएलेन्स एगेन्स्ट चिल्ड्रेन इन साउथ एन्ड सेन्ट्रल एसिया**. इन प्रिपरेशन अफ यू. एन. स्टडी अन भ्वाएलेन्स एगेन्स्ट चिल्ड्रेन, सेभ दि चिल्ड्रेन, स्विडेन, रिजनल प्रोग्राम फर साउथ एन्ड सेन्ट्रल एसिया केयर अफ एससी यूके ओस्कर. ललितपुर, काठमाडौँ, नेपाल, इ. २००५ ।

मनचनदा, रीता. (सम्पा.) **वुइमिन, बार एन्ड पिस इन साउथ एसिया**. न्यू देल्ही : सेज पब्लिकेशन्स इण्डिया प्रा.लि., इ. २००१ ।

महर्जन, पञ्चनारायण. “पिस निगोसिएशन इन नेपाल.” **जर्नल अफ इन्टरनेशन डेभलपमेन्ट एन्ड को-अपरेसन**. जापान : हिरोशिमा युनिभर्सिटी, इ. २००८ ।

------. “दि माओइस्ट इन्सर्जेन्सी एन्ड क्राइसिस अफ गभर्नबिलिटी इन नेपाल”. **डोमेस्टिक कन्फ्लिक्ट एन्ड क्राइसिस अफ गभर्नबिलिटी इन नेपाल**. ध्रुव कुमार (सम्पा.) काठमाडौँ : सिनास, २०००)

माथेउ, अलेकजेन्ड्रा. **रिचिङ्ग दि गर्ल्स इन साउथ एसिया, गर्ल्स टू इजुकेशन फर अल**. यू.एन.जी.ई.आई., युनिसेफ, मार्च २००६ ।

यमि, हिसिला. **पिपल्स बार एन्ड वुइमिन्स लिब्रेसन इन नेपाल**. काठमाडौँ : जनध्वनि पब्लिकेशन्स, इ. २००७ ।

वालिखन्ना, चारु. **वुइमिन, साइलेन्ट भिक्टिम्स इन आर्म्ड कन्फ्लिक्ट, एन एरिया स्टडी अफ जम्मु एन्ड कश्मीर**. न्यू देल्ही : सिरियल्स पब्लिकेशन्स, इ. २००४ ।

वैद्य, मीना मल्ल. **पोलिटिकल सोसिएलाइजेसन अफ वुमन इन नेपाल**. न्यू देल्ही : अद्रोइत पब्लिशर्स, इ. २००१ ।

श्रेष्ठ, आभादर्शन र रीता थापा. **दि इम्पेक्ट अफ आर्म्ड कन्फ्लिक्ट अन वुइमिन इन साउथ एशिया**. न्यू देल्ही : मनोहर पब्लिशर्स एन्ड डिष्ट्रिब्यूटर्स, इ. २००७ ।

श्रेष्ठ, आनन्दप्रसाद र हरि उप्रेती. **कन्फ्लिक्ट रिजोलुशन एन्ड गर्भनेन्स इन नेपाल**. काठमाडौँ : नेपाल फाउन्डेशन फर एडभान्सड स्टडिज (नेफास), इ. २००३ ।

------. **कस्ट अफ आर्म्ड कन्फ्लिक्ट इन नेपाल**. काठमाडौँ : नेपाल फाउन्डेशन फर एडभान्सड स्टडिज (नेफास), डिसेम्बर २००५ ।

श्रेष्ठ, चूडाबहादुर. **नेपाल कपिङ्ग विथ माओइस्ट इन्सर्जेन्सी**. काठमाडौँ : चेतना लोकसम, इ. २००४ ।

## (ग) हिन्दी

खेतान, प्रभा. **स्त्री उपेक्षिता**. दिल्ली : सरस्वती विहार और हिन्दी पाकेट बुक्स प्रा.लि., इ. १९९० ।

नागपाल, ओ.पी. र अमृत नाखरे. **प्रमुख राजनीतिक विचारक**. इलाहाबाद : किताब महल, इ. १८७३ ।

शर्मा, प्रभुदत्त. **अन्तर्राष्ट्रिय राजनीति**. जयपुर : कलेज बुक डिपो, इ. १९९१ ।

## (घ) नेपाली प्रतिवेदन, सम्झौतापत्र, प्रेस विज्ञप्ति र कार्यपत्र (प्रकाशित)

किसान, यमबहादुर. “नेपाली राज्य शासनमा दलितहरूको समावेशीकरणसम्बन्धी एक अध्ययन सार”. **आर एफ २००६/०४ रिसर्च फेलो**, सिर्फ/एस.एन.भी. नेपाल, डिसेम्बर २००८ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रीय समिति प्रेस विज्ञप्ति प्रचण्ड अध्यक्ष. नेकपा (माओवादी) मिति ७ मंसिर २०६२ ।

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता. २०६२ मंसिर ७ ।

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौता. २०६३ ।

यादव, योगेन्द्र. "बहुभाषिक नेपालः भाषिक स्थिति तथा भाषा नीति सार." **आर एफ २००६/०५", रिसर्च फेलो**. सिर्फ/एस.एन.भी. नेपाल, डिसेम्बर २००८ ।

शाक्य, अंजना. "सशस्त्र द्वन्द्वको सामाजिक प्रभाव, कारण र असर." एफ २००६/०६, रिसर्च फेलो, सिर्फ/एस.एन.भी., नेपाल, डिसेम्बर २००८ ।

संयुक्त राष्ट्रसङ्घको मानव अधिकार घोषणापत्र. इ. १९४८ ।

स्थानीय शान्ति समितिको कार्य क्षेत्रगत शर्तहरू (Terms of Reference). नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०६३ ।

सात राजनीतिक दल र ने.क.पा. (माओवादीबीच भएको दोस्रो समझदारी (गिरिजा कोइराला- सभापति, ने.का., अमृतकुमार बोहरा का.वा. महासचिव, शेरबहादुर देउवा- सभापति, ने.का. प्रजातान्त्रिक, लीलामणि पोखरेल- उपाध्यक्ष, जनमोर्चा नेपाल, नारायणमान विजुक्छे- अध्यक्ष, ने.म.कि.पा., राजेन्द्र महतो-महामन्त्री, ने.स.पा. नन्दकुमार प्रसाई- अध्यक्ष, संयुक्त वाममोर्चा) ।

## (ङ) अप्रकाशित कार्यपत्र, प्रतिवेदन र मतदाता नामावली

कुशवाहा, लालबाबु. सशस्त्र द्वन्द्वबाट बालबालिका तथा शिक्षा क्षेत्रमाथि परेको असरबारे सार्वजनिक सुनवाइ. हिमराइट्स, सशस्त्र द्वन्द्वमा परेका बालबालिकाको संरक्षणका लागि साझेदारी (पीपीसीसी) द्वन्द्वका क्रममा मृत्यु भएका व्यक्ति परिवारको विवरण, जिल्ला बारा, नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालय, द्वन्द्वका प्रभावित व्यक्ति परिवार तथा संरचनाको लागि सङ्कलन कार्यदल, बबरमहल, काठमाडौँ, २०६६ ।

पाँडे, कविता. संविधानसभाद्वारा निर्माण गरिने लोकतान्त्रिक संविधानमा राज्यका संरचना र संवैधानिक तथा कानुनी निकायहरू र राजनीतिक क्षेत्रको विभिन्न तहमा महिला प्रतिनिधित्वसम्बन्धी समावेश गर्नुपर्ने विषय वस्तुहरू, कार्यपत्र, मिति अनुल्लिखित ।

मतदाता नामावली. निर्वाचन आयोग, २०६३, जिल्ला बारा (३३) निर्वाचन क्षेत्र नं. ६, गा.वि.स. : अमलेखगंज (९५) मतदाता सङ्ख्या ४,४१८ ।

------.जिल्ला बारा (३३) निर्वाचन क्षेत्र नं. ३, नगरपालिका कलैया न.पा. (५९) मतदाता सङ्ख्या २१,९६०, कान्तिपथ, काठमाडौँ : २०६३ ।

माओवादी र राज्यद्वारा सृजित हिंसा र आतङ्कसम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन (संक्षेप) २०५८. नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय, मदन नगर, बल्खु ।

स्थानीय निर्वाचन मतदाता नामावली. प्रतिनिधिसभा सदस्य निर्वाचन-२०४८. मतगणनाको परिणाम जिल्ला बारा, संविधान सभाको विजयी उम्मेदवारको नामावली बारा जिल्लाको मतदाता नामावली सूची (भोटर लिस्ट) ।

### (च) प्रतिवेदन (अप्रकाशित अङ्ग्रेजी)

इस्यु ब्रिफ अन भ्वाएलेन्स. युनिफेम, वोमन बार पिस ओआरजी. न्यूयोर्क (प्रकाशन मिति अनुल्लिखित) ।

पोभर्टी प्रोफाइल एन्ड पोभर्टी रिडक्शन स्ट्राटेजी अफ कलैया म्युनिसिप्यालिटी. प्रिपेयर्ड बाई कलैया म्युनिसिप्लिटी ज्वाइन्ट विथ लोकल लेभेल स्टेकहोल्डर्स. सपोर्टेड बाई एमएलडी एन्ड मुआन, डेड एन्ड जीटीजेड/यूडिएलई, २०६२ ।

शाक्य, अंजना. इम्पैक्ट अफ आर्म्ड कन्फ्लिक्ट अन वुइमिन एन्ड चिल्ड्रेन इन नेपाल. एन इनडिपेन्डेट रिसर्च, इ. २००५ ।

श्रेष्ठ, अमूदा. रिप्रजेन्टेसन अफ वुइमिन इन पोलिटिक्स. प्राइवेट सेक्टर, जुडीसीएरी एन्ड मिडिया, २०६६ (अमूदा श्रेष्ठ, मेम्बर, नेशनल वुइमिन कमिशन) ।

### (छ) नेपाली पत्रपत्रिका

अप्रिय, शिव. “टुप्लुक्क आइपुग्ने आस” (अन्तर्राष्ट्रिय बेपत्ता दिवस). **अन्नपूर्ण पोष्ट**. काठमाडौं : मङ्गलबार, भदौ १५, २०६७ ।

------. “द्वन्द्व पीडितले हप्काई पाए राहत पाएनन्”. **अन्नपूर्ण पोष्ट**. काठमाडौं : शनिबार, साउन १५, २०६७ ।

आचार्य, नरहरि. “विकल्प धेरै तर...”. **नेपाल**. काठमाडौं : वैशाख २०६७ ।

कान्तिपुर संवाददाता. “अझै फर्केनन् १३५० जना” (अन्तर्राष्ट्रिय बेपत्ता दिवस). **कान्तिपुर**. काठमाडौं : भदौ १५, २०६७ ।

किरण, मोहन वैद्य. “क्रान्तिमा सिद्धान्तको महत्त्व”. पूर्व क्षितिजको सहप्रकाशन, **नयाँ कोशी**. काठमाडौं : वैशाख २०६६ ।

के.सी., शरद. “किन उठेन महिला आन्दोलन”. **हिमाल खबर पत्रिका**. काठमाडौं : फागुन २०६३ ।

खनाल, रवि. “द्वन्द्व व्यवस्थापनमा नागरिक भूमिका”. **मूल्याङ्कन**. काठमाडौं : चैत २०६५ ।

गजुरेल, हरिबोल. “नेपाली क्रान्तिको मौलिक कार्यदिशा”. **नयाँ कोशी**. काठमाडौं : वैशाख १५, २०६७ ।

गौतम, गोविन्द. “वर्तमान द्वन्द्व, द्वन्द्व निरूपण र संविधान सभा”. **मूल्याङ्कन**. काठमाडौं : चैत २०६५ ।

गौतम, जयदेव (अनु.). “दक्षिण अफ्रिकामा महिला र प्रजातन्त्रतर्फको सङ्क्रमण”. **अस्मिता**. काठमाडौं : वैशाख-ज्येष्ठ २०६६ ।

घर्ती, जयपुर. “हामी कसैको आरक्षण चाहँदैनौं”. **नयाँ कोशी**. काठमाडौं : पुस २०६४ ।

ज्ञवाली, निर्मल. “हाम्रो पार्टीले हात बाँधेर बस्न सक्दैन”. संयुक्त राष्ट्रिय जनआन्दोलन नेपालका अध्यक्ष एवम् एकीकृत माओवादीका उपाध्यक्ष डा. बाबुराम भट्टराईसँगको कुराकानी, **लालरक्षक मासिक**. काठमाडौं : पुस १५-माघ १४, २०६६ ।

दाहाल, सरोज र रामेश्वर बोहरा. “पछि हट्यो, अघि बढ्यो देश”. **हिमाल खबर पत्रिका**. काठमाडौँ : जेठ २०६७ ।

नेपाल, माधवकुमार. “अधिनायकवादको डर”. **हिमाल खबर पत्रिका**. काठमाडौँ : २०६५, पृ. ४५ ।

**नेपाली सेना विशेषाङ्क विमोचन**. काठमाडौँ : विमर्श प्रा.लि., प्रकाशन वर्ष अनुल्लिखित ।

पाण्डे, जे. “पीडितजति एकै ठाउँ”. **नेपाल**. काठमाडौँ : आइतबार, असार १४, २०६६ ।

पुन, जे.पी. मगर. “गुण्डाराजतिर, विशेष रिपोर्ट युवा दस्ता.” **हिमाल खबर पत्रिका**. काठमाडौँ : मंसिर १-१५, २०६५, पृ. १६

------. “गुण्डा राजतिर, सत्ता हडप्न भद्रगोल”. **हिमाल खबर पत्रिका**. काठमाडौँ : चैत्र १-१५, २०६५ ।

पुरी, शिव. “सशस्त्र द्वन्द्वपीडितको रकम अर्कोलाई”. **कान्तिपुर**. काठमाडौँ : बुधबार, असार २३, २०६७ ।

प्रचण्ड. “जित्नै पर्छ, शान्तिको लडाइँ”. **नयाँ कोशी**. काठमाडौँ : वैशाख २०६६ ।

------. “खुल्ला रूपमा वैदेशिक हस्तक्षेप बढ्दै छ,” विशेष अन्तर्वार्ता, **नयाँ कोशी**. काठमाडौँ : असार १५-साउन १५, २०६७ ।

बराल, लोकराज. “खरो जनादेश, अल्मलिएको नेतृत्व”. **मूल्याङ्कन**. काठमाडौँ: जेठ २०६७ ।

बस्नेत, विकास, (अनु.). “नेपाली क्रान्तिका पाँच चुनौती”. **मूल्याङ्कन**. काठमाडौँ : चैत २०६५ ।

बस्नेत, माधव. “यान्त्रिक तयारी”. **नेपाल**. काठमाडौँ : वैशाख २०६७ ।

बासकोटा, प्रतिभा. “छातीमा गोली छ, उपचार छैन”. **कान्तिपुर**. काठमाडौँ : असार ९, २०६७ ।

बोहरा, रामेश्वर. “सद्भाव बिथोल्दै छ”. **हिमाल खबर पत्रिका**. काठमाडौँ : फागुन १६-३०, २०४६ ।

भट्टराई, बाबुराम. “ऐ. माले सरकारप्रति माओवादीको दृष्टिकोण”. **आवाज**. काठमाडौँ : २०६१ ।

------. “दुई खम्बे आर्थिक नीति, पूर्व क्षितिजको सहप्रकाशन”. **नयाँ कोशी**. काठमाडौँ : वैशाख २०६६ ।

------. “एक्काइसौँ शताब्दी : सङ्घीयता र समाजवाद”. **नयाँ कोशी**. काठमाडौँ : चैत्र १५, २०६६ ।

मल्ल, डिल्ली. “कहिले पूरा होला यी कलिला मुनाहरूको सपना ?”. **नयाँ कोशी**. काठमाडौँ : चैत्र १५, २०६६ ।

महर्जन, राजेन्द्र र मणि थापा. “हैकमी बुटभित्र गरिबहरूको सपना”. **दिशाबोध**. काठमाडौँ : भदौ १-१५, २०६५ ।

महर्जन, राजेन्द्र. “माओवादी आक्रमणको अर्थ”. **कान्तिपुर**. काठमाडौँ: बिहीबार, चैत्र २६, २०६६ ।

------. “भारत : बढ्दो माओवादी आक्रमण”. **नयाँ कोशी**. काठमाडौँ : वैशाख १५, २०६७ ।

महर्जन, तुल्सीदास. "निकारागुवामा कसरी गरियो जनविद्रोहको तयारी ?". **मूल्याङ्कन**. काठमाडौँ : फागुन २०६६ ।

------. "आजको होन्डुरस, महाविद्रोहको दिशामा". **मूल्याङ्कन**. काठमाडौँ : भदौ २०६६ ।

------. "किर्गिस्तान : जतातितै अप्रिय विद्रोहको लहर". **मूल्याङ्कन**. काठमाडौँ : जेठ २०६७ ।

मास्के, सुमन. "विस्थापित पत्रकारको डायरीबाट." **कान्तिपुर**. काठमाडौँ : २०६५ ।

राई, इन्द्रजित. "दुवै सेनाको समायोजन सम्मानजनक हुनु पर्छ". **हिमाल खबर पत्रिका**. काठमाडौँ : फागुन १६-३०, २०४६ ।

राई, प्रकाश. "जातीय उग्रराष्ट्रवादको अन्त्य कि पृष्ठपोषण ?". **मूल्याङ्कन**. काठमाडौँ : जेठ २०६६ ।

राई, सिंहराज र डम्बर कृष्ण. "पुलिसको रिसले जनतालाई सास्ती". **हिमाल खबर पत्रिका**. काठमाडौँ : असोज १५-कात्तिक, २०६२ ।

राई, सुशील. "वर्ग सङ्घर्ष र महिला मुक्ति". **नयाँ कोशी**. काठमाडौँ : वैशाख २०६६ ।

राउत, शशि अधिकारी. "राज्य सत्तामा महिलाको पहुँच उपाय र प्रयास". **अस्मिता**. काठमाडौँ : २०६६ ।

राय, अरुन्धती. "दन्त्यबाडाका माओवादी कमरेडहरूसँग". **मूल्याङ्कन**. काठमाडौँ : जेठ २०३७ ।

------. "सलवा जुडुमको अत्याचार". **मूल्याङ्कन**. काठमाडौँ : साउन २०६७ ।

वाग्ले, तारा. "आरक्षण हैन, सहभागिता". **हिमाल खबर पत्रिका**. काठमाडौँ : माघ १६-२९, २०६४ ।

विशेष अन्तर्क्रिया. "शान्ति प्रक्रियामा कहाँ भयो गल्ती ?". **मूल्याङ्कन**. काठमाडौँः पुस २०६६ ।

विश्वकर्मा राजु. "सशस्त्र समूहहरूको आतङ्क र विस्थापितहरूको पीडा" पूर्व क्षितिजको सहप्रकाशन. **नयाँ कोशी**. काठमाडौँ : वैशाख २०६६ ।

श्रेष्ठ, कृष्णदास (अनु.). "लेनिन : क्रान्तिका अद्‌भुत विभूति क. स्टालिन." पूर्व क्षितिजको सहप्रकाशन, **नयाँ कोशी**. काठमाडौँ : वैशाख २०६६ ।

श्रेष्ठ, डम्बरकृष्ण. "राजधानी हतियार". **हिमाल खबर पत्रिका**. काठमाडौँ : चैत १-१५, २०६५ ।

श्रेष्ठ, माणिकलाल. "मैले देखेको समाजवादी क्यूवा". **मूल्याङ्कन**. माघ-फागुन २०६५ ।

**हिमराइट्स लाइफलाइन** (त्रैमासिक बुलेटिन). "युद्ध विश्राम होइनः युद्ध पूर्णविराम हुनुपर्छ, शान्ति बहालीका निम्ति राज्यद्वारा विशेष कदम चालिनु पर्ने". काठमाडौँ : आषाढ-भाद्र २०६२ ।

सुवेदी, भीमप्रसाद. "जनसङ्ख्याको बनोट र नयाँ संविधान विश्लेषण". **हिमाल खबर पत्रिका.** काठमाडौँ : ज्येष्ठ १६-३१, २०६६, पृ. ३७ ।

------. “उमेर समूहलाई केन्द्रमा राखौं’. **हिमाल खबर पत्रिका**. काठमाडौँ : ज्येष्ठ १६-३१, २०६७ ।

सेजुवाल, कलेन्द्र. “तीन सन्तान बेपत्ता हुँदा”. **नागरिक**. काठमाडौँ : भदौं १५, २०६७ ।

सम्पादकीय. “युद्ध र शान्ति, द्वन्द्वपीडितले न्याय पाउनु शान्ति स्थापनाको मुख्य कार्यनीति”. **अन्नपूर्ण पोष्ट**. काठमाडौँ : सोमबार, मंसिर १५, २०६६ ।

## (ज) पत्रिका (अङ्ग्रेजी)

उप्रेती, विष्णुराज. “विहेम योरसेल्फ.” **दि काठमाण्डू पोष्ट**. काठमाडौँ : जुन २०, २०१० ।

गौतम, विजयराज. “पिस इनिसिएटीम्स इन नेपालः स्टेट एन्ड च्यालेन्जेज.” **इन्फर्मल**. काठमाडौँ : जनवरी-मार्च २००९ ।

वैद्य, मीना मल्ल. “इम्पाओरिङ नेपाली वुमन : एन एजेण्डा अफ गुड गभर्नेन्स.” **जर्नल अफ पोलिटिकल साइन्स**. काठमाडौँ : सेन्ट्रल डिपार्टमेन्ट अफ पोलिटिकल साइन्स, त्रिभुवन विश्वविद्यालय, जुन २००६ ।

वैद्य, प्रतिवेदन. “इम्प्याक्ट अफ आर्म्ड कन्फ्लिक्ट इन वुइमिन.” **इन्फर्मल**. काठमाडौँ : जनवरी-मार्च २००९ ।

श्रेष्ठ, तेजमान. “फ्रम एक्सक्लुजन टु इनक्लुजन अफ नेपाली ओमन ... ए मिथ्स अर रियालिटी.” **इन्फर्मल**. काठमाडौँ : मार्च २००९ ।

## (झ) हिन्दी

शुक्ला, शशि. **महिला सशक्तीकरण : स्वशासन अथवा सूर्वपर शासन ज्ञानामृत**. भारत : माउण्ट आबु, आबूरोड राजस्थान, सितम्बर २०१० ।

सक्सेना, सुधीर. **रेड हट** (इण्डिया न्युज). अप्रिल २३, २०१० ।

## (ञ) शोधप्रग्रन्थ

तिवारी, रामकृष्ण. नेपाली राजनीतिमा माओवादी जनयुद्धका प्रभाव. त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, २०६८, पृ. २०८ ।

पौडेल, विष्णुशङ्कर. नेपालमा स्थानीय शासन : सम्भावना र चुनौतीहरू. त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, २०६६, २९८-३६० ।

वैद्य, मीना मल्ल. पोलिटिकल कल्चर अफ नेपाल (इ. १९००-२०००). त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिनको कार्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, इ. २००३, पृ. २७० ।

## (ट) वेबसाइट


Chitrakar, Purnashova.Impact of Arm Conflict on Women in Nepal and finding the solutions, http://www.Nepal icbl.org/Articals/visit_to_conflict_aries.hotmail, 12 March 09.

Gender-Gender in conflict and post conflict.care, http://Gender.care 2 share wikispaces.net/Gender+in+conflict+and+post+conflict, 21/07/2010.

Nepalese civil war.from wikipedia, the free incyclopedia, http://an wikipedia/nepal_civil_war, 15 June 09.

Nepal's trablajing dalit feminist.http://www.toward freedom.com/asia/1959 Nepal's-trablajing dalit feminist.

Remiud jones.Adam, Victims, perspectators or actors? gender, armed conflict and political voilence (London: Zed Books 2001) publishing in international feminist journal of politics, 4:1 (Aprit 2002), pp. 137-42. http://Adamjons, free servuce.com/Mosher Clark.hotmail, 15 June 09.

Sarup, Kamala, Sexually exploited women in conflcit/skoop news, http://www.skoop.co.news/stories/hl 0503/s 00245/kamala.sarup. sexually. exploited. women... 2010/07/27.

Smith, Lura.how did rape victim women in war? BBC news, http://news bbc.co.uk./2/hi/,407 677.

Stop voilence against women, voilence against women in armed conflict, http://www.amentiu sa.org/women/armed.conflict.hotmail

Woman, children.crisis. trafficking and child soldiers/pulitzer center on cirisis reporting http//pulitzer center:org/women children-cirisis, 21/07/2010.